वैदिक धर्म मूल रूपमा



शिवराज आचार्य कौण्डिन्न्याय

श्रीः

वैदिक धर्म मूल रूपमा

(वैदिक धर्मको सङ्क्षिप्त, सर्वाङ्गीण र प्रामाणिक परिचय)



शिवराज आचार्य कौण्डिन्न्यायन

शाङ्करवेदान्ताचार्य (महेन्द्र-विद्या-भूषणसहित), त्रि. वि. वि., २०२०;

एम्० ए० [संस्कृत] (चान्स्लर्–तक्मा–सहित), त्रि. वि. वि., २०२३;

साहित्याचार्य (चान्स्लर्–तक्मा–सहित), त्रि. वि. वि. २०२४;

एम्० ए० [फिलोसफि] (महेन्द्रविद्याभूषणसहित), आग्रा, १९७१;

आयुर्वेदशास्त्रि (सर्वप्रथम, रजतपदक–सहित), नेपाल, २०२३;

विशिष्टशास्त्रि [अङ्रेजि], त्रि. वि. वि. २०२४;

विद्यावारिधि (पिएच्. डि.) स. सं. वि. वि., वाराणसी, १९८६।

२०४५

प्रकाशक—
स्वाद्ध्यायशालाकुटुम्ब,
च. २/४१९, सरस्स्वतीमार्ग,
लाजिम्पाट, काठमाण्डु–२
नेपाल ।

प्रथम संस्करण, १००० प्रति
(२०४५।१२।३०)

परिवर्धित मूल्य रु १००।– (२०५७)

द्रष्टव्य— एस पुस्तकको बिक्किवड प्राप्त हुन आएको आय-मद्ध्ये प्रकाशन-व्यय कटाइ अवशिष्ट अंश तल लेखिएका ग्रन्थहरु प्रकाशित गर्दै जान एक प्रकाशनमालाको जग वसालि काममा लाउनि निश्चय गरिएको छ—

१. कौण्डिन्न्यायनशिक्षा, वेदभाषाको शुद्ध उच्चारण गर्न सिकाउनि ग्रन्थ ।
२. (शास्त्रसम्मत–रूपमा सर्वथा शुद्ध) माद्ध्यन्दिनीय–वाजसनेयि–नित्यकृत्य–संस्कारादि–मन्त्र–सङ्ग्रह ।
३. (शास्त्रसम्मत–रूपमा सर्वथा शुद्ध) माद्ध्यन्दिनीय–वाजसनेयि–स्नान–सन्ध्योपासनादि–नित्यकर्म-पद्धति ।
४. प्रतिसंस्कृत हितोपदेश–नेपालिभाषानुवादसहित ।
५. चतुर्वर्ग–सुभाषित–पीयूष–पिन्वनकम् ।
६. (शास्त्रसम्मत–रूपमा सर्वथा शुद्ध) माद्ध्यन्दिनीय–वाजसनेयि–पुंसवन–कर्मादि–संस्कार–पद्धतिहरु ।
७. स्वाद्ध्यायसङ्ग्रह (माद्ध्यन्दिनीय–वाजसनेयिहरुका लागि शास्त्रीय–रूपमा शुद्ध र समग्र स्वाद्ध्यायसङ्ग्रह आजसम्म कँइँ पनि सुलभ हुन सकेकै छैन; एस्तो सङ्ग्रह उपलब्ध गराउनु वैदिक धर्मको उत्थानका लागि परमावश्यक छ) ।
८. स्वाद्ध्यायसङ्ग्रह (सरल–व्याक्ख्या–परिशिष्ट–सहित) ।
९. माद्ध्यन्दिनीय-वाजसनेय्यौपनिषदकर्मप्प्रयोगकल्प । इत्यादि ।

[पुनश्च– सहयोगिहरुको उत्साह देखिएमा सप्तर्षिकुल–प्प्रतिष्ठा–कार्यक्रम पनि चलाउनि विचार छ]

विषय-सूची

(विषयका पछिल्तिर दिय्येका अच्छेर-र-अङ्कले
पृष्ठको सङ्केत गर्चन्)

ग्रन्थपरिचय- एस ग्रन्थको नेपालिभाषाको लेखाइको स्पष्टीकरण- अ; अरुका टिप्पणीबड नबअकिइ एस ग्रन्थको स्वयम् अवलोकन गरि सारासार विवेक गर्न अनुरोध- आ; शास्त्रसम्मत कुराको नै ग्रहण गर्न अनुरोध- इ; युक्तिरहित कुराको खण्डन उचित र शिष्टपरम्पराप्राप्त हो- इ; वैदिक-धर्मानुसरणको बाटो देखाउनु नै एस ग्रन्थको उद्देश्य हो- इ; यो ग्रन्थ आधुनिक उच्च शिक्षा पाएका व्यक्तिहरुलाइ र पण्डितैहरुलाइ पनि विशेष रूपमा काम लाग्ला- ई; ग्रन्थकारको विशेष आकाङ्क्षा- ई; ग्रन्थकारको स्वकर्तव्यबोध र प्रस्तुत ग्रन्थ- उ; एस ग्रन्थका विशेषता- उ; प्रस्तुत ग्रन्थमा विद्या-वारिधि-शोधकार्यको उपलब्धिको समावेश- ऊ; वैदिकाग्रन्यहरुलाइ प्रणाम र निवेदन-ऊ।

उपोद्घात- मानवको सहजप्रवृत्ति र तेसबड हुनि हानि-ऋ; धर्म-विचार नै मानवको सहज प्रवृत्तिबड हुनि हानिबड बच्नि प्रभावकारि उपाय हो-ऋ; धर्मविचारको मूल प्रयोजन-ऌ; वेद नै धर्मको र अधर्मको व्यवस्थित ज्ञानको साधन हो-ऌ; धर्ममा सन्देह-ॡ; धर्मसन्देहको निराकरणमा मनीषि ब्राह्मणको उत्तरदायित्व--ए; वैदिक धर्मको व्याक्ख्या ब्राह्मणैले गर्न पनि किन?-ए; वेद धनि-बलिको दुनो सोज्याउनि उपकरण हैनन्-ओ; वैदिक धर्म पनि धनि-बलिको दुनो सोज्याउनि उपकरण हैन-औ; ब्राह्मणहरु पनि धनि-बलिका दुनो सोज्याउनि उपकरण हैनन्-ख; वैदिक धर्म धर्म्य समृद्धिको र उपभोगको विरोधि छैन -ङ; वैदिक धर्म सर्वथा भाग्यवादि र पौरखको विरोधि छैन-च; भारतवर्षमा (नेपालमा समेत) वैदिक धर्मको रक्षाको आवश्यकता-ज; वैदिक धर्ममा विभिन्न पक्षबड आघात-ज; वैदिक धर्मको रक्षाको उपाय-ञ; वैदिक धर्मको रक्षाका लागि ऐले अँगाल्न पनि कार्यपद्धति -ट; भारत-वर्ष-वासिहरुको शैक्षिक धार्मिक र सामाजिक पछौटेपन अथवा अज्ञान-दारिद्र्य-दास्यको जकड-ठ; अज्ञान-दारिद्र्य-

दास्यको जकडको मूल कारण–फ; अज्ञान–दारिद्द्र्य–दास्यको जकड फुकाल्न मनीषिहरुको चेष्टा आवश्यक—ब; वैदिक धर्मको आलोक फैलाउनि आवश्यकता—भ ।

वैदिक धर्म मूल रूपमा– वेद—१, वेदका शाखा—१, मन्त्र-संहिता–२, ब्राह्मण–२, आरण्यक–३, उपनिषद्–३, ऋग्वेद र ऋग्-वेदका ऐले पाँइनि शाखा–३, यजुर्वेद र यजुर्वेदका दुइ वर्ग–५, कृष्ण-यजुर्वेदका शाखा–५, शुक्लयजुर्वेदका शाखा–७, सामवेद र सामवेदका शाखा–८, अथर्ववेद र अथर्ववेदका शाखा–११, वेदाङ्गहरु–१२, एस ग्रन्थकारको वेदवेदाङ्गानुशीलनको परिचय–१६, वेदका उपाङ्गहरु–१७ ।

धर्ममा परम प्रमाण वेद नै मानिञ्च–२७; वैदिक धर्म (वैदिक-धर्मको साररूप कुरो)–३४, धर्मकर्ममा वैदिक धर्मको प्रधानता–३५, ब्राह्मणहरुका लागि वैदिकधर्म नै सर्वथा अनुसरणीय हो–३८ ।

वैदिक वर्ण-जाति-व्यवस्था–४० ।

वर्णधर्म–५२; ब्राह्मणधर्म–५२; ब्राह्मणका चरित्र-अन्सार्का श्रेणि–५५; ब्रह्मसम ब्राह्मण–५६; देवसम ब्राह्मण–५६; ऋषिब्राह्मण–५६; ऋषिकल्प ब्राह्मण—५६; भ्रूणब्राह्मण–५६; अनूचान ब्राह्मण–५६; क्षत्रसम ब्राह्मण–५६; वैश्यसम ब्राह्मण–५७; निषादब्राह्मण–५७; चण्डालब्राह्मण–५७; म्लेच्छब्राह्मण–५७; पशुब्राह्मण–५७; क्षत्रियधर्म–५७; राजधर्म–५८; वैश्यधर्म–६२; शूद्रधर्म–६२; इतरधर्म–६३ ।

सर्व–मानव-साधारण-धर्म–६३ ।

आश्रमधर्म वा वैदिक-जीवन-पद्धति र तेसको आदर्श–६३; वैदिकधर्ममा चरण (शाखा) र गोत्रप्रवरको महत्त्व–६४ ।

उपनयन (वर्तुन) र तेसको काल–६५, उपनयनको स्वरूप र उपनेय-हरु–६६, ब्रह्मचारिधर्म–७१, ब्रह्मचारिका भेद-७५, गायत्रब्रह्मचारि–७५, ब्राह्मब्रह्मचारि-७६, अद्ध्यायोपाकर्म (वेदारम्भ) र वेदाद्ध्ययनव्रतहरु–७६, वेदाद्ध्ययनक्रम–७९, केशान्तसंस्कार (गोदानकर्म)–८१, प्राजापत्य ब्रह्मचारि–८२, स्नान (समावर्तन)–८४, स्नातक र स्नातकका भेद–८४ ।

वैदिक कर्ममार्ग र ज्ञानमार्ग–८५, भक्तिमार्गको वैदिक धर्ममा स्थान–८६, वैदिक धर्ममा जन-साधारणका लागि उपयोगि धार्मिक कृत्य –८७, वैदिक कर्ममार्ग र कुमारस्वामि (कुमारिल भट्ट)–९०, वैदिक धर्ममा आश्रम-विकल्प–समुच्चय-बाध-व्यवस्था र शङ्करभगवत्पाद-९१ ।

नैष्ठिक ब्रह्मचारि र उसका धर्म–९७ ।

स्नातकका धर्म–१९८।

विवाह–१००, कन्याको विवाहयोग्य प्रायु (उमेर)–१०३, विवाहमा मधुपर्क (महोक्ष–महाज–मांसप्रयोग-विचार–समेत)–१०६, विवाहविधि–१०६, चतुर्थीकर्म–१०७, गृहस्थ र गृहस्थाश्रमको महत्त्व–१०८, गृहस्थका भेद–११०, गृहस्थधर्म—१११;

गृहस्थको पैलो प्रमुख धर्म आचारपालन-सहित स्वाद्ध्यायाद्ध्ययन–१११, वेदतत्त्वार्थचिन्तन–११२, शौच–११२, दन्तधावन–११२, आचमन–११२ ,(शिखा–[टुप्पि–]को आवश्यकता–११२, टिप्पणी ४) (यज्ञोपवीत-विचार–११३, टि. १); स्नान–११४, अनुलेपन [भस्म-तिलकादि–विचार–समेत]–११४; सन्ध्योपासन (र तेसको महत्त्व)–११५; पवित्रजपयज्ञ–११६, स्वाद्ध्यायाद्ध्ययन (र तेसको महत्त्व)–११६, तर्पण–११७, देवपूजा (पञ्चाइन्–पूजाको विचार–समेत)–११७; वैश्वदेव-कर्म–११८, देवयज्ञ–११९, भूतयज्ञ (भूतबलि)–११९, पितृयज्ञ–११९, ब्रह्मयज्ञ–११९, मनुष्ययज्ञ–११९, पञ्चमहायज्ञ गर्न सक्तैनसके स्वाद्ध्यायाद्ध्ययन र तर्पणसम्म मत्त्रै गरे पनि कल्याणै हुनि देखिच्च–१२०; समानधनोपजीविको पृथक्पाक–निष्कृति–१२१; अद्ध्यापन–१२१, दर्शश्राद्ध (र तेसको अधिकारिको विशेष विचार)–१२२, क्षयाहश्राद्ध–१२२, लाङ्गलयोजन–१२२, नवप्राशन (आग्रयण) १२३, भोजनविधि–१२३, भक्ष्याऽभक्ष्यविचार–१२४; मांसभोजन–१२७; शुद्धि–१२९; सद्वृत्त (राम्रो चरित्त्र)–१३१; कुटुम्ब–धर्म–१३४, राष्ट्रधर्म–१३५;

गृहस्थको दोस्त्रो प्रमुख धर्म प्रजनन–१३७; रजस्स्वला-व्रत–१३७, गर्भाधान-संस्कार–१३८, पुंसवन–१३९, सीमन्तोन्नयन–१३९, जातकर्म १३९, नामकरण–१४१, निष्क्रमणिका–१४१, अन्नप्राशन(कुमारीको अन्नप्राशनको र पक्षिमांस–मत्स्यमांसादि-प्रयोगको विचार-समेत) १४१, कर्णवेध १४२, चूडाकर्म–१४२, (गोर्खापत्त्रमा प्रकाशित भ्रान्त विचारको निराकरण–पृ. १४३, टि. १);

गृहस्थको तेस्त्रो प्रमुख धर्म यजन—१४४, अग्निष्प्रसवादिकर्म—१४५, अग्निष्प्रसव (पृष्टोदिवि–विधान)—१४५, सायम्प्रातर्होम (वा औपासन–परिचरण)—१४६, पक्षादिकर्म (पूर्णमासस्स्थालीपाक र दर्शस्स्थालीपाक)—१४६, पिण्डपितृयज्ञ—१४७, गृह्याग्न्याधान र गृह्याग्निमान्का प्रमुख कृत्य—१४८, गृह्याग्न्याधान—१४८, गृह्याग्निमान्का

थप प्रमुख कृत्य—१५०, शालाकर्म—१५०, मणिकावधान—१५०, व्रीहिप्रवपणकर्म र यवप्रवपणकर्म—१५०, सीतायज्ञ—१५०, श्रवणाकर्म—१५१, इन्द्रयज्ञ—१५१, आश्वयुजीकर्म—१५१, आग्रहायणीकर्म—१५१, स्तरारोहणकर्म—१५१; अष्टका—१५२, अन्वष्टका—१५२, शूलगव—१५२, गोयज्ञ—१५३, वृषोत्सर्ग—१५३, पायसश्रपण—१५४, श्रौत अग्न्याधान र कतिपय प्रमुख श्रौतकर्म—१५४, श्रौत अग्न्याधान—१५४, अग्निहोत्र—१५६, अन्वारम्भणीयेष्टि—१५७, आग्रयणेष्टि—१५९, चातुर्मास्य—१५९, निरूढपशुबन्ध वा पशुबन्ध—१५९, सोमयाग (र तिनका प्रकार साद्यस्क, एकाह, अहीन, सत्र, सत्रभेद)—१६१, अग्निष्टोमसोमयाग—१६२, साग्निचित्त्य अग्निष्टोमसोमयागका विशेषता—१६७, वाजपेय—१६९, राजसूय—१७० अश्वमेध—१७२, पुरुषमेध—१७५, सर्वमेध—१७६।

वैदिक धर्ममा पूर्तकर्म—१७७, वैदिकधर्ममा दत्तकर्म (दान)—१७८।

पञ्चमहापातक—१८०, अरु पातकहरु र पातकवर्गीकरण—१८०, अनाचारहरु—१८२, पतन र पतितत्त्याग—१८३, धर्म—परिषद् र तेसमा सन्न्यासिको स्थान—१८३, प्रायश्चित्त—१८५, प्रायश्चित्तका प्रकार—१८९, कृच्छ्रहरुका अनुकल्प—१८८, प्रायश्चित्त गरेपछि शुद्धि र सङ्ग्रह—१८९।

दायभाग (अङ्सबण्डा)—१९०।

वानप्रस्थाश्रम—१९२।

मुमूर्षुकृत्य (मोर्न लागेकाको कृत्य)—१९४, लघुस्मृतिपुराणोक्त थप मुमूर्षुकृत्यहरु—१९६, मृतकृत्य [शवनिर्हरण, शवदाह, उदककर्म (अपस्नान=खल्को), शोकापवदन, ग्रामप्रवेश र गृहप्रवेश, आशौचवार्निको नियम, प्रेतपिण्डदान, ऐकादशाहिकश्राद्ध, मासिकश्राद्ध, सपिण्डीकरण, शुद्धशान्ति, अन्नदान र उदकुम्भदान, वार्षिकाशौच(बराखि)], १९७।

निषेकादि संस्कारहरुको प्रयोजन—२०६, वैदिक यज्ञको आत्मज्ञानोपकारकता—२०७; स्वर्गसम्म पुगि विभिन्न मार्ग—२०९, आपत्कालमा मानस रूपमा स्वधर्मसेवनबड धर्मको रक्षा र कल्याणको साधन—२०९, धर्मसेवन-परिपाक र साधनचतुष्टय-सम्पत्ति (विवेक-वैराग्या-ऽऽद्युदय) २१०।

सन्न्यासाश्रम—२११, सन्न्यासाश्रमका भेद—२१२, दण्डि सन्न्यासि र दशनामि सन्न्यासि—२१४, सन्न्यासमा अधिकार—२१५, सन्न्यासपद्धति

-२१६, आत्मविचारमा सबै आश्रमिको अधिकार-२१७, गुरुको आवश्यकता र गुरुको योग्यता-२१७, गुरुवड बन्ध-बन्धहेतु-मोक्ष-मोक्षोपाय-प्रदर्शन-२१९, आत्मज्ञानोपदेश-प्रक्रिया र श्रवण-२२०, औपनिषदाऽऽत्मज्ञान-साधनापद्धति-२२३, सन्न्यासिधर्म र मनन-निदिद्ध्यासन-२२३; श्रवण-मनन-निदिद्ध्यासनवड विद्याधिगम, अघनिरास र मोक्ष-२२८; उपासना र क्रम-मुक्ति—२३०; आद्य 'शङ्कराचार्य' र आधुनिक 'शङ्कराचार्य'हरु तथा 'महामण्डलेश्वर'हरु र 'स्वामि'हरु—२३० ।

वर्णधर्मको सार—२३४; आश्रमधर्मको सार-२३७; वैदिकधर्मको सार—२३८।

परिशिष्ट—२४१; स्त्रीधर्म—२४१; पौराण धर्म—२४५; तीर्थयात्रा—२४५; मन्दिर (देवालय)—२४६; पौराण नित्य आचार र गृह्यकृत्य—२४८; पौराण वार्षिक व्रतपूजादि—२४८; एकादशीव्रत—२४९; वेदविरोधि वा वेदाऽविरोधि अरु भारतवर्षीय मतहरु—२४९; चार्वाकमत वा लौकायतिकमत—२४९; जैनमत—२५०; बौद्धमत—२५१; सिक्खमत—२५३; आर्यसमाजिमत—२५४; वैशेषिक-दर्शन—२५४; तार्किक-(नैयायिक-) दर्शन—२५५; साङ्ख्यदर्शन—२५५; योग-दर्शन—२५५; वैष्णवसम्प्रदाय-२५५; शैवसम्प्रदाय—२५७; शाक्त-सम्प्रदाय-२५८; सौरसम्प्रदाय-२५९; गाणपत्यसम्प्रदाय-२६०; कौमार-सम्प्रदाय-२६०; भारतवर्षबाइरवड आका प्रमुख मत २६१; खृस्त-(क्रिश्चियन-)मत—२६१; इस्लाम-(मोहमदीय-)मत—२६२; प्रमुख आधार-ग्रन्थ—२६३ ।

ग्रन्थपरिचय

एस ग्रन्थको नेपालि भाषाको लेखाइको स्पष्टीकरण

एस ग्रन्थमा प्रयुक्त नेपालिभाषा–लेखन तथाकथित व्याकरणको बन्धनमा छैन । मुद्द्रणालयले –बाधा-नपारेसम्म संस्कृतपदबाएक अरु पद प्राय आँपना–स्वाभाविक–उच्चारण–अन्सार् लेखिया छन् । भाषाको मुक्ख्य काम अर्थ बुजाउनु हो । अर्थ बुजाउन बोलिचालिको स्वाभाविक भाषा पनि समर्थ भाकाले तेसमा अनावश्यक कृत्त्रिमता थुपार्नु अनुचित हो भन्नि एस ग्रन्थकारको सिद्धान्त छ । चल्तिको तथाकथित नेपालिव्याकरण यास्क–पाणिनि–कात्यायन–पतञ्जलि–वररुचि–भर्तृहरि–नागेशहरुले प्रतिपादन गरेका हाम्स्रा व्याकरणदर्शनको र लोकहितको प्रतिकूल रूपमा र पश्चिमाहरुका देखासिकिमा खडा भाकाले त्यो मान्य हैन भन्नि एस ग्रन्थकारको धारणा छ । एस विषयमा विशेष जिज्ञासा भए एस ग्रन्थकारका 'नेपालि वर्णोच्चारणशिक्षा', 'जिम्दो नेपालि भासा'[पैलो खण्ड], 'जिम्दो नेपालि भासा'[दोस्त्रो खण्ड],'हलन्त बहिष्कारदेखि जिम्दो नेपालिसम्म उठेका विभिन्न प्रश्नको मूल्ल्याङ्कन र तिनको समाधान'[पच्चिस वर्षका भाषिक चर्चा, ने.रा.प्र.प्र.२०३९] इत्यादि ग्रन्थ र निबन्धहरु पड्न जाति होला । एस ग्रन्थमा विषयका प्रकृतिले र एस ग्रन्थकारका संस्कृत शब्द अधिक प्रयोगगर्नि बाँनिले गर्दा अनावश्यक स्थलमा पनि कठिन कठिन पदहरुको प्रयोग हुन गएको होला । गृह्यकर्महरुका प्रतिपादनमा तेस्ता पदहरुको अत्त्यधिक प्रयोग हुन गएको छ । वैदिक यज्ञका प्रकरणमा त धेरैजसो पण्डितैहरुले पनि नजाँनेका–नसुनेका पदहरुको प्रयोग अनिवार्य हुन आएको छ र स्थानाभावले विषयहरुको राम्स्रो स्पष्टीकरण पनि गर्न सकिएको छैन । तथापि एस्तै प्रतिपादनले पनि तद्विषयक जिज्ञासा बडाउन काम गर्ला भन्नि आशा लिएकेो छ । एस ग्रन्थमा जनसाधारणको पनि रुचि देखिएमा विशेष–प्रयास–पूर्वक आर्को संस्करणलाइ सरलतर बनाउन प्रयास गरिनि छ ।

अरुका टिप्पणीबड नवअकिइ एस ग्रन्थको स्वयम् अवलोकन गरि सारासार–विवेक गर्न अनुरोध

लोकमा, वैदिक संस्कृतका वा संकृतका मर्त्तै हैन आँपनु मातृभाषा नेपालिकै वर्णमालाको सम्म पनि राम्ब्रो भरपर्दो ज्ञान नदेखाएका व्यक्ति 'पण्डितराज' कहलाउनि[1], तथा आँपनु मातृभाषा नेपालिका वर्णमालाको सम्म पनि यथार्थ प्रतिपादन गर्नि क्षमता नदेखाउनुका साथै संस्कृत–सन्धि-नियमको सम्म पनि ठिकठिक प्रयोग गर्नि क्षमता नदेखाएका व्यक्ति[2] र साधारण वैदिक पदपदार्थको पनि यथार्थ ज्ञान नदेखाएका व्यक्ति[3] पनि 'विद्वच्छिरोमणि' मानिनि परिस्थिति देखिनाले, लौकिक प्रसिद्धिका वा अप्रसिद्धिका वा मान्यता–अमान्यताका बअकाइमा नपरि "उष्ट्राणाञ्च विवाहेषु गीतञ्च गायन्ति गर्दभाः। परस्परम् प्रशंसन्ति अहो रूपमहो ध्वनिः" भन्नि उक्तिमा प्रतिबिम्बित स्थितिका विषयमा पनि सचेत भै तीक्ष्ण दृष्टिले प्रस्तुत ग्रन्थको अवलोकन गरि सारासार–विवेक गर्न र एस ग्रन्थमा कुनै दोष प्रतीत भएमा तेसको अनुत्तरदायि मौखिक गर्हण नगरि उत्तरदायित्वपूर्ण लिखितआलोचना गर्न पनि विज्ञ पाठक-हरुलाइ अनुरोध छ। समाजले एस ग्रन्थको–उपयोगिता–स्वीकार गरेमा एसका संस्करण हुँदै जालान् र युक्तियुक्त आलोचनालाइ ध्यानमा राखि तिनमा परिष्कार पनि गरिँदै जाला।

---

१. सोमनाथ सिग्देलको वर्णमालाको ज्ञानको त्रुटिपूर्णताका विषयमा एसै ग्रन्थकारको नेपालि वर्णोच्चारणशिक्षा (साजाप्रकाशन, २०३१) का परिशिष्टमा प्रकाशित 'ए ओ ऐ औ' 'अनुस्स्वार श्रुति र नेपालिमाँ तेस्को स्थिति तथा लेखाइ' 'संस्कृतको वकार, नेपालिको व्कार र तिन्को लेखन' 'नेपालिमाँ अभिनिहित वर्णहरु' भन्नि निबन्धहरु पड्नोस्।

२. (क) हेमराजशर्मा–(माइलागुर्जु–)को वर्णमाला–ज्ञानको त्रुटिपूर्णताका विषयमा एसै ग्रन्थकारको 'जिम्दो नेपालि भासा'–(दोस्त्रो खण्ड–)का दुइसएपन्द्रौँ–सौरौँ पृष्ठ पड्नोस्; (ख) हेमराजशर्माको संस्कृतभाषाज्ञानसम्बन्धि त्रुटिहरुका विषयमा पनि उक्त ग्रन्थकै दुइ-सए–पच्चिसौँ–छब्बिसौँ पृष्ठ पड्नोस्।

३. कुलचन्द्रका वैदिक-पदपदार्थ-ज्ञान-सम्बन्धि त्रुटिका विषयमा वाल्मीकि-विद्यापीठको मर्यादा पत्रिकाका सत्रौँ पूर्णाङ्कमा प्रकाशित 'अमरकोशको ब्रह्मवर्गमा र तेस्को कुलचन्द्रकृत टीकामा वर्तमान केइ आलोच्य विषयहरु' भन्नि एसै ग्रन्थकारको निबन्ध पड्नोस्।

शास्त्रसम्मत कुराको नै ग्रहण गर्न अनुरोध

वैदिकपरम्परामा वेदलाइ अपौरुषेय, निर्दोष र धर्ममा मूल प्रमाण मानिन्छ । व्यक्तिविशेषका वचनलाइ भने सम्भावितदोषत्वले गर्दा मुख्यतया धर्ममा प्रमाण मानिदैन । एस स्थितिमा एस ग्रन्थकारले 'मैलेइ भनेका कुरा पाठकहरुले मानुन्' भन्नि कुरै आँउदैन । एस ग्रन्थकारले त पाठकहरुलाइ शास्त्रहरुको र शास्त्रप्रतिपादित विषयहरुको परिचय दिइ शास्त्रतिर र शास्त्र–प्रतिपादित–विषय–तिर उन्मुख गराउन प्रयास गरेको मत्रै हो । तसर्थ एस ग्रन्थमा प्रतिपादित कुराहरु शास्त्रसम्मत देखिए तिनको ग्रहण गर्न र नदेखिए तिनको सप्रमाण खण्डन गर्न विज्ञ पाठकहरुलाइ विशेष अनुरोध छ ।

युक्तिरहित कुराको खण्डन उचित र शिष्टपरम्पराप्राप्त हो

युक्तिरहित कुराका प्रचारले लोकलाइ हानि हुनि हुँदा तेसको खण्डन उचित हो । हाम्रा परम्परामा ईर्ष्यालि वा द्वेषले वा अभिमानले मत्रै आर्काका कुरा काट्नु नराम्रो कुरा मानिए पनि लोकहितका लागि वास्तविक कुराको प्रचार गर्न अरुका युक्तिरहित कुराको खण्डन गर्नु उचित र राम्रै मानिन्छ । यो कुरा चरकमुनिले "परो भूतेष्वनुक्कोशस् तत्त्वज्ञाने परा दया । येषान् तेषामसद्वादनिग्रहे निरता मतिः" (सूत्रस्थान ३०।८१) भनि चरकसंहितामा स्पष्ट भनेका छन् र मोक्षशास्त्र बादरायणमुनिले पनि ब्रह्मसमीमांसासूत्रका द्वितीय अद्ध्यायका प्रथम र द्वितीय पाउमा परमतको खण्डन गरेर तथा शङ्करभगवत्पादले तेस खण्डनकार्यको समर्थन गरेर सूचित गरेका छन् । तसर्थ 'प्रबोधाय विवेकाय प्रशमाय हिताय च । सम्यक्तत्त्वोपदेशाय सतामुक्तिः प्रवर्तते' भन्नि सुभाषितको समेत मनन गरि एस ग्रन्थमा पनि युक्तिरहित परमतहरुको प्रसङ्गप्राप्त खण्डन गरिएको छ । एस ग्रन्थमा भनिएका कुरा पनि वेदादिशास्त्रविरुद्ध भए सद्विद्याको प्रचार होस् भन्निहरुबाट तिनको खण्डन हुनैपर्छ ।

वैदिक धर्मानुसरणको बाटो देखाउनु नै एस ग्रन्थको उद्देश्य हो

एस ग्रन्थमा आधुनिक–परिस्थितिको–माग–अन्सार् वैदिक धर्मको भावनात्मक पक्षको सुदृढीकरण गर्न तिर र शास्त्रको मर्यादा राखि स्वसामर्थ्य-देश–काल–परिस्थिति–अन्सार् यथासम्भव छोड्करि वा अति–छोड्करि रूपमा भने पनि आँफ्नु धर्मको अनुसरण गर्नि बाटो वैदिकधर्मानुयायिहरुलाइ प्रष्ट गरि देखाउनतिर प्रयास गरिएको छ । एसमा

मुख्य रूपमा नेपालमा अत्यधिक सङ्ख्यामा रएका माद्ध्यन्दिनीय-वाजसनेयि–शुक्लयजुर्वेदिहरुका शाखासूत्रानुसार् वैदिक धर्मको सङ्क्षिप्त, किन्तु सर्वाङ्गीण र प्रामाणिक परिचय दिएका छ ।

यो ग्रन्थ आधुनिक उच्च शिक्षा पाएका व्यक्तिहरुलाइ र पण्डितैहरुलाइ पनि विशेषरूपमा कामलाग्ला

यो ग्रन्थ वैदिक धर्मको मेलोमेसो केइ नपाएका वैदिक–सनातन-धर्मानुयायि आधुनिक शिक्षित व्यक्तिहरुलाइ र एस ग्रन्थकारले जत्तिकै पनि स्वशाखावेदको र वेदाङ्ग–स्मृति–पुराणहरुको अद्ध्ययन–मनन गर्न नपाएका पण्डितहरुलाइ पनि विशेष उपयोगि होला भण्ठानिएको छ । वैदिक धर्मको मूल रूपका विषयमा तीव्र् जिज्ञासा भएका साधारण पाठकहरुले पनि एस ग्रन्थबड केइनकेइ लाभ लिन सक्लान् भन्नि आशा राखिएको छ । वैदिक धर्मका अनुयायि नभए पनि वैदिक धर्मका अनुयायि व्यक्तिहरुसित विविध व्यवहार गर्नपर्ने व्यक्तिहरुलाइ पनि तिनिहरुसित मधुर सह–अस्तित्व स्थापित गर्न एस ग्रन्थको अद्ध्ययन उपयोगि होला ।

ग्रन्थकारको विशेष–आकाङ्क्षा

एस ग्रन्थको प्रचारबड वैदिक वाङ्मयमा र वैदिक धर्ममा अलिकति पनि लोकको जिज्ञासा र आदरभाव बडाउन बल पुग्न गएमा, वेदको यथाधिकार अद्ध्ययन–बोध– आचरण–र–प्रचारणमा सहयोग पुगेमा, लोकको धार्मिक–सामाजिक विषयको विवेचन गर्नि शक्ति तिखार्नमा अलिकति मत्वै पनि योगदान हुन गएमा, द्विजातिहरुका मनमा अलिकति पनि सात्त्विक उत्साह जगाउन र सर्वसाधारण नेपालि जनताको मन-स्थितिलाइ पनि अलिकति मत्वै भने पनि उचाल्न सगाउ पुगेमा, न्याय्यवृत्तिमा रमाइ आँपनु र आँपनु राष्ट्रको भौतिक र आद्ध्यात्मिक उन्नतिमा जानिबुजि समुचित प्रकारले सतत प्रयत्नशील हुनि प्रवृत्ति बडाउन कुनै प्रकारले सहयोग पुगेमा, वास्तविक वैदिक राष्ट्रियताको जागरणमा वा बीजरक्षामा मत्वै भए पनि अलिकति मत्वै पनि बल पुगेमा, विद्द्या–धर्म–सत्य–न्यायका पक्षमा अलिकति मत्वै भए पनि टेवा पुगेमा, र लोककल्याणकारि राष्ट्रव्यवस्था चलाउन सहयोग गर्नमा अलिकति मत्वै पनि काम भएमा एस ग्रन्थकारले एस ग्रन्थबड राखेको आकाङ्क्षा पूर्ण हुनि छ ।

ग्रन्थकारको स्वकर्तव्यबोध र प्रस्तुत ग्रन्थ

एस ग्रन्थका प्रचारको समाजमा ढिलोचाँडो केइनकेइ प्रभाव पर्ला; यो प्रयास जनमानसलाइ घच्घच्याउन अवश्यै केइनकेइ सफल होला; एस्तो कुरा केइ पनि नभएपनि व्यासजिले त "ऊर्ध्वबाहुर् विरौम्येष न च कश्चित् शृणोति मे। धर्मादर्थश् च कामश् च स किमर्थन् न सेव्यते" भनेर छोडे भने एस ग्रन्थकारले पनि एस ग्रन्थको रचना, प्रकाशन, र प्रचार गर्नि प्रयासले आँफुले वेदोक्त कर्तव्यको निर्वाहमा सक्तो प्रयास-गरेकाबडै सन्तोष लिन नहुनि कुरा के भयो र। एस ग्रन्थको रचनाको, प्रकाशनको र प्रचारको आँफ्नु प्रयासलाइ एस ग्रन्थकारले स्वाद्ध्याय-प्रवचनकै अङ्ग मानेकाले "स्वाध्यायप्रवचनाभ्यां न प्रमदितव्यम्" भन्नि वेदाज्ञाको पालनकै रूपमा लिएको छ। पाठकहरुले जुन रूपमा लिइ-दिञ्चन् त्यो पाठकहरुकै अधीनको कुरो भयो।

एस ग्रन्थका विशेषता

पुराना ग्रन्थकारका ग्रन्थहरुबड लाभ लिन सबैलाइ अधिकार छ। तेसरि एस ग्रन्थकारले पनि लाभ लिएको छ। जसका ग्रन्थबड विशेष लाभ लिय्येको छ तिनको नामोल्लेख यथास्थान गरिया छ। तथापि ऋषिमुनि–बाएक अरु कसैको हुबहु नक्कल र अन्धानुसरण भने एस ग्रन्थमा गरिया छैन। एस ग्रन्थमा श्रुतिशब्दको हारीतवचनले गरेको व्याख्याको निराकरण, कौथीतकिशाखा–शाङ्खायनशाखा– जैमिनीय-शाखाहरुको विशेष परिचय, वेदशाखाका नामहरुको पाणिनीयव्याकरण-सम्मत रूपमा प्रयोग, वेदका छ अङ्गहरुको र छ उपाङ्गहरुको लक्षण र परिचय, ब्राह्मणहरुका लागि वैदिक धर्मकै अनुसरणीयता, वैदिकधर्मानु-सरणमा शाखाको र गोत्रप्रवरको महत्त्व, ब्रह्मचारिव्रतहरुको विवरण र ब्रह्मचारिभेदको व्याख्यान, अद्ध्यायोपाकर्म–(वेदारम्भ–)को विवेचन, वेदादिशास्त्राद्ध्ययनक्रमको निरूपण, केशान्त–समावर्तन–विवाहहरुको पौर्वापर्यको विवेचन, वैदिकधर्ममा भक्तिमार्गको स्थानको स्पष्टीकरण, वैदिक धर्ममा आश्रम–विकल्प–समुच्चय–बाध–व्यवस्थाको प्रतिपादन र शाङ्करमतको पर्यालोचन, कन्याको विवाहयोग्य प्रायु–(उमेर–)को विवेचना, गृहस्थाश्रमको महत्त्व, गृहस्थका भेद, गृहस्थका प्रमुख तिन धर्महरु आचारपालनसहितवेदाद्ध्ययन–प्रजनन–यजनको परिचय (गृह्य-कर्महरुको र वैदिकयज्ञहरुको सङ्क्षिप्त परिचय समेत) इत्यादि प्राय सबै विषयमा वेदादिशास्त्रका आधारमा विशेष प्रकाश पार्ने प्रयास गरिएको छ। विषयसूचीबडै पनि ति विशेषताहरुको केइनकेइ सूचना प्राप्त हुञ्च। ति विशेषताहरुमा समेत तिखो दृष्टि राखि ग्रन्थको

अवलोकन गर्न विज्ञ पाठकहरुलाइ अनुरोध छ ।

प्रस्तुत ग्रन्थमा विद्यावारिधि–शोधकार्यको उपलब्धिको समावेश

आजभोलि विद्यावारिधि–(पि.एच्. डि.) का लागिको अनुसन्धानको फेसन चलेको छ । डाक्टरसाएपहरुको हुल खडा भएको छ । तर ति डाक्टरसाएपहरुले विद्यावारिधिका लागि लेखेका निबन्धहरुबाट विद्याका अभिवृद्धिमा वा परिष्कारमा वा प्रचारमा भएको वास्तविक योगदानको परिचय प्राप्त गर्नि अवसर भने पाठकहरुलाइ विरलै प्राप्त हुन्छ । डाक्टरसाएप हुन पुगेकामा नाक फुलाउनिले नाक फुलाइ राख्या पनि हुन्छ; गतानुगतिक भै ति प्रति सम्मान गर्निले सम्मान गरिराख्या पनि हुन्छ; तिनलाइ तेइ उपाधिलाइ निमित्त बनाएर विशेष सुविधा दिन सक्निले र चाआनिले त्यो सुविधा दीराख्या पनि हुन्छ; ति डाक्टरसाएपहरुले उपाधि पाउन लेख्या निबन्ध कुनै काममा नआएर कुनै एक कार्यालयका, पुस्तकालयका, वा घरका कुनामा किराको वा कालको आहारा मात्रै भै बसिराख्या पनि हुन्छन् । स्थिति एस्तै देखिन्छ । एस्तै परिस्थितिमा एस ग्रन्थकारले पनि 'वैदिकयज्ञा औपनिषदमात्मज्ञानञ् च'' भन्नि विषयमा संस्कृत–भाषामा शोधप्रबन्ध लेखि वाराणसीस्थ सम्पूर्णानन्द–संस्कृत–विश्वविद्यालयबड 'विद्यावारिधि' उपाधि पाएकामा उक्त शोधप्रबन्धको जस्ताऽतस्तो प्रकाशन हुन नसके पनि तेस शोधप्रबन्धमा समाविष्ट र तेस शोधप्रबन्धका रचनाका प्रसङ्गमा प्राप्त हुन आएका अरु धेरै उपलब्धिहरु प्रस्तुत ग्रन्थमा समाविष्ट गरि उक्त शोधकार्यको फल केइ मात्रामा भने पनि पाठकहरुलाइ उपहारदिनि प्रयास पनि एस ग्रन्थद्वारा गरिएको छ । नीर–क्षीर–विवेक पाठकहरुकै अधीनमा छ ।

वैदिकाग्रन्थहरुलाइ प्रणाम र निवेदन

श्रौतधर्म-विचारेऽत्र प्रमादस्खलितम् भवेत् ।
नास्ति प्रायश्चित्तये मे स्वर्णपीठं हरेरिव[1] ।।
तदञ्जलिपुटैरेव सद्भक्तिभरितैरिह ।
प्रसादये वैदिकाग्रन्थांस् तेऽवश्यं शोधयन्तु माम् ।।

–ग्रन्थकार
(२०४५।११।१८)

१. याहाँ मा. वा. शतपथब्राह्मण–व्याख्याका अद्ध्यायहरुका अन्तमा उल्लिखित ''भूभर्त्रा विक्रमार्केण कल्पताऽ कनकवेदिकाम् । दानायाऽद्ध्यास्य कृतवान् श्रुत्यर्थविवृतिं हरिः ।।'' भन्नि हरिस्स्वामि–वचन स्मरणीय छ ।

उपोद्घात

नमो धर्माय महते वेदाय च स्वयम्भुवे ।
ऋषिब्भ्यश् च ब्ब्राह्म्मणेब्भ्यो वेदविद्भ्यो नमोनमः ।।

प्रबोधाय विवेकाय प्रशमाय हिताय च ।
सम्म्यक्तत्त्वोपदेशाय सतामुक्तिः प्रवर्तते ।। (सुभाषित) ।

यच् श्रुतन् न हि धर्माय न विरक्त्यै न शान्तये ।
सुबद्धमपि शब्देन काकवाशितमेव तत् ।। (सुभाषित) ।

मानवको सहज प्रवृत्ति र तेसवड हुनि हानि

माञ्छे जन्मेदेखि प्राय बहिर्मुख हुञ्चन् र इन्द्रियहरुका विषयमा लोलुप हुञ्चन् । कोइकोइ धीर पुरुष मत्वै दृष्टि अन्तर्मुख बनाएर अमृतत्त्व प्राप्त गर्न आत्मस्वरूपको विचारतिर लाग्चन् । यो मानवप्रवृत्तिको वेदोक्त वास्तविकता हो (कठोपनिषद् २।१।१)। मानवहृदयको उक्त सहज प्रवृत्तिले गर्दा अकृतात्म मनुष्यहरु आँफु जनबल–धनबल–शरीरबल इत्यादिले सम्पन्न हुँदा असहाय–निर्धन–दुर्बल–सोजा–निमुखा मनुष्यलाइ पिनि लुट्नि दबाउनि सताउनि तर्साउनि धम्काउनि गरि आँफ्ना न्याय्य–अन्याय्य सब इच्छा पूर्ण गर्नि प्रयास गर्चन् र तेति सबल नभए पनि कतिपय अपराधिप्रवृत्तिका व्यक्तिहरु पनि विविध प्रकारले सज्जनलाइ क्षति पुऱ्याँउचन् । एस्ता प्रवृत्तिले मनुष्यको व्यक्तिगत सामाजिक र राष्ट्रिय जीवनयात्त्रामा धेरै बाधा–व्यवधान ल्याँउच र उन्नतिका मार्गमा अवरोध खडा गर्च ।

धर्मविचार नै मानवको सहज प्रवृत्तिवड हुनि हानिवड वच्नि प्रभावकारि उपाय हो

माञ्छेका उक्त प्रकारका दुष्प्रवृत्तिबड व्यक्तिलाइ, समाजलाइ र

राष्ट्रलाइ जोगाउन राष्ट्रिय दण्डको व्यवस्था गरिञ्च । तर त्यो मनुष्यका हृदयमा गैरो प्रभाव पार्न प्राय असमर्थ देखिञ्च । तसर्थ टाठाबाठाहरु र धनिबलिहरु राष्ट्रिय दण्ड छलि विविध अपराध गर्नि गर्चन् । सामाजिक असम्मतिले पनि माञ्छेको तेस दुष्प्रवृत्तिमा केइ रोक लाउनि गर्च; तर त्यो पनि तेस प्रवृत्तिको मूल जरो उखेल्न समर्थ हुँदैन । तेसैले टाठाबाठा धनिबलिहरु समाजका आँखा छलेर गम्भीर अपराध पनि गर्निगर्चन् । धर्म-विचार नै एउडा एस्तो कुरो छ जो मनुष्यमनुष्यका हृदयसम्म पुगेर उक्त प्रवृत्तिको जरै उखेल्न प्रयास गर्च । "एकोऽहम्स्मीत्यात्मानय् यत् त्वङ् कल्याण मन्यसे । नित्यं स्थितस् ते हृद्येष पुण्यपापेक्षिता मुनिः" (मनु. ८।९१) भनि माञ्छेमाञ्छेलाइ सावधान गर्नि धर्मविचारै हो । निर्दलतावादि, स्वत्त्वसाम्यवादि, समाजवादि इत्यादि विविध प्रकारका राष्ट्रनीति-सम्बन्धि आदर्शका पक्षधर समेत समाजका सबै नै सदस्यहरुका लागि कर्तव्याकर्तव्यको एउडा भरपर्दो मर्यादारेखा आवश्यक हुञ्च; त्यो नभै वास्तविक राष्ट्रिय उन्नति र सुखशान्ति हुन सक्तैन; "यावज् जीवेत् सुखञ् जीवेद् ऋणङ् कृत्वा घृतम् पिबेत्" भन्नि सिद्धान्तका आधारमा सामाजिक न्यायको र सुखशान्तिको वातावरण स्थापित हुन सक्तैन । राष्ट्रनीतिसम्बन्धि विविध प्रकारका आस्था भएका सबै नै लोकहितैषि युवक र प्रौढहरुले आँपनै मन-वचन-र-कर्मलाइ सन्मार्गमा नलगाइ समाजलाइ, राष्ट्रलाइ र विश्वलाइ उँबो लाउन ठुलो काम केइ पनि गर्न सकिँदैन भन्निकुरा बारबँ बार सम्जनु आवश्यक देखिञ्च र उनिहरुले आँपना मन-वचन-र-कर्मलाइ सन्मार्गमा लाउन धर्मविचार गर्नु परमावश्यक देखिञ्च । तसर्थ मनुष्यको व्यक्तिगत सामाजिक र राष्ट्रिय न्याय्य जीवनयात्त्रालाइ समुचित रूपमा चलाउनमा वास्तविक धर्मभावनाको ठुलो स्थान देखिञ्च । तेति मत्त्रै हैन, माञ्छेका वशमा नभएका मृत्यु-जरा-व्याधि-प्रियवियोगादि-अनिष्ट-विषयज दुःख-र-शोकका समयमा र प्रियसय् योगादि-इष्टविषयज-हर्ष-र-समृद्धिका समयमा पनि मनुष्यहृदयलाइ न्याय्य मार्गमा चल्न तथा शान्तिपूर्ण र सन्तुलित जीवनयात्त्रा चलाउन प्रेरित गर्नि र् दृढ सहायता दिनि तत्त्वका रूपमा पनि धर्मविचारको स्थान ठुलो देखिञ्च । एस कुरालाइ तलका श्लोकले सूत्त्ररूपमा व्यक्त गरेको छ -

न्यायसंस्थापनार्थञ् च सुखशान्त्यर्थमेव च ।
लोके धर्मविचारस्स्याऽऽवश्यकत्त्वमिति स्स्थितिः ।।

धर्मविचारको मूल प्रयोजन

मनुष्यलाइ व्यवस्थित र सन्तुलित रूपमा अर्थ काम मोक्ष इ तिनै पुरुषार्थ प्राप्त गर्न समर्थ गराउनु नै धर्मविचारको मूल प्रयोजन हो भन्नि कुरा "धर्मादर्थश्च कामश्च स किमर्थन् न सेव्यते" भन्नि महाभारतको (१८।५।६२) उक्तिबड पनि बुजिन्च । एस उक्तिको तात्पर्य 'धर्मबड मोक्षस्वरूप परमपुरुषार्थ त प्राप्त हुन्चहुन्च, साधारण लौकिक व्यक्तिहरुले हिरिक्क भै चाम्रा गर्नि अर्थ र काम पनि धर्मबडै प्राप्त हुन्चन्' भन्नि हो । एसबड सबैका लागि अर्थ काम मोक्ष इ तिनै पुरुषार्थ सिद्ध गर्न आवश्यक समुचित व्यवस्था गर्नु र ति पुरुषार्थ प्राप्त गर्नि बाटो बनाउनु नै धर्मविचारको मूल प्रयोजन हो भन्नि कुरा स्पष्ट हुन्च । अर्थात् मनुष्यहरुलाइ बाँच्ता न्याय्य वृत्तिमा रमाएर सुख-शान्तिपूर्वक बाँच्न र मोर्दा (देहत्याग गर्दा) स्वर्गनिष्ठ वा ब्रह्मनिष्ठ भएर मोर्न (देहत्याग गर्न) तत्पर बनाउनु नै धर्मविचारको मूल प्रयोजन देखिन्च ।

वेद नै धर्मको र अधर्मको व्यवस्थित ज्ञानको साधन हो

वेद अपौरुषेय (पुरुषले अरु प्रमाणले जानेका कुरालाइ लिएर नरचेको, किन्तु अनादि-परम्परा-सिद्ध) हुनाले अज्ञान अहङ्कार काम क्रोध लोभ मोह मद मात्सर्य राग द्वेष इत्यादि पुरुषदोषले रहित ग्रन्थ हुँदा वेदबड नै धर्माऽधर्मको शाश्वत र व्यवस्थित ज्ञान हुन्च; मनुष्यका अज्ञान अहङ्कार काम क्रोध इत्यादिबड प्रभावित हुनि तर्कबड धर्मको व्यवस्थित ज्ञान हुन सक्तैन र एउटा एकथोक आर्को आर्को-थोक भन्नि नै अव्यवस्था (भद्रगोल) उत्पन्न हुन्च; तेसैले पनि वेदलाइ नै धर्मको व्यवस्थापक मान्दै आएकेको हो । एस विषयको विवरण 'धर्ममा परम प्रमाण वेद नै मानिन्च' भन्नि प्रकरणमा दिएकेको छ । तेसमा प्रमाण तीँ टिप्पणीमा प्रस्तुत छन् । एस विषयमा गीताको "तस्माच् शास्त्रम् प्रमाणन् ते कार्याकार्य-व्यवस्थितौ । ज्ञात्वा शास्त्रविधानोक्तङ कर्म कर्तुमिहार्हसि" (१६।२४), शान्तिपर्वको "चिराभिपन्नः कविभिः पूर्वन् धर्म उदाहृतः । तेनाऽऽचारेण पूर्वेण संस्था भवति शाश्वती ।।" (२६०।२० चित्त्रशाला-संस्करण); वाक्यपदीयको "न चागमादृते धर्मस्तर्केण व्यवतिष्ठते । ऋषीणामपि यद् ज्ञानन् तदप्यागमहेतुकम्" (ब्रह्मकाण्ड, श्लोक ३०), "हस्तस्पर्शादिवाऽन्धेन विषमे पथि धावता । अनुमानप्रधानेन विनिपातो न दुर्लभः" (तीँ, श्लो. ४२) इत्यादि वचनको पनि मनन गर्नु राम्रो देखिन्च ।

वैदिक–सनातन–वर्णाश्रम–धर्मानुयायिहरुका धर्मग्रन्थ वेद–स्मृति–पुराणहरु क्रिश्चियनको बाइबल–झेई वा मुसल्वानको कुरान–झेई एउटा मत्र्वै र सानु र छोड्करि पनि नभएकाले र वैदिक–सनातन–वर्णाश्रमधर्म क्रिश्चियन–धर्म–झेई वा मुस्लिमधर्म–झेई हिजो–अस्तिदेखि (इतिहासमा निश्चित भूतकालदेखि) चलेको धर्म नभै अनादिकाल-देखि चलिआएको धर्म हुनाले तथा समयसमयका भारतवर्षका प्राशासनिक अवस्थाले गर्दा वेदाद्ध्ययनाऽद्ध्यापनपरम्परा शिथिल हुँदै गएकाले पनि वैदिक–सनातन–वर्णाश्रम–धर्मका विषयमा यथार्थ ज्ञान हुन नसकि माञ्छेहरु सन्देहमा पर्दै आएको देखिञ्च । यो सन्देह पुराना ग्रन्थहरुमा पनि उल्लिखित पाँइञ्च; जस्तै "तर्कोऽप्रतिष्ठश् श्रुतयो विभिन्ना नैको ऋषिर्यस्य मतम् प्रमाणम् । धर्मस्य तत्त्वन् निहितङ गुहायाम् महाजनो येन गतस् स पन्थाः" (वनपर्व ३१३।१७, चित्त्र., सातवलेकर–संस्करणमा यो पद्य छैन); "शास्त्रयँ यदि भवेदेकं श्रेयो व्यक्तम् भवेत् तदा । शास्त्रैश्च बहुभिर् भूयश् श्रेयो गुह्यम् प्रवेशितम् ।। एतस्मात् कारणाच् श्रेयः कलिलम् प्रतिभाति मे । ब्रवीतु भगवाँस् तन् मे उपसन्नोऽस्म्यधीहि भोः" (शान्तिपर्व २८७।१०,११, चित्त्र.); "चतुर्णामपि वेदानां शाखास् सन्ति सहस्त्रशः । अज्ञानादल्पशास्त्रार्था मोहयन्ति पदेपदे" (प्रजापतिस्मृति, श्लो. ६); "धर्मा बहुविधा राजन् वर्ण्यन्ते शास्त्रकोविदैः । सूक्ष्मत्त्वान् न विजानन्ति कर्ममार्गविमोहिताः" (गरुडपुराण, प्रेतखण्ड ६।१० वेङ्कटेश्वरप्रेस); "धर्म इत्युपधर्मेषु नग्नरक्तपटादिषु । प्रायेण सज्जते भ्रान्त्या पेशलेषु च वाग्मिषु" (भागवत ४।१९।२५) इत्यादि । अवस्था–विशेषले गर्दा उइ कुरा धर्म र उइ कुरा अधर्म पनि हुँनि हुँदा पनि साधारण माञ्छेलाइ धर्माऽधर्मका विषयमा सन्देह पर्न जाञ्च । एस सम्बन्धमा तलका उक्ति स्मरणीय छन्– "स एव धर्मस् सोऽधर्मो देशकाले प्रतिष्ठितः । आदानमनृतं हिंसा धर्मो ह्यावस्थिकस् स्मृतः" (शान्तिपर्व ३६।११, चित्त्र.); "भवत्त्यधर्मो धर्मो हि धर्माधर्मावुभावपि । कारणाद् देशकालस्य देशकालस् स तादृशः।। मैत्त्राः क्रूराणि कुर्वन्तो जयन्ति स्वर्गमुत्तमम् । धर्म्याः पापानि कुर्वाणा गच्छन्ति परमाङ्गतिम्" (शान्ति. ७८।३२,३३ चित्त्र.); "दृश्यते हि धर्मरूपेणाऽधर्मम् प्राकृतश्चरन् । धर्मश्चाऽधर्मरूपेण कश्चिदप्राकृतश्चरन्" (शान्ति. २६०।६); "अधर्मन् धर्मकामो हि करोति ह्यविचक्षणः । धर्मव्ँ वाऽधर्मसङ्काशं शोचन्निव करोति सः ।। धर्मङ करोमीति करोत्य-

धर्ममधर्मकामश्च करोति धर्मम् । उभेऽवलः कर्मणी न प्रजानन् स जायते म्रियते चाऽपि देही" (शान्ति. २३५ । ३१,३२) इत्यादि ।

धर्मसन्देहको निराकरणमा मनीषि ब्राह्मणको उत्तरदायित्व

एसरि जनसाधारणले धर्म र अधर्म राम्ररि चिन्न नसकि अलमलिनि र सन्देहमा पनि तथा धर्म गर्चु भन्दाभन्दै पनि अधर्म गर्न पुग्नि समेत हुनाले धर्म-र-अधर्मको सन्देह हटाइ देश-काल-परिस्थिति-शास्त्रानुसार् धर्म-र-अधर्मको निश्चित व्याख्या गर्नु वेदज्ञ मनीषि ब्राह्मणहरुको काम देखिञ्च । तसर्थ विपश्चित्हरुले लोककल्याणका लागि धर्म र अधर्म छुट्टचाइदिनि काम गर्नपर्च ('अधर्मरूपो धर्मो हि कश्चिदस्ति नराधिप । धर्मरूपोऽप्यधर्मोऽस्ति तच्च वेद्यवँ् विपश्चिता' [द्रष्टव्य शान्तिपर्व ३३।३२; २६०।६) । महाभारतमा "चातुराश्रम्यधर्माश्च वेदधर्माश्च पार्थिव । ब्राह्मणेनाऽनुगन्तव्या नाऽन्यो विद्द्यात् कथञ्चन" (शान्ति. ६५।६), "धर्मं शुश्रूषमाणेभ्यः पृष्टेन च सता पुनः । वक्तव्यवँ् विदुषा चेति धर्ममाहुर्मनीषिणः" (शान्ति. ५४।३७-३८) इत्यादि विशेषवचन पनि पाँइञ्चन् । भागवतमा पनि "विधर्मः परधर्मश्च आभास उपमा छलः । अधर्मशाखाः पञ्चेमा धर्मज्ञोऽधर्मवत् त्यजेत्" भनिएको छ । (७।१५।१२) मनुस्मृतिमा पनि "अधीयीरंस् त्रयो वर्णास् स्वकर्मस्था द्विजातयः । प्रब्रूयाद् ब्राह्मणस्त्वेषान् नेतरा-विति निश्चयः ।। सर्वेषाम् ब्राह्मणो विद्द्याद् वृत्त्युपायान् यथाविधि । प्रब्रूयादितरेऽभ्यश्च स्वयञ्चापि तथा भवेत्" (१०।१,२) इत्यादि भनि ब्राह्मणले वेदको, धर्मको र धर्म्यवृत्तिको प्रवचन गर्नपनि कुरा देखाएका छ । "ब्राह्मणो जायमानो हि पृथिव्यामधिजायते । ईश्वरस् सर्वभूतानान् धर्मकोशस्य गुप्तये" (मनु. १।९९) इत्यादि भनि मनुस्मृतिमा धर्मको प्रवचनाद्दिद्वारा रक्षा गर्नमा ब्राह्मणको विशेष उत्तरदायित्व देखाएका छ । शङ्करभगवत्पादले पनि स्वप्रतिष्ठापित धर्मको राम्ररि रक्षा गर्नि भार अन्तिम रूपमा मनीषिहरुकै थाप्लामा हालेको बुजिञ्च; जस्तै "शुचिर्जितेन्द्रियो वेदवेदाङ्गादिविशारदः । योऽभिज्ञस् सर्वशास्त्राणां स मदास्थानमाप्नुयात् ।। उक्तलक्षणसम्पन्नस् स्याच् चेद् मत्पीठभाग् भवेत् । अन्यथा रूढपीठोऽपि निग्रहार्हो मनीषिणाम् ।।" (महानुशासन) ।

वैदिक धर्मको व्याख्या ब्राह्मणैले गर्न पनि किन ?

वैदिक धर्मको व्याख्या ब्राह्मणले गर्नपर्च भन्दा ब्राह्मण भनेको केवल जन्मले भाको ब्राह्मणलाइ लिएर भनेको हैन; जन्म-विद्द्या-कर्मले जो

आदर्श ब्राह्मण छ तेस्ता ब्राह्मणलाइ लिएर भनेको हो भन्नि कुरामा ध्यान दिनु आवश्यक छ। यद्यपि जन्मका मत्वै ब्राह्मणको पनि दुराचारि नभए आदर–सत्कार–पूजा गरिन्छ; तेसमा शास्त्रवचन र परम्परा पनि प्रमाण छ; तथापि तेसमा लौकिक बुद्धिले विश्लेषण गर्दा, जस्तै वास्तवमा काम लाग्नि बेलामा फलम कुटा–कोदाला–फालि–करुआ–हँसुआ–खुर्पा–खुँडा–खुकुरि–बण्डुक इत्यादि रूपमा कामलाग्नि, फलमको डल्लो उक्त–कुराहरु–झैं कामनलाग्नि भए पनि फलमका डल्लालाइ पनि माज्छे जतन गरेर राख्चन्; तेत्ति मत्वै हैन, फलमको धाउलाइ पनि जतन गरेर राख्चन्, तेत्ति मत्वै पनि हैन, तेस्ता धाउ निस्किनि खानिलाइ पनि महत्त्व दिन्छन्, तेस्तै ब्राह्मणले दिनि पुरा काम जन्म–विद्या–कर्मले सम्पन्न ब्राह्मणले दिनि र तिनैको विशेष आदर–सत्कार–पूजा–प्रामाण्य हुनि भए पनि तेस्ता ब्राह्मणहरु निस्किनि कुल हुनाले ब्राह्मणको कुलैको र ब्राह्मणका कुलमा जन्मेका अदुराचारि अपतित जन्मना ब्राह्मण सबैको आदर–सत्कार–पूजा गर्निगर्चन्; यो कुरा न्याय्य र समुचितै पनि देखिन्छ; तथापि याँहाँ वैदिक धर्मका आधिकारिक व्याख्याताका रूपमा लिय्येका ब्राह्मण चाँइ जन्म–विद्या–कर्मले शुद्ध, अज्ञान अहङ्कार काम क्रोध लोभ मोह मद मात्सर्य राग द्वेष इत्यादि दोषका जकडबड माथि उठेका, निर्भय, स्वतन्त्र, लौकिक-पुरुषान्तराऽनियुक्त ब्राह्मण हुन्। एस्तै ब्राह्मणले नै धर्मको व्याख्या गर्नि हो। एस्ता ब्राह्मण नै वेदको अद्ध्ययनाऽभियोगबड वैदिक धर्मको यथार्थ ज्ञानमा बर्ता समर्थ हुनि हुनाले र अज्ञान–अहङ्कार–काम–क्रोधादि–दोषबड मुक्त भै धर्मको यथार्थ र निश्छल व्याख्या दिन अरुभन्दा बर्ता समर्थ हुन सक्नि देखिनाले पनि एस्तै ब्राह्मणलाइ नै धर्मको व्याख्या गर्नि मुख्य अधिकारि मानेको देखिन्छ। क्षत्रियहरु-प्रायः शासनाधिकाराऽभिषलोभि हुनि हुनाले र शुद्ध धर्मले मत्वै व्यक्ति-विशेषको शासनाधिकार स्थापित हुन र अडिन गारो पर्नि कुरा लौकिक उदाहरणहरुले र शास्त्रले समेत देखाएकाले (शान्तिपर्व ३३।३; ३५।३२,३३; ५८।१९–२२, ७५।१८, ८०।५,१३३।३, तैत्तरीयब्राह्मण १।७।२।६,); वैश्यहरु प्राय अर्थपरायण हुनि हुनाले र अर्थकामपरायण पुरुषले धर्मको यथार्थज्ञान गर्न नसक्नि हुनाले (मनु. २।१३); शूद्रहरु वेदाद्ध्ययनरहित हुनि हुनाले र प्राय अज्ञान–काम–क्रोधादिग्रस्त हुनि हुनाले क्षत्रियादिले धर्मलाइ यथार्थ रूपमा प्रतिपादन गर्न नसक्नि हुनाले तथा आँफ्नु अभीष्टसिद्धिका लागि धर्मलाइ बडङ्चाइ

अयथार्थ रूपमा उपस्थापित गर्नि सम्भावना वर्ता रअनि[1] हुनाले पनि उक्त प्रकारका आदर्श ब्राह्मणहरुलाइ नै धर्मका आधिकारिक व्याख्याता मानिएको बुजिञ्च; अरुलाइ त राष्ट्रप्रमुखैलाइ पनि धर्मको व्याख्याता वा नेताका रूपमा नलिय्येको कुरा देखिञ्च । फेरि, वैदिक–धर्मका साधारण धर्महरुको पालनाको क्षेत्र सम्पूर्ण भूमण्डल भए पनि वर्णाश्रमधर्मको पालनाको क्षेत्र आर्यावर्त वा भारतवर्ष भएको र भारतवर्षबड बाइर गएपनि भारतवर्षमा फर्केर आएपछि क्षत्रिय–वैश्य समुचित प्रायश्चित्त-बड आँपनु स्वरूपमा आँउन सक्नि र ब्राह्मणहरु भारतवर्षबाइर गएमा भारतवर्षमा फर्केर आएपछि पनि प्रायश्चित्त गरे पनि तिनिहरुको स्वरूपगत विशेषता (वेदाद्ध्यापकत्त्व, आर्त्विजीनत्त्व, पुरोहितत्त्व, धर्म-गुरुत्त्व, र अरुको आद्ध्यात्मिकोद्धारमा समर्थत्त्व) सर्वथा हराउनि कुरा स्मृति–पुराणहरुले देखाएको हुँदा वेद–वैदिकधर्म–भारतवर्षीय–राष्ट्रियता–र–ब्राह्मणको सर्वाधिक घनिष्ठ सम्बन्ध देखिएकाले पनि वेदको वा वैदिक धर्मको आधिकारिक व्याख्याताका रूपमा भारतवर्षमा ब्राह्मणहरुलाइ नै मान्यता दिय्येको बुजिञ्च ।

वेद धनि–बलिको दुनो सोज्याउनि उपकरण हैनन्

अपौरुषेय (पुरुषले लौकिक बुद्धिले विषयज्ञान गरि नरचिएका) हुँदा अज्ञान–अहङ्कार–काम–क्रोध–लोभ– मोह–मद–मात्सर्यादि– दोष-प्रयुक्त नभएकाले वेद धनिबलिका भत्तै विशेष उपकरण हैनन् । वेदमा शूद्रलाइ वेदाद्ध्ययन–यजनादिमा अधिकार नदिय्येको पनि शूद्र-प्रतिको द्वेषले नभै शूद्रको स्वभावले गर्दा तेसो भएको हो भन्नि बुजिञ्च । शुद्ध क्षत्रिय–वैश्यलाइ वेद पड्नि र यज्ञ गर्नि अधिकार दिय्येको भएपनि तिनको स्वभावले गर्दा वेद पढाउनि र यज्ञ गराउनि अधिकार तिनलाइ पनि दिय्येको छैन । जस्तो यो द्वेष–मूलक कुरा हैन तेस्तै शूद्रलाइ वेदाद्ध्ययन–यजनादिको अधिकार नदिय्येको पनि द्वेषमूलक कुरा हैन भन्नि देखिञ्च । वास्तवमा रमाएर वेदको अद्ध्ययन गर्नु सारै ठुलो र दुष्कर कुरा छ (द्रष्टव्य–शान्तिपर्व ३२७।४६, ३३३।२२) । वेदाद्ध्ययन ऐले अनादिकालदेखि वेद पढ्दै आएका

१. (क) ये वित्तमभिपद्यन्ते सम्यक्त्वन् तेषु दुर्लभम्।– शान्ति २७।२०;
(ख) कामे प्रसक्तः पुरुषः किमकार्यवँ विवर्जयेत् । मद्यमांसपरस्वानि तथा दारान् धनानि च । आहरेद् रागवशगस् तथा शास्त्रम् प्रदर्शयेत् ।। तीँ ८८।२१–२२ ।

द्विजाति–कुलमा जन्मेका व्यक्तिहरुलाई पनि सारै दुष्कर भैराखेको छ; तिनिहरु–मद्दे धेरै नै युवक व्यक्तिहरु युरोप–अमेरिकाका पाल्तु कुत्ता-हरुले खाएजस्तिको पौष्टिक खाना पनि हामिले खान पाएनौं, तेता जान पाए त पौष्टिक खाना खान पाँइदो हो र धन्य भैंदो हो भण्ठानिराका जस्ता बुजिन्छन्,र युरोप–अमेरिकामा कुकुरै भएर जन्मन पाए पनि मिठो पौष्टिक खाना खान र अनिर्यन्त्रित कामोपभोग गर्न पाँइदो हो भनेरै पो भन्लान् कि भनेजस्ता प्रतीत हुन थालेका छन्, भारतवर्षभोरि नै वैदिक राष्ट्रियताको रक्षाका आशाका केन्द्रका रूपमा रएका द्विजाति–युवकहरूको प्राय एस्तै अवस्था बुजिन्छ; ब्राह्मणकुलज व्यक्तिहरु पनि प्राय सबै नै दास्य–र–ब्राह्मण्यको भेदको चेतनाले रहित भै दासतामा रमाउन लागे जस्ता पनि देक्खिन थालेका छन् तथा वेदाद्ध्ययनबड अत्यन्तै विमुख हुन थालेका छन् र तिनले आँपना सन्ततिलाइ पनि वेदाद्ध्ययनबड अत्यन्तै विमुख बनाउन थालेका छन् भने, शूद्रलाइ वास्तविक वेदाद्ध्ययन कसरि सुकर हुन सक्ला ? दासमनोवृत्तिका मनुष्यले वास्तविक रूपमा वेदाद्ध्ययन गर्नु असम्भव छ; शूद्र भनेको दासमनोवृत्ति भएको मनुष्य हो; दासमनोवृत्ति नभएको व्यक्ति शूद्र–कुलमा जन्मेको व्यक्ति भए पनि त्यो पूर्ण रूपमा शूद्र हैन, केवल जन्मना शूद्र हो; तेस्तालाइ अदृष्टोत्पादनका लागि वेद पड्नि र वैदिकयज्ञ गर्नि अधिकार वेदले नदिएको भए पनि तेस्ता व्यक्ति प्रति पूर्णशूद्र प्रति गरिनि व्यवहारजस्तो व्यवहार गर्नहुँदैन भन्नि नै वेदको र स्मृतिको आशय ठामठामै पाँइन्छ । एसबड वेद टाठाबाठा धनिबलिहरुको लाटा–सुदा–निमुखा–निर्धन–दुर्बलहरुलाइ निमठ्नमा प्रयुक्त हुनि उपकरण हैन भन्नि नै देखिन्छ ।

वैदिक धर्म पनि धनि–वलिको दुनो सोज्याउनि उपकरण हैन

वैदिक धर्मको मूल आदर्शलाइ राम्ररि चिनेमा वैदिक धर्म पनि धनिबलिको निर्धन–निर्बल–निमुखा–लाटा–सुदाहरुलाइ ठग्नि जाल हैन भन्निकुरा बुजिन्छ । यज्ञमा निहित वैदिक धर्मको मूल रूप सर्वथा त्यागपरक र आत्मविचारपरक छ । यो धर्म ठगिका रूपमा पनि प्रयुक्त हुन सक्नि र तेसरि प्रयुक्त भएमा धर्म धर्म नरअनि पाप हुनि कुरामा पनि लोकको ध्यान आकृष्ट गरिएकै छ; जस्तै "तपो न कल्कोऽद्ध्ययनन् न कल्कस् स्वाभाविको वेदविधिर् न कल्कः । प्रसह्य वित्ताहरणन् न कल्कस् तान्येव भावोपहतानि कल्कः" (महा-भारत, आदिपर्व १।२७५ चित्र., सातवलेकर. १।२१०) ।

आचार–व्यवहारका सम्बन्धमा पनि सर्वधनि सर्वबलि राष्ट्रप्रमुखादिका वा निजहरुका परिधिका व्यक्तिहरुको चरित्रलाइ आदर्श नभनेर "अथ यदि ते कर्मविचिकित्सा वा वृत्तविचिकित्सा वा स्यात्, ये तत्र ब्राह्मणाः सम्मर्शिनो युक्ता आयुक्ता अलूक्षा धर्मकामाः स्युः, यथा ते तत्र वर्तेरन् तथा तत्र वर्तेथाः" (तैत्तिरीयोपनिषद् १।११।३–४) भनि विचारशील धर्मपरायण ब्राह्मणहरुको चरित्रलाइ नै आदर्श मानिएको हुनाले, तथा "सर्वासामेव वृत्तीनाव् वृत्ती राजकुलाश्रया । अधर्मबहुला ह्येषा निरुत्योद्वेगा च भारत" (सुभाषितावलि, ३२०९) इत्यादि पनि भनिएको हुनाले र राजपुरोहितादिको भन्दा वेदज्ञ स्वकर्मरत स्वतन्त्र ब्राह्मणको नै स्थान शास्त्रमा उच्चतर मानिएकाले (द्रष्टव्य–शान्तिपर्व ७६।१–८, अत्रिस्मृति, श्लो. ३७३–३८३) पनि वैदिक धर्म टाठाबाठा धनिबलिको श्रेष्ठता सुरक्षित गर्नि र दुनो सोज्याउनि उपकरण हैन भन्नि कुरा नै बुजिन आँउच ।

पुनश्च वेदमा "अथो अबलीयान्बलीयांसमाशंसते धर्म्मेण" (का. बृहदारण्यक १।४।१४) भनि धर्मलाइ निर्बलियालाइ आड दिनि तत्त्वका रूपमा देखाएका छ । तसर्थ वैदिक धर्म राजादेखि–रङ्कसम्मलाइ सन्मार्गमा हिण्ड प्रेरणा दिनि तत्त्व हो, निर्धन–निर्बल–निमुखा–लाटा–सुदालाइ ठग्नि जाल हैन भन्नि कुरा स्पष्ट हुन्छ । एस सम्बन्धमा मनुस्मृतिको "अदण्डयान् दण्डयन् राजा दण्डयांश् चैवाऽप्यदण्डयन् । अयशो महदाप्नोति नरकञ् चैव गच्छति" (८।१२८), "कार्षापणम् भवेद् दण्ड्यो यत्रान्यः प्राकृतो जनः । तत्र राजा भवेद् दण्ड्यस् सहस्रमिति धारणा" (८।३३६) इत्यादि वचन पनि मननीय देखिन्छन् ।

मनुस्मृतिमा शूद्रलाइ दास्य गराउनु भनेको (८।४१३) पनि निकट भूतकालमा अङरेजहरुले अफ्रिकाका हब्सिहरुलाइ पक्रि पाँनिजाहाजका साँगुरा कोठामा मरणान्तै हुनि सम्म गरेर गच्चेटि अमानवीय यातना दिइ इङल्याण्ड पुऱ्याएर किनबेच गरि फलमका सिक्खुले बाँदि, दास भएर बाँच्नभन्दा मोर्न जातिमानि खानै नमान्दा पनि फलमका उपकरणले मुख फट्टाइफट्टाइ खानिकुरा कोचाएर सदाइ दास बनाए झैं ब्राह्मणले शूद्रलाइ विवश बनाएर दासतामा जकड्नु भनेको हैन; आर्काका संरक्षणमा आँफुलाइ सुरक्षित माम्नि स्वभाव भाका शूद्रहरु खानलाउन र सानुतिनु विषयसुखोपभोग गर्न पाँउदा रमाएरै दास्यमा लाग्चन्, तसर्थ तेस्तालाइ तिनको स्वभाव–अन्सार् ब्राह्मणले दास्य गराउन हुन्छ भन्नि सम्म मनुस्मृतिको आशय देखिन्छ । यो कुरा मनुस्मृ-

तिको "न स्वामिना निसृष्टोऽपि शूद्रो दास्याद् विमुच्यते। निसर्गजं हि तत् तस्य कस् तस्मात् तदपोहति" (८।४१४) भन्नि भनाइबड स्पष्ट हुन्छ। आँपनु स्वातन्त्र्यको रक्षा गरि जीवनयात्रा चलाउन सकेपनि शूद्रलाइ बलजफत दासै बनाउनपर्छ भन्नि वैदिक धर्मको भनाइ हैन। बलजफत दास्य गराउनि कुरा त वैदिक धर्ममा निन्दित मानिया देखिन्छ। जस्तै "पाणिमन्तो बलवन्तो धनवन्तो न संशयः। मनुष्या मानुषैरेव दासत्वमुपपादिताः॥ वधबन्धपरिक्लेशैः क्लिश्यन्ते च पुनःपुनः। ते खल्वपि रमन्ते च मोदन्ते च हसन्ति च" (शान्तिपर्व १८०।३४,३५, चित्त्र.), "हत्वा सत्त्वानि खादन्ति तान् कथन् न विगर्हसे। मानुषा मानुषानेव दासभावेन भुञ्जते॥ वधबन्धनिरोधेन कारयन्ति दिवानिशम्। आत्मनश्चाऽपि जानाति यद् दुःखम् वधबन्धने" (तौ २६२।३८,३९) इत्यादि। वैदिक धर्ममा शूद्र पनि प्रदीप्त नै होउन् भनि कामना गरिनि वा शूद्र पनि प्रदीप्त हुनि कुरा "रुचन् नो धेहि ब्राह्मणेषु रुचं राजसु नस्कृधि। रुचम् विश्येषु शूद्रेषु मयि धेहि रुचा रुचम्" भन्नि वेदमन्त्रले (मा. वा. शु. य. वे. मन्त्रसंहिता १८।४८; तैत्तिरीयसंहिता ५।७।६) पनि देखाएको छ। शूद्रहरु प्रति पनि कल्याणकारि वचनको प्रयोग गर्नि र प्रेमपूर्ण व्यवहार गर्नि भावना वेदमा निहित भएको कुरा "यथेमाम् वाचङ कल्याणीमावदानि जनेभ्यः। ब्रह्मराजन्याभ्यां शूद्राय चार्य्याय च स्वाय चारणाय च"(मा. वा. शु. य. वे. २६।२) "प्रियं सर्वस्य पश्यत उत शूद्र उतार्ये" (शौ. अ. वे. १९।६२।१) इत्यादि वेदवचनबड देखिन्छ। "सर्वस्तरतु दुर्गाणि सर्वो भद्राणि पश्यतु। श्रावयेच् चतुरो वर्णान् कृत्वा ब्राह्मणमग्रतः" (शान्तिपर्व ३२७।४८-४९ चित्त्र. ३१४।४५ सातवलेकर.) भनि वेदको र वैदिक धर्मको श्रवण गर्नि र आँपनु कल्याण सिद्ध गर्नि अधिकार शूद्रलाइ पनि दिएकै पनि देखिन्छ। ढाँटि छलि चोरि गरेर वेद सुनेर वेदग्रहण गरि तपस्वि-ब्राह्मणवेष गरेर ब्राह्मण-वृत्ति गर्न खोज्नि शूद्रलाइ नै दण्डय मानिया हो; वेदका अक्षर कानाँ पर्नि बित्तिकै वा सुन्निबित्तिकै शूद्र दण्डय हुनि हैन। "शूद्राः प्रतिग्रहिष्यन्ति तपोवेषोपजीविनः। धर्मम् वक्ष्यन्त्यधर्मज्ञा अधिरुह्योत्तमासनम्"(भागवत १२।३।३८); "विप्प्रलिङ्गेन शूद्रस्य जीवतोऽष्टशतो दमः" (पराशरमाधवीयमा उद्धृत याज्ञवल्क्यवचन २।३०४) इत्यादि वचन पनि एस सम्बन्धमा मननीय छन्।

शूद्रले धनसङ्ग्रह नगर्नु भन्नमा पनि शूद्रबड सञ्चित धनको दुरुपयोग हुनि सम्भावना बर्ता देखिनु नै कारण देखिन्छ। यो कुरा

"शक्तेनाऽपि हि शूद्रेण न कार्यो धनसञ्चयः।शूद्रो हि धनमासाद्य ब्राह्मणानेव बाधते" (मनु. १०।१२९), "सञ्चयांश् च न कुर्वीत जातु शूद्रः कथञ्चन। पापीयान् हि धनलँ लब्ध्वा वशे कुर्याद् गरीयसः" (शान्तिपर्व ६०।३०) इत्यादि वचनबड बुजिञ्च। तेसरि दुरुपयोग गर्न नपाउनि गरेर धनसङ्ग्रह गर्न शूद्रलाइ पनि अनुमति दिय्येकै देखिञ्च; जस्तै– "राज्ञा वा समनुज्ञातः कामञ् कुर्वीत धार्मिकः [सञ्चयान्]" (शान्तिपर्व ६०।३१) इत्यादि। शूद्रहरुले धेरै दान गरेका कुराबड पनि धर्म्य उपयोग गर्नि शूद्रलाइ धनसङ्ग्रह गर्नि अधिकार दिय्येकै बुजिञ्च; जस्तै– "शूद्रः पैजवनो नाम सहस्राणां शतन् ददौ। ऐन्द्राग्नेन विधानेन दक्षिणामिति नः श्रुतम्" (शान्तिपर्व ६०।३९), "भरद्वाजः क्षुधार्तस्तु सपुत्रो विजने वने। बह्वीर् गाः प्रतिजग्राह वृधोस् तक्ष्णो महातपाः" (मनु १०।१०७)। सेवाले वृत्ति नचलेमा, सेवा गर्न नसकेमा वा नचाएमा शूद्रलाइ पनि कृषि–वाणिज्ज्यादिबड धनार्जन गर्न अनुमति दिय्येकै छ। जस्तै "अशक्नुवंस् तु शुश्रूषां शूद्रः कर्तुन् द्विजन्मनाम्। पुत्रदारात्ययम् प्राप्तो जीवेत् कारुककर्मभिः" (मनु. १०।९९); "वाणिज्ज्यम् पाशुपाल्यञ् च तथा शिल्पोपजीवनम्। शूद्रस्स्याऽपि विधीयन्ते यदा वृत्तिर् न जायते" (शान्तिपर्व २९४।४), "शूद्रस्य वार्ता कारुकुशीलवकर्म च" (कौटलीय अर्थशास्त्र १।३), "कृषिपाशुपाल्ये वणिज्ज्या च वार्ता" (तैँ १।४)। मा. वा. य. वे. मन्त्रसंहिताका तिसौँ अद्ध्यायबड पनि शूद्रलाइ अनेक प्रकारका जीविकाकर्म गर्नि अनुमति भाको देखिञ्च। इ सबैकुराबड दुरुपयोग गर्न नपाउनि, तर खानलाउन धर्म्य सुखभोग गर्न पाउनि गरेर धनसञ्चय गर्न वैदिक धर्मले शूद्रलाइ छेक थुन नगरेको कुरा बुजिञ्च। धनको दुरुपयोग गर्निलाइ त औरस पुत्रलाइ पनि ब्राह्मणादि सबैले अङस–धन नै नदिनु भन्नि पनि व्यवस्था शास्त्रमा पाँइञ्च (आपस्तम्बधर्म–सूत्र २।६।२।१५, गौतमधर्म.३।१०।३८ इत्यादि)। ऐले पनि भूमण्डलमा धनवान्हरुले ब्राह्मणस्थानीय विधायकहरुलाइ र राजस्थानीय शासकहरुलाइ पनि काला धनले किनि राष्ट्रव्यवस्था–समाजव्यवस्था खल्बल्याएको र विकृत पारेको सुनिञ्च। शासन–प्रमुखले भ्रष्टाचारको समस्या विश्वव्यापि हो भनि आँफुले भ्रष्टाचार रोक्न नसकेकामा सफाइ लिन खोजेको पनि नसुनिएको हैन। अत्यन्त समृद्ध र विकसित मानिनि देशहरुका कोइ विधायक–मन्त्रि–प्रधानमन्त्रि–राष्ट्रपतिहरु पनि भ्रष्टाचारमा सल्लँग्न भएको कुरा बहुचर्चित छँदैछ। साधारण लोकको

एस्तो स्वभावलाइ ध्यानमा राख्ता मनुस्मृतिको र शान्तिपर्वको उक्त कुरा युक्तिरहित र अनुचित भन्न गारै पर्ला । धनको दुरुपयोग हुनि सम्भावना भएमा समानन्यायले द्विजातिहरुकै पनि धनसञ्चयमा समुचित नियमन गर्नु वेदादिशास्त्रसम्मत र उचितै कुरा देखिञ्च । वर्ण-जातिको भेदभाव नगरि "मूलहर–तादात्त्विक–कदर्यांश् च प्रतिषेधयेत्" भन्नि कौटल्यले (२।९) वैदिक धनव्यवस्थाको आदर्श बुजेरै बोलेको मात्र पर्ला । उक्त विवेचनबड वैदिक धर्मव्यवस्था निर्बुद्धि–निर्बल–निर्धन–निमुखा–लाटा–सुदाहरुलाइ ठग्नि जाल हैन भन्नि कुरा स्पष्टै देखिञ्च ।

ब्राह्मणहरु पनि धनिवलिका दुनो सोज्याउनि उपकरण हैनन्

विद्वान् ब्राह्मणलाइ शास्त्रले देवताका कोटिमा राखेकाले; (मा. वा. शतपथ. १३।१।५।२, २।२।२।६, २।४।३।१४ १२।४।४।५), "राजा सर्वस्येष्टे ब्राह्मणवर्जम्" (गौतमधर्म. २।२।१) भनि उनिहरुको स्वातन्त्र्य देखाएकाले; "धर्मस्य ब्राह्मणो मूलम्" (मनु. ११।९३, शान्तिपर्व ९०।२१) इत्यादि भनि धर्मको मूल उद्गमस्थानका रूपमा ब्राह्मणलाइ नै शास्त्रले मानेकाले; "दश सूनासहस्राणि यो वाहयति सौनिकः । तेन तुल्यस् स्मृतो राजा घोरस् तस्य प्रतिग्रहः ।। यो राज्ञः प्रतिगृह्णाति लुब्धस्योच्छास्त्रवर्तिनः । स पर्यायेण यातीमान् नरकानेकविंशतिम् ।। तामिस्रमन्धतामिस्रम् महारौरवरौरवौ । नरकञ्च कालसूत्रञ्च महानरकमेव च ।। सञ्जीवनम् महावीचिन् तपनं सम्प्रतापनम् । संहातञ्च सकाकोलञ्च कुड्मलम् प्रतिमूर्तिकम् ।। लोहशङ्कुमृजीषञ्च पन्थानं शाल्मलिन् नदीम् । असिपत्त्रवनञ्चैव लोहदारकमेव च ।। एतद् विदन्तो विद्वांसो ब्राह्मणा ब्रह्मवादिनः । न राज्ञः प्रतिगृह्णन्ति प्रेत्यश्रेयोऽभिकाङ्क्षिणः" (मनु. ४।८६–९१) "यो राज्ञः प्रतिगृह्यैव शोचितव्ये प्रहृष्यति । न जानाति किलात्मानव् विष्ठाकूपे निपातितम्" (बाधूलस्मृति, श्लो. १६३); "राजान्नन् तेज आदत्ते शूद्रान्नम् ब्रह्मवर्चसम् ।" (मनु. ४।२१८) "राजप्रतिग्रहो घोरो मद्ध्वास्स्वादो विषोपमः । पुत्त्रमांसव् वरम् भोक्तुन् न तु राजप्रतिग्रहम्" (सव्वर्तवचन, पराशर-माध. १८७ पृ.) "राजप्रतिग्रहात् सर्वम् ब्रह्मवर्चसमेव च । नश्यतीति न सन्देह इत्याह भगवान् यमः ।। राज्ञाम् प्रतिग्रहस्त्याज्यो लोकत्त्रयजिगीषुभिः । राज्ञः प्रतिग्रहाच्चैव ब्राह्मण्यं हि विलुप्यते ।। गावो दूरप्रचारेण हिरण्यल् लोभलिप्सया । स्त्री विनश्यति गर्भेण ब्राह्मणो राजसेवया" (बृहद्यमस्मृति ४।५८–६०); "तस्मान् न

ब्राह्मणः सर्व्वस्येव क्षत्रियस्य पुरोधाश्च कामयेत संहतौ सृजेते सुकृतञ्च दुष्कृतञ्च" (मा. वा. शत. ४।१।४।५) "कामं स्थाणुवदासीत शुष्यन् परिगतः क्षुधा। नत्वेवाऽऽत्मसम्पन्नाद् वृत्तिमीहेत पण्डितः" (वैदिकनीति-वचन, सुभाषितावलि ३२०९) "अमरोधेन भूतानाव्ँ वृत्तिल्ँ लिप्सेत वै द्विजः। सद्भ्य आगतविज्ञानश् शिष्टश् शास्त्रविचक्षणः" (शान्ति. २३५।४); "ऋषयस्ते महाभागाः प्रजास्त्वेव हि जाजले। भ्रूणहन् नहुषन् त्वाहुर् न ते होष्यामहे हविः" (शान्तिपर्व २६२।५०) इत्यादि भनि जस्तापाइ धनिबलिहरुबड केइ पाँउनि आशामा नझुन्निन र जस्तापाइ व्यक्तिको उत्कृत भै इसको वशव्ँवद हुनबड वचन समेत शास्त्र ब्राह्मणहरुलाइ सावधान गर्न प्रवृत्त देखिञ्च। एस सम्बन्धमा छान्दोग्योपनिषद्मा (५।११।५) अश्वपति कैकेयको 'न मे स्तेनो जनपदे' इत्यादि उक्ति पनि मननीय छ। अधर्म्य पक्षमा लाग्नि ब्राह्मणहरुलाइ त "तथैव पृथिवीन्ँ लब्ध्वा ब्राह्मणा वेदपारगाः। संश्रिता दानवानाव्ँ वै साह्यार्थन् दर्पमोहिताः॥ सालावृका इति ख्यातास् त्रिषु लोकेषु भारत। अष्टाशीतिस् सहस्राणि ते चाऽपि त्रिदुर्धर् हताः॥ धर्मव्युच्छित्तिमिच्छन्तो येऽधर्मस्य प्रवर्तकाः। हन्तव्यास् ते दुरात्मानो देवैर् दैत्या इवोल्बणाः" (शान्तिपर्व ३३।२८-३०; द्रष्टव्य आत्रेय-तैत्तिरीयसंहिता ६.२.७.५; ऐ ब्रा. ३५।२, कौषीतकि-ब्राह्मणोपनिषद् ३।१) इत्यादि भनि अत्यन्तै निन्दा गरिया देखिञ्च। शास्त्रीय स्थिति एस्तो हुँदाहुँदै धर्माधर्मको विचार नगरि कुनै ब्राह्मण जस्तापाइ धनिबलिहरुका ओरिपोरि घुमि तिनैका अन्याय-दम्भ-वञ्चना-र-शोषणका उपकरण बनि मनमा तिनैको त्रास र आस बोकि रसिलो गास खानि लालच लिएर सेवा-चाकरि गरेर झरेको बकस खाइ जीवनयात्रा चलाउन रमाँउचन् भने त्यो तिनको व्यक्तिगत दुर्बलता (कम्जोरि) देखिञ्च, वैदिक धर्मले ब्राह्मणले तेसो गर्नु भनेको ठम्दैन; ब्राह्मणले राजाको बल बडाउनु भनेको पनि धर्मपरायण राजाको धर्मस्थापन गर्नि बल नै बडाउनु भनेको हो भन्नि कुरा शास्त्रप्रकरणपर्यालोचनबड बुजिञ्च। वैदिक धर्ममा त ब्राह्मण जल-वायु-सूर्य-जस्तै सबैको समानरूपमा उपकारक, त्याग-तपस्या-ज्ञान-सन्तोष-धर्म-परायण, सबैको विश्वासपात्र, समदर्शि, कसैको वशमा नपर्नि, दीनानुग्राहक हुन पर्नि विधान गरिएको देखिञ्च; जस्तै- "यन्ति वा आप एत्यादित्य एति चन्द्रमा यन्ति नक्षत्रराणि यथा ह वा एना देवता नेयुर्न्नकुर्य्युरेवं हैव तदहर् ब्राह्मणो भवति यदहः स्वाद्ध्यायन् नाऽधीते तस्मात् तस्वाद्ध्यायोऽ

द्ध्येतव्यः" (मा. वा. शतपथ. ११।५।७।१०); "चतुष्पात् सकलो धर्मो ब्राह्मणस्य विधीयते" (शान्ति. ३५।३३); "षट्कर्मसम्प्रवृत्तस्य आश्श्रमेषु चतुर्ष्वपि। सर्वधर्मोपपन्नस्य सर्व्वावृतस्य कृतात्मनः ॥ ब्राह्मणस्य विशुद्धस्य तपस्यभिरतस्य च। निराशिषो वदान्यस्य लोका ह्यक्षरसम्मिताः" (तीँ ६२।६,७); "ब्रह्मज्ञानप्रतिष्ठं हि तन् देवा ब्राह्मणवँ् विदुः। शब्दब्रह्मणि निष्णातम् परे च कृतनिश्चयम् ॥ अन्तस्थश्च बहिष्ठश्च साधियज्ञाधिदैवतम् । ज्ञानान्विता हि पश्यन्ति ते देवास् तात ते द्विजाः" (तीँ २३७।२२,२३); "धृतिमानप्रमत्तश्च दान्तो धर्मविदात्मवान्। वीतहर्षमदक्रोधो ब्राह्मणो नावसीदति" (तीँ २३५।६,२९); "एतद् वै जन्मसामर्थ्यम् ब्राह्मणस्य विशेषतः। आत्मज्ञानं शमश्चैव पर्याप्तन् तत्परायणम्" (तीँ २४९।१०) "तपो यज्ञस् तथा विद्या भैक्ष्यमिन्द्रियसयँ्यमः। ध्यानमेकान्तशीलत्वन् तुष्टिर् ज्ञानञ्च शक्तितः। ब्राह्मणानाम् महाराज चेष्टा संसिद्धिकारिका" (तीँ २३।८,९); "यथोक्तान्यपि कर्माणि परिहाय द्विजोत्तमः। आत्मज्ञाने शमे च स्याद् वेदाभ्यासे च यत्नवान् ॥ एतद् धि जन्मसाफल्यम् ब्राह्मणस्य विशेषतः। प्राप्य्यैतत् कृतकृत्यो हि द्विजो भवति नान्यथा" (मनु. १२।९२,९३); "आपश् शुद्धा भूमिगताश् शुचिर् नारी पतिव्रता। शुचिर् धर्मपरो राजा सन्तुष्टो ब्राह्मणश् शुचिः" (पराशरमाधवीय, प्रायश्चित्तकाण्ड, १४५ पृ.) "असन्तुष्टस्य विप्रस्य तेजो विद्या तपो यशः। स्रवन्तीन्द्रियलौल्येन ज्ञानञ् चैवाऽवकीर्यते ॥ पण्डिता बहवो राजन् बहुज्ञास् संशयच्छिदः। सदसस्पतयोऽप्येके असन्तोषात् पतन्त्यधः" (भागवत ७।१५।१९,२१); "सन्तोषम् परमास्थाय सुखार्थी सयँ्यतो भवेत्। सन्तोषमूलं हि सुखन् दुःखमूलवँ् विपर्ययः" (मनु. ४।१२); "यदृच्छालाभतुष्टस्य तेजो विप्रस्य वर्धते। तत् प्रशाम्यत्यसन्तोषादम्भसेवाऽऽशुशुक्षणिः" (भागवत ८।१९।२६); "सर्वभूतेषु धर्मज्ञ मैत्रो ब्राह्मण उच्यते" (आदिपर्व २१७।५) "मित्रता सर्वभूतेषु दानमद्ध्ययनन् तपः। ब्राह्मणस्यैव धर्मस् स्यान् न राज्ञो राजसत्तम" (शान्ति. १४।१५); "विधाता शासिता वक्ता मैत्रो ब्राह्मण उच्यते" (मनु. ११।३५); "त्रैलोक्यस्यैव हेतुर् हि मर्यादा शाश्वती ध्रुवा। ब्राह्मणो नाम भगवान् जन्मप्रभृति पूज्यते" (शान्ति. २६९।२१) "ब्राह्मणस् सम्भवेनैव देवानामपि दैवतम्। प्रमाणञ्चैव लोकस्य ब्रह्माऽत्वैव हि कारणम्" (मनु. ११।८४); "व्यवस्थापयति विक्षप्रमिमलँ् लोकन् नरेश्वर। सत्ये व्यवस्थितो धर्मो ब्राह्मणेष्ववतिष्टते" (शान्ति.

१२१।३); "ब्राह्मणाः कस्य वक्तव्याः कस्य वा छन्दचारिणः । गुणैनैव हि वत्स्यन्ति कामगाः पक्षिणो यथा" (आदिपर्व १६६।११); "यद्यत् परवशञ्च कर्म तत्तद् यत्नेन वर्जयेत् । यद्यदात्मवशन् तु स्यात् तत्तत् सेवेत यत्नतः" (मनु ४।१५६); "ब्राह्मणस् समदृक् शान्तो दीनानां समुपेक्षकः । स्रवते ब्रह्म तस्याऽपि भिन्नभाण्डात् पयो यथा" (भागवत ४।१४।४१) इत्यादि । विकर्मकारि भएमा त ब्राह्मण पनि अमान्यै हुनि कुरा वैदिक परम्परामा स्वीकृत छ; जस्तै "यो विकर्म-स्थितो विप्रो न स सन्मानमर्हति । कर्म स्वन् नोपयुञ्जानमविश्वास्यं हि तवँ विदुः" (शान्ति ६५।११) इत्यादि ।

वैदिक धर्म धर्म्य समृद्धिको र उपभोगको विरोधि छैन

वैदिक धर्म भौतिक उपभोग्य वस्तुहरुको समृद्धिको विरोधि देखिँदैन, अधर्म्य उपायले उपभोग्य वस्तुहरुको सङ्ग्रह गर्नि कुराको मात्रै विरोधि देखिञ्च । ऋषिहरु पनि धनवान् हुन सक्चन् भन्नि कुरा ऋग्वेदको "न पापासो मनामहे नाऽरायासो न जल्हवः" भन्नि (८।६१।११) भनाइले र तैसको "न पापा मन्यामहे नाऽधना न ज्वलनेन हीनाः, अस्त्यस्मासु ब्रह्मचर्यमद्ध्ययनन् तपो दानकर्मेत्यृषिरवोचत्" भन्नि यास्कको व्याख्याले (निरुक्त ६।५।३) स्पष्ट गरेको छ । "तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्य स्विद् धनम्" (मा. वा. शु. य. वे. मन्त्र-संहिता ४०।१) भनि अनासक्तिपूर्वक भोग गर्नु भन्नि कुरा र आर्काका धनमा लोभ नगर्नु भन्नि कुरा मात्रै वेदमा गरिएको देखिञ्च; भोगै नगर्नु भन्नि वा धर्म्य न्याय्य धन पनि नजोर्नु भन्नि कुरा गरिएको छैन । छान्दोग्योपनिषद्मा "प्राचीनशाल औपमन्यवः सत्ययज्ञः पौलुषिरिन्द्रद्युम्नो भाल्लवेयो जनः शार्कराक्ष्यो बुडिल आश्वतराश्विस् ते हैते महाशाला महाश्रोत्रियाः समेत्य मीमांसाञ्चक्रुः को नु आत्मा किम् ब्रह्मेति" (५।११।१) भन्नि उल्लेखले पनि ठुला वैदिक विद्वान् ब्राह्मणहरुका पनि ठुला घर पनि हुन सक्चन् भन्नि देखाएको छ । ब्राह्मण निर्वर्त्य वैदिक-यज्ञप्रक्रियाले पनि प्रशस्त धनको अपेक्षा राख्च । वैदिक आशीःप्रार्थनामा पनि धनको प्रार्थना प्रमुख देखिञ्च । "मा स्म ते ब्राह्मणन् दृष्ट्वा धनस्थम् प्रचलेन् मनः । अन्त्यायामप्यवस्था-याञ्च किमु स्फीतस्य भारत" भन्नि महाभारतका (शान्ति. ७१।२२) उक्तिले पनि ब्राह्मणहरु पनि राजालाइ पनि ईर्ष्या लाग्नि गरेर प्रशस्त धनवान् हुन सक्ने कुरा देखाएको छ । "ब्राह्मे मुहूर्ते बुद्ध्येत

धर्मार्थौ चाऽनुचिन्तयेत्" (मनु. ४।९२) तथा "परित्यजेदर्थकामौ यौ स्यातान् धर्मवर्जितौ" (४।१७६) भनि मनुले, "ब्राह्मे मुहूर्ते उत्थाय चिन्तयेदात्मनो हितम्। धर्मार्थकामान् स्वे काले यथाशक्ति न हापयेत्" भनि याज्ञवल्क्यले (१।११५) र "येऽर्था धर्मेण ते सत्त्या येऽधर्मेण धिगस्तु तान्। धर्मवँ वै शाश्वतलँ लोके न जह्याद् धनकाङ्क्षया" (शान्ति. २९२।१९), "धर्मादपेतयँ यत् कर्म यद्यपि स्यान् महाफलम्। न तत् सेवेत मेधावी न तद् हितमिहोच्यते" (तीँ २९३।८) "धर्मार्थिकामास् सममेव सेव्या यो ह्येकभक्तस् स जनो जघन्यः" (शान्ति १६७।४०); "धर्मो नाम गुणश् श्रेष्ठो मद्ध्यमो ह्यर्थ उच्यते। कामो यवीयानिति च प्रवदन्ति मनीषिणः" (शान्ति. १६७।८) इत्यादि भनि महाभारतले पनि धर्माऽविरोधि अर्थको आर्जन गर्न प्रेरणा गरेको देखिन्छ। मनुस्मृतिमा धर्मानुकूल अर्थागमहरु "सप्त वित्तागमा धर्म्या दायो लाभः क्रयो जयः। प्रयोगः कर्मयोगश्च सत्प्रतिग्रह एव च" (१०।११५) भनि गनिएका छन्। "वार्तामूलो ह्ययलँ लोकः" भनि (शान्ति. ६८।३५) महाभारतले पनि लोकयात्राका लागि कृषि-वाणिज्य-उद्द्योगधन्नाहरुको परमावश्यकता देखाएकै छ। "अक्षैर्मा दीव्यः कृषिमित् कृषस्व वित्ते रमस्व बहु मन्यमानः। तत्र गावः कितव तत्र जाया तन्मे विचष्टे सवितायमर्यः" (१०।३४।१३) भनि ऋग्वेदमा पनि कृषिको र धनको माहात्म्य देखाएकै छ। उति कति वैदिक परम्परामा अर्थोपार्जन-सम्बन्धि-समेत सबै कुरा धर्मबड निर्दिष्ट र व्यवस्थित हुनपर्छ भनिएको छ र धर्म्य तथा न्याय्य वृत्तिमा र उपभोगमा जोड दिएको छ; "न रेवता पणिना सख्यमिन्द्रः" (शा. ऋ. वे. ४।२५।७) "न्यायोपार्जित-वित्तेन कर्तव्यं ह्यात्मरक्षणम्। अन्यायेन तु यो जीवेत् सर्वकर्मबहिष्कृतः" (पराशरस्मृति १२।४५); "अद्द्रोहेणैव भूतानामल्पद्द्रोहेण वा पुनः। या वृत्तिस् स परो धर्मस् तेन जीवामि जाजले" (शान्ति. २६२।६); "कणञ्ज कदाचित् खादामि पिण्याकमपि च ग्रसे। भक्षये शालिमांसानि भक्षांश् चोच्चावचान् पुनः॥ शये कदाचित् पर्यङ्के भूमावपि पुनश् शये। प्रासादे चाऽपि मे शय्या कदाचिदुपपद्यते॥ धारयामि च चीराणि शाणक्षौमाऽजिनानि च। महार्हाणि च वासांसि धारयाम्यहमेकदा॥ न सन्निपतितन् धर्म्यमुपभोगयँ यदृच्छया। प्रत्याचक्षे न चाऽप्येनमनुरुद्ध्ये सुदुर्लभम्" (तीँ १७९।२१-२४); "अप्रयत्नागतास् सेव्या गृहस्थैर् विषयाः सदा। प्रयत्नेनोपगम्यश्च स्वधर्म इति मे मतिः" (तीँ २९५।३५); "न्याया-

गतन् धनञ्चैव न्यायेनैव विवर्धितम् । संरक्षयँ यत्नमास्थाय धर्मार्थ-मिति निश्चयः" (तौ २९२।४); "यत् सुखं सेवमानोऽपि धर्मार्थाभ्यान् न हीयते । कामन् तदुपसेवेत न मूढव्रतमाचरेत्" (उद्योगपर्व ३९।६१); "त्रिवर्गन् नाऽतिकृच्छ्रेण भजेत गृहमेद्ध्यपि । यथादेशयँ यथाकालयँ यावद्दैवोपपादितम्" (भागवत ७।१४।१०) इत्यादि ।

वैदिक धर्म सर्वथा भाग्यवादि र पौरखको विरोधि छैन

साधारणतया सबै धर्महरुले र विशेष गरि वैदिकधर्मले व्यक्ति-हरुलाइ भाग्यवादि बनाइ लाटा–सुदा–निर्धन–निर्बलहरुलाइ आँपनु शोषित पीडित दीन हीन अवस्थाका निम्ति भाग्यलाइ दोष दिइ सन्तुष्ट रअन प्रेरित गरि धनि–बलि–टाठा–बाठा–शोषकहरुको सुखसएललाइ निर्विघ्न बनाउन भूमिका खेलेको भन्नि कुरा पनि नवीन विचारकहरु उठाउँचन् । किन्तु 'न ऋते श्रान्तस्य सख्याय देवाः' (ऋ. ४।३३।११) 'कुर्वन्नेवेह कर्म्माणि जिजीविषेच् छतं समाः' (मा. वा. शु. य. ४०।२), 'तद् (अमृतम्) अद्द्यापि यजमानः श्रमेण तपसाऽन्विच्छति' (मा. वा. शतपथ. ९।५।१।८) 'नाऽश्रान्ताय श्रीरस्ति', 'कलिः शयानो भवति', 'चरन् वै मधु विन्दति', 'चरैवं' (ऐतरेयब्राह्मण ३३।३), 'नात्मानमव-मन्येत पूर्वाभिरसमृद्धिभिः । आ मृत्योः श्रियमन्विच्छेन् नैनाम् मन्येत दुर्लभाम्' (मनु. ४।१३७), "दैवमात्मकृतवँ विद्द्यात् कर्म यत् पौर्व-देहिकम् । स्मृतः पुरुषकारस्तु क्रियते यदिहाऽपरम्" (चरक. विमान. ३।३४), "दैवे पुरुषकारे च कार्यसिद्धिर्व्यवस्थिता" (याज्ञवल्क्यस्मृति १।१४९–१५१), 'शुभाऽशुभाभ्याम् मार्गाभ्यावँ वहन्ती वासनासरित् । पौरुषेण प्रयत्नेन योजनीया शुभे पथि' (मुक्तिकोपनिषद् २।६); 'यश्च दैवपरो लोके यश्चाऽपि हठवादिकः । उभावपि शठावेतौ कर्मबुद्धिः प्रशस्यते' (महाभारत, वन. ३२।१३), 'अल्पश्च सारभूयिष्ठयँ यत् कर्मोदारमेव तत् । कृतमेवाऽकृताच् श्रेयो न पापीयोऽस्त्यकर्मणः' (शान्ति-पर्व ७५।२९) इत्यादि वचनको विचार गर्दा र धर्ममीमांसामा 'दृष्टले उपपन्न हुन सक्ने कुरामा अदृष्टको कल्पना नगर्नि' भन्नि न्याय नै स्वीकृत भएको देखिँदा वैदिकधर्मलाइ सर्वथा भाग्यवादि र पौरखको विरोधि मान्न सकिँदैन । वैदिक धर्ममा र परम्परामा जुन परि-स्थितिका लागि लौकिक कारण केइ दिन सकिँदैन तेसै परिस्थितिलाइ मत्रै भाग्यको फल मानिन्छ । दैवले पार्न लागेका कतिपय कुरालाइ तीव्र पुरुषार्थले अन्यथा गर्न पनि सकिन्छ भन्नि पनि वैदिक परम्प-रामा मान्यता रैआएको देखिन्छ । हितोपदेशको प्रस्ताविकाको सम्म

अद्ध्ययन गरेपनि वैदिक परम्परामा पौरखको–महत्त्व–स्वीकार–गरिएको कुरा स्पष्ट बुजिन्छ । एस स्थितिमा वैदिक धर्मलाइ उक्त प्रकारले हेर्नु वस्तुस्थितिको अनुकूल देखिँदैन ।

भारतवर्षमा वैदिक धर्मको रक्षाको आवश्यकता

उपर्युक्त विवेचनबड वैदिक सनातन वर्णाश्रमधर्म साधारणतया सबै लोकको कल्याण गर्नि देखिएकाले र एसको भारतवर्षसित विशेष सम्बन्ध देखिएकाले पनि भारतवर्षमा एसको विशेष रूपमा रक्षा हुन पर्नि कुरा स्पष्ट हुन आउँछ । नेपाल पनि भारतवर्षभित्रै पर्नि हुनाले र घोषित हिन्दुराज्य समेत हुनाले नेपालमा पनि वैदिक सनातन वर्णाश्रमधर्मको परम्परा बचाउनमा विशेष जोड दिनपर्नि कुरा स्पष्ट हुन्छ ।

वैदिक धर्ममा विभिन्न पक्षबड आघात

वैदिक धर्ममा विभिन्न पक्षबड समयसमयमा आघातहरु पर्दै आएका र परिरएका देखिन्छन् । तिनको सङ्क्षिप्त उल्लेख तल गरिएको छ ।

(१) दम्भका लागि (भित्र धार्मिक मनोवृत्ति नभै देखाउनका लागि र ठग्नका लागि) धर्माचरणको प्रदर्शन गर्निगरिँदै आको र तेसबड धर्मविचारको प्रसारमा आघात पर्नि गरेको कुरा महाभारतादिका उक्तिबड बुजिन्छ; जस्तै– "अन्तःक्रूरा वाङ्मधुराः कूपाश् छन्नास् तृणैरिव । धर्मवैतंसिकाः क्षुद्रा मुष्णन्ति ध्वजिनो जगत् ।। कुर्वंते च बहून् मार्गास् तान् हेतुबलमाश्रिताः। सताम् मार्गान् विलुम्पन्ति लोभज्ञानेष्ववस्थिताः" (शान्ति. १५८।१८–१९); लोभमोहाभिभूतस्य रागद्वेषान्वितस्य च । न धर्मे जायते बुद्धिर् व्याजाद् धर्मञ्च करोति च" (तौ २७३।६); "विधर्मः परधर्मश्च आभास उपमा छलः । अधर्मशाखाः पञ्चेमा धर्मज्ञोऽधर्मवत् त्यजेत् ।। धर्मबाधो विधर्मस् स्यात् परधर्मोऽन्यचोदितः । उपधर्मस् तु पाखण्डो दम्भो वा शब्दभिच् छलः ।। यस्त्विच्छया कृतः पुम्भिराभासो ह्याश्रमात् पृथक् । स्वभावविहितो धर्मः कस्य नेष्टः प्रशान्तये" (भागवत ७।१५।१२–१४); "मौनव्रतश्रुततपोऽध्ययनस्वधर्म–व्याख्यारहोजपसमाधय आपवर्ग्याः । प्रायः परम् पुरुष ते त्वजितेन्द्रियाणाव् वार्ता भवन्त्युत न वाऽत्र तु दाम्भिकानाम्" (तौ ७।९।४६); "धर्मस्य विक्रयमाणस्य बलवद्भिर् दुरात्मभिः । याया विक्रियते संस्था ततः साऽपि प्रणश्यति" (शान्तिपर्व २६०।१०); "कामादन्येच्छया चान्ये कारणैरपरैस्तथा । असन्तोऽपि वृथाऽऽचारम्

भजन्ते बहवोऽपरे ।। धर्मो भवति स विक्षप्रम् प्रलापस्त्वेव साधुषु । अथैतानाहुरुन्मत्तानपि चाऽ बहसन्त्युत" (तौं २६०.१५–१६) इत्यादि । धर्मलाइ लाटा-सुदालाइ बञ्चकाइन, ठग्न र अन्याय्य रूपले आँपनु मत्त्रै दुनो सोज्याउन प्रयोगगर्दा धर्ममा लोकको श्रद्धा घट्नु र धर्ममा आघात पर्नु स्वाभाविक कुरा हुञ्च ।

(२) भजनकीर्तनका, कथा-प्रवचनका, अवैदिक यजन–पूजनका र वर्धमान जिनका वा शाक्यसिंह बुद्धका जस्ता एकोहोरा अद्ध्यात्म-ज्ञानका प्रचारक तथाकथित सन्त–महात्माहरुका र पौराणिक व्रत उपवास पुजाआँचा दानपुण्य तीर्थयात्रा इत्यादिको मत्त्रै चर्चा–उपदेश गर्नि गुरुपुरेतका चरित्रबड र क्रियाकलापबड पनि लोकमा धर्माधर्मविवेक हराउँदै जानाले वेदाद्ध्ययनादि–वैदिक–वर्णाश्रम–धर्मानुसरणमा आघात पर्दै आको देखिञ्च ।

(३) वैदिक–धर्मानुयायिका परम्परामा जन्मेका व्यक्तिहरुको वैदिक धर्मको अज्ञानले र अविवेकले तथा वैदिक धर्ममा अडेर अब जीवनयात्रा चलाउनै सकिँदैन भन्नि भावनाले पनि वैदिकधर्म–विचारमा आघात पुगेको देखिञ्च । आँपनै घरमा भात खाइ नजिकैको विद्यालयमा पड्न जानि द्विजाति–बटुकहरुलाइ पनि घरमा पनि द्विजातिका शिखा–सूत्त्र–स्नान– सन्ध्या–भक्ष्याऽभक्ष्यादिका नियममा अडिन प्रेरणा नगरि-एको देखिएबड यो कुरा स्पष्ट हुञ्च ।

(४) वैदिक धर्मका अनुयायिका परम्परामा जन्मेका व्यक्तिहरुको राम्त्रै जीवनयात्रा चल्दाचल्दै पनि अधिक धन–मानको र भौतिक सुख–सुविधाको लिप्सा–(लोभ–)ले गर्दा तिनिहरु चरित्रभ्रष्ट हुन जाँदा पनि वैदिक धर्ममा आघात पर्न गएको अनुभव हुञ्च । विद्वान्मा र सदाचारिमा गनिएका व्यक्तिहरुले पनि आँपना सन्ततिलाइ आँपनु विद्या–धर्मको परम्पराबड विमुख गराइ अर्थकाम–परायणता–तिर सोज्याएकाले अग्रपङ्क्तिका योद्धा भाग्दा सेनामा भागदौड मच्चिए जस्तै स्थिति वैदिकधर्मानुयायिहरुमा पनि उत्पन्न हुन गाको देखिञ्च ।

(५) ब्राह्मणादि वर्णहरुमा आत्मगौरवानुभूतिका ह्रासले र दास-मनोवृत्तिका विकासले पनि वैदिक धर्ममा आघात पर्न गएको बुजिञ्च ।

(६) नानाथरि विदेशिहरुले, पौराणिक कथाका हिरण्यकशिपुले र कंसका मन्त्रिहरुले "तावद् यात भुवयँ् यूयवँ् विप्रक्षत्त्रसमेधिताम् । सूदयद्ध्वन् तपोयज्ञस्स्वाद्ध्यायव्रतदानिनः ।। विष्णुर्द्विजक्रियामूलो यज्ञो धर्ममयः पुमान् । देवर्षिपितृभूतानान् धर्मस्य च परायणम् ।।

यत्रयत्र द्विजा गावो वेदा वर्णाश्रमाः क्रियाः । तन्तञ् जनपदयँ् यात सन्दीपयत वृश्चत" (भागवत ७।२।१०–१२); "मूलं हि विष्णुर्देवानायँ् यत्र धर्मस् सनातनः । तस्य च ब्रह्मगोविप्रास् तपो यज्ञास् सदक्षिणाः ।। तस्मात् सर्वात्मना राजन् ब्राह्मणान् ब्रह्मवादिनः । तपस्विनो यज्ञशीलान् गाश्च हन्मो हविर्दुघाः । विप्रा गावश्च वेदाश्च तपस् सत्त्यन् दमश् शमः । श्रद्धा दया तितिक्षा च क्रतवश्च हरेस् तनूः ।। स हि सर्वसुराद्ध्यक्षो ह्यसुरद्विड् गुहाशयः । तन्मूला देवतास् सर्वास् सेश्वरास् सचतुर्मुखाः । अयवँ् वै तद्वधोपायो यदृषीणावँ् विहिंसनम्" (तौँ १०।४।३६–४२) इत्यादि कार्यनिर्देशले र विचारले वैदिक धर्मका मूल ब्राह्मणहरुलाइ र ऋषिहरुलाइ समाप्त गर्न प्रयास गरेझैं नै, ब्राह्मणकुलमा जन्मेका समेत गनिएका वा प्रतिभाशालि व्यक्तिहरुलाइ विदेशमा लगि वेदाद्ध्ययनादि-स्वधर्मबड अत्यन्तै विमुख र अर्थकामपरायण भै भ्रष्ट बन्न प्रलोभन दिइ तथा वर्णाश्रममर्यादा तोड्न अनेक प्रकारले प्रोत्साहन गरि ब्राह्मणहरुलाइ सिद्ध्याइ वैदिकधर्मको जरो कुआइ वैदिक धर्मलाइ नष्ट गर्न प्रयास गरेको बुजिएको र एस विषयमा वैदिक–सनातन–वर्णाश्रमधर्मानुयायिहरुको राष्ट्रको अनुकूल राष्ट्रिय नीति केँइ केइ नभाको प्रतीत हुनाले तथा विभिन्न वर्गका र समुदायका व्यक्तिहरु वर्णाश्रम–मर्यादा–भङ्ग गर्न, जानेर वा नजानेर, प्रवृत्त भाकाले पनि वैदिक धर्ममा ठुलोऽऽऽ आघात पर्न गाको देखिञ्च ।

(७) ऐले भारतवर्षमा प्राशासनिक र सामाजिक वातावरण वैदिक धर्मको पालनको अत्यन्त प्रतिकूल हुँदै जानाले अवशिष्ट कतिपय धर्मशील व्यक्तिहरु पनि स्वधर्मपालन गर्नमा र आँफना सन्तानलाइ स्वधर्ममा वास्तविक रूपमाँ दीक्षित गर्नमा अत्यन्तै असमर्थ हुनि खण्ड परेको देखिञ्च । एसबड वैदिक धर्मको जरै उखेलिनि र बिउ नै भुटिनि गरेर वैदिक धर्ममा आघात पर्न थालेको देखिञ्च । अष्ट्रेलियामा आदिवासिहरुको उच्छेद गर्न 'ह्वाइट् ल'–ले खेलेको इतिहासमा चर्चित भूमिका जस्तै भूमिका भारतवर्षमा वर्णाश्रमधर्मिहरुको उच्छेद गर्न वर्तमान प्राशासनिक व्यवस्थाले खेल्न लागेको प्रतीत हुञ्च ।

वैदिक धर्मको रक्षाको उपाय

(१) वैदिक धर्मको रक्षाका लागि वैदिकधर्मानुयायि मनीषिहरु नै अगि सर्नु र उनिहरुले स्वधर्मरक्षाका लागि अद्ध्ययन–चिन्तन–मनन–निर्णय–मार्गनिर्देश गर्नि र निर्दिष्ट मार्गको आँफुले पनि अनुसरण गर्नि दृढ निश्चय गर्नु र तदनुसार खट्नु आवश्यक देखिञ्च ।

(२) आफ्नु थलो र उर्वर समतल भूमि छोडि स्वधर्ममै बाँच्नि र स्वधर्ममै मोर्नि निश्चय गरि हिमालयका प्रत्यन्तपर्वतका अधित्यकाहरुमा उक्लेका र त्याहाँका रैथानेहरुसित आफ्ना विद्या–बुद्धि–स्वभावले र मैत्र भावनाले गर्दा मधुर सह–अस्तित्व स्थापित गरि स्वधर्ममा रमाएर जीवनयात्रा चलाउँदै आएका नेपालि ब्राह्मणादिले आफ्नु पुर्खेउलि सम्झि वैदिक धर्मको बिउ मत्रै भए पनि जोगाउन विशेष प्रयास गर्नु परमावश्यक देखिञ्च ।

(३) मनीषि ब्राह्मणहरुले गुरुको गुरुतर भार बोक्न तत्पर र समर्थ हुन अति आवश्यक हुन आएको देखिञ्च । "तानाचार्योपदेशो दण्डश्च पालयते" (२।२।३१) भनि गौतमधर्मसूत्रकारले समाजलाइ व्यवस्थित र समुन्नत बनाउनमा गुरुको र राष्ट्रप्रमुखको अत्यन्त-महत्त्वपूर्ण भूमिका रअनि कुरा हाम्रा परम्परामा मानिएको कुरा स्पष्ट गरेका छन् । तेसमा पनि गुरुले आफ्ना सम्पर्कमा आउनि मनुष्यको हृदय माजि तेसमा सुसंस्कारहरु र धर्मविचार भोरेर मनुष्यलाइ स्वराष्ट्रगौरव बचाउन–बडाउनका लागि र मनुष्यचोला सफल बनाउनका लागि समेत योग्य बनाउन पनि हुँदा गुरुको उत्तरदायित्व अत्यन्त गहन देखिञ्च । तेसका लागि पहिलेइ गुरुले आफुलाइ नै वेद–वेदाङ्ग–स्मृति–पुराणहरुको गम्भीर अद्ध्ययनले र त्याग-तपस्या–स्वधर्माऽनुसरणादिले योग्य बनाउन आवश्यक देखिञ्च ।

(४) वैदिकपरम्पराको रक्षाका लागि र तेसबड लाभ प्राप्त गर्नका लागि वेदैले उपाय पनि देखाएको छ । त्यहाँ "ऋणं ह वै जायते योऽस्ति । स जायमान एव देवेभ्य ऋषिभ्यः पितृभ्यो मनुष्येभ्यः" (मा. वा. शतपथ १।७।२।१; तै सं. ६।३।१०।५) इत्यादि भनिएको छ । अर्थात् जन्मदैमा मनुष्य देवता ऋषि पितृ र मनुष्य प्रति ऋणि भएरै जन्मञ्च र त्यो ऋण चुकाउन उसले केवल अर्थकामपरक क्रियाकलापमा नलागि वेदादि शास्त्रको अद्ध्ययन, धर्म्यप्रजोत्पादन, अतिथिसत्कार (दोसरप्रति आफ्नु कर्तव्यको पालन) र यजन गर्नपर्छ भन्नि वेदको भनाइ हो । धर्मसूत्रकार वसिष्ठले पनि "युक्तस् स्वाद्ध्याये प्रजनने यज्ञे च" (८।११) भनि सो व्यवस्था देखाएका छन् ।

वेदवेदाङ्गादि शास्त्रको गम्भीर अद्ध्ययन र मनन नगरिकन वैदिक धर्मको गम्भीरता, महत्ता र सर्वकल्याणकारिता बुझ्न नसकिनि र नबुझेका कुरामा दृढ आस्था र निष्कम्प प्रवृत्ति हुन नसक्नि हुँदा वेद-वेदाङ्गको अद्ध्ययनमा जोड दिँदै 'स्वाद्ध्यायोऽद्ध्येतव्यः"(स्वशाखावेद

पङ्नपर्च) भनिएको छ (मा.वा.शत. ११।५।६।३) । तैत्तिरीयोपनिषद्ले "स्वाध्यायप्रवचने एवेति नाको मौद्गल्यः । तद् धि तपस् तद् धि तपः" (१।९) भनि "स्वाध्यायान् मा प्रमदः" (१।११।१) भनेर फेरि "स्वाध्यायप्रवचनाभ्यां न प्रमदितव्यम्" (तौ) भनि स्वाद्ध्याय।द्ध्ययनमा अत्यन्तै जोड दिएको छ । गौतम-धर्मसूत्रमा "श्रुतन्तु सर्वेभ्यो गरीयस् तन्मूलत्त्वाद् धर्मस्य, श्रुतेश्च" भनि (१।७।१९-२०) वेदार्थज्ञानमा जोड दिएको छ । द्विजातिका लागि वेदाद्ध्ययनार्थक उपनयन अनिवार्य मानिएको छ (पारस्करगृह्यसूत्र २।५।३९-४०) र वेदवेदाङ्गाद्ध्ययनको अनिवार्यतया विधान गरिएको छ (मनुस्मृति २।१६८) । वेदादिशास्त्राद्ध्ययनको महत्त्व "यथायथा हि पुरुषो निस्त्यं शास्त्रमवेक्षते । तथातथा विजानाति विज्ञानमथ रोचते ।। अविज्ञानादयोगो हि पुरुषस्योपजायते । विज्ञानादपि योगश्च योगो भूतिकरः परः" (शान्ति. १३०।१०,११; द्र. मनु. ४।२०) इत्यादि वचनले पनि स्पष्ट गरेका छन् ।

वेदादिशास्त्रको ज्ञान र तदनुकूल आचरणको परम्परा चलाइ कल्याणको मार्ग प्रशस्त गर्नका लागि नै वेदादिशास्त्रमा पवित्र सन्ततिका उत्पादनमा पनि सारै जोड दिएको छ । एस विषयमा ऐतरेय-ब्राह्मणमा "ऋणमस्मिन् सन्नयति अमृतत्वञ्च गच्छति । पिता पुत्रस्य जातस्य पश्येच्चेज् जीवतो मुखम्" (३३।४) भनिया छ । तेसको सायणले गरेको अर्थ 'जन्मेर राम्ररि बाँचिराको छोराको मुख देख्यो भने बाउले तेसमाँ आँफनु लौकिक ऋण र देवऋण ऋषिऋण पितृऋण पनि बिसाउँच; लौकिक-वैदिक-कार्यभार छोरामा बिसाएर निर्विघ्न रूपमा तत्त्वज्ञान गरेर अमृतपदमा पनि पुग्च' भन्नि हो । एस सम्बन्धमा कालिदासको "लोकान्तरसुखम् पुण्यन् तपोदानसमुद्भवम् । सन्ततिश् शुद्धवंश्या हि परत्रेह च शर्मणे" (रघुवंश १।६९) भन्नि भनाइ पनि मननीय छ ।

वैदिक-धर्माचरणको परम्परा चलाउनि समेत दृष्टिले नै बाउले छोरालाइ सुशिक्षा दिन र यज्ञिय तथा लोककल्याणकारि कर्ममा प्रवृत्त गराउन पनि व्यवस्था बाँदिया छ । एस विषयमा उपनिषद्मा "अथातः सम्प्रत्तिर् व्यदा प्रैष्यन्नुन्मन्यतेऽथ पुत्रमाह त्वम् ब्रह्मम त्वयँ यज्ञस् त्वलँ लोक इति, स पुत्रः प्रत्याहाऽहम् ब्रह्माऽहयँ यज्ञोऽहलँ लोक इति, यद्वै किञ्चाऽनूक्तन् तस्य सर्व्वस्य ब्रह्मेत्येकता ये वै के च यज्ञास् तेषायँ यज्ञ इत्येकता ये वै के च लोकास् तेषां सर्व्वेषालँ लोक इत्येकता, एतावद्वा इदं सर्व्वमेतन्मा सर्व्वं सन्नयमितोऽभुनजदिति तस्मात् त्वुत्तमनुशिष्टलँ लोक्वयमाहुस् तस्मादेनमनुशासति, स

यदैवंविदस्माल्लोकात्प्रैत्यथैभिरेव प्राणैः सह पुत्रमाविशति । स यदनेन किञ्चिदकृतम् भवति तस्मादेनं सर्व्वस्मात् पुत्रो मुञ्चति, तस्मात्पुत्रो नाम, स पुत्रेणैवास्मिंल्लोके प्रतितिष्ठत्यथैनमेते दैवाः प्राणा अमृता आविशन्ति" इत्यादि कुरा उल्लिखित छ (मा. वा. शतपथ. १४।४।३।२५–२६; का. बृहदारण्यको. १।५।१७) । एस वचनको शङ्करभगवत्पादले–गरे–अन्सार्को अर्थ– 'अब सम्प्रत्ति–नामको कर्म भनिन्छ । बाउ जँले आँपनु मरणको वेला आयो भण्ठान्छ तँले छोरालाइ भन्छ-तँ वेद होस्, तँ यज्ञ होस्, तँ लोक होस्; अर्थात् अब, मैले पढ्न पनि वेदादि शास्त्र पढ्नो, मैले गर्न पनि यज्ञ गर्नो, मैले मनुष्य–पितृ–देवलोकका लागि गर्न पनि कर्म गर्नि तँ होस् । अनि तेसो भनिएको छोरो भन्छ– मँ वेद हुम्, मँयज्ञ हुम्, मँ लोक हुम्; अर्थात् अब तँपैंले गर्न पनि वेदाद्ध्ययन–यजनादि कर्म गर्नि मँ हुम् । पढ्न पनि सबै शास्त्रलाइ ब्रह्म (वेद) भनेको हो, गर्न पनि सबै यज्ञहरुलाइ यज्ञ भनेको हो, मनुष्यलोकादि सबै लोकलाइ लोक भनेको हो । गृहस्थले गर्न पनि सबै एत्ति हो । सबै यो भार आँफुमा लएर छोराले मलाइ (बाउलाइ) एस कर्मबन्धनबड रक्षा गर्च भनि भनिन्छ । तेसै कारणले राम्म्रि शिक्षादिय्येको छोरालाइ मनुष्यलोकादि लोकहरुको विजयका लागि उपयोगि भन्छन् । तेसैले बाउहरु छोरालाइ शिक्षा दिन्छन् । जब एसरि कर्तव्यभार छोरामा बिसाएर मोर्च अनि बाउ सबै इन्द्रियद्वारा छोरामा नै पश्च । यदि भुलचुकले बाउले कुनै कर्तव्य पूर्ण गर्न सकेको रइन्छ भने पनि तेसबड छोराले बाउलाइ मुक्त गरिदिन्छ । तेसैले (बाउले गर्न पनि तर गर्न नसकेका कर्म पूर्ण गरेर बाउको त्राण गर्नि हुनाले) छोरालाइ पुत्र भनिया हो । बाउ छोरोद्वारा नै एस लोकमा प्रतिष्ठित हुन्छ । अनि तेसरि सम्पूर्ण भार छोरामा बिसाएका बाउमा दिव्य (हैरण्यगर्भ) इन्द्रियहरु पश्चन्' भन्नि हो । यो कुरा कौषीतकिब्राह्मणोपनिषद्मा (२।१०) पनि केइ भिन्न रूपमा प्रतिपादित छ । पुत्रादिलाइ स्वधर्ममा लाउनि बाउ नै ब्रह्मलोकको अधिकारि बन्नि कुरा छान्दोग्योपनिषद्मा पनि प्रतिपादित छ (८।१५।१) ।

पूर्णमासेष्टिप्रभृति वैदिक यागहरुमा "इदम् मे कर्म्मेदवं वीर्य्यम् पुत्रः (अमुकशर्म्मा) अनुसन्ततोतु" (मेरो एस कर्मलाइ छोरो फलानाले मपछि फैलाओस्) भनि यजमानले आशीःप्रार्थना गर्नि विधान गरेर (कात्त्यायनश्रौतसूत्र ३।८।२२)शास्त्रले यज्ञिय कर्ममा आँफुमत्रै प्रवृत्त हुनि हैन, छोरालाइ पनि प्रवृत्त गराउन पर्च भन्नि कुरा देखाइ वैदिक

धर्मको परम्पराको रक्षा गर्नि मार्ग देखाएको छ । आपस्तम्बधर्मसूत्रमा पनि 'अथाप्यस्य प्रजातिममृतमाम्नाय आह "प्रजामनु प्रजायसे तदु ते मर्त्याऽमृतम्" इति,अथापि स एवायवँ विरुद्धः पृथक् प्रत्यक्षेणोपलभ्यते दृश्यते चापि सारूप्यन् देहत्वमेवाऽन्यत्, ते शिष्टेषु कर्मसु वर्तमानाः पूर्वेषां साम्परायेण कीर्तिं स्वर्गञ्च वर्धयन्ति, एवमवरेऽवरः परेषाम्, आभूतसम्प्लवात् ते स्वर्गजितः, पुनस्सर्गे बीजार्था भवन्तीति भविष्यत्-पुराणे' (२।६।४।१–६) भनि बाउहरुले छोराहरुलाइ शास्त्रशिष्ट कर्ममा लाउन पर्नि कुरा सूचित गरिया छ । बौधायन–धर्मसूत्रमा पनि उक्त सबै कुरा सूचित गर्दै "सत्पुत्रमुत्पाद्याऽऽत्मानन् तारयति" (२।१६।८) भनिएको छ ।

वैदिक धर्मना यज्ञलाइ श्रेष्ठतम कर्म मानिएको छ । तर एस सम्बन्धमा विचार गर्दा वर्ण आश्रम अवस्था साधनसम्पत्ति इत्यादिका आनुकूल्यले अँगाल्न पर्नि वा अँगाल्न सकिनि यज्ञका विविध रूपहरुलाइ (द्रष्टव्य–गीता ४।२४–३२) बिर्सेर विचार गर्न हुँदैन । सबै प्रकारका यज्ञहरुको परम्परा मुख्यतया बाउ–छोराका सम्बन्धले र कृताकृति गुरुशिष्यसम्बन्धले पनि चल्न सक्ति र चल्न पर्नि कुरा पनि वेदादिशास्त्र-बड देखिञ्च ।

वैदिक धर्मको रक्षाका लागि ऐले अँगाल्न पर्नि कार्यपद्धति

वैदिक परम्पराको रक्षाका सम्बन्धमा उपर्युक्त कुराहरुको विचार गर्दा ऐलेलाइ तल लेखिएको कार्यपद्धति अँगाल्न उचित र आवश्यक देखिञ्च–

(क) शिक्षाको व्यवस्था– हाम्रा ओरिपोरिका केइ व्यक्तिलाइ नाना छलले किनेर तिनिहरुलाइ तथाकथित शिक्षा र धनमान दिइ–दिलाइ समाजमा प्रतिष्ठित गराएर हामिलाइ लोभ्याइ तिनका आशामुखि पिछलग्गु बनाएर हामिलाइ भ्रष्ट बनाइ दासतुल्य बनाउनि नानाथरि विदेशिहरुका चालको जालमा हामिहरु जेलिन थालेका देखिञ्चम् । विदेशि-हरुले एग जानालाइ तेसरि उब्याएर सएँउ जानालाइ लोभ्याइ आँपना आशामुखि बनाउनि मत्वँ हुन्, सबैलाइ धनमानले भरिपूर्ण बनाइदिनि हैनन् । हामिहरु धेरैजसो त विदेशिका पुच्छ्रका आशामुखि बनेर व्यर्थमा आँपनो गौरवपूर्ण परम्पराबड र सुखको र शान्तिको अजस्र स्रोतका रूपमा रएको कल्याणकारि आस्थाबड च्युत मत्वँ हुञ्चम्, बाँच्न त हामिले आँपनै परिश्रम–र–क्षमताका आधारमा सुखदुःख जे प्राप्त हुञ्च तेइ भोगि बाँच्न पर्च भन्नि कुरा हामिले बुझ्न नसकेको देखिञ्च । आँपना सन्तानलाइ पूर्वप्राथमिक कक्षादेखि नै गितारका सुरमा अङ्रेजि

गीत गाउन लगाइतिनमा वैदिक–राष्ट्रियता–विरोधि संस्कार भोर्नु ज्यादै शोच्चय कुरा देखिञ्च । विज्ञान–प्रविधि–शिक्षाका लागि र परराष्ट्र-सम्पर्कका लागि जे जति मात्रामा जस्तो रूपमा अत्त्यावश्यक हुञ्च तेत्ति मात्रामा र तेस्तैरूपमा मत्रै विदेशि भाषा सिक्न सिकाउन उचित देखिञ्च । तल्ला कक्षाहरुमा विदेशिभाषा अनिवार्य गर्न कत्ति उचित देखिँदैन । एस्ता विषयमा हामिले हाम्रो विवेक तिखो पार्नपर्च । हामिलाइ चाँइदो मात्रामा आधुनिक विज्ञानको र प्रविधिको शिक्षा निश्छल रूपमा प्राप्त हुञ्च भने त्यो जाँवड लिए पनि हुञ्च । "श्रद्दधानश् शुभावँ् विद्यामाददीताऽवरादपि" भनि मनुस्मृतिमा पनि (२।२३८) भनिएकै छ । तर हामिले हाम्रा वेद–वेदाङ्ग–स्मृति–पुराणादि धर्मशास्त्र, समाजशास्त्र, नीतिशास्त्र, प्रशासनशास्त्र, भाषाशास्त्र इत्यादि शास्त्रलाइ भुल्न हुँदैन । आवश्यक स्वधर्म–शिक्षा पनि लिएर अरु शिक्षा लिनपर्च । स्वधर्म–शिक्षाबड विमुख हुन हुदैन । स्वधर्मशिक्षा घरायसि रूपमा लिएपनि हुञ्च । नुन विदेशबड आयात गर्नपर्‍यो भन्दैमा दाल-चामल पनि आयात गर्न थाल्न हुँदैन । धर्म–गुरु पनि समुद्रपारैबड आयात गर्नि सपना देख्न पनि हुँदैन । ऐले हाम्रा देशमा वेदवेदाङ्गादि–शास्त्रको शिक्षा बिलकुल हराउन लागेको छ । गुरु हुन सक्नि व्यक्ति हराउँदै छन् । तेल्ले गर्दा वास्तविक वैदिक हिन्दु–राष्ट्रियताको जरो पनि उखेलिँदै छ । तसर्थ गुरु बन्न सक्नि व्यक्ति तयार गरि हाम्रो राष्ट्र-लाइ सबल पार्न र हाँम्रो कल्ल्याणको मार्ग सुरक्षित राख्न हामिले प्रयास गर्नपर्च । तेसका लागि वर्तमान स्थितिमा हाम्रो वेदवेदाङ्गादि–शास्त्रमूलक संस्कृत–शिक्षालाइ नेपालमा सर्कारले उचित र पर्याप्त प्रश्रय नदिएसम्म सामाजिक रूपमा पनि संस्कृत–शिक्षा चलाइनपर्च । संस्कृतशिक्षा–बिना हाम्रो धर्म–संस्कृति मत्रै हैन वैदिक राष्ट्र पनि जाग्दैन । तसर्थ ऐलेलाइ प्रथमत: बुडापाका नियतकार्यनिवृत्त पण्डित हरुलाइ पत्त्रम् पुष्पम् गरि तिनैद्वारा सप्तम अष्टम कक्षासम्मको गणित र दुर्गाकवच, चण्डी, नित्त्यकर्म–वेदमन्त्रसङ्ग्रह, कर्मकाण्डपद्धति, वेद, अमर-कोश,लघुकौमुदी, हितोपदेश इत्यादि विषय यथारुचि यथाशक्ति यथौचित गामगाममा पडाउनि व्यवस्था गर्नुपर्च; अरु विषय पैलेइ नपडाए पनि हुञ्च, पछि आँफै समाल्चन्; आँपना सन्तानलाइ स्वधर्मानुकूल संस्कृत-शिक्षा नै विशेष रूपमा दिन चाआनिहरुले संस्कृतशिक्षा–व्यवस्था–रहित आधुनिक इस्कुलहरुमा छोराछोरि भरसक नपठाउनि र अष्टमकक्षाको पढाइ समाल्न सक्नि भए पछि संस्कृत-विद्यालयमा पठाउनि तथा संस्कृत-

विद्यालयहरु ठाँमठाँममा माग्नि गर्नपर्च । संस्कृत-शिक्षाको पाट्ठ्यक्रमलाइ तलदेखि माथिसम्मै ऐलेलाइ (१) धार्मिक उद्देश्य प्रधान भाका विद्यार्थिले, (२) वेदवेदाङ्गादि शास्त्रको गहन अद्ध्ययन गर्न चाआनि विद्यार्थिले, (३) ज्योतिष आयुर्वेद इत्यादि प्राच्च्य विज्ञानको विशिष्ट अद्ध्ययन गर्न चाआनि विद्यार्थिले र (४) शास्त्रीयताको गरुङ्गो भार नबोकिकनै हाम्रो धर्म-संस्कृति-परम्पराको साधारण ज्ञान गर्दै संस्कृत-मूलक व्यवहारोपयोगि सामान्यशिक्षा लिन चाआनि साधारण विद्यार्थिहरुले र महिलाहरुले पनि आँफनुआँफनु अनुकूल विषय चयन-गर्न पाँउनि गरेर परिष्कृत गराउन प्रयास पनि गर्नपर्च । तेसो गर्न ऐलेलाइ संस्कृत-पाट्ठ्यक्रममा वेद-व्याकरणादि-जस्तै गरि एक मुख्य विषयका रूपमा नीतिशास्त्र विषय थप गराउन, संस्कृत-विद्यालयमा अङ्गरेजि ऐच्छिक र अतिरिक्त ऐच्छिक गर्न लाउन र अरु सामान्य थपघट पनि गराउन आवश्यक देखिच्च । एसरि प्रयास गर्दा पनि संस्कृत-विद्यालयहरु नपाय्येमा तथा पाट्ठ्यक्रममा उचित सुधार नभएमा र आँफना देशमा आँफनो अभीष्ट शिक्षा प्राप्त हुन कथमपि नसकेमा हुर्केका १४-१५ वर्षका स्वस्थ किशोरहरुलाइ काशि-प्रयाग-हरिद्वार-हृषीकेशतिर जाहाँ आँफनो अभीष्ट शिक्षा प्राप्त हुन सक्च त्याँहाँ पठाइ शिक्षा दिनि समुचित व्यवस्था सिलाउन पनि आवश्यक हुन आउला । विशेष रूपमा संस्कृत-शिक्षा लिन नपाउनि नसक्नि र नचाआनिले पनि यथोचित स्वधर्मानुकूल अनौपचारिक संस्कृत-शिक्षा लिनि व्यवस्था गर्नपर्च ।

(ख) आँफनु वर्णधर्मको रक्षाका लागि अत्यावश्यक आचारको शिक्षा- ब्राह्मणत्वादि आँफना जातिको नाश हुन नदिन अत्यावश्यक उपनयन-विवाहादि-संस्कारको, शिखा-सूत्र-स्नान-सन्ध्योपासन-भक्ष्याऽभक्ष्यनियमको र वेदप्रतिको श्रद्धाको पालन गराउन आवश्यक आचार-शिक्षा सबैलाइ अनिवार्य रूपले दिनपर्च । एस विषयको विचार परिष्कृत गर्न मूलग्रन्थमा नै ठाँमठाँमै मार्ग देखाय्येको छ ।

(ग) वृत्त्युपायप्रदर्शन- अब वैदिक धर्ममा अडेर जीवनयात्रा चलाउन सकिँदैन भन्नि विचार हाम्रा समाजमा फैलिएकाले वैदिक समाज-शास्त्रि मनीषि ब्राह्मणहरुले "सर्वेषाम् ब्राह्मणो विद्याद् वृत्त्युपायान् यथाविधि । प्रब्रूयादितरेभ्यश् च स्वयञ् चाऽपि तथा भवेत्" (मनु. १०।२) भन्नि शास्त्रव्यवस्थानुसार् देश काल परिस्थिति हेरेर धर्म्य जीवनयात्रा-मार्ग वैदिक-सनातन-वर्णाश्रमधर्मानुयायि सबैलाइ देखाउन पर्च ।

(घ) वर्णाश्रमधर्मिग्रामस्थापन– सामाजिक उथलपुथलले गर्दा भैराखेका गामहरुमा वर्णाश्रमधर्मको अनुसरणका लागि अनुकूल परिस्थिति नभएमा वैदिक–सनातन–वर्णाश्रम–धर्मानुयायिहरुले स्वधर्मानुसरणको अनुकूल हुनि गरेर नएँ गाम बसाउन पनि पर्च । त्याँहाँ ग्रामवासि सबै मिलि कृषि–पशुपालन–उद्द्योगधन्दा–शिक्षा–स्वास्थ्य–सञ्चार–यातायात–सुरक्षा–व्यवस्था पनि मिलाउन पर्च । शान्तिपर्वोक्त (१०७ अद्ध्याय) गणधर्मको अनुसरण गरि ग्रामवासिहरुलाइ सुसङ्घटित गर्न पर्च र वर्णाश्रमधर्मको आदर्श लोकले व्यवहारमा देख्न पाँउनि स्थिति आउँच । एस सम्बन्धमा "समा ह्यार्जवसम्पन्नास् सन्तुष्टा ज्ञाननिश्चयाः । प्रत्यक्षधर्माश् शुचयश् श्रद्दधानाः परावरे । पुरस्ताद् भावितात्मानो यथावच् चरितव्रताः । चरन्ति धर्मङ् कृच्छ्रेऽपि दुर्गे चैवाऽपि संहताः" भन्नि वचन पनि स्मरणीय छ (शान्ति. २७०।९–१०) । याँहाँ अगिअगि पनि जातजातका भिन्नभिन्न गामहरु बसाँउनि गरिएको कुरा पनि बिर्सन हुँदैन ।

(ङ) नैष्ठिकब्रह्मचर्यप्रचार– राष्ट्रिय दृष्टिकोणले गृहस्थधर्म अत्यावश्यक कुरो हो; तथापि गृहस्थधर्मको सम्यक् पालन दुष्कर कुरा छ । अर्वाचीन कालमा इन्द्रियदौर्बल्यका सुरमा शक्त–अशक्त सबैले गृहस्थधर्ममा प्रवेश गर्नि प्रथा चलेको छ र तेसले गर्दा हाम्रा समाजमा अज्ज्ञान–दारिद्द्य–दास्यको जकड झन्झन् दृढ हुँदै जानि खण्ड परेको छ । तसर्थ उक्त प्रथामा संशोधन गरि योग्य धनवान्हरुले र योग्य ज्येष्ठ पुत्रहरुले गृहस्थधर्ममा प्रवेश गर्नि; अरुले नैष्ठिक ब्रह्मचर्यमा रएर गृहस्थहरुलाइ सगाउनि र सामाजिक उन्नतिका लागि काम गर्नि प्रथा नचलाइ अब वैदिक धर्मको परम्परा बचाउन गारो देखिच्च । एगदुइ–एगदुइ जानाका दरले घरघरमा रअनि एस्ता नैष्ठिक ब्रह्मचारिले वैदिक धर्मका रक्षक सैनिकका रूपमा काम नगरि ऐलेका परिस्थितिमा वैदिकपरम्पराको रक्षा हुन सक्ला जस्तो छैन । तसर्थ एस्तो प्रथा चलाउनतिर वैदिक समाजशास्त्रिहरुले राम्ररि विचार गर्न आवश्यक देखिच्च । एस सम्बन्धमा आजसम्म वैदिक यज्ञको परम्परा धानिआएका केरलका नम्बुदरि ब्राह्मणहरुको इतिहासको मनन गरि तेसबाट पाँइनि शिक्षालाइ परिष्कृत समेत गरि त्यो अँगाल्नु उपयोगि हुनि देखिच्च ।

(च) सामाजिक सन्तुलनको स्थापना– वैदिक–सनातन–वर्णाश्रमधर्मानुयायि ब्राह्मणहरुले राम्ररि विचार पुऱ्याइ आँफ्नु वंशको शुद्धिका र आचारको शुद्धिका लागि जति मात्त्रामा अत्यावश्यक हुच्च तेति मात्त्रामा मत्त्रै आँफ्नु पार्थक्य सुरक्षित गरि समाजका अरु जातिवर्गहरुसित

सामञ्जस्य राखेर सामाजिक सन्तुलन स्थापित गर्न सदा सचेष्ट रअन पनि र समाजका सबैलाइ आँफ्नु सह–अस्तित्व नसहनि बनाएर आँफु समाजमा बाँच्न सकिँदैन भन्नि कुरामा ध्यान दिएरै प्रत्येक काम गर्नि गर्न पनि देखिञ्च । एस विषयमा महाभारतका तल उल्लिखित उक्ति मननीय छन्– (क) ''सर्वदुर्गेषु मन्यन्ते नरदुर्गं सुदुस्तरम् । तस्मान् नित्यन् दया कार्या चातुर्वर्ण्ये विपश्चिता'' (शान्तिपर्व ५६।३५–३६); (ख) ''अनुच्छेदाय लोकानामनुच्छेदाय कर्मणाम् । पूर्वैराचरितो धर्मश् चातुराश्रम्यसङ्कटः'' (तौ ३२६।२४) ।

भारतवर्षवासिहरुको शैक्षिक धार्मिक र सामाजिक पछौटेपन अथवा अज्ञान–दारिद्द्र्य–दास्यको जकड

भारतवर्ष–निवासिहरुले समयसमयमा भूमण्डलमा विकसित हुँदै गएका परिस्थितिलाइ हेरेर आँफना शिक्षा प्रणालीमा समुचित पूरण र परिष्कार गरि तेसलाइ समसामयिक बनाइ प्रयोगमा ल्याउन नसकेको र आँफ्नु परम्परागत शिक्षाप्रणालीलाइ फालि विदेशि शिक्षाप्रणाली अँगालेको देखिञ्च । अर्वाचीनकालमा भारतवर्षमा संस्कृत–शिक्षा पनि विदेशिहरुका–निर्देशनानुसार् एकाङ्गि र असामाजिक रूपमा सञ्चालित हुँदै आको देखिञ्च ।

नेपालिहरु–समेत प्रायः सबै भारतवर्ष–निवासिहरुको वर्तमान कालको जीवनपद्धति धर्म–अर्थ–काम– मोक्षहरुका विषयमा सन्तुलित दृष्टिकोणमा आधृत नभै अर्थकामपरक दृष्टिकोणमा सीमित हुनतिर लम्किराको अनुभव गर्न थालिएको छ । धर्मका सबै बन्धनहरु टुट्दै जान लागेको पूर्वाभास पाँउन थालिएको छ । सामान्य नैतिकताको मर्यादा पनि भत्कँदै गएको र तस्करि–भ्रष्टाचार–र–ठगि–बड पाँइनि धनमाँ सबै लोभिन थालेको चर्चा यत्रतत्र सुनिन थालेको छ ।

नेपाल–समेत सम्पूर्ण भारतवर्षमा वेदवेदाङ्गादि शास्त्रको अद्ध्ययन–अद्ध्यापन अत्यन्त शिथिल हुँदै गएको देखिञ्च । गामघरमा हुनि गरेको वेदवेदाङ्गको प्रारम्भिक अद्ध्ययन–अद्ध्यापन पनि लुप्त हुँदै गएको छ । भारतवर्षको परतन्त्रताका समयमा विकसित भै प्रचारमा आएको, विकृत खालको, वेदवेदाङ्गादि संस्कृत–शास्त्रहरुको अद्ध्ययन–अद्ध्यापनको प्रथा अलिअलि चल्दै छ । तर त्यो पनि निष्प्राणजस्तै भै सकेकाले नेपाल–समेत सम्पूर्ण भारतवर्षमा वेदवेदाङ्गादि शास्त्रको अद्ध्ययन–अद्ध्यापनको व्यवस्था अत्यन्त शोचनीय अवस्थामा पुगेको देखिञ्च । एस व्यवस्थाका लागि लगानिगरिएको सार्वजनिक सम्पत्तिको

पनि वास्तवमा सदुपयोग हुन नसकेको देखिँदै छ । यज्ञका लागि टक्क्याएका हविहरु कुकुर–बिराला–कागहरुले खालान् भनि हविको रक्षा गर्न बसेको माञ्छे ति हविहरु कुकुर–बिराला–कागहरुले खाँदा पनि टुलुटुलु हेरेर तेसै बसिराखेको स्थिति जस्तै स्थिति एस विषयमा पनि अनुभव गरिन थालिएको बुजिञ्च । एसबड भारत–वर्ष–निवासिहरुको शैक्षिक पछौटेपन स्पष्ट हुञ्च ।

उत्तरवर्ति पुस्तालाइ वेदवेदाङ्गादि शास्त्रको अद्ध्ययनमा लगाउनि र वैदिकधर्मानुकूल जीवन–पद्धतिमा वास्तविक रूपमा दीक्षित गराउनि विषयमा पनि गाम–ठामका द्विजकुलहरुमा समेत सर्वथा शिथिलता आएको देखिञ्च । आँफ्ना छोरानातिहरुलाइ अन्नवस्त्रादि जीवनसाधनको उपार्जन गर्नि शिक्षाका साथमा अत्यावश्यक मात्रामा मत्रै भने पनि वेदवेदाङ्गादि शास्त्रको शिक्षा दिनको खोजि नै नगर्नि; तिनिहरुमा धर्म्य आचार–विचार–व्यवहारको बानि बसाल्न कुनै प्रयास नगर्नि; तिनिहरुले शिखायज्ञोपवीतत्याग, स्नानसन्ध्योपासनत्याग, संस्कारत्याग, स्वेच्छाचारमूलक असवर्णस्त्रीपरिग्रह, अभक्ष्यभक्षण, अपेयपान, अकार्यकरण र सर्वथा अर्थकाममात्रपरक क्रियाकलाप इत्यादि जे कुरा गर्दा पनि मजा मानेरै वा सहेरै वा एसो गर्न हुँदैन सम्म पनि नभनि किङ्कर्तव्यविमूढ भै तिनैले दुष्कर्म गरेरै पनि कमाएर ल्याको धनको मजा मानेरै उपभोग गर्दै तिनैसित बस्नि; आँफ्ना छोरानातिको उक्त प्रकारको दुष्कर्म हटाउन प्रयास नगर्नि; आँफुले कष्टले आर्जेको र पालापुर्खादेखि यो धन खाउन् र चोखा सन्तानले पिण्डपानि चलाउन् र हामिलाइ स्वर्गभोग दिउन् भनेर बाउ–बाजेले छोडेर गाको धन समेत आँफ्ना सन्तानलाइ स्वधर्मविरुद्ध मनपरि आचरण गर्नि बनाँउनि शिक्षा दिनमा लगाउनि; गाइमै सिले बाच्छापाडाको पुठो चाटे जस्तै गरि छोराछोरिको मायामोहमूलक विवेकरहित चाकडि मत्रै गर्नि; वेदादिशास्त्रले कस्ता सन्तानलाइ किन महत्त्व दिएको हो भन्नि चेतनै नभाका द्विजाति गृह-वृद्धहरु सर्वत्र छ्यास्छ्यास्ति पाँइन थालेका छन्। के धनि के निर्धन, के बलि के निर्बल, के जानिफकार के अनजान, के कुलीन के दुष्कुल, प्रायः सबै नै द्विजाति–गृहमुखय बाउ–आँमाहरुको एस्तै चाल देखिञ्च । एसबड सन्तानको पवित्रता राख्नमा उचित ध्यान दिन छोडिँदै गाको देखिञ्च । एसरि धर्म्यप्रजोत्पादनको वैदिक व्यवस्था पनि नेपालसमेत सम्पूर्ण भारतवर्षमा नै तोडिँदै जान लागेको देखिन आउँच ।

वैदिक यज्ञहरुको दर्शन मत्रै पनि नेपालमा मत्रै हैन भारत-

वर्षमै अत्यन्तै दुर्लभ हुँदैछ । शुद्ध–ऋत्विक्–यजमान–पत्नी–र–घन-बड शास्त्रसम्मत शुद्ध रूपमा सम्पादित अग्निहोत्रादि कर्मको दर्शन अलब्ध्य नै भैसकेको छ । नेपालको छुट्टै चर्चा गर्नु अनावश्यक छ । विद्वान्मै गनिएका नित्यानन्दपर्वतीयले बनाको भनि नित्यानन्दका जीवनकालमै मुद्रितप्रकाशित र ऐले तृतीय संस्करणमा छापिएको वैदिकयज्ञको प्रारम्भिक ग्रन्थ कातीयेष्टिदीपक (दर्शपौर्णमास-पद्धति) पनि अत्यन्त अशुद्ध देखिञ्च । तथापि तेइ ग्रन्थ वेदका शास्त्रि–आचार्य–कक्षामा पडाइञ्च, तेइ समाति नेपालि अग्निहोत्रि पनि पूर्णमासयागादि गर्चन् । न शिक्षकलाइ चेतना भएको देखिञ्च, न ऋत्विक्लाइ चेतना भएको पाँइञ्च; न यजमानैलाइ चेतना भएको बुजिञ्च । एसरि वैदिक यज्ञको सामान्य परिचय मत्रै पनि दुर्लभ भैराखेको पाँइञ्च । यज्ञभित्र रएको रहस्यको ज्ञान त दुर्लभ हुनि नै भयो । सम्पूर्ण सुकर्मलाइ यज्ञभावनाले हेर्नि दृष्टिकोण र यज्ञलाइ वैदिक जीवनपद्धतिको आदर्शको वाहकका रूपमा प्रयोगगर्नि कुरा त कता गयो कता ।

(धार्मिक सामाजिक मर्यादामा अतिशिथिलता)

समाजमा धार्मिक सामाजिक मर्यादा अत्यन्तै शिथिल हुँदै गएको पनि देखिञ्च । अस्पर्शनीय स्त्रीलाइ घोडाचडेको सामाजिक आरोप लागि केइ काल बन्धुवर्गबड अलग भएको व्यक्ति; बन्धुवर्गका समूहका मुखिञ्जेल छाति ठोकेर मैले रक्सि खानि गऱ्याछु लौ कल्ले क्याचौं भन्नि व्यक्ति; मत्वालि स्वास्नि राखेर मूल बाटामा बसि तेसैसित सराबर भै खान-पान गर्नि व्यक्ति पनि प्रायश्चित्त-विना तेसै नै ब्राह्मणका घरमा सराबर हुन थालेका देखिञ्चन् सुनिञ्चन् । पुनर्विवाहित स्त्री भनि आशङ्कित स्त्री पनि उपाद्ध्याय ब्राह्मणका घरमा विना परीक्षानै अपत्योत्पादनार्थ स्वीकृत हुन थालेको देखिञ्च । पतनीय अनाचार गर्निहरुलाइ छोरि–बैनि दिन आँफुलाइ सदाचार–परायण ठान्निहरु पनि कत्ति नहिच्किचाउनि हुन थालेको पाँइञ्च । भारतवर्षबाइर म्लेच्छदेशमा पुस्तै बिताएकालाइ पनि ब्राह्मणैले पनि छोरिदिन थालेको देखिञ्च । ब्राह्मणबटुहरुको व्रतबन्ध पनि रतेउलिमा चटक झिके जस्तै हुन थालेको देखिञ्च; शिखा-सूत्र–स्नान–सन्ध्या–भक्ष्याऽभक्ष्य–पेयाऽपेय–कार्याऽकार्यको नियमको पालना गर्नि कुरा अत्यन्तै विरल हुँदै गएको देखिन थालेको छ । हाँमि शिखासूत्रको मतलप् राख्तैनम्, नित्य स्नान-सन्ध्याको पनि वास्ता गर्दैनम्, जाँड रक्सि सुँगुर कुखुरा लशुन प्याजहरु पनि खाञ्चम्, जोसित पनि नारिएर जाँपनि दालभातै मस्सँऽ लफन्याऽर हिण्चम्, एस्ता

विषयका बाउनका नियम बोक्के हुन्, ब्राह्मणको आन्तर रूप पो मुक्ख्य हो त भनि आँफ्नु बुजक्कडपना देखाउनि र तेस्तै व्यवहार गर्नि माञ्छे पनि ब्राह्मण–समाजभित्रै छ्चास्छ्चास्ति देक्खिन थालेका पाँइञ्चन् । प्रकाश रूपमा स्वच्छन्द भै अभक्ख्य–भक्षण–म्लेच्छदेशगमनादि गम्भीर प्रकृतिका भ्रष्टाचार गर्नि मानिसहरु पनि शास्त्रको वास्ता नगरि स्वसामर्थ्याऽसामर्थ्यको विचार नराखि गरिएका साधारण हल्का फुल्का कृत्यले प्रायश्चित्त भयो भनि समाजमा सरावर भै धार्मिक कृत्यका अधिकारिका रूपमा खडा हुन थालेको र 'सदाचारि पण्डित विद्द्वान् ब्राह्मण हुम्' भन्निले पनि तिनको तेस्तो व्यवहारलाइ समर्थन गर्न थालेको पाँइञ्च । प्रकाशरूपमा स्वच्छन्द भै शिखासूत्रत्याग, स्नानसन्ध्योपासनत्याग जाँड रक्सि सुँगुर कुखुरा लशुन प्याज छ्चापि च्याउ इत्यादि अभक्ख्य–भक्षणादि पतनीय अनाचार गर्नि र तेसको प्रायश्चित्त पनि नगर्नि अनाचारवड निवृत्त पनि नहुनि ज्वाँइ–भानिज–हरुलाइ पनि ब्राह्मणकर्ममा लगाउनि ब्राह्मणहरु पनि छ्चास्छ्चास्ति देखिन थालेका छन् । घटि जातका पुरुषसित पोइला गै पतित भाकि छोरिलाइ घरमाइत गराउन पनि मै हुम् भन्नि ब्राह्मण पनि लाज नमान्नि हुन थालेका देखिञ्चन् । पोइला गाकि छोरिलाइ र कर्म नचलेकि छोरिलाइ भन्से बनाउन पनि बाउनहरु सङ्कोच नमान्नि हुन थालेका पाँइञ्चन् । प्रकाश रूपमा स्वच्छन्द भै जाँड रक्सि सुँगुर कुखुरा लशुन प्याज छ्चापि च्याउ इत्यादि अभक्ख्यको भक्षण कुक्कुटपालन श्वेतसूकरपालन इत्यादि पतनीय कर्म गर्नि र तेसको प्रकाश–प्रायश्चित्त नगरिकन मत्त्रै हुँन दुष्कर्म पनि नछोडिकनै पौरोहित्य गर्न र चौकामा चडि कथापुराण भन्न तम्सिन पनि माञ्छे नहिच्किचाउनि हुन थालेको र तेस्तै व्यवहारलाइ किङ्कर्तव्य-विमूढ समाजले स्वीकार पनि गर्न थालेको देखिञ्च । ब्राह्मणहरुलाइ आत्मविस्मृतिले बेस्सरि ढाक्न थालेको पाँइञ्च र तिनिहरुबड समाजमा धर्ममर्यादास्थापनामा र सामाजिक–न्याय–स्थापनामा योगदान शून्य हुन थालेको देखिञ्च । एस परिस्थितिमा शास्त्रीय ब्राह्मणत्त्वको आधार सर्वथा उच्छिन्न हुन लागेकाले नेपालमा मत्त्रै हुँन भारतवर्षमा नै वर्णाश्रममर्यादाको उच्छेद गर्न र उच्छेद भएको साबित गर्न खोज्नि पर-चक्रिहरुलाइ र 'पौडेल खँदाल आदि बाउनका चेहरामा मङ्गोलियन प्रभाव प्रचुर मात्त्रामा देखिञ्च' इत्यादि भनि तिनिहरुसित स्यालभाका मिलाउनिहरुलाइ ऐतिहासिक रूपमा नेपालसमेत भारतवर्षमा शास्त्रीय ब्राह्मणत्त्वको सर्वथा उच्छेद भएको कुरा देखाउन कत्ति गारो नपर्नि

स्थिति अब एक पुस्तापछि नै आउन लागेको देखिन्छ । एसरि अनादि वैदिक परम्परा र सुदीर्घ ऋषिवंशको नेपालसमेत भारतवर्षमा पूर्णतया उच्छेद हुन लागेको टुलुटुलु हेरि तेसका मूक सहयोगि भएर बस्नि कुरा धनि, बलि, कुलीन, विज्ज मानिनि समेत सबै द्विजातिका लागि साधारण कुरा हुन थालेको पाँइन्छ । एस विषयमा एस ग्रन्थकारले काठमाण्डुमा २०४२।१२।१६ र २०४३।३।१४ मितिमा तथा ~~[illegible]~~ तनुङचुँदिबिसि श्रीकृष्णाचार्यवाटिकामा २०४३।६।२९ मितिमा आँपना बन्धुवर्गहरुलाइ बोलाइ एस अव्यवस्थाको वर्णन गरि एउटा समुचित सामाजिक धार्मिक व्यवस्था र मर्यादारेखा स्थापित गर्न प्रस्ताव गर्दा पनि उचित प्रतिक्रिया प्राप्त हुन सकिराखेको छैन ।

तेति मत्त्रै हैन, सामाजिक पतन तेतिसम्म भएजस्तो बुजिन्छ कि आँपनु जीवन, धन, विद्या, बुद्धि, बल, धर्म, दर्शन, संस्कार केइ भन्न नपाउनि स्थिति हुँदापनि समाज किङ्कर्तव्यविमूढ भएर अरुले जता घसेट्चो उतै घसेटिनि स्थितिमा पुगेको देखिन्छ ।

इ कुराबड ब्राह्मणादिका वर्तमान शैक्षिक धार्मिक सामाजिक पछौटेपनहरु स्पष्ट हुन्छन् ।

नेपालिहरु त अर्थदारिद्र्यले हो अथवा बुद्धि–विवेक–दारिद्र्यले हो, आँपना मठ–मन्दिरहरुको जीर्णोद्धार गर्न मत्त्रै हैन आँपना पुरोहितलाइ आवश्यक शिक्षाको व्यवस्था गर्न पनि विदेशि–विधर्मि–हरुको कृपाबड प्राप्त धनका आधारमा चल्न समेत थालेको देखिन्छ (द्रष्टव्य महेन्द्र–संस्कृत–विश्वविद्यालय–समाचार, वर्ष १, अङ्क १, २) । आँपनु आजीविकाको पृथक् भूमि हुँदाहुँदै पनि नेपालिहरु आर्काका लागि पसिना मत्त्रै हैन रगत पनि बगाएर जीविकोपार्जन गरिराका देखिन्छन् । आँपनु देशको पुँजि विदेशिनि विदेशि पुँजि आँपना देशमा आइ शोषण गर्नि स्थिति पनि बड्दैगैराखेकै बुजिन्छ । नेपालि अर्थतन्त्र अत्यधिक मात्त्रामा विदेशि सहायतामा निर्भर देखिनाले पनि नेपालिहरुको आर्थिक पछौटेपन स्पष्ट हुन्छ ।

उपर्युक्त कुराहरु धेर–थोर–मात्त्रामा सम्पूर्ण भारतवर्षमा नै देखिनाले सबै भारतवर्षनिवासिहरुको आर्थिक पछौटेपन स्पष्ट हुन्छ ।

अज्ञान–दारिद्र्य–दास्यको जकडको मूल कारण

उपर्युक्त कुराबड नेपालिहरु–समेत सबै भारतवर्ष–निवासिहरुमा ऐले व्यापक रूपमा अज्ञान–दारिद्र्य–दास्यको जकड उल्लेखय रूपमा रएको देखिन्छ । तेसको मूल कारण खोद्दा व्यक्तिव्यक्तिका

हृदयमा जरो गाडेर बसेको न्याय्य-अन्याय्य जुनसुकै उपायले पनि मै नै राष्ट्रिय अधिकार वा आर्थिक लाभ वा सुखसुविधा प्राप्त गरम् भन्नि दुर्भाव नै तेसको मूल कारण बुजिन्छ । एस दुर्भावलाइ हटाएर वा शिथिल गराएर समाजमा व्यक्तिहरु न्याय्यवृतिमा रमाउनि परिस्थिति नबनाएसम्म यो अज्ञान-दारिद्द्न्य-दास्यको जकड फुक्लिन नसक्ति देखिन्छ । पैलेइ, ज्ञान भएकालै ज्ञान नभएकालाइ ज्ञान दियो; पछि, ज्ञान पाउनिले आँफुलाइ ज्ञान दिनिलाइ नै ठगेर लोकका अगाडि मूर्ख देखाइ पिछड्याएर आँफु विद्द्वान्, अनुसन्धाता र लोकहितैषि कहलाउन वा आर्थिक लाभ उठाउन अन्याय्य रूपमा प्रयास गर्‍यो, अगि बड्यो, अनि ज्ञानको बाटो राम्ररि नखुल्नि परिस्थिति उत्पन्न भयो; अविवेकितालै गर्दा समाजमा विद्द्वान् र लोकहितैषि व्यक्ति तिरस्कृत हुनि, टपर्‍टुर्‍याँ र धनिबलिको हतकण्डा व्यक्ति पूजित सम्मानित हुनि स्थिति बन्यो, अनि सद्विचार र यथार्थ ज्ञानको ढोकै बन्द भयो; अनि अज्ञानको जकड कसरि फुक्लनि ? "विद्द्या शौर्यञ्च दाक्ष्यञ् च बलन् धैर्यञ् च पञ्चमम् । मित्त्राणि सहजान्याहुर् वर्तयन्तीह तैर् बुधाः" (शान्ति. १३९।८५), "उद्धरेदात्मनाऽऽत्मानन् नाऽऽत्मानमवसादयेत् । आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः"(गीता ६।५) इत्यादि शास्त्रोपदेशामृतपान नगरिकन; सबैलाइ आर्काका परिश्रममा बाँच्न र सुखसएल गर्न पुग्दैन र बहुसङ्ख्यक माञ्छेले त आँफनै परिश्रममा नै बाँच्न पर्च भने मैले पनि आँफनै परिश्रममा र क्षमतामा भर गरेर न्याय्य वृत्तिले आर्जेका धनले जस्तो पुग्च सुख दुःख भोगेर बाँचे के हुन्छ भन्नि विचार कत्ति नगरि आँफना परिश्रममा र क्षमतामा भर नपरि अन्याय्य सुखसुविधाका लोभमा फसि आशामुखि बनि चाकडि-चुक्लि गरेर एउडाले धनिबलिलाइ रिजाएर खाइ अन्याय्य रूपमा अरु सएउँको भाग मोस्नि किल्ला बनाउन शोषक-धनि-बलिलाइ सहयोग पुर्‍यायो, अनि आर्काले पनि तेसै गर्‍यो, अनि समाजमा तेस्तै परिस्थिति बन्दै बड्दै गयो, अनि समाजमा दारिद्द्न्यको जकड कसरि फुक्लनि ? अज्ञानको र दारिद्द्न्यको जकड नफुक्ले पछि तन्मूलक दास्यको जकड कसरि फुक्लनि ?

अज्ञान-दारिद्द्न्य-दास्यको जकड फुकाल्न मनीषिहरुको चेष्टा आवश्यक

उक्त प्रकारको सामाजिक अज्ञान-दारिद्द्न्य-दास्यको जकडको मूलभूत उपर्युक्त दुर्भाव आँफना हृदयमा छ-छैन, कति छ, दृढ छ कि

शिथिल छ, यो कुरा सबैले आँफैले जान्नि कुरो हो। वस्तुतः त्यो दुर्भाव आँपनु हृदयबड हटाउनु गारो कुरा पनि हो। भनिएको पनि छ– ''महा-कुलेषु ये जाता वृद्धाः पूर्वतराश् च ये। तेषामप्य्यासुरो भावो हृदयान् नाऽपसर्पति'' (शान्तिपर्व २९४।२१)। राष्ट्रिय वा सामाजिक स्थितिले राष्ट्रका वा समाजका व्यक्तिहरुमा तेस्तो दुर्भावको व्यापकता वा सीमितता, दृढता वा शिथिलता सूचित गरेकै हुन्छ। तसर्थ राष्ट्रको वा समाजको स्थिति हेरेर मनीषिहरुले तदनुरूप समुचित चेष्टा गर्न आवश्यक हुन आँउँछ।

वैदिक धर्मको आलोक फैलाउनि आवश्यकता

वैदिक धर्मको आलोक फैलाइ आद्ध्यात्मिक भावना, वीरता र न्याय्यवृत्तिप्रियता जनतामा जगाइ नेपालिहरु–समेत सबै भारतवर्ष-निवासिहरुको उक्त पछौंटेपन वा अज्ञान–दारिद्द्य–दास्यको जकड हटाउन मनीषिहरुले प्रयास गर्नु परिस्थितिको माग देखिन्छ।

श्रीः

वैदिक धर्म मूल रूपमा

वेद

आँफुले चाहाना गरेको कुरा प्राप्त गर्न र आँफुले नचाहेको कुरा पञ्छाउन अलौकिक उपाय देखाउनि ग्रन्थलाइ वेद भञ्चन् भनि प्राचीन आचार्यहरु भञ्चन् । एस भनाइको तात्पर्य वेदको विशेषता स्पष्ट गर्नमा रया बुजिञ्च । मुक्ख्य रूपमा धर्म र मोक्ष- (आत्मज्ञान) का विषयमा र अमुक्ख्य रूपमा अर्थ र कामका विषयमा पनि ज्ञान दिनी; अनादि-कालदेखि गुरु-शिष्य-परम्पराले आको; गुरुले उपनयनपूर्वक शुद्ध ब्राह्मण क्षत्रिय र वैश्यय चेलालाइ पडाइनी; ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरि चार विभागमा बाँडिएको र अनेक शाखा भएको शब्दराशि नै वेद हो। मन्त्र र ब्राह्मण भनि प्रमुख दुइ विभाग प्रत्येक वेदशाखामा हुञ्चन् । अथवा मन्त्र र ब्राह्मण नै वेद हो भन्न सकिञ्च । हारीत- जस्ता वैष्णवादितन्त्रका पक्षपाति कुनै - कुनै स्मृतिकार 'श्रुतिश्च द्विविधा वैदिकी तान्त्रिकी च' भनेर तन्त्रलाइ पनि वेदका कक्षामा चडाउन चाहाञ्चन्, तथापि वैदिक- परम्परा- अनुसार र "श्रुतिस्तु वेदो विज्ञेयो धर्मशास्त्रन्तु वै स्मृतिः" (मनु. २।१०) इत्यादि वचन अनुसार पनि श्रुति भनेको वेदै मानिञ्च; तन्त्र श्रुति मानिदैन । वेदमूलक वा वेदानुकूल वा वेदको अविरोधि स्मृतिलाइ नै वैदिक परम्पराले मान्यता दिन सक्नि हुनाले वेदप्रतिस्पर्धि स्मृतिलाइ वा स्मृति-पुराणादिका वेदप्रतिस्पर्धि कुरालाइ वैदिक परम्पराले मान्यता दिँदैन ।

वेदका शाखा

पाणिनीय व्याकरणका भाष्यमा पतञ्जलिमुनिले ऋग्वेदका

२१ शाखा, यजुर्वेदका १०१ शाखा, सामवेदका १००० शाखा र अथर्ववेदका ९ शाखा भाको कुरा प्रथम आह्निकमा उल्लेखगरेका छन् । एस विषयमा अरु मतमतान्तर पनि पाइन्छन् । **शाखा** भन्नाले मन्त्रसंहिता, ब्राह्मण (आरण्यको-पनिषत्-समेत), श्रौतसूत्र, गृह्यसूत्र र धर्मसूत्र इ ग्रन्थहरुको समुदाय बुझिन्छ । प्रत्येक शाखा आँफनु क्षेत्रमा आँफैमा पूर्ण हुन्छ । उदाहरणार्थ ऋग्वेदका कुनै एक शाखाले यजुर्वेदको कुनै एउटा शाखाको र सामवेदका कुनै एउटा शाखाको अपेक्षा राख्छ, किन्तु ऋग्वेदकै आर्को शाखाको अपेक्षा राख्तैन । एउटै वेदका शाखाहरु प्राय उस्तैउस्तै हुन्छन्; तिनमा परस्परमा सारै ठुलो फरक प्राय हुँदैन । वस्तुतः श्रौतसूत्र, गृह्यसूत्र र धर्मसूत्र त वेद हैनन्, वेदका अङ्ग र उपाङ्ग मत्रै हुन्; तथापि आँफना-आँफना वेदशाखा-सित घनिष्ठ सम्बन्ध राखि हुनाले वेदशाखाभित्रैका जस्ता मानिन्छन् । स्व-स्वशाखीय कर्मका विषयमा तिनको पनि वेदको जस्तै मान्यता हुन्छ । तिनको विशेष विवरण वेदका अङ्ग-को र उपाङ्गको विवरण दिँदा दिइनि छ ।

प्राय यज्ञमा गर्न पर्नि कर्म सम्झाउनि र कर्ममा प्रयोग-गरिनि वेदवाक्य **मन्त्र** भनिन्छन् । तेस्ता मन्त्रहरुको सँगालो भएको ग्रन्थ **मन्त्रसंहिता** वा छोड्करिमा संहिता मत्रै भनिन्छ । यज्ञहरुको स्वरूप देखाउनि, यज्ञमा गर्न पर्नि कर्म, चाइनि द्रव्य (सामग्री), देउता आदिको विधान (निर्देश) गर्नि, गर्न पर्नि कामको प्रशंसा र गर्न नहुनि कामको निन्दा गर्नि, विभिन्न कुरामा हेतु देखाउनि इत्यादि रूपका वेद-वाक्यहरु **ब्राह्मण** भनिन्छन् । तेस्तै वाक्यहरुको सङ्ग्रह भएको ग्रन्थ पनि **ब्राह्मण** भनिन्छ । गुरुसित घरमा पढ्न नहुनि, अरण्य- (वन) मा गएर पढ्न पर्नि वेदभाग

आरण्यक भनिञ्च । एस्तो वेदभाग मन्त्ररूप हुन पनि सक्च, ब्राह्मणरूप हुन पनि सक्च; तथापि प्राय ब्राह्मणरूप देखिञ्च । जीवात्मा र परमात्माको एकता (ब्रह्मात्मतत्त्व) बुजाउनि आरण्यकलाइ वा आरण्यककै भागलाइ **उपनिषत्** भञ्चन् । तेसमा जीवात्मा - र - परमात्माको एकता बुजाउन उपयोगि अरु कुरा पनि भनिएका हुञ्चन् ।

ऋग्वेद र ऋग्वेदका ऐले पाइनि शाखा

यज्ञमा होताले वा होतृगणका अरु ऋत्विक्ले गरिनि कर्मको र तत्–सम्बद्ध अरु कुराको पनि प्रतिपादन गर्नि वेद ऋग्वेद भनिञ्च । गायत्री उष्णिक् अनुष्टुप् बृहती पङ्क्ति त्रिष्टुप् जगती इत्यादि छन्दका, पाउको विभाग भएका वेद–वाक्य ऋक् (ऋचा) भनिञ्चन् । ऋचाको प्राधान्य हुनाले नै एस वेदलाइ ऋग्वेद भनिएको हो । यज्ञमा सामिधेनी पुरोनुवाक्या याज्या आदि ऋचाहरु पड्नि ऋत्विक् होता भनिञ्च । होतृगण सामिधेनी इत्यादि यज्ञसम्बन्धि कुरा वैदिक यज्ञका वर्णनका प्रसङ्गमा स्पष्ट गरिनि छन् । ऐले ऋग्वेदका तल लेखिए अनुसारका शाखा पाइञ्चन्–

(१) शाकलशाखा– एसे शाखाको मन्त्रसंहिता ऐले ऋग्वेदका नामले प्रसिद्ध छ । यो १० मण्डलमा बिभक्त छ । प्रत्येक मण्डलमा धेरै सूक्तहरु छन् । प्रत्येक सूक्तमा प्राय अनेक मन्त्र (ऋचा) हरु छन् । एसमा अष्टक अद्ध्याय र वर्ग भन्नि विभाग पनि देखिञ्च । तर यो रीतको विभाजन शाकलशाखाको नभै अरु नै शाखाको हो भञ्चन् । ऐतरेयब्राह्मण, ऐतरेयारण्यक र ऐतरेयोपनिषद् पनि शाकल-शाखाका ग्रन्थ मानिञ्चन् । शाकल-शाखाका श्रौतसूत्र-गृह्यसूत्र- धर्मसूत्रहरुको पत्तो छैन । कसैले 'यो मुद्द्रित प्रचलित ऋग्वेदसंहिता आश्वलायन- शाखाको भएको बुजिञ्च' भन्नि विचार पनि व्यक्त गरेका छन् । आश्वलायनश्रौत–

सूत्र र आश्वलायनगृह्यसूत्र उपलब्ध छन् । आजभोलि आश्वलायनशाखाद्ध्यायिहरु पनि उक्त ऋग्वेदसंहिता नै पड्चन् । शाकल- शाखाका र आश्वलायन- शाखाका अद्ध्येता महाराष्ट्रमा, कर्णाटकमा, आन्ध्रप्रदेशमा र द्रविडदेश- (तमिल-नाडु) मा भएका बुजिञ्चन् ।

(२) **कौषीतकिशाखा**— एस शाखाको मन्त्रसंहिता मुद्द्रित भा छैन । केरलका नम्बुदरि (नम्पूतिरि) ब्राह्मणहरु- मद्दे शुकपुरम् भन्नि गामका सबै ब्राह्मणहरु एसै शाखाका अद्ध्येता रचन् । त्याँहाँ अझै पनि स्वशाखाको सम्पूर्ण मन्त्र-संहिता कण्ठस्थ भएका सोमयाजि ब्राह्मणहरु धेरै नै भाको बुजियो । शाकलमन्त्रसंहितामा र कौषीतकिमन्त्रसंहितामा थोरै मत्रै फरक भाको कुरा पनि सुनियो । कौषीतकिब्राह्मणोपनिषद् मुद्द्रित रूपमा उपलब्ध छ । कौषीतकि-श्रौतसूत्र मद्द्रासविश्वविद्द्यालयबाट सम्पादित गरेर प्रकाशित गर्न लागिया कुरा सुनिया थ्यो, तर प्रकाशित भाको देखिया छैन । केरलका ऋग्वेदिहरु आँफ्नु हौत्र-पद्धतिलाइ कौषीतकम्-भाषा भञ्चन् । कौषीतकि-गृह्यसूत्र व्याक्ख्यासहित मुद्द्रित भा छ । बलदेव उपाद्ध्याय आदिले एस विषयमा राम्ररि केइ उल्लेख गर्न सक्या देखिँदैन ।

(३) **शाङ्खायनीयशाखा**— एस शाखाको पनि मंत्रसंहिता मुद्द्रित भाको देखिया छैन । पुस्तकालयहरुमा हस्तलिखितरूपमा रया बुजिञ्च । गुजरातमा शाङ्खायनीय-शाखाद्ध्यायि ब्राह्मण रएका बुजिञ्चन् । शाङ्खायनब्राह्मण र शाङ्खायनारण्यक मुद्द्रित भा छन् । शाङ्खायनश्रौतसूत्र र शाङ्खायनगृह्यसूत्र पनि मुद्द्रित पाइञ्चन् । कौषीतकिशाखा र शाङ्खायनीयशाखा एउडै शाखाका नाम हुन् भन्नि पनि कसै-कसैको भनाइ छ । तर प्राचीन उल्लेखहरुबाट पनि इ दुइ मिल्दा-जुल्दा तर पृथक् नै शाखा भाको बुजिञ्च ।

यजुर्वेद र यजुर्वेदका दुइ वर्ग

यज्ञमा अद्ध्वर्युले वा अद्ध्वर्युगणका ऋत्विक्हरुले गरिनि कर्मको र तत्सम्बद्ध अरु कुराको पनि प्रतिपादन गर्नि वेद यजुर्वेद भनिञ्च । यजुः भनेको यज्ञका क्रियालाइ सम्झाउनि पादविभाग नभाको मन्त्र-वाक्य हो । एस्तै वाक्यको प्राधान्य हुनाले एस वेदलाइ यजुर्वेद भनिएको हो । यज्ञको प्रमुख स्वरूपको प्रतिपादन मुक्य रूपमा यजुर्वेदका ब्राह्मण-ग्रन्थमा नै गरिएको हुञ्च । विविध सोमयागहरुको अधिक प्रतिपादन भने सामवेदका ब्राह्मणमा पनि पाइञ्च । यजुर्वेदलाइ अद्ध्वर्यु-वेद पनि भञ्चन् । यजुर्वेदमा कृष्णयजुर्वेद र शुक्लयजुर्वेद भन्नि दुइ वर्ग छन् । मन्त्रभाग र ब्राह्मणभाग प्राय छासमिस भएको र प्रयोगबड यातयाम (वासिजस्तो) हुनि यजुर्वेद कृष्णयजुर्वेद भनिञ्च । मन्त्रभाग र ब्राह्मणभाग प्राय अलग-अलग भएको र प्रयोगवड यातयाम (वासिजस्तो) नहुनि यजुर्वेद शुक्लयजुर्वेद भनिञ्च । कृष्णयजुर्वेद र शुक्लयजुर्वेदका इ दुइ वर्गको विभाग पुराणहरुमा पनि कथाद्वारा देखाय्या छ ।

(क) कृष्णयजुर्वेदका शाखा

कृष्णयजुर्वेदका ८६ शाखाहरु भएको कुरा प्राचीनग्रन्थ-हरुमा पाइञ्च । ऐले पाइनि कृष्णयजुर्वेद-शाखाहरुको सङ्क्षिप्त विवरण तल दिइञ्च—

(१) तैत्तिरीयशाखा— एस शाखाको संहिता तैत्तिरीयसंहिता भनि प्रसिद्ध छ । ऋग्वेदादिमा संहिता भन्नाले मन्त्रहरुको सङ्ग्रह बुजिञ्च । तर कृष्णयजुर्वेदमा तेस्तो कुरा बुजिन्न । त्यहाँ संहितामा पनि ब्राह्मणभाग धेरै नै छासमिस भएको पाइञ्च । ब्राह्मण भनिनि भागमा पनि मन्त्र पनि धेरै नै देखिञ्चन् । तसर्थ कृष्णयजुर्वेदमा संहिता र ब्राह्मण भन्नि नाम केवल प्रसिद्धि-मूलक देखिञ्चन् । तैत्तिरीयब्राह्मण

र तैत्तिरीयारण्यक (तैत्तिरीयोपनिषद्) पनि उपलब्ध्य छन् । वस्तुतः इ सबै तैत्तिरीयचरणका आत्रेयशाखाका ग्रन्थ हुन् भन्नि कुरा भट्टभास्करका भाष्यबड बुजिञ्च । चरण र शाखा एउडै हुन् भन्नि धेरैको ठनाइ पाइञ्च । तर मिल्दाजुल्दा शाखाहरुको समुदायलाइ चरण भनि प्राचीन कालमा व्यवहार हुनि गर्‍या बुजिञ्च । इनै संहिता– ब्राह्मणहरुसित सम्बन्ध राखि आपस्तम्बश्रौतसूत्र, हिरण्यकेशि– (सत्याषाढ–) श्रौत–सूत्र, भारद्वाजश्रौतसूत्र (अपूर्ण) पाइञ्चन् । वौधायनश्रौतसूत्र र वाधूलश्रौतसूत्र पनि तैत्तिरीयसंहिता– ब्राह्मणसित सम्बन्ध राखि मानिञ्चन् तापनि वस्तुतः इ अरु नै शाखाका ग्रन्थ प्रतीत हुञ्चन् भन्नि अनुसन्धाताहरुको भनाइ देखिञ्च । वैखानसश्रौतसूत्र पनि उक्त संहिता–ब्राह्मणादि-ग्रन्थसित सम्बन्ध राखि ग्रन्थ मानिए पनि वस्तुतः यो कृष्णयजुर्वेदका संहिता– ब्राह्मण–श्रौतसूत्रहरुका आधारमा रचिएको वैष्णव–तन्त्रवड अति नै प्रभावित सूत्रग्रन्थ देखिञ्च । वस्तुतः एउडै संहिता– ब्राह्मणका अनुगामि धेरै श्रौतसूत्र हुनु तेति मिल्दो कुरो देखिँदैन । तसर्थ उक्त आपस्तम्वादि- विरचित सूत्रहरुका आँफ्ना–आँफ्ना संहिता– ब्राह्मण–ग्रन्थ हुँदा हुन्; तिनको अद्ध्ययन– परम्परा टुटे पछि आपना सूत्रसित मिल्दोजुल्दो संहिता–ब्राह्मणग्रन्थको अद्ध्ययन– अनुसरण गर्न थालिएको होला भन्नि देखिञ्च । कतिपय विचारकहरु एउडै संहिता–ब्राह्मणग्रन्थका अद्ध्येताहरुमा पनि सौत्र शाखाभेद हुन सविन ठाञ्चन् । उपर्युक्त श्रौतसूत्रहरुका प्राय सबैका आँपना–आँपना अनुगामि पृथक् पृथक् गृह्यसूत्र– धर्मसूत्रहरु पनि पाइञ्चन् । एस शाखाका अद्ध्येता ब्राह्मणहरु दक्षिण– भारतमा प्रशस्त पाइञ्चन् । महाराष्ट्रमा पनि छन् ।

(२) मैत्रायणीय-शाखा— एस शाखाका मैत्रायणीय– संहिता, मैत्रायणीयारण्यकोपनिषद्, वाराहश्रौत–

सूत्र, वाराहगृह्यसूत्र एति ग्रन्थ पाइञ्चन् । मानवश्रौतसूत्र र मानवगृह्यसूत्र पनि साधारणतया उक्त संहितासितै सम्बद्ध मानिञ्चन् ।

(३) **कठशाखा**— एस शाखाको काठकसंहिता पाइञ्च । ब्राह्मण र श्रौतसूत्र पाउन सकिएको छैन । कठोपनिषद् वा काठकोपनिषद् र भाष्यत्रयसहित काठकगृह्यसूत्र (लौगाक्षिगृह्यसूत्र) पाइञ्चन् ।

(४) **कपिष्ठलकठ शाखा**— एस शाखाको संहिता अपूर्ण रूपमा प्राप्त छ र मुद्रित पनि छ ।

(ख) शुक्लयजुर्वेदका शाखा

शुक्लयजुर्वेदका १५ शाखाहरु भएको कुरा चरणव्यूहादि प्राचीन ग्रन्थहरुमा पाइञ्च । तर ऐले प्रधान रूपमा दुइ शाखा मत्रै पाइञ्चन् । अरु शाखाका कुनै–कुनै ग्रन्थ मत्रै पाइञ्चन् ।

(१) **माद्ध्यन्दिनीय–वाजसनेयि–शाखा**— एस शाखाका माद्ध्यन्दिनीय–वाजसनेयि–शुक्लयजुर्वेदसंहिता, माद्ध्यन्दिनीय– वाजसनेयि– शतपथब्राह्मण, कात्यायनश्रौतसूत्र, पारस्करगृह्यसूत्र र अरु धेरै परिशिष्टग्रन्थहरु पनि पाइञ्चन् । धर्मसूत्र भने उपलब्ध छैन । धेरै जसो नेपालि उपाद्ध्यायब्राह्मण एसै शाखाका अद्ध्येता छन् ।

(२) **काण्व–वाजसनेयि–शाखा**— एस शाखाका काण्व-वाजसनेयि- शुक्लयजुर्वेदसंहिता, काण्व-वाजसनेयि-शतपथब्राह्मण र केइ काण्व-परिशिष्टहरु पाइञ्चन् । श्रौतसूत्र र गृह्यसूत्र छुट्टै छैनन् । कात्यायनश्रौतसूत्र– र– पारस्करगृह्यसूत्रको नै एस शाखाका अद्ध्येताहरु पनि अनुसरण गर्चन् । एस शाखामा पनि धर्मसूत्र उपलब्ध छैन । एस शाखाका कतिपय अद्ध्येता आजभोलि पनि वाराणसीमा

पाइञ्चन् ।

(३) कात्यायन–वाजसनेयि- शाखा— एस शाखाको कात्यायन– (वाजसनेयि–) शतपथब्राह्मणको केइ भाग केइ समय अगिसम्म पाइँदै गरेको कुरा सुनिएको छ । कात्यायनगृह्यसूत्र भन्नि ग्रन्थका हस्तलेख भेटिएको कुरा अनुसन्धाताहरुले लेख्या छन् । कात्यायनगृह्यसूत्र भनि एउटा ग्रन्थ मुद्रित-प्रकाशित पनि भा छ ।

(४) बैजवाप–वाजसनेयि–शाखा— एस शाखाको बैजवापगृह्यसूत्र भन्नि ग्रन्थ पाइञ्च ।

सामवेद र सामवेदका शाखा

यज्ञमा उद्गाताले वा उद्गातृगणका ऋत्विक्ले गर्नि कर्मको र तत्सम्बद्ध कुराको प्रतिपादन गर्नि वेद सामवेद भनिञ्च । गीतिहरुलाइ (गानका भाकाहरुलाइ) साम भञ्चन् । गायत्र, बृहत्, रथन्तर, वैरूप, वैराज, शाक्वर, रैवत, वारवन्तीय, यज्ञायज्ञीय इत्यादि सामका प्रकार धेरै छन् । साम चडाइ (भाका हालि) गाइनि ऋचाहरुको प्राधान्य हुनाले एस वेदलाइ सामवेद भनिएको हो । सामवेदका आर्चिक – संहितामा जुन–जुन ऋचामा साम–विशेषको उत्पत्ति वा विशेषसम्बन्ध हुञ्च तेस्ता ऋचाहरुको र ति–ति सामहरु यज्ञादिमा जुन तृच– (ऋचात्रय-) मा गाइञ्चन् तेस्ता तृच– (ऋचात्रय) हरुको सङ्ग्रह हुञ्च । प्राय ऋचाहरु ऋग्वेदबाट लिया जस्ता देखिञ्चन् । ऋग्वेदमा नभएका ऋचा सामवेदमा थोरै मत्रै पाइञ्चन् । उदाहरणार्थ साम-वेदका कौथुमशाखाका आर्चिकसंहिताका १८७५ ऋचामद्दे पुनरुक्त ऋचा २७२ घटाउँदा १६०३ ऋचा हुञ्चन् र तिमद्दे १५०४ ऋचा ऋग्वेदका आश्वलायनीय शाखामा र शाङ्-खायनीयशाखामा पाइञ्चन्, ९९ ऋचा मत्रै ऋग्वेदका उक्त शाखाहरुमा नपाइनि ऋचा छन् भनि अनुसन्धाताहरु

भञ्चन् । सामवेदका १००० शाखाहरु भएको कुरा प्राचीन ग्रन्थहरुमा पाइञ्च । ऐले प्रधानरूपमा २ शाखाका ग्रन्थ मत्रै पाइञ्चन् । अरु केइ शाखाका केइ ग्रन्थ मत्रै वा केइ अनुयायि मत्रै पाइञ्चन् । एस्ता शाखाको सङ्क्षिप्त विवरण तल प्रस्तुत छ ।

(१) जैमिनीयशाखा— एस शाखाका जैमिनीयसंहिता, जैमिनीयब्राह्मण, जैमिनीयार्षेयब्राह्मण, जैमिनीयोपनिषद्ब्राह्मण र तदन्तर्गत केनोपनिषद्, जैमिनीयश्रौतसूत्र, जैमिनीयगृह्यसूत्र इत्यादि ग्रन्थहरु मुद्द्रित–प्रकाशित छन् । जैमिनीमगानसंहिता पनि मुद्द्रित भाको छ । एस शाखाका अद्ध्येताहरु केरलप्रदेशका चेरत्तुरुथि– मण्डलका पाञ्जाड् गाममा छन् । केरलकै पालघाटका कुटुन्तिरिपिल्लि गाममा पनि छन् अरे । ति–मद्दे स्वशाखीय–सर्व–साम–गानज्ञ मानिनि पाञ्जाड्निवासि ८० वर्षका मुट्टत्तु काट्टिल् मामण्ण इट्टि रवि नम्बुदरिलाइ र पाञ्जाड्कै दोस्त्रो कक्षाका सामगायक सुब्रह्मण्यम् नम्बुदरिलाइ पनि एस लेखकले आँफ्नु केरलभ्रमणका अवसरमा भेटचाथ्यो । वाँहाहरुले आफ्नु शाखालाइ जैमिनीयशाखा (वा तलवकारशाखा) भनेको सुनियो । श्रौत–सूत्र-गृह्यसूत्रका विषयमा वाँहाँहरुको भनाइ सन्तोषजनक पाःयेन । एस प्रसङ्गमा वाँहाँहरुवड कौषीतकसूत्रम् पगडीयसूत्रम् (आश्वलायनसूत्रम् ?) र सामच्चाटङ्ङ (सामक्रियाक्रम) को उल्लेख भा थ्यो । एस शाखाको एस्तो विवरण बलदेव उपाध्यायादिले दिएको देखिदैन ।

(२) कौथुमशाखा— एस शाखाका आर्चिकसंहिता (योनिमन्त्रसंहिता), गानसंहिता; (१) ताण्डचब्राह्मण (पञ्चविंशब्राह्मण, वा प्रौढब्राह्मण वा महाब्राह्मण) (२) षड्विंशब्राह्मण (अद्भुतब्राह्मणसहित), (३) सामविधानब्राह्मण, (४) आर्षेयब्राह्मण, (५) देवताद्ध्यायब्राह्मण, (६) छान्दोग्यब्राह्मण

(मन्त्रब्राह्मण+छान्दोग्योपनिषद्), (७) संहितोपनिषद्ब्राह्मण, (८) वंशब्राह्मण; लाट्यायनश्रौतसूत्र, आर्षेयकल्प (मशककल्प) क्षुद्रकल्प, प्रतिहारसूत्र, निदानसूत्र, उपनिदानसूत्र, गोभिलगृह्य-सूत्र, गौतमधर्मसूत्र इत्यादि ग्रन्थ पाइञ्चन् । दक्षिणदेश-वासि कौथुमशाखाद्ध्यायिहरु द्राह्यायण- श्रौतसूत्रलाइ र खादिरगृह्यसूत्रलाइ स्वशाखीयसूत्र माञ्चन् भनि रामनाथ दीक्षितले लेखेका छन् । इ सूत्र राणायनीय-शाखाका हुन् भन्नि कुन्दनलालशर्माको भनाइ छ । मिथिलाका छन्दोगहरु एसै शाखाका अद्ध्येता बुजिञ्चन् ।

(३) **राणायनीयशाखा**— एस शाखाका संहिता, ब्राह्मण, श्रौतसूत्र, गृह्यसूत्र आदि स्वतन्त्ररूपमा पाँइदैनन्; कौथुमशाखाका ग्रन्थ नै एस शाखाका अद्ध्येताहरु पनि पड्चन्; तिनिहरु द्रमिड (तमिल) देशमा वश्चन् भनि रामनाथ दीक्षितले लेखेका छन् । प्रपाठक अर्ध-प्रपाठक र दशति भनि प्रकरणविभाग गरिया आर्चिक-संहिता कौथुमशाखाको हो र अद्ध्याय र खण्ड भनि प्रकरणविभाग गरिया तेइ आर्चिक-संहिता राणायनीयशाखाको हो भन्नि भनाइ कुन्दनलालशर्माको पाइञ्च । निजले नै आर्का ठाममा राणायनीयसंहिता कौथुमसंहिता-भन्दा सानो छ र यो मुद्द्रित भा छैन भनेर पनि लेख्या देखिञ्च । द्राह्यायण-श्रौतसूत्र र खादिरगृह्यसूत्र राणायनीयशाखाका हुन् भन्नि भनाइ पनि कुन्दनलालशर्माको छ ।

(४) **गौतमीयशाखा**— एस शाखाका केइ अनुयायिहरु दक्षिणदेशमा भाको कुरा रामनाथदीक्षितले लेखेका छन् । गौतमधर्मसूत्र एसै शाखाको हो भन्नि कसैको भनाइ देखिञ्च । गौतमपितृमेधसूत्रको पनि कसैले एसै शाखासित सम्बन्ध देखिञ्च भनेका छन् । यो ग्रन्थ प्रकाशित पनि भाको देखिञ्च । गौतमीयशिक्षा भन्नि एक सामवेदीय शिक्षाग्रन्थ पनि प्रकाशित छ।

अथर्ववेद र अथर्ववेदका शाखा

अथर्वा ऋषिले वा उनका कुलका ऋषिले देखेर प्रकाशित गरेका मन्त्रहरुको प्राधान्य हुनाले एस वेदलाइ अथर्ववेद भनिएको बुजिञ्च । अथर्वाको शाब्दिक अर्थ अहिंसक वा अकुटिल भन्नि मानिएको छ । अथर्ववेदलाइ अथर्वाङ्गिरस पनि भञ्चन् । अथर्वाका कुलका र अङ्गिराका कुलका ऋषिले देखेर प्रकाशित गरेका मन्त्रहरुको प्राधान्य हुनाले तेसो भनिएको बुजिञ्च । एस वेदलाइ ब्रह्मवेद पनि भञ्चन् । एसबड एस वेदको यज्ञका ब्रह्मासित वा ब्रह्मगणका ऋत्विक्सित सम्बन्ध भएजस्तो देखिनजाञ्च । किन्तु सोमयागमा पनि अथर्ववेदको प्रयोग हुँदैन । अथर्ववेदमा शान्तिक–पौष्टिक–आभिचारिक कर्महरुका विशेष–विधान देखिञ्चन् । अथर्ववेदमा चिकित्साविज्ञानका र ब्रह्मज्ञान– (आत्मज्ञान-) का कुरा पनि धेरै देखिञ्चन् । राजाले अथर्ववेदज्ञ ब्राह्मणलाइ पुरेत बनाउनु भन्नि विधान पाइञ्च । शासक पुष्यमित्रका पुरोहित वा ऋत्विक् पाणिनीय– व्याकरणका भाष्यकार पतञ्जलि मुनिले वेदवाक्यको उल्लेख गर्दा पैलेइ पैप्पलादशाखाको 'शन्नो देवीः' इत्यादि पैलो मन्त्रको उल्लेख गरेकाले उनि अथर्ववेदको पैप्पलादशाखाका अद्ध्येता भाको बुजिञ्च । अथर्ववेदका ९ शाखा भाको कुरा पनि उनैले लेख्या छन् । एस विषयमा अरु मतमतान्तर पनि छन् । ऐले भने प्रमुख रूपमा अथर्ववेदका २ शाखा मत्रै पाइञ्चन् । तिनको सङ्क्षिप्त विवरण तल प्रस्तुत छ –

(१) पैप्पलादशाखा— एस शाखाका पैप्पलादाऽथर्ववेदसंहिता र गोपथब्राह्मण इ दुइ ग्रन्थ पाइञ्चन् । पैप्पलादशाखाका अद्ध्येता ब्राह्मणहरु उत्कलप्रदेश-(उडिस्सा-) मा भाका र पैप्पलादसंहिता अखण्डित रूपमा त्याँहाँ पाय्या कुरा दुर्गामोहन भट्टाचार्यले लेखेका छन् । एस शाखाको एस्तो विवरण बलदेव उपाद्ध्यायादिले दिन सकेको देखिँदैन ।

(२) शौनकिशाखा— एस शाखाका शौनकीय-अथर्ववेदसंहिता, मुण्डकोपनिषद्, प्रश्नोपनिषद्, कौशिकसूत्र, वैतान-सूत्र र अथर्वपरिष्टहरु इत्यादि ग्रन्थ पाइन्छन् । गुर्जरप्रान्तका (गुजरातका) पञ्चोलि ब्राह्मणहरु एस शाखाका अद्ध्येता भाको बुजिन्छ ।

वेदाङ्गहरु

वेदको स्वरूप प्रयोग अर्थ र तात्पर्य अञ्जित (स्पष्ट) गर्न[1] मुनिहरुले मन्त्रब्राह्मण-ग्रन्थवाट अर्थवादादिलाइ छोडेर विधिहरुका सङ्ग्रह गरि तथा अपेक्षित परिपूर्ति समेत गरेर[2] (१) शिक्षा (२) कल्प (३) व्याकरण (४) निरुक्त (५) छन्द-शशास्त्र (६) ज्योतिष इ छ शास्त्रहरु बनाका छन् । कोइ षड्दर्शन-लाइ षट्शास्त्र ठान्छन् । वस्तुत इ नै छ वेदाङ्ग षट्शास्त्र हुन् । इनको सङ्क्षिप्त परिचय तल छ ।

(१) शिक्षा— अकारादि वर्ण, उदात्तादि स्वर, ह्रस्वादि मात्रा, वर्णोच्चारणका कण्ठादि स्थान, जिह्वा-मूलादि करण, सवँ्वारादि प्रयत्न, वर्णोच्चारण-गुण-दोष, पदान्त-पदादि-सन्धिनियम इत्यादि कुरा बुजाइ वेदको वर्णस्वरानुपूर्वी स्पष्ट गरि जान्न सहायता गर्नि शास्त्र शिक्षा वा शिक्षाशास्त्र भनिन्छ । शिक्षणशास्त्रसित अर्थात् सिक्नि सिकाउनि कुरासित

---

१. " उपदेशायग्लायन्तोऽवरे विल्मग्रहणायेमङ्ग ग्रन्थं समाम्नासिषुर् वेदञ्च वेदाङ्गानि च" – निरुक्त १।७।४।

२. " कविभिराचार्यैर्वेदार्थकुशलैर् वेदार्थेभ्यो निष्कृष्य कर्मार्थं सुबोधा-नीमानि विद्यास्थानानि प्रवर्तितानि-शिक्षा कल्पो व्याकरणन् निरुक्तञ् छन्दो ज्योतिषन् धर्मशास्त्रम् पुराणन् न्यायविस्तरो मीमांसादीनि"- ऋग्वेदप्रातिशाख्यको वर्गद्वयको विष्णुमित्रकृत-वृत्ति ।

सम्बन्ध राखि आधुनिक विद्यासित सम्बन्ध भाका कुरा पनि शिक्षामा प्रासङ्गिक रूपमा आँउँचन् । एस शास्त्रको ज्ञान नभएमा वेदको शुद्ध उच्चारण गर्न गराउन र तेसको परम्परा बचाँउन गारो पर्च । शिक्षाशास्त्रका ग्रन्थमद्दे वेदका तत्–तत् शाखासित सम्बन्ध राखि ऋग्वेदप्रातिशाक्ख्य, तैत्तिरीयप्रातिशाक्ख्य, शुक्लयजुर्वेदप्रातिशाक्ख्य, ऋक्तन्त्र, सामतन्त्र, फुल्लसूत्र, अथर्ववेदप्रातिशाक्ख्य (चतुरद्ध्यायिका), शैशिरीयशिक्षा, व्यासशिक्षा, याज्ञवल्क्यशिक्षा, नारदीयशिक्षा, माण्डूक्यशिक्षा; र वेदलोकसाधारण आपिशलिशिक्षासूत्र पाणिनीयशिक्षासूत्र पाणिनीयशिक्षा इत्यादि ग्रन्थ प्रसिद्ध छन् ।

(२) **कल्प**– आफ्नु शाखाका मन्त्रसंहिता र ब्राह्मणमा नभाका तर सङ्ग्रह गर्न पनि कुराहरुको अरु शाखाका मन्त्रसंहितावड र ब्राह्मणबड पनि सङ्ग्रह समेत गरेर मुक्ख्य रूपमा स्वशाखाका मन्त्रसंहिताका र ब्राह्मणग्रन्थका आधारमा वैदिक यज्ञको प्रयोगको व्यवस्था गर्नि शास्त्र कल्प वा कल्पशास्त्र भनिञ्च । एस शास्त्रको ज्ञान नभएमा वैदिक यज्ञको राम्ररि सम्पादन गर्न सकिँदैन । तत्–तत् शाखाका कल्प– ग्रन्थहरुमा आश्वलायनश्रौतसूत्र, शाङ्खायनश्रौतसूत्र, बौधायनश्रौतसूत्र, आपस्तम्बश्रौतसूत्र, वाराहश्रौतसूत्र, मानव- (मैत्रायणीय–) श्रौतसूत्र, कात्यायनश्रौतसूत्र, लाट्ट्यायनश्रौतसूत्र, द्राह्यायण–श्रौतसूत्र, वैतानश्रौतसूत्र आदि ग्रन्थ प्रसिद्ध छन् ।

(३) **व्याकरण**– पदमा प्रकृति-प्रत्ययको कल्पना गरेर पदस्स्वरूप, पद र पदको अर्थको सम्बन्ध, पदको उदात्तादिस्वरानुपूर्वी इत्यादि स्पष्ट गरेर पदविश्लेषणलाइ द्वार बनाइ वाक्य र वाक्यार्थको सम्बन्ध इत्यादि देखाउनि शास्त्र व्याकरण भनिञ्च । एस शास्त्रको ज्ञान नभए यज्ञीय भाषाको प्रयोग गर्न, वेदार्थ बुज्न र तेसको परम्पराको रक्षा गर्न गारो पर्च । तेसमा पाणिनीयव्याकरणभन्दा पुराना व्याकरण ऐले पूर्ण

रूपमा उपलब्ध छैनन् । शाकटायन, शाकल्य, गार्ग्य, गालव, काश्यप, आपिशलि, भारद्वाज, चाक्रवर्मण, स्फोटायन, सेनक इ दश वैयाकरणहरुको पाणिनिले आफ्नो अष्टाद्ध्यायीमा उल्लेख गरेका छन् । इन्द्र, भरद्वाज, भागुरि, पौष्करसादि, चारायण, काशकृत्स्न, शान्तनव, वैयाघ्रपद्य, रौढि, व्याडि, गौतम, वाजप्यायन आदि अरु पनि ठुला वैयाकरण प्राचीनकालमा भएका देखिञ्चन् । पाणिनि पछिका शर्ववर्माको कातन्त्रव्याकरण, चन्द्रगोमिको चान्द्रव्याकरण, देवनन्दि- (पूज्यपाद वा जिनेन्द्रबुद्धि) को जैनेन्द्रव्याकरण, पाल्यकीर्तिको जैनशाकटायनव्याकरण, महाराज भोजको भनिएको सरस्स्वतीकण्ठाभरणव्याकरण, जैन हेमचन्द्रको सिद्धहैमशब्दानुशासन इत्यादि व्याकरणग्रन्थहरु ऐले पनि पूर्ण रूपमा उपलब्ध छन् । किन्तु पाणिनिपछिका उक्त व्याकरणग्रन्थहरुमद्दे सरस्स्वतीकण्ठाभरणव्याकरण मत्त्रै वेदको अद्ध्ययनका लागि पनि विशेष उपयोगि देखिञ्च ।

(४) निरुक्त— निरुक्त भन्नाले व्याकरणले व्याक्ख्या गर्न गारो पनि पद-पदार्थ-सम्वन्धको निरूपण गर्नि नियमहरु देखाइ तेस्ता पद-पदार्थ-सम्वन्धको निरूपण गर्नि र मुक्ख्य रूपमा वैदिक देवता–वाचक–पद–पदार्थ–सम्वन्धको विवेचन र निर्णय गर्नि शास्त्र बुजिञ्च । एस सम्वन्धमा 'व्याकरणस्य कार्त्त्स्न्यं स्वार्थसाधकञ्च' भन्नि यास्कको भनाइ (निरुक्त १।५।१), छान्दोग्योपनिषद्को 'देवविद्याम्' भन्नि पदको (७।१।२) 'निरुक्तम्' भनि शङ्करभगवत्पादले गर्‍या विवरण, र यास्ककृत निरुक्तको स्वरूप पनि मननीय छन् । निघण्टुभाग पनि निरुक्तको आधारग्रन्थ भाकाले निरुक्तनामका वेदाङ्गभित्त्रै पनि देखिञ्च । एस शास्त्रको ज्ञान नभए वेदार्थ र वैदिक-देवताको स्वरूप बुज्न सकिँदैन । यास्कले व्याक्ख्या गर्‍या ऐले पाइनि निघण्टु महाभारतको उक्तिका आधारमा प्रजापति कश्यपले सङ्ग्रह गरेको देखिञ्च भन्नि कसैको भनाइ छ । यो भूमण्डलमा सबैभन्दा जेठो शब्दकोश

मानिञ्च । यास्ककृत निघण्टुभाष्य निरुक्तनामले प्रसिद्ध छ । निरुक्तकार यास्कभन्दा अगिका आग्ग्रायण, औदुम्बरायण, औपमन्यव. और्णवाभ, कात्थक्य, कौत्स, क्रौष्टुकि, गार्ग्य, गालव, चर्मशिरा, तैटीकि, मौद्गल्य, वार्ष्यायणि, शतवलाक्ष, शाकटायन, शाकपूणि, स्थौलाष्ठीवि नाम गरेका निरुक्त–विचक्षण आचार्यहरुका मतहरुको यास्कले उल्लेख गरेका छन् । तिनका पृथक् ग्रन्थ भने देखिएका छैनन् । 'कौत्सव्यनिघण्टु' भन्नि एक ग्रन्थ पाइञ्च । यो अथर्वपरिशिष्टहरुमद्दे एक मानिञ्च ।

(५) छन्दः (छन्दश्शास्त्र)– गलाको सोरको परिमाणविशेषका नियम देखाउनी; मा, प्रमा, प्रतिमा, उक्था, अत्त्युक्था, गायत्री, उष्णिक्, अनुष्टुप्, बृहती, पङ्क्ति, त्रिष्टुप्, जगती इत्यादि छन्दका अक्षरसङ्ख्या, पाउ, वर्ण, देवता इत्यादि-प्रतिपादन गर्नि शास्त्र छन्दः वा छन्दश्शास्त्र भनिञ्च । वैदिक कर्ममा मन्त्रहरुको छन्द जान्न पर्नि हुँदा एस शास्त्रको ज्ञान आवश्यक हुञ्च । छन्दशास्त्रको विषय शौनकको ऋग्वेदप्रातिशाख्यमा, कात्यायनको ऋक्सर्वानुक्रमणीमा र माद्ध्यन्दिनीयवाजसनेयिसर्वानुक्रमसूत्रमा पनि पाइञ्च । पिङ्गलको छन्दस्सूत्र एस विषयको स्वतन्त्र ग्रन्थ हो । एसमा वैदिकप्रकरण र लौकिकप्रकरण दुऐ छन् । निदानसूत्र र उपनिदानसूत्र सामवेदसम्बद्ध छन्दश्शास्त्र–ग्रन्थ हुन् । पिङ्गलच्छन्दस्सूत्रका लौकिक प्रकरणका आधारमा लेखिएका वृत्तरत्नाकर आदि लौकिक छन्दश्शास्त्रीय ग्रन्थ धेरै छन् ।

(६) ज्योतिष – सूर्यको र चन्द्रमाको चार-(गति-) को र नक्षत्र तिथि पक्ष मास ऋतु अयन सवँत्सर युग इत्यादि कालविशेषको निरूपण गर्नी; कालानुपूर्व यज्ञविधानको अनुगमन गर्न काम लाग्नि शास्त्र ज्योतिष भनिञ्च । वेदाङ्ग ज्योतिषमा लगधका आर्चज्योतिष र याजुषज्योतिष पाइञ्चन् ।

आथर्वणज्योतिष पनि पाइन्च । इ ग्रन्थको अर्थ जान्न गारो छ। ऐले प्रचलित पञ्चाङ्गका आधारभूत ग्रन्थ सूर्यसिद्धान्तादिका सिद्धान्तमा र वेदाङ्गज्योतिषका सिद्धान्तमा ठुलो फरक देखिन्च । एस विषयमा वैदिकधर्मानुयायि विद्वान्हरुले गम्भीर विचार गर्नु र तेसको उपलब्धिको प्रचार गर्नु आवश्यक देखिन्च ।

एस लेखकले भने वेदाङ्ग-मद्दे शिक्षाको अद्ध्ययन प्राय पुरा गरि ग्रन्थरचना समेत गरिसकेको छ[1]; कल्पशास्त्रको सामान्य अद्ध्ययन गरेको छ; व्याकरणको केइ विशेष अद्ध्ययन गरेको छ; पाणिनीय व्याकरणका आवश्यक वार्त्तिक, इष्टि, अत्त्यावश्यक गण र स्पष्टीकरण इत्यादि समेत मिलाइ शास्त्रान्तरका र अन्य व्याकरणका पनि अत्त्यावश्यक कतिपय कुरा समेत यथास्थान सङ्गृहीत गरि पाणिनीय अष्टाद्ध्यायीको एउडा अभ्यसनीय पाठको घेरै वर्षका अद्ध्ययन–परिश्रमले सम्पादन गरिसकेको छ; पाणिनीय–व्याकरणको वेदनिष्ठ व्याक्ख्या गर्नि परमावश्यकता देखेकाले तेसका लागि सामग्रीसङ्कलन गर्दैछ र समय –र–साधनको आनुकूल्यको प्रतीक्षामा छ; आफ्ना छोराछोरिलाइ वेदभाषा सिकाउनका लागि उपयोगि साना–तिना ग्रन्थ बनाउनमा र संस्कृतभाषाको सामान्य प्रचारका लागि आवश्यक ग्रन्थ बना–उनमा पनि एस लेखकले समय दिन परिराख्या छ; निरुक्तशास्त्रको पनि एस लेखकले राम्रै अद्ध्ययन गर्या छ र अमरकोशका शैलीमा वेदभाषानिघण्टुको रचना गर्दै छ; तेसका देववर्ग, ब्रह्मवर्ग, क्षत्त्रवर्ग, विश्श्यवर्ग, शौद्रवर्ग र मानुषवर्गका २००० जति अनुष्टुप्छन्दका श्लोक रचिसक्या छ । उपर्युक्त यास्ककृत निरुक्तको अद्ध्ययन पनि प्राय गतार्थ हुनि गरेर उक्त वेदभाषानिघण्टुको व्याक्ख्या लेख्नि योजना बनाउँदै छ; पिङ्गलच्छन्दस्सूत्रको

---

१. एस्ता ग्रन्थका प्रकाशनका लागि दान दिइ पुण्य कमाउन र कीर्ति राख्न चाहानि दातालाइ एस लेखकसित सम्पर्क गर्न अनुरोध छ ।

विस्तृत अद्ध्ययन र व्याक्ख्यान गर्नि विचार राख्या छ। एस क्रमले वेदाङ्गज्योतिषमा आइपुग्न एस लेखकलाइ धेरै समय लाग्निजस्तो छ; तथापि वेदाङ्गज्योतिषमा पनि गम्भीर अद्ध्ययन गर्न यो लेखक सामग्री जुटाउँदै छ; अरु विद्द्वान्हरुले पनि एस्ता काम गरिदिए इ कामको भार केइ हलुङ्गो हुँदो हो र वेदार्थ र वैदिक धर्मको प्रचारमा छिटो प्रगति पनि हुँदो हो भन्नि विचार राख्च।

वेदका उपाङ्गहरु

वेदका उपाङ्गहरुको सामान्यतया उल्लेख पुराण, रामायण, महाभारत आदिमा धेरै ठाममा पाँइञ्च। तर ति उपाङ्ग के के हुन् भन्नि कुरा दुर्लभ छ। गिरिधरशर्म–चतुर्वेदले निवन्धादर्शका ११९ पृष्ठमा "अथ चत्वार्युपाङ्गानि वेदानां सम्प्रचक्षते। धर्मशास्त्रम् पुराणञ् च मीमांसा न्यायविस्तरः" भन्नि श्लोक लेख्या छन्। यो काँको वचन हो त्याँबड था पाँइदैन। तथापि यो वचन याज्ञवल्क्य–स्मृतिको "पुराण–तर्क–मीमांसा–धर्मशास्त्रा-ऽङ्गमिश्रिश्चरताः। वेदास् स्थानानि विद्द्चानान् धर्मस्य च चतुर्दश" भन्नि वचनको अनुकूल छ। सीतोपनिषद् भन्नि ग्रन्थमा दसोडा जति उपाङ्गहरुको गणना छ। तर त्यो तेति प्रष्ट छैन[1]। शौनकीय चरणव्यूहमा, कातीयचरणव्यूहमा र कातीय (गोत्र-चरण-पृच्छा-) प्रतिज्ञामा (१) प्रतिपद, (२) अनुपद, (३) छन्दोभाषा, (४) धर्मशास्त्र, (५) मीमांसान्याय, र (६) तर्क इ छ उपाङ्-

---

१. सीतोपनिषद्मा उल्लिखित दश उपाङ्ग (१) अयनम् (वेदान्तशास्त्रम्), (२) मीमांसा, (३) न्यायविस्तरः, (४) धर्मज्ञसेवितार्थम् (पुराणम्), (५) वेदवेदः (उपासनाकाण्डम्), (६) निबन्धाः (नीतिशास्त्रम्), (७) सर्वशाखाः (स्वशाखेतरसर्ववेदशाखाः), (८) समयाचारसङ्गतिः, (९) धर्मशास्त्रम्, (१०) इतिहासपुराणाक्ख्यम् (भारतादि) हुन्। कोष्ठभित्र दिय्येका अर्थ उपनिषद्ब्रह्मयोगिका व्याक्ख्याअनुसारका हुन्।

गको गणना गरिया देखिञ्छ । तैत्तिरीय–प्रातिशाक्ख्यको त्रिभाष्यरत्न–व्याक्ख्यामा पनि "प्रतिपदञ् चाऽनुपदञ् छन्दोभाषा-समन्वितम् । मीमांसान्याय-तर्का- (धर्मा-) श् च उपाङ्गानि विदुर् बुधाः" भन्नि उल्लेख पाइञ्च । यो श्लोक केरलविश्वविद्यालयको हस्तलिखित–पुस्तकालयमा रया शिक्षासमुच्चय भन्नि ग्रन्थमा पनि उल्लिखित देखिञ्च (COL NO. 1726/N. 32A) । वैदिकवाङ्मयको विवरण गर्नि बलदेव उपाद्ध्यायादिको उपाङ्गको विवरण दिन तिर विचार नपुगेको देखिञ्च । सात खण्डमा हजा–रन् पृष्ठहरुमा वैदिकवाङ्मयको बृहद् इतिहास लेख्ता पनि कुन्दन–लालशर्माले पनि वेदका उपाङ्गहरुको विवेचन–विवरण गर्नमा दृष्टि पुऱ्याएनचन् । तसर्थ एस विषयमा लेख्न नौलो कुरा हुनाले गारो पऱ्या छ । तथापि बेदका उपर्युक्त छ उपाङ्गहरुको यथामति गरिया बिवरण तल प्रस्तुत छ—

(१) **प्रतिपद**— एस उपाङ्गको विवरण महीदासको वा अण्णाशास्त्रिको वा श्रीधरशास्त्रिको वा अरु कसैको पनि सन्तोषजनक देखिँदैन । एस लेखकका विचारमा यो प्रतिपद भन्नि उपाङ्ग शमान, विसर्गलोपाभाव, रङ्ग, विलङ्घ्य, न-त-पर, अर्वाण, अनवग्रह इत्यादि जस्तो, शिक्षारूप वेदाङ्गको अनुगामि पदपाठज्ञानोपयोगि विद्या हो । एस प्रकारका ग्रन्थ अमुद्रित रूपमा हस्तलिखित-पुस्तकालयहरुमा धेरै पाइञ्चन् । कतिपय ग्रन्थ लघु ऋक्तन्त्रसङ्ग्रहका परिशिष्टका रूपमा मुद्रित प्रकाशित पनि छन् । एस कुराको अल्लि विस्तृत विवरण एस लेखकले 'वैदिकयज्ञा औपनिषदमात्मज्ञानञ् च' भन्नि आँपनु विद्याबारिधिको अनुसन्धाननिबन्धमा र प्रकाशित भै नसकेको आँपनु शिक्षाशास्त्रको इतिहासमा दिया छ । प्रतिपद भन्नि उपाङ्गको स्वरूपको निश्चय गर्नमा रुचि राख्निहरुले अरु पनि खोजिनिति गर्नु राम्रो देखिञ्च ।

(२) **अनुपद**— एस उपाङ्गको पनि राम्रो परिचय महीदासादिबाट प्राप्त हुन सकेको छैन। अनुपदसूत्र र कल्पानुपदसूत्र भन्नि सामगानसम्बद्ध ग्रन्थ उपलब्ध्य छन्। एसबड अनुपद भन्नि उपाङ्गको कल्परूप अङ्गसित सम्बन्ध भाको बुजिञ्च।

(३) **छन्दोभाषा**— एस उपाङ्गको पनि राम्रो परिचय महीदासादिवड प्राप्त हुन सक्या छैन। वेद-वेदाङ्ग-का पद-वाक्यहरुको एक–एक गरि गरिनि व्याक्ख्या नै छन्दोभाषा भनिनि, व्याकरण-र-निरुक्तको अनुगामि उपाङ्ग होला भन्नि एस लेखकको विचार छ। वेद–वेदाङ्गका व्याक्ख्या–भाष्यहरुको परम्परा पनि पुरानो भाको कुरा "वेदवेदाङ्गभाष्यवित्" भन्नि महाभारतशान्तिपर्वको (चित्रशालासंस्करण, ३२४।२३) र "पृच्छतेह मुनिश्रेष्ठान् वेदभाष्यार्थकोविदान्" भन्नि हरिबंश-विष्णुपर्वको (गीताप्रेसको संस्करण ८३।१४) उल्लेखबड समेत बुजिञ्च। माहिषेयले पनि तैत्तिरीयप्रातिशाक्ख्यको आँफुले रचेको व्याक्ख्यालाइ छन्दोभाषा भन्या देखिञ्च।

(४) **धर्मशास्त्र**— स्मृतिहरु धर्मशास्त्र भनिञ्चन्। स्मृतिहरु विभिन्न प्रकृतिका र विभिन्नै कोटिका छन्। उपर्युक्त सबै वेदाङ्गहरु र प्राय सबै उपाङ्गहरु पनि स्मृति भनि-ञ्चन् ता पनि उपाङ्गका रूपमा उल्लिखित धर्मशास्त्रमा वेदाङ्ग-हरुलाइ र अन्य उपाङ्गहरुलाइ छाडेर अवशिष्ट स्मृतिहरुको र स्मृतिजस्ता परिशिष्ट-पुराणादिको पनि अन्तर्भाव मान्न आवश्यक देखिञ्च। यो धर्मशास्त्ररूप उपाङ्ग कल्परूप अङ्गको अनुगामि देखिञ्च। धर्मशास्त्र–अन्तर्गत आँउनि विभिन्न कोटिका स्मृतिहरुको विवरण तल प्रस्तुत छ—

(क) **गृह्यसूत्र**— वेदमा ठामठाममा छरि-एर रहेका वाक्यहरुले प्रतिपादन गरिएका वा सूचित गरिएको वा

आकाङ्क्षित गरिएका तथा मुख्य रूपमा पुरुषसंस्कारपरक अत्यावश्यक कर्महरुको प्रतिपादन गर्नि परम्परागत सूत्रविशेष-हरु गृह्यसूत्र भनिञ्चन् । एस्ता गृह्यसूत्र प्राय आँपना-आँपना शाखाका अलग-अलग हुञ्चन् । तत्-तत्-शाखाका अनुयायिहरुका लागि आँ-आँपना गृह्यसूत्रहरु स्वशाखावेदजस्तै अनुसरणीय मानिञ्चन् । ऋग्वेदिहरुका आश्वलायन-गृह्यसूत्र, कौषीतकि-(शाम्भव्य-) गृह्यसूत्र, शाङ्खायनगृह्यसूत्र; कृष्णयजुर्वेदिहरुका आपस्तम्बगृह्यसूत्र, हिरण्यकेशि- (सत्याषाढ--) गृह्यसूत्र, भारद्वाजगृह्यसूत्र, वाराहगृह्यसूत्र, मानव-मैत्रायणीयगृह्यसूत्र, काठक-(लौगाक्षि-) गृह्यसूत्र, वौधायानगृह्यसूत्र, आग्निवेश्य-गृह्यसूत्र, वैखानसस्मार्त (गृह्य-) सूत्र; शुक्लयजुर्वेदिहरुका पारस्करगृह्यसूत्र, कात्यायनगृह्यसूत्र, वैजवापगृह्यसूत्र; साम-वेदिहरुका जैमिनीयगृह्यसूत्र, गोभिलगृह्यसूत्र, खादिरगृह्यसूत्र, कौथुमगृह्यसूत्र; अथर्ववेदिहरुका कौशिकसूत्र एति तत्-तत् शाखाका गृह्यसूत्र ऐले पनि पाइञ्चन् ।

(ख) धर्मसूत्र— श्रौतयज्ञमा वा गृह्यकर्ममा अपेक्षित हुनि, श्रुतिले भनेको वा सूचित गरेको वा आकाङ्क्षित गरेको वा श्रुतिको अनुकूल, सदाचारपरम्परागत धर्मको विधान गर्नि सूत्रविशेषहरु धर्मसूत्र भनिञ्चन् । एस्ता धर्मसूत्र पनि प्राय आँपना-आँपना शाखाका अलग-अलग हुञ्चन्; तथापि उपलब्ध्य-मान शाखाका पनि धेरैका धर्मसूत्र लुप्त हुन गएका बुजिञ्चन् । धर्मसूत्रहरुमा ऐले ऋग्वेदिहरुको वसिष्ठधर्मसूत्र; कृष्णयजुर्वेदि-हरुका आपस्तम्बधर्मसूत्र, हिरण्यकेशि-(सत्याषाढ--) धर्मसूत्र, वौधायनधर्मसूत्र, विष्णुधर्मसूत्र, वैखानसधर्मसूत्र; शुक्लयजुर्वेदि-हरुको शङ्खलिखितधर्मसूत्र (प्रकीर्णवचनसङ्ग्रहमात्र उपलब्ध्यमान), सामवेदिहरुको गौतमधर्मसूत्र; तथा शाखासम्बन्ध वा वेदसम्बन्ध ज्ञात नभएका कश्यप-धर्मसूत्र र सुमन्तुधर्मसूत्र पनि पाइञ्चन् ।

(ग) **परिशिष्टहरु**— श्रौतयज्ञमा वा गृह्य-कर्ममा अपेक्षित कर्मादिका र श्रुतिले भनेका वा सूचित गरेका वा आकाङ्क्षा गरेका वा श्रुतिका अनुकूल अर्थका प्रतिपादक तत्-तत्-शाखा-सम्बद्ध परिशिष्टग्रन्थहरु पनि धर्मशास्त्र-अन्तर्गत पर्छन्। एस्ता परिशिष्टग्रन्थहरु धेरै पाइन्छन्। सबैको उल्लेख गरेर साद्ध्य छैन। वेदिको नापो आदि कुराका प्रतिपादक र ज्यामितिका सिद्धान्तका भूमण्डलका जेठा ग्रन्थ मानिनि शुल्वसूत्रहरु पनि सबै परिशिष्ट नै बुझिन्छन्। ऐले कात्यायनशुल्वसूत्र, बौधायनशुल्वसूत्र, आपस्तम्बशुल्वसूत्र, मानवशुल्वसूत्र, मैत्रायणीयशुल्वसूत्र, वाराहशुल्वसूत्र र वाधूलशुल्वसूत्र पाइन्छन्। इ मद्दे अगिल्ला चारोडा महत्त्वपूर्ण मानिन्छन्। माद्ध्यन्दिनीय-वाजसनेयिशुक्लयजुर्वेदसित सम्बन्ध राख्नि अट्ठारओडा परिशिष्टहरुको शौनकीयचरणव्यूहमा र कातीयचरणव्यूहमा पनि उल्लेख पाइन्छ। ति परिशिष्ट इ हुन्— (१) यूपलक्षणम्, (२) छागलक्षणम्, (३) [गोत्र-चरण-पृच्छा-] प्रतिज्ञा, (४) अनुवाकसङ्ख्या, (५) चरणव्यूहः, (६) श्राद्धकल्पः, (७) शुल्वसूत्रम्, (८) ऋग्यजुषम्, (९) पार्षदम्, (१०) इष्टकापूरणम्, (११) प्रावरिकासूत्रम्, (१२) मूल्याद्ध्यायः, (१३) उञ्छशास्त्रम् (१४) निगमाः, (१५) यज्ञपार्श्वे, (१६) हौत्रिकम्, (१७) प्रसवोत्थानम्, (१८) कूर्मलक्षणम्। इनका अतिरिक्त वापीकूपतडागारामदेवतायतनप्रतिष्ठा, त्रिकण्डिकस्नानसूत्रम्, प्रतिज्ञासूत्रम्, भाषिकसूत्रम्, सूत्रमन्त्रप्रकाशिका (मन्त्रभ्रान्तिहरसूत्रम्), माद्ध्यन्दिनीयसर्वानुक्रमसूत्रम् इत्यादि अरु पनि माद्ध्यन्दिनीयपरिशिष्टहरु छन्। एस्तै प्रकारले अरु शाखाहरुका पनि आँ-आफ्ना धेरै परिशिष्टहरु देखिन्छन्। एस्ता परिशिष्टहरुको समेत राम्ररि अद्ध्ययन गरेपछि मत्वै तत्-तत् शाखाका धर्म-कर्मव्यवस्थाको यथार्थ बोध हुन्छ।

(घ) **अनुष्ठानकल्पहरु**— एस उपाङ्गमा

अभीष्टकुराहरुको प्राप्तिका लागि वेदका विभिन्न मन्त्रहरुले गरिने विशिष्ट अनुष्ठानहरुको प्रतिपादन गरिया छ। ऋग्विधान, यजुर्विधान, सामविधान, अथर्वविधान इत्यादि एस्तै ग्रन्थ हुन्। इ पनि परिशिष्ट नै मानिञ्चन् ता पनि इनका विषयमा धेरै वैशिष्ट्य हुनाले इ पृथक् उल्लेखगरिएका हुन्। सामविधान भन्नि त ब्राह्मणग्रन्थ नै पनि छ।

(ङ) स्मृतिसंहिता (धर्मसंहिता)— स्मृति वा स्मृतिसंहिता वा धर्मसंहिता भन्नाले मनुस्मृति, बृहस्पतिस्मृति, दक्षस्मृति, गौतमस्मृति, यमस्मृति, अङ्गिरस्स्मृति, याज्ञवल्क्यस्मृति, प्रचेतस्स्मृति, शातातपस्मृति, सर्वं वर्तस्मृति, उशनस्स्मृति, शङ्खस्मृति, लिखितस्मृति, अत्रिस्मृति, विष्णुस्मृति, आपस्तम्वस्मृति, हारीतस्मृति इत्यादि स्मृतिहरु बुजिञ्चन्। एस्ता स्मृति अरु पनि धेरै छन्। उपर्युक्त १८ स्मृतिहरु मुक्ख्यस्मृति र अरु सत्ताइस-अट्ठाइस स्मृतिहरु उपस्मृति मानिएका देखिञ्चन्। इ दुइवर्गका स्मृतिका अतिरिक्त अरु एक्काइसोडा सामान्य स्मृतिहरु पनि वीरमित्रोदयका परिभाषाप्रकाशमा उल्लिखित छन्। इनिहरुमा आचार–व्यवहार –प्रायश्चित्त-का कुराको व्यवस्था पाँइञ्च। कुनै स्मृतिमा उक्त तिनै कुराको प्रतिपादन छ भने कुनैमा एउडा कुराको मत्त्रै वा तेसको पनि एकदेशको मत्त्रै प्रतिपादन देखिञ्च। उक्त तिनै विषयहरुको विस्तृत प्रतिपादन गर्ति स्मृतिहरु मनुस्मृति याज्ञवल्क्यस्मृति आदि कतिपय मत्त्रै देखिञ्चन्। **स्मृति नामले प्रसिद्ध ग्रन्थहरुमद्दे वेदमूलक स्मृतिलाइ मत्त्रै र स्मृतिमा भनिएका कुराहरुमा पनि वेदले भनेका वा सूचित गरेका वा आकाङ्क्षा गरेका वा वेदका अनुकूल र अविरोधि कुरालाइ मत्त्रै वैदिकधर्मानुयायिहरु प्रभाण माञ्चन्।** यो कुरा स्वशाखाका ग्रन्थहरुको राम्ग्रो अद्ध्ययन र मनन गरेका व्यक्तिलाइ निस्सन्देहरुपमा स्वतः ज्ञात हुञ्च। तेस्तो अद्ध्ययन

गर्न नसक्निहरु तेस्ता अद्ध्ययन गर्निहरुका भनाइबड र देवीभागवतादिका "स्मृतिः पुराणमन्यद् वा तन्त्रवँ् वा शास्त्रमेव च। तन्मूलत्त्वे प्रमाणं स्यान् नाऽन्यथा तु कदाचन" (११।१।२९) इत्त्यादि वचनबड यो कुरा बुज्न सक्चन्।

(च) पुराणहरु— मुक्ख्य रूपमा सृष्टि, प्रलय, ऋषिवंश–राजवंशादि वंश, मन्न्वन्तर, उक्त वंशहरुमा जन्मेका विशिष्ट व्यक्तिहरुको चरित्त्र एति पाँच कुरा वर्णन गरि वैराग्य उत्पादन गरेर[1] आत्मचिन्तनतिर लोकलाइ उन्मुख वनाउनि; आर्य–शूद्द्रादिको सुसमन्न्वय स्थापित गर्नका लागि श्रुतिस्मृतिले वताएका धर्मको स्वरूप र प्रयोजन लोकलाइ बुजाउनि; श्रुति–स्मृतिको अनुकूल शिष्टाचारको मार्ग देखाउनि र स्त्री-शूद्द्र-अशक्त-व्रात्त्य-पतितादिका लागि शिष्टानुमत धर्मको विधान गर्नि काम समेत गरेर वेदको पुष्टि गर्नि पुराणहरु विशेष गरेर स्त्री-शूद्द्र-अशक्त-व्रात्त्य-पतितादिका लागि[2] मुनिहरुले रचेका बुजिञ्चन्। एस्ता

---

१. " कथा इमास्ते कथिता महीयसावँ् विताय लोकेषु यशः परेयुषाम्। विज्ञान–वैराग्य–विवक्षया विभो वचोविभूतीर्न तु पारमार्थ्यम् " –भागवत १२।३।१४।

२. " (क) स्त्री–शूद्द्र-द्द्विजबन्धूनान् त्रयी न श्रुतिगोचरा। कर्मश्रेयसि मूढानां श्रेय एवम् भवेदिह। इति भारतमाक्ख्यानङ कृपया मुनिना कृतम्। " भारतव्व्यपदेशेन आम्नायार्थश्च दर्शितः। दृश्श्यते यत्त्र धर्मादि स्त्रीशूद्द्रादिभिरप्प्युत" –भागवत १।४।२५, २९। (ख) "अल्पायुषोऽल्पबुद्धीँश्च विप्प्राञ्ज्ञात्त्वा कलावथ। पुराणसंहिताम् पुण्ण्याङ कुरुतेऽसौ युगेयुगे। स्त्रीशूद्द्रद्द्विजबन्धूनान् न वेदश्रवणम् मतम्। तेषामेव हितार्थाय पुराणानि कृतानि च।"–देवीभागवत १।३।२०-२१। (ग) श्रौतङ कर्तुन् न चेच् शक्तः कर्म स्मार्तं समाचरेत्" –व्यासवचन (पराशरमाधवीय, प्रथम अद्ध्याय, २९३ पृ०)।

पुराणहरूमा महापुराण १८ मानिञ्चन् । ति अग्निपुराण, कूर्म-पुराण, गरुडपुराण, नारदपुराण, पद्मपुराण, ब्रह्मवैवर्तपुराण, ब्रह्मपुराण, ब्रह्माण्डपुराण, भविष्यपुराण, भागवतपुराण (देवीभागवत वा श्रीमद्भागवत), मत्स्यपुराण, मार्कण्डेयपुराण, लिङ्गपुराण, वराहपुराण, वामनपुराण, वायुपुराण (अथवा शिवपुराण), विष्णुपुराण, स्कन्दपुराण हुन् । उपपुराण र औपपुराण पनि अट्ठार-अट्ठार-ओडै भएकोकुरा पुराणवाङ्मयको विशेष अनुशीलन गर्निहरूले लेखेका छन् । उपपुराणमा आश्चर्यपुराण, औशनसपुराण, कपिलपुराण, कालिकापुराण, नरसिंहपुराण, नारदपुराण, पराशरपुराण, ब्रह्माण्डपुराण, बृहन्नारदीयपुराण, भास्करपुराण, महेश्वरपुराण, मारीचपुराण, वरुणपुराण, शिवधर्मपुराण, सनत्कुमारपुराण, साम्बपुराण, सौरपुराण, स्कन्दपुराण गनिएका देखिञ्चन् । औपपुराणमा चाँइ आदित्यपुराण, कल्किपुराण, कौर्मपुराण, देवीपुराण, नन्दिकेश्वरपुराण, परानन्दपुराण, पशुपति-पुराण, बृहद्धर्मपुराण, बृहन्नारदीयपुराण, भागवतपुराण, भार्गव-पुराण, महाभागवतपुराण, मानवपुराण, मुद्गलपुराण, वह्निपुराण, वासिष्ठपुराण, सनत्कुमारपुराण र हरिवंशपुराण उल्लिखित पाइञ्चन् । इ पुराणहरू मुख्य रूपमा स्मृतिमा पर्दैनन् तापनि स्मृति जस्तै हुनाले स्मृति भनेर पनि व्यवहृत हुञ्चन् । पुराणहरूमा शैवतन्त्र, वैष्णवतन्त्र, शाक्ततन्त्र, सौरतन्त्र र गाणपत्यतन्त्रहरूका कुरा पनि धेरै बताय्येका पाइञ्चन्; तथापि ति तन्त्रका कुरा वैदिकहरूका लागि मुख्य रूपमा अनुसरणीय मानिदैनन्[1] ।

---

१ (क) " सर्वथा वेदमिन्नार्थे नाधिकारी द्विजो भवेत् । वेदाधिकारहीनस्तु भवेत् तत्राधिकारवान् ।-देवीभागवत ७।३९।३३। (ख) पुराणेषु क्वचिच्चैवं तन्त्रदृष्ट्यैं यथातथम् । धर्मयैं वदति तत् धर्मज्ञ गृह्णीयान् न कथञ्चन ॥ वेदाविरोधि चेत् तन्त्रं तत् प्रमाणं न संशयः । प्रत्यक्षश्रुतिरुद्धयैं यत् तत् प्रमाणं भवेन् न च ॥ सर्वथा वेद एवाऽत्रो धर्ममार्गप्रमाणकः । तेनाऽविरुद्धयैं यत् किञ्चित् तत् प्रमाणं न चाऽन्यथा ॥-देवीभागवत ११।१।२४-२६॥

(छ) इतिहास— पुराना घटनाका रूपमा विषयवस्तु देखाइ धर्म-अर्थ-काम-मोक्ष-सम्बन्धमा उपदेश गर्नि शैली भएका महाभारत जस्ता ग्रन्थ एस वर्गमा पर्छन् । वाल्मीकीय-रामायणादि ग्रन्थलाइ पनि एसै वर्गमा अन्तर्भूत गर्न सकिन्छ ।

(५) मीमांसान्याय— विधि-अर्थवाद आदि प्रमाण, कर्मभेदाऽभेद, अङ्गाङ्गिभाव, पुरुषार्थत्व-ऋत्वर्थत्व, क्रम, अधिकार, सामान्यातिदेश, विशेषातिदेश, ऊह, बाध, तन्त्र, प्रसङ्ग इत्यादि विषयको निरूपणार्थ श्रुतिवाक्यका तात्पर्यादिको निर्णय गर्नका लागि उपयोगि न्यायहरुको समुदायरूप धर्ममीमांसा (पूर्वमीमांसा) कल्पशास्त्रको अनुगामि उपाङ्ग मानिन्छ । उपनिषद्का वाक्यहरुको तात्पर्यादिका निर्णयका लागि आवश्यक न्यायहरुको सङ्ग्रह भएको ब्रह्ममीमांसा (उत्तरमीमांसा) पनि, निवृत्तिधर्मपरक हुनाले प्रवृत्तिधर्मको विचार गर्नि धर्ममीमांसा-भन्दा पृथक् भए पनि, स्वरूपसादृश्यले गर्दा मीमांसान्यायरूप उपाङ्गभित्र नै मानिन्छ । दुवैलाइ एउडै जस्तै मानि दुवै मीमांसा मीमांसान्यायाक्ख्य उपाङ्गभित्र पारिएका बुझिन्छन् । धर्ममीमांसाका पनि प्राचीनकालमा धेरै सूत्रग्रन्थ भएको बुझिन्छ । जैमिनीय— धर्ममीमांसासूत्रमा आत्रेय, आश्मरथ्य, ऐतिशायन, कामुकायन, कार्ष्णाजिनि, बादरायण, बादरि, लावुकायन इ प्राचीन मीमांसाभिज्ञहरुको उल्लेख पाइन्छ । पाणिनीय-व्याकरण-भाष्यमा काशकृत्स्नि भन्नि मीमांसाप्रवक्ताको पनि उल्लेख पाइन्छ (४।१।१४; ४।१।९२, ४।३।१२५) । ऐले जैमिनीय धर्ममीमांसासूत्र र तेसको शवरस्स्वामिकृत भाष्य, कुमारस्स्वामि-(कुमारिलभट्ट-) कृत वार्तिक आदि ग्रन्थ पाइन्छन् । जैमिनीय सङ्कर्षकाण्ड पनि धर्ममीमांसाकै परिशेष मत्रै देखिन्छ । ब्रह्म-मीमांसाका पनि आत्रेय, आश्मरथ्य, औडुलोमि, काशकृत्स्न, कार्ष्णाजिनि, जैमिनि, बादरि इ प्राचीन आचार्यहरुको बादरायणीय ब्रह्मसूत्रमा उल्लेख पाइन्छ । किन्तु इनका पृथक् ग्रन्थ ऐले

भेटिएका छैनन् । जस्तो जैमिनिको सर्ववेदशाखा–साधारण यज्ञविषयक धर्ममीमांसासूत्र हुँदाहुँदै पनि तत्–तद्–वेदशाखाका यज्ञकर्मको सम्पादनका लागि आँफ्ना- आँफ्ना श्रौतसूत्र (कल्पसूत्र) छन्; तेस्तै बादरायणको सर्ववेदशाखासाधारण आत्मज्ञानविषयक ब्रह्ममीमांसासूत्र हुँदाहुँदै पनि तत्-तत्-वेदशाखाका आँफ्ना-आँफ्ना औपनिषदकर्म–कल्पसूत्र आवश्यक देखिञ्चन् । तथापि ति ऐले उपलब्ध्यमान छैनन् । उपासनाविषयक ब्राह्मविद्द्याकल्प, वासिष्ठविद्द्याकल्प आदिग्रन्थ त स्वतन्त्र भएको कुरा अप्पय्यदीक्षितले कल्पतरुपरिमलमा (३।३।५) लेखेका छन् । तथापि ति वस्तुतः तत्–तद्–वेदशाखासम्बन्धि उपासनाकल्पसूत्र हुन् कि अरु नै प्रकारका ग्रन्थ हुन् हामिले ति ग्रन्थ पड्न नपाय्या हुनाले ऐले एसै भन्न सकिँदैन । वैदिक आत्मज्ञान–र–उपासनाका विषयमा ऐले बादरायणीय ब्रह्म-(मीमांसा-) सूत्र र तेसका शङ्करभगवत्पादकृत भाष्य इत्यादि ग्रन्थ उपलब्ध छन् । ब्रह्ममीमांसासूत्रका रामानुजादिकृत भाष्यादि ग्रन्थको चर्चा सङ्क्षेपमा परिशिष्टमा गरिनि छ ।

(६) तर्क— देखिएका पदार्थको परीक्षा गरि निश्चय गर्नका लागि पुनर्निरीक्षण गर्नि विद्द्या हुनाले आन्वीक्षिकी पनि भनिनि [महाभारत १२।१८०।४७; भागवत १०।२५। ४], अनुभूत वस्तुको आत्मा–(स्वभाव–) को विवेचन गर्नि विद्द्या हुनाले आत्मविद्द्या पनि भनिनि [मनुस्मृति ७।४३]; लौकिकदृष्टिसिद्ध पदार्थको विवेचन र तेसैका आधारमा पदार्थ–विशेषको सम्भावना–असम्भावनाको प्रतिपादन गर्न प्रवृत्त हुनि साङ्ख्य–योग–न्याय-वैशेषिक-लोकायतशास्त्रादिरूप[1] विचारशास्त्र नै तर्क वा तर्कशास्त्र भनिञ्च । मनुष्यको सामान्य सम्भावना-ऽसम्भावना-बुद्धिलाइ मत्रै पनि तर्क भञ्चन् । वेदापेक्षित लौकि-

१. साङ्ख्यय्ँ योगो लोकायतकञ् चेत्यान्वीक्षिकी ।– कौटलीय अर्थशास्त्र १।२।

कार्थको विवेचन गर्नि हुनाले तर्क वेदानुकूलांशमा वेदको र सबै वेदाङ्ग तथा अरु उपाङ्गहरुको समेत उपकारक उपाङ्ग मानिञ्च ।

धर्ममा परम प्रमाण वेद नै मानिञ्च

माथि उल्लिखित अङ्गहरुले र उपाङ्गहरुले अञ्जित (स्पष्टीकृत) वेद नै प्रवृत्तिधर्मको र निवृत्तिधर्मको ज्ञान तथा आचरणमा साधन हुनाले वेद नै धर्ममा परम प्रमाण (सबैभन्दा ठुलो र मूल प्रमाण) मानिञ्च[1] । तसर्थ वैदिक–वर्णाश्रमधर्मा–

---

१. (क) तत् प्रमाणम् बादरायणस्यानपेक्षत्वात्–जैमिनीय-धर्म–मीमांसासूत्र १।१।५; (ख) शास्त्रयोनित्वात् – बादरायणीय ब्रह्ममीमांसासूत्र १।१।३; (ग) वेदो धर्ममूलम्–गौतमधर्मसूत्र १।१।१; (घ) वेदाद् धर्मो हि निर्बभौ–मनु. ५।४४; (ङ) धर्मञ् जिज्ञासमानानाम् प्रमाणम् परमं श्रुतिः ।– मनु. २।१३; (च) सर्वम् तु समवेक्ष्येदम् निखिलम् ज्ञानचक्षुषा । श्रुतिप्रामाण्यतो विद्वान् स्वधर्मे निविशेत वै ।।– मनु. २।८; (छ) यदन्यद् वेदवादेभ्यस् तदशास्त्रमितिश्रुतिः ।– महाभारतशान्तिपर्व. चित्रशालासंस्करण २६९।५९; (ज) सर्ववेँ विदुर् वेदविदो वेदे सर्वम् प्रतिष्ठितम् । वेदे हि निष्ठा सर्वस्य यद्यदस्ति च नास्ति च ।।–तिहिँ २७०।४३; (झ) न वेदेन समं शास्त्रम् ।– पद्मपुराण ४।९४।३७ (आनन्दाश्रमसंस्करण); (ञ) नास्ति वेदात् परं शास्त्रम् ।– अत्त्रिस्मृति (अत्त्रिसंहिता) श्लोक १५१ (आनन्दाश्रमसंस्करण); (ट) न वेदशास्त्रादन्यत् तु किञ्चिच्छास्त्रं हि विद्यते ।– बृहद्योगियाज्ञवल्क्यस्मृति १२।१; (ठ) मूलस्तम्भो भवेद् वेदश् शाखाश्चान्यानि यानि तु । मूले ह्यु पासिते सम्यक् फलम् भवति नान्यथा ।।– बृहद्योगियाज्ञवल्क्यस्मृति १२।२५; (ड) सर्वथा वेद एवाऽसौ धर्ममार्गप्रमाणकः ।- देवीभागवत ११।१।२६; (ढ) वेदप्रणिहितो धर्मो ह्यधर्मस् तद्विपर्ययः । वेदो नारायणस् साक्षात् स्वयम्भूरिति शुश्रुम ।।– भागवत ६।१।४०।

नुयायि आर्यहरु स्वशाखाश्रुति[1], स्वशाखासूत्र[2], श्रुति[3], श्रुतिले भनेको वा सूचित गरेको वा आकाङ्क्षा गरेको वा श्रुतिको अनुकूल

---

१. मुख्यो विधिस् स्वशास्त्रोक्त इतरस् स्यात् तु तदुत्कटे ।– संस्काररत्नमालामा उद्धृत वचन १७९ पृ. ।

२. (क) पारम्पर्यागतो येषां वेदः सपरिबृंहणः । तच्छाखाऽऽ कर्म कुर्वीत तच्छाखाद्ध्ययनन् तथा ॥ अधीत्य शाखामात्मीयामन्यशाखान् ततः पठेत् । स्वशाखायँ यः परित्यज्य अन्यशाखामुपासते । शाखाखण्डस् स विज्ञेयस् सर्वकर्मबहिष्कृतः ॥– पारस्करगृह्यसूत्रगदाधरभाष्यमा उद्धृत वसिष्ठवचन २।५; (ख) स्वशाखाश्चयमुत्सृज्य परशाखाश्रयन् तु यः । कर्तुमिच्छति दुर्मेधा मोघन् तत् तस्य चेष्टितम् ।– छन्दोगपरिशिष्ट १।२।२; (ग) यस् स्वशाखोक्तमुत्सृज्य परशाखोक्तमाचरेत् । अप्रमाणमृषिञ्च कृत्वा सोऽन्धे तमसि मज्जति ।– परिशिष्टप्रभामा उद्धृत गृह्यासङ्ग्रहवचन; (घ) यावदुक्तं स्वस्स्वगृह्ये न कृतन् तावदेव तत् । परोक्तवँ वा विमिश्रवँ वा कृतमप्यकृतम् भवेत् ॥– मन्त्रब्राह्मणहरसूत्र ९३ श्लो. । (ङ) स्वेस्वे गृह्ये यथा प्रोक्तास्तथा संस्कृतयोऽखिलाः । कर्तव्या भूतिकामेन नान्यथा सिद्धिमृच्छति ॥– वीरमित्रोदयका संस्कारप्रकाशमा (वाराणसीसंस्करण, १३५ पृ.) उद्धृत अङ्गिराको वचन; (च) स्वसूत्रोक्तविधानेन सन्ध्यावन्दनमाचरेत् । अन्यथा यस्तु कुरुते आसुरीन् तनुमाप्नुयात् ।– विश्वामित्रस्मृति १।११९; (छ) श्रुतिस्स्मृत्युदितं सम्यङ् निबद्धं स्वेषु कर्मसु । धर्ममूलन् निषेवेत सदाचारमतन्द्रितः ।– मनु. ४।१५५।

३. "प्रमाणयँ यत् स्ववेदोक्तं शास्त्रोक्तयँ यच्च पठ्यते । वेदशास्त्रद्वयञ्चैव प्रमाणन् तत् सनातनम्" भन्ने महाभारतशान्तिपर्वका (चित्रशालासंस्करण ३०५।७) वचनबडि र सीतोपनिषद् भन्ने ग्रन्थका स्वशाखादेखि भिन्न अरु वेदशाखाहरुलाइ उपाङ्गका कक्षामा राखिन वचनबडि पनि अन्यशाखाका श्रुतिभन्दा पनि स्वशाखीय श्रौतसूत्र, गृह्यसूत्र र धर्मसूत्र बर्ता मान्य हुनि कुरा बुझिन आउँछ । एस्तो परम्परा पनि छँदैछ ।

वा अविरोधि अर्थका प्रतिपादक स्मृति, तेस्तै पुराण र तेस्तै नै आगमहरुमा उल्लिखितक्रम-अनुसार् पछिल्लापछिल्लालाइ भन्दा अगिल्लाअगिल्लालाइ वर्ता मान्यता दिञ्चन् । स्मृति, पुराण र आगमहरु वेदमूलक वा वेदका अनुकूल वा अविरोधि वा अप्रतिस्पर्धि भएमा मत्रै धर्ममा प्रमाण मानिञ्चन् । वेदका प्रतिकूल भएमा वा विरोधि वा प्रतिस्पर्धि भएमा स्मृति–पुराण–आगम–आचारहरु वैदिक धर्ममा प्रमाण मानिदैनन् । अर्थात् वैदिक धर्ममा आगम–(शैव – वैष्णव – शाक्त–सौर – गाणपत्य – कौमार–हैरण्यगर्भ–कापिलादि तन्त्र) भन्दा पुराणहरु बलिया प्रमाण, पुराणभन्दा स्मृतिहरु बलिया प्रमाण, स्मृतिभन्दा श्रुति बलिया प्रमाण र अन्यशाखाका श्रुतिभन्दा स्वशाखाका सूत्र र स्वशाखाश्रुति बलिया प्रमाण मानिञ्चन् । यो कुरा जैमिनीय–धर्ममीमांसा-सूत्रादिमा प्रष्ट रूपमा प्रतिपादित देखिञ्च[1] । कुमारस्वामि–(कुमारिलभट्ट-) ले त स्मृतिको मूल वेदवाक्य नपाय्येमा मत्रै पनि तेस्ता

१. (क) अपि वा कर्तृसामान्यात् प्रमाणमनुमानं स्यात्, विरोधे त्वनपेक्षं स्यादसति ह्यनुमानम् ।– जैमिनीय–धर्ममीमांसासूत्र १।३। २,३; (ख) श्रुति–स्मृति–पुराणानाम् विरोधो यत्र दृश्यते । तत्र श्रौतम् प्रमाणं स्यात् तयोर् द्वैधे स्मृतिर् वरा ॥– वेद–व्यासस्मृति १।४, देवीभागवत ११।१।२२; (ग) अतस् स परमो धर्मो यो वेदादधिगम्यते । अवरस् स तु विज्ञेयो यः पुराणादिषु स्स्मृतः ॥ –वीरमित्रोदय–परिभाषाप्रकाश– (वाराणसीसंस्करण २६ पृ.) मा उद्धृत व्यास–वचन; (घ) न वैदिकः पुराणोक्तैर् मन्त्रैः कुर्यात् कथञ्चन । किञ्चित् कर्मापि तस्मात् तैर् वैदिकैरेव वाऽऽचरेत् ॥ –कण्वस्मृति २६६ श्लोक; (ङ) देश–जाति–कुलधर्माश्चाऽऽम्नायैरविरुद्धाः प्रमाणम् ॥– गौतमधर्मसूत्र २।२।२०; (च) स्मृतिः पुराणमन्यद् वा तन्त्रवँ् वा शास्त्रमेव च । तन्मूलत्वे प्रमाणं स्यान् नान्यथा तु कदाचन ॥– देवीभागवत ११।१।२६; (छ) वेदाविरोधि चेत् तन्त्रन् तत् प्रमाणन् न संशयः । प्रत्यक्षश्रुतिरुद्धयँ् यत् तत् प्रमाणम् भवेन् न च ॥– तिहिँ ११।१।२५। ।

स्मृतिको सर्वथा अप्प्रामाण्य मान्न उचित नभए पनि अननुसरणीयत्त्वरूप (अननुष्ठापकत्त्वरूप) अप्प्रामाण्य मान्न सकिनि कुरा लेखेका छन् । वेद धर्मसाक्षात्कार गरेका ऋषिले उपदेश गरेका वाक्य हुनाले स्वतः प्रमाण मानिएका हुन्[1] । स्मृति–पुराणहरू वेदार्थज्ञ मुनिले उपदेशगरेका वाक्य हुनाले र वेदमूलक हुनाले धर्ममा प्रमाण मानिया हुन् । कतिपय परिशिष्टहरू, उपपुराण र औपपुराणहरू श्रुति-स्मृति- पुराणार्थज्ञ शिष्टहरुले उपदेश गरेका वाक्य हुनाले र श्रुति–स्मृति–पुराण–मूलक हुनाले धर्ममा प्रमाण मानिया बुजिञ्चन् । तेसैले पनि श्रुति–स्मृति–पुराणादिमा उक्तप्रकारको बलाबल मानिया होला भन्नि कुरा देक्खिन आँउच । आगमहरु (शैवादि तन्त्रहरू) त वस्तुत बैदिक मार्गमा चल्निहरूका निमित्त आत्मचिन्तनलाइ स्थूणानिखननन्यायले दृढ गराउनका लागि विविध पूर्वपक्षका उपस्थापकका रूपमा मत्रै पठनीय मानिएका बुजिञ्चन्[2] । वैदिकमार्गमा चल्निहरुले आगमोक्त संस्कार–यजन–पूजनादिकर्म गर्न नहुनि वा गर्न नपर्नि र वैदिक मार्गमा अधिकार नभएकाहरुको आगम–मार्गमा अधिकार हुनि कुरा देखिञ्च[3] ।

---

१. साक्षात्कृतधर्माण ऋषयो बभूवुः, तेऽसाक्षात्कृतधर्मभ्योऽवरेभ्य उपदेशेन मन्त्रान्त्सम्प्रादुः, उपदेशाय ग्लायन्तोऽवरे बिल्मग्रहणायेमङ्ग ग्रन्थं समाम्नासिषुर् वेदञ्च वेदाङ्गानि च ।- निरुक्त १।६।४।

२. (क) साङ्ख्यर्यं योगः पाञ्चरात्रवं वेदाः पाशुपतन् तथा । ज्ञानान्येतानि राजर्षे विद्धि नानामतानि वै ॥- महाभारत, शान्तिपर्व, चित्त्रशालासंस्करण ३४९।६४; (ख) उत्सर्गेणाऽपवादेन ऋषिभिः कपिलादिभिः । अद्ध्यात्मचिन्तामाश्रित्य शास्त्राण्युक्तानि भारत ॥ –शान्तिपर्व ३५०।६; (ग) आत्मज्ञाननिमित्तन् तु सिद्धान्तानि विचिन्तयेत् । केवलानि च योऽधीते वेदबाह्यो भवेद् द्विजः ॥ -बृहद्योगियाज्ञवल्क्यस्मृति १२।३५; (घ) या वेदबाह्यास् स्मृतयो याश्च काश्च कुदृष्टयः । सर्वास् ता निष्फलाः प्रेत्य तमोनिष्ठा हि तास् स्मृताः ॥- मनुस्मृति १२।९५।

३. (क) स्मृतयश्च श्रुतेरर्थङ्ग गृहीत्वैव च निर्गताः । मन्वादीनां श्रुतीनाञ् च ततः प्रामाण्यमिष्यते ॥ क्वचित् कदाचित् तन्त्रार्थकटा–

वक्षेण परोदितम् । धर्मवं वदन्ति सोऽशस् तु नैव ग्राह्योऽस्ति वैदिकैः ।।- देवीभागवत ७।३६।१८-१६; (ख) परमेश्वरविज्ञानवं वेदादेव न चान्यतः । आगमान्तरजन्यन् तु ज्ञानन् न ज्ञानमास्तिकाः ।। अष्टादशानावं विद्यानावं वेदादन्याश्च सत्तमाः । विद्या वेदानुसारेण प्रवृत्तास् सर्वशोभनाः ।। तथापि तासु सर्वासु कश्चिदंशः क्वचित्क्वचित् । शिवागमानुसारेण तत्प्रभेदानुसारतः ।। विष्ण्वागमानुसारेण तत्प्रभेदानुसारतः । ब्रह्मागमानुसारेण तत्प्रभेदानुसारतः ।। अधिकारिविशेषेण क्लेशेनैव विमुक्तये । प्रवर्तते मुनिश्रेष्ठास् सत्यमेव मयोदितम् ।। तत्-तत्-तन्त्रेषु ये मर्त्या दीक्षिता मुनिसत्तमाः । सोऽशस्तैरेव सङ्ग्राह्यास् सर्वथा नैव वैदिकैः ।।- स्कन्दपुराण-सूतसंहिता यज्ञवैभवखण्ड ४५।५२-५७; (ग) दक्षशापाद् भृगोश् शापाद् दधीचस्य च शापतः । दग्धा ये ब्राह्मणवरा वेदमार्गबहिष्कृताः ।। तेषामुद्धरणार्थाय सोपानक्रमतस् सदा । शैवाश्च वैष्णवाश्चैव सौराश्शाक्तास्तथैव च । गाणपत्या आगमाश्च प्रणीताश् शङ्करेण तु ।।- देवीभागवत ७।३६।३५-३२; (घ) अस्यन्तगलितानान् तु द्विजानावं वेदमार्गतः । पाञ्चरात्रादयो मार्गाः कालेनैवोपकारकाः ।।- स्कन्दपुराणसूतसंहिता, मुक्तिखण्ड ४।१७; (ङ) स नारदस्य वचनाद् वासुदेवार्चनान्वितम् । शास्त्रम् प्रवर्तयामास कुण्डगोलादिभिश् श्रुतम् । तस्य नाम्ना तु विख्यातं सात्वतन् नाम शोभनम् । प्रवर्तते महाशास्त्रम् कुण्डादीनां हितावहम् ।। —कूर्मपुराण (काशिराजन्याससंस्करण) १।२३।३२-३३; (च) भवव्रतधरा ये च ये च तान् समनुव्रताः । पाखण्डिनस् ते भवन्तु सच्छास्त्रपरिपन्थिनः ।।- भागवत ४।२।२८; (छ) त्रय्या च विद्यया केचित् त्वावं वै वैतानिका द्विजाः । यजन्ते वितते र्यज्ञैर्नानारूपामराख्यया ।। एके त्वखिलकर्माणि संन्यस्यौपशमम् गताः । ज्ञानिनो ज्ञानयज्ञेन यजन्ति ज्ञानविग्रहम् ।। अन्ये च संस्कृतात्मानो विधिनाऽभिहितेन ते । यजन्ति त्वन्मयास्त्वावं वै बहुमूर्त्येकमूर्तिकम् ।। त्वामेवान्ये शिवोक्तेन मार्गेणशिवरूपिणम् । ब्रह्मवार्यविभेदेन भगवन् समुपासते ।।- भागवत १०।४०।५-८।

वेद नै धर्ममा र मोक्षमा परम प्रमाण भाकाले ब्राह्मण-हरुले ठुला प्रयासले ब्रह्मचर्यले र तपस्याले, स्व-स्वशाखावेदलाइ एकमात्रा पनि नछोडिकन नफेरिकन र नथपिकन अनादिपरम्परा-सिद्धरूपले अनुपालन गर्दै आका हुन् । वेद नै अपौरुषेय (पुरुषले अन्य प्रमाणवड सिद्ध भाका कुरा लिएर नवनाय्येका, अर्थात् राग, द्वेष, अहङ्कार, क्रोध, लोभ, मोह, मद, मात्सर्य, अज्ञान, अल्पज्ञता इत्यादि दोषका सम्बन्धबड सर्वथा रहित भाका) मानिञ्चन् । स्मृति-पुराणादि अरु ग्रन्थ पौरुषेय र मुक्क्य रूपमा वेदमूलक मानिञ्चन् । पुराना धर्मशास्त्रनिबन्धकारहरुले उद्धृत गरेका धेरै स्मृति-पुराण-वचनहरु ऐले पाइनि स्मृति-पुराणका पुस्तकमा नपाइनि हुँदा स्मृति-पुराणहरुमा थप-घट-परिवर्तनादि पनि हुन गाको बुजिञ्च । पुराणहरुमा त प्रक्षेपहरु भाको कुरा वल्लालसेन[1]-वदरीनाथशुक्ल[2] आदि प्राचीन-नवीन उद्भट विद्वान्हरुले पनि स्वीकारेकै देखिञ्च । वेदमन्त्रसंहिता-ब्राह्मण-श्रौतसूत्र-गृह्यसूत्र-हरुमा विधान गरिएका कर्महरुमा आगमको[3]

---

१. दानसागरका उपक्रमणिकाका ५९—६७ श्लोक ।

२. मार्कण्डेय पुराण एक अध्ययन, प्रक्कथन, ९—१० पृ०

३. वैदिक-मार्ग र आगम-मार्ग भिन्ना-भिन्नै मार्ग बुजिञ्चन् । यो कुरा (क) साङ्ख्यर्यं योगः पाञ्चरात्रवँ वेदाः पाशुपतन् तथा । ज्ञानान्येतानि राजर्षे विद्धि नाना मतानि वै (शान्तिपर्व ३४९।६४); (ख) द्वावात्मानौ च वेदेषु सिद्धान्तेष्वप्युदाहृतौ (शान्तिपर्व २३६।३१); (ग) साङ्ख्यर्यं योगः पाञ्चरात्रवँ वेदाः पाशुपतन् तथा । कृतान्तपञ्चकवँ विद्धि ब्रह्मणः परिमार्गणे (वीरमित्रोदय-परिभाषाप्रकाश २३ पृ.); (घ) वैदिकस् तान्त्रिको मिश्र इति मे त्रिविधो मखः (भागवत ११।२७।७) इत्यादि वचनबडि र 'सर्वथा वेदनिन्दार्थे नाधिकारी द्विजो भवेत् । वेदाधिकारहीनस्तु भवेत् तत्राधिकारवान् (देवीभागवत ७।३९।३२-३३) इत्यादि अधिकारिभेद बताउने वचनबडि पनि प्रष्ट हुञ्च ।

(शैव–वैष्णव–शाक्त–सौर–गाणपत्य–कौमार–ब्राह्म – कापिलादि तन्त्रको त आकाङ्क्षा नै हुँदैन[1] । वेदैमा नपुगि धर्मको र मोक्षको निश्चित ज्ञान हुन गारो पर्च । तेसैले वेदलाइ धर्ममा निरपेक्ष र परम प्रमाण मानिया बुजिञ्च । धर्म भन्नाले वेदविहित कुरा नै बुजिञ्च[2] । अरु राम्रा काम सुकृत भनिञ्चन्[3] । तेस्ता कुनै काममा धर्म जस्ता हुनाले धर्म भन्नि गौण व्यवहार पनि हुञ्च[4] ।

वेद नै धर्ममा र मोक्षमा निरपेक्ष र परम प्रमाण भए–काले वेदको अद्ध्ययनका लागि ब्राह्मणादिको उपनयन (वर्तुन)

---

१. वैदिक मार्गमा आगम- (तन्त्र-) को अपेक्षा नहुनि कुरा राम्ररि स्वशाखावेदको अद्ध्ययन गरेकालाइ स्वशाखावेदबाहे अरु हुञ्च; स्वाद्ध्यायाद्ध्ययनविधुरहरु "वेदोदितन् तान्त्रिकास् सर्वे स्वीकुर्वन्ति द्विजर्षभाः । नोपजीवति तन्त्रोक्तवँ वेदन् साक्षात् सनातनः ।" (स्कन्दपुराणसूतसंहिता, यज्ञवैभवखण्डोपरिभाग, सूतगीता ८।६१) इत्यादि वचनबाट यो कुरा बुझ्न सक्चन् ।

२. (क) चोदनालक्षणोऽर्थो धर्मः ।– जैमिनीयधर्ममीमांसासूत्र १।१।२; (ख) शुरुयन्तर्गत–लिङ–लोट्–तव्–व्यप्प्रत्ययसुबोधिते । धर्मशब्दो मुख्यतस् स्याद्मन्यत्र ह्युपचारतः ।।– लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ षष्ठ भाग २७५ पृ.; (ग) श्रुतिस्मृतिभ्याङ कथितयँ यत् स धर्मः प्रकीर्तितः । अन्यशास्त्रेण यः प्रोक्तो धर्माभासस् स उच्यते ।। –देवीभागवत ७।३६।१५; (घ) श्रुतिस्मृतिविहितो धर्मः, तदलाभे शिष्टाचारः प्रमाणम् ।– वसिष्ठधर्मसूत्र १।४,५; (ङ) वेदप्रणिहितो धर्मो ह्यधर्मस्तद्विपर्ययः । वेदो नारायणस् साक्षात् स्वयम्भू–रिति शुश्रुम ।।– भागवत ६।१।४०; (च) श्रुतिस् स्त्री वेद आम्नायस् त्रयी, धर्मस् तु तद्विधिः ।– अमरकोश, ब्रह्मवर्ग, श्लोक ३ ।

३. पुराणाद्युक्तधर्माणान् नानादानादिरूपिणाम् । सुकृतत्ववँ वदन्त्येते न धर्मत्वन् तु वैदिकाः ।।– लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग, २७५ पृ. ।

४. धर्मत्वञ्च किल तेषान् तु गौण्या वृत्त्या न मुख्यतः । लौगाक्षिस्मृति स्मृतिसन्दर्भ, षष्ठभाग, २७५ पृ. ।

अनिवार्य रूपले[1] गर्न पर्नि व्यवस्था गरिया छ। वर्तुन नगरे पुरुषको कर्म चल्दैन (मनु. २।१७२)। कर्म नचलेकाले आँपना बाउआमाको किरिया सम्म पनि नगर्नि हाम्रो परम्परा रै आऽ छ[2]। वेदको अद्ध्ययनलाइ र अनुसरणलाइ एसरि अति नै महत्त्व दिइँदै आ छ। एस्तो महत्त्व वैदिक परम्परामा अरु ग्रन्थलाइ दिय्या छैन। तेसबड पनि धर्म र मोक्षका विषयमा वेदको सर्वोपरि स्थान रया कुरा प्रष्ट हुञ्च।

वैदिक धर्म

धर्म भन्नाले आर्यसमुदायमा वेद-विहित कर्म नै बुजिञ्च। तथापि लोकमा धर्म भनि धर्माभासरूपका समेत अरु धेरै मार्गहरु पनि प्रचलित भएकाले वैदिक धर्म भनि उल्लेख गर्न परेको हो। एस्तो कुरा पुराना ग्रन्थमा पनि पाइञ्च[3]।

वैदिक धर्मको साररूप कुरा क्या हो भनि विचार गर्दा धर्म, अर्थ, काम, मोक्ष इ चारै पुरुषार्थ प्रति सन्तुलित दृष्टि राखि जीवनपद्धतिलाइ आदर्श मानि अँगालेर व्यक्ति, समाज, राष्ट्र र सम्पूर्ण लोकको सर्वविध समुन्नतिका लागि गरिनि वेदोक्त कर्मकलाप नै वैदिक धर्मको साररूप कुरा हो भन्न सकिञ्च। अझै छोड्करिमा भन्दा वर्णाश्रम धर्ममा प्रतिबद्ध जीवनयात्रा नै वैदिक धर्मको मूल स्वरूप हो भने हुञ्च। वर्णाश्रम धर्मका र

---

१. (क) श्वेतकेतुर्हारुणेय आस। तं ह पितोवाच–श्वेतकेतो वस ब्रह्मचर्यन् न वै सोम्यास्मत्कुलीनोऽननूच्य ब्रह्मबन्धुरिव भवतीति।– छान्दोग्योपनिषत् ६।१।१; (ख) आ षोडशाद् ब्राह्मणस्यानतीतः कालो भवति। आ द्वाविंशात् क्षत्रियस्य। आ चतुर्विंशाद् वैश्यस्य। अत ऊर्ध्वम् पतितसावित्रीका भवन्ति। नैनानुपनयेयुर् नाद्ध्यापयेयुर् न याजयेयुर् न चैभिर् व्यवहरेयुः।– पारस्करगृह्यसूत्र २।५।३६-४०।

२. नाभिव्याहारयेद् ब्रह्म स्वधानिनयनादृते। शूद्रेण हि समस् तावद् यावद् वेदे न जायते' अग्नि (मनु. २।१७२) वचनबड बाउ-आमाको किरियासम्म त बर्तुन नगर्दै पनि गर्न हुनि देखिए पनि हाम्रा परम्परामा बर्तुन नगर्दै त तेइ पनि गरिँदैन।

३. शाश्वतवँ वेदपठितन् धर्मम् प्रयुयुजे ततः।– महाभारत–शान्तिपर्व (चित्त्रशालाप्रेस) १६६।२१।

धर्म–अर्थ–काम–मोक्षका विषयमा एस ग्रन्थमा गरिनि चर्चाबिड उक्त कुरा स्पष्ट रूपमा बुज्न सकिनि छ ।

धर्मकर्ममा वैदिक धर्मकर्मको प्रधानता

"यज्ञेन यज्ञमयजन्त देवास्तानि धर्म्माणि प्रथमान्यासन्"[१] भन्नि वेदवाक्यबड वैदिक-यज्ञरूप धर्मकर्मको प्राथम्य वा प्राधान्य प्रष्ट हुञ्च । एस वेदवाक्यको तत्पर्य बुज्न गीताको[२] र भागवतको[३] उक्ति पनि सहायक देखिञ्च । वेद–विहित स्मृति–विहित पुराण–विहित र आगम–विहित आदि धर्म–कर्म–हरुमा वेद–विहित धर्मकर्म नै उत्तम हो भन्नि कुरा व्यासवचनादि-बड पनि बुजिञ्च[४] । वेद-विहित (श्रौत) कर्म गर्न नसक्निले स्मृति–विहित (स्मार्त) कर्म गर्नु भन्नि पनि वचन पाइञ्च[५] । पुराण–विहित तीर्थ वर्त उपवास पूजन इत्यादि धर्मकर्म वेद–

---

१. शाकलऋग्वेदसंहिता १०।९०।१६; माद्ध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदसंहिता ३१।१६।

२. ब्रह्माग्नावपरे यज्ञयँ यज्ञेनैवोपजुह्वति (यज्ञयँ यज्ञशब्दवाच्य आत्मा आत्मनात्मसु यज्ञशब्दस्य पाठात् तम्-शङ्करभगवत्पाद) । – गीता ४।२५।

३. यदास्य नाभ्यान् नलिनादहमासम् महात्मनः । नाऽविदयँ यज्ञसम्भारान् पुरुषावयवादृते ।।'''पुरुषावयवैरेतैस् सम्भारास् सम्भृता मया ।। इति सम्भृतसम्भारः पुरुषावयवैरहम् । तमेव पुरुषयँ यज्ञन् तेनैवाऽयजमीश्वरम् ।।– भागवत २।६।२२–२७।

४. अतस् स परमो धर्मो यो वेदादवगम्यते । अवरस् स तु विज्ञेयो यः पुराणादिषु स्मृतः ।।– वीरमित्रोदय–परिभाषाप्रकाशमा (वाराणसी–संस्करणमा) २९ पृष्ठमा उद्धृत व्यासवचन ।

५ श्रौतञ्च कर्तुन् न चेच् शक्तः कर्म स्मार्तं समाचरेत् ।।- पराशरमाधवीयका प्रथम अद्ध्यायमा २९२ पृष्ठमा उद्धृत व्यास–वचन ।

विहित धर्म–कर्मका अनुकल्प देखिएकाले[1] र मुक्ख्य कल्प र अनुकल्पको समुच्चय नहुनि हुनाले मुक्ख्य–कल्प–रूप वैदिक कर्मको अनुष्ठान गर्न सक्निले र त्यो गर्न शास्त्रीय अधिकार भाकाले तेइ गर्न पर्नि, पुराण–विहित तीर्थ बर्त उपवास पूजन इत्यादि गर्न आवश्श्यक नहुनि कुरा देखिञ्च। काम्म्य कर्मका रूपमा भने तेस्ताले पनि आफ्नो वेदविहित कर्ममा बाधा–विरोध नपर्नि गरेर पुराण–विहित धर्म–कर्म गर्न हुनि देखिञ्च। ब्रह्मण चाइँ त वेद–विहित–कर्ममद्दे वेदाद्ध्ययन–सम्म मत्त्रै गर्न सक्च भने पनि तेत्तिले नै उ कृतकृत्य हुञ्च; अरु पुराणादिविहित तीर्थ बर्त उपवास पूजनादि उसले गरेपनि हुञ्च, नगरे पनि हुञ्च भन्नि नै वेद र वेदार्थज्ञहरुको समेत निष्कर्ष बुजिञ्च[2]। तसर्थ ब्राह्मणले

---

१. (क) अनग्नयस्तु ये विप्प्रास्तेषां श्रेयो विधीयते। व्रतोपवासनियमैर् नाना दानैस्तथा नृप।।– वर्षकृत्यदीपकमा २३ पृष्ठमा उद्धृत भविष्ष्यपुराणवचन; (ख) पुराणाद्युक्तधर्माणान् नानादानादिरूपिणाम्। सुकृतत्त्ववँ् वदन्त्येते न धर्मत्त्वन् तु वैदिकाः॥ ... बह्वल्पवँ् वा स्वसूत्त्रोक्तयँ् यस्स्य कर्म प्प्रचोदितम्। तस्स्य तावति शास्त्रार्थे कृते सर्वङ्क कृतम् भवेत्॥– लौगाक्षिस्मृति, स्मृतिसन्दर्भ, षष्ठभाग २७५ पृ. (ग) गृहस्थो ब्रह्मचारी वा योऽनश्नँस्तु तपश्चरेत्। प्राणाग्निहोत्त्रलोपेन ह्यवकीर्णी भवेत् तु सः॥– बौधायन–धर्मसूत्त्र २।१२।१०।

२. ऋतञ्च स्वाद्ध्यायप्प्रवचने च, सत्यञ्च स्वाद्ध्यायप्प्रवचने च, तपश्च स्वाद्ध्यायप्प्रवचने च; दमश्च स्वाद्ध्यायप्प्रवचने च, शमश्च स्वाद्ध्यायप्प्रवचने च, अग्नयश्च स्वाद्ध्यायप्प्रवचने च, अग्निहोत्त्रञ्च स्वाद्ध्यायप्प्रवचने च, अतिथयश्च स्वाद्ध्यायप्प्रवचने च, मानुषञ्च स्वाद्ध्यायप्प्रवचने च, प्रजा च स्वाद्ध्यायप्प्रवचने च, प्रजातिश्च स्वाद्ध्यायप्प्रवचने च, सत्यमिति सत्यवचा राथीतरः, तप इति तपोनित्यः पौरुशिष्टिः, स्वाद्ध्यायप्प्रवचने एवेति नाको मौद्गल्ल्यः, तद् धि तपस् तद् धि तपः।– तैत्तिरीयारण्यक ७।९; (ख) ये ह वै के च श्रमा इमे द्द्यावापृथिवी अन्तरेण स्वाद्ध्यायो हैव तेषाम्परमता काष्ठा।– वा. मा. शतपथ. ११।५।७।२। (ग) यदि ह वा अप्प्यब्भ्यक्तोऽलङ्कृतः सुहितः सुखे शयने शयानः स्वाद्ध्यायमधीत आ हैव स नखाग्रेब्भ्यस्तप्प्यते।– मा. वा. शतपथ ११।५।७।४; (घ) श्रुतन् तु सर्वेब्भ्यो गरीयस् तन्मूलत्त्वाद् धर्मस्स्य श्रुतेश्च।– गौतमधर्मसूत्त्र १।६।१९–२०; (ङ) नित्यस्स्वाद्ध्यायः

पितृभ्यश्चोदकदानम्, यथोत्साहमन्यत् ।- गौतमधर्मसूत्र १।५।४-५; (च) वेदाद्ध्याय-स्वधा-स्वाहा- बल्यन्नाद्यैर् यथोदयम् । देव-विपितृभूतानि मद्रूपाण्यन्वहम् यजेत् ॥- भागवत ११।१७।५०; (छ) उच्येनैव तु संसिद्ध्येद् ब्राह्मणो नात्र संशयः । कुर्यादन्यन् न वा कुर्यान् मैत्रो ब्राह्मण उच्यते ॥- मनुस्मृति २।८७; (ज) वेदमेव सदाभ्यस्येत् तपस् तप्स्यन् द्विजोत्तमः । वेदाभ्यासो हि विप्रस्य तपः परमिहोच्यते ॥ ब्रा हैव त नथाप्रे ब्भ्यः परमम् तप्यते तपः । यद् ध्यन्यपि द्विजोऽधीते स्वाद्ध्यायं शक्तितोऽन्वहम् ॥- मनु. २।१६६, ६७; (झ) वेदमेवाभ्यसेन् नित्यम् यथाकालमतन्द्रितः । तं ह्यस्याहुः परम् धर्मनुपधर्मोऽन्य उच्यते ॥- मनु. ४।१४७; (ञ) वेदाभ्यासो ब्राह्मणस्य क्षत्रियस्य च रक्षणम् । वार्ताकर्मैव वैश्यस्य विशिष्टानि स्वकर्मसु ॥- मनु. १०।८०; (ट) वेदाभ्यासोऽन्वहं शक्त्या महायज्ञक्रियाः क्षमा । नाशयन्त्याशु पापानि महापातकजान्यपि ॥- मनु. ११।२४५; (ठ) यथोक्तान्यपि कर्माणि परिहाय द्विजोत्तमः । आत्मज्ञाने समे च स्याद् वेदाभ्यासे च यत्नवान् ॥ एतद् हि जन्मसाफल्यम् ब्राह्मणस्य विशेषतः । प्राप्यैतत् कृतकृत्यो हि द्विजो भवति नान्यथा ॥- मनु. १२।९२-९३; (ड) ब्राह्मणस्य तु यो धर्मस् तन् मे निखिलम् शृणु । अस्मिन्नेष महाराज धर्मसाहुः पुरातनम् ॥ स्वाद्ध्यायाभ्यसनञ्चैव तत्र कर्म समाप्यते ॥ तन् चेद् वित्तमुपागच्छेद् वर्तमानं स्वकर्मणि । अकुर्वाणम् विकर्माणि शान्तम् प्रज्ञानतर्पितम् ॥ कुर्वीतास्यक्षयन्तानमयो दद्याद् यजेत च । सर्वम् विभज्य च ज्ञोक्तव्यम् धनं सद्भिरितीर्यते ॥ परिनिष्ठितकार्यस्तु स्वाद्ध्यायेनैव ब्राह्मणः । कुर्यादन्यन् न वा कुर्यान् मैत्रो ब्राह्मण उच्यते ॥- महाभारत, शान्तिपर्व (चित्रशालासंस्करण) ६०।८-१२, २३८।१३; (ढ) तस्माद् यो रक्षति नृपः स धर्मेणेति पूज्यते । अधीते चापि यो विप्रो वैश्यो यश्चार्जने रतः ॥ यश्च शुश्रूषते शूद्रस् सततन् नियतेन्द्रियः । अतोऽन्यथा मनुष्येन्द्र स्वधर्मात् परिहीयते ॥- शान्तिपर्व २९३ १४-१५; (ण) यदेतन् मन्यसे पार्थ न ज्यायोऽस्ति धनादिति । न स्वर्गो न सुखन् नार्वो निर्धनस्येति तन् मृषा ॥ स्वाद्ध्यायय-ज्ञसंसिद्धा दृश्यन्ते बहवो जनाः । तपोरतश्च मुनयो वेदालँ लोकान् सनातनान् ॥- शान्तिपर्व २९।२-५, (द्रष्टव्य-शान्तिपर्व २०।५, १८०।४२-४३) (त) पितृपाकोपजीवी स्यात् भ्रातृपाकोपजीवकः । ज्ञानाद्ध्ययननिष्ठो वा न दुष्येताऽग्निना विना ।- रेणुदीक्षितकृत मृह्यकारिका ।

वेदाद्ध्ययनको उपेक्षा गरेर अरु धर्म–कर्म गर्न त उचित नहुनि नै देखिञ्च । शैवागम (शैवतन्त्र) वैष्णवागम (पञ्चरात्रादि वैष्णवतन्त्र) शाक्तागम (शाक्ततन्त्र) इत्यादि आगम-(तन्त्र-) मा विहित कर्महरु त वेदविहित कर्ममा अधिकार नभाकाहरुले[1] र वेदविहित कर्ममा अधिकार भाका भए पनि विशेष काम्य फलको इच्छा गर्निहरुले वेदविहित स्वधर्मको निर्वाह गरेर तेसमा बाधा–विरोध नपर्नि गरि गरिनि कुरा देखिञ्चन् । तन्त्रोक्त कर्म वैदिक हरुका लागि अनिवार्य देखिँदैनन् । इ सबै कुरावड धर्म-कर्म-हरु-मद्दे वेदविहित धर्मकर्मको प्राधान्य वा ज्येष्ठता प्रष्ट हुञ्च ।

ब्राह्मणहरुका लागि वैदिक धर्म नै सर्वथा अनुसरणीय हो

विप्र-जातिको ब्राह्मण भन्नि नाम नै ब्रह्म– (वेद–) का विशेष सम्बन्धले गर्दा रएको देखिञ्च[2] । त्यो विशेष सम्बन्ध

---

१. (क) दक्षशापाद् भृगोः शापाद् दधीचस्य च शापतः । दग्धा ये ब्राह्मणवरा वेदमार्गबहिष्कृताः ।। तेषामुद्धरणार्थाय सोपानक्रमतस् सदा । शैवाश्च वैष्णवाश्चैव सौराश् शाक्तास् तथैव च ।। गाणपत्या आगमाश्च प्रणीताश् शङ्करेण तु । तत्र वेदाविरुद्धोंऽशोऽप्युक्त एव क्वचित् क्वचित् ।। वैदिकैस् तद्ग्रहे दोषो न भूत्येव कर्हिचित् । सर्वथा वेदभिन्नार्थे नाधिकारी द्विजो भवेत् । वेदाधिकारहीनस् तु भवेत् तत्राऽधिकारवान् ।।– देवीभागवत ७।३९।२९–३३; (ख) अत्यन्त-गलितानान् तु द्विजानावँ वेदमार्गतः । पाञ्चरात्रादयो मार्गाः कालेनैवोपकारकाः ।।– स्कन्दपुराण–सूतसंहिता, मुक्तिखण्ड ४।१७; (ग) तस्य नाम्ना तु विख्यातं सात्वतन् नाम शोभनम् । प्रवर्तते महाशास्त्रञ्च कुण्डादीनां हितावहम् ।।– कूर्मपुराण (काशिराजन्यास-संस्करण) १।२३।३३; (घ) भवव्रतधरा ये च ये च तान् समनुव्रताः । पाखण्डिनस् ते भवन्तु सच्छास्त्रपरिपन्थिनः ।।– भागवत ४।२।२८।

२. ब्रह्म वेदः, तमधीत्यार्थञ्चावगत्य येऽनुतिष्ठन्ति मुख्यास्ते ब्राह्मणाः । –पराशरमाधवीय, ८ अद्ध्याय, श्लो. ३; द्वि. तृ. भाग, १५८ पृ. ।

पनि वेदको अद्ध्ययन अद्ध्यापन र अनुसरण नै हो भन्नि बुजिञ्च । वेद पड्नि र यज्ञ गर्नि अधिकार शुद्ध क्षत्रिय र शुद्ध वैश्यलाइ पनि भए पनि वेद पडाउनि र यज्ञ गराउनि समेत अधिकार मुक्ख्यतया ब्राह्मणलाइ मत्रै भाको मानिनि भएकाले पनि यो विशेष सम्वन्ध प्रष्ट हुञ्च । ब्राह्मणहरु वेदको धारण गर्नि हुनाले नै प्रशंसाका पात्त्र भाका देखिएकाले[1] पनि ब्राह्मणहरु-को वेदसित विशेष सम्बन्ध अत्त्यन्तै प्रष्ट हुञ्च । याज्ञवल्क्य-स्मृतिमा[2] मनुस्मृतिमा,[3] बृहद्योगियाज्ञवल्क्यस्मृतिमा[4] र आप-

---

१. (क) यान्ति वा आप एत्त्यादित्य एति चन्द्रमा यन्ति नक्षत्त्राणि यथा ह वा एता देवता नेयुर्न्न कुर्य्युरेवं हैव तदहर् ब्राह्म्मणो भवति यदहः स्वाद्ध्यायन् नाधीते तस्म्मात्त्स्वाद्ध्यायोऽद्ध्येतव्यस् त्तस्म्मादप्यृचंवं वा यजुर्व्वा साम वा गाथांवं वा कुम्ब्यांवं वा-ऽभिव्याहरेद् द्व्रतस्त्याऽव्यवच्छेदाय ।- माद्ध्यन्दिनीय-वाजसनेयि-शतपथ-ब्राह्मण ११।५।७।१०; (ख) उत्तमाङ्गोद्भवाज् ज्यैष्ठ्याद् ब्रह्मणश्चैव धारणात् । सर्वस्त्यैवास्य सर्गस्य धर्मतो ब्राह्मणः प्रभुः ।।- मनुस्मृति १।९३, (ग) ब्राह्मणस् सम्भवेनैव देवानामपि दैवतम् । प्रमाणञ्चैव लोकस्य ब्रह्मात्त्वैव हि कारणम् ।। -मनु. ११।८४; (घ) पुरुषेष्वपि राजेन्द्र सुपात्त्रम् ब्राह्मणवं विदुः । तपसा विद्व्यया तुष्ट्या धत्ते वेदं हरेस् तनुम् ।। -भागवत ७।१४।४१; (ङ) न ब्राह्मणाद् मे दयितं रूपमेतच् चतुर्भुजम् । सर्ववेदमयो विप्रस् सर्ववेदमयो ह्यहम् ।। दुष्प्रज्ञा अविदित्त्वैवमवजानन्त्यसूयवः । गुरुम् मार्वं विप्रमात्मानमर्चादाविज्य-बुद्धयः ।।- भागवत १०।८६।५४-५५।

२. यज्ञानान् तपसाञ्चैव शुभानाञ्चैव कर्मणाम् । वेद एव द्विजातीनान् निश्श्रेयतकरः परः (१।४०), ॥

३. वेदोदितं स्वकङ कर्म नित्त्यङ कुर्यादतन्द्रितः । तद् धि कुर्वन् यथाशक्ति प्राप्नोति परमाङ गतिम् (४।१४) ।

४. अनन्तञ् चाऽप्रमेयञ्च् च वेदशास्त्रं सनातनम् । वेदितव्यम् प्रयत्नेन सर्ववर्गफलप्रदम् ॥ वेदमेव समभ्यस्त्येद् वेद्मश् चक्षुस् सनातनम् ।

(क्रमशः)

स्तम्बधर्मसूत्रमा[1] पनि वेदविहित धर्मकर्ममार्ग नै ब्राह्मणहरुका लागि विशेष आश्रयणीय हो र तेसैबड उनिहरुको परम कल्याण हुञ्च भन्नि कुरा स्पष्ट रूपमा उल्लिखित देखिञ्च । मैत्रायणीयारण्यकमा पनि "अथ ये चान्ये ह वृथाकाषायकुण्डलिनः कापालिनोऽथ ... ये चान्ये ह वृथातर्कदृष्टान्तकुहकेन्द्रजालैर् वैदिकेषु परिस्थातुमिच्छन्ति तैः सह न संवसेत् प्रकाशभूता वै ते तस्करा अस्वर्ग्याः" (७।८) भनि "यद् वेदेष्वभिहितं तत् सत्यं यद् वेदेषूक्तं तद् विद्वांस उपजीवन्ति । तस्माद् ब्राह्मणो नाऽवैदिकमधीयीताऽयमर्थः स्यादिति" (७।१०) भनेर ब्राह्मणले वेदनिष्ठ नै हुन पर्नि कुरा गरिया छ ।

वैदिक वर्ण-जाति-व्यवस्था

ऋग्वेदका पुरुषसूक्तमा[2] ब्राह्मण, राजन्न्य (क्षत्रिय), वैश्श्य र शूद्रको विराट् पुरुषका मुख-बाहु-तिग्ग्रा-पाउ-का रूपमा उल्लेख छ । तेसै उल्लेखका आधारमा ब्राह्मणको विराट् पुरुषका मुखबड, क्षत्रियको बाहुबड, वैश्श्यको तिग्ग्राबड र शूद्रको पाउबड जन्म भाको पनि मानिया देखिञ्च । एस्तो

भूतम् भव्यम् भविष्यञ्च सर्ववँ् वेदप्रतिष्ठितम् ।। अनन्तञ्चाऽप्रमाणञ्च सर्ववँ् वेदात् प्रसिद्ध्यति । इति सञ्चिन्त्य मनसा वेदाचार्येण धीमता । याज्ञवल्क्येन विप्राणान् त्रयीमार्गः प्रदर्शितः । येन गच्छन्ति विद्वांसस् सत्पथा ब्रह्मणोऽन्तिकम् । असत्पथेन वि[illegible]स्य गमनं हि विरुद्ध्यते (१२।४०-४३) ।

१. अथापि प्रजापतेर् वचनम्-त्रयीवँ् विद्याम् ब्रह्मचर्यम् प्रजातिं श्रद्धाव् तपो यज्ञमनुप्रदानम् । य एतानि कुर्वते तैरित् सह स्मो रजो भूत्वा ध्वंसतेऽन्यत् प्रशंसन्निति ।।- २।९।४।७-८।

२. ब्राह्मणोऽस्य मुखमासीद् बाहू राजन्यः कृतः । ऊरू तदस्य यद् वैश्यः पद्भ्यां शूद्रो अजायत (१०।९०।१२; द्रष्टव्य-मा० वा० शुक्लयजुर्वेदसंहिता ३१।१२) ।

मान्नमा तैत्तिरीयसंहितान्तर्गत ब्राह्मणवाक्य[1] पनि आधारका रूपमा लिन सकिञ्च। ब्राह्मण–क्षत्रिय–वैश्य–शूद्रको मान्यता-क्रम जन्मसिद्धत्व र गुणविशेष सभेत उक्त तैत्तिरीय–संहिताका वाक्यवड स्पष्ट झल्कञ्चन्। उक्त वेद–वचनहरुका र तेस्तै अरु वेदवचनका आधारमा पनि स्मृति–पुराणादिमा एस विषयको प्रतिपादन भाको बुजिञ्च। जातिहरुमा अयस्ताप, अयोगू, अविपाल, इषुकार, उग्र, कण्टकीकार, कर्मार, कारि, कितव, कीनाश, कुलाल, कैवर्त, कोशकार, क्षत्ता, गोपाल, चर्मम्न, जम्भक, ज्याकार, तक्षा, दाश, धनुष्कार, धैवर, पुंश्चलु, भिषक्, भीमल, मागध, मार्गार, मृगयु, मैनाल, रजयिता, रज्जुसर्ज, रथकार, राजपुत्र, रेभ, वंशनर्ति, वप, वाणिज, वासःपल्पूल, विदलकार, व्रात्य, शैलूष, श्वनि, सङ्ग्रहीता, सुराकार, सूत, सेलग, हिरण्यकार इत्यादि जाति तैत्तिरीयसंहिता, (३।४।१–१९) काठकसंहिता, माद्ध्यन्दिनीयवाजसनेयि–संहिता (त्रिंशाद्ध्याय), बृहदारण्यकोपनिषद्, ताण्डचब्राह्मण, छान्दोग्योपनिषद्, शौनक्कयथर्ववेदसंहिता इत्यादि ग्रन्थहरुमा उल्लिखित भएका भनि पाण्डुरङ्ग वामन काणेले[2] र माद्ध्यन्दि–

---

१. प्रजापतिरकामयत प्रजायेयेति स मुखतस्त्रिवृतन् निरमिमीत तमग्निर्देवताऽन्वसृज्यत, गायत्री छन्दो रथन्तरं साम ब्राह्मणो मनुष्याणामजः पशूनान् तस्मात् ते मुख्या मुखतो ह्यसृज्यन्त, उरसो बाहुभ्याम् पञ्चदशन् निरमिमीत तमिन्द्रो देवताऽन्वसृज्यत त्रिष्टुप् छन्दो बृहत् साम राजन्यो मनुष्याणामविः पशूनान् तस्मात् ते वीर्य्यवन्तो वीर्य्याद् ध्यसृज्यन्त, मद्ध्यतः सप्तदशं निरमिमीत तवै विश्वे देवा देवता अन्वसृज्यन्त जगती छन्दो वैरूपं साम वैश्यो मनुष्याणाङ गावः पशूनान् तस्मात् त आद्या अन्नधानाद्ध्यसृज्यन्त तस्माद् भूयांसोऽन्येभ्यो भूयिष्ठा हि देवता अन्वसृज्यन्त, पत्त एकविंशन् निरमिमीत तमनुष्टुप् छन्दोऽन्वसृज्यत वैराजं साम शूद्रो मनुष्याणामश्वः पशूनान् तस्मात् तौ भूतसङ्क्रामिणावश्वश्चशूद्रश्च तस्माच्छूद्रो यज्ञेऽनवक्लृप्तो न हि देवता अन्वसृज्यत तस्मात् पादावुपजीवतः पत्तो ह्यसृज्येताम् (७।१।१।४-६)।

२. धर्मशास्त्रका इतिहास, प्रथम भाग, ११६–११७ पृ.।

नीयसंहिताका तिसौँ अद्ध्यायमा उल्लिखित भएका भनि हरिहरानन्द–(करपात्रि–) ले[1] लेख्या छन् । तिनैका हाहाका दकुनि–खालका अरुले पनि लेख्या छन्[2] । तर माद्ध्यन्दिनीय–वाजसनेयि–शुक्लयजुर्वेदमन्त्रार्षसंहिताका तिसौँ अद्ध्यायमा उक्त शब्दहरु–मद्दे घेरै शब्द आका भएपनि त्याँहाँ उक्त पदहरु जातिपरक नभै गुण–क्रिया–योगि–मात्रपरक भाको बुजिञ्च । ब्राह्मण–राजन्य–वैश्य–शूद्र–रथकारादि केइ पद अन्यत्र जातिपरक रूपमा अतिप्रसिद्ध भाकाले तिनलाइ त्याँहाँ पनि जातिपरकै मानेमा पनि शैलूष, रेभ, मणिकार, मृगयु, श्वनि, विदलकारी, कण्टकीकारी, पेशस्कारी, गोपाल, अविपाल, अजपाल, सुराकार, दार्वाहार, रजयित्री, कोशकारी, हिरण्यकार, गोघात, वंशनर्ति इत्यादि पनि जातिपरकै हुन् भन्न सकिँदैन । वेदवाक्यवडै पनि[3] उक्त सबै पदहरु जातिवाचक नभाको कुरा बुजिञ्च । अरु शब्दको के

---

१. चातुर्वर्ण्यसंस्कृतिविमर्श, द्वितीयभाग, १६३ पृ. (द्रष्टव्य–४६, १५२, १५७ पृ.) ।

२. श्रीचूडानाथ भट्टराय, मर्यादा (वाल्मीकि–संस्कृत–महाविद्यालय, काठमाण्डु, २०२५) वर्ष १, अङ्क १, २६ पृ.।

३. "अशूद्रा अब्राह्मणास् ते प्राजापत्याः" (मा. वा. शु. य. वे. सं. ३०।२२) भनि अतिदीर्घ आदि आठ पुरुषपशुको जातिको नियम गरिया देखिञ्च; तेसबड ति भन्दा पैलेइका निश्चित रूपमा जातिलाइ नबुजाउनि कर्मप्रधान शब्दले निर्दिष्ट गरिया तस्करादि पुरुष-पशुमा जातिको नियम नभाको बुजिञ्च । यो कुरा महीधरले 'अत्र जातिनियमात् पूर्वेषु जातेरनियमः' भनि स्पष्ट गर्या देखिञ्च । तसर्थ शैलूष–रेभ–मणिकार–मृगयु इत्यादि अन्यत्र जातिवाचकै भएपनि उक्त स्थलमा जातिवाचकै हुन् भन्न सकिन्न । "तपसे शूद्रम् तपो वै शूद्रस् तप एव तत् तपसा समर्द्धयति, एवमेता देवता यथारूपम् पशुभिः समर्द्धयति" (मा. वा. शतपथब्रा. १३।६।२।१०) भनि ब्राह्मणवाक्यवड उक्त स्थलमा ब्राह्मणादि सबैको निर्देश जातिका दृष्टिले नभै गुणका दृष्टिले गरिया कुरा झल्कञ्च । "जात्यैव लोहकारो यः कुशलश्चाग्निकर्मणि । दृष्टप्रयोगश्चान्यत्र तेनाऽयोऽग्नौ तु तापयेत् ।" भन्नि नारदका वचनबड (पराशरमाधवीय,

(क्रमशः)

कुरा प्रकरणवशात् शूद्र–शब्द पनि कतै जातिवाचक नमा–निइ गुणवाचकै मानिया देखिञ्च[1]। तथापि वेदमन्त्रसंहितामा वा ब्राह्मणग्रन्थमा वा श्रौतसूत्र–गृह्यसूत्र–धर्मसूत्र–स्मृति–पुराणहरुमा उल्लिखित ब्राह्मणादि चार वर्ण र अरु केइ अवान्तर जातिका विषयमा सङ्क्षिप्त टिप्पणी तल प्रस्तुत छ—

ब्राह्मण— अनादि–परम्परा–सिद्ध शुद्ध ब्राह्मण पितामातावड अनिन्द्य वैवाहिक सम्बन्धले जन्मेको, ब्राह्मणोचित वैध संस्कार भाको, ब्राह्मणाचारको शास्त्रानुकूल पालना गर्नि व्यक्ति ब्राह्मण भनिञ्च। श्रुति–स्मृति–पुराण-मा ब्राह्मण–जातिलाइ अत्यन्त उच्च स्थान दिय्येको छ[2]। त्याँहाँ वेद राम्म्ररि पडेका विद्वान् ब्राह्मणलाइ देवताका पङ्क्तिमा राखिया

व्यवहारकाण्ड, १३३ पृ.) पनि लोहकार इत्यादि शब्द क्रियायोग–मात्र-परक रूपमा पनि प्रयुक्त हुँदै आको बुजिञ्च। महीधरले 'मागधम् मगधदेशजङ क्षत्रियायावँ वैश्यपुंसो जातवँ वा' इत्यादि भनि अजातिपरक अर्थ पनि देखाएकाले (३०।५) र सायणले पनि "रथकारं रथस्य कर्तारन् निपुणमतिम्" (का. वा. शु. य. वे. म. सं. ३४।१।६, तैत्तिरीयब्रा. ३।४।२) भनि व्याख्या गरेकाले पनि उक्त प्रकरणमा उक्त पदहरु जाति-परक वा जातिवाचक मान्न आवश्यक नभाको छनक पाइञ्च।

१. शुगस्य तदनादरश्श्रवणात् तदाद्द्रवणात् सूच्यते हि। क्षत्रियत्वगतेश् चोत्तरत्र चैत्ररथेन लिङ्गात्।– ब्रह्ममीमांसासूत्र १।३।३४–३५; द्रष्टव्य–छान्दोग्योपनिषत् ४।२।३।

२. (क) वैतान् ते देवा अददुस् तुभ्यन् नृपते अत्तवे। मा ब्राह्मणस्य राजन्य गाञ् जिघत्सो अनाद्याम्॥– शौनक्यथर्ववेद-मन्त्रसंहिता ५।१८।१; (ख) ब्राह्म्मणो राजानमात्मनोऽबलीयांसङ कुरुते।- मा. वा. शतपथब्रा. ५।४।४।१५; (ग) भूयान् वै ब्राह्मणः क्षत्रियात्। –ऐतरेयब्राह्मण ३३।३; (घ) ब्रह्मण एव तत् क्षत्रं वशमेति। –तिहिँ ३७।५; (ङ) ब्रह्मण एव तत् क्षत्रं च विशं चाऽनुगे करोति।– ताण्ड्य–[महा–]ब्राह्मण (पञ्चविंशब्राह्मण) २।८।२; (च) ब्रह्मणे क्षत्रं च विशं चाऽनुगे करोति।- तिहिँ ११।११।८,५।६।३।

छ[1] । वैदिक–वर्ण–जातिव्यवस्थामा ब्राह्मणजाति सर्वोच्च मानिञ्च । राजा विना पनि ब्राह्मण रहनु उपपन्न छ, ब्राह्मण विना राजा रहनु उपपन्न छैन भन्नि कुरा पनि वेदमा उल्लिखित छ[2] ।

१. (क) ब्रह्म्मणो वा एतद्रूपयँ यद्द्ब्राह्म्मणः ।- मा. वा. शत. ब्रा. १३.१-५–२; (ख) ब्राह्मणो वै सर्व्वा देवताः ।- तैत्तिरीयब्राह्मण १-४-४-२; (ग) एते वै देवा अहुतादो यद् ब्राह्मणाः ।- गोपथब्रा. २-१-६; (घ) अथ हैते मनुष्यदेवा ये ब्राह्मणाः ।- ऐतरेयब्रा. १-१; (ङ) द्वया वै देवा देवा अहैव देवा अथ येब्राह्म्मणाः शुश्रुवांसोऽनूचानास्ते मनुष्यदेवाः ।- मा. वा. शत. ब्रा. २।२।२।६; २।४।३।१४; (च) एते वै देवाः प्रत्यक्षयँ यद् ब्राह्मणाः ।- तैत्तिरीयसंहिता १।७।३।१; (छ)यावतीर्वै देवतास्ताःसर्वा वेदविदि ब्राह्मणे वसन्ति तस्माद् ब्राह्मणेभ्यो वेदविद्भ्यो दिवेदिवे नमस्कुर्यान् नाऽश्लीलञ्च कीर्तयेदेता एव देवताःप्रीणाति ।– तैत्तिरीयारण्यक २।१५; (ज) ब्राह्म्मणो वा आर्षेयः सर्व्वा देवताः ।– मा. वा. शतपथब्रा. १२।४।४।६; (झ) देवाः परोक्षदेवाः प्रत्यक्षदेवा ब्राह्मणाः । -विष्णुधर्मसूत्र १९।२०; (ञ) व्रतच्छिद्रन् तपश्छिद्द्रयँ यच्छिद्द्रयँ यज्ञकर्मणि । सर्वम् भवति निश्छिद्द्रम् ब्राह्मणैरुपपादितम् ॥ ब्राह्मणा यानि भाषन्ते मन्यन्ते तानि देवताः ॥ सर्वदेवमया विप्रा न तद्वचनमन्यथा ॥– पराशरस्मृति ३।५०–५३; (ट) ब्राह्मणो जायमानो हि पृथिव्यामधि जायते । ईश्वरस् सर्वभूतानाम् ब्रह्मकोशस्य गुप्तये । –मनु. १।९९; (ठ) तपस्तप्त्वाऽसृजद् ब्रह्मा ब्राह्मणान् वेदगुप्तये । तृप्त्यर्थम् पितृदेवानान् धर्मसंरक्षणाय च ॥- याज्ञवल्क्यस्मृति १।१९८; (ड) ब्राह्मणा दैवतम् भूमौ ब्राह्मणा दिवि देवताः । ब्राह्मणेभ्यः परन् नास्ति भूतञ्च किञ्चिज् जगत्त्रये ॥- विष्णुधर्मोत्तरपुराण ३।२९०।१; (ढ) त्रैलोक्यस्यैव हेतुर् हि मर्यादा शाश्वती ध्रुवा । ब्राह्मणो नाम भगवाञ् जन्मप्रभृति पूज्यते ॥ - महाभारतशान्तिपर्व २६९।१३ (चित्रशालासं.) (ण) ब्राह्मणास्तात लोकेऽस्मिन्नर्चनीयाः सदा मम । एते भूमिचरा देवा वाग्विषास् सुप्रसादकाः ॥- शान्तिपर्व ३९।१।

२. तत् तदवक्लृप्तमेव यद् द्ब्राह्म्मणोऽराजन्यः स्याद्यद्वै राजानलँ लभेत समृद्धन् तदेतद् ध स्वेवानवक्लृप्तयँ यत् क्षत्रियोऽब्राह्मणो भवति– मा. वा. शतपथब्रा. ४।१।४।६; द्रष्टव्य– तिँहिँ ४।१।४।२,३।

लौकिक राजालाइ ब्राह्मणले आदर–सम्मान गरे पनि[1] मुख्य रूपमा सोमलाइ नै ब्राह्मणले राजा मान्नि कुरा पनि वेदमा प्रतिपादित छ[2] ।

क्षत्रिय— अनादि वा सादि परम्परावाट सिद्ध शुद्ध क्षत्रिय पिता माताका वैध सम्बन्धले जन्मेको वा ब्राह्मणले वैध सम्बन्धले क्षत्रियस्त्रीमा उत्पादन गरेको, क्षत्रियोचित वैध सँस्कार भाको, क्षत्रियाचारको शास्त्रानुकूल पालन गर्नि व्यक्ति क्षत्रिय मानिञ्च । क्षत्रिय जाति ब्राह्मणवाएक अरु जातिभन्दा उच्च मानिञ्च ।

वैश्य— अनादि वा सादि परम्पराबाट सिद्ध वैश्य पितामाताका वैध वैवाहिक सम्बन्धले जन्मेको वा ब्राह्मणले अथवा क्षत्रियले वैध सम्बन्धले वैश्यस्त्रीमा उत्पादन गरेको, वैश्योचित शास्त्रीय संस्कार भाको, वैश्याचारको शास्त्रानुकूल पालन गर्नि व्यक्ति वैश्य मानिञ्च ।

व्रात्य— ब्राह्मण-क्षत्रिय-वैश्य-कुलमा जन्मेका, यथाकाल वैदिक द्विजातिसंस्कार नभाका व्यक्ति र तिनका सन्तान व्रात्य भनिञ्चन् । ब्राह्मणकुलका व्रात्यलाइ भूर्जकण्टक (भृज्जकण्ठ), आवन्त्य, वाटधान, पुष्पध, शैख इ नामले पनि व्यवहार गर्चन्[3] । क्षत्रिय–कुलका व्रात्यलाइ झल्ल, मल्ल, निच्छिवि (लिच्छवि?), नट, करण, खस, द्रविड पनि भञ्चन्[4] वैश्यकुलका व्रात्यलाइ सुधन्वाचार्य, कारुष, विजन्मा, मैत्र र सात्वत पनि भञ्चन्[5] । इ व्रात्यहरु शास्त्रानुसार प्रायश्चित्त गरेर ब्राह्मणादि आँ-आँफ्ना जातिमा मिल्न पनि सक्चन् । व्रात्यको उल्लेख मा० वा० संहितामा (३०।८), तैत्तिरीयब्राह्मणमा (३।४।५।१) र श्रौतसूत्रहरुमा र अन्यत्र पनि पाइञ्च ।

---

१. गौतमधर्मसूत्र २।२।७–८।

२ मा. वा. शु. य. वे. म. सं. १०।१८; मा. वा. शतपथब्रा. ५।३।३।१२; ५।४।२।३।

३–५. मनुस्मृति १०।२१,२२,२३।

कानीन— उपनयनसंस्कार भाका पुरुषले संस्कार नभाकि कन्यामा जन्माको व्यक्ति कानीन भनिन्च ।

कुण्ड— लोग्नि जीवितै भाकि स्त्रीमा परपुरुषले जन्माको सन्तान कुण्ड भनिन्च । एसलाइ अवरोढक, अवरेढक र अववाट पनि भन्चन् ।

गोलक— लोग्नि–मोरेकि स्त्रीमा परपुरुषले जन्माको सन्तान गोलक भनिन्च । एसलाइ पनि अवरोढक, अवरेढक, र अववाट पनि भन्चन् ।

ब्राह्मण क्षत्रिय वैश्य शूद्र इ चारै वर्णका, सवर्ण स्त्री–पुरुषवडै जन्मेका समेत सबै कानीन–कुण्ड–गोलकहरु आपस्तम्वधर्मसूत्र[1]- मनुस्मृति[2]- देवलस्मृति[3]-आदित्यपुराणादि[4]-अन्सार् साधारणतया शूद्रसधर्मा हुन्चन् ।

शूद्र— अनादि धा सादि परम्पराबड सिद्ध शूद्र पितामाताबड जन्मेको वा ब्राह्मण वा क्षत्रिय वा वैश्य पुरुषले शूद्रस्त्रीमा जन्माको व्यक्ति शूद्र भनिन्च[5] । वेद पडाउनका लागि गरिनि उपनयन–(वर्तुन–) मा वंशपरम्परागत रूपमा नै सर्वथा अनधिकारि जाति–व्यक्तिहरु सबै नै शूद्रश्रेणिकै मानिन्चन् । पाकयज्ञादि गर्नि, मद्य–मांस–परायण नभाको, ब्राह्मणको अनुकूल शूद्र सच्छूद्र मानिन्च । पाकयज्ञादि नगर्नि, मद्यमांसपरायण, ब्राह्मणको प्रतिकूल शूद्र असच्छूद्र मानिन्च[6] ।

---

१. सवर्णापूर्वशास्त्रविहितायायें यथर्तु गच्छतः पुत्रास्तेषाञ्च कर्मभिस्सम्बन्धः। –२।६।१।१।

२. १०।४१।

३. कुल्लूकभट्टकृतमन्वर्थमुक्तावलिमा (१०।५) उद्धृत ।

४. शूद्रकमलाकरमा र वीरमित्रोदयका संस्कारप्रकाशमा (वाराणसीसंस्करण ३९७ पृ.) उद्धृत वचन ।

५. शूद्रामा ब्राह्मणादिले जन्माका सन्तान पनि शूद्रै हुनि कुरा विष्णुधर्मसूत्रमा र कौटलीय अर्थशास्त्रमा प्रष्ट छ । (द्रष्टव्य–मनु. १०।६७–६८) ।

६. पराशरस्मृति ११।१४–१५।

जसले खाको भाँडो माँज्दा पनि द्विजाति–भोजन–योग्य हुँदैन, तेस्ता अस्पृश्य शूद्र निरवसित शूद्र वा अतिशूद्र भनिञ्चन् ।

पौण्ड्रक, औड्र, द्रविड, काम्बोज, यवन (आय्योनियन्-ग्रिक्), शक, पारद, पह्लव, चीन, किरात, दरद, खश इ जातिहरु आँफ्नु कर्म छोड्नाले र ब्राह्मणबड यज्ञ, कर्म, वेदाद्ध्ययन, प्रायश्चित्तादि शुद्धि नगराउनि गरि ब्राह्मणको दर्शन नपाउनाले पनि लोकमा शूद्र हुन पुगेका हुन् भन्नि कुरा मनुस्मृतिमा (१०।४३-४४) उल्लिखित देखिञ्च ।

अम्बष्ठ— ब्राह्मणले वैश्यस्त्रीमा जन्माको व्यक्ति अम्बष्ठ भनिञ्च । याज्ञवल्क्यस्मृतिअनुसार् यो स्व–विवाहित वैश्यस्त्रीमा ब्राह्मणले जन्माको सन्तान देखिञ्च । अमरकोशमा यो शब्द शूद्रवर्गमा छ । तेसबड यो ब्राह्मणले परपत्नी वैश्यस्त्रीमा जन्माको सन्तान बुजिञ्च । अम्बष्ठको उल्लेख वसिष्ठधर्मसूत्र, बौधायनधर्मसूत्र, वैखानसधर्मसूत्र, गौतमधर्मसूत्र, कौटलीय अर्थशास्त्र र मनुस्मृतिमा पनि छ ।

माहिष्य— वैश्यस्त्रीमा क्षत्रियले अवैध सम्बन्धले जन्माको सन्तान माहिष्य भनिनि कुरा यो शब्द अमरकोशमा शूद्र वर्गमा आएकाले बुजिञ्च । याज्ञवल्क्यस्मृतिमा त एस्तो कुरा देखिँदैन ।

निषाद— ब्राह्मणले वैध सम्बन्धले शूद्रस्त्रीमा जन्माएको सन्तान निषाद भनिनि बुजिञ्च । निषादको वैदिक कर्ममा पनि कुनैमा अधिकार देखिएकाले एस्तो कुरा देखिन आउँच । ब्राह्मणले अवैध सम्बन्धले शूद्रस्त्रीमा जन्माको सन्तान पारशव भनिनि बुजिञ्च । बौधायन – धर्मसूत्रको एस्तै भाव बुजिञ्च (२।३।२९-३०; द्रष्टव्य बौ. ध. सू. १।१७।२-३) । कतै-कतै एसको विपरीत कुरा पनि देखिञ्च । निषादको उल्लेख मा. वा. शुक्लयजुर्वेदसंहितामा (३०।८, १६।२७) पनि छ ।

उग्र— क्षत्रियबले शूद्रस्त्रीमा जन्माको सन्तान उग्र भनिञ्च । उग्रको उल्लेख काण्व–वाजसनेयि–बृहदारण्यको–पनिषद्मा (४।३।३७–३८) पनि छ ।

करण— वैश्यबले शूद्रस्त्रीमा जन्माको सन्तान करण भनिञ्च ।

रथकार— माहिष्यले करणस्त्रीमा जन्माएको सन्तान रथकार भनिञ्च । रथकारलाइ बर्धकि (वढइ) पनि भञ्चन् । रथकारको उल्लेख मा. वा. शुक्लयजुर्वेदसंहितामा (३०।६, १६।१७), शौनक्क्यथर्ववेदसंहितामा (३।५।६) र अन्यत्र पनि पाइञ्च ।

सूत— क्षत्रियवड ब्राह्मणीमा जन्मेको सन्तान सूत भनिञ्च ।

मागध (वन्दि)— वैश्यवड क्षत्रियस्त्रीमा जन्मेको सन्तान मागध (वन्दि) भनिञ्च । वसिष्ठधर्मसूत्रमा र विष्णुधर्म–सूत्रमा एसलाइ पुल्कस भनिया छ ।

आयोगव— शूद्रवड वैश्यस्त्रीमा जन्मेको सन्तान आयोगव भनिञ्च । एसलाइ वसिष्ठधर्मसूत्रमा अन्त्यावसायि, बौधायनधर्मसूत्रमा मागध र गौतमधर्मसूत्रमा वैदेहक भनिया देखिञ्च ।

क्षत्ता— शूद्रवड क्षत्रियस्त्रीमा जन्मेको सन्तान क्षत्ता भनिञ्च । एसलाइ वसिष्ठधर्मसूत्रमा वैण, वैखानसधर्मसूत्रमा र गौतमधर्मसूत्रमा पुल्कस र विष्णुधर्मसूत्रमा मागध भनिया पाइञ्च । पौल्कसको काण्व–वाजसनेयि–बृहदारण्यकोपनिषद्मा (४।३।२२) पनि उल्लेख छ ।

सौनिक— आयोगववड क्षत्रियस्त्रीमा जन्मेको सन्तान सौनिक (पशुमारक) भनिञ्च ।

धीवर— शूद्रवड कैवर्तस्त्रीमा जन्मेको सन्तान धीवर भनिञ्च ।

चर्मकार (कारावर)— निषादवड वैदेहस्त्रीमा जन्मेको सन्तान चर्मकार (कारावर) भनिञ्च ।

वेण (वैण्य)– वैदेहवड अम्वष्ठस्त्रीमा उत्पन्न सन्तान वेण वा वैण्य भनिञ्च ।

रजक– वैदेहवड ब्राह्मणीमा जन्मेको सन्तान रजक भनिञ्च ।

कैवर्त– निषादवड आयोगवस्त्रीमा उत्पन्न सन्तान कैवर्त भनिञ्च ।

वुरुड– दस्स्यु–निषादवड कैवर्तस्त्रीमा जन्मेको सन्तान वरुड भनिञ्च ।

कुशीलव– वैदेहवड अम्वष्ठस्त्रीमा जन्मेको व्यक्ति कुशीलव भनिञ्च ।

चण्डाल– शूद्रवड ब्राह्मणीमा जन्मेको सन्तान, सन्न्यासिले जन्माको सन्तान, र सगोत्रमा विया गर्न हुन्न भन्नि जानिजानिकन सगोत्रमा विया गरि जन्माको सन्तान पनि चण्डाल भनिञ्च । चाण्डालको उल्लेख मा. वा. शुक्लयजुर्वेदसंहितामा (३०।२१), का. वा. बृहदारण्यकोपनिषद्मा (४।१।२२) छान्दोग्योपनिषद्मा (५।१०।७; ५।२४।४) र अन्यत्र पनि पाइञ्च ।

शौण्डिक– निष्टच– (दस्स्युशवर–र–अन्ध्रस्त्रीको सन्तान) ले शूद्रस्त्रीमा जन्माको सन्तान शौण्डिक भनिञ्च ।

मेद– वैदेहवड निषादस्त्रीमा जन्मेको सन्तान मेद भनिञ्च ।

अन्ध्र– वैदेहवडै कारावरस्त्री (चर्मकारस्त्री) मा जन्मेको सन्तान अन्ध्र भनिञ्च ।

भट– चातुर्वर्ण्यबहिर्भूत पुरुषवड धीवरस्त्री–र–ब्राह्मणका संयोगवड जन्मेकि स्त्री-(तीवरी-) मा उत्पन्न सन्तान भट भनिञ्च ।

कोलक– चातुर्वर्ण्यबहिर्भूत पुरुषबड धीवरादि सङ्कीर्ण–सङ्करस्त्रीमा जन्मेको सन्तान कोल वा कोलक भनिनि बुजिञ्च ।

नट– शौण्डिक पुरुषवड मलापहारिणी मेदस्त्रीमा जन्मेको सन्तान नट भनिञ्च ।

हुड्डिक– चातुर्वर्ण्यबहिर्भूत पुरुषवड चण्डालस्त्रीमा जन्मेको सन्तान हुड्डिक भनिञ्च ।

श्वपच (श्वपाक)– क्षत्तावड उग्रस्त्रीमा जन्मेको सन्तान श्वपच भनिञ्च ।

अन्तावसायि– चण्डालबड निषादस्त्रीमा जन्मेको व्यक्ति अन्ता(न्त्या)वसायि भनिञ्च ।

डोम्ब– चण्डालवड पुल्कसीमा उत्पन्न सन्तान डोम्ब वा सोपाक भनिञ्च ।

पुल्कस– चण्डालवड आयोगवस्त्रीमा जन्मेको सन्तान पुल्कस भनिञ्च ।

मृतप– चण्डालवड मागधस्त्रीमा उत्पन्न व्यक्ति मृतप भनिञ्च ।

प्लव– चण्डाल अन्ध्रस्त्रीमा जन्मेको सन्तान प्लव भनिञ्च ।

पाण्डुसोपाक– चण्डालवड वैदेहस्त्रीमा उत्पन्न सन्तान पाण्डुसोपाक भनिञ्च ।

अन्त्यावसायि– क्षत्रियादिवड जन्मेका प्रतिलोम सङ्करहरु अन्त्यावसायि भनिञ्चन् । विश्वरूपकृत याज्ञवल्क्य-स्मृतिव्याख्या बालक्रीडामा (आचाराद्ध्याय श्लोक १) उद्धृत जातूकर्णको वचनमा यो कुरा स्पष्ट देखिञ्च । मिताक्षरामा-(प्रायश्चित्ताद्ध्याय, श्लो २६०)-र-पराशरमाधवीयमा (६।३३)-उद्धृत-वचन-अन्सार् पनि सूत, मागध, वैदेहक, आयोगव, क्षत्ता श्वपच र चण्डाल अन्त्यावसायि भनिञ्चन् ।

अन्त्यज– शूद्रवड जन्मेका प्रतिलोम सङ्करहरु अन्त्यज भनिञ्चन् । याज्ञवल्क्यस्मृतिव्याख्या–मिताक्षरामा–(प्रायश्चित्ताद्ध्याय, श्लो २६५) उल्लिखित-वचन-अन्सार् रजक,

चर्मकार, नट, वुरुड, कैवर्त, मेद भिल्ल अन्त्यज भनिञ्चन् । आनन्दाश्रमवड प्रकाशित-व्यासस्मृतिका-वचन-(१।१२-१३) अन्सार् चर्मकार, भट, भिल्ल, रजक, पुष्कर (पुल्कस ?) नट, वराट (वरुड ?), मेद, चण्डाल, दाश, श्वपच, कोलिक र गवाशनहरु[1] अन्त्यज भनिञ्चन् । स्मृतिहरुमा अन्त्यज अस्स्पृश्य मानिएका देखिञ्चन् । अन्त्यावसायिहरु र अन्त्यजहरु अतिशूद्र पनि भनिञ्चन् ।

ग्रामचण्डाल- अन्त्यावसायि - अन्त्यजहरु - मद्दे द्विजाति वसेका गामका छेउ-छाउमा वस्न पाउनि अन्त्यावसायि-अन्त्यजहरुलाइ ग्रामचण्डाल भन्नि सञ्ज्ञा दिय्येको पनि कताकति भेटिञ्च । एस्ता ग्रामचण्डाल अन्त्यजलाइ छोएमा द्विजाति आचमनले शुद्ध हुञ्चन् भन्नि कुरा स्मृतिहरुमा पाइञ्च ।

ग्रामनिरवसित चण्डाल- द्विजाति-वसेका-गामका-सीमा-भित्र वस्न नपाउनि (मनुस्स्मृति १०।५१-५६) अन्त्यजहरु ग्रामनिरवसित चण्डाल वा पात्त्रनिरवसित (पाणिनीयव्याकरणभाष्य २।४।१०) चण्डाल (वा शूद्र) पनि भनिञ्चन् । एस्ता ग्रामनिरवसित चण्डाल अन्त्यजलाइ छोएमा द्विजाति स्नानले शुद्ध हुञ्चन् भन्नि कुरा स्मृतिहरुमा पाइञ्च ।

---

१. वैदिक वशायागादिको, पारस्करगृह्यसूत्रादिको मधुपर्कविधको, "तस्माद् धेन्वनडुहयोर्न्नाश्नीयात् तदु होवाच याज्ञवल्क्योऽश्नाम्येवाऽहमंसलञ्चेद्दुवतीति" (मा. वा. शतपथब्रा. ३।१।२।२१), "अथ य इच्छेत्पुत्रो मे पण्डितो विजिगीथः समितिङ्गमः शुश्रूषितावें वाचम् भाषिता जायेत सर्व्वान्वेदाननुब्रुवीत सर्व्वमायुरियादिति मांसौदनम्पाचयित्वा सर्प्पिष्मन्तमश्नीयातामीश्वरौ जनयितवा औक्षणेन वार्षभेण वा" (मा. वा. शतपथब्रा. १४।६।४।१७, काण्ववृहदारण्यकोपनिषद् ६।४।१८), 'भक्ष्यौ तु धेन्वनडुहौ मेद्ध्यौ वाजसनेयके विज्ञायेते' (वसिष्ठधर्मसूत्र १४।४६), धेन्वनडुहोर्मक्ष्यम् मेद्ध्यमानडुहमिति वाजसनेयकम्' (आपस्तम्ब-धर्मसूत्र १।५।३।३०-३१) "धेन्वनडुहौ च" (गौतमधर्मसूत्र २।८।३०), "तद् यथैवादो मनुष्यराज आगतेऽन्यस्मिन् वा ऽर्हत्युक्षाणं वा वेहतं वा क्षदन्ते" (ऐतरेयब्राह्मण ३।४ [१।१५]) इत्यादि वचनको विचार गर्दा व्यासस्मृतिको यो गवाशन-ग्रहण कलियुगि व्यवस्था बुजिञ्च । (द्रष्टव्य - कात्यायनश्रौतसूत्र ७।२।२२-२४; मृतम् ब्राह्मणान् भोजयेत्-तिहिं, २३।४।२३) ।

ब्राह्मणधर्म- ब्राह्मणले आँफ्नो ऋषिवंशको शुद्धिमा,[१] वेदाद्ध्ययनमा, धर्म्यप्रजोत्पादनमा, यज्ञमा[२] र लोकहितसाधनमा विशेष ध्यान दिन पर्नि कुरा वेदादिबड[३] बुजिञ्च । ब्राह्मणले सबै भन्दा बडि ब्रह्मवर्चस-(चरित्रबल र वेदाद्ध्ययनबल) को नै कामना गर्न पर्नि कुरा माद्ध्यन्दिनीयवाजसनेयिशतपथब्राह्मणले (१।९।३।१६) देखाउ छ । ब्राह्मणले ब्रह्मज्ञानका लागि साधना गर्न पर्नि कुरा पनि शतपथब्राह्मण[४]- मनुस्मृति[५]- महाभारत[६]- आदिबड बुजिञ्च । ब्राह्मणले अकामहत,[७] सन्तोषामृततृप्त,[८] प्रज्ञानतर्पित[९]

---

१. द्रष्टव्य- तैत्तिरीयसंहिता ६।६।१।४, मा. वा. शु. य. वे. संहिता ७।४६, तैत्तिरीयब्रा. १।४।४।२, मा. वा. शतपथब्रा. ४।३।४।१९, १२।४।४।६।

२. धर्ममीमांसासूत्र (जैमिनीय-मीमांसासूत्र) ६।२।३१।

३. मा. वा. शतपथब्रा. १।५।६।१-९, ११।५।७।१-१०, १।७।२।१, ३।६।२।१६; तैत्तिरीयसंहिता ६।३।१०।५।

४. मा. वा. शतपथब्रा. १४।७।२।२५-२६ (काण्ववाजसनेयिबृहदारण्यकोपनिषद् ४।४।२२) ।

५. १२।९२-९३ ।

६. शान्तिपर्व (चित्रशालासंस्करण) २४९।१०, २६३।२१, २५१।१६।

७. सैषा ऽऽनन्दस्य मीमांसा भवति । युवा स्यात् साधुयुवाऽध्यायकः । तस्येयं पृथिवी सर्वा वित्तस्य पूर्णा स्यात् । स एको मानुष आनन्दः । ये ते शतम् मानुषा आनन्दाः । स एको मनुष्यगन्धर्वाणामानन्दः । श्रोत्रियस्य चाऽकामहतस्य । ये ते शतम् मनुष्यगन्धर्वाणामानन्दाः । स एको देवगन्धर्वाणामानन्द । श्रोत्रियस्य चाऽकामहतस्य । ये ते शतम् प्रजापतेरानन्दाः । स एको ब्रह्मण आनन्दः । श्रोत्रियस्य चाऽकामहतस्य ।- तैत्तिरीयारण्यक प्रपा. ८ अनु. २ (तैत्तिरीयोपनिषद् ब्रह्मवल्ली ८; द्रष्टव्य मा. वा. शतपथब्रा. १४।७।१।३२-३९; काण्ववाजसनेयिबृहदारण्यकोपनिषत् ४।३।३३) ।

८. मनु. ४।१२, महाभारत १२।२१।२ (चित्रशालासं.) ।

९. महाभारत १२।२६३।२१; १२।२५१।१६, १२।२९९।९२; १२।३३०।१९ (चित्रशालासं.)

भै जीवनकालमा नै परम आनन्दको अनुभव गर्न सक्न पनि कुरा पनि श्रुति-स्मृति- इतिहास-पुराणहरुबड झल्कञ्च। वैदिक निधि–को रक्षा गरेर, अद्ध्यापन गरेर, धर्मसंस्कृतिको प्रचार गरेर तथा चारित्रिक आदर्श स्थापित गरेर लोकोपकार गरि ब्राह्मणले लोकबड श्रद्धा पूजा र सम्मान पाउन सक्नि कुरा पनि वेदले सूचित गरेको छ[1]। अद्ध्ययन यजन दान अद्ध्यापन याजन प्रतिग्रह इ छ ओडा प्रमुख ब्राह्मणधर्मको लक्ष्य वेदको गुप्ति (रक्षा) हो भन्नि कुरा "ब्रह्म वै स्वम् महिमानम् ब्राह्मणेष्वदधाद् अद्ध्ययना-ऽद्ध्यापन-यजन-याजन-दान-प्रतिग्रहयुक्तवँ वेदानाङ गुप्त्यै" भन्नि बौधायन-धर्मसूत्रका (१।१८।२) वचनबड झल्कञ्च। याज्ञ-वल्क्यस्मृतिमा पनि एस्तै भाव पाइञ्च। (१।११८)। वृत्तिका निम्ति कृषिको आश्रय लिन ब्राह्मणले पनि हुञ्च[2]। कृषि, सर्ववर्णको सामान्य धर्म (वृत्ति) हो भन्नि र कृषि ज्यालादारि, र पशुपालन सबै वर्णका लागि अनिषिद्ध हुन् भन्नि हारीतको पनि भनाइ पाइञ्च[3]। ब्राह्मणले वेदको कुनै भाग अथवा वेदाङगहरु पनि वृत्तिका लागि पडाउन हुनि कुरा मनुस्मृतिबड पनि देखिञ्च[4]। धनका लागि विद्या दिन हुनि कुरा, गौतमले र मनुले

१. मा. वा. शतपथब्रा. ११।५।७।१।

२. (क) षट्कर्मनिरतो विप्रः कृषिकर्म च कारयेत्।- पराशरस्मृति २।२; (ख) कुसीद-कृषि-वाणिज्ज्यम् प्रकुर्वीताऽस्वयङकृतम्। आपत्काले स्वयङ कुर्वन् नैनसा युज्ज्यते द्विजः॥ – पराशरमाधवीयमा उद्धृत बृहस्पतिवचन २।२; (ग) कृषिवाणिज्ज्ये चाऽस्वयङकृते, कुसीदञ्च। -गौतमधर्मसूत्र २।१।५- ६; (घ) क्षत्त्रधर्मा वैश्यधर्मा नाऽवृत्तिः पतते द्विजः॥- शान्तिपर्व २९४।३।

३. धर्मशास्त्रका इतिहास, प्रथम भाग, १५० पृ.।

४. (क) एकदेशन्तु वेदस्य वेदाङगान्यपि वा पुनः। योऽद्ध्यापयति वृत्त्यर्थमुपाद्ध्यायस् स उच्च्यते॥ –मनु. २।१४१; (ख) षण्णान्तु कर्मणामस्य त्रीणि कर्माणि जीविका याजनाद्ध्यापने चैव विशुद्धाच्च प्रतिग्रहः॥- मनु. १०।७६; (ग) भृतकाद्ध्यापको यस्तु उपाद्ध्यायस् स उच्च्यते॥- शङखस्मृति ३।२।

पनि गरेका छन् र महाभारतमा पनि एस्तो सङ्केत पाइन्छ[1]। ब्राह्मणले वृत्तिका लागि अनिन्द्य राजकार्य गर्न पनि हुनि नै देखिन्छ[2] र आपत्कालमा जीविकाका लागि क्षत्रियवृत्ति र वैश्यवृत्ति पनि गर्न हुन्छ[3]। आपत्कालमा जीवनयात्राका लागि अयाज्ययाजनादि पनि ब्राह्मणले गर्न हुन्छ भन्नि कुरा बृहदारण्यकोपनिषद्वड झल्कन्छ[4] र मनुस्मृतिमा[5] तथा महाभारतमा[6] पनि उल्लिखित छ। आपत्काल टरेपछि यथाशक्ति प्रायश्चित्त गरेर आफ्ना मार्गमा चल्न पर्छ[7]। युग-(देश-काल-परिस्थिति-) अनुसार गर्न सकिनि र साद्ध्य लाग्नि सम्म आचार गर्नि र कदाचित् तेसमा पनि न्यूनता आएमा गर्न सकिनि सम्म भने पनि प्रायश्चित्त गर्नि र वैदिक धर्ममा आस्था राखि ब्राह्मणहरु अनिन्द्य नै मानिनि कुरा स्मृतिहरुमा पाइन्छ[8]। अशक्त अवस्थामा रमाएर हैन बाद्ध्य

---

१. (क) आचार्यजातिप्रियगुरुधनविद्यातियमेषु ब्रह्मणस् सम्प्रदानमन्यत्र यथोक्तात्। – गौतमधर्मसूत्र २।१।४; (ख) आचार्यपुत्रश् शुश्रूषुर्ज्ञानदो धार्मिकश्शुचिः। आप्तश् शक्तोऽर्थदस् साधुस् स्वोऽध्याप्या दश धर्मतः॥ – मनु. २।१०९; (ग) कथञ्च क्षत्रियसंस्थश्च दण्डस् सम्प्रत्यवस्थितः। ब्रूहि मे सुमहाप्राज्ञ ददाम्याचार्यवेतनम्॥ –शान्तिपर्व १२२।१३।

२. राजाको प्रतिनिधि भै गृह्यादि कर्न गर्न पुरेत हुनि काम, व्यवहार हेर्ने प्राड्विवाक (न्यायाधीश) हुनि काम, र दूत हुनि काम इत्यादि धेरै राजाका काम ब्राह्मणले गर्न पनि कुरा शास्त्रबड देखिएकाले एसो भनिया हो।

३. मनुस्मृति १०।८१–८२; वसिष्ठधर्मसूत्र २।२२–२३; बौधायनधर्मसूत्र २।४।१६–१९; गौतमधर्मसूत्र ५।७।६,७।

४. मा. वा. शतपथब्रा. १४।६।१०।३; कण्ण्ववाजसनेयिबृहदारण्यकोपनिषत् ४।१।३।

५. नाद्ध्यापनाद् याजनाद् वा गर्हिताद् वा प्रतिग्रहात्। दोषो भवति विप्राणाम् ज्वलनाम्बुसमा हि ते॥– मनु १०।१०३।

६. आपदगतेन धर्माणामन्यायेनोपजीवनम्। अपि ह्येतद् ब्राह्मणेषु दृष्टवं. वृत्तिपरिक्षये।– शान्तिपर्व १३०।२५ (चित्तशालासं)।

७. याज्ञवल्क्यस्मृति, प्रायश्चित्ताद्ध्याय ३५ श्लोक

८. युगेयुगे च ये धर्मास् तत्तत्तत्र च ये द्विजा। तेषान् निन्दा न कर्तव्या युगरूपा हि ते द्विजाः॥– पराशरस्मृति १।३३,११।५०–५१।

भएर निन्द्य र क्रूर कर्म गरेरै पनि आपत् टार्न हुञ्च; आपत् टरेर समर्थ भएपछि धर्म-मार्गै अँगाल्न पर्च भन्नि शास्त्रको व्यवस्था देखिञ्च[1]। सजिलरि मोक्ष प्राप्त गर्न; आनन्दमय शान्तिपूर्ण र श्रेयस्कर जीवनयात्रा चलाउन; दासताका जकडबड वच्न; धार्मिक साँस्कृतिक हिन्दुराष्ट्रलाइ परचक्रिका चालमा बाँदर-नाच नाच्नि जस्तो उपहास्य क्रियाकलापबड बचाउन; ऋषिहरुको विद्याको र वंशको रक्षा गरि तेसबड आँफ्नु र लोकको कल्याण सिद्ध गर्न; लोककल्याणवृद्धिका लागि प्रयास गरि जीवन सफल बनाउन; र स्वाचारभ्रष्ट ब्राह्मण जन्मान्तरमा नीच-योनिहरुमा परि शत्रुको दास हुन पुग्नि हुँदा[2] सो कर्म–दुर्विपाकबड वच्न पनि ब्राह्मणले ब्राह्मणत्त्वको पालना गरि स्वधर्ममा रअन पर्च ।

ब्राह्मणका चरित्र-अन्सार्का श्रेणि

कर्मविशेषले हुनि, ब्राह्मणका विभिन्न श्रेणिहरु शान्तिपर्वमा (७६ अद्ध्याय) अत्रिस्मृति (श्लो. ३७३–३८३) र वैखानसगृह्य-

---

१. (क) देशभङ्गे प्रवासे वा व्याधिषु व्यसनेष्वपि । रक्षेदेव स्वदेहादि पश्चाद् धर्म समाचरेत् ॥ येन केन च धर्मेण मृदुना दारुणेन वा । उद्धरेद् दीनमात्मानं समर्थो धर्ममाचरेत् ॥ आपत्काले तु निस्तीर्णे शौचाचारन्तु चिन्तयेत् । शुद्धिं समुद्धरेत् पश्चात् स्वस्थो धर्मं समाचरेत्॥- पराशरस्मृति ७।३६–३७ ।

(ख) सर्वत्र जीवनं रक्षेज् जीवन् पापमपोहति । व्रतैः कृच्छ्रैश्च दानैश्च इत्याह भगवान् यमः ॥ शरीरन् धर्मसर्वस्वं रक्षणीयम् प्रयत्नतः । शरीरात् स्रवते धर्मः पर्वतात् सलिलं यथा ॥- शङ्खस्मृति १७।६४-६५।

(ग) सर्वान्नानुमतिश्च प्राणात्यये तद्दर्शनात्–ब्रह्ममीमांसासूत्र ३।४।१६;

(घ) यथा शरीरन् न ग्लायेन् नेयान् मृत्युव शयं यथा । तथा कर्मसु वर्तेत समर्थो धर्ममाचरेत् ॥- महाभारत, शान्तिपर्व २६५।१४ (चित्र. सं.) ।

२. स्वेभ्यस् स्वेभ्यस्तु कर्मभ्यश्च्युता वर्णा ह्यनापदि । पापान् संसृत्य संसारान् प्रेष्यतायं यान्ति शत्रुषु ॥- मनु१२।७०

सूत्रमा देखाय्येका छन् । एस विषयका देवलस्मृतिका वचन पनि याज्ञवल्क्यस्मृतिका अपरार्क–व्याख्यामा र दानरत्नाकरादिमा पनि उद्धृत देखिञ्छन् । ति श्रेणिको सङ्क्षिप्त विवरण यो हो– (१) वेद-वेदाङ्ग-विद्या र षट्कर्म तथा शम–दमादि अरु लक्षण पनि भाका सर्वत्र समदर्शि ब्राह्मण **ब्रह्मसम-ब्राह्मण** भनिञ्चन् (शान्तिपर्व); एस्तै ब्राह्मणलाइ अत्रिस्मृतिमा द्विजब्राह्मण भनिया छ; एस्तै ब्राह्मणलाइ देवलस्मृतिमा मुनि–ब्राह्मण भनिया छ; (२) ऋग्वेद यजुर्वेद सामवेद पडेका षट्कर्ममा अडेका ब्राह्मणहरु **देवसम-ब्राह्मण** भनिञ्चन् (शान्तिपर्व), अत्रिस्मृतिमा प्रतिदिन स्नान, सन्ध्योपासन, जप, देवपूजन, होम, वलिहरण, अतिथिपूजन गर्नि ब्राह्मणलाइ देवब्राह्मण भनिया छ; एस्ता ब्राह्मणलाइ देवलस्मृतिमा श्रोत्रिय ब्राह्मण भनिया छ; (३) आवाल ब्रह्मचारि, पवित्र–चरित्र, सत्यवादि, शाप-र-वरदान पनि लाग्नि ब्राह्मण **ऋषि-ब्राह्मण** भनिञ्चन् (देवल); (४) वैदिक र लौकिक सबै ज्ञान भएका सयँ यमशील मन भएका ब्राह्मण **ऋषिकल्प-ब्राह्मण** भनिञ्चन् (देवल); (५) वेद--वेदाङ्गको शब्दतः तथा अर्थतः ज्ञान भाका, सोमयागहरु गर्नि, यज्ञशेषभोजि ब्राह्मण **अनूचान-ब्राह्मण** भनिञ्चन्; (६) वेद-वेदाङ्ग राम्मरि पडेका, पवित्र हृदय भाका, (अग्निहोत्रि) ब्राह्मण **अनूचान-ब्राह्मण** भनिञ्चन् (देवल); (७) राजाका ऋत्विक् पुरोहित मन्त्रि दूत र वार्ताहरका काम गर्नि ब्राह्मण **क्षत्रसम-ब्राह्मण** भनिञ्चन् (शान्तिपर्व); अत्रिस्मृतिमा युद्ध गर्नि ब्राह्मणलाइ क्षत्रब्राह्मण भनिया छ; (८) घोडचडि–माउते–सारथि–पदिकका काम गर्नि ब्राह्मण **वैश्यसम-ब्राह्मण** भनिञ्चन् (शान्तिपर्व); अत्रिस्मृतिमा कृषिको पेसा गर्नि, भैँसिगोठ गाइ–गोठ राखि पेसा गर्नि, बेपारको पेसा लिनि ब्राह्मण वैश्य–ब्राह्मण भनिया छन्; (९) ब्राह्मणका जन्मले प्राप्त कर्म नगर्नि, कदर्य, ब्रह्मवन्धु, वेद

नपडेका र सकेपनि अग्न्याधान नगर्नि ब्राह्मणहरु **शूद्रसम-ब्राह्मण** भनिञ्चन् (शान्तिपर्व); अत्रिस्मृतिमा लाहा, नुन, रङ, दुद, घिउ, मम्र, मासु बेच्नि ब्राह्मण शूद्रब्राह्मण भनिया छन्, (१०) चोर डाँकु छुल्याआ, अवैध-मत्स्य-मांसभोजि ब्राह्मण **निषाद-ब्राह्मण** भनिञ्चन् (अत्रि); (११) राजाका पक्षबड माञ्छे बोलाउन–पक्रन जानि काम गर्नि, मन्दिरमा पूजा गरेर जीविका चलाउनि, नक्षत्र–(ज्योतिष-) बिद्याले जीविका गर्नि, ग्रामयाजक र जीविकाका लागि लास बोक्नि–पोल्नि ब्राह्मण **चण्डाल-ब्राह्मण** भनिञ्चन् (शान्तिपर्व); अत्रिस्मृतिमा मूर्ख, संस्कारशून्य, सर्वथा धर्मविचाररहित क्रूर ब्राह्मणलाइ चण्डालब्राह्मण भनिया छ; (१२) मनमा कत्ति सङ्कोच नराखि सार्वजनिक कुआ, तलाउ, उद्द्यान आदिमा बाधाव्यवधान ल्याउनि ब्राह्मण **म्लेच्छ-ब्राह्मण** भनिञ्चन् (अत्रि); (१३) वेदका विषयमा केइ पनि नजान्नि, जनै लाऽर मत्रै मँ उच्चजातिको माञ्छे (ब्राह्मण) हुम् भन्नि अहङ्कार गर्नि ब्राह्मण **पशु-ब्राह्मण** भनिञ्चन् (अत्रि)।

क्षत्रियधर्म– वेदाद्ध्ययन, यजन, दान र राष्ट्ररक्षण शुद्धकुलीन क्षत्रियका धर्म हुन्। शस्त्रास्त्रव्यवहार-र-राष्ट्ररक्षाले वृत्ति चलाउनु क्षत्रियका लागि धर्म्य कुरा हो। रक्षाकर्मबड वृत्ति नचले वैश्यकर्म (कृषि–वाणिज्य) गर्न क्षत्रियले पनि हुञ्च। अति आपत्कालमा शूद्रवृत्तिले निर्वाह गर्न पनि हुञ्च। आपत्कालमा शुद्धकुलीन क्षत्रियले उपाद्ध्यायवृत्ति (वेदाद्ध्यापनवृत्ति) लिन पनि हुनि जस्तो देखिन आउँच[1]।

१. अब्राह्मणाददध्ययनमापत्काले विधीयते।– मनु. २।२४१ (द्रष्टव्य –व्यासस्मृति १।३५, मनु. २।२४२; गौतमधर्मसूत्र १।७।१) एस सम्बन्धमा वल्लभदेवसङ्गृहीत सुभाषितावलिमा पाइनि उपाद्ध्यायधन-वर्माको उल्लेख पनि विचारणीय देखिञ्च (श्लो. ६०२)।

आपत्कालमा शुद्धकुलीन क्षत्रियले याजन नै गर्न पनि हुनि जस्तो कुरा झल्कन आउँच[1] र गौतमधर्मसूत्रमा पनि यो कुरा स्वीकृत छ भन्नि हरदत्तको अभिमान देखिन्च[2], तथापि क्षत्रियले ब्राह्मणवृत्ति, वैश्यले ब्राह्मण–क्षत्रियवृत्ति, र शूद्रले ब्राह्मण–क्षत्रिय–वैश्यवृत्ति लिन नहुनि कुरा वसिष्ठधर्मसूत्रादिमा[3] उल्लिखित छ ।

राजधर्म– दुष्टलाइ वाचिक आर्थिक र शारीर यथायोग्य दण्डले सन्मार्गमा चल्न शिक्षा दिनु, न्याय्यवृत्तिमा चलिन सज्जनको रक्षा–आदर–सत्कार गर्नु, न्याय्य मार्गले राष्ट्र–कोषको अभिवृद्धि गर्नु; न्याय मार्गिनहरुलाइ श्रुति-स्मृति-पुराण-देश-जाति–कुलधर्मको अनुकूल र निष्पक्ष न्याय दिनु, राष्ट्रको र राष्ट्रका भूमि, विद्या, धर्म, संस्कृति, परम्परा, कला-कौशल आदिको रक्षा गर्नु र राष्ट्रको योग-क्षेमका[4] लागि सतत

---

१. देवापिश्चार्ष्टिषेणश्शन्तनुश्च कौरव्यौ भ्रातरौ बभूवतुः । स शन्तनुः कनीयानभिषेचयाञ्चक्रे । देवापिस्तपः प्रपेदे । ततश्शन्तनो राज्ये द्वादश वर्षाणि देवो न ववर्ष । तमूचुर्ब्राह्मणा अधर्मस्त्वयाऽऽचरितो ज्येष्ठम् भ्रातरमन्तरित्याऽभिषेचितम्, तस्मात् ते देवो न वर्षतीति । स शन्तनुर् देवापिं शिशिक्ष राज्ज्येन । तमुवाच देवापिः पुरोहितस्तेऽस्तानि याजयानि च त्वेति।– निरुक्त २।३।१ (द्रष्टव्य- शाकलऋग्-वेदमन्त्रसंहिता १०।९८।१–१२) ।

२. १।७।४।

३. (क) अजीवन्तस्स्वधर्मेणाऽनन्तरायें यवीयसीवें वृत्तिमातिष्ठेरन्, न तु कदाचिज्ज्यायसीम् ।– वसिष्ठधर्मसूत्र २।२२,२३; (ख) यो लोभादधमो जात्या जीवेदुत्कृष्टकर्मभिः । तं राजा निर्धनङ कृत्वा क्षिप्रमेव प्रवासयेत् ॥– मनु. १०।९६ (द्रष्टव्य– मनु. १०।९५) ।

४. दापयित्वा करन् धर्म्यं राष्ट्रन् नीत्या यथाविधि । तथैतङ कल्पयेद् राजा योग-क्षेममतन्द्रितः ॥– शान्तिपर्व ७१।११ चित्रशालासं.; सातवलेकरसंस्करण ७२।११ ।

प्रयत्नशील रहनु वैदिकपरम्परामा राजाका प्रमुख धर्म देखिञ्चन् । राजधर्ममा रक्षा प्रधानतम हो[1] र रक्षा मत्रै गरेमा पनि राजा मान्य हुञ्च[2] भन्नि कुरा वैदिकपरम्परामा स्वीकृत देखिञ्च । तर साँच्चै–साँच्चै रक्षा गर्नु सजिलो कुरो छैन, तेसका लागि राजाले पैलेइ आँफैलाइ वृद्धसेवादिद्वारा विनीत गराउन पर्च, अनि आँफ्ना अमात्य- (सहचर-) हरुलाइ, अनि आँफ्ना सेवकहरुलाइ, अनि आँफ्ना छोराहरुलाइ अनि प्रजालाइ विनीत गराउन पर्च भन्नि कुरा वैदिक नीतिशास्त्रका वेत्ताहरुले बताएका छन्[3] र राजाले राम्ररि विचार पुऱ्याएर तस्करहरुबड, आँफुले नियुक्त गरेका अधिकारिहरुबड, शत्रुहरुबड, आँफ्ना प्रियजनहरुबड र आँफ्नै लोभबड पनि प्रजाको रक्षा गर्न पर्नि कुरामा वैदिक नीतिज्ञहरुले वैदिक परम्पराका राजालाइ सचेत गराएको देखिञ्च[4] । वैदिक परम्पराका राजाले प्रयोग गर्न पर्नि दण्डलाइ

---

१. परिनिष्ठितकार्यस्तु नृपतिः परिपालनात् । कुर्यादन्यन् न वा कुर्यादिन्द्रो राजन्य उच्यते ॥–शान्तिपर्व ६०।२०।

२. (क) तस्माद् यो रक्षति नृपः स धर्मेणेति पूज्यते ।– शान्तिपर्व २९३।१४; (ख) बलिषड्भागमुद्धृत्य बलिं समुपयोजयेत् । न रक्षति प्रजास् सम्यग् यस् स पार्थिवतस्करः ॥– शान्तिपर्व १३४। १००; (ग) यो हृत्वा गोसहस्राणि नृपो दद्याद्दरक्षिता । स शब्दमात्रफलभाग् राजा भवति तस्करः ॥ –शान्तिपर्व २९३।९।

३. आत्मानम् प्रथमं राजा विनयेनोपपादयेत् । ततोऽमात्यांस्ततो भृत्यां– स्ततः पुत्रांस्ततः प्रजाः ॥– सुभाषितरत्नभाण्डागार (सप्तम संस्करण, सन्. १९३५), राजनीतिप्रकरण, ११८ श्लो. ।

४. (क) जिघांसवः पापकामाः परस्वाद्दायिनश्शठाः । रक्ष्यास्स्युर्विकृता नाम तेभ्यो रक्ष्येदिमाः प्रजाः ॥– सुभाषितरत्नभाण्डागार द्रष्टव्य- शान्तिपर्व ८७।१२ चित्रशालासं.); (ख) तस्करेभ्यो नियुक्तेभ्यश् शत्रुभ्यो निजवल्लभात् । निजलोभाच्च नृपतिर्युक्त्या रक्षेत् प्रजास् सदा ॥– सुभाषितरत्नभाण्डागार द्रष्टव्य; (ग) आन्तरेभ्यः परान् रक्षन् परेभ्यः पुनरान्तरान् । परान् परेभ्यस् स्वान् स्वेभ्यस् सर्वान् पालय नित्यदा ॥– शान्तिपर्व ८९।१२।

धर्मरूप र ब्रह्मतेजोमय दण्ड भनिया छ[1]। तसर्थ त्यो सर्वथा धर्मानुकूल हुन पर्नि देखिञ्च। धर्मानुकूल र ब्रह्मतेजोमय दण्डको प्रयोग राम्ररि[2] गर्न पर्नि हुनाले र धर्म ब्राह्मणमूलक भएकाले[3] समेत वैदिक राजा वेदज्ञ विद्वान् ब्राह्मणका शासनमा वस्न पर्नि कुरा पनि वेदले[4] सूचित गरेको छ र स्मृतिमा स्पष्ट रूपमा भनिएको पनि छ[5]। रक्षा नगर्नु; जिउ, धन, स्त्री-पुत्रादिको हरण गर्नु, विद्या–धर्म–संस्कृति–परम्परा आदिको लोप गर्नु,

---

१. तस्यार्थे सर्वभूतानाञ्च गोप्तारन् धर्ममात्मजम्। ब्रह्मतेजोमयन् दण्ड-मसृजत् पूर्वमीश्वरः ॥– मनु. ७।१४।

२. समीक्ष्य स धृतस्सम्यक् सर्वा रञ्जयति प्रजाः। असमीक्ष्य प्रणीतस्तु विनाशयति सर्वतः ॥– मनु. ७।१६।

३. (क) धर्मस्य ब्राह्मणो मूलम्। – मनु. ११।८३, (ख) धर्मस्य ब्राह्मणो योनिः। – शान्तिपर्व ६०।२१; (ग) विप्रो धर्मद्रुमस्यादिः। –वीरमित्रोदय, व्यवहारप्रकाश (वाराणसीसंस्करण) ११ पृ.।

४. अथास्मै ब्राह्मणः स्पयम् प्रयच्छत्यद्ध्वर्य्युर्व्वा यो वाऽस्य पुरोहितो भवतीन्द्रस्य वज्रोसि तेन मे रद्ध्येति वज्रो वै स्पयः स एतेन वज्त्रेण ब्राह्मणो राजानमात्मनोऽबलीयांसङ्ग कुरुते यो वै राजा ब्राह्मणादबलीयानमित्त्रेभ्यो वै स बलीयान् भवति। – मा. वा. शतपथब्रा. ५।४।४।१५।

५. (क) ब्राह्मणान् पर्युपासीत प्रातरुत्थाय पार्थिवः। त्रैविद्यवृद्धान् विदुषस् तिष्ठेत् तेषाञ् च शासने ॥– मनु. ७।३७; (ख) [राजा] सर्वतोधुरम् पुरोहितवँ वृणुयात्। तस्य शासने वर्तेत। – बौधायन-धर्मसूत्र १।१८।७–८; (ग) ब्राह्मणम् पुरो दधीत ..... तत्प्रसूतः कर्म कुर्वीत। – गौतमधर्मसूत्र ५।२।१२–१३।

राष्ट्रिय समृद्धिका लागि नेतृत्व दिन नसक्नु[1], पापिष्ठ–दुष्ट व्यक्तिहरुलाइ काँख्नु[2], दुराचार–(भ्रष्टाचार–) हरुको निवारण गर्न नसक्नु[3] वैदिक परम्परामा राजाका महादोष मानिएका बुजिञ्चन्[4]। शास्त्रीय राजा वास्तवमा क्षत्त्रिय जातिकै हुन सक्ने हुनाले शास्त्रमा क्षत्त्रियधर्मका प्रकरणमा राजधर्मको प्रतिपादन गरिया हो र याहाँ पनि तदनुसार् नै यो सङ्क्षिप्त उल्लेख गरिया हो। राजा भएका क्षत्त्रियले पनि क्षत्त्रिय जातिका धर्मको पनि पालन गर्न पर्च; तर राजकाजले गर्दा राजाले सबै कर्म आफै गर्न नभ्याउनि हुँदा स्नान- सन्ध्योपासनादि आफै गर्नि र अरु

---

१. (क) अरक्षितारं हर्तारवँ् विलोप्तारमनायकम्। तवँ् वै राजकलि हन्युः प्रजास् सन्नह्य निर्घृणम्॥ अहवँ् वो रक्षितेत्युक्त्वा यो न रक्षति भूमिपः। स संहृत्य निहन्तव्यश् श्वेव सोन्माद आतुरः॥ –महाभारत, अनुशासनपर्व ६१।३२–३३ (चित्त्रशाला), ६०।१९–२० (सातवलेकरसंस्करण); (ख) बलिषड्भागमुद्धृत्य बलिं समुपयोजयेत्। न रक्षति प्रजास् सम्यग् यस् स पार्थिवतस्करः॥ –शान्तिपर्व १३४।१००।

२. असत्पापिष्ठसचिवो वद्ध्यो लोकस्य धर्महा।– शान्तिपर्व ९२।९ (चित्त्रशाला.); ९३।९ (सातवलेकरसंस्करण)।

३. (क) दुराचारान् यदा राजा प्रदुष्टान् न नियच्छति। तस्मादुद्विजते लोकस् सर्पाद् वेश्मगतादिव। तस् प्रजा नानुवर्त्तते ब्राह्मणा न च साधवः। ततस् संशयमाप्नोति तथा वद्ध्यत्वमेति च॥– शान्तिपर्व १२३।१७–१८, (सातवलेकरसंस्करण १२३।१६–१७); (ख) राज्ञो यदा जनपदे बहवो राजपूरुषाः। अनयेनोपवर्तन्ते तद् राज्ञः किल्बिषम् महत्॥– शान्तिपर्व ९१।२५ (सातवलेकरसंस्करण ९२।२३)।

४. वैदिक–परम्परा–अन्सार् राजाका राज्याधिकार उत्तराधिकार न्यायाधिकार अर्थाधिकार आदिका विषयमा अरु केइ चर्चा कल्पना– (द्वैमासिक वर्ष १३, अङ्क ५–६; २०३६) मा एस लेखकका लेखमा परेका छन्।

गृह्य–श्रौत कर्मको पुरोहितादिद्वारा निर्वाह गर्ने व्यवस्था शास्त्रमा देखिञ्च ।

वैश्यधर्म– शुद्धकुलीन वैश्यको वेद पढ्नु, यज्ञ गर्नु, दान गर्नु धर्म हुन् । न्याय्य मार्गले अन्न वस्त्र इत्यादि उपभोग्यवस्तुको आर्जन (उत्पादन) गर्नु वैश्यको प्रधान धर्म हो । कृषि, वाणिज्य, पशुपालन वैश्यका धर्म्य वृत्ति हुन् । आँपना धर्म्यवृत्तिले जीवनयात्रा चलाउन नसकेमा वैश्यले शिल्पवृत्ति-सेवावृत्ति आदि शूद्रवृत्तिले पनि जीवनयात्रा चलाउन हुञ्च ।

शूद्रधर्म– द्विजाति–शुश्रूषा शूद्रको मुख्य धर्म र जीविका पनि हो[1] । सच्छूद्रले वेदमन्त्रको प्रयोग नगरिकन पौराण मन्त्रको प्रयोग गरि पाकयज्ञ गर्न श्राद्ध गर्न देवाराधन गर्न हुञ्च[2] । द्विजाति–शुश्रूषाबड जीविका नचले वेपार, पशु-पालन, शिल्पकर्म (काठ ढुङ्डा माटो इत्यादिका काम, चित्रकारि, नाच–गान, वाद्यवादन इत्यादि) गर्न शूद्रले पनि हुञ्च[3] । कृषि सर्वसाधारण हो भन्नि मत माथि उल्लिखित भै सकेकै छ । रामायण-महाभारत–भागवत–हरु सच्छूद्रले पढ्न हुनि नै कुरा तिनै ग्रन्थबड देखिञ्च[4] । कतिपय अनुदार व्याख्यातांहरुले ति–ति

---

१. वसिष्ठधर्मसूत्र २।२०; आपस्तम्बधर्मसूत्र १।१।१।७–८; बौधायन-धर्मसूत्र १।१०।५; गौतमधर्मसूत्र २।१।५७–६१; मनु. १०।१२१–१२३; याज्ञवल्क्य. १।१२०; विष्णुधर्मसूत्र, द्वितीय अद्ध्याय; वनपर्व १५०।३६, शान्तिपर्व ६०।२८–२९।

२. मनु. १०।१२७–१२८; याज्ञवल्क्य. १।१२१; शान्तिपर्व ६०।३८; (द्रष्टव्य-शूद्रकमलाकर) ।

३. याज्ञवल्क्यस्मृति–व्याख्या मिताक्षरामा (१।१२०) उद्धृत देवलवचन; मनु. १०।९९–१००; याज्ञवल्क्य १।१२०; शान्तिपर्व २९४।४।

४. वाल्मीकिरामायण १।१।१००; महाभारत १।९६।८७ (चित्रशाला-संस्करण), भागवत १२।१२।६४।

ग्रन्थका तेस्ता स्थलहरुको अन्न्यथा व्यावख्या गरेको भए पनि त्यो व्याख्या अन्न्याय्य देखिञ्च । सच्छूद्रहरुले ब्राह्मणलाइ अगि राखेर सुन्त सम्म त वेदै पनि हुनि कुरा महाभारतमा पाइञ्च[1] । एस विषयको विशद विवेचन स्थानाभावले याँहाँ उपस्थापित गर्न सकिएन । अनुकू लपरेमा पछि उपस्थापित गरिनि छ ।

इतरधर्म— मातापिता स्त्री-पुत्त्रआदि भरणीय जनको भरण-पोषण, आमा-बाउको सेवा, गुरुको सेवा, आश्रमवासिको सेवा, राष्ट्रमुवख्यको सेवा, पितृयज्ञ, कूपा-ऽऽराम-तडागादि-करण, दान, स्वकुलधर्मको अनुपालन इत्त्यादि वर्णाश्रमवाहिरका मनुष्यको विशेष सिद्धिकारक धर्म हो भन्नि कुरा महाभारतादिवड देखिञ्च[2]

सर्व-मानव-साधारण धर्म— धृति (सन्तोष) क्षमा, दया, अनृशंसता, मनोनिग्रह, अस्तेय, शौच, सत्त्य, अक्रोध, आर्जव (सोजोपना), मृदुता, लोकलज्जा, अचापल, अप्रमाद, स्वपत्नीमा सन्तोष, स्वपत्नीमा प्रजोत्पादन, अतिथिसत्कार, श्राद्ध-कर्म, वस्तुतत्त्वज्ञान, आत्मज्ञान इ सबै वर्णका र वर्णाश्रम बाइरका सबै मनुष्यका समेत साधारण धर्म हुन्[3] ।

आश्रमधर्म वा वैदिक-जीवन-पद्धति र तेसको आदर्श

वैदिक सनातन वर्णाश्रमधर्मका अनुयायि सबै द्विजातिहरुले सामान्यतया ८ वा ११ वा १२ वर्षदेखि २५ वर्ष सम्म ब्रह्मचर्यमा बसि विहित व्रतचर्याका साथ वेद-वेदाङ्गको अद्ध्ययन गर्नि

---

१. १२।३२७।४८-४९ (चित्त्रशाला.), १२।३१४।४५ (सातवलेकर.)

२. शान्तिपर्व ६५।१७-२२; मनु. १०।४५,६२।

३. मनु. ६।९२; याज्ञवल्क्य १।१२२, महाभारतशान्तिपर्व २१।११-१२, ६०।७-८; २९६।२३-२४ (चित्त्रशालासंस्करण); क्षमा सत्त्यन् दमश्शौचन् दानमिन्द्रियसयँ यम: । अहिंसा गुरुशुश्रूषा तीर्थानुसरणन् दया ॥ आर्जवत्वमलोभश्च देवब्राह्मणपूजनम् । अनभ्यसूया च तथा धर्मस् सामान्य उच्चयते ॥- विष्णुधर्मसूत्त्र २।१६-१७।

विधान छ। एसरि ब्रह्मचर्याश्श्रमको पालना गरेपछि विधिपूर्वक विवाह गरि गृहस्थाश्श्रममा बसेर स्वाद्ध्यायाद्ध्ययन, धर्म्यप्रजोत्पादन र यजन गर्दै जीवन–यात्रा चलाइ गृहस्थाश्श्रमको पालन गर्नि विधान देखिञ्च। अनि ५० बर्ष पुगेसि वा नातिनातिना जन्मन थालेसि,छोरा छोरि आँफ्नु जीवनयात्रा चलाउन समर्थ भएसि र आँफ्नु शरीर चाउरिपर्न थालेसि वानप्प्रस्थाश्श्रममा प्रवेश गरि स्वाद्ध्यायाद्ध्ययन, यजन, अतिथिपूजन व्रत-उपवास-तीर्थयात्रादि गरेर साधना गरि आँफुलाइ आत्मज्ज्ञानको अधिकारि बनाउनि विधान पाइञ्च। अनि वैराग्य परिपक्क्व भएसि सन्न्यास लिइ श्रवण–मनन–निदिद्ध्यासन गरि आत्मज्ज्ञान गरेर मुक्त हुनि विधान पनि छ। एसरि लोकसङ्ग्रह पनि गरेर मोक्क्ष प्राप्त गर्नु वैदिक जीवनपद्धतिको मूल आदर्श हो। ब्रह्मचर्यमा बसि वेदाद्ध्ययन गरेपछि आजीवन ब्रह्मचर्याश्श्रममा नै बस्नि वा वानप्प्रस्थाश्श्रममा पस्नि वा सन्न्यास लिनि पनि पक्क्ष छ। समृद्ध र उद्बुद्ध द्विजाति व्यक्तिहरु ब्रह्मचर्याश्श्रमपछि गृहस्थाश्श्रममा प्रवेश गरेर आमरण गृहस्थाश्श्रममा नै रहनि पक्क्ष पनि शास्त्रवड देखिञ्च। यो आश्श्रम-धर्मको वा वैदिक-जीवनपद्धतिको र तेसको आदर्शको सामान्न्य परिचय मत्त्रै हो। एस विषयको विशेष प्रतिपादन एसै ग्रन्थका तलका विभिन्न प्रघट्टकहरुमा सङ्क्षेपमा गरिँदै छ।

वैदिकधर्ममा चरण (शाखा) र गोत्त्रप्रवरको महत्त्व

वैदिक सनातन वर्णाश्श्रमधर्ममा द्विजातिहरुले प्रधानतया स्वशाखाकै अद्ध्ययन गर्न पर्नि, स्वशाखोक्त कर्म नै गर्न पर्नि[1];

---

१. (क) स्वाद्ध्यायोऽद्ध्येतव्य्य।– मा. वा. शतपथ ११।५।६।३;
(ख) पारम्पर्यागतो येषाँ वेदस्सपरिबृंहणः। तच्छाखङ कर्म कुर्वीत तच्छाखाद्ध्ययनन् तथा॥ अधीत्य शाखामात्मीयामन्न्यशाखान् ततः पठेत्॥ स्वशाखायँ यः परित्यज्ज्य अन्न्यशाखामुपासते। शाखारण्डस् स विज्ज्ञेयस् सर्वकर्मबहिष्कृतः॥– पारस्कर गृह्यसूत्त्रको गदाधरकृतभाष्ष्यमा उद्धृत बसिष्ठ वचन (२।५)।

स्वशाखीय ब्राह्मणहरुसितै विशेष व्यवहार गर्न पर्नि, स्वशाखीय-हरुकै साथ निवास गर्न पर्नि इत्यादि कुरा देखिएकाले र यज्ञ-विवाह-दान-प्रतिग्रह-आदिमा गोत्र-प्रवरको अत्यन्तै विचार राख्न पर्नि हुँदा वैदिक धर्ममा चरण (शाखा)-र-गोत्र-प्रवरको महत्त्व सारै ठुलो छ । एस विषयमा राम्रो दृष्टि नपुऱ्याएमा वैदिक धर्मको वास्तविक अनुसरणीय रूप बुझ्न र राम्ररि अनुसरण गर्न पनि सकिँदैन । एस विषयमा राम्रो दृष्टि नपुऱ्याउनाले मै हुम् भन्नि पण्डित र ठुलाठुलां धर्मशास्त्रनिबन्धकारहरु समेत लर्बरीऽराख्या देखिञ्चन् । तसर्थ वैदिक-सनातन-वर्णाश्रमधर्मानुयायिहरुले एस विषयमा राम्ररि विवेक पुऱ्याउन आवश्यक छ ।

उपनयन (बर्तुन) र तेसको काल

उपनयन भनेको वेद पढ्नका लागि आचार्य-(गुरु-)-का समीपमा लगि गरिनि संस्कार हो[1] । उपनयन नभइञ्जेल वैदिक-मन्त्रका उच्चारणमा साधारणतया अधिकार हुँदैन[2] । तेसैले वैदिक मन्त्रले गरिनि अरु कर्ममा पनि अधिकार नहुनि नै भयो । नेपालि समाजमा बर्तुन नभएका द्विजाति पुरुषलाइ कर्म-नचलेको भन्नि चलन छ । तसर्थ द्विजातिको उपनयन अत्यावश्यक संस्कार हो । एस संस्कारको उल्लेख शौनक्कयथर्ववेदमन्त्रसंहितामा (११-५-३), मा. वा. शतपथब्राह्मणमा (११।५।४; ११।३।३) र अन्यत्र पनि छ । ब्राह्मणको उपनयन ८ वा ९ वर्षमा गर्न पर्छ । तेसो गर्न नसकिए

---

१. (क) संस्कारस्य तदर्थत्वाद् विद्ध्यायाम् पुरुषश्रुतिः । -धर्ममीमांसासूत्र ६।१।३५ (विद्यार्थमुपाद्ध्यायस्य समीपमानीयते नाऽदृष्टार्थन् नाऽपि कटञ्च कुड्डयवें वा कर्तुम् । - शाबरभाष्य);
(ख) उपनयनवें विद्यार्थस्य श्रुतितस् संस्कारः । - आपस्तम्बधर्मसूत्र १।१।१।६।

२. नाभिव्याहारयेद् ब्रह्म स्वधानिनयनादृते । शूद्रेण हि समस् तावद् यावद् वेदे न जायते ।। - मनु. २।१७२।

१६ वर्ष एतै गरिसक्न पर्छ[1] । कन्याको उपनयन गरेमा यथाकाल उपनयन गरि रजोदर्शनभन्दा अगि नै समावर्तन गर्न पनि व्यवस्था देखिञ्च ।

उपनयनको स्वरूप र उपनेयहरु

कलिकालले गर्दा वैदिक संस्कारहरु यथासमय यथाविधि हुन नसकेकाले आजभोलि नेपालमा र भारतवर्षमा अन्यत्र पनि प्रायः चूडाकर्म, उपनयन, वेदारम्भ (अद्ध्यायोपाकर्म) र समावर्तन एकै दिन एकै मण्डपमा (जग्गियामा) गर्नि गरिया हुनाले सामान्य माञ्छेले उक्त चार संस्कारको समुदायलाइ उपनयन वा व्रतबन्ध (वर्तुन) भण्ठानेको पाइञ्च । फेरि पूर्वाङ्गलाइ पनि उपनयनभित्रकै ठानिएको देखिञ्च । नेपालि उपाद्ध्याय-ब्राह्मणादिमा प्रचलित अग्निस्थापना–उपनयन– आदिका पद्धति कसले कस्ताले कैले केकेका आधारमा बनाका हुन् भन्नि कुरा तेति प्रष्ट देखिदैन । ति पद्धतिमा संशोधन-परिमार्जनको अत्यावश्यकता देखिञ्च । तथापि अपठित पुरेतहरुले मत्रै हैन, मै हुम् भन्नि पण्डितजिहरुले पनि बेपारिले जेजस्ता पुस्तक छापिदियो तिनैका सुरमा कर्म गरे-गराएर हिँडेको देखिञ्च । हालै अद्द्विजधर्मिका प्रमुखतामा रचिएका नेपालि अग्निस्थापना–उपनयनादि–पद्धतिको नेपाल–राजकीय–प्रज्ञा–प्रतिष्ठानले प्रकाशन र प्रचार गरेको छ । एस्तो अधर्म्म कुरामा पनि समाजमा समुचित प्रतिक्रिया देख्न पाय्या छैन । एस स्थितिमा नेपालि द्विजातिहरुमा उपनयनादि–संस्कारका मूल स्वरूपको राम्ग्रो आधिकारिक ज्ञान दिनू र शुद्ध पद्धतिका पुस्तकहरु उपलब्ध गराउनु विद्द्वान् द्विजमुख्यहरुको कर्तव्य देखिञ्च । एस विषयमा जागरूकता अत्यन्त अपेक्षित छ ।

माद्ध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदाध्यायिहरुको-स्वशाखा-गृह्यसूत्रका – रूपमा-परम्पराप्राप्त – पारस्करगृह्यसूत्र-अन्सार्

१. आ षोडशाद्द्ब्राह्म्मणस्य नाऽतीतः कालो भवति ।– पारस्करगृह्य-सूत्र २।५।३६।

उपनयनका प्रमुख पदार्थ—ब्राह्मणभोजन, उपनेयकुमारको भोजन[1] मुण्डन[2], स्नानपूर्वकाऽलङ्करण, कृताग्निस्थापनाचार्यसमीप-नयन, अग्निपश्चाद्भागावस्थापन, वाचन, वासःपरिधापन (अन्तरीयपरिधापन, अजिनोत्तरीयपरिधापन[3] [यज्ञोपवीतपरिधापन[4]]),

१. 'ब्राह्मणान् भोजयेत् तञ्च'-भनि- (पारस्करगृह्यसूत्र २।२।५) वचन-अनुसार् उपनेय बटुलाइ उपनयनभन्दा अगि नै भोजन गराउनि कुरा स्पष्ट छ तथापि आजभोलि लोकमा चूडाकर्म-वेदारम्भ-समावर्तन पनि तेसै दिन तेसै जग्गियामा गरिनि हुनाले होला उपनेय बटुलाइ उपनयनभन्दा अगि भोजन गराउँदैनन्। उपनयन गर्दा बटुलाइ उपनयनभन्दा अगि नै भोजन गराउनि कुरा सर्वथा शास्त्रीय र परम्पराप्राप्त हो भन्नि कुरा "भुक्तायैव सुतामुपोषितनरो दद्याच्च सावित्रिकाम्" इत्यादि मुहूर्तमार्तण्डादिका वचनबड पनि बुजिञ्च।

२. भोजन-पछि मुण्डन कथमपि गर्नै नहुनि झेइँ गरेर कर्कोपाद्ध्यायले बोलेका छन्; तथापि आपस्तम्बगृह्यसूत्रादिमा भोजन-पछि नै मुण्डन स्पष्ट रूपमा बताएका देखिएकाले, पारस्करका सूत्रले पनि भोजन पछि नै मुण्डन गर्नि कुरा पदार्थोल्लेखक्रमले बुजाएकाले र परशास्त्रका वचनका आधारमा स्वशास्त्रको क्रम त्यागनु अन्याय्य हुनाले कर्कादिका लहैलहैमा नदकुरि यो पदार्थक्रम लेखिएको हो।

३. पारस्करले "अथैनवँ् वासः परिधापयति" (२।२।७) भनेकाले, एस कण्डिकामा अजिनोत्तरीयको वा यज्ञोपवीतको पृथक् उल्लेख नगरेकाले, पारस्करगृह्यसूत्रका प्राचीनतर व्याख्याता भर्तृयज्ञले पनि एस प्रकरणमा अजिनोत्तरीयको वा यज्ञोपवीतको छुट्टै उल्लेख नगरेकाले; र प्रकरणपरिशेषमा पारस्करले "वासांसि शाणक्षौमाविकानि, ऐणेयमजिनमुत्तरीयम् ब्राह्मणस्य, रौरवं राजन्यस्य, आजङ गव्यवँ् वा वैश्यस्य, सर्वेषावँ् वा गव्यमसति प्रधानत्त्वात्" (२।५।१६-२०) भनेकाले पारस्करले उपनयनमा कुमारलाइ वासःपरिधापनकै रूपमा उत्तरीयरूप अजिनको परिधापन गर्नि कुरा विधान गरेको बुजिञ्च।

४. अजिनोत्तरीयको परिधापन गरेपछि उपनयनमा कुमारलाइ यज्ञार्थोत्तरीयरूप यज्ञोपवीतको पृथक् परिधापन गरिरनि कुरा पारस्करले आवश्यक नमानेको भन्नि तत्थ्य पारस्करले पदार्थपरिभाषाका प्रसङ्गमा पनि यज्ञोपवीतको उल्लेख नगरेकाले बुजिञ्च। अजिनलाइ नै यज्ञोपवीत मान्नि पक्ष तैत्तिरीयशाखामा स्पष्ट देखिञ्च (पराशर-माधवीय, प्र. भा. १६१ पृ.; तै. आ. २।१,२।११)।

मेखलावन्धन[1], दण्डप्रदान, अञ्जलिपूरण, सूर्यादीक्षण, हृदयालम्भन, दक्षिणहस्तग्रहण, नामादिप्रश्नप्रतिवचन, परिदान, अग्निप्रदक्षिणीकरण, उपवेशन, आचार्यकर्तृकाज्ज्याहुतिहवन-संशासन-सावित्र्यनुवचन, कुमारकर्तृक समिदाधान-मुखविमार्जन-भिक्षाचर्यचरण-भैक्षयनिवेदन इ हुन् । अरु पूर्वाङ्गादि सबै अङ्गको अनुष्ठान गर्न नसके पनि इनै पदार्थको यथाविधि अनुष्ठान गरे माद्ध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदाद्ध्यायिहरूको उपनयन-संस्कार सिद्ध हुञ्च[2] ।

वेदाद्ध्ययनार्थ उपनयन शुद्धकुलीन ब्राह्मण-क्षत्रिय-वैश्यको हुन सक्च । ब्राह्मण-क्षत्रिय-वैश्यका सवर्ण पितामातावड जन्मेका वा अनुलोम कानीन-कुण्ड-गोलकको र तिनका स्वस्त्रजातीय-मातापितृज सन्तानको अनुकल्प विधिले उपनयन हुन सक्ने कुरा निर्णयसिन्धु-आदि धर्मशास्त्रनिबन्धहरुले पुराणवचनका आधारमा देखाएका छन् । तेसरि अनुकल्पविधिले उपनयन भाऽका

---

१. कुमारलाइ अन्तरीय-परिधापन गरेपछि मेखला बाँध्नि र अजिनोत्तरीयपरिधापन गर्नि कुरा अरु गृह्यसूत्रहरुमा देखिञ्च तथा पारस्करगृह्यसूत्रका कर्कादिव्याख्याताहरु तेसैका लहैलहैमा बकुरेको देखिञ्चन्, तेसो गर्दा पदार्थानुष्ठानमा सजिलो जस्तो पर्न पनि आउँच तापनि पारस्करले "अथैनर्वं वासः परिधापयति" भनेर विधान गरेका अन्तरीयाजिनोत्तरीयपरिधापनलाइ पदार्थान्तरले व्यवधानगर्नु उचित नदेखिएकाले, पदार्थपरिभाषा गर्दा पनि पारस्करले अजिनोत्तरीय-पछि नै मेखलाको उल्लेख गरेकाले (२।५।१६-२१) र पदार्थानुष्ठानमा पनि तेति असजिलो नपर्नि हुँदा याँहाँ अजिनोत्तरीयपरिधापन-पछि मेखलाबन्धनको उल्लेख गरिएको हो ।

२. हुनत वासुदेव-हरिहरादि पुराना गृह्यसूत्रभाष्यकारहरुले पनि अरु पदार्थलाइ पनि आवश्यक मानेजस्तो देखिञ्च; नित्यानन्द पन्त पर्वतीयले पनि नामग्रहणविना नै परिशिष्टप्रकाशका वाक्य सादै संस्कारदीपक-(प्रथमभाग) का बाइसौं-तेइसौं पृष्ठमा परशाखोक्त

(क्रमशः)

कानौन-कुण्ड-गोलकादिले सन्ध्योपासनार्थ आवश्यक वेदमन्त्रको सम्म अद्ध्ययन गर्न हुञ्च, अरु वेदाद्ध्ययन गर्न हुँदैन भन्नि पनि

अविरोधि पदार्थ र पौराणिक साधारण पदार्थ पनि स्वशाखोक्त-भन्दा बर्ता भए पनि अनुष्ठेय नै हो, अन्यथा साधारणको उपदेश अनर्थक होला र शाखान्तराधिकरणको विरोध पनि पर्ला भन्नि कुरा लेखेको देखिञ्च; र अरु कतिपय विचारकहरुले पनि "यद्यपि स्यात् स्वयम् ब्रह्मा त्रैलोक्याकर्षणक्षमः। तथापि लौकिकाचारम् मनसाऽपि न लङ्घयेत्" (त्रिस्थलीसेतु २३ पृ.), "शास्त्रकर्ता ग्रन्थकर्ता यद्यपि स्यात् षडङ्गवित्। कुलदेशोचितञ्च कर्म यस्त्यक्त्वाऽन्यत् समाचरेत्। कामाद् वा यदि वा मोहात् सप्रेतो जायते नरः।" (पराशरमाधवीयका प्रायश्चित्तकाण्ड-(४९० पृ.) मा स्कन्दपुराण-चमत्कारखण्डको वचन भनि उद्धृत वचन), "देशाचाराः परिग्राह्यास् तत्तद्देशीयजैर्नरैः। अन्यथा पतितो ज्ञेयस् सर्वधर्मबहिष्कृतः" (नारदीयवचन भनि सचलमिश्रकृत स्मृतितत्त्व-समुच्चय-(४६ पृ.) मा उद्धृत वचन) इत्यादि वचनको वा तदनुकूल भावको समेत आड लिइ चलन चलितमा आएका सबै पदार्थको अनुष्ठान गर्नै पर्छ भन्नि गरेको पनि पाइञ्च; तथापि उक्त कुराहरु स्वशाखावेदको आद्योपान्त राम्रो अद्ध्ययन नहुनाले, मनुस्मृत्यादि स्मृतिसंहिताहरुको तथा पुराणहरुको स्वरूपको र प्रयोजनको तथा स्वशाखावेदसूत्र-सित्र तिनको सम्बन्धको प्रकृतिका विषयमा पनि गैरो विचार नगर्नाले र धर्ममीमांसाशास्त्रको स्वरूपको तथा प्रयोजनको र स्वशाखासूत्रको तथा जैमिनीयधर्ममीमांसासूत्रको सम्बन्धको रहस्य राम्ररि नबुझनाले तेस रूपमा प्रस्तुत गरिएका बुझिञ्चन्। "यावदुक्तं स्वस्वगृह्ये न कृतन् तावदेव तत्। परोक्तवें वा विमिश्रवें वा कृतमप्यकृतम् भवेत्" (मन्त्रव्याख्यान्तिहरसूत्र) इत्यादि वचनबड र अरु धेरै युक्तिहरुबड पनि स्वसूत्रोक्त-पदार्थमात्रानुष्ठानले उपनयनादि संस्कार सिद्ध हुन सक्ति नै देखिञ्चन्। एस विषयमा विद्वान्हरुले गम्भीर रूपमा विचार गर्न आवश्यक देखिञ्च। एस विषयको विस्तृत चर्चा यो सानु ग्रन्थमा स्थानाभावले गर्न सकिएन। प्रकाशनको आनुकूल्य हुँदा सो चर्चा प्रस्तुत गरिनि छ।

वैदिकपरम्पराका विज्ञहरुको निष्कर्ष देखिञ्च[1] ।

शुद्धकुलीन ब्राह्मण–क्षत्रिय–वैश्य–कन्याको उपनयन हुन सक्ति कुरा मूल शास्त्रवड देखिन आउँच[2]; किन्तु युगब्भ्रंशले गर्दा ऐले सो परम्परा टुटिआएको देखिञ्च र शिष्टपरम्पराले कन्याको उपनयन नगर्नि कुरालाइ अनुमोदन गरेको मानिएको पनि देखिञ्च[3] । शुद्ध–द्विजाति–कन्याको उपनयन गर्नु र उपनीत कन्याहरुलाइ यथाविधि वेदपडाउनु वेदवेदाङ्गविरुद्ध कुरा हुँन भन्नि एस ग्रन्थकारको धारणा छ[4] । शबरस्वामिले र कुमारस्वामिले भने स्त्रीलाइ वेदाद्ध्ययनको अधिकार नभाको कुरा जैमिनीय-धर्ममीमांसासूत्रको (६।१।२४) व्याक्ख्याका प्रसङ्गमा देखाऽछन् । किन्तु त्यो व्याक्ख्या उत्सूत्र हुनाले चिन्त्य छ भन्नि विवेचकहरुको दृष्टि पाइञ्च । शङ्कर भगवत्पादले पनि काण्व–वाजसनेयि–बृहदारण्यकोपनिषद्का वृत्तिमा (६।४।१७) "दुहितुः पाण्डित्यद्ध गृहतन्त्रविषयमेव वेदेऽनधिकारात्" भनि स्त्रीको वेदमा अधिकार

---

१. द्रष्टव्य— वीरमित्रोदय संस्कारप्रकाश (वाराणसी) ३६७–३६८ पृ. तथा शूद्रकमलाकर आदि ।

२. "पुराकल्पे कुमारीणाम् मौञ्जीबन्धनमिष्यते । अद्ध्यापनञ्च वेदानां सावित्रीवाचनन् तथा" भन्नि यमस्मृतिको वचन र एस्तै अर्थको हारीतस्मृतिवचन पनि धेरै धर्मशास्त्रनिबन्धकारहरुले उद्धृत गरेका र ति वचन वेदमूलक हुनाले नै आदरणीय मानिएको हुन पर्नि तथा वेद सर्वयुगसाधारण भाऽको कुरा विश्वरूप–माधव–आदि श्रेष्ठ धर्मशास्त्र-व्याक्ख्याताहरुले प्रतिपादन समेत गरेकाले वेदानुकूल व्यवस्थालाइ सर्वयुगसाधारण मान्न पर्नि हुनाले समेत एसो भनिया हो ।

३. (क) तूष्णीमेताः क्रियास् स्त्रीणाम् विवाहस् तु समन्त्रकः । –याज्ञवल्क्यस्मृति १।१३; (ख) नाऽऽसान् द्विजातिसंस्कारो न निवासो गुरावपि । न तपो नाऽऽत्ममीमांसा न शौचन् न गुभाः क्रियाः ॥– भागवत १०।२३।४२।

४. एस प्रसङ्गमा सूतसंहिताको वचन भनि शूद्रकमलाकरमा उद्धृत "द्विजस्त्रीणामपि श्रौतज्ञानाध्यासेऽधिकारिता । वदन्ति केचिद् विद्वांसस् स्त्रीणां शूद्रसमानताम् ।" भन्नि वचन पनि स्मरणीय छ ।

नभाऽको कुरा मान्या देखिञ्च । तथापि प्रमाणोल्लेख नहुनाले त्यो भनाइ पनि विवेचनीयै देखिञ्च । एस विषयमा विस्तृत विचार यो सानु ग्रन्थमा दिन सकिएन । प्रकाशनको आनुकूल्य हुँदा त्यो उपस्थापित गरिनि छ ।

ब्रह्मचारिधर्म

उपनयन–भए–पछि ब्रह्मचर्य–(ब्रह्मचारिधर्म-) को पालन गर्नु पर्छ । उपनयन–नभइञ्जेल् बालक यथारुचि खेल्नि–बोल्नि–खानि गर्न सक्छ तापनि आँ-आँफ्ना–घरका–स्थिति–अन्सार् सामान्य शौचादिनियमको पालन पनि गर्छ । किन्तु उपनयन–भए–पछि ब्रह्मचारिले शौचादि–नियमको राम्ररि पालन गर्नपर्छ । तसर्थ आचार्य–(गुरु–) ले उपनीत बालकलाइ सर्वप्रथम शौचको र स्नान[1]–सन्ध्योपासन[2]–पवित्रजपयज्ञ[3]–भोजनकल्प–अग्निपरि –

---

१. ब्रह्मचारिले सुकिलो-मुकिलो हुन ज्याउन हुँदैन; खल्लल्ल पानि हालेर मत्र्ने वा डुम्लुङ्डुङ डुबेरमत्र्ने ज्याउन पर्छ; मएल फाल्न मिचमाच गर्न हुँदैन । ब्रह्मचारिले प्रातःकालमा मत्र्ने स्नान गरे हुञ्च; गृहस्थ र वानप्रस्थले मध्याह्नस्नान पनि गर्न पर्छ; यतिले प्रातर्-मध्याह्न सायं-स्नान गर्न पर्छ भन्निकुरा स्मृतिहरुमा पाइञ्च । पन्र वर्ष नपुगेका ब्रह्मचारिले स्नान नगरे पनि हुञ्च भनि पक्ष पनि छ । पन्र वर्ष मुनिका ब्रह्मचारिले स्नान नगरेमा पञ्चस्नान गरेर (गोडा, हात, मुख धोएर) सन्ध्योपासनादि गर्नपर्छ ।

२. नेपालि समाजमा सन्ध्योपासन-कर्मका स्वरूपका विषयमा पनि अज्ञान र भ्रम व्याप्त देखिञ्च । पवित्रजपयज्ञलाइ नै नेपालिहरुले सन्ध्योपासन ठानेको बुजिञ्च । भारत-वर्ष-भरि नै पनि सन्ध्योपासनको स्वरूप-र-प्रयोगका विषयमा अज्ञान-र-भ्रम व्यापक भाऽको कुरा देखाऽपर्छ । शुद्ध र समुचित नित्य-कर्मपद्धतिहरु विरलाकोटि नै देखिञ्चन् । मेरो आवश्यकताका अनुकूल पद्धति त देखिँदै-देखिएका छैनन् । प्रकाशनको आनुकूल्य हुँदा माद्ध्यन्दिनीय-वाजसनेयिहरुका लागि शुद्ध सन्ध्योपासनादि-नित्याह्निककर्म-पद्धतिहरुको रचना गरि प्रकाशित गरिदिनि विचार एस लेखकले राखेको छ । श्रद्धालु धार्मिक सज्जनहरुको सहयोग अपेक्षित छ ।

३. सन्ध्योपासनभन्नि गरिनि गायत्र्यादि पवित्र मन्त्रको जपलाइ पवित्र-जप-यज्ञ भन्छन् ।

चरण–आदि आचारहरुको सामान्य शिक्षा दिइन्छ[1] । ब्रह्मचारिले अधश्शायि[2], अक्षारलवणाशि हुनपर्छ र दण्डधारण, सायम्प्रातर् अग्निपरिचरण[3], गुरुशुश्रूषण र भिक्षाचर्य गर्नपर्छ । दिवास्वाप, मधुमांस–सेवन, मज्जन, मञ्चाद्युपर्यासन, स्त्रीसमीपगमन, असत्यवचन, अदत्ताऽऽदानहरु ब्रह्मचारिले गर्न हुँदैन । साधारणतया इ र एस्तै अरु स्वस्स्वगृह्यसूत्र–धर्मसूत्रोक्त नियमहरुको पालन गर्दै आचार्यका अधीनमा रहि तथा आफ्ना–आफ्ना–शाखा–सूत्रादि–अन्सार् गायत्रव्रत(सावित्रव्रत) आग्नेयव्रत इत्यादि व्रतहरुका साथ वा तिति व्रत गरेर वेदका तत्-तद्-भागको अद्ध्ययन गर्नि गरि ब्रह्मचारिले स्वशाखादि वेदको अद्ध्ययन गर्नि विधान देखिञ्च । एसरि ऋग्वेद यजुर्वेद सामवेद र अथर्ववेद इ चारै वेदका एकएक शाखाको अद्ध्ययन गर्दा अड्चासिल–वर्ष–सम्म ब्रह्मचर्यमा वस्नि पनि विधान पाइञ्च[4] । ऋग्वेदादि–चार–वेद–मद्दे जुनजुन वेदका एकेक शाखा पडिञ्चन् तिनका लागि प्रत्येकलाइ बार–बार वर्ष समय दिएर ब्रह्मचर्यमा बसेर अद्ध्ययन गरेपनि हुञ्च ।

---

१. उपनीय गुरुश् शिष्यम् महाव्याहृतिपूर्वकम् । वेदमद्ध्यापयेदेनं शौचाचारांश्च शिक्षयेत् ॥– याज्ञवल्क्यस्मृति १।१५।

२. द्रष्टव्य– पारस्करगृह्यसूत्र २।३ २; २।५।१०–१२; आपस्तम्बधर्मसूत्र १।१।२।१८-३२।

३. आजमोलि अग्न्रणीत लौकिकाग्निकै परिचरण गर्न पनि ठानिएको पाइञ्च; छान्दोग्योपनिषद्-अन्सार् (४।१०,११,१२,१३) श्रौताग्निको परिचरण गर्न पनि जस्तो बुझिञ्च; बौधायनगृह्यसूत्रका "यस्मिन्नग्नावुपनयति तस्मिन् ब्रह्मचर्यम्' (२।६।१७) इत्यादि–वचन-अन्सार् उपनयनाग्निको परिचरण गर्न पनि देखिञ्च ।

४. अष्टाचत्वारिंशद्वर्षं सर्ववेदब्रह्मचर्यम्, तच् चतुर्धा व्यूह्य द्वादशवर्षम् ब्रह्मचर्यम्, द्वादशवर्षाण्यवरार्द्धमपि स्तायंश्चरेद् यथाशक्त्यपरम् ॥ –गोपथब्राह्मण १।२।५।

वार वर्ष ब्रह्मचर्यमा वसेर स्वशाखावेदको मत्त्रै अद्ध्ययन गर्नि पनि विधान छ। प्रत्त्येक वेदलाइ नौ–नौ वर्ष वा छ–छ वर्ष वा तिन–तिन वर्ष ब्रह्मचर्यमा वसेर पड्नि पक्ष पनि आपस्तम्बधर्मसूत्त्रमा (१।१।२।१३–१५) र मनुस्मृतिमा (३।१) पाइञ्च। जति समयमा वेदको ग्रहणाद्ध्ययन समाप्त हुञ्च तेति समयसम्म ब्रह्मचर्यमा बस्नि पक्ष पनि पारस्कर-गृह्यसूत्त्रादि अनेक ग्रन्थमा पाइञ्च। आपस्तम्बधर्मसूत्त्रमा भने (१।१।३।१६) वार–वर्ष–भन्दा थोरै कालको ब्रह्मचर्य गर्नि पक्ष अमान्न्य देखिञ्च। स्वशाखावेदको पूर्ण अद्ध्ययन गर्न नसके स्वशाखावेदको जेजति भागको अद्ध्ययन गर्न सकिञ्च तेति भागको अद्ध्ययन गरिञ्जेल मत्त्रै ब्रह्मचारिधर्मको पालना गर्नि पक्ष पनि मान्न्य देक्खिन आउँच[1]। गायत्त्र-(सावित्त्र-) आग्नेयादि-व्रत-मद्दे गायत्त्रव्रत मत्त्रै गरि गायत्त्रीको अद्ध्ययन गरेर मत्त्रै वा ब्राह्मणले त गायत्त्र व्रत पनि नगरिकनै[2] गुरुवड गायत्त्रीको अद्ध्ययन गरेर मत्त्रै पनि द्विजत्त्वको निर्वाह गर्नि पनि शास्त्रसम्मतै पक्ष बुजिञ्च। नेपालमा मत्तै हैन भारतवर्षभोरि नै आजभोलि एसै पक्षको आश्श्रयण गरिएको पनि बुजिञ्च। वेदब्रह्मचर्यगुरु र वेदविद्द्यागुरु एउडै हुनि कुरा नै मुक्ख्य कल्प देखिए पनि व्रतगुरु एउडा

---

१. तस्माद् वृषलभीतेन ब्राह्मणेन विशेषतः। अद्ध्येतव्य्योऽप्य्येकदेशो यदि सर्वन् न शक्क्यते ॥– पराशरस्मृति १२।३२।

२. पारस्करगृह्यसूत्त्रमा (२।३।७) गायत्त्र वा सावित्त्र व्रतको पनि ब्राह्मणका लागि कुनै विधान नभाऽको बुजिएकाले एसो भनिया हो। अरु वेदाद्ध्ययन गर्न नसक्नि गायत्त्रीको मत्त्रै अद्ध्ययन गरेर समावृत्त हुन चाऽआनि माध्यन्दिनीय–वाजसनेयि ब्राह्मणले स्वशाखोक्त (पारस्कर-गृह्यसूत्त्र २।६।२–४) अष्टाचत्त्वारिंशक वा द्वादशक (वा स्वशाखा-वेदग्रहणान्तिक) ब्रह्मचर्यव्रत गर्न नसक्ता शाखान्तरोक्त सद्यःकाल गायत्त्र-(सावित्त्र–) व्रतसम्म भने पनि गर्नि पक्ष लिन कसो होला, वेद-वेदाङ्गा-ऽभियुक्त विद्द्वान्हरुले गदाधरभाष्य विश्श्वनाथभाष्या-दिको समेत मनन गरि विमर्श चलाए जाति हुन्थ्यो।

र विद्द्यागुरु आर्को हुनि पक्ष पनि शास्त्रसम्मतै देखिएकाले[1] उपनयन वाउले नै गर्नि र पछि यथावसर अन्त्या-ऽङ्गानुष्ठानरहित वेदाद्ध्ययन वा वेदैक–देशाद्ध्ययन आर्का गुरुले गराउनि गर्दै आय्येको कुरा पनि बुजिन आउँच र नेपालमा र भारत-वर्षमा अन्यत्र पनि एस्तो परम्परा कतैकतै अलिअलि चल्दै गरेको देखिञ्च ।

वेदाद्ध्ययन अङ्गि र ब्रह्मचारिव्रतचर्या अङ्ग मानेमा पनि (पारस्करगृह्यसूत्र २।५।१३-१५) वेदाद्ध्ययन नित्य हुनाले अशक्तिले अङ्गको अनुष्ठान राम्म्रि गर्न नसके पनि यथाशक्ति अङ्गानुष्ठान गरेर वेदाद्ध्ययन गर्न हुनि कुरा मीमांसान्यायबड समेत देखिञ्च[2] । तेसैले होला नेपालमा र भारतवर्षमा अन्यत्र पनि उपनयन भएपछि ब्रह्मचारिधर्मको पालना नगरिकन पनि यथाशक्ति वेदको वा वेदैकदेशको अद्ध्ययन गर्नि

---

१. (क) भार्गवाच् च्यवनाच् चापि वेदानङ्गोपबृंहितान् । प्रतिपेदे महाबाहुर् वसिष्ठाच् चरितव्रतः ॥– महाभारत शान्तिपर्व ३७।११ (चित्रशाला), (सातवलेकरसंस्करणमा पाठभेद छ ३८।११) ।
(ख) ततश्च लब्धसंस्कारौ द्विजत्वम् प्राप्य सुव्रतौ । गर्गाद् यदुकुलाचार्याद् गायत्रवर्ं व्रतमास्थितौ ॥ ··· अथो गुरुकुले वासमिच्छन्तावुपजग्मतुः । काश्यं सान्दीपनिन् नाम ह्यवन्तिपुरवासिनम् ।····· तयोर् द्विजवरस्तुष्टश्शुद्धभावानुवृत्तिभिः । प्रोवाच वेदानखिलान् साङ्गोपनिषदो गुरुः ॥ सरहस्यन् धनुर्वेदन् धर्मान् न्यायपथांस्तथा । तथा चान्वीक्षकीवर्ं विद्द्यां राजनीतिञ्च षड्विधाम् ॥– भागवत १०।४५ २९-३४;
(ग) तथा समादिष्टेऽद्ध्यापयति ।– आपस्तम्बधर्मसूत्र १।२।३।२८;
(घ) विद्द्यागुरुष्वेतदेव नित्यावृत्तिस्स्वयोनिषु । मनुस्मृति २।२०६।

२. (क) विगुणे फलनिर्वृत्तिरङ्गप्रधानभेदात् ।– कात्यायनश्रौतसूत्र १।२।१८; (ख) अपि वाऽप्येकदेशे स्यात् प्रधाने ह्यर्थनिर्वृत्तिर्गुणमात्रमितरत् तदर्थत्वात् ।· जैमिनीयधर्ममीमांसासूत्र ६।३।२।

प्रचलन रैंआएको छ। तथापि ब्रह्मचारिधर्मको पालना गरेरै वेदाद्ध्ययन गर्नु मुख्य कल्प देखिञ्च[1]।

ब्रह्मचारिका भेद

ब्रह्मचारिधर्म-विशेषको पालनका र वेदाद्ध्ययनका तारतम्म्यले गर्दा ब्रह्मचारि विविध प्रकारका हुञ्चन्। ब्रह्मचारिका (१) गायत्र ब्रह्मचारि, (२) ब्राह्म ब्रह्मचारि, (३) प्राजापत्य ब्रह्मचारि, (४) नैष्ठिक ब्रह्मचारि इ चार भेद प्रमुख छन्। ब्राह्म ब्रह्मचारिलाइ र प्राजापत्य ब्रह्मचारिलाइ उपाकुर्वाण ब्रह्मचारि पनि भन्न सकिनि देखिञ्च। उपाकुर्वाण भनेको वेदको अपूर्व ग्रहण गर्दै रएको भनेको हो। तसर्थ चल्तिका मनुस्मृत्यादि ग्रन्थमा उपकुर्वाण भन्नि पाठ पाय्ये पनि यहाँ उपाकर्म, अद्ध्यायोपाकर्म, उपाकरण इत्यादि प्रयोगलाइ समेत विचारमा राखि वैखानसस्मार्तसूत्रमा (२।१२) पाय्येको उपाकुर्वाण भन्नि प्रयोगलाइ वर्ता ग्राह्यता दिय्या हो। इ ब्रह्मचारिहरुको उल्लेख आश्रमोपनिषद्मा, पराशरमाधवीयमा, भाष्य–रत्नप्रभामा, न्यायनिर्णयमा र अन्यत्र पनि पाइञ्च। इनको परिभाषा यथावसर तल दिइँदै छ।

गायत्र ब्रह्मचारि

"य उपनयनादूर्ध्वन् त्रिरात्रमक्षारलवणाशी गायत्रीमधीते स गायत्रः" भनि पराशरमाधवीयमा द्वितीयाद्ध्यायका अन्त्यमा कात्यायनस्मृतिका आधारमा गायत्रब्रह्मचारिको परिभाषा दिय्या छ। एसबड उपनयन भएपछि तिन-दिन-सम्म सावित्र वा गायत्र व्रत गरि गायत्री मन्त्र पड्नि ब्रह्मचारिलाइ गायत्र

---

१. ततः कालविपर्यासे तेषाञ्च गुणविपर्ययात्। अपश्यन् निर्गतन् धर्मञ्च कामक्रोधवशात्मनाम्।..... अधीयन्तेऽव्रताःकेचिद् वृथाव्रतधराः परे। अशुश्रूषुर् गुरोश् शिष्यः कश्चिच् शिष्यसखो गुरुः।।– शान्तिपर्व २२८/५०-७३ (सातवलेकर २२१।४६-७१)।

ब्रह्मचारि भनिनि कुरा प्रष्ट हुञ्च । आजभोलि एस्तै गायत्र ब्रह्मचारि भै समावृत्त–हुनि–चलन–चले–जस्तो बुजिञ्च । तथापि वेदका अरु कुनै पनि समुचित भागको अद्ध्ययन–अद्ध्यापन नगरिए पनि वेदारम्भ भन्नि कर्म पनि गर्नि चलित देखिञ्च । एस वेदारम्भ कर्मको मुख्य नामको, उक्त स्थितिमा एस कर्मको अनुष्ठानको औचित्य-अनौचित्यको र आवश्यकत्व-अनावश्यकत्व-का बिषयमा पनि वेदवेदाङ्गमा अभियुक्त विद्वान्हरुले अरु विचार चलाउन उचित र आवश्यक देखिञ्च ।

ब्राह्म ब्रह्मचारि वा ब्राह्मण ब्रह्मचारि

"योऽष्टाचत्वारिंशद् वर्षाणि वेदब्रह्मचर्यम् चरेत्, प्रतिवेदन् द्वादशद्वादश वा यावद् ग्रहणान्तवँ वा वेदस्य स ब्राह्मः (ब्राह्मणः)" भनि पराशरमाधवीयमा ब्राह्म वा ब्राह्मण ब्रह्मचारिको परिभाषा दिय्या छ । एस परिभाषाको सार गुरुकुलमा वसि ब्रह्म-(वेद-) को ग्रहण (अद्ध्ययन) गर्नि ब्रह्मचारि ब्राह्म ब्रह्मचारि वा ब्राह्मण ब्रह्मचारि भनिञ्च भन्नि हो ।

अद्ध्यायोपाकर्म (वेदारम्भ) र वेदाद्ध्ययनव्रतहरु

वेदारम्भ भनि व्रतवन्ध–(वर्तुन–) का दिन एउडा कर्म गर्नि चलन नेपालमा र भारतवर्षमा अन्यत्र पनि चलेको देखिञ्च । तर वेदारम्भ भन्नि नाम गृह्यसूत्रहरुमा कुनैमा पनि पाँइदैन । मनुस्मृतियाज्ञवल्क्यस्मृतिहरुमा पनि त्यो नाम उल्लिखित देखिँदैन । व्यासस्मृतिमा वेदारम्भ–नामको संस्कारको उल्लेख छ[1] । त्यो

१. गर्भाधानम् पुंसवनं सीमन्तो जातकर्म च । नामक्रिया निष्क्रमोऽन्नप्राशनवँ वपनक्रिया ।। कर्णवेधो व्रतादेशो वेदारम्भक्रियाविधिः । केशान्तः स्नानमुद्वाहो विवाहाग्निपरिग्रहः ।। त्रेताग्निसङ्ग्रहश्चेति संस्काराः षोडश स्मृताः । नवैताः कर्णवेधान्ता मन्त्रवर्जं क्रियास् स्त्रियाः ।। विवाहो मन्त्रतस् तस्याश् शूद्रस्याऽमन्त्रतो दश ।– १।१४-१७। (जातूकर्ण्यले "आधान[1]-पुंस[2]-सीमन्त[3]-जात[4]-नाम[5]-ऽन्न[6]–चौलका:[7] । मौञ्जी[8] व्रतानि[9/10/11/12] गोदान[13]–समावर्त[14]-विवाहका:[15]-अन्त्यं[16] चैतानि कर्माणि प्रोच्यन्ते षोडशैव तु । शूद्राणाञ् चैव भवति विवाहश् चाऽन्त्यकर्म च" भनि उल्लेख गरेका (वीरमित्रोदयसंस्कारप्रकाश १३५ पृ.) व्रतहरुमद्दे वेदारम्भ–को गणना गर्न सकिञ्च सकिँदैन विद्वान्हरुले विचार राख्न पर्च ।)

अद्ध्यायोपाकर्मकै आर्को नाम बुजिञ्च । "अनुपाकृतवेदस्स्यं कर्तव्यो ब्रह्मयज्ञकः । वेदस्थाने तु सावित्री गृह्यते तत्समा यतः" भन्नि निर्णय-सिन्धुमा (निर्णय-सागर-संस्करण, पृ. १९७) उल्लिखित वचनबड पनि अद्ध्यायोपाकर्म नै वेदारम्भ हो भन्नि देखिञ्च । अमरकोशको "संस्कारपूर्वङ ग्रहणं स्यादुपाकरणं श्रुतेः" भन्नि (२।७।४०) उक्तिबड पनि एइ कुरा प्रतीत हुञ्च । अद्ध्यायोपाकर्म वा उपाकर्म भन्नि शब्द सबै गृह्यसूत्रमा उल्लिखित पाइञ्च । वैखानसस्मार्तसूत्रका प्रारम्भमा संस्कारहरुको उल्लेख गर्दा उपाकर्मको पृथक् उल्लेखै गरिया देखिञ्च । वीरमित्रोदयका संस्कारप्रकाशमा (१३५-१३६ पृ.) उद्धृत अङ्गिराका वचनमा पनि पच्चिस-संस्कारमद्दे उपाकर्मको उल्लेख देखिञ्च । तर त्याँहाँ पनि पारस्कर-गृह्यसूत्रादिमा जस्तै गृहस्थधर्मका समीपमा उपाकर्मको उल्लेख छ । प्रथम अद्ध्यायोपाकर्म नै वेदारम्भ हो भन्नि कुरा नबुजेका व्यक्तिले बनाका, नेपालमा र भारतवर्षमा अन्यत्र पनि प्रचलित वेदारम्भका पद्धतिहरु अत्यन्तै आलोचनीय देखिञ्चन् । अद्ध्या-योपाकर्मका अधिकारि-स्वरूप-प्रयोजन-काला-ऽऽदिका विषयमा पनि अत्यन्तै भ्रमात्मक कुरा पुराना ग्रन्थमा पनि पाइञ्चन् । तिनको विशेष विवेचन प्रकाशनको आनुकूल्य हुँदा प्रस्तुत गरिनि छ ।

अद्ध्यायोपाकर्म (वेदारम्भ) गरेर साधारण ब्रह्मचारिधर्मको पालन गर्दै साडे-चार-वा-पाँच-मैनासम्म स्वशाखावेदको ग्रहणाद्ध्ययन गर्नि, अनि उत्सर्जन (ग्रहणाद्ध्ययन-विराम) गरेर शुक्ल पक्षमा ग्रहण-गरिसकेका वेद-भागको धारणाद्ध्ययन गर्नि र कृष्णपक्षमा वेदाङ्गको अद्ध्ययन गर्नि; अनि यथाकाल फेरि अद्ध्यायोपाकर्म गरेर वेदको अगि ग्रहणाद्ध्ययन-नगरेका भागको ग्रहणाद्ध्ययन गर्नि र यथाकाल ग्रहणाद्ध्ययनविराम गरि धारणाद्ध्ययन र वेदाङ्गाद्ध्ययन गर्नि गर्दै वेद-वेदाङ्गको

अद्ध्ययन पूर्ण गर्नि कुरा सर्ववेदशाखासाधारण देखिञ्च ।

कौषीतकिशाखादि शाखाहरुमा कुनैकुनै वेदभागविशेषको अद्ध्ययनका लागि महानाम्नी व्रत, महाव्रत, उपनिषद्व्रत, गोदानव्रत (कौषीतकिगृह्यसूत्र); प्राजापत्यव्रत, सौम्यव्रत, आग्नेयव्रत, वैश्वदेवव्रत, ब्राह्मव्रत. स्वायम्भुव व्रत, होतृव्रत, शुक्रियव्रत, कारीरीव्रत, कलाव्रत, (काराव्रत), अवान्तरदीक्षा (बौधायनगृह्यसूत्र, भारद्वाज – गृह्यसूत्र, आग्निवेश्यगृह्यसूत्र, वैखानसस्मार्तसूत्र); सावित्रव्रत आग्नेय व्रत, शुक्रियव्रत, औपनिषदव्रत, शौलभव्रत, गोदानव्रत, (कात्यायन-गृह्यसूत्र); गोदानिकव्रत, व्रातिकव्रत, आदित्यव्रत, महनाम्नी व्रत [शाक्वर व्रत] (गोभिलगृह्यसूत्र); ब्रह्म–सामव्रत (द्राह्यायण–गृह्यसूत्र २।५।-४१); शिरोव्रत (मुण्डकोपनिषद् ३।२।१०) इत्यादि व्रत गर्नि विधान पनि देखिञ्च । मनुस्मृतिमा पनि "तपोविशेषैर् विविधैर् व्रतैश्च विधिचोदितैः । वेदः कृत्स्नोऽधिगन्तव्यस् सरहस्यो द्विजन्मना" (२।१६५) भनि इ व्रतहरुको सङ्केत गरिएको देखिञ्छ ।

अद्ध्यायोपाकर्म (वेदारम्भ) र महानाम्न्यादि व्रतहरु वेदको अद्ध्ययन गर्निहरुका लागि हुन् भन्नि र वेदको अद्ध्ययन नगरि चार वेदका दृष्टिले बार–वर्ष–सम्म वा केइ-काल-सम्म मत्रै भने पनि तत्–तद्–वेदव्रत मत्रै गरि समावृत्त हुनि दण्डमाणवहरुका लागि अद्ध्यायोपाकर्मादि केइ पनि आवश्यक हुँदैनन्, साधारण गृहस्थधर्मको ज्ञान मत्रै आवश्यक हुञ्च भन्नि कुरा वैदिक वाङ्मयको पर्यालोचन गर्दा देखिन आउँछ ।

अद्ध्यायोपाकर्मादिपूर्वक वेदाद्ध्ययन गर्नु ब्राह्म-ब्रह्मचारिको प्राजापत्यब्रह्मचारिको र नैष्ठिक ब्रह्मचारिको धर्म हो भन्नि बुजिञ्च ।

गायत्र ब्रह्मचारिले त व्रतस्नातकका रूपमा स्नान गरि विवाह गरेर पूर्ण रूपमा गृहस्थ भैसकेपछि पनि वेदाद्ध्य-

यनका लागि अनुकूल स्थिति प्राप्त भएमा यथाकाल अद्ध्यायोपाकर्मपूर्वक गृहस्थकै रूपमा रएर वेदाद्ध्ययन गर्न सक्ति कुरा पनि विभिन्न ग्रन्थहरुबाट देखिञ्च ।

वेदाद्ध्ययनक्रम

वेदको अद्ध्ययन गर्दा स्वशाखावेदमन्त्रसंहिता[1]- स्वशाखा-

---

१. वेदाद्ध्ययनको परम्परा नेपालमा मात्रै हैन भारतवर्षभरि नै सर्वत्र अत्यन्त शिथिल हुँदै आकाले भारतवर्षका-ब्राह्मणहरुमद्दे माद्ध्यन्दिनीय-वाजसनेयि ब्राह्मणहरुको सङ्ख्या सर्वाधिक भए पनि र आजभोलि वेदाद्ध्ययनमा पनि पुस्तकको आवश्यकता अत्यन्तै बड्दै गएको भए पनि माद्ध्यन्दिनीयवाजसनेयिशुक्लयजुर्वेदमन्त्रसंहिताको मात्रै पनि परिशुद्ध पुस्तक सुलभ हुन सकेको देखिँदैन; प्रचलित मुद्रित पुस्तकहरु अत्यन्तै अशुद्ध देखिञ्चन् । नेपालमा पनि धर्मलाइ अनुचित रूपमा हतियार बनाउन ठुल्ठुला ढोङपूर्ण अनेक आयोजनहरु बारबँर भाका देखिञ्चन् । तर धर्मको मूल वेदाद्ध्ययनलाइ सगाउनि विषयमा भने धेरैको दृष्टि नै नपुगेको वा दृष्टिपुग्निले पनि केइ गर्न नचाएको वा केइ-गर्न-चाए-पनि ढोङका निम्ति मात्रै गर्न-चाएको-जस्तो देखिञ्च । स्वशाखावेदमन्त्रसंहिताको शुद्धपुस्तकसम्म पनि उपलब्ध नभै राखेकामा पनि वेदलाइ दुहुन मात्रै चाम्रानि वेदकै नाममा ठुला भाग खानि वेदोपजीविहरु पनि एत्ति अभावको पूर्तिका लागि पनि समुचित रूपमा प्रयत्नशील देखिँदैनन् । स्यात् उनिहरुलाइ एस कुराको चेतनै छैन; शुद्ध-अशुद्ध सबै सम्मै छ । वेदाद्ध्ययनलाइ अगि बढाउनि सम्बन्धमा एस लेखकले शुद्ध पुस्तक उपलब्ध गराउनि, समुचित व्यावहारिक अद्ध्ययनक्रमको प्रचार गर्नि र अद्ध्यापनको व्यवस्था बनाउनि पनि प्रयास गर्दै छ । एस विषयमा एस ग्रन्थकारलाइ सहयोग गराउन चाम्रानि सज्जनहरुलाइ स्वागतगर्न यो ग्रन्थकार सदा तत्पर छ ।

ब्राह्मण – स्वशाखा – श्रौतसूत्र – गृह्यसूत्र – धर्मसूत्रहरुको[1] वर्णानुपूर्वीको नै गुरुमुखोच्चारणानूच्चारण गरि अद्ध्ययन गरिञ्च । अनुक्रमणीहरु-परिशिष्टहरु-शिक्षा-व्याकरण-निरुक्त-छन्दशास्त्र – वेदाङ्गज्योतिष – धर्ममीमांसा – ब्रह्ममीमांसाहरुको साधारणतया शब्दतः तथा अर्थतः अद्ध्ययन गरिञ्च र वेदका स्वरूप–प्रयोगा–ऽर्थ–रहस्यहरुको ज्ञान गरिञ्च । मनुस्मृत्यादि धर्मसंहिता-(स्मृति-) हरुको[2] र पुराणहरुको प्राय अर्थांश–ज्ञानमा विशेष ध्यान दिइ वर्णानुपूर्वीको जस्ताऽतस्तै ग्रहण गर्नमा विशेष प्रयास नगरि यथावसर गुरुबड तात्पर्यज्ञान गरिञ्च[3] । समर्थ ब्रह्मचारिले स्वशाखावेदसित विशेष सम्बन्ध राखि ऋग्वेदादि अन्य वेदका एक–एक शाखाको पनि स्वशाखावेदको

---

१. वेदं समाप्य स्नायात् । विधिर्विधेयस्तर्कश्च वेदः । षडङ्गमेके । न कल्पमात्रे । कामन्तु याज्ञिकस्य ।- पारस्करगृह्यसूत्र २।६।१–८।

२. मनुस्मृत्यादिको अद्ध्ययन कुन अवस्थाका व्यक्तिले कुन रीतले गर्नि हो भन्नि कुरा वेद वेदाङ्गबड तेति खुल्दैन; विज्ञानेश्वरले मिताक्षरामा "ऊर्ध्वमुपनयनात् प्राग् वेदाद्ध्ययनोपक्रमाद् धर्मशास्त्राद्ध्ययनम्, ततो धर्मशास्त्रविहितयमनियमोपेतस्य वेदाद्ध्ययनम्, ततस्तदर्थजिज्ञासा, ततस्तदर्थानुष्ठानमिति" भनेका छन् (१।१) त पनि यो भनाइ पतञ्जलिको "पुराकल्प एतदासीत् संस्कारोत्तरकालम् ब्राह्मणा व्याकरणं स्माऽधीयते, तेभ्यस्त्थानकरणनादानुप्रदानज्ञेभ्यो वैदिकाशब्दा उपदिश्यन्ते" भन्नि भनाइलाइ समर्थन गर्ने खालको भए पनि एसको वेदवेदाङ्गासम्मतत्व चिन्तनीय देखिञ्च । व्यासस्मृतिमा भने "पुण्येऽह्नि गुर्वनुज्ञातः कृतमन्त्राहुतिक्रियः । स्मृत्वोङ्कारञ् च गायत्रीमारभेद् वेदमादितः ॥ शौचाचारविचारार्थं धर्मशास्त्रमपि द्विजः । पठेत गुरुतः सम्यक् कर्म तद्दिष्टमाचरेत्" भन्नि कुरा पाइञ्च (१।२५,२६) ।

३. "अनद्ध्यायो निशायामन्यत्र धर्मोपदेशाच् शिष्येभ्यः" भन्नि आपस्तम्बधर्मसूत्रका (१।१।३।१२) वचन – आसाद् गुरुहरुले धर्मसंहिता – पुराणसंहिताहरुका कुराहरु विद्यार्थिहरुलाई वेदाद्ध्ययनका अन्तरछिन्तरमा बुझाउन गर्दै आको हुनिञ्च । एसरि गुरुबड चर्चित विषयहरुको र स्मृतिपुराणादि ग्रन्थहरुको समावर्तन–पछि पनि स्नातकले वा गृहस्थले पुस्तकका आधारमा अवलोकन गर्दै गर्नि कुरा मनुस्मृतिबड झल्कञ्च (४।१९,२०; १२।१०९)।

अद्ध्ययनपछि उक्त क्रमले[1] अद्ध्ययन गर्नपर्छ ।

केशान्त संस्कार (गोदानकर्म)

द्विजाति पुरुषको सोरौँ वर्षमा वा सोर वर्ष पुगेपछि केशान्त-संस्कार गर्नि विधान छ । तर यो संस्कार आजभोलि नेपालि परम्परामा नचलेको बुजिञ्च । उपनयनकै दिन समावर्तन गर्नि चलनले र केशान्त सर्वथा स्नान (समावर्तन) भन्दा अगिल्लो संस्कार ठानिएकाले यो लुप्त–गरिए–जस्तो बुजिञ्च । किन्तु साधारणतया पैलेइ केशान्त अनि स्नान (समावर्तन) हुनि कुरा देखिञ्च ता पनि ब्रह्मचारि एति नै वर्षको भएपछि समावर्तन गर्नु भन्नि नियत नभाकाले पैलेइ स्नान (समावर्तन) अनि केशान्त संस्कार हुन पनि सक्नि कुरा देक्खिन आँउँच । नेपालमा प्रचलित अग्निस्थापना–पद्धतिमा अग्निका संस्कार देखाउँदा समावर्तन–पछि नै गोदान देखाय्या छ । केशान्त–पछिको ब्रह्मचर्यको अवधि तिन–दिन–सम्म–मत्रैको पनि स्वीकृत हुनाले (पारस्करगृह्यसूत्र २।१।२४) केशान्तपछि लगत्तै (स्नान-[समावर्तन-] विना पनि ?) विवाह हुन सक्नि कुरा देक्खिन आँउच । प्रायश राजकुमारहरुमा एस्तै स्थिति पर्न आँउँच क्यारे । तेसैले कौटलीयअर्थशास्त्रमा 'ब्रह्मचर्यञ्चाऽऽषोडशाद् वर्षात्।अतो गोदानन् दारकर्म च' (१।५) भनिया देखिञ्च । तेसै कुरालाइ हृदयङ्गम गरेर होला कालिदासले पनि रघुवंशमा "अथाऽस्य गोदानविधे-रनन्तरवँ् विवाहदीक्षान् निरवर्तयद् गुरुः । नरेन्द्रकन्यास्तमवाप्य सत्पतिन् तमोनुदन् दक्षसुता इवाऽऽबभुः" (३।३३) भन्नि उल्लेख गर्या देखिञ्च । तसर्थ उपनयनकै दिन स्नान (समावर्तन) गरे पनि सोर वर्षमा केशान्त गरेर मत्रै विया गर्नि गर्नु शास्त्रीय कुरा थियो, तर भारतवर्षको अन्धकारपूर्ण निकट भूतकालमा एस कुरामा विचार नपुगि पुरुषको पनि बालविवाह गर्नि चलन चलेको

१. वेदानधीत्य वेदौ वा वेदवँ् वाऽपि यथाक्रमम् । अविप्लुतब्रह्मचर्यो गृहस्थाश्रममावसेत् ॥– मनु. ३।२।

बुजिञ्च । जयराम–भाष्यको 'तुल्यत्त्वात् कर्मणः केशान्तोऽप्यत्रोच्यते । स च नियतकाल एव विवाहितविवाहितयोः, सर्वं वत्सरम् ब्रह्मचर्यमित्यादेर् वक्ष्यमाणत्वात्' (२।१।३) । भनि देखाय्येको विवाह गरे–पछि पनि केशान्त संस्कार हुन सक्ति कुरा भने अत्त्यन्तै विचारणीय देखिञ्च ।

केशान्त–(गोदान–) कर्ममा प्रायः चूडाकर्ममा झैं नै कर्महरु हुञ्चन् । तेसमा दाज्यु गा पनि खौरिइञ्चन् । आचार्यलाइ कर्माङ्ग दक्षिणाका रूपमा गोदान गरिञ्च । केशान्त–पछि वर्षदिन सम्म वा बार दिनसम्म वा छ दिनसम्म वा केइ नलागे तिन दिनसम्म मत्त्रै भने पनि ब्रह्मचर्यको पालन गर्नि विधान छ (पारस्करगृह्यसूत्र २।१।२४) ।

एस केशान्त संस्कारलाइ पनि गोदान भञ्चन् ता पनि वेदभागविशेषाद्ध्ययनार्थक-व्रतविशेषरूप गोदानिक व्रत (गोभिलगृह्यसूत्र ३।१।२६) र केशान्त संस्कार एउटै हुन् कि पृथक् हुन् वेद-वेदाङ्गमा अभियुक्त विद्द्वान्हरुले राम्रो विवेक गर्नु उचित र आवश्यक देखिञ्च ।

प्राजापत्य ब्रह्मचारि

"स्वदारनिरत ऋतुकालाभिगामी सदा परदारवर्जी प्राजापत्यः । अथवा ... अष्टाचत्त्वारिंशद्वर्ष-(गुरुकुल-) वासी च प्राजापत्यः" भन्नि आश्रमोपनिषद्का–परिभाषा–अन्सार् केशान्त संस्कार भएपसि समावर्तन नगरिकनै बिया गरेर स्वदारनिरत र ऋतुकालमात्राभिगामि भै धर्म्यप्रजोत्पादन पनि गर्दै गर्नि वेदवेदाङ्गादिको अद्ध्ययन पनि चालु राखि गरेर ४८ वर्षमा वेदवेदाङ्गादिको अद्ध्ययन सर्वथा पूर्ण गरेर मत्त्रै स्नान (समावर्तन) गरि गृहस्थाश्रमधर्मको राम्ररि पालन गर्नतिर लाग्नि समृद्धकुलज पितृमान् ब्रह्मचारि प्राजापत्य ब्रह्मचारि भनिनि कुरा बुजिन आउँच । धर्म्यप्रजोत्पादनरूप प्रजापतिधर्मको पालन गर्नि विशेषता हुनाले नै एस्ता ब्रह्मचारिलाइ प्राजापत्य ब्रह्मचारि भनिएको बुजिञ्च ।

कात्यायनीय प्रसवोत्थानपरिशिष्टको "केशान्ताद् ऋद्ध्व-मपत्नीक उत्सन्नाग्निरनग्निको वा प्रवासी ब्रह्मचारी वा" इत्यादिवचनबड पनि केशान्तपछि ब्रह्मचारिले कतिपय गृहस्थधर्म पनि गर्नि कुरा देखिएकाले प्राजापत्य ब्रह्मचारिका परिभाषाको उक्त रूपले स्पष्टीकरण गरेर उपस्थापन गरियां हो। भारद्वाज-गृह्यसूत्रको "आ गोदानकर्मणः (ब्रह्मचर्यम्) इत्येके" भन्नि वचन-बडि (१।९) पनि केशान्त-पछि विया हुन सक्नि कुरा देखिन आउँच। कौटलीय अर्थशास्त्रको (१।५) र रघुवंशको (३।३३) उल्लेख पनि एस कुराको उपोद्वलक देखिञ्च। प्राजापत्य ब्रह्मचारिको उल्लेख भागवतमा (३।१२।४२) पनि छ; श्रीधरको व्याख्या भने ठिक देखिँदैन। कुमारस्स्वामिप्रोक्त मधुमांसादिको बर्जन गर्न छोडे पनि गुरुकुलमै बसि वेदार्थ-विचाररूप मीमांसा-शास्त्रको समेत अद्ध्ययन गरेसि मत्रै स्नान (समावर्तन) गर्नि कुराले[1] पनि प्राजापत्य ब्रह्मचारिका परिभाषाको उपर्युक्त स्पष्टीकरणलाइ समर्थन गरेको-जस्तो लाग्च। कुमारस्स्वामिले समावर्तन नभै विया चाइँ त हुन नसक्नि कुरा गरेका छन्[2] त पनि वैखानसधर्मसूत्रमा प्राजापत्य ब्रह्मचारिले दारसङ्ग्रह गर्नि कुरा र दारसङ्ग्रह गरेसि तिन-वर्ष-सम्म मत्रै ब्रह्मचर्याश्रममा बस्न हुनि कुरा पाइञ्च[3]। वेदवेदाङ्गमा अभियुक्त विद्वान्हरुबड एस विषयमा अरु विचार चलाए वैदिक जीवन-पद्धतिका विविध व्यावहारिक पक्षहरुको परिचयै नपाइकन तेसलाइ अव्यावहारिक भन्निहरुको आग्रह पनि मत्थर होला।

---

१. तस्माद् गुरुकुले तिष्ठन् मधुमांसाद्यवर्जयन्। जिज्ञासेताऽविरुद्धत्वाद् धर्ममित्यवगम्यते ॥- धर्ममीमांसाश्लोकवार्तिक, प्रतिज्ञासूत्र, १०१-१०२ श्लो.।

२. गुरुगेहादनावृत्तस् स्नातको हि न कर्त्यते। तत्परत्वविधानाच् च न तावद् दारसङ्ग्रहः ॥ - तौ, १०३-१०४ श्लो.।

३. प्राजापत्यो त्रिसवँत्सरादूर्ध्वन् न तिष्ठेदित्यृषयो वदन्ति (१।३[८।३])।

स्नान (समावर्तन)

गुरुकुलमा वसि वेद पढेर वा व्रत गरेर वा दुवै थोक गरेर सकिए–पछि गरिने स्नान–प्रधान संस्कार–विशेषलाइ स्नान वा समावर्तन भञ्चन् । समावर्तन–शब्दको यौगिक अर्थ (गुरुकुलबाट घर) फर्कनु हो; तथापि यो गुरुकुलबाट घर फर्कने वेलामा गरिने संस्कार-विशेषमा रूढ पनि देखिञ्च । आजभोलि यो संस्कार पनि उपनयनकै दिन गर्ने प्रचलन छ ।

स्नातक र स्नातकका भेद

स्नान (समावर्तन) गरि गुरुकुलबाट घर फर्केको व्यक्ति विवाह-गरेर-गृहस्थाश्रममा–प्रवेश–नगरुञ्जेल स्नातक भनिञ्च । प्राय सबै नै स्नातकधर्महरु गृहस्थमा पनि अनुवृत्त हुनि हुँदा स्नातकधर्मका र गृहस्थधर्मका वा स्नातकका र गृहस्थका भेदमा पनि धेरैको दृष्टि नपुगेको जस्तो देखिञ्च । तथापि धर्मसूत्रादिको राम्ग्रो परिशीलन गरे त्यो भेद स्पष्ट बुजिञ्च ।

स्नातकहरु विद्यास्नातक, व्रतस्नातक र विद्याव्रतस्नातक इ तिन प्रकारका मानिया देखिञ्चन्[1] । वेद समाप्त गरेर व्रत समाप्त नगरिकनै जो स्नान (समावर्तन) गर्छ त्यो विद्यास्नातक, व्रत समाप्त गरेर वेद समाप्त नगरिकनै जो स्नान (समावर्तन) गर्छ त्यो व्रतस्नातक, र जो वेद र व्रत दुवै समाप्त गरेर स्नान (समावर्तन) गर्छ त्यो विद्या–व्रत–स्नातक भनिञ्च ।

आजभोलि नेपालिहरुमा प्रचलित रूपमा उपनयनादि कृत्य गरि स्नान (समावर्तन) गरेका व्यक्तिले वस्तुतः वेद वा वेदव्रत

---

१. त्रयः स्नातका भवन्ति विद्यास्नातको व्रतस्नातको विद्याव्रत-स्नातक इति । समाप्य वेदमसमाप्य व्रतयँ यः समावर्त्तते स विद्यास्नातकः, समाप्य व्रतमसमाप्य वेदयँ यः समावर्त्तते स व्रतस्नातकः । उभयं समाप्य यः समावर्त्तते स विद्याव्रतस्नातक इति ।- पारस्करगृह्यसूत्र २।५।३२–३५।

केइ पनि समाप्त नगर्नि हुनाले ति कुन प्रकारका स्नातक मानिनि हुन् विचारणीय देखिञ्च । वस्तुतः माद्ध्यन्दिनीय-वाजसनेयिहरुले पारस्करोक्त–उक्त–तिन–प्रकारका–स्नातकमद्दे कुनै प्रकारको स्नातक पनि नहुनि गरेर स्नान-(समावर्तन-) गर्नुलाइ शास्त्रसम्मत मान्न सकिञ्च-सकिँदैन भन्नि कुरा विमृश्य नै देखिञ्च । अथवा उपनयनमा आचार्यले आदेश–गरेका ब्रह्मचारिव्रतहरुको सद्द्यःकाल आचरणले नै पनि माद्ध्यन्दिनीय–वाजसनेयिहरु पारस्कराभिमत व्रतस्नातक मानिन सक्चन् कि यो कुरा विद्वत्परिशीलनीय नै छ ।

वैदिक कर्ममार्ग र ज्ञानमार्ग

'इमौ द्वावेव पन्थानावनुनिष्क्रान्ततरौ भवतः क्रियापथश्चैव पुरस्तात् सन्न्यासश्चोत्तरेण तयोस् सन्न्यास एवाऽतिरेचयति" भन्नि शङ्कर-भागवत्पादले काण्ववाजसनेयीशावास्स्योपनिषद्व्याख्यामा (मन्त्र. २), काण्ववाजसनेयिबृहदारण्यकोपनिषद्वृत्तिमा (४।५।१५), आपस्तम्बधर्मसूत्राद्ध्यात्मपटल–(१।८) विवरणका प्रस्तावनामा र आनन्दभट्टोपाद्ध्यायले तैत्तिरीयकश्रुतिभनि काण्ववाजसनेयीशावास्स्योपनिषद्व्याख्यामा (मन्त्र. २) उद्धृत गरेका श्रुतिवाक्क्यवड वैदिक धर्ममा कर्ममार्ग (प्रवृत्तिमार्ग) र ज्ञानमार्ग (निवृत्तिमार्ग) इ दुइ मार्ग मुक्ख्य भाको कुरा प्रष्ट वुजिञ्च । मनुस्मृति–अन्सार् ज्ञानपूर्वकको निष्काम कर्मलाइ नै पनि निवृत्तिमार्ग मान्न सकिनि जस्तो देखिञ्च । स्वशाखावेद छिचलेर उचित रूपमा पड्निले यो कुरा राम्म्ररि आकलन गर्न सक्चन् । मनुस्मृतिवड र महाभारतवड[1] पनि यो कुरा वुज्न

१. क) सुखाभ्युदयिकञ् चैव नैश्श्रेयसिकमेव च । प्रवृत्तञ्च निवृत्तञ्च द्विविधङ्कर्म वैदिकम् ॥ -मनु. ११।८८; (ख) "द्वाविमावथ पन्थानौ यत्र वेदाः प्रतिष्ठिताः । प्रवृत्तिलक्षणो धर्मो निवृत्तौ च सुभाषितः ॥ –शान्तिपर्व २४१।६; (ग) निवृत्तिलक्षणो धर्मस्तथाऽऽभ्युदयिकोऽपि च॥- तीँ २४१।३९ (घ) एवव्ँ विदित्वा सर्वार्थानारभेतेति वैदिकम् नाऽऽरभेतेति चान्न्यत्र नैष्ठिकी श्रूयते श्रुतिः ॥ –तीँ २६८।१५; (ङ) निवृत्तिञ्चास्थितो धर्मङ गतिमक्षयधर्मिणाम् । प्रवृत्तिधर्मान् विदधे कृत्वा लोकस्स्य चित्रताम् ॥ तीँ ३४०।९८।

सकिञ्च । स्वशाखावेद मत्रै पनि छिचलेर नपड्नेहरु आफै भ्रममा पर्चन् र अरुलाइ पनि भ्रममा पार्चन् । तेसैले होला वेद नपडेकाको वचन धर्मनिर्णयमा अत्यन्तै अग्राह्य मानिया देखिञ्च[1] ।

भक्तिमार्गको वैदिक धर्ममा स्थान

सामान्यतया माञ्छेहरु कर्ममार्ग भक्तिमार्ग र ज्ञानमार्ग इ तिन प्रमुख वैदिक मार्ग हुन् भण्ठाञ्चन् । भगवद्गीताका अट्ठार अद्ध्यायहरुमा छ–छ अद्ध्यायलाइ कर्म–भक्ति–ज्ञान–परक हुन् भनेर पनि धेरैले व्याक्ख्या छाँटेको पाइञ्च । भागवतमा पनि यद्यपि वेदमा दुइ मार्ग नै प्रधान भाको कुरा पनि बताय्या छ[2], तथापि भागवत वेदमार्गाविरोधि नै ग्रन्थ भए पनि शुद्ध वैदिक मार्गको ग्रन्थ नभै वैदिक–तान्त्रिक–मिश्र–मार्गको खिचडि ग्रन्थ हुनाले[3] त्याँहाँ ज्ञानमार्ग, कर्ममार्ग भक्तिमार्ग इ तिन प्रमुख मार्ग बताय्या[4] छन् । आजभोलि स्वशाखावेद मत्रै पनि छिचलेर पड्नि

---

१. वेदाभ्यासविहीनस्य शास्त्राभ्यासरतस्य च । न तस्य वचनञ्च ग्राह्यं श्वानोच्छिष्टं हविर्यथा ।।- संस्कारगणपतिका उपक्रममा (६ पृ.) उद्धृत व्यासवचन ।

२. (क) कर्म प्रवृत्तञ् च निवृत्तमप्यृतवँ् वेदे विविच्चयोभयलिङ्गमाश्रितम् (४।४।२०); (ख) प्रवृत्तञ् च निवृत्तञ्च द्विविधञ्च कर्म वैदिकम् । आवर्तते प्रवृत्तेन निवृत्तेनाऽश्नुतेऽमृतम् (७।१५।४७) ।

३. (क) रूपन् तवैतत् पुरुषर्षभेज्यं श्रेयोऽर्थिभिर् वैदिकतान्त्रिकेण । योगेन (८।६।६); (ख) विधिनोपचरेद् देवन् तन्त्रोक्तेन च केशवम् (११।३।४७); (ग) वैदिकी तान्त्रिकी दीक्षा मदीयव्रतधारणम् (११।११।३७); (घ) वैदिकस्तान्त्रिको मिश्र इति मे त्रिविधो मखः । त्रयाणामीप्सितेनैव विधिना मां समर्चयेत् (११।२७।७); (ङ) एवञ् क्रियायोगपथैः पुमान् वैदिकतान्त्रिकैः । अर्चन्नुभयतस् सिद्धिम् मत्तो विन्दत्यभीप्सिताम् (११।२७।४): ।

४. योगास् त्रयो मया प्रोक्ता नृणां श्रेयोविधित्सया । ज्ञानञ् कर्म च भक्तिश् च नोपायोऽन्योऽस्ति कुत्रचित् (११।२०।६) ।

परम्परा अत्यन्तै घटेको हुँदा पुराणहरुमा भनेका कुनकुन कुरा वेदमूलक हुन् कुनकुन कुरा वैष्णवशैवशाक्तादितन्त्रमूलक हुन् भन्नि छुट्याउन सक्नि माञ्छे अत्यन्तै दुर्लभ भाकाले माञ्छे कर्ममार्ग, ज्ञानमार्ग र भक्तिमार्ग इ तिनै मार्ग उत्तिकै प्रमुख वैदिक मार्ग हुन् भण्ठाञ्चन् । तथापि वेदमा पनि प्रधानअप्रधान अरु अनेक मार्ग देखिए पनि भक्तिमार्ग प्रमुख वैदिक मार्ग हैन । यो कुरा स्वशाखावेद मत्रै पनि छिचलेर पडेपसि स्वतः विदित हुञ्च । पराशरमाधवीयमा (प्रथम भाग पृ. ३२७) उद्धृत "शैवञ् च वैष्णवं शाक्तं सौरवँ् वैनायकन् तथा । स्कान्दञ् च भक्तिमार्गस्य दर्शनानि षडेव तु" भन्नि पुराणसारको वचनबड भक्तिमार्ग वैष्णवशैवादितन्त्रमूलक भांको कुरा प्रष्ट बुजिञ्च । वेदमा पनि उपासना छ, तर त्यो प्रधानमार्ग हैन । वैदिक उपासना कि कर्मानुगामि छ, कि ज्ञानपुरोगामि छ र वैष्णवादि–तन्त्रमूलक पौराणिक अर्चन–कीर्तनादि–रूप भक्तिका र वैदिक उपासनाका स्वरूपमा पनि ठूलो अन्तर छ ।

वैदिक धर्ममा जनसाधारणका लागि उपयोगि धार्मिक कृत्य

वैदिकधर्मको प्रधान पक्ष द्रव्ययज्ञ अद्ध्ययनादि–प्रचुर–प्रयास–साद्ध्य र विपुल–द्रव्य–सापेक्ष भएको तथा तेसका सम्पादनका लागि भावभूमि पनि अत्यन्त उदात्त हुन पर्नि भएको हुँदा शूद्रहरुका लागि मत्रै हैन विद्या-द्रव्यसम्पत्तिरहित वा त्यो उदात्त भावभूमिमा चड्न असमर्थ द्विजातिहरुकै लागि पनि वैदिकधर्मको अनुसरण दुष्कर वा अनाकर्षक हुन स्वाभाविक देखिञ्च । तेसमा पनि ब्राह्मणहरुका लागि ज्ञानाद्ध्ययननिष्ठा मत्रै पनि पर्याप्त मानिएकाले ब्राह्मणहरु वैदिक धर्मबड विमुख भैहालिन स्थितिमा हत्तपत्त पुगिहाल्न नपर्नि स्थिति छ । क्षत्रियहरु भने ज्ञानाद्ध्ययननिष्ठाले मत्रै कृतार्थ नहुनि, उनिहरुले राष्ट्ररक्षा-व्रत र द्रव्ययज्ञ नै गर्न पर्नि हुँदा र तिनलाइ त्यो उदात्त भावभूमिमा चड्न कठिन पर्नि समेत हुँदा तिनिहरुका लागि वैदिक धर्ममा विकर्षण उत्पन्न हुन

स्वाभाविकै हुन जानि स्थिति देखिञ्च । एस्तै स्थितिले गर्दा होला क्षत्रियकुमार महावीरले र राजकुमार शाक्यसिंह सिद्धार्थले वैदिक द्रव्ययज्ञका विरोधमा उब्बिइ जैनधर्मको र बौद्ध धर्मको प्रचार गरेको देखिञ्च । तिनिहरुले वैदिक धर्मको समग्रतालाइ पक्रन नसकेका हुँदा तेसलाइ पक्रन सक्ति ब्राह्मणहरु तिनका वअकाइमा नबअकिएकाले तिनलाइ आँफना काममा धेरै सफलता मिलन नसकेको भए पनि तिनले द्रव्ययज्ञनिरपेक्ष रूपमा सत्य, अहिंसा, दया, क्षमा, तपस्या, तितिक्षा, उपरति, शम, दम, ध्यान इत्यादि वैदिक परम-धर्मका कतिपय महत्त्वपूर्ण गुणहरुलाइ अँगालेका र मानवीय कोमल भाव दया-क्षमा आदिलाइ पक्रेका हुनाले जनसाधारणलाइ प्रभावित पार्नमा तिनलाइ केइ सफलता मिलन गएको पनि बुजिञ्च । वैष्णव-धर्म पनि क्षत्रियहरुले नै चलाएको र बिविध रूपमा विकसित हुँदै आको कुरा रामकृष्ण गोपाल भण्डारकरले वैष्णव, शैव और अन्य धार्मिक मत भन्नि ग्रन्थमा लेखेका छन् र गीता पनि तेसै धाराको ग्रन्थ भाको कुरा उनले बताएका छन् । द्विजातिस्त्रीहरुको भक्तिमार्गमा विशेष झुकाब रअँदै आको कुरा भागवतादिवड (१०।२३) पनि बुजिञ्च र ऐले पनि तेस्तो प्रवृत्ति देखिञ्च । तेत्ति मत्रै हैन; कतिपय ब्राह्मणैहरु पनि शैव-शाक्त-वैष्णवादि कुनै-न-कुनै भक्तिमार्गमा दीक्षित भाका पाइञ्चन् । एसबड वैदिक धर्म जनसाधारणका लागि अनुपयोगि र अनाकर्षक भइजस्तो देखिन आउँच । तथापि आत्मयाजिका रूपमा द्रव्ययज्ञ गर्न वा सन्न्यास लिन वा वानप्रस्थधर्म अँगालन नसक्ति द्विजातिहरुका लागि देवयाजिका रूपमा द्रव्ययज्ञ गर्नि व्यवस्था, श्रौत यज्ञ गर्न नसक्तिनहरुका लागि गृह्ययज्ञ सम्म मत्रै भने पनि गर्नि व्यवस्था, त्यो पनि गर्न नसक्तिनलाइ सायम्प्रातरहोम र पञ्चमहायज्ञादि अन्य कतिपय कृत्य सम्म मत्रै भने पनि गर्नि व्यवस्था, त्यो पनि गर्न नसक्तिनलाइ ब्रह्मचारिधर्मको पालन गरि वेदाद्ध्ययन-गुरुशुश्रूषा-

अग्नि-परिचर्यादि मत्रै गर्नि व्यवस्था र ति कर्म गर्नि अधिकार नभाका स्त्री-शूद्रादि जनसाधारणका लागि पनि उपर्युक्त कर्म गर्निहरुलाइ सहायता गर्नि, स्वयम् पूर्त-कर्म गर्नि, दान-दम-दयादि धर्मको पालन गर्नि समेत व्यवस्था[1] वैदिकधर्ममा छँदैछ। तसर्थ वैदिकधर्ममा जनसाधारणका लागि उपयोगि पक्ष पनि नभएको भन्न मिल्दैन। यद्यपि फलका लागि धर्म गर्नु वैदिक-धर्ममा तेति राम्रो मानिदैन भन्नि कुरा "धर्मञ्‌ चरामि सुश्रोणि न धर्मफलकारणात्‌। आगमाननतिक्रम्य सतावँ वृत्तमवेक्ष्य च। धर्म एव मनः कृष्णे स्वभावाच्चैव मे धृतम्। धर्मवाणिज्यको हीनो जघन्यो धर्मवादिनाम्" भन्नि (महाभारतवनपर्व ३१।४–५) भनाइवड देखिञ्च; वेदमा काम्य कर्म गौण र प्रासङ्गिक रूपमा मत्रै देखाय्येको र नित्यकर्ममै वेदको परम तात्पर्य भाको कुरा वेदार्थज्ञहरुले वताएका पनि छन्; तदनुरूप नै माद्ध्यन्दिनीय-वाजसनेयिशाखामा त संहितामा र ब्राह्मणमा प्राय नित्य कर्मको मत्रै विधान देखिञ्च पनि; तथापि अरु शाखाका ब्राह्मणग्रन्थहरु-मा र कल्पसूत्रहरुमा काम्यकर्महरु पनि प्रशस्त वताय्या देखिञ्च। तेसका अतिरिक्त ऋग्विधानादि ग्रन्थमा काम्यकर्महरु प्रशस्त वताय्या छन्। पूर्तकर्महरु पनि वैदिकै हुन्[2]। वैदिक धर्मको प्रधान पक्ष वैदिकयज्ञ ज्यादै उदात्त र जन-धनाऽ-द्ध्यय-नाऽऽदि–वल–साद्ध्य हुनाले जनसाधारणको पउँचभन्दा टाढाको जस्तो छ तापनि वैदिक मार्गमा पनि जनसाधारणलाइ उपयोगि कृत्य पनि वताय्येकै देखिञ्चन्। तसर्थ वैदिक धर्ममा आँफ्नु–अधिकार–अन्सार्–वा–आँफनु–आर्थिकस्थिति – अद्ध्ययनस्थिति–मनस्स्थिति–अन्सार् पक्कन पनि वा पक्कन सकिनि विभिन्न

१. इ व्यवस्थाका विषयमा गृहस्थधर्म-प्रकरणना सङ्क्षिप्त विवरण प्रस्तुत गरिनि छ।

२. पूर्त-कर्मको उल्लेख शाकलऋग्वेदसंहितामा (१०।१४।८) पनि पाइञ्च। छान्दोग्योपनिषद्मा (५।१०।३) मुण्डकोपनिषद्मा (१।२।१०) र प्रश्नोपनिषद्मा (१।९) पनि एसको उल्लेख देखिञ्च।

मार्गहरुमा रोजि–छाडि गर्नि अवसर पर्याप्तै भाको देखिञ्च ।

वैदिक कर्ममार्ग र कुमारस्स्वामि (कुमारिलभट्ट)

जैनका र बौद्धका धर्मदर्शनका प्रचारले वैदिक कर्ममार्ग र ज्ञानमार्ग दुबैको लोकप्रियता घट्ते जानुका साथै वैदिक आर्यावर्तको वा भारतवर्षको पतनोन्मुखता बढ्दै गएका समयमा वैदिक विद्वान्हरुले वैदिक परम्पराको रक्षाका लागि महान् प्रयास गरेको बुजिञ्च । एसै प्रसङ्गमा बौद्धहरुका वैचारिक आक्रमणबड वैदिक कर्ममार्गको बचाउ गर्न वैदिक विद्वान् भर्तृमित्र–आदिले पनि धर्ममीमाँसाशास्त्रको-नवीन-र–परिष्कृत–व्याख्याद्वारा ठुलै प्रयास गरेको बुजिञ्च । किन्तु उनिहरुका व्याख्याले सत्स्मृतिको र सदाचारको पनि प्रामाण्य नमान्नि प्रवृत्ति लिएकाले मीमांसाशास्त्र लोकायत-(भौतिकतावादि) शास्त्रजस्तो देखिनथालेच र एस स्थितिमा बौद्धका आलोचनाबड र वैदिककै अनुचित-व्याख्याबड समेत बचाउनका लागि वैदिक कर्ममार्गको व्यवस्थाको र यथार्थ स्वरूपको व्याख्या गर्न कुमारस्स्वामि (कुमारिल भट्ट) कटिबद्ध भएर निस्केका रचन् भन्नि कुरा उम्बेकभट्ट-आदिका भनाइबड देखिञ्च । कुमारिलका विषयमा धेरै किवँदन्तीहरु प्रचलित छन् । तिनको बास्ता नगरे पनि उनले रचेका र ऐले पाइँदै गरेका श्लोक–वार्तिक (जैमिनीय धर्ममीमांसासूत्रका पैलो अद्ध्यायका पैलो पाउका सूत्रहरुको र तिनैको शबरस्स्वामि–कृत भाष्यको श्लोकबद्ध व्याख्या), तन्त्रवार्तिक (जैमिनीय धर्ममीमांसाकै पैलो अद्ध्यायका दोस्रापाउदेखि तृतीयाद्ध्यायसमाप्तिसम्मको सूत्र–भाष्यको गद्यपद्यात्मक व्याख्या) र टुप्टीका (जैमिनीय धर्ममीमांसाकै चौथो अद्ध्यायदेखि बारौँ अद्ध्यायसम्मका सूत्र–भाष्यको गद्यात्मक सङ्क्षिप्त व्याख्या) इ तिन ग्रन्थबडै उनका महान् कार्यको पर्याप्त परिचय पाइञ्च । विशेष गरि श्लोक-वार्तिकमा उनले बौद्धमतका निरालम्बवाद–शून्यवादहरुको तर्कका आधारमा राम्ररि खण्डन गरेर वैदिक कर्ममार्गको पुष्टि गरेका छन् । उनका-

कृति-उदाएपसि सूर्य-उदाएपसि तारा-अदृश्य-भए-झैं इ उनिभन्दा अगिका उनले अनुसरण गरेका शवरस्वामिवाएक अरु बोधायन, उपवर्ष, देवस्स्वामि, भवदास, भर्तृमित्र, भर्तृहरि इत्यादिका जैमिनीयमीमांसाव्याक्ख्याहरु अदृश्य भएर गए। उनका पार्थसारथि-मिश्र-आदि प्रवल अनुयायिहरु निस्कँदै गए। कुमारस्स्वामि-(कुमारिल भट्ट-) का कृतिहरुवड वैदिकधर्मका रक्षामा ठुलो टेवा पुगेकाले आजसम्म पनि वैदिक-धर्मानुयायि विद्वान्हरु उनलाइ अति नै आदरका दृष्टिले हेर्चन्। एसरि अद्भुत-तर्कशक्ति-युक्त विद्वान्हरुवड तर्कका आधारमा पनि विरोधिमतनिराकरणपूर्वक समर्थित हुँदै आएको कर्ममार्ग वैदिक धर्मको प्रधानतम पक्ष मानिञ्च।

वैदिक धर्ममा आश्रम – विकल्प – समुच्चय – बाध व्यवस्था र शङ्करभगवत्पाद

वर्णव्यवस्था-जस्तै आश्रमव्यवस्था पनि वैदिक धर्मको प्रमुख पक्ष हो। आश्रमहरु ब्रह्मचर्याश्रम, गृहस्थाश्रम, वानप्रस्थाश्रम र सन्न्यासाश्रम गरि चार छन्।

उक्त चार आश्रममद्दे ब्रह्मचर्याश्रमको सङ्केत शाकल-ऋग्वेद-संहितामा (१०।१०९।५) पनि पाइञ्च। त्याँहाँ (७।१०३।५) वेदशिक्षणको रीतिको पनि सङ्केत देखिञ्च। शौनक्यथर्व-वेदसंहिताका एगारौँ काण्डका पाँचम् सूक्तमा त एस विषयमा राम्रो उल्लेख देखिञ्च। तैत्तिरीयसंहितामा (६।३।१०।५), तैत्तिरीयब्राह्मणमा (३।१०।११) र मा. वा. शतपथब्राह्मणमा (११।५।४; ११।३।३), छान्दोग्योपनिषद्मा (२।२३।१; ६।१) र गोपथब्राह्मणमा (१।२।१-७) पनि ब्रह्मचर्याश्रमको केइ विस्तृतै चर्चा देखिञ्च। गृह्यसूत्रहरुमा धर्मसूत्रहरुमा र स्मृति-पुराणहरुमा पनि ब्रह्मचर्याश्रमको विस्तृत चर्चा पाइञ्च।

गृहस्थाश्रम त वैदिक धर्मको पृष्ठवंश नै हो। द्रव्ययज्ञ मुक्ख्य रूपमा गृहस्थाश्रमकै धर्म हो। वेदहरु अग्निहोत्रादि

द्रव्ययज्ञको चर्चाले भोरिएका छन् । तसर्थ गृहस्थाश्रमको वेदमा पाइनि उल्लेखहरुको छुट्टै चर्चा गरिरनु आवश्यक देखिँदैन। तथापि अरु आश्रमका साथमा गृहस्थाश्रमका चर्चा भएका स्थलहरुको केइ सङ्केत दिनु जाति नै होला । शाकल–ऋग्वेद-संहितामा (२।१।२; १०।८५।३६) र मा. वा. शुक्लयजुर्वेदसंहि-तामा (२।२७) गृहस्थाश्रमको सङ्केत पाइञ्च । तैत्तिरीयसंहिता-मा (६।३।१०।५) मा. वा. शतपथ–ब्राह्मणमा (१।७।२।१–५), ऐतरेयब्राह्मणमा (३३।१), छान्दोग्योपनिषद्मा (२।२३।१), र जाबालोपनिषद्मा पनि अन्य आश्रमका साथमा गृहस्थाश्रमको चर्चा पाइञ्च । गृह्यसूत्र–धर्मसूत्रहरुमा त यो विषय विस्तृत रूपमा प्रतिपादित छँदैछ ।

वानप्रस्थाश्रमको र सन्न्यासाश्रमको भेद सूक्ष्म छ । विधिदिषु सन्न्यासिका र वानप्रस्थका मनस्थितिमा त अन्तर सारै थोरै देखिञ्च । तथापि क्षत्रियाधिकाराऽनधिकारादि विभिन्न आधारमा वानप्रस्थाश्रमको छुट्टै स्थान मानिएको बुजिञ्च। एसको सङ्केत शाकलऋग्वेदसंहितामा (१०।१३६।२–५) पाइञ्च । ऐतरेयब्राह्मणमा (३३।१), मा. वा. शतपथब्राह्मणमा (१३।६।२।२०), छान्दोग्योपनिषद्मा (२।२३।१; ५।९।२–५।१०।६) जाबालोपनिषद्मा (चतुर्थ खण्डमा), का. वा. बृहदार-ण्यकोपनिषद्मा (३।८।१०; ४।३।२२; ६।२।१५) पनि वानप्र-स्थाश्रमको सङ्केत पाइञ्च । धर्मसूत्रहरुमा पनि एसको चर्चा छ।

सन्न्यासाश्रमको चर्चा महानारायणोपनिषद्मा (२१।२), काण्व–वाजसनेयि–बृहदारण्यकोपनिषद्मा (२।४।१; ३।५।१; ४।४।२२, २३; ४।५।१, १५); जाबालोपनिषद्मा (चतुर्थ खण्डमा); र मुण्डकोपनिषद्मा (३।२।६) पनि पाइञ्च । ऐतरेयब्राह्मणमा पनि सन्न्यासको सङ्केत देखिञ्च (३३।१) अवधूतो-पनिषद्-आदि अरु सोरोडा अनतिप्रसिद्ध उपनिषद्हरुमा सन्न्यास-विधि-धर्मादिको विस्तृत चर्चा पाइञ्च । धर्मसूत्रहरुमा र परिशिष्ट-

हरुमा पनि सन्न्यासविधि-धर्मादिको चर्चा छ ।

उपर्युक्त चार–आश्श्रमहरुमद्दे कस्ता–कस्ताले कैले–कैले कुन–कुन आश्श्रमको पालन गर्नि हो भन्नि बिषयमा वेदादिशास्त्रमा विभिन्न प्रकारका वचन पाइनि हुँदा माञ्छेहरुलाइ छ्याङ्ङङ्ङङ्ङ कुरा बुन्न गारो पर्च । तेसैले शङ्करभगवत्पादले एस विषयमा का. वा. बृहदारण्यकोपनिषद्-वृत्तिमा (४।५।१५) विशेष प्रतिपादन गरेको देखिञ्च । तेस विचारको समेत सहायता लिइ याँहाँ यो कुरा प्रस्तुत गरिँदै छ ।

वेद पड्नका लागि गरिनि ब्रह्मचर्य नित्त्य हो । अधिकार भाकाले त्यो गर्नै पर्च, अशक्तिले गर्दा तेसको पूर्ण रूपमा पालन नगर्नु आर्कै कुरा हो । एस बिषयको चर्चा ब्रह्मचारिधर्मका विवरणका प्रसङ्गमा उपस्थापित गरिसकिएकै छ । एस्तो नित्त्य ब्रह्मचर्य गर्नि व्यक्ति वेदग्रहणार्थ मत्रै प्रवृत्त हुनाले एस्तालाइ धर्मपरिषद्-आदिमा आश्श्रमिका रूपमा लिइँदैन । अब याँहाँ जसले यथाविधि ब्रह्मचर्य गरेर वेदवेदाङ्गादिको अद्ध्ययन गरेको छ अथवा कुनै प्रकारले वेदब्रह्मचर्य यथाशक्ति पूर्ण गरेको छ उसले आश्श्रमधर्मको कसरि कुन क्रमले पालन गर्न पर्च भन्नि बिषयमा शास्त्रनिर्दिष्ट बाटो देखाइञ्च ।

वेदब्रह्मचर्य गरेपछि[1] निर्धन र गृहस्थधर्मवहन गर्न उत्साह

---

१. (क) चत्वार आश्श्रमाः, ब्रह्मचारि-गृहस्थ-वानप्रस्थ-परिव्राजकाः, तेषाम् वेदमधीत्य वेदौ वेदान् वाऽविशीर्णब्रह्मचर्यो यमिच्छेत् तमावसेत् ।- वसिष्ठधर्मसूत्र ७।१–३; (ख) बुद्ध्वा कर्माणि यत् कामयेत तदारभेत ।- आपस्तम्बधर्मसूत्र २।९।१।५; (ग) आचार्येणाभ्यनुज्ञातश् चतुर्णामेकमाश्श्रमम् । आ विमोक्षाव् शरीरस्य सोऽवतिष्ठेद् यथाविधि ॥- महाभारत १२।२३४।४ (यो पद्य शङ्करभगवत्पादले पनि उद्धृत गरेको पाइञ्च, शरीरकमीमांसाभाष्य ३।४।४०) (घ) भूशय्याब्रह्मचर्येण शक्तः स्नानं समाचरेत् । अशक्तस्यास्थनाड्ढचस्य स्वेच्छा सर्वत्र कथ्यते ॥- त्रिस्थलीसेतुमा (४४ पृ. मा) उद्धृत नारदीय-(पुराण-) वचन ।

नभाको व्यक्ति अथवा नपुंसक वा काण-कुब्जादि गृहस्थधर्मानुपयुक्त व्यक्ति वैराग्यले नभएमा वा वैराग्य तीव्र नभएमा गुरुका अनुमतिले आजीवन[1] ब्रह्मचर्यमा बस्ने सङ्कल्प गरेर नैष्ठिक-ब्रह्मचर्याश्रममा प्रवेश गर्न सक्छ । एस्तै ब्रह्मचारिको नै धर्मपरिषद्हरुमा ब्रह्मचर्याश्रमिका रूपमा ग्रहण हुन्छ ।

निर्धन र गृहस्थधर्मवहन गर्ने उत्साह नभाको व्यक्ति अथवा नपुंसक वा अन्ध-काण-कुब्जादि गृहस्थधर्मानुपयुक्त व्यक्ति ब्राह्मण भएमा र तीव्र वैराग्य भएमा वेदब्रह्मचर्य गरे-पछि ब्रह्मचर्याश्रमबडै सोझै सन्न्यासाश्रममा प्रवेश गर्न सक्छ[2] ।

जो पर्याप्त धर्म्य धन नभए पनि तेस्तो धन प्राप्त हुने आशा र गृहस्थधर्मवहन गर्ने उत्साह राख्ने तेस्तो व्यक्ति वेदब्रह्मचर्य-गरे-पछि गृहस्थाश्रममा प्रवेश गर्न सक्छ । एस्तो व्यक्ति गृहस्थाश्रमधर्मको पालन गरेर यथासम्भव पुत्रोपादन-यजनादि गरेर नित्यानित्यवस्तु-विवेक, वैराग्य, शम-दमादि-साधन र मुक्तिको इच्छा एति साधनको चतुष्टय नजुटेमा ब्राह्मण चाइँ त्यो साधन-चतुष्टयको सम्पादन गर्ने विचारले र क्षत्रियचाइँ वानप्रस्थाश्रमधर्मका पालनले पुरुषार्थ-सिद्धि गर्ने वाटो अँगालेर विचारले वानप्रस्थाश्रममा प्रवेश गर्न सक्छ । वानप्रस्थाश्रममा साधन-चतुष्टय जुटेमा ब्राह्मणलेचाइँ वानप्रस्थाश्रमबड सन्न्यासाश्रममा प्रवेश गर्न पर्छ । गृहस्थाश्रममा नै साधन चतुष्टय जुटेमा अथवा अनपत्त्य वा विधुर भएमा ब्राह्मण चाँइ गृहस्थाश्रमबडै पनि सन्न्यासाश्रममा जान हुन्छ[3] ।

---

१. (क) अत्यन्तमात्मानमाचार्यकुलेऽवसादयन् ।- छान्दोग्योपनिषद् २।२३।१; (ख) तद्भूतस्य तु नाऽतद्भावो जैमिनेरपि नियमाऽतद्रूपाऽभावेभ्यः ।- ब्रह्ममीमांसासूत्र ३।४।४०।

२. यदि वेतरथा ब्रह्मचर्यादेव प्रव्रजेत् ···· यदहरेव विरजेत् तदहरेव प्रव्रजेत् ।- जाबालोपनिषद्, चतुर्थ खण्ड ।

३. स होवाच याज्ञवल्क्यो ब्रह्मचर्यं समाप्य गृही भवेद् गृही भूत्वा वनी भवेत्, वनी भूत्वा प्रव्रजेत् । यदि वेतरथा ब्रह्मचर्यादेव प्रव्रजेद्, गृहाद् वा वनाद् वा ॥ -जाबालोपनिषद्, चतुर्थ खण्ड ।

पुण्य-परिपाकले आत्मज्ञान र पूर्ण वैराग्य भएमा जुनसुकै आश्रमबाट पनि वा जुनसुकै अवस्थाबाट पनि जुनसुकै व्यक्ति पनि सन्न्यास लिन सक्छ[1] ।

उपर्युक्त सबै पक्षहरुको वेदादिशास्त्रमा प्रतिपादन पाइन्छ तापनि वेदब्रह्मचर्य-गरेपछि गृहस्थधर्मको निर्वाह गर्न पर्याप्त पैतृकाऽऽदि धर्म्य धन पाउन सक्ने पुत्रोत्पादन–यजनादि–गृहस्थधर्ममा अधिकार भएका व्यक्तिले नियोगसिद्धिका र लोकसङ्ग्रहका लागि पनि विवाह गरेर गृहस्थाश्रममा बस्नै पर्छ, आलस्यले वा वैराग्यले गृहस्थ–धर्म–पालनबाट पन्छन हुदैन भन्ने नै वैदिक धर्मको प्रधान पक्ष देखिन्छ[2] । वानप्रस्थाश्रममा वा सन्न्यासा–

---

१. अथ पुनरव्रती वा व्रती वा स्नातको वाऽस्नातको वोत्तरन्नाग्निरग्निको वा यदहरेव विरजेत् तदहरेव प्रव्रजेत् ।।- जाबालोपनिषद्, चतुर्थ खण्ड ।

२. (क) स होवाच याज्ञवल्क्यो ब्रह्मचर्यं समाप्य गृही भवेत् ।- जाबालोपनिषद्, चतुर्थ खण्ड; (ख) आचार्याय प्रियं धनमाहृत्य प्रजातन्तुं मा व्यवच्छेत्सीः ।- तैत्तिरीयोपनिषद्, शीक्षाध्याय, दशम अनुवाक; (ग) ऋणमस्मिन् सन्नयत्यमृतत्वं च गच्छति । पिता पुत्रस्य जातस्य पश्येच् चेज् जीवतो मुखम् ।।- ऐतरेयब्राह्मण ३३।१; (घ) एष ह वा अनद्धापुरुषो यो न देवानवति न पितॄन् न मनुष्यान् ।- मा. वा. शतपथ. ६।३'१।२४; द्रष्टव्य ऐतरेयब्राह्मण ३२।८; (ङ) जायमानो वै ब्राह्मणस्त्रिभिर् ऋणवा जायते ब्रह्मचर्येणर्षिभ्यो यज्ञेन देवेभ्यः प्रजया पितृभ्य एष वा अनृणो यः पुत्री यज्वा ब्रह्मचारिवासी । -तैत्तिरीयसंहिता ६।३।१०।५: द्रष्टव्य– मा० वा० शतपथब्राह्मण १।७।२।१–५; (च) अधीत्य विधिवद् वेदान् पुत्रांश्चोत्पाद्य धर्मतः । इष्ट्वा च शक्तितो यज्ञैर् मनो मोक्षे निवेशयेत् ॥ अनधीत्य द्विजो वेदमनुत्पाद्य तथा सुतान् । अनिष्ट्वा चैव यज्ञैश्च मोक्षमिच्छन् व्रजत्यधः ॥- मनु. ६।३६-३७; (छ) अधीतवेदो जपकृत् पुत्रवानग्नवोऽग्निमान् । शक्त्या च यज्ञकृन् मोक्षे मनः कुर्यात् तु नाऽन्यथा ॥- याज्ञवल्क्यस्मृति ३।५७; (ज) प्रजावान् श्रोत्रियो यज्वा सुवृत एव ऋणैस् त्रिभिः । अथान्यानाश्रमान् पश्चात् पूतो गच्छेत् कर्मभिः ।।- शान्तिपर्व २३४।७; (झ) ब्राह्मणस्य तु सोमविद्ब्राह्मजमृणवाक्येन सर्वं योगात्- धर्ममीमांसासूत्र ६।२।३१।

ऽऽश्रममा प्रवेश नगरिकनै पनि ज्ञानवान् भएर आत्मयाजिका रूपमा वैदिकयज्ञहरू गर्दै रहेरै पनि गृहस्थ मुक्ति पनि प्राप्त गर्न सक्छ भन्नि कुरा शास्त्रबाट देखिञ्छ[1]। एसै पक्षमा "कुर्व्वन्नेवेह कर्म्माणि जिजीविषेच् छतं समाः" (मा. वा. शुक्लयजुर्वेदसंहिता ४०।२), "भस्मान्तं शरीरम्" (तीँ ४०।१५) "यावज्जीवमग्निहोत्रञ् जुहुयात्" (द्रष्टव्य—काण्ववाजसनेयिशतपथब्राह्मण ३।१।१०।३,४), "एतद् वै जरामर्य्यं सत्रयँ यदग्निहोत्रञ् जरया वा ह्यस्मान्मुच्यते मृत्युना वा" (मा. वा. शतपथ. १२।४।१।१), "तस्मादुत्तरवयसे पुत्रान्निपतोपजीवति" (तीँ १२।२।३।४), "आचार्यकुलाद् वेदमधीत्य यथाविधानङ् गुरोः कर्म्मातिशेषेणाभिसमावृत्य कुटुम्बे शुचौ देशे स्वाध्यायमधीयानो धार्मिकान् विदधदात्मनि सर्वेन्द्रियाणि सम्प्रतिष्ठाप्याऽहिंसन् सर्वभूतान्यन्यत्र तीर्थेभ्यः स खल्वेवं वर्तयन् यावदायुषं ब्रह्मलोकमभिसम्पद्यते न च पुनरावर्तते" (छान्दोग्योपनिषद् ८।१५।१), "स्वर्गकामो दर्शपूर्णमासाभ्याम् यजेत यावज्जीवम्, त्रिंशतं वा वर्षाणि जीर्णो वा विरमेत्" (आपस्तम्बश्रौतसूत्र ३।१४।१२-१३), "ऐकाश्रम्यमन्त्वाचार्याः प्रत्यक्षविधानाद् गार्हस्थ्यस्य" (गौतमधर्मसूत्र १।३।३५), "सन्न्यस्य सर्वकर्माणि कर्मदोषानपानुदन्। नियतो वेदमभ्यस्य पुत्रैश्चर्यं सुखं वसेत्" (मनु. ६।९५) इत्यादि

---

१. (क) चत्वार आश्रमा गार्हस्थ्यम् आचार्यकुलम् मौनं वानप्रस्थमिति। तेषु सर्वेषु यथोपदेशमभ्यग्रो वर्तमानः क्षेमञ्ज गच्छति।—आपस्तम्बधर्मसूत्र २।९।१।१-२; (ख) नित्योदकी नित्ययज्ञोपवीती नित्यस्वाध्यायी पतितान्नवर्जी। ऋतौ च गच्छन् विधिवच्च जुह्वन् न ब्राह्मणश् च्यवते ब्रह्मलोकात्।।— वसिष्ठधर्मसूत्र ८।१७; (ग) सर्वभूतेषु चात्मानं सर्वभूतानि चात्मनि। समम् पश्यन्नात्मयाजी स्वाराज्यमधिगच्छति।। वेदशास्त्रार्थतत्त्वज्ञो यत्रतत्राश्रमे वसन् इहैव लोके तिष्ठन् ब्रह्मभूयाय कल्पते।।— मनु १२।९१,१०२; (घ) न्यायागतधनस् तत्त्वज्ञाननिष्ठोऽतिथिप्रियः। श्राद्धकृत् सत्यवादी च गृहस्थोऽपि हि मुच्यते।।— याज्ञवल्क्य. ३।२०२ (द्रष्टव्य मनु. ६।८८)।

वचन चरितार्थ हुञ्चन्। यो प्रधान पक्ष त्रैवर्णिक–साधारण बुजिञ्च। शङ्कर–भगवत्पादले भने वैदिक धर्मको एस प्रधान पक्षलाइ उचित महत्त्व नदिएको प्रतीत हुञ्च। तेसवड शङ्करले वैदिक–गृहस्थाश्रम–धर्मको आदर्शको र वैदिक यज्ञमा निहित आत्मज्ञानपक्षको राम्म्रि आकलन नगरेको र सन्न्यासाश्रमको महत्त्व अत्यधिक रूपमा देखाएको पनि बुजिन आउँच। एस विषयमा विस्तृत विवेचना प्रकाशनको अरु अवसर मिल्दा गरिनि छ।

एमरि वैदिक धर्ममा नैष्ठिकब्रह्मचर्याश्रम–गृहस्थाश्रम–वानप्रस्थाश्रम–सन्न्यासाश्रमरु वैकल्पिक रूपमा यथाविधि अनुसरणीय वा वेद–ब्रह्मचर्याश्रम–गृहस्थाश्रमादि यथाधिकार क्रमशः अनुसरणीय वा वेदब्रह्मचर्योत्तर अधिकारिविशेषका लागि गृहस्थाश्रमै अनुसरणीय मानिएको देखिञ्च। एसै व्यवस्थालाइ आश्रम–विकल्प–समुच्चय–बाध–व्यवस्था भञ्चन्।

नैष्ठिक ब्रह्मचारि र उसका धर्म

वेदब्रह्मचर्य पूर्ण गरेपछि स्नान (समावर्तन) गरेर वा नगरिकनै गुरुका अनुमतिले आजीवन ऊर्ध्वरेता भै ब्रह्मचर्यमा वस्ने ब्रह्मचारिलाइ नैष्ठिक ब्रह्मचारि वा बृहन् ब्रह्मचारि भञ्चन्। एस्तो ब्रह्मचर्याश्रमको स्पष्ट सङ्केत छान्दोग्योपनिषद्मा पाइञ्च (२।२३।१)। धर्मसूत्रहरुमा र स्मृति–पुराणहरुमा पनि एसको विस्तृत चर्चा देखिञ्च। कुँजा–ब्राउन्ने–आदिका लागि नैष्ठिक–ब्रह्मचर्य विशेष रूपमा विहित बुजिञ्च[1]।

नैष्ठिक ब्रह्मचारिले पनि उपर्युक्त साधारण-ब्रह्मचारि-धर्मको पालना गर्नपर्च ; तेसमा थप आमरण गुरुका अधीनमा बसि गुरुको काम गरेर वचेका समयमा वेद पड्न पर्च ; गुरु नभएमा गुरुपुत्रका, गुरुपुत्र पनि नभए आँफु भन्दा जेठा सब्रह्मचारिका अधीनमा वस्न पर्च ; नि कुनै पनि नभए अग्निलाइ नै गुरु-जस्तो

१. कुब्जवामनजात्यन्धबधिरीपप्लवार्तरोगिणाम्। व्रतचर्या भवेत् तेषां यावज्जीवमनंशतः ॥– संस्कारमयूखमा उद्धृत विष्णुवचन।

गरि परिचर्या गरेर जितेन्द्रिय भै जीवनयापन गर्नपर्छ (वसिष्ठ-धर्मसूत्र ७।१४-१७; गौतमधर्मसूत्र १।२।११-४६; १।३।४-८)। एस्ता ब्रह्मचारि अर्चिरादि दैवयानमार्गले ब्रह्मलोक जाऊन्‌ र तिहिँ ब्रह्मात्मज्ञान गरेर मुक्त हुऊन्‌ भन्नि कुरा धर्मसूत्र-स्मृति-पुराणादिबड देखिऊन्‌च (गौतमधर्मसूत्र १।३।८; मनुस्मृति २।२४४, २४९; याज्ञवल्क्यस्मृति १।५०; ब्रह्ममीमांसासूत्र ४।३।१०-११) र छान्दोग्योपनिषद्‌बड पनि झल्कऊन्‌च (२।२३।१, ५।१०।२)। एस्ता ब्रह्मचारिले बियागर्न र गृहस्थ हुन हुँदैहुँदैन।

स्नातकका धर्म

हुन त विद्‌यास्नातक, व्रतस्नातक र विद्‌याव्रतस्नातक गरि तिनथरि स्नातक मानिएका छन्‌ भन्नि कुरा माथि लेखिसकियो, तथापि पाणिनिका यावादि गणमा (५।४।२९) 'स्नात वेदसमाप्तौ' भन्नि उल्लेख भाकाले वेद–वेदाङ्गको अद्‌ध्ययन पूर्ण गरेर स्नान (समावर्तन) गरेकालाइ नै मुक्ख्य रूपमा स्नातक भनिनि कुरा बुजिऊन्‌च। स्नान (समावर्तन) भएका व्यक्तिहरु बिवाह नभइऊन्जेल वा आश्श्रमविशेषको ग्रहण नगरिऊन्जेल स्नातक भनिऊन्‌च[1]। इनिहरु अनाश्श्रमि वा अन्तरालस्थ नै देखिऊन्‌च। हुनत 'एक दिन पनि अनाश्श्रमि नबस्नु' भन्नि बचन पनि पाइऊन्‌च[2] तथापि तेसको हुँदा सम्म चाँडो यथाधिकार यथासम्भव यथाशक्ति चार-आश्श्रम-मद्‌दे एउडा आश्श्रम लिनु भन्नि तात्पर्य बुजिऊन्‌च। स्नातक भएर गृहस्थाश्श्रममा प्रवेशगर्न आवश्श्यकधनको र कन्न्याको प्रतीक्षा-

---

१. आ जायासङ्गमात्‌ स्नातका भवन्त्यत ऊर्ध्वंङ्ग गृहस्थाः।– बौधायन-गृह्यपरिभाषासूत्र १।१५।१०।

२ "अनाश्श्रमी न तिष्ठेत दिनमेकमपि द्‌विजः"; "सवँ वत्सरमनाश्श्रमी स्यित्वा कृच्छ्रमेकञ्‌ चरेत्‌" भन्नि वचनहरु शारीरकमीमांसाभाष्य-मा शङ्करभगवत्पादले उद्‌धृत गरेका छन्‌ (३।४।३९); दक्षस्मृतिमा (१।१०) "अनाश्श्रमी न तिष्ठेच्च क्षणमेकमपि द्‌विजः। आश्श्रमेण विना तिष्ठन्‌ प्रायश्चित्तीयते हि सः।।" भन्नि वचन पाइऊन्‌च।

मा[1] लामो समय सम्म पनि बस्नु शास्त्रसम्मत भएको कुरा स्नातक-व्रतहरुको व्यवस्था समेत शास्त्रमा देखाएकोले[2] बुझिन आउँछ। ब्रह्मविद्यामा अधिकार छ-छैन भन्ने प्रश्नको समाधान गर्दै बादरायणले पनि स्नातक-विदुर-आदि आश्रमान्तरालस्थहरुको नभएमा अनुकल्पकाग्निमा सायम्प्रातर्होम गर्नु, तेसै अग्निमा वैश्वदेवान्नपाक गरि देवयज्ञ, भूतयज्ञ, पितृयज्ञ मनुष्ययज्ञ गर्नि र ब्रह्मयज्ञ पनि गर्नि गरेर पञ्चमहायज्ञ[3] सम्पन्न गर्नु, अम्सिमा पिण्डपितृयज्ञ गर्नु, पक्षादिकर्म (पूर्णमासस्थालीपाक, दर्शस्थालोपाक) गर्नु, आग्रयण (नवान्नप्राशनकर्म) गर्नु प्रमुख हुन् भन्नि कुरा प्रसवोत्थान-परिशिष्ट भन्नि कात्यायनीय सत्रौं परिशिष्टबड समेत बुझिञ्च। स्नातकले नाँच्न गाउन र बाजा बजाउन वा ति काम भैराका ठाममा जान, साधारणतया रातिमा आर्का गाममा जान, दकुर्न, कुआमा हेर्न, रुख चर्न, फल झार्न, कुद्दारबड पस्न, नाङ्गै न्वाउन, खोल्सा-खाल्टा-डिस्काहरु नाग्न, लाजभाँड बोल्न, उदाउँदै गरेका वा अस्ताउँदै गरेका सूर्य हेर्न, भिक्षा माग्न हुँदैन। पानि परेको वेला हिण्न परे छाता-छत्रि आदि नग्रोडि हिण्नपर्छ। पानिमा आँफनु प्रतिबिम्ब हेर्न हुँदैन। काम-

---

१. अलाभे कन्यायास् स्नातकव्रतञ् चरेदपि वा क्षत्रियायाम् पुत्रमुत्पादयीत शूद्रायावँ वेत्येके।- पराशरमाधवीयका प्रथमभागमा (४६४ पृ.) उद्धृत पैठीनसिको वचन।

२. वसिष्ठधर्मसूत्र १२।१-१४।४८; बौधायनधर्मसूत्र २।५।१०-२।११।१०; १।५।१-१३; गौतमधर्मसूत्र १।६।२-७४; कातीय-प्रसवोत्थान-परिशिष्ट।

३ पञ्चमहायज्ञादिको विवरण गृहस्थधर्मका प्रकरणमा दिइनि छ।

पीठमा रुम नउम्रेकि स्त्रीमा, जुँगादारिभाकि स्त्रीमा र नपुंसक स्त्रीमा पनि गमन गर्न हुँदैन। बाच्छाले दुद चुस्न लाकि वा पानिहरु पिउँदै गरेकि गाइलाइ अरुलाइ भन्दिन हुँदैन। उर्वर भूमिमा तथा नढाकिएका भूमिमा र उब्बिएर तथा सर्दै पिसाव गर्न र दिसा गर्न हुँदैन। रङ्डिचङ्डि लुगा लाउन हुँदैन। दृढसङ्कल्प, वध-निवारक र सबैमा मित्रवद् व्यवहर्ता हुनुपर्छ। इ पारस्करप्रोक्त (२।७।१-१८) प्रमुख नियम हुन्। वसिष्ठ-आपस्तम्ब-बौधायन-गौतम-आदिका धर्मसूत्रमा र मनुस्मृत्यादिमा पनि स्नातकव्रतहरुको प्रतिपादन पाइन्छ।

विवाह

स्त्री-पुरुषको धर्म्य सम्प्रयोगका र गृहस्थधर्म-पालनका लागि गरिनि विवाह-संस्कार एउटा अति नै महत्त्वपूर्ण संस्कार हो। एसबड पुरुष सम्पूर्णाङ्ग[1] भै अरु गृहस्थधर्मको पालन गर्न र प्रजनन गर्न पनि समर्थ हुन्छ। विवाहको शाकलऋग्वेदसंहितामा (१०।८५।१-४७), शौनकीयथर्ववेदसंहितामा (१२।१।२४, १४।२।१-६५), मा. वा. शुक्लयजुर्वेदसंहितामा (१७।९७) र अन्त पनि उल्लेख पाइन्छ। ऋग्वेदका र अथर्ववेदका उल्लेख विवाह-प्रक्रियाका दृष्टिले महत्त्वपूर्ण छन्। गृह्यसूत्रहरुमा विवाहपद्धति विस्तृत रूपमा दिएका हुन्छ।

शास्त्रोय विवाह जस्तै देखिनि लौकिक विवाह गरेर जुटेका लोग्ने-स्वास्निको अवस्थाविशेषमा विवाह-विच्छेद हुन सक्छ,

---

१. तद्यद् जायामाजनयत्तस्यतेऽर्द्धो ह वाऽएषऽआत्मनो यज् जाया तस्माद्यावज् जायान् न विन्दते नैव तावत्प्रजायतेऽसर्व्वो हि तावद्भवत्यथ यदैव जायां विन्दतेऽथ प्रजायते तर्हि हि सर्व्वो भवति सर्व्व एताऽ गतिऽ गच्छतीति तस्माज् जायामाजनयते ॥ मा० वा० शतपथब्रा. ५।२।१।१० (द्रष्टव्य- तैत्तिरीयब्राह्मण २।२।२।६; २ ६।४।७; तण्डचब्रा. ७।१०।१; ऐ. ब्रा. २।५; मा. वा. शतपथब्रा. ८।७।२।३)।

शास्त्रीय विवाह-(धर्म-विवाह-) को भने विच्छेद हुन सक्तैन । यो कुरा कौटलीय अर्थशास्त्रमा पनि प्रष्ट छ (३।३) ।

विवाहका ब्राह्म, प्राजापत्य, आर्ष, दैव, आसुर, गान्धर्व, राक्षस र पैशाच इ आठ भेद पाइञ्चन् (मनु. ३।२१) । इ विवाहहरु सबै जातका लागि ग्राह्य मानिदैनन्; कुनै जातका लागि कुनै, कुनै जातका लागि कुनै ग्राह्य मानिञ्चन् ।

बियागर्दा ब्राह्मणले ब्राह्मणकन्या बियागरेपछि क्षत्रिय-कन्या वैश्यकन्या र शूद्रकन्या पनि बियागर्न हुनि कुरा गृह्यसूत्रमा पाइञ्च । क्षत्रियले क्षत्रियकन्या बियागरेपछि वैश्यकन्या र शूद्रकन्या पनि बियागर्न र वैश्यले वैश्यकन्या बियागरेपछि शूद्रकन्या पनि बियागर्न हुञ्च; शूद्रले भने शूद्रकन्या मत्रै बियागर्न हुञ्च भन्नि कुरा स्मृतिहरुमा पाइञ्च । कलियुगमा द्विजातिले शूद्रकन्या बियागर्न हुँदैन भन्नि कुरा पुराणहरुमा पाइञ्च ।

समान गोत्र[1] वा समान प्रवर भ/एकि वा मावलिका गोत्रकि कन्या बियागर्न हुँदैन । भृगु गणमा र अङ्गिरोगणमा पाँच प्रवरमद्दे तिन प्रवर मिलेमा र तिन प्रवरमद्दे दुइ प्रवर मिलेमा बियागर्न हुँदैन र विश्वामित्रगण-वसिष्ठगण-अत्रि-गण-अगस्त्यगणमा भने पञ्चप्रवरमा वा त्रिप्रवरमा एउडै मत्रै प्रवर मिलेमा पनि सामान्यतया बियागर्न हुँदैन भन्नि कुरा पनि धर्म-शास्त्रमा पाइञ्च । किन्तु नेपालिहरुमा सगोत्रमा बियागर्न हुँदैन भन्नि कुरा सम्म त प्रसिद्ध छ; समान प्रवरमा र मावलिका गोत्रमा पनि बियागर्न हुँदैन भन्नि कुरा प्रसिद्ध नभाको

---

१. अत्रिगोत्रको र आत्रेयगोत्रको (गोतामे-घौडेल-खतेउडा-सिग्देल-आदिको), काश्यपगोत्रको र काश्यपगोत्रको (विस्त्रे-अधिकारि-आदिको) परस्परमा बियाइरि चलेको देखिञ्च । तर यो व्यवहार शास्त्रसम्मत हो-हैन, हो भने कसरि हो भनि गम्भीर विचार गर्नु उचित र आवश्यक देखिञ्च ।

बुजिञ्च । एस विषयमा नेपालि धर्म–शास्त्रिहरुले ध्यान दिनु आवश्यक देखिञ्च[1] ।

नाता–लागि (सापिण्ड्य निवृत्त नभाका) कन्या र वरको पनि वियागर्न हुँदैन । तर एस विषयमा धेरै मत देखिञ्चन् । मा० वा० शतपथब्राह्मणमा चौथो वा तेस्रो पुस्तामै विया खुल्नि कुरा उल्लिखित देखिञ्च (१।८।३।६)[2] । तेस्रो पुस्तामा पनि विया हुन सक्ने कुरा चतुर्वि शतिमत-षट्त्रिंशन्मतादिमा पनि भएको बुजिञ्च । ति वचन संस्कारदीपकमा उद्धृत देखिञ्चन् । स्यात्, एसै आधारमा मामाचेलिफुपुचेलाको (वा फुपुचेलि-मामा-चेलाको) पनि विया चलाय्या होला । दक्षिण भारतमा ब्राह्मणमा पनि यो चलन भाको बुजिञ्च । तेसैले पराशरमाधवीयमा एस विषयको प्रतिपादन लर्वरे खालको देखिञ्च । पराशरका मतमा छैटादेखिका वरले चौथि कन्या र चौथादेखिका वरले छैटि कन्या वियागर्न हुनि देखिञ्च । पराशरका मतमा पञ्चम वरले पञ्चमी कन्या वियागर्न हुँदैन भन्नि छ । तर विश्वरूपले "पञ्चमीवँ् वोभयतः" भन्नि शङ्खको वचन उद्धृत गरि पाँचौँकै पनि विया खुल्नि कुरा लेखेका छन् । नेपालमा भने बाउपट्टिबड आको नाता भए आठौँ पुस्तामा र आमापट्टिबड आको नाता भए छैटो पुस्तामा विया खुलाउनि पक्ष वर्ता प्रचलित देखिञ्च । एकापट्टि पुस्ता नपुगे पनि

---

१. समानप्रवर असमानप्रवरको र मातृगोत्रको पनि वास्ता नगर्नि नेपालि परम्परा हो भन्दा नेपालिहरुको मूर्खता देखिएला–देखियोस् विचार राख्नैपर्ला र "मातुलस्य सुतामूढ्वा मातृगोत्रान् तथैव च। समानप्रवराञ् चैव गत्वा चान्द्रायणञ् चरेत्" भन्नि निर्णयसिन्धुमा (२।८ पृ.) उद्धृत शातातप वचनको पनि विचार राख्नैपर्ला ।

२. "अयाहीन्द्र पथिभिरीडितेभिर् यज्ञमिमं नो भागधेयं जुषस्व। तृप्तां जहुर्मातुलस्येव योषा भागस्ते पैतृष्वसेयी वपामिव" भन्नि ऋङ्मन्त्र (खिल २।१४।६, निरुक्त १४।३१, बालक्रीडा १।५३, पराशरमाधवीय प्रथमभाग ४७१ पृ.) पनि एस सम्बन्धमा विचारणीय देखिञ्च ।

आर्कापट्टि पुस्ता पुगे विया खुलाउनि न्याय्य चलन पनि नेपालिहरु-मा चलेको देखिञ्च । तिन गोत्रले अन्तरित वर--वधूको पनि पुस्ता नपुगे पनि विया हुन सक्नि वचन र तेस्तो चलन पनि छ ।

देश-जाति-कुलादि-प्रथा-अन्सार् विया गर्नि व्यक्ति व्यवहार्यै हुञ्च भन्नि पनि वचन पाइञ्च[1] । तथापि एस्ता विषयमा अल्लि गैरिएर विचार गर्नु उचित देखिञ्च [2] ।

शुद्ध कुलकि कन्न्या वियागर्नि विषयमा पनि धर्मसूत्रादिमा धेरै जोड दिय्येको देखिञ्च[3] । सके त दस पुस्ता चिनिएका कुलमा विवाह सम्वन्ध गर्नु राम्म्रो मानिञ्च; तेति नभए पनि तिन पुस्ता सम्मत चिनिएकै कुलमा विवाहसम्वन्ध गर्नपर्च भन्नि छ । एस नियमको पालना नगर्दा नचाँआँदानचाँआँदै पनि वर्णसाङ्कर्य–पातित्य आदि आउनि स्थिति परेका उदाहरणहरु लोकमा पाइञ्चन् । शुद्ध स्वजातीय व्यक्तिकि कन्न्या नपाय्येमा जाति–साङ्कर्य नभाऽका, कर्मले पतित भाका स्वजातीय व्यक्तिकि कन्न्या पनि शास्त्रानुसार विया-गर्न हुञ्च ।

कान्न्यकुब्ज–मैथिल पुर्विया–कुमाइँ आदि ब्राह्मणका विभिन्न श्रेणिमा परस्परमा बियाबरि गर्न नहुनि कुरा पनि पुराणवचन-हरुबड देखिञ्च ।

कन्न्याको विवाहयोग्य प्रायु (उमेर)

शाकलऋग्वेदसंहितामा (१०।८५।९) सूर्याले पतिको

---

१. "यस्तु देशानुरूपेण कुलमार्गेण चोद्वहेत् । नित्यं स व्यवहार्यस्स्याद् वेदाच्चैतत् प्रतीयते ॥ सस्कारदीपकका द्वितीयभागमा (८ पृ.) उद्धृत वचन ।

२. एस्ता विषयमा "अपूर्विणा न कर्तव्यङ कर्म लोके विगर्हितम् । कृतपूर्वन् तु त्यजतो महान् धर्म इतिश्श्रुतिः" (शान्तिपर्व २९४।६) भन्नि वचनको सारको विचार राखेर काम गर्नु उचित होला ।

३. विद्या प्रनष्टा पुनरभ्युपैति कुलप्प्रणाशे त्विह सर्वनाशः । कुलापदेशेन हयोऽपि पूज्ज्यस् तस्मात् कुलीनां स्त्रियमुद्वहन्ति ॥-वसिष्ठधर्मसूत्र १।३८

चाम्रानो गर्न थालेपछि उनलाइ बाउले वरलाइ दिएको कुरा उल्लिखित छ । कन्याले पतिको इच्छा गर्नि कुराको उल्लेख त्याँहाँ अन्यत्र पनि (३।३३।१०) पाइन्छ । मा० वा० शुक्लयजुर्वेदमा पनि कन्या स्त्री–व्यञ्जन स्पष्ट भए पछि विवाहार्थ प्रस्तुत हुनि कुरा उल्लिखित देखिन्छ (१७।९७) । पारस्कर-गृह्यसूत्रमा विवाहपछि घटिमा तिन-दिन-सम्म भने पनि पति–पत्नी ब्रह्मचर्य-मा वस्नु भन्नि विधान हुनाले कन्याले यौवन प्राप्त गरेपछि विवाह हुनि कुरा झल्कन्छ । धर्मसूत्रहरुमा ऋतुकालभन्दा अगि कन्याको विया गर्दिन पनि कुरा उल्लिखित छ (वसिष्ठ १७।७०, बौधायन ४।१।९२, गौतम ३।९।२१) । तसर्थ श्रुति-गृह्यसूत्र-धर्मसूत्रहरुको मनन गर्दा विशेष गरि ब्राह्मणहरुले कन्या साधारण स्त्रीप्रज्ञा भै विवाहार्थिनी भए नछुनि नहुँदै कन्याको विया गर्दिनपर्छ; कुल–अद्ध्ययन–सदाचार–धनादिले आँफु–सुआँउदो वर नपाए वा तेस्तो वर माग्न नआए नछुनि भएपछि पनि तेस्ता वरको प्राप्तिका लागि प्रतीक्षा गर्न हुन्छ र कन्या ब्रह्मवादिनी[1] (अद्ध्ययन विचारशीला) भए कन्या विवाहार्थिनी नभइञ्जेल प्रतीक्षा गर्न पनि हुन्छ भन्नि कुरा बुझिन्छ[2] । नछुनि भएकि कन्या दिन पर्दा प्रायश्चित्तपूर्वक

१. ब्रह्मवादिनीहरुको आमरण ब्रह्मचर्य र विवाहको अभाव हुन्छ भन्नि हरिहरानन्द-(करपात्रि–) को मत (चातुर्वर्ण्यसंस्कृतिविमर्श प्र. भा. १८७ पृ.) "अथ ह याज्ञवल्क्यस्य द्वे भार्ये बभूवतुर्मैत्रेयी च कात्यायनी च तयोर् ह मैत्रेयी ब्रह्मवादिनी बभूव स्त्रीप्रज्ञैव तर्हि कात्यायनी" भन्नि श्रुतिवाक्यको (काण्वबृहदारण्यक ४।५।१) र ब्रह्मवादिनीहरुको ऋतुदर्शन भन्दा अगि समावर्तन र विया हुनि कुरा देखाउनि हारीतस्मृतिवाक्यको पनि प्रतिकूल हुनाले त्याज्य देखिन्छ ।

२. (क) यावन्तः कन्यामृतवः स्पृशन्ति तुल्यैः सकामामनियच्छ्यमानाम् । भ्रूणानि तावन्ति हतानि ताभ्याम् मातापितृभ्यामिति धर्मवादः ॥– वसिष्ठधर्मसूत्र १७।७१। (ख) अतो यस्याऽधिकारस् सोऽप्रयच्छन् भ्रूणहत्यामृतावृतावाप्नोति, एतच्च उक्तलक्षणवरसद्भावे वेदितव्यम् । – मिताक्षरा (याज्ञवल्क्यस्मृतिव्याख्या) १।६४।

दिएमा दोष लाग्दैन । 'अष्टवर्षा भवेद् गौरी' इत्यादि वचनहरू नछुनि नहुँदै कन्यादान गर्नि कुराका प्रशंसार्थवाद बुझिञ्चन् । स्वाउँदो वर नपाएमा कन्याहरु बुढिकन्या बस्न पनि सक्छन्[1] । कन्या गुणवती र विवाहार्थिनी नै भए पनि आँफु–स्वाउँदो वर नमिलेमा बुढिकन्या बस्न सक्नि र गुण - हीन वरलाइ कन्या कैलेइ पनि दिन नहुनि कुरा मनुस्मृतिबड पनि देखिञ्च । 'काममा मरणात् तिष्ठेद् गृहे कन्यर्तुमत्यपि । न चैवैनाम् प्रयच्छेत् तु गुणहीनाय कर्हिचित्' (९।८९) भन्नि मनुस्मृतिका वचनमा 'कर्हिचित्' भन्नि पद भएको र श्रुतिमा तथा इतिहासमा पनि बुढिकन्ने बस्नि पक्ष पनि देक्खिएकाले तथा वसिष्ठ–धर्मसूत्रको 'यावन्तः कन्याम्' इत्यादि वचन (१७।७१) एस पक्षको अनुकूल देखिएकाले पनि मनुको एस वचनलाइ 'गुणवान्वरलाइ कन्या दिनु' भन्नि कुराको अर्थवाद मत्रै मान्न उचित जस्तो देखिदैन । बाउले समयमा बिया नगर्दिए कन्याले आँफु–स्वाँउदो वरसित बिया गर्ने जान हुञ्च । बिया नहुँदै मैथुन गराउनि कन्यालाइ ब्रह्महत्त्याको तिन भागको एकभाग दोष लाग्च ।(त्रिभागम् ब्रह्महत्त्यायाः कन्या प्राप्नोति दुष्यती । यस्तु दूषयिता तस्स्याश्शेषम् प्राप्नोति पाप्मनः ।।– शान्तिपर्व १६५।४२)

---

१. बाउकै घरमा बुढि हुँदैगरेकि घोषाले पति पाको कुरा (१।११७।७), बुढिकन्नेको कुरा शाकलऋग्वेदसंहितामा (२।१७।७; १०।३९।३) पाइञ्च । गार्गी बाचक्नवी प्रौढा ब्रह्मचारिणी भएको देखिञ्च (काण्वबृहदारण्यक ६।६।१, ६।८।१–१२) । महाभारतमा सुलभाको "प्रधानो नाम राजर्षिर् व्यक्तव्रते धोत्तमागतः । कुले तस्य समुद्भूता सुलभाम् नाम विद्धि माम् । साऽहन् तस्मिन् कुले जाता भर्तर्यसति मादृशे । विनीता मोक्षधर्मेषु चराम्येका मुनिव्रतम् । नास्ति सत्रऽप्रतिच्छन्ना न परस्वापहारिणी । न धर्मसङ्करकरी स्वधर्मेऽस्मि धृतव्रता ।।" भन्नि वचन पाइञ्च (शान्तिपर्व ३२०।१८१,१८३,१८४ [चित्रशालासंस्करण] ३०८।१८२,१८४,१८५ (सातवलेकरसंस्करण)

विवाहमा मधुपर्क

विवाहमा वरको मधुपर्कले सत्कार गरिन्छ । तेसको विधि गृह्यसूत्रमा पाइन्छ । मधुपर्क भनेको दै–मअ–घिउको मिश्रणबाट बनेको वस्तु हो । मधुपर्कले सत्कारगरिनि व्यक्तिलाइ खुवाउन गाइ काट्नि कुरा पनि गृह्यसूत्रमा पाइन्छ । तर आजभोलि कलिवर्ज्य भनि गाइ काटिदैन । यज्ञमा र विवाहमा मासु नभाको मधुपर्क इन सक्तैन, तसर्थ यज्ञमा र विवाहमा मधुपर्कमा (गाइ काट्नि काम) गर नै भन्ने पर्छ भन्नि कुरा पारस्कर – गृह्यसूत्रमा (१।३।२६-३०) छ । मधुपर्कमा मासुको आवश्यकत्त्व "महोक्षवं वा महाजवं वा श्रोत्रियाय प्रकल्पयेत्" (१।१०९) भनि याज्ञवल्क्य–स्मृतिमा र "मधुपर्के च यज्ञे च पितृदैवतकर्मणि। अत्रैव पशवो हिंस्या नान्यत्रेत्यब्रवीन् मनु: ।। एष्वर्थेषु पशून् हिंसन् वेदतत्त्वार्थविद् द्विज: । आत्मानञ्च पशुञ् चैव गमयत्युत्तमाङ गतिम्" (५।४१–४२) भनि मनुस्मृतिमा पनि सूचित गरिएका छ । याज्ञवल्क्यका उक्त वचनको विज्ञानेश्वरको व्याख्या ठिक देखिदैन; विश्वरूपको चाँइ व्याख्या ठिक देखिन्छ । एस सम्बन्धमा ऐतरेय-ब्राह्मणको "तद् यथैवादो मनुष्यराज आगतेऽन्यस्मिन् वाऽर्हत्युक्षाणं वा वेहतं वा क्षदन्ते"(३।४[१।१५]) इत्यादि वचन पनि स्मरणीय छ । गोवध कलिवर्ज्य भए पनि विवाहको र यज्ञको मधुपर्कमा खसिबोकाको मासु सम्म त आवश्यकै हो कि ।

विवाहविधि

विवाह गृह्यसूत्रानुसार उत्तरायणमा शुक्लपक्षमा र राम्रो दिनमा गर्न पर्छ । विवाहमा–वधूगृहबाइर (गृह्य वा) निर्मन्थ्य वा लौकिक अग्निको स्थापना, वरको वधूगृहमा प्रवेश र वरकर्तृक वधूवासःपरिधापन, समञ्जन (वर–वधूको परस्परानुलेपन[1]),

१. समञ्जनको अर्थ व्याख्याताहरुले नानाथरि गरेका छन्; एसलेखकका विचारमा यो अर्थ ग्राह्य देखिन्छ ।

कन्यापितृकर्तृक कन्यादान, वरकर्तृक कन्याग्रहण र निष्क्रमण, जलकलश काँधमा राखेको ब्राह्मणको अग्निका दक्षिण भागमा अवस्थान, वर–वधूको परस्पर विलोकन, अग्निपश्चात्–प्रदेशमा वरकर्तृक उपवेशन, वर-दक्षिणभागमा वधूको उपवेशन, वरकर्तृक आधार, आज्ज्यभाग महाव्याहृतिहोम, सर्वप्रायश्चित्त-होम, (राष्ट्रभृद्–होम, [illegible] अभ्यातान होम[1] आज्ज्याहुतिहोम, वधूकर्तृक लाजहोम वधूदक्षिणहस्त– (पाणि-) ग्रहण, अश्मारोहण, स्त्रीयशोगाथागान, वरवधूकर्तृक अग्निपरि–क्रमण, लाजहोमादिकर्मको पुनः दुइ पटक सम्पादन, तिनपल्ट वरकर्तृक वधूको अग्निपरिणयन, प्राजापत्यहोम, सप्तपदीप्रक्रमण, वद्ध्वभिषेक, वधूसूर्योदीक्षण वधूहृदयालम्भन, वध्वभिमन्त्रण, दृढपुरुषकर्तृक वधूद्यमन, र पूर्वतिर वा उत्तरतिर रएको सुरक्षित गृहमा रातो गोरुका छालामा वधूको उपवेशन, पारम्परिकाऽऽचार-सम्पादन, आचार्य – वर – (दक्षिणा–) दान, सूर्यास्तमनोत्तर वरकर्तृक वधूध्रुवदर्शन, तिन दिन सम्म वर-वधूको अक्षारलव-णाशन र अधश्शयन (खाटमा हैन भुँमा ओच्छ्याका ओच्छ्यानमा शयन), वर्ष दिन सम्म वा छ दिन सम्म वा केइ नलागे तिन दिन सम्म भनेपनि वर–वधूको मैथुनवर्जन एति प्रमुख कुरा हुञ्चन् । विवाहदेखि तिनदिन सम्म वर–वधूले औपासनाग्निपरिचरण–विधिले वैवाहिकाग्निको सायम्प्रातः परिचरण गर्न पनि कुरा पनि देखिञ्च ।

चतुर्थीकर्म

वधूको वर–गृह प्रति उद्वहन गरिविवाह पछिका तेस्रा रातमा ब्यानपख वरगृह – भित्रै अग्निको (वैवाहिकाग्निको) उपसमाधान, ब्रह्मोपवेशन, उदपात्रप्रतिष्ठापन, प्रणीताप्रणयनादि, स्थालीपाकश्रपण, आज्ज्यभागयजन, आज्ज्याहुतिहोम, संस्रवाव–

१. मनलागेमा राष्ट्रभृद् होम तथा जानेमा जयहोम र अभ्यातानहोम पनि गरे हुञ्च नत्र नगरेपनि हुञ्च ।

मयन, स्थालीपाकहोम, संस्रवावनयन, स्विष्टकृद्होम, महाव्याहृत्यादिहोम, संस्रवावनयन, संस्रवप्राशन, दक्षिणादान, संस्रवयुक्त उदपात्रका जलले वधूको शिरमा अभिषेक, वधूको स्थालीपाकप्राशन एति प्रमुख कर्म गरेपछि चतुर्थीकर्म सम्पन्न हुञ्च । यो चतुर्थीकर्म विवाहको अङ्ग मानिञ्च । यो कर्म आजभोलि नेपालिहरु बियाकै दिन गर्छन् । एसो गरेर आपद्धर्मकल्पको आश्रयण गरि विहितकालरूप गुणको समावेश गर्न बसके पनि मुख्य कर्मको अलोप सम्म गनि गरिएको बुजिञ्च । सकेसम्म कर्महरु यथाविधान गर्नु उचित हो ।

गृहस्थ र गृहस्थाश्रमको महत्त्व

विवाह भाको व्यक्ति गृहस्थ भनिञ्च । एस सम्बन्धमा 'न गृहङ्ग गृहमित्याहुर् गृहिणी गृहमुच्यते । गृहन् तु गृहिणीहीनमरण्यसदृशंवै विदुः''[1] भन्नि बचन स्मरणीय छ ।

वैदिक धर्ममा ब्रह्मचर्याश्रम–गृहस्थाश्रम-वानप्रस्थाश्रम-सन्न्यासाश्रम–हरुमा गृहस्थाश्रम नै ज्येष्ठ मानिञ्च । गृहस्थाश्रमको भूतार्थवादका रूपमा नै अत्यन्तै प्रशंसा गरिएको पाइञ्च । अन्य सबै आश्रम गृहस्थाश्रमकै आश्रयमा रअनि र अरु तिनै आश्रमलाइ ज्ञान- (विद्या-) ले र अन्नले गृहस्थले नै धान्नि हुनाले,[2] अरु आश्रमले प्रजनन नगर्नि हुनाले तिनवड विद्यापरम्परा, धर्मपरम्परा, कुलपरम्परा अपत्यपरम्परा आदि

---

१. महाभारत–शान्तिपर्व १४४।६

२. (क) यथा वायुं समाश्रित्य सर्वे जीवन्ति जन्तवः । तथा गृहस्थमाश्रित्य वर्तन्ते सर्व आश्रमाः ।। यस्मात् त्रयोऽप्याश्रमिणो ज्ञानेनान्नेन चाऽन्वहम् । गृहस्थेनैव धार्यन्ते तस्माज्ज्येष्ठाश्रमो गृही ।। स सन्धार्यः प्रयत्नेन स्वर्गमक्षयमिच्छता । सुखञ् चेहेच्छता नित्यय्ँ योऽधार्यो दुर्बलेन्द्रियैः ।। ऋषयः पितरो देवा भूतान्यतिथयस् तथा । आशासते कुटुम्बिनस्यस् तेभ्यः कार्यवँ विजानता ।।– मनु. ३।७७–८०;
(ख) ब्रह्मचारी गृहस्थश् च वानप्रस्थो यतिस् तथा । एते गृहस्थप्रभवाश् चत्वारः पृथगाश्रमाः ।। सर्वेऽपि क्रमशस्त्वेते यथाशास्त्रं निषेविताः । यथोक्तकारिणवँ विप्रन् नयन्ति परमाङ्ग गतिम् ।। सर्वेषामपि चैतेषावँ वेदस्मृतिविधानतः । गृहस्थ उच्यते श्रेष्ठस् स त्रीनेतान् बिभर्ति हि ।। यथा नदीनदास् सर्वे सागरे यान्ति संस्थितिम् । तथैवाश्रमिणस् सर्वे गृहस्थे यान्ति संस्थितिम् ।।– मनु. ६।८७–९०।

केइ पनि नचल्नि गृहस्थवडै उक्त सबै कुरा चल्नि हुनाले[1] सबै आश्रमका धर्मलाइ गृहस्थाश्रमले समेट्नि हुनाले[2] निश्रेयसका सबै साधन वैदिक कर्मयोगमै अन्तर्भूत हुनि[3] र वैदिक कर्मयोग गृहस्थाश्रममा निर्भर हुनि हुनाले[4] वेदहरु यज्ञविधानले भोरिएका र द्रव्ययज्ञ गृहस्थले नै गर्नि हुनाले, आदर्श वैदिक गृहस्थ मुक्त नभए अरु मुक्त हुनि कुरा पनि असम्भव देखिनाले, गृहस्थको धर्मनै सबै धर्मको मूल, दुष्कर र लोकयात्राका लागि अत्यावश्यक पनि हुनाले[5] पनि गृहस्थाश्रम आश्रमहरुमा श्रेष्ठ मानिएको देखिञ्च । वास्तवमा वैदिक धर्मको मूल रूप गृहस्थाश्रममा नै पाइञ्च ।

---

१. ऐकाश्रम्यम्यन् स्वाचार्या अप्प्रजननत्त्वादितरेषाम् ।- बौधायनधर्मसूत्र २।११।२९।

२. कृत्स्नभावात् तु गृहिणोपसंहारः- ब्रह्मनीमांसासूत्र ३।४।४८।

३. वैदिके कर्मयोगे तु सर्वाण्येतान्यशेषतः । अन्तर्भवन्ति क्रमशस् तस्मिंस्तस्मिन् क्रियाविधौ ॥-मनु. १२।८७।

४. ऐकाश्रम्यमित्याचार्याः प्रत्यक्षविधानाद् गार्हस्थ्यस्य ।- गौतमधर्मसूत्र १।३।३५

५, (क) गृहस्थस्त्वेष धर्माणां सर्वेषाम् मूलमुच्यते । यत्र पक्षवकषायो हि दान्तस् सर्वत्र सिद्ध्यति । प्राजापत्यान् श्रोत्रियो यज्ञ्वा मुक्त एवऋणैस् त्रिभिः । अथान्यानाश्रमान् पश्चात् पूतो गच्छेत कर्मभिः ।-शान्तिपर्व २३४।६-७; (ख) यथा मातरमाश्रित्य सर्वे जीवन्ति जन्तवः । एवङ्ग गार्हस्थ्यमाश्रित्य वर्तन्त इतराश्रमाः । गृहस्थ एव यजते गृहस्थस् तप्यते तपः । गार्हस्थ्यमस्य धर्मस्य मूलयं यत्किञ्चिदेजते ॥ प्रजनाद्यभिनिर्वृत्ताः सर्वे प्राणभृतो जनाः । प्रजनन् चाऽप्युताऽन्यत्र न कथञ्चन विद्यते ॥ ···कस्यैतद् वाग् भवेत् सत्या मोक्षो नास्ति गृहादिति । अश्रद्दधानैरप्राज्ञैस् सूक्ष्मदर्शनवर्जितैः ॥ निराशैरल्पसंश्वान्तैस् तप्यमानैस् स्वकर्मभिः । श्रमस्यैषपरमो दृष्टः प्रव्रज्यायास्पण्डितैः ॥- शान्तिपर्व २६९ । ६ ११; (द्रष्टव्य- वसिष्ठधर्मसूत्र ८।१४-१६); (ग) इदन् तु दुष्करङ्ग कर्म कुटुम्बमभिसंश्रितम् । दानमध्ययनयं यज्ञः प्रजासन्तानमार्जवम् ॥ यद्येतदेवङ्ग कृत्वाऽपि न विमोक्षोऽस्ति कस्य चित् । किं कर्तारञ् च कार्यञ् च

[क्रमशः]

गृहस्थका भेद

गृहस्थहरु पनि वार्तावृत्ति, शालीन यायावर र घोराचारिक (वा घोरसन्न्यासिक) गरि चार प्रकारका मानिया देखिञ्चन् । अगहित कृषिगोरक्ष-वाणिज्य गर्नि गृहस्थ **वार्तावृत्ति गृहस्थ** भनिञ्चन् । आँफु यज्ञ गर्नि अरुलाइ यज्ञ नगराउनि, आँफु वेद–वेदाङ्ग पड्नि अरुलाइ नपडाउनि, आँफु दान दिनि अरुको दान नलिनि (घर नछोडिकन सबै काम चलाउन सक्ति सम्पन्न) गृहस्थहरु **शालीन गृहस्थ** भनिञ्चन् । यथाधिकार यज्ञ गर्निगराउनि, वेद-वेदाङ्ग पड्नि-पडाउनि, दान दिनिलिनि गृहस्थ **यायावर गृहस्थ** भनिञ्चन् । प्रतिदिन गरिएको उञ्छ-वृत्तिले जीवनयात्रा चलाउनि गृहस्थ **घोराचारिक वा घोरसन्न्यासिक गृहस्थ** भनिञ्चन् । गृहस्थका इ भेदहरुको आश्रमोपनिदमा, पराशरमाधवीयमा उद्धृत कात्यायनस्मृतिवचनमा वैखानसधर्मसूत्रमा भागवतमा र अन्यत्र पनि उल्लेख पाइञ्च । शालीनको र यायावरको बौधायन – धर्मसूत्रमा (२।७।१।१,२।१०।१।३ इत्यादि) पनि उल्लेख छ ।

श्रमश्चायम् निरर्थकः ।।– शान्तिपर्व २६६।६५-६६; (घ) एवम् बहुविधा विप्राः पुराणा यज्ञवाहनाः । त्रैविद्यवृद्धाश् शुचयो वृत्तवन्तो यशस्विनः ।। यजन्तोऽहरहर् यज्ञैर् निराशीर्बन्धना बुधाः । तेषाम् यज्ञाश्च वेदाश् च कर्माणि च यथागमम् ।। अपेतकामक्रोधानान् दुश्चराचारकर्मणाम् । स्वकर्मभिस् संशितानाम् प्रकृत्या संशितात्मनाम् ।।ऋजूनां शमनित्यानां वेषु कर्मसु वर्तताम् । सर्वमानन्त्यमेवासीदिति नश् शाश्वती श्रुतिः ।।-शान्तिपर्व २७०।१५–१६ ;

(ङ) देवैश्चैव मनुष्यैश्च तिर्यग्भिश् चोपजीव्यते । गृहस्थः प्रत्यहं यस्मात् तस्माच्छ्रेष्ठो गृहाश्रमी । त्रयाणामाश्रमाणां च गृहस्थो योनिरुच्यते । सीदमानेन तेनैव सीदन्तोहेतरे त्रयः ।। मूलत्राणे भवेत् स्कन्धस् स्कन्धाच् शाखाश्च पल्लवाः । मूलेनैकेन नष्टेन सर्वमेव विनश्यति ।। तस्मात् सर्वप्रयत्नेन रक्षणीयो गृहाश्रमी । राज्ञा चाऽन्यैस्त्रिभिः पूज्यो माननीयश्च सर्वदा ।।– दक्षस्मृति २।५७–६०।

गृहस्थधर्म

यहाँ गृहस्थ-धर्मको सङ्क्षेपमा वर्णन गरिञ्च । तेसको विस्तृत वर्णन गर्न यो सानु ग्रन्थमा स्थानाभाव छ । गृहस्थ-धर्ममा मुख्य रूपमा सामान्याचार-पालन-युक्त अद्ध्ययन, प्रजनन र यज्ञ इ प्रमुख तिन[1] कुराको सङ्क्षिप्त चर्चा यहाँ गरिँदै छ । एसै प्रसङ्गमा पूर्तकर्मको, दत्तकर्मको, पातकको, अनाचारको र प्रायश्चित्तको पनि अतिसङ्क्षेपमा उल्लेख गरिनि छ ।

गृहस्थको पैलो प्रमुख धर्म आचार-पालन-सहित स्वाद्ध्यायाद्ध्ययन

वैदिक परम्परामा आचारलाइ अत्यन्तै महत्त्व दिय्या छ[2] । आचारद्वारा शरीर – इन्द्रिय–र–मनलाइ नसदाइकन व्यक्ति ऐहिक – क्षणिक – सुख – लोलुपताभन्दा माथि उठि वास्तविक रूपमा धार्मिक प्रवृत्तिको बन्न वा धर्ममा प्रवृत्त हुन नसक्नि हुनाले आचारलाइ तेसरि महत्त्व दिय्या बुजिञ्च । आचार भन्नाले सामान्यतया कर्म भन्नि बुजिञ्च, र अद्ध्ययन–प्रजनन–यजन सबै कर्म नै हुन्, तथापि आचार भनेर यहाँ दैनिक नित्य कर्म–विशेष लाइ लिन खोजिया हो । 'इज्याऽऽचार-दमा-ऽहिंसा-दान-स्वाद्ध्यायकर्मणाम्' 'आचाराद् विच्च्युतो विप्रो न वेदफल मश्नुते' इत्यादिमा पनि आचार–शब्दको एस्तै रूपमा प्रयोग भाको बुजिञ्च । प्रति–अहोरात्र तथा प्रतिमास प्रतिवर्ष गर्न पर्नि आचारको सङ्क्षिप्त वर्णन तल प्रस्तुत छ–

---

१. गृहस्थधर्ममा प्रजनन प्रधान भाको कुरा ऐतरेयब्राह्मणको 'किन् नु मलम्' इत्यादि वचनबड (३३।१) बुजिञ्च; यज्ञ अद्ध्ययन र दानं प्रधान भाको कुरा छान्दोग्योपदिषद्को "त्रयो धर्मस्कन्धा यज्ञोऽध्ययनं दानमिति प्रथमः" (२।२३।१) इत्यादि वचनबड बुजिञ्च; यजन अद्ध्ययन र प्रजनन प्रधान भाको कुरा 'ब्राह्मणस्य तु सोमविद्याप्रजा-सूनवाक्येन सर्यं योगाद्' भन्नि धर्ममीमांसासूत्रको (६।२।३१) अनाइबड बुजिञ्च । वसिष्ठ-धर्मसूत्रमा (८।११) भने 'युक्तस् स्वाद्ध्याये प्रजनने यज्ञे च' भनिया छ (आनन्दाश्रमसंस्करण) ।

२. मनु १।१०८–११०, ४।१५५–१५८; वसिष्ठधर्मसूत्र ६।१–४४ ।

वेदतत्त्वार्थ-चिन्तन- ब्राह्म मुहूर्तमा अर्थात् सूर्योदय हुनु भन्दा दुइ घडि (४८ मिनिट) अगि नै उठेर धर्मको, तेसको अविरोधि अर्थको, त्रिदुवैको अविरोधि कामको, सांसारिक गतिको र वेदको तत्त्वार्थ आत्माको (मोक्षको) पनि चिन्तन-मनन गर्न पर्छ (मनु ४।२२ तथा ब्रह्मपुराण)[1]।

शौच-- प्रातस्सन्ध्योपासनकालभन्दा अगि नै दिसा जानि आनि लाएर प्रतिदिन तेसै वेला तिर दिसा गै राम्ररि शौच गर्न-पर्छ। शौच देश-काल-सामर्थ्यादि-अनुसार् हुन्छ[2]। बाल-वृद्ध-स्त्री-रोगिहरु साधारण शौचले पनि शुद्ध हुन्छन्[3]।

दन्तधावन-- शौच गरेपछि कुला गरि हात गोडा धोएर प्रातस्स्नान वा प्रातस्सन्ध्योपासन गर्न भन्दा अगि नै मुखशुद्धिका लागि दाँत पनि माँज्न पर्छ।

आचमन-- दाँत माजेपछि कुला गरेर शिखा[4] बाँदि यज्ञो-

---

१. एसवेला प्रामातिक मङ्गल(सुप्प्रभातम्)पाठ गर्नु पनि राम्रोमानिन्छ।

२. शौचका विषयमा "देशञ्च कालन् तथाऽऽत्मानन् द्रव्यन् द्रव्यप्रयोजनम्। उपपत्तिमवस्थाञ्च ज्ञात्वा शौचम् प्रकल्पयेत्" भन्नि पराशरमाधवीयमा (प्रथम भाग २१६ पृ.) उद्धृत बौधायनवचन मननीय देखिन्छ।

३. (क) स्त्रियो वृद्धाश् च बालाश् च न दुष्यन्ति कदाचन -पराशरस्मृति ७।३५ (पुरुषवत् प्रातस्स्नानाद्यभावेऽपि योषिदादयश् शुद्धाः। माधव) (ख) गोकुले कन्दुशालायान् तैलचक्रेक्षुचक्रयोः। अमीमांस्यानि शौचानि स्त्रीणाञ् च व्याधितस्य च।- अत्रिसंहिता १९२ श्लो.; (ग) स्त्री-बालवृद्धाचरितानि यान्यप्रत्यक्षदृष्टानि शुचीनि तानि। प्राकाररोधे विजनप्रदेशे सेनानिवेशे भवनस्य दाहे। आरब्धयज्ञेषु महोत्सवेषु तथैव दोषा न विकल्पचोद्याः ॥- तौ २३१-२३२ श्लो.; (घ) नाऽऽसान् द्विजातिसंस्कारो न निवासो गुरावपि। न तपो नाऽऽत्ममीमांसा न शौचन् न क्रियाश् शुभाः ॥- भागवत १०।२३।४२।

४. वेद 'क्षिरं शिखा' भञ्च (शा. वा. शु. य. वेदसंहिता १९।६२); शिखा मा. वा. शतपथमा (१।३।३।५) पनि उल्लिखित छ; "अथापिञ्जूलनम्-रिक्तो वा एषोऽनविहितो यन् मुण्डस् तस्यैतदपिधानम् यच् शिखा" भनि आपस्तम्ब-धर्मसूत्रमा (१।३।२।८) शिखाको अत्यावश्यकता

[क्रमशः]

पवीति[1] भै आचमन[2] पनि गर्नपर्छ । रोगिले वा तातो पानि मत्रै खानि गरेकाले तातो पानि नै अचमए पनि हुन्छ भन्नि कुरा आपस्तम्बका र यमका वचनबाट बुझिन्छ ।

देखाएका छ; विशेष गरि ब्राह्मणले शिखा धारण नगरि हुँदैन भनि कुरा पनि स्मृतिमा पाइन्छ; वैदिक मन्त्रद्वारा अग्नि साक्षि राखि होमपूर्वक चूडाकरण संस्कार गर्दा शिखा (टुप्पि) राखिन्छ; शिखाले न कृषकको न शिल्पिको, न डाक्टरको र इञ्जिनियरको, न शिक्षकको न विद्यार्थिको न कलाकारको न कविको, न योद्धाको न शासकको, न मन्त्रिको न विद्वान्को काममा बाधा पार्छ ; एसरि हाम्रा कुनै काममा पनि बाधा नपानि, वेदले र हाम्रा सुदीर्घ परम्पराले महत्त्व दिएका शिखालाइ हाम्रा संस्कृतिका द्वेषि म्लेच्छहरुले 'पिग्-टेल्' भन्दिए भन्दैमा हामिले पनि द्वेष गर्न थालेम् भने हामिले आफुलाइ वैदिक धर्मको अनुयायि वा हिन्दु भनेको केवल परप्रतारण गरेको वा आत्मप्रतारण गरेको पनि हुन जाला । एसरि हृदयबाट वेद प्रतिको आस्था सर्वथा समाप्त गर्नि क्रिर लागि हृदयभोरि अटाइ-नअटाइ म्लेच्छ-श्रद्धा थुपारेर हामि वैदिकधर्मानुयायि वा हिन्दु हुन वा रअन सकम्ला? एस्ता कुरामा पनि हिन्दु-भावनाको दोहन गर्न चाऑनिहरुको ध्यान जाला ?

१. 'उपासने गुरूणाञ्च वृद्धानामतिथीनां होमे जप्यकर्मणि भोजन आचमने स्वाद्ध्याये च यज्ञोपवीती स्यात्' भन्नि आपस्तम्बधर्मसूत्रका (१।५।१।१) व्याख्याम हरदत्तले 'एषु कर्मसु यज्ञोपवीतविधानात् कालान्तरे नावश्यम्भावः' भन्नि टिप्पणी गरेका छन् । तैत्तिरीयारण्यकमा (२।१) पनि 'स तस्माद् यज्ञोपवीत्येवाधीयीत याजयेद् यजेत वा' भनिया छ । एसबाट जनै विशेष अवसरमा मत्रै लाए हुनि, निरन्तर लाइरन नपर्नि देखिन्छ । तथापि अरु श्रौतसूत्र-गृह्यसूत्र-धर्मसूत्र-स्मृति – पुराणादिका वचनका आधारमा होला निरन्तर जनै लाउनि परम्परा चलिआएको छ (आश्वलायनश्रौत १।१।४,१०, पारस्कर-गृह्य ३।१०।१८, वसिष्ठधर्मसूत्र १२।१४) । श्रौत यज्ञोपवीत र मूलरूप स्मार्त यज्ञोपवीत बेग्लाबेग्लै कुरा हुन् भन्नि विषय पनि एस विषयमा विस्तृत रूपमा विमर्शश्च देखिन आएको छ ।

२. दन्तधावनमन्त्रा अगि नै आचमन गर्न पनि कुरा धर्मशास्त्रनिबन्धहरुले देखाएका छन्; यो विषय विवेचन्च देखिन्छ ।

स्नान– देश–काल–परिस्थिति–स्वास्थ्य–अनुसार्[1] प्रतिदिन स्नान पनि गर्नु पर्छ । मद्ध्याह्नमा नदीहरुमा स्नान गर्दा पूर्ण-विधिपूर्वक स्नान गर्नि र प्रातस्स्नान गर्दा डुबुल्कि मारेर वा शरीरमा पानि थापेर वा हालेर साधारण स्नान मन्त्रै गर्नि पक्ष पनि छ । प्रातस्स्नान साधारणतया अरुणोदय भए पछि गर्नि विधान छ । गृहस्नान गर्दा पनि तातो पानिले साधारण स्नान मन्त्रै गर्नि पनि पक्ष छ । पानिमा बुडेर वा शरीरमा पानि थापेर वा हालेर न्वाउन असमर्थ वा असम्भव भए मन्त्रस्नान, आग्नेय-स्नान, वायव्यस्नान, पार्थिवस्नान, मानसस्नान, सारस्वतस्नान (शूद्रकमलाकरोक्त) इत्यादि स्नानमद्दे यथासम्भव कुनै स्नान गर्नुपर्छ; भिजाका वस्त्रले मार्जन गरे पनि हुन्छ; चोखो लुगा फेरेमन्त्रै पनि हुनि देखिन्छ । जोरो आका वा पखाला आदि रोग लागेका वेलामा स्नान गर्नु हुँदैन, पाप लाग्छ । मद्ध्याह्नस्नान नित्य हो प्रातस्स्नान अधिकारि- विशेषलाइ मन्त्रै हो भन्नि कुरा स्मृत्यर्थसारादिमा स्पष्ट प्रतिपादित छ[2] ।

अनुलेपन– स्नान पछि श्रीखण्ड–चन्दन तगर आदिले अनुलेपन गर्नि कुरा पारस्कर–गृह्यसूत्रमा निरुक्तमा महाभारतका-अनुशासनपर्वमा र अन्यत्र पनि पाइन्छ । ठुलाठुला धर्मशास्त्र-निबन्धिहरुको र आह्निकाचार–निबन्धिहरुको पनि एस विषयमा

---

१. (क) तत्रापि यदद्यशक्तश् चेत् सर्वमुष्णेन वाऽऽचरेत् । अथवा कापिलस्नानम् प्रोक्षणस्नानमेव वा । स्नातस्नानवँ् वा कुर्वीत शुद्ध-वस्त्राणि वा धरेत् । कायानुगुणतः कार्यं सर्वमेव न चाऽन्यथा ॥– काण्वस्मृति १६०–१६१ श्लो; (ख) कालदोषादसामर्थ्यान् न शक्नोति यदा ह्यसौ । तदा स्मृत्वा ऋषिब्भ्यस्तु मन्त्रैर्दृष्टन् तु मार्जनम् ॥– योगियाज्ञवल्क्यस्मृति; (ग) उष्णोदकेन वा स्नानम-शक्तये सति कुर्वते । वृद्धेषु सर्वगात्रेषु उष्णोदन् न विशिष्यते ।– त्रिस्थलीसेतु ४० पृ. ।

२. नित्यमेव तु मद्ध्याह्ने प्रातश्च एव च न कस्य चित् । यति–व्रति–ब्रह्मचारि–होत्र–ऽद्ध्येतृ–तपस्विनाम् ॥– स्मृत्यर्थसार ।

दृष्टि नपुगेको देखिञ्च । तिलकको विषय भने लघुस्मृतिहरुमा र पुराणहरुमा पाँइञ्च । तथापि "ऊर्ध्वपुण्ड्रन् त्रिपुण्ड्रञ्च वर्तुलञ्च चतुरस्त्रकम् । अर्धचन्द्रादिकलँ लिङ्गवँ वेदनिष्ठो न धारयेत्" भनि वेदनिष्ठ व्यक्तिहरुले ऊर्ध्वपुण्ड्रादि कुनै लिङ्ग पनि धारण गर्न हुँदैन भन्नि कुरा प्रतिपादन गर्नि पराशरपुराणवचन पनि शूद्रकमलाकरमा उद्धृत छ । देवीभागवतमा (११।१५।१११) पनि यो विषय चर्चित पाँइञ्च ।

सन्ध्योपासन– आँफ्नाआँफ्ना सूत्रमा बताएका विधिले सन्ध्योपासन गर्नपर्च । माद्ध्यन्दिनीय – वाजसनेयिहरुको सन्ध्याविधि कातीय त्रिकण्डिक स्नानसूत्रका दोस्रा कण्डिकामा छ । विशेष गरि ब्राह्मणले सन्ध्योपासन अवश्य गर्नपर्च भन्नि कुरा दक्षस्मृतिमा देखिञ्च । प्रातस्सन्ध्योपासन सूर्योदय नहुँदै अरुणोदय भए पछि स्नान गरेर वा हात–गोडा–मुख धोएर मत्रै पनि गर्न सकिञ्च[1] । मद्ध्याह्नसन्ध्योपासन मद्ध्याह्न–स्नान गर्निले मद्ध्याह्न–स्नान–पछि लगत्तै गर्नपर्च । सायंसन्ध्योपासन हात–गोडा धोएर गरे हुञ्च । स्नान गर्न पर्दैन । सायंस्नान यतिले गर्नि हो भन्नि वचन पनि पाइञ्च । तर केरलका चुक्कपुरम्गामका ऋग्वेदि नम्बुदरि गृहस्थ ब्राह्मणहरु त सायंसन्ध्योपासन गर्न पनि स्नान गर्दा रचन् । प्रातःकालमा, मद्ध्याह्नमा र सायङ्कालमा सूर्यको विशेष उपासना गर्नि कुरा कौषीतकिब्राह्मणोपनिषद्मा पाँइञ्च (२।५) । त्यो चाइँ नित्य कर्म भने देखिँदैन ।

सन्ध्योपासनलाइ गैरिएर हेर्दा यो आत्मचिन्तन–परक नै देखिञ्च । तसर्थ यो कर्म राम्ररि बुजेर गरेमा परमपुरुषार्थ–साधनका रूपमा र वैदिक वाङ्मयसित आँफ्नो सम्बन्धको सूत्रका

---

१. साधारणतया प्रातस्स्नान विना पनि हात - गोडा – मुख धोएर प्रातस्सन्ध्योपासन गर्न हुनि कुरा धर्मशास्त्रविचारबाट देखिञ्च र आँकुलाइ सोमयाजि ब्राह्मणका ठुला कुलमा जन्मे-हुर्के–बढे-शिक्षा–पाएको भन्नि बाणभट्टले पनि हर्षचरितमा आँकुले हातगोडा धोएर मत्रै प्रातस्सन्ध्योपासन गरेको कुरा लेख्या देखिञ्च ।

रूपमा समेत रएकाले द्विजातिमात्रले र विशेषगरि ब्राह्मणले एसको लोप गर्न कथमपि नहुनि देखिञ्च । अशक्तावस्थामा र कतिपय अन्य अवस्थामा भने कैलेकँ सन्ध्यालोप गरेमा पनि प्रायश्चित्त नलाग्नि कुरा शिष्टसम्मत देखिञ्च[२] ।

पवित्रजपयज्ञ सन्ध्योपासनपछि जाँहाँ सन्ध्योपासन गरिञ्च लिहिँ गायत्र्यादि–पवित्र–मन्त्रहरुको जप गर्नि विधान शङ्खस्मृति आदि ग्रन्थमा पाइञ्च । नित्य – कर्म – पद्धतिका प्रतिपादकहरुले एसको राम्ररि मेसो नपाए जस्तो देखिञ्च । कात्यायनले भने मद्ध्याह्नसन्ध्यापछि ब्रह्मयज्ञको विधान गरेका छन् । तसर्थ यो पवित्र-जपयज्ञ ब्रह्मयज्ञबडै गतार्थ हुनि जस्तो देखिञ्च । तथापि कसैले एसलाइ सन्ध्योपासनकै परिशिष्टाङ्ग मानेको बुजिएको र यो ब्रह्मयज्ञको अविरोधि वा अशक्तावस्थादिमा स्थानापन्न हुन सक्नि समेत देखिएकाले कात्यायनीय-सन्ध्योपासनादिविद्ध्यनुसारिले पनि यो पवित्र–जप–यज्ञ गर्नु राम्रै हुनि जस्तो देखिञ्च । नेपालिहरुले भने एइ पवित्रजप-यज्ञलाइ सन्ध्योपासन भण्ठाने जस्तो बुजिञ्च । तेसैले होला सन्ध्योपासन–गर्नुलाइ जपगर्नु भन्नि चलन पनि प्रचुरमात्रामा पाँइञ्च । सन्ध्योपासनका कालमा गायत्रीजप मत्रै गर्नि प्रचलन पनि नेपालमा व्यापक रूपमा रै आएको छ ।

स्वाद्ध्यायाद्ध्ययन– कात्यायनानुसारिहरुले मद्ध्याह्न-सन्ध्योपासन–पछि स्वशाखा–वेदका प्रारम्भदेखि थालेर अगिल्ला दिन जाँसम्म पुग्या छ पछिल्ला दिन तेइँवड थाल्नि गरि मा. वा. शु. य. वे. मन्त्र–संहिता, त्यो (मन्त्रसंहिता ४० अद्ध्याय) सिद्धिएपछि मा. वा. शतपथब्राह्मण, त्यो (शतपथब्राह्मण १०० अद्ध्याय) सिद्धिएपछि कात्यायनश्रौतसूत्र इत्यादि क्रमले

---

२. अत्यन्तरोगयुक्तेऽङ्गे राज-चौर-भयादिषु । गुर्वग्निदेवकृत्येषु नित्यहानौ न पापभाक् ॥– शौनकको वचन भनि पराशरमाधवीयमा (प्रथमभाग १२६ पृ.) उद्धृत वचन ।

मन्त्रसंहिता – ब्राह्मण – श्रौतसूत्र–गृह्यसूत्र – अनुक्रमणीहरु– परिशिष्टहरु–शिक्षा – व्याकरण–निरुक्त–छन्दशास्त्र–वेदाङ्ग– ज्योतिष-धर्ममीमांसासूत्र-ब्रह्ममीमांसासूत्र-(स्मृति-पुराण-इतिहास) यथाविधि यथाशक्ति क्रमैले पड्न पर्छ । उक्त ग्रन्थ सबै सिद्धिएपछि फेरि संहिताका प्रारम्भदेखि थाल्नपर्छ । उक्त ग्रन्थहरुमा गुरुमुखबड सुन्नै पनि जति गुरुमुखबड नसुनेको भए जति गुरुमुखबड सुनिया छ तेतिको आवृत्ति गर्नपर्छ र पुस्तकका आधारमा पडेपनि हुनि ग्रन्थहरु पड्नपर्छ । केइ नलागे वेदको एउडा मन्त्र वा एउडा देवतावाचक-पद सम्म भने पनि नित्य पड्नु भन्नि विधान मा. वा. शतपथब्राह्मणमा पाँइञ्च ।

मा. वा. शतपथब्राह्मणमा (११।५।७।१) स्वाद्ध्यायाद्ध्य– यनको महत्त्व देखाउँदै 'स्वाद्ध्यायको (स्वशाखावेदको)अद्ध्ययनले अद्ध्ययन–अद्ध्यापन प्रिय हुञ्चन्, मन एकाग्र हुञ्च, आँफै विवेक गर्न सक्नि भै दिनदिनै अर्थहरु सिद्द गर्छ, शान्त-चित्तले निर्दाँउछ, आत्मज्ज्ञानद्वारा संसार–रोगको आत्यन्तिक चिकित्सक हुञ्च; इन्द्रियसयँ यम, आत्मसन्तुष्टि, प्रज्ज्ञावृद्धि, यश र लोकसिद्धि हुञ्चन्; बडेको प्रज्ज्ञाले ब्राह्मणलाइ साँच्चैको ब्राह्मणत्त्व, ब्राह्मणोचित सदाचार, यश र लोकोपकार इ चार धर्म दिञ्च; एसरि ब्राह्मणबड उपकृत र समृद्ध भएको लोकले ब्राह्मणलाइ पूजा–सत्कार, दान, दण्ड–कर–मुक्ति र अवध्यता इ चार सुविधा दिएर पालन गर्छ' भनिएको छ । तैत्तिरीयोपनिषद्मा (१।९) पनि स्वाद्ध्यायाद्ध्ययन नै मुख्य तपस्या हो भन्नि कुरा पाँइञ्च ।

तर्पण - स्वाद्ध्यायाद्ध्ययनको विधान पछि कात्यायनले तर्पणको विधान गर्या छन् । माद्ध्यन्दिनीय–वाजसनेयिहरुले वाज–भएकाले पनि देव–दिव्यमनुष्य–दिव्यपितृ–(यम–)तर्पण गर्न हुञ्च र गर्नपर्छ । अरुले स्वपितृको समेत तर्पण गर्नपर्छ ।

देवपूजा– तर्पणकै प्रसङ्गमा कात्यायनले ब्रह्मा विष्णु रुद्र सविता मित्र र वरुण इ छ ओडा वैदिकदेवताको तिनैतिनैका

नामकर्मादिको उल्लेख भएको वैदिक मन्त्रले अर्चन गर्नु भन्नि विधान गरेका छन् । जुन देवपूजा नगरि गृहस्थले नखानु भन्नि कुरा स्मृति–पुराण–इतिहासहरुमा पाइन्छ त्यो देवपूजा भनेको विष्णुको शालग्रामशिलामा गरिनि पूजा हो, अथवा शिवको वा देवीको वा जुन आँपना इष्ट देवता छन् तिनैको पूजा हो भन्नि धेरैको धारणा पाँइन्छ । रामनाथ आचार्यले पनि नेपालि परम्पराको वास्ता नराखि नित्यकर्मप्रयोगमा (१४५ पृ.) नारायणको वा शिवको वा दुर्गाको वा गणेश – आदिको पूजा गर्नि कुरा देखाएका छन् । नेपालमा "पञ्चायतनपूजाञ्च ततः कुर्यात् समाहितः । शिवां शिवञ्च गणपतिवँ विष्णुं सूर्यन् तथार्चयेत्" (देवीभागवत-११।१७।३५), "आदित्यञ्च गणनाथञ्च देवीं रुद्रञ्च केशवम् । पञ्चदैवतमित्युक्तं सर्वकर्मसु पूजयेत्" (तन्त्रप्रचारप्रभावितक्षेत्रमिथिलाका वाचस्पतिका ग्रन्थमा पाथ्येको वचन) 'शिवंशिवां हरिं सूर्यञ्च गणेशं सद्गुरुम् बुधम् । न पूजयन्ति ये मन्दास्ते वै नरकगामिनः' (१६ अद्देको गरुडपुराण, चतुर्थाध्याय) इत्यादि वचनका आधारमा होला पञ्चाइन् देउताको पूजा प्रचलित छ । शिखरनाथभाष्यमा पनि तन्त्रोक्त पञ्चायतन-देवता पूजाविधि भनि इनै देवताको पूजाविधि दिएया छ । तथापि माद्ध्यन्दिनीय–वाजसनेयिहरुले ब्रह्मा विष्णु रुद्र सविता मित्र वरुण इ वैदिक देवताको उक्त विधिले अर्चन गरेमा देव–पूजा-नियोग सिद्ध हुन्छ । तन्त्रोक्त वा पुराणोक्त पञ्चायतन-देवता–पूजा वा शालग्रामशिलापूजा वा शिवलिङ्गपूजा गरिरन आवश्यक देखिँदैन । कामनाविशेषले ति गरे पनि हुन्छ ।

वैश्वदेवकर्म (पञ्चमहायज्ञ)- गृह्याग्निको आधानको र तेसमा गरिनि कर्महरुको सङ्क्षिप्त विवरण तल दिइँदै छ । गृह्याग्निको आधान गर्न नसक्निले अग्निप्रसवविधान–(पृष्ठ्योदिवि-विधान-) अन्सार् गर्न पनि कर्महरुको पनि तल विवरण उपस्थापित गरिँदै छ । अग्निप्रसव–विधान–अन्सार् पनि कर्म गर्न नसक्नि

गृहस्थले पनि गर्नपर्नि[1] पञ्चमहायज्ञको सङ्क्षिप्त परिचय यज्ञपार्श्व–अनुसार यो छ– (१) **देवयज्ञ**– व्याहृतिहोम, शाकलमन्त्रहोम, प्राजापत्यहोम र स्विष्टकृद्होम एति कर्मसमुदाय देवयज्ञ भनिञ्च; (२) **भूतयज्ञ (भूतबलि)**–(पर्ज्जन्य, अप्, पृथिवी इ गृह्यसूत्रोक्त पर्जन्यादि तिनलाइ छोडेर) धाता, विधाता, वायु; प्राची, दक्षिणा, प्रतीची, उदीची; अन्तरिक्ष, सूर्य; विश्वेदेव, विश्वेभूत, उषा, भूतानाम्पति एतिलाइ बलिहरण गर्नु भूतयज्ञ वा भूतबलि भनिञ्च; (३) **पितृयज्ञ**– नित्यश्राद्ध वा गृह्यसूत्रानुसारि पित्त्यबलिहरण पितृयज्ञ भनिञ्च। (४) **ब्रह्मयज्ञ**– माथि उल्लिखित स्वाद्ध्यायाद्–ध्ययन नै ब्रह्मयज्ञ भनिञ्च (उपर्युक्त अवसरमा स्वाध्यायाद्ध्ययन [ब्रह्मयज्ञ] गर्न नकिएको भए एस अवसरमा त्यो गर्नपर्च भन्नि बुजिञ्च); (५) **मनुष्ययज्ञ**– ब्राह्मण–भिक्षुक–अतिथिलाइ यथाविधि अन्नदान गर्नु मनुष्ययज्ञ भनिञ्च। अतिथि भन्नाले नातासम्बन्ध नपरेको धार्मिक उद्देश्यको यात्रामा हिँणेको ब्राह्मण बुजिञ्च[2]। अरु अतिथि जस्ता हुनाले अतिथि भनिएका हुन्; वास्तविक अतिथि हैनन्। वस्तुतः तिनलाइ अतिथि नभनि अभ्यागत वा प्राघुणिक (पाँउना) भन्न पर्च। ब्राह्मणका घरमा क्षत्रियादि अतिथि मानिदैनन्। ति सामान्य अभ्यागत मानिञ्चन्। अभ्यागतको पनि भोजनपानादिले यथोचित सत्कार गर्नपर्च। शूद्र अभ्यागतलाइ त यथोचित काम लाएर खान दिनु भन्नि पनि व्यवस्था पाँइञ्च। वैश्वदेवान्नले (सबै देउताका लागि पकाएकेका

---

१. (क) अहरहः स्वाहा कुर्य्यादन्नाभावे केनचिदाकाष्ठाद् देवेभ्यः पितृभ्यो मनुष्येभ्यश्चोदपात्रात्।– पारस्करगृह्यसूत्र २।९।६; (ख) अकृत्वा वैश्वदेवन् तु भुञ्जते ये द्विजातयः। तेन मिथ्या विपाकेन काकयोनिवँ व्रजन्ति ते॥– प्रथमयज्ञपार्श्व श्लो; १६ (ग, सर्वेण च गृहस्थेन पञ्चमहायज्ञा निर्वर्त्याः।– पाणिनीयव्याकरणभाष्य ४।१।३३।

२. वीरमित्रोदय, आह्निकप्रकाश (वाराणसीसंस्करण) ४३३–४५५ पृ.।

अन्नले) गरिनि हुनाले देवयज्ञादि चार यज्ञलाइ र छत्रिन्यायले ब्रह्मयज्ञलाइ समेत मिलाइ वैश्वदेवकर्म वा पञ्चमहायज्ञ भन्नि व्यवहार भाको देखिञ्च । वृत्तिचलेका माछेले धन भए इ पञ्चमहायज्ञ अवश्यै राम्ररि गै गर्नपर्नि देखिञ्च[1] ।

निरग्नि – र – अग्निप्रस्तविधान अन्सार्–पनि–कर्म–गर्न–नसक्ने माद्ध्यन्दिनीय वाजसनेयिहरुले पनि प्रथमयज्ञपार्श्वोक्त पद्धतिले पञ्चमहायज्ञ (वैश्वदेवकर्म) सम्म त गर्नपर्नि देखिञ्च । स्वपरिशिष्टोक्त विधि छाडेर श्रीदत्तादिका लहैले हेमाद्रकुरेर गौतमोक्त प्रकारले वा अन्यस्मृत्युक्त प्रकारले पञ्चमहा–यज्ञ गर्नु उचित देखिँदैन ।

उक्त पित्र्य बलिले पनि पितृयज्ञ सिद्ध हुञ्च, माद्ध्यन्-दिनीय वाजसनेयिहरुले निरग्निले पनि उक्त पित्र्यबलि–हरण गरेमा पृथक् नित्यश्राद्ध गर्नपर्दैन भन्नि कुरा प्रथम यज्ञपार्श्वमा स्पष्ट रूपमा उल्लिखित देखिञ्च । अरु काकबल्यादि पौराण कर्म नगरे पनि प्रत्यवाय लाग्दैन । विशेष अभ्युदयका लागि गरेमा पनि स्वशाखोक्त कर्ममा नमाविकन छुट्टै गर्नपर्च । कुलचन्द्रले अमरकोशका नेपालि टीकामा दिएको पञ्चमहायज्ञको विवरण भ्रमजनक छ । तेसमा सावधान हुनु उचित छ । तेसको अर्थ बाल्मीकिविद्यापीठ–(काठमाण्डु–)को मर्यादा पत्रिकाका सत्रौं पूर्णाङ्कमा गरिसकिएको छ ।

कथञ्चित् पञ्चमहायज्ञ (वैश्वदेव कर्म) गर्न सकिँदै-सकिँदैन भने विशेषगरि ब्राह्मणले स्वाद्ध्यायाद्ध्ययन (ब्रह्मयज्ञ) र पितृलाइ उदकदान (तर्पण) सम्म गरे पनि कल्याणै हुनि देखिञ्च[2] ।

---

१. (क) अनिर्वर्त्य महायज्ञान् यो भुङ्क्ते अन्नमहङ्कृती । अनातुरः सति धने कृच्छ्रार्धेन विशुद्धयति ।– पराशरमाधवीयका प्रायश्चित्तकाण्डका (४४३ पृ.) बृहस्पतिको वचन भनि उद्धृत वचन; (ख) दानवं यज्ञस् तपः कर्म लोके वृत्तिमतो यतः ।– भागवत ८।१९।३६।

२. (क) नित्यस्स्वाद्ध्यायः, पितृभ्यश्चोदकदानम्, यथोत्साहमन्यत् ।– गौतमध. सू. १।५।४–५; (ख) परिनिष्ठितकार्यस् तु स्वाद्ध्यायेनैव ब्राह्मणः । कुर्यादन्यन्न वा कुर्यान् मैत्रो ब्राह्मण उच्यते ।– शान्तिपर्व ६०।१२; (ग) स्वाध्यायप्रवचने एवेति नाको मौद्गल्यः, तद् धि तपस् तद् हि तपः ।– तैत्तिरीयोपनिषद् १।९।

पृथक् पाक गर्नि भए पनि समानधर्मपजीवि जीवत्पितृक वा जीवज्ज्येष्ठभ्रातृकादि व्यक्तिहरुले वा पृथक् पाक गर्नि विधवा स्त्रीले लौकिकाग्निमा पाक गरि लेसै अग्निमा केइ पक्वान्न विनामन्त्र होमि (अतिथिलाइ दिइ) खाए हुञ्च भनि श्रीदत्तले-प्रतिपादित गरेको कुरा वीरमित्रोदयका आह्निकप्रकाशमा (३९८ पृ.) देखिञ्च। यो विषय गोभिलगृह्यसूत्रमा पाँइञ्च (१।४।२४-२६) र शूद्रकमलाकरमा पनि उल्लिखित छ (६८ पृ.)।

अद्ध्यापन- माथि वैश्वदेवकर्मका वा पञ्चमहायज्ञका विषयमा कुरा गर्दा ब्रह्मयज्ञ भनि वेदादिको अद्ध्ययनको मत्र्वै उल्लेख गरियो; किन्तु ब्राह्मणले चाइँ त ब्रह्मयज्ञका रूपमा यथाशक्ति वेदादिको अद्ध्यापन पनि गर्नपर्च भन्नि कुरा "द्वितीये च तथा भागे वेदाभ्यासो विधीयते। वेदाभ्यासो हि विप्राणाम् विशिष्टन् तप उच्च्यते॥ वेदस्वीकरणम् पूर्वम् विचारोऽभ्यसनञ् जपः। तद्दानञ् चैव शिष्येभ्यो वेदाभ्यासो हि पञ्चधा (दक्षस्मृति २।३३,३४) इत्यादि वचनबड झल्कञ्च (द्रष्टव्य. मनु. ४।१७; ४।२३३)। अद्ध्यापन गर्दा विचार राख्न पर्नि कुरा पनि शास्त्रमा प्रतिपादित छन्[1]।

दर्शश्राद्ध- श्रौत अग्निमा वा गृह्य अग्निमा वा प्रसवोत्थानपरिशिष्टोक्त अग्निमा कर्म गर्न नसक्नाले अम्सिमा पिण्डपितृयज्ञ नगर्नि माद्ध्यन्दिनीय वाजसनेयिहरुले अम्सिमा स्वशाखीयपरि-

---

१. (क) विद्या ह वै ब्राह्मणमा जगाम गोपाय मा शेवधिष् टे ऽहमस्मि। असूयकायाऽनृजवेऽयताय न मा ब्रूया वीर्यवती तथा स्याम्॥ यमेव विद्याः शुचिमप्रमत्तम् मेधाविनम् ब्रह्मचर्योपपन्नम्। यस्ते न द्रुह्येत् कतमच् चनाह तस्मै मा ब्रूया निधिपाय ब्रह्मन्॥- वसिष्ठधर्मसूत्र २।८,९; निरुक्त २।१।४; (ख) आचार्यपुत्रः शुश्रूषुर् ज्ञानदो धार्मिकश्शुचिः। आप्तश् शक्तोऽर्थदस् साधुः स्वोऽध्याप्या दश धर्मतः॥- मनु. २।१०९; (ग) वहत्यग्निर् यथा कक्षम् ब्रह्म पृष्टमनावृतम्। न ब्रह्म तस्मै प्रब्रूयाच् शक्तयम् मानमकुर्वतः॥- वसिष्ठधर्मसूत्र २।१२।

शिष्टरूप श्राद्धसूत्रमा विहित अपरपक्षश्राद्धविशेषरूप दर्शश्राद्ध (पार्वणश्राद्ध) गर्नपर्नि कुरा देखिञ्च । पिण्डपितृयज्ञको विधिको आधारभूत वचन र उक्त श्राद्धसूत्रोक्त अपरपक्षश्राद्धको विधिको आधारभूत वचन एउडै देखिएकाले (द्रष्टव्य–मा. वा. शतपथ २।४।२।२; उक्त श्राद्धसूत्र, कण्डिका १) पिण्डपितृयज्ञ गरिसकेपछि पनि दर्शश्राद्ध गर्नपर्ने भन्नि गदाधरको भनाइ (पा. गृ. सू. मा. १।१२।१–५) चिन्त्य देखिञ्च । कर्कले यो अपरपक्षश्राद्ध-विशेषरूप श्राद्ध अग्नि भएकाले मत्रै गर्नि हो भनेका छन् । गदाधरले भने अग्नि नभाकाले पनि गर्नि हो भनेका छन् । "आहिताग्नेः पित्र्यर्च्चनम् पिण्डैरेव । ब्राह्मणानपि वा भोजयेत् पूर्त्तश्च्रुतेः" भन्नि निगमका (३१[२६]) वचनबड र तेसका वाक्यशेषबड पनि पिण्डपितृयज्ञ गर्नि माद्ध्यन्दिनीयवाज-सनेयिहरुले दर्शश्राद्ध गरिरन नपर्नि देखिएकाले यो अपरपक्षश्राद्ध-विशेषरूप दर्शश्राद्ध पिण्डपितृयज्ञ नगर्निका लागि नै विहित भाको देखिञ्च । सक्तैनसक्तिनले त पिण्डपितृयज्ञ नगर्निलेइ पनि सैनासैनामा दर्शश्राद्ध नगरि वर्षवर्षमा मत्रै श्राद्ध गरेपनि हुञ्च भन्नि आश्श्वलायनको मत पाँइञ्च (वीरमित्रोदय, संस्कारप्रकाश १६६ पृ.) मासिश्राद्धमा घिउको र मासुको प्रयोग गर्नि र घिउमासु नपाए तेलको र सागको प्रयोग गर्नि कुरा आपस्तम्बले "सर्पिर्मांसमिति प्रथमः कल्पः । अभावे तैलं शाकमिति" भनि देखाएका छन् (२।८।२।१४–१५) । तर पुराणमा श्राद्धमा मासुको प्रयोग कलिवर्ज्य मानिया देखिञ्च ।

क्षयाहश्राद्ध– बाउ–आमाको मरण भएका तिथिमा बाउ–आमाको श्राद्ध प्रतिवर्ष गर्नपर्ने । यो कुरा श्राद्धसूत्रमा (कण्डिका ५) छ ।

लाङ्गलयोजन– कृषिमा प्रवृत्त हुनि वार्तावृत्ति वा शालीन गृहस्थले गर्नि, इन्द्र–पर्जन्यादिलाइ बलिहरण गरि गोरुलाइ घिउ-मश्र खुवाएर श्रेष्ठ गोरुको अभिषेकगरि गोरु नार्नि र नजोतेको

भूमि जोत्ति कामलाइ लाङ्गलयोजन भञ्चन् । यो कर्म गृह्याग्नि नलिएका वार्तावृत्ति गृहस्थले पनि गर्नसक्ने र गर्नपर्ने देखिञ्च ।

नवप्राशन (आग्रयण)– श्रौत अग्न्याधान गरेकाले शरत्–कालमा **व्रीह्याग्रयणेष्टि** र वसन्तमा **यवाग्रयणेष्टि** गर्नपर्च । नएँ धान वा जौ देवतालाइ होमेर मत्रै आँफुले खानु–पर्नि हुँदा[1] नएँ अन्न देवतालाइ यथाविधि होमगर्नि यो वैदिक इष्टि हो । श्रौतअग्न्याधान नगरेकाले एस इष्टिको सट्टा नवप्रासन भन्नि कर्म (न्वाइ खानि कर्म) गर्नपर्च । यो कुरा पारस्करगृह्य–सूत्रमा छ (३।१।१–७) । त्याँहाँ 'अनाहिताग्नेर्न्नवप्राशनम्' भनि–एको छ । अनाहिताग्नि भनेको श्रौत अग्न्याधान नगरेको तर गृह्य ~~व्यक्तिमा~~ अग्नि लिएको व्यक्ति हो भन्नि कर्कादिको व्याख्या छ । तर अनाहिताग्निशब्दले गृह्याग्निको पनि आधान नगरेका व्यक्तिलाइ पनि लिन सकिञ्च भन्नि कुरा प्रसवोत्थानपरिशिष्टमा प्रसवविधानले स्थापना गरिएका अग्निमा पनि आग्रयण–(नवप्राशन–) कर्म गर्नु भन्नि विधान गरिएको देखिएवड बुजिञ्च । एसरि अनाहि–ताग्निशब्दले कुनै पनि नियत अग्नि नभएका व्यक्तिलाइ पनि लिन सकिनि देखिनाले यो कर्म लौकिक अग्निमा पनि हुन सक्ने देखिञ्च । नेपालि परम्परामा लौकिक अग्निमा नवप्राशनकर्म (न्वाइ खानि काम) गर्नि चलन पनि छ ।

भोजनविधि– प्रतिदिन गर्नपर्ने नित्य स्नानादि उपर्युक्त कर्महरु यथोचित रूपमा सम्पन्न गरि हात गोडा धोइ शुद्ध वस्त्र पैरेर शुद्धासनमा बसि आचमन गरि (बलिहरणपूर्वक) प्राणाग्निहोत्र (पञ्चग्रास–ग्रसन) गरेर व्यान–बेलुका[2] भोजन गर्नपर्च । प्राणाग्निहोत्रको उल्लेख छान्दोग्योपनिषद्–आदिमा पाँइञ्च ।

---

१. नाऽनिष्ट्वा नवसस्येष्ट्या पशुना चाऽग्निमान् द्विजः । नवान्नमद्याान् मांसञ्च वा दीर्घमायुर्जिजीविषुः ॥– मनु. ४।२७।

२. (क) तस्माद्उ सायम्प्रातराश्येव स्स्यात् ।– मा. वा. शतपथ. २।४।२।६; (ख) कालयोर्भोजनम्'– आपस्तम्बधर्मसूत्र २।१।१।२; (ग) अन्तराप्रात–राशञ्च सायमाशन् तथैव च । सदोपवासी स भवेद् यो न भुङ्क्तेऽन्तरा पुनः॥– शान्तिपर्व २२१।१० (चित्रशाला.) ।

भक्ष्याऽभक्ष्यविचार- कतिपय वस्तुहरु खाँदा इन्द्रियहरु बर्ता उत्तेजित भै जीवन प्रतिको सन्तुलित दृष्टिकोण उदाउन नसक्ने र उदाएको पनि लुप्त हुने स्थिति पर्न गै आद्ध्यात्मिक विचार हराइ भौतिकतावादि विचार मत्रै प्रबल हुन जाँदा ओरत्र-परत्र सबै विग्रन जानि स्थिति पर्न आउनि कुराको विचार गरि ऋषिहरुले विशेष गरि द्विजातिका लागि र तेसमा पनि ब्राह्मणका लागि प्रयोजन विशेषका आधारमा विशेष भक्ष्याऽभक्ष्य-व्यवस्था बाँदेको देखिन्छ[1]। स्वास्थ्य राम्रो भएमा नै सन्तुलित जीवनयात्रा चलि हुँदा स्वास्थ्यका दृष्टिले पनि कतिपय व्यवस्था बाँदियाऽ बुजिन्छ[2]। आद्ध्यात्मिकदृष्टिशून्य व्यक्तिका निकट सम्पर्कले मत्रै पनि जीवन प्रतिको उक्त सन्तुलित दृष्टिकोण विग्रन सक्ने[3] र विद्या-धर्म-सत्य-न्यायका पक्षबाट माथि च्युत हुन सक्ने समेत कुरालाइ विचारगरि व्यक्ति-विशेषका त अन्नैलाइ पनि ऋषिहरुले अभोज्य घोषित गरेको देखिन्छ। तिनमा पनि सूक्ष्म दृष्टिले श्रेणिको व्यवस्था पनि गरिएको छ। त्यो व्यवस्था अभोज्य-भोजनमा विधान गरिएका

---

१. (क) आहारशुद्धौ सत्त्वशुद्धिः सत्त्वशुद्धौ ध्रुवा स्मृतिः स्मृतिलम्भे सर्वग्रन्थीनां विप्रमोक्षः।- छान्दोग्योपनिषद् ७।२६।१; (ख) आहार-निष्क्रमादस्य पाप्मा शाम्यति राजसः। वमनस्यञ्च विषये यान्त्यस्य करणानि च।- शान्तिपर्व २१७।१८ (चित्र.); (ग) अन्नसङ्गाद् बलन् दर्पो विषयासक्तिरेव च। कामः क्रोधस्तथा लोभः पतनं नरके ध्रुवम्।- यमको वचन भनि यतिधर्मसङ्ग्रहना उद्धृत वचन, (पृ.८४)।

२. हितम् मितं सदाश्नीयाद् यत् सुखेनैव जीर्यते। धातुः प्रकुप्यते येन तदन्नञ्चैव वर्जयेद् यतिः। आत्मसम्मितमाहारमाहरेदात्मवान् यतिः। अत्यन्तक्षुधितस्यापि समाधिर्नैव जायते।- यतिधर्मसङ्ग्रह (८०,८३, १३८ पृ.)।

३. (क) सङ्गम् न कुर्यादसतां शिश्नोदरतृपाञ् क्वचित्। तेस् सङ्गतम् तमस्यन्धे पतत्यन्धानुगान्धवत्।- भागवत ११।२६।३; (ख, सद्भिस्तु

ठुला-साना प्रायश्चित्तले[1] र निन्दातारतम्यले पनि स्पष्ट हुञ्चे। एस विषयको मोटामोटि उल्लेख याँहाँ गरिँदै छ स्थानाभावले विस्तृत विवेचन प्रस्तुत गर्न सकिएन।

लसुन, प्याज,[2] छ्यापि, च्याउ; सोइजन, मनुष्यविष्ठामा उम्रेका शाकादि, शतपुष्पा; कैथ, दुदजस्तो सेतो भेण्टा, डल्ले खोको, लौसि; वर, पिपल; कोइरालो, सनको फुल, सिमलको फुल; राजमाष, स्थूलमुद्ग, सतुष मसूर; जुठो अन्न, केशले किराले र लाएका लुगाले दूषित गरेको अन्न; खट्टे, लावा, चिउरा, सातु, लड्डु, घृत-तैलपक्क्व रोटि, फुरौला, मनभोग, खिर, भुजा, घिउखिचडि, दाल इत्यादिबाएक अरु वासि अन्न; फेरि पकाको अन्न, जानिजानि लत्याय्येको अन्न, भ्रूणघ्नले देखेको अन्न; सूतकिले, नछुनिभाका स्त्रीले, विट्ला माञ्छेले, पतितले, चण्डालले, पुल्कसले, कुष्ठिले, कागले, कुकुरले, विरालाले, शवले छ्वाको अन्न; चराले जुठो हाल्या अन्न; घृतपक्क्व, तैलपक्क्व, केवलाग्निपक्क्व, शुष्कान्न इत्यादिबाएक अरु बजारको दाल-भात आदि पक्क्वान्न; वेदिबाइर ल्याको पुरोडाश; देवता-पितृ - ब्राह्मणाऽतिथिहरुको उद्देश्य नराखि आँफनु मोद-प्रमोदका लागि पकाय्येको दलभ-चामल-तिलको खिचडि, मनभोग, खिर, रोटि-पुआ, शष्कुली (घिउ-दुदले पिठो मुछेर तिल पनि मिलाएर पथारेर घिउमा पकाको रोटि), मासु-हरु; ब्याको दसक्ति नभाकि गाइको, हातेगाइको,

---

सह ससर्गश् शोभते धर्मदर्शिभिः। नित्यं सर्वास्ववस्थासु नासद्भिरिति मे मतिः ॥- शान्तिपर्व २६३।३; (ग) अन्नदोषेण चित्तस्य कालुष्यं सर्वदा भवेत्। कलुषीकृतचित्तानाम् धर्मः सम्यङ्ग न भासते॥ अधर्मो धर्मरूपेण विभाति च न संशयः। स्वयम् भाच् च परम् ब्रह्म न भातीवा-ऽवभासते॥- यतिधर्मसङ्ग्रह (१३८ पृ.)।

१. मनुस्मृति ५।५-२१; ४।२०७-२२५ मिताक्षरा ३।२८६।

२. लशुन-(लसुन-) पलाण्डु-गृञ्जन-शब्दहरु ऐले पाँइनि वेदशाखाका मन्त्रसंहिता-ब्राह्मणा-ऽरण्यकोपनिषद्हरुमा पाइँदैनन्। बृहजाबालोपनिषद्मा सन्यासोपनिषद्मा र धर्मसूत्रहरुमा भने पाँइञ्चन्।

उँटको, भेडाको, चम्म्रको,घोडा आदि एकखुरे (टापवाला) पशुको, भैँसिबाएक सबै बनय्या पशुको र मानुषीको, वर्तिएका गाइको, राँगो खोजेका भैँसिको बोको खोजेका बाखिख्रको दुद; विलाउनि; घरकुखुरा,गिद्द, चिल, काग, पानिकाग, भँगेरो, गौँथलि, डाङरे (सारौँ), हाँस, घरपरेवा, सुगा, मैना, हुटिट्याङ, बकुल्लो,सारस, चखेवा, न्याउलि, ठेउ्आ, लाटोकोसेरो, बाज, कोइलि, कन्याङकुरुङ इत्यादि पङखिहरु; सुँगुर, गदाआ, घोडा, उँट, कुकुर, बिरालो, मुसो, न्याउरिमुसो, छेपारो; चम्म्र, हात्ति, सिंह, बाग, भालु, चित्तुआ, स्याल, लाखु, लङगुरे, गौर (बनघोडा), गवय (निलगाइ) इत्यादि पशुहरु; गोइ, बाम, गँगटो, भ्याकुतो, सङखेकिरो, सिपिकिरो, शिशुमार, जलमनुष्य, जलघोटक इत्यादि जलचरहरु; जाँड–रक्सि–मदिरा इत्यादि कुरा र भक्ष्य–भोज्य–पेय भनि राम्म्रि नचिनिएका अरु कुरा पनि वैदिक परम्परामा द्विजातिका लागि अभक्ष्य-अभोज्य-अपेय मानिएका छन् ।

असच्छूद्द्र, मत्त, क्रुद्ध, महारोगि, घोष्टा, गण, गणिका, चोर, गायक, काष्ठकर्मि, व्याज–व्यवसायि, दीक्षित, कदर्य, नेल–हत्कडि–लागेको, शिष्टनिन्दित, नपुंसक, वेश्या, दाम्भिक, चिकित्सक, व्याधा क्रूरचित्त, उच्छिष्टभोजि, उग्रकर्मा, सूतकि, पति–पुत्ररहितस्त्री, नगरपति, पतित, छुल्याआ, अनृतपरायण, यज्ञविक्रयि, नट, नर्तक, तन्तुवाय (जुलाहा), कृतघ्न, लोहकार, सुवर्णकार, वेणुविदलकार, शस्त्रविक्रेता, कुकुरकुटुम्बि, मद्द्य-सन्धाता (जाँड–रक्सि–मदिरा बनाँउनि) धोवि, छिपा, उपपति, उपपत्त्युपेक्षक, स्त्रीजित, राजा, व्रात्य, सौनिक, चर्मकार, तेलि, कुलाल, चित्त्रकार, शूद्द्र – वेदाद्ध्यापक, शूद्द्रयाजक, पौनर्भव, लेखन्दास, गणक, निष्पच (परिव्व्राजक), सौकरिक, मातापितृपरित्यक्त, अविज्ञातकुलाचार, दण्डिक, बन्धनिक, क्लीब, नास्तिक, नास्तिकवृत्ति, वीरहा (त्यक्ताग्नि), अग्रे दि-धिषूपति, अग्रेदिधिषू, स्त्रीयाजक, ग्रामयाजक, वृत्त्यर्थजिपाल, मद्द्यप, कूटसाक्षि, प्रतिहारिक, कुण्डाशि, सोमविक्रयि,

अगारदाहि, विषद, अवकीर्णि, गणप्रेष्य, अगम्यागामि, हिंस्र, परिविति, परिवेत्ता, पर्याहित, पर्याधाता, त्यक्तात्मा, शिल्पजीवि, शस्त्रजीवि, आधिजीवि (घरको भाडा लिएर जीविका चलाउनि) राजपैशुनकर, अहविर्याजि, बौद्धश्रमणादिवेषधारि, सर्वान्नि, निन्द्या-ऽनिन्द्य-सर्वान्नवर्जि, निर्व्रत, उन्मत्त, भीत, रुदित, आक्रन्दित, विस्मित, अवधूत, राजपुरोहित, पञ्चमहायज्ञरहित, वन्ध्या, राजभृत्य, ग्रामकूट, घाण्टिक, विद्धप्रजनन, वृषलीपति, बहुयाज्य, बहूपनेता, अवलिप्त, मूर्ख, दुर्वृत्त, दुर्मति, अश्रश्रद्धालु, स्वदोषमी-मांसक, मीमांस्य इत्यादिको अन्न पनि अभोज्य हो भनि स्मृति-पुराणादिमा भनिएको छ ।

मांसभोजन– वेदमन्त्रसंहिता–ब्राह्मणादिग्रन्थमा मांसभोजनका प्रसङ्ग ठाँमठाँमै पाँइञ्चन्[1]। वैदिक धर्ममा मांसभोजन सर्वथा वर्ज्य मानिएको छैन[2] । त्याँहाँ अवैधमांसभोजन नगर्नु उत्तम कुरा

---

१. शौनकीयथर्ववेद- संहिता ६ ७०।१; मा. वा. शतपथ ३।१।२।२१; ३।४।१।२; ७।५।२।४२; ११।५।७।५; ११।७।१।३; १४।६।४।१७; ऐतरेयब्राह्मण ३।४ [१।१५] ; कात्यायनश्रौत. ७।३।२२-२४; २३।४।२१ आपस्तम्बधर्म. १।५।३।३०-३१; गौतमधर्म. २।८।३०।

२. (क) प्राणस्यान्नमिदं सर्वम् प्रजापतिरकल्पयत् । स्थावरञ्जङ्गमञ्चैव सर्वम् प्राणस्य भोजनम् ।। चराणामन्नमचरा दंष्ट्रिणामप्यदंष्ट्रिणः । अहस्ताश्च सहस्तानां शूराणाञ्चैव भीरवः ॥ नात्ता दुष्यत्यदन् आद्यान् प्राणिनोऽहन्यहन्यपि । धात्रैव सृष्टा ह्याद्याश्च प्राणिनोऽत्तार एव च ।।– मनु. ५।२८ ३०; (ख) न मांसभक्षणे दोषो न मद्ये न च मैथुने ।– मनु. ५।५६; (ग) अजश्चाश्वश्च मेषश्च गौश्च पक्षिगणाश्च ये । ग्राम्यारण्याश्चौषधयः प्राणस्यान्नमिति श्रुतिः ।। तथैवान्नं ह्यहरहस् सायम्प्रातर्निरुप्यते । पशवश्चाऽथ धान्यञ्च यज्ञस्याङ्गमितिश्रुतिः ।।– शान्तिपर्व २६८।१६-२०; (घ) अहस्तानि सहस्तानामपदानि चतुष्पदाम् । फल्गूनि तत्र महताञ्जीवो जीवस्य जीवनम् ।।– भागवत १।१३।४६।

मानिएको छ[1] तापनि अवस्थाविशेषमा[2] र वैध रूपमा प्राप्त हुँदा मांसभोजन गर्नै पर्ने कुरा पनि त्याँहाँ पाइन्छ[3]। 'मा हिंस्यात् सर्वा भूतानि' (कुनै प्राणिको पनि हिंसा नगर्नु) भन्ने कुरा वैदिक धर्ममा मान्य छ; तापनि रुखबड आँफै झरेका पात मत्रै खाएर सबैको जीवनयात्रा नचल्ने हुनाले र अन्नका दानाहरुको, सागपातको र पानिको उपयोग गर्दा पनि जीवहिंसा हुने हुनाले हिंसाविना जीवनयात्रा असम्भव हुँदा[4] जीवनयात्राका लागि हिंसा नगरि सुख नपाइने हुँनाले जीवनयात्राका लागि आवश्यक हिंसा

---

१. (क) वर्षेवर्षेऽश्वमेधेन यो यजेत शतं समाः। मांसानि च न खादेद् यस् तयोः पुण्यफलं समम्॥ मनु. ५।५३; (ख) गृहे गुरावरण्ये वा निवसन्नात्मवान् द्विजः। नाऽवेदविहितां हिंसामापद्यपि समाचरेत्॥- मनु. ५।४३। (द्रष्टव्य-मा. वा. शतपथ ११।६।१।३-६)।

२. (क) प्रोक्षितम् भक्षयेन् मांसम् ब्राह्मणानाञ्च काम्यया। यथाविधि नियुक्तश्च प्राणानामेव चात्यये॥- मनु. ५।२७; (ख) क्रीत्वा स्वयंवं वा ऽप्युत्पाद्य परोपकृतमेव वा। देवान् पितॄंश्चार्चयित्वा खादन् मांसं न दोषभाक्॥- मनु. ५।३२; (ग) यज्ञार्थम् ब्राह्मणैर् वद्ध्याः प्रशस्ता मृगपक्षिणः। भृत्यानाम् चैव वृत्त्यर्थमगस्त्यो ह्याचरत् पुरा।- मनु. ५/२२; (घ) स चेद् व्याधीयीत कामञ्ज गुरोरुच्छिष्टम् भेषजार्थं सर्वम् प्राश्नीयात्।- वसिष्ठधर्मसूत्र २३।६।

३. (क) नियुक्तस्तु यतिः श्राद्धे दैवे वा मांसमुत्सृजेत्। यावन्ति पशुरोमाणि तावन् नरकमृच्छति॥- वसिष्ठधर्मसूत्र ११।३४; (ख) नियुक्तस्तु यथान्यायंयं यो मांसन् नाऽत्ति मानवः। स प्रेत्य पशुतायँ यांति सम्भवानेकविंशतिम्॥- मनु. ५।३५; (ग) न त्वेवाऽमांसोऽर्घः स्यादधियज्ञमधिविवाहम्।- पारस्करगृह्यसूत्र १।३।२६; (घ) या वेदविहिता हिंसा नियताऽस्मिंश्चराचरे। अहिंसामेव तांवं विद्याद् वेदाद् धर्मो हि निर्बभौ॥- मनु. ५।४०।

४. (क) "न हि पश्यामि जीवन्तल् लोके कञ्चिदहिंसया। सत्त्वेन् सत्त्वा हि जीवन्ति दुर्बलैर्बलवत्तराः" इत्यादि॥- शान्तिपर्व १५।२०-२८; (ख) अन्यत्र राजन् हिंसाया वृत्तिर्नेहास्ति कस्यचित्। अप्यरण्यसमुत्थस्य एकस्य चरतो मुनेः॥- तौ १३०।२८।

वैदिक धर्ममा अनुमतै कुरा देखिन आउँच । तसर्थ उक्त भनाइको जीवनयात्राका लागि अत्यावश्यक हिंसाभन्दा वर्ता लौकिक हिंसा नगर्नु भन्ने नै भाव बुजिञ्च । हिंसा भनेको मार्नु मत्रै पनि हैन । कसैलाइ कुनै प्रकारको पीडा दिनु पनि हिंसै हो । तेस-कारणले पनि जीवनयात्रामा हिंसाबड सर्वथा बच्न असम्भवै छ । तेसैले, हुँदासम्म, ठुलो हिंसा नगरि साना हिंसाबड जीवनयात्रा चलाउनपर्च भन्ने वैदिकधर्मको व्यवस्था रएको देखिञ्च[1] । वैदिक धर्ममा ब्रह्महत्यालाइ सबभन्दा ठुलो पाप मानिएको[2] कुराबड पनि यो व्यवस्था स्पष्ट हुञ्च ।

शुद्धि– काल, जल, वायु, सूर्य, अग्नि, माटो, उपलेपन, मन, पश्चात्ताप, कर्म, उपवास, तपस्या, ज्ञान इत्यादि शुद्धिका कारण हुञ्चन् ।

भूमि यथोचित रूपमा बडार्नाले, पोत्नाले, डढाउनाले, कालले, गाइ हिँडाउनाले वा रातभर गाइ बसाउनाले, पानि छर्कनाले, खुर्कनाले, पुर्नाले शुद्ध हुञ्च; घर बडार्नाले, मन्त्राऽभ्युक्षणले,

---

१. अद्रोहेणैव भूतानामल्पद्रोहेण वा पुनः । या वृत्तिस्तां समास्थाय विप्रो जीवेदनापदि ॥– मनु. ४।२।

२. (क) भूतानाम् प्राणिनश्श्रेष्ठाः प्राणिनाम् बुद्धिजीविनः । बुद्धिमत्सु नराश्श्रेष्ठा नरेषु ब्राह्मणास् स्मृताः ॥ ब्राह्मणेषु च विद्वांसो विद्वत्सु कृतबुद्धयः । कृतबुद्धिषु कर्तारः कर्तृषु ब्रह्मवेदिनः ॥– मनु. १।९६–९७; (ख) ब्रह्महत्या सुरापानं स्तेयञ्च गुर्वङ्गनागमः । महान्ति पातकान्याहुस् संसर्गश्चापि तैस्सह ॥– मनु. ११।५४। (ग) ब्रह्मवद्ध्या परम्पापम् निष्कृतिर् नात्र विद्यते ॥– आदिपर्व १६१।७; (घ) न ब्राह्मणान् घातयीत दोषान् प्राप्नोति घातयन् । एतत् प्रमाणलं लोकस्य चक्षुरेतत् सनातनम् ॥– शान्तिपर्व १३२।१०; (ङ) एवं चैव नरश्श्रेष्ठ रक्षध्या एव द्विजातयः । सापराधानपि हि तान् विषयान्ते समुत्सृजेत् ॥ अभिशस्तमपि ह्येवाङ्ग कृपायीत विशाम्पते । ब्रह्मघ्ने गुरुतल्पे च भ्रूणहत्ये तथैव च । राजद्विष्टे च विप्रस्य विषयान्ते विसर्जनम् । विधीयते न शारीरन् दण्डमेवाङ्ग कदाचन ॥– शान्तिपर्व ५६।३१–३३; यस् तु सर्वमिदं हन्याद् ब्राह्मणं च न तत् समम् । ब्रह्मवद्ध्या महान् दोष इत्याहुः परमर्षयः ॥– अनुशासनपर्व ३३।२४।

पोत्नाले र काललें शुद्ध हुञ्च; बाटाको हिलो र पानि, नाउ, बाटो, झारपात, पाका इँटले चिठेको ठाम पनि अन्त्यजले छोएकामा पनि शुद्धै हुञ्चन्; भैँमा रएको गाइ–अगाडनि–जति पानि दुर्गन्ध – केश – हाड – शव – विष्ठा – मूत्र इत्यादि कुराले दूषित नभएमा शुद्धै हुञ्च; नदी–कूप–तडाग–आदि नढाकिएका ठामको पानि सूर्य–चन्द्रका किरणले र वतासले शुद्ध हुञ्चन्; शिल्पिको हात अमेद्ध्यलिप्त नभए शिल्पकर्ममा सधैँ शुद्धै मानिञ्च; बजार-को सिद्धान्नबाएक अरु वस्तु नानां प्रकारका क्रेताका हातले छोएको भए पनि शुद्धै मानिञ्च; ब्रह्मचारिले भिक्षा मागेर ल्याको भात-तिउन आदि अन्न बाटामा हिँडेर ल्याको भए पनि शुद्धै मानिञ्च; काँचो मासु, घिउ, मज्ज, फलका घिउ–तेलहरु अन्त्यज–म्लेच्छ-भाण्डमा रइञ्जेल मत्रै अशुद्ध हुञ्चन्, अन्त्यज-म्लेच्छ-भाण्डबट निस्केपछि शुद्धै मानिञ्चन्; मज्ज, घिउ, दुद, मोइ (तक्र), खिर, उखुको रस, गुडहरु शूद्द्रभाण्डस्थित पनि शुद्धै मानिञ्चन्; कोल सामान्यतया शुद्धै मानिञ्च; आँफ्ना पतिका लागि स्त्रीको मुख, दुद पगांदा बांच्छा–पाडा–पाठाहरुको मुख, मिर्ग पक्कँदा कुकुर, फल खसाल्दा काग आदि पक्षि; ब्राह्मणका पाउ, घोक्राको–घोडाको मुख, गाइको पिठ, स्त्रीका सबै अङ्ग शुद्धै मानिञ्चन्; सुन, गाइ, नेपालकम्बल, छुरा अमेद्ध्यलिप्त नभए शुद्धै मानिञ्चन्; चण्डालादिले मारेर ल्याको पशु-पक्षिका काँचा मासुहरु पनि शुद्धै मानिञ्चन्; आसन, शय्या, यान सामा-न्यतया शुद्धै मानिञ्चन्; पतिव्रता नारी, धर्मपरायण राजा, सन्तुष्ट ब्राह्मण सर्वदा शुद्धै मानिञ्चन्; सच्छूद्द्रले जुठो हाबेको भाँडो बसपल्ट सम्म खरानिले माँद्दै पखाल्दै गरे शुद्ध हुञ्च; सच्छूद्द्रले खाको भाँडो चारपल्ट माँजि आगामा हालेर गो–शृङ्गमा छ्वाए-पसि शुद्ध हुञ्च; अमेद्ध्यलिप्त नभाका उनका वस्त्र, पाटका वस्त्र, रेसमि वस्त्र, छाला आदि घाममा सुकाएर जलले प्रोक्षण गर्नलि शुद्ध हुञ्चन्; अमेद्ध्यलिप्त नभएका अशुचिस्पृष्ट डस्ना-सिरक-

सिरानिहरु घाममा सुकाएर हातले माडेर पानि छर्केपसि शुद्ध हुञ्चन्; अमेद्ध्यलिप्त भए त ति लेपगन्धादि-निराकरण-समर्थ प्रक्षालन-धावनादि गरेपछि मत्रै शुद्ध हुञ्चन्; देउताका जात्रा-मा, बियामा, यज्ञमा, उत्सवमा कागले कुकुरले छ्वाको अन्न धेरै छ भने त्यो संस्कारले शुद्ध हुञ्च; तीर्थमा, बियामा, जात्रामा, देउताका मन्दिरमा, सैनिक-शिविरमा, लडाइँमा, विषम प्रवेशमा, देशविप्लवमा, प्रवासमा, हाटबजारमा, पत्तनमार्गमा, घर जल्दा, गाम जल्दा, अत्यन्त आपत् पर्दा, तिर्खले मूर्छा होला जस्तो हुँदा सारै पीडा हुँदा, बाउ-आमा-गुरुका आज्ञाले काम गर्दा छुआछुत लाग्दैन, अस्पृश्यस्पर्शन भए पनि शुद्ध हुञ्च; गारामा, काठमा, साँगुमा, ठुला ढुङ्गामा, रथमा, मञ्चमा, नौकामा हात्तिमा, रुखमा, घाँसपातका भारिहरुमा र पानिमा पनि अस्पृश्य-स्पर्शन भए पनि शुद्ध हुञ्च; शरीर जलले, मन सत्यले, वाणी सद्बुद्धि-ले, जीवात्मा तपस्याले, बुद्धि आत्मज्ञानले, विद्द्वान् क्षमाले शुद्ध हुञ्च।

सद्वृत्त- देउता, गाइ, बाँउन, बाउ-आमा-दाजु आदि मान्यजनको र वृद्ध, सिद्ध, आचार्य-(गुरु-)हरुको सम्मान गर्नु; अग्निको परिचरण गर्नु, उत्तम बुटिको धारण गर्नु, शुद्ध वस्त्र पैरनु, विनीत-उज्ज्वल-वेष गर्नु, परिचित व्यक्तिसित भेट हुँदा पैलेइ बोल्नु, हँस-मुख हुनु, दीन-अनाथ-रोगिलाइ र गारो-साँगुरामा परेकालाइ यथाशक्ति सहायता गर्नु, समयमा हित-परि-मित-मधुर कुरा बोल्नु, लोकलज्जा लिनु, ठुलो उत्साह लिनु, मिलनसार हुनु, क्षमाशील हुनु, आस्तिकबुद्धि लिनु, सर्व प्राणिको बन्धुजस्तो हुनु, रिसाएकाहरुको क्रोधको शमन गर्नु, डराएकालाइ आश्वासन दिनु, प्रतिज्ञा-पालन गर्नु, सासले (सम्झाइ-बुझाइ) आफ्नु काम गराउनि गर्नु, अमर्षको नाश गर्नु, राग- द्वेषका हेतु-हरुको निराकरण गर्नु, असत्य नबोल्नु, आर्काको धन नलिनु, कसै-सित पनि शत्रुता गर्न नचाह्नु, आफुलाइ नराम्रो गनिलाइ

पनि नराम्रो नगर्नु, आंकाको दोष प्रकाशित नगर्नु, आकाको नोप्य कुरा जान्न नखोज्नु, अधार्मिक-नरेन्द्रद्विष्ट-उन्मत्त-पतित-क्षुद्र-दुष्ट-भ्रूणहन्ताहरुसित साथमा नवस्नु, दुश्चरित्र स्त्री-मित्र-भृत्यहरुसित नबस्नु, आँफ्नुभन्दा श्रेष्ठ चरित्र भएका व्यक्तिसित विरोध नगर्नु, आँफुभन्दा अवरको सेवा नगर्नु, कुटिल व्यवहार नगर्नु, अनार्यको आश्रय नलिनु, आर्कालाइ डर नदेखाउनु, कल नभिक्नु, थकै नमोरिकन मुख नभिजाइकन र कुनै वस्त्रै नलाइकन नन्बाउनु; स्नान गरेका वस्त्रले शिर नछुनु, न्वाएपछि नन्वाउँदै लाएका वस्त्र नलाउनु, पूज्य र मङ्गल्य वस्तुलाइ दाइने पारेर हिण्नु, अपूज्य र अमङ्गल्य वस्तुलाइ देउरे पारेर हिण्नु; हातमा रत्न नलाइकन, नन्वाइकन, अशुद्धवस्त्र नत्यागिकन, सन्ध्योपासन-स्वाद्ध्यायाद्ध्ययन नगरिकन, देउतालाइ नहोमिकन, वलिहरण नगरिकन, पितृलाइ नदिइकन गुरु-अतिथि-आश्रितलाइ नखवाइकन, अग्निमा अग्रहोम नगरिकन, मन्त्रले प्रोक्षण र अभिमन्त्रण नगरिकन भोजन नगर्नु; जतावड बतास आ छ तेता, अग्निपट्टि, पानितिर, चन्द्र-सूर्यतिर, ब्राह्मणतिर, गुरुजनतिर जानि गरेर थुक्नि, अपान-वायु छोड्नि, दिसा-पिसाप गर्नि नगर्नु; बाटाँ नमुत्नु, माऽछेका माजाँ, खान लाका बेलाँ, जप-होम-अद्ध्ययन-वलिहरण-मङ्गल-कर्म चलेका बेलाँ खकार-सिँगान बजाएर नफाल्नु; रजस्वला रोगिणी अपवित्र अकामा र अन्यकामा स्त्रीसित, परस्त्रीसित, ब्राह्मणका र गुरुजनका समीपमा, मन्दिरमा सम्भोग नगर्नु; सज्जनलाइ मान्यजनलाइ ब्राह्मणलाइ नभाको दोष लाएर कुरा नगर्नु; अनद्ध्यायमा अद्ध्ययन नगर्नु, सम्जौता नतोड्नु, नियम ननाग्नु, सन्ध्याकालमा खानि-पड्नि-स्त्री-सङ्ग-गर्नि-सुत्नि काम नगर्नु, बाल-वृद्ध-लुब्ध-मूर्ख-दीर्घरोगपीडित-नपुंसकहरुसित सक्ख्य नगर्नु, मदिरा-जुआ-वेश्याको सेवन नगर्नु, कसैलाइ अनादर नगर्नु, अहङ्कार नगर्नु, गाइ-उपर् डण्डा न-उठाउनु; बुडा, मान्यजन, समुदाय र राजालाइ आक्षेप लगाएर वा तिनका कुरा काटेर नबोल्नु; बन्धुलाइ प्रेमिलाइ दुःखमा

काम लागेकालाइ र आफ्नु रहस्य थाऽपाकालाइ बहिष्कार नगर्नु; अधीर नहुनु, सारै नै ठुलो मन पनि नगर्नु, स्वजन–विरहित नहुनु, एक्लै सुखि नहुनु, सँधै दुःखपूर्ण काम–कारवार मत्रै गर्नि पनि नहुनु; सबैमा विश्वास गर्नि र सबैमा शङ्कै मत्रै गर्नि पनि नहुनु, सदाकाल चिन्तापरायण नहुनु; कार्यकाल नगुमाउनु; राम्ररि नबुजेका कुरामा आग्रह नगर्नु; इन्द्रियका वशमा नपर्नु, चित्तलाइ नानाविषयमा नघुमाइरनु, जुम्सो नहुनु,कार्यसिद्धिमा उत्सुक नहुनु, काम बिग्रँदा दीन (दिक्क) पनि नहुनु; मैत्री–दया–दान–ज्ञान–ब्रह्मचर्य–प्रशम–परायण हुनु; कुनै प्राणिको पनि द्रोह नगरिकन वा हुँदासम्म थोरै द्रोह गरेर जे सस्तो वृत्ति चल्च तेस्तो धर्म्य वृत्ति लिनु, सन्तोषपरायण हुनु, आफ्नु–अवस्था–कार्य–धन–अद्ध्ययन–कुल–अन्सार्को वेष–बोलि–विचार लिएर लोकव्यवहारमा चल्नु; पाखण्डि–विकर्मस्थ–बैडोलव्रलिक–शठ–हैतुक–वकवृत्तिहरुलाइ वचन–ले मत्रै पनि सम्मान नगर्नु; सत्य र प्रिय बोल्नु, अप्रिय सत्य नबोल्नु, प्रिय असत्य पनि नबोल्नु; अङ्ग भङ्ग–भाऽका–कुनै–अङ्ग–बर्ता–भाऽका–विद्यानभाऽका–रूप–नभाऽका–धन–नभाऽका–बुडा–दुष्कुलीन–हरुलाइ आक्षेप गरेर नबोल्नु; नास्तिकता, वेदनिन्दा, देवतानिन्दा, द्वेष, ढोङ, अभिमान, रिस र तीक्ष्णता नगर्नु; रथिलाइ, ज्यादै बुडालाइ, रोगिलाइ, भारि बोकेकालाइ, स्त्रीलाइ, स्नातकलाइ र राजालाइ बाटो छोड्दिनु; चौबाटामा पुग्दा 'नमो रुद्राय पथिषदे' इत्यादि मन्त्रले, नदी तर्न लाग्दा 'नमो रुद्रायाऽप्सुषदे' इत्यादि मन्त्रले अभिमन्त्रण गर्नु; नाउ चड्न लाग्दा र नाउबाट उत्रन लाग्दा, बन पस्दा, पर्वत चड्न लाग्दा, श्मशान काटेर जान लाग्दा, गोठ काटेर जान लाग्दा, लक्षण्य वृक्षका समीपमा पुग्दा यथोचित अभिमन्त्रण गर्नु इत्यादि कुरा वैदिक परम्परामा सद्वृत्त (राम्रो चरित्र) मानिञ्च। एस विषयको विशेष प्रतिपादन चरकसंहिताका सूत्रस्थानका आठौं अद्ध्यायमा, मनुस्मृतिका चौथा अद्ध्यायमा, तैत्तिरीयोपनिषद्को आचार्यानुशासनमा, पारस्करगृह्यसूत्रमा र अन्यत्र पनि पाइञ्च।

कुटुम्बधर्म– कुटुम्बका व्यक्तिहरुले समान आस्था लिनु र मिल्दोजुल्दो मनोवृत्ति गर्नु, परस्परमा विद्द्वेष नगर्नु, एउडाले आर्कालाइ भक्खर व्याउकि गाइले नवजात बाच्छालाइ झैं इ चाआना गर्नु[1]; छोरी बाउको कर्मको अनुगामि र आमाको मन राख्नि हुनु; पत्नीले पति प्रति शान्तिप्रद मधुर बोलि बोल्नु; पत्नीले पतिका परोक्षमा गरेका कामको र पतिले पत्नीका परोक्षमा गरेका कामको एकले आर्कालाइ जानकारि दिनु र तेस्ता कामका फलमा दुअैको सहभागिता स्थापित गर्नु[2]; पति पत्नीमा र पत्नी पतिमा सन्तुष्ट हुनु[3]; भाइ-भाइमा दिदि-बैनिमा परस्परमा द्वेष नगर्नु, दाजु-भाइ दिदि-बैनिहरुले परस्परमा सोजो व्यवहार गर्नु र समानधर्मा हुनु[4]; कुटुम्बका सबै व्यक्तिले परस्परमा सद्-व्यवहार गर्नु, मिठो बोल्नु, सहयोगपूर्ण व्यवहार गर्नु, समान खान-पान गर्नु[5]; कुटुम्बमुक्ख्यले बाल-वृद्ध-रोगि-गर्भिणीहरु-लाइ र आश्रितहरुलाइ ख्वाएर मत्रै आँफुले खानि गर्नु[6], आचा-

१. सहृदयं साम्मनस्यमविद्वेषं कृणोमि वः। अन्यो अन्यमभि हर्यत वत्सं जातमिवाघ्न्या ॥– शौनक्कयथर्ववेदमन्त्रसंहिता ३।३०।१।

अनुव्रतः पितुः पुत्रो मात्रा भवतु सम्मनाः। जाया पत्ये मधुमतीं वाचं वदतु शान्तिवाम् ॥– तौ ३।३०।२।

२. यद्यज् जाया पचति त्वत् परःपरः पतिर् वा जाये त्वत् तिरः। वं तत् सृजेथां सह वां तदस्तु सम्पादयन्तौ सह लोकमेकम् ॥– तौ १२।३।३९

३. सन्तुष्टो भार्यया भर्ता भर्त्रा भार्या तथैव च। यस्मिन्नेव कुले नित्यञ् कल्याणन् तत्र वै ध्रुवम् ॥– मनु. ३।६०।

४. मा भ्राता भ्रातरं द्विक्षन् मा स्वतारमुत स्वसा। सम्यञ्चः सव्रता भूत्वा वाचं वदत भद्रया॥ येन देवा न वियन्ति नो च विद्विषते मिथः। तत् कृण्मो ब्रह्म वो गृहे संज्ञानं पुरुषेभ्यः ॥ –शौनक्कयथर्ववेदमन्त्रसंहिता ३।३०।३-४।

५. ज्यायस्वन्तश् चित्तिनो मा वियौष्ट संराधयन्तः सधुराश् चरन्तः। अन्यो अन्यस्मै वल्गु वदन्त एत सध्रीचीनान् वः सम्मनस्स् कृणोमि ॥ समानी प्रपा सह वोऽन्नभागः समाने योक्त्रे सह वो युनज्मि। सम्यञ्चोऽग्निं सपर्यतारा नाभिमिवाभितः ॥ तिहिं ३।३०।५-६॥

६. मनु. ३।११४-११६; याज्ञवल्क्य १।१०५।

र्थ--बाउ-आमा-दाजुलाइ पीडितै हुँदा पनि अपमान नगर्नु[1]; मामा-मा.इजु सानाबाउ-ठुलाबाउ - ससुरा - गुरु - पुरेतहरुको, भाउजु-फुपु-सानिमा-ठुलिआमाहरुको समुचित आदर--सम्मान गर्नु[2]; पिता-माता-गुरुको सेवा गर्नु[3]; बाउ-दाजु-भाइ (ससुरा) -पति-देवर-जेठाजुहरुले सम्बद्ध नारीको आदर-सत्कार अलङ्करण गर्नु[4]; ऋत्विक्, पुरोहित, आचार्य, मामा, अतिथि, आश्रित, बाल, वृद्ध रोगि, वैद्य, स्वकुलज, साला--जेठान, ज्वाँइ--भानिज, मावलि, आमा, बाउ, भाउजु--बुयाहि-दिदि-बैनि, भाइ, छोरा, पत्नी, छोरि, दासवर्ग इत्यादि--सित विवाद नगर्नु, तिनले आक्षेप गरेको सहनु[5]; दाजुले उमेर नपुगेका भाइहरुलाइ बाउले झैं नै पालनगर्नु र सन्मार्गमा लाउनु[6]; दाजुले गर्न पनि कर्तव्य गर्नि दाजुलाइ आमा-बाउलाइ झैं नै मान गर्नु, तेसो नगर्नि दाजुलाइ मामा-ठूलाबाउ-सानाबाउ-लाइ झैं मान गर्नु[7]; ऋषिऋण पितृऋण देवऋण चुकाएर कृतकृत्य भएका बाउलाइ आत्मचिन्तनका लागि सर्वव्यवहारबाट फुर्सद दिनु[8] इत्यादि वैदिक परम्परामा कुटुम्बधर्म मानिएका देखिन्छन् ।

राष्ट्रधर्म-- मनीषिहरुले लोकको कल्याणको, राष्ट्रिय बल-को र ओजको इच्छा गरेर विद्या--धर्म-सत्य-न्याय-पराक्रमता आदि समुचित तपस्या गर्नु र नियमहरुको पालना गर्नु[9]; राष्ट्रमा

---

१. आचार्यश्च पिता चैव माता भ्राता च पूर्वजः । नाऽऽर्तेनाप्यवमन्तव्या ब्राह्मणेन विशेषतः ॥- मनु. २।२२५ ।

२. मनु.२।१३०-१३३। ३. मनु. २।२२६-२३७, तैत्तिरीयोपनिषद् १।११।

४. मनु. ३।५५-५९। ५. मनु. ४।१७९-१८५। ६. मनु. ९।१०८ ।

७. मनु. ९।१०८-११०। ८. मनु. ४।२५७-२५८ ।

९. भद्रमिच्छन्त ऋषयः स्वर्विदस् तपो दीक्षामुपनिषेदुरग्रे । ततो राष्ट्रं बलमोजश्च जातं तदस्मै देवा उपसंनमन्तु ॥- शौनकदत्तर्षयेवेदमन्त्रसंहिता १९।४१।१।

चरित्रबल मात्र धन भएका भौतिक धन-जन-बल नभएका ब्राह्मण-को पीडन हुन नदिनु[1]; ब्राह्मणहरुले असत् शास्त्र पड्नि, अनाचार गर्नि, वेदवेदाङ्ग राम्ररि नपड्नि, अविधिले, र अनुचित रीतिले यज्ञयागादि गर्नि स्थिति राष्ट्रमा हुन नदिनु[2]; समाजमा विभिन्न वर्गको सामञ्जस्य स्थापित गर्नु[3]; राष्ट्रिय नेताको चयन गर्नु र नेताले राष्ट्रिय उत्पादनको सम्यग् वितरणको व्यवस्था मिलाउनु[4]; राष्ट्रमुख्यले ब्रह्मचर्यले र तपस्याले राष्ट्रको रक्षा गर्नु[5]; राष्ट्रान्तर्गत नरहरु राष्ट्रिय महत्त्वका सबै कुरालाइ गुणवान् र प्रभावकारि बनाउन सचेष्ट रहनु[6]; माथि राजधर्मका प्रसङ्गमा

---

१. (क) निर्वै क्षत्रं नयति हन्ति वर्चोऽग्निरिवारब्धो विदुनोति सर्वम् । यो ब्राह्मणं मन्यते अन्नमेव स विषस्य पिबति तैमातस्य ।। य एनं हन्ति मृदुं मन्यमानो देवपीयुर् धनकामो न चित्तात् । सं तस्येन्द्रो हृदयेऽग्निमिन्ध उभे एनं द्विष्टो नमसी चरन्तम् ।।- तीँ ५।१८।४-५. (ख) उग्रो राजा मन्यमानो ब्राह्मणं यो जिघत्सति । परा तत् सिच्यते राष्ट्रं ब्राह्मणो यत्र जीयते । तीँ—५।१९।६; (ग) तद् वै राष्ट्रमास्रवति नावं भिन्नाभिवोदकम् । ब्रह्माणं यत्र हिंसन्ति तद् राष्ट्रं हन्ति दुच्छुना ।।- तीँ ५।१०।८; (घ) न वर्षं मैत्रावरुणं ब्रह्मज्यमभि वर्षति । नास्मै समितिः कल्पते न मित्रं नयते वशम् ।।- तीँ ५।१९।१५ ।

२. दुरिष्टैर्दुरधीतैश्च दुराम्नानैर्दुरागमैः । विप्राणाङ् कर्मदोषैस्तैः प्रजानाञ् जायते भयम् ।।- वेदाङ्गज्योतिषव्याख्यामा (श्लो ४३) सोमाकरले उद्धृत गरेको स्मृतिवचन ।

३. ब्राह्मणोऽस्य मुखमासीद् बाहू राजन्यः कृतः । ऊरू तदस्य यद् वैश्यः पद्भ्यां शूद्रो अजायत ।।- शाकलऋग्वेदमन्त्रसंहिता १०।९०।१२।

४. त्वां विशो वृणतां राज्याय त्वामिमाः प्रदिशः पञ्च देवीः । वर्ष्मन् राष्ट्रस्य ककुदि श्रयस्व ततो न उग्रो विभजा वसूनि ।- शौनक्क्यथर्ववेदमन्त्रसंहिता ३।४।२ (द्रष्टव्य तीँ ३।४।४) ।

५. ब्रह्मचर्येण तपसा राजा राष्ट्रं वि रक्षति ।- तीँ ११।५।१७।

६. आब्राह्म्मन्न्ब्राह्म्मणो ब्रह्म्मवर्च्चसी जायतामा राष्ट्ट्रे राजन्न्यः शूरऽइषव्व्योऽतिव्व्याधी महारथो जायतान् दोग्ध्री धेनुर्व्वोढाऽनड्ड्वानाशुः सप्तिः पुरन्धिर्य्योषा जिष्णू रथेष्ट्ठाः सभेयो युवाऽस्य यजमानस्य वीरो जायतान् निकामेनिकामे नः पर्ज्जन्न्यो वर्षतु फलवत्यो नऽओषधयः पच्च्यन्तायँ योगक्षेमो नः कल्प्पताम् ।।- माद्ध्यन्दिनीयवाजसनेयिशुक्लयजुर्वेदमन्त्रसंहिता २२।२२।

अनिएका राजकर्तव्यहरुको दृढतापूर्वक पालन गर्नि व्यवस्था गर्नु; र राजदोषहरुको परिहार हुनि स्थिति बनाउनु; सत्य-धर्म-न्यायको रक्षाका लागि र परचक्रिका विविध आक्रमणबाट आँफ्नु राष्ट्रको रक्षाका लागि पनि राष्ट्रमुख्य सँधै युद्धमा उत्रनु[1], राष्ट्रमा विद्वान्ले उपभोग गर्न उचित कुरा अविद्वान्ले उपभोग गर्नि स्थान हुन नदिनु[2]; ब्राह्मणहरुले राष्ट्रमुख्यलाइ धर्मपूर्वक राष्ट्ररक्षा गर्नका लागि बलियो बनाँउनु[3] इत्यादि वैदिक परम्परामा राष्ट्रधर्म मानिएका देखिन आँउछन् ।

गृहस्थको दोस्रो प्रमुख धर्म प्रजनन

एति सम्मले गृहस्थका स्वाद्ध्यायाद्ध्ययन-प्रधान सामान्य सदाचारहरुकोसङ्क्षिप्त परिचय दिय्यो । गृहस्थका प्रमुख धर्म स्वाद्ध्यायाद्ध्ययन-प्रजनन-यजनहरुमद्देय[4] माथि उपनयनका प्रसङ्गमा र वैश्वदेवकर्म–(पञ्चमहायज्ञ–) का प्रसङ्गमा स्वाद्ध्यायाद्ध्ययनका विषयमा सङ्क्षिप्त चर्चा गरियो । अब प्रजननका सम्बन्धमा सङ्क्षिप्त चर्चा गरिञ्च । एस विषयको एउटा प्रमुख कुरा विवाहको सङ्क्षिप्त परिचय गृहस्थाश्रम– प्रारम्भको प्रतिपादनका अवसरमा दोसक्रिया छ । अरु केइ प्रमुख कुराको सङ्क्षिप्त विवरण तल दिइञ्च–

रजस्वलाव्रत – स्त्री रजस्वला भए पछि प्रजनन कृत्यको विशेष रूपमा प्रारम्भ हुनि हुँदा रजस्वला स्त्रीका नियमका विषयमा केइ कुरा लेखिञ्च । रजस्वला स्त्री रजोदर्शनदेखि-

---

१. राजा न सत्यः समितीरियानः ।–शाकलऋग्वेदसंहिता ९।९२।६।

२. विद्वद्भोज्यान्यविद्वांसो येषु राष्ट्रेषु भुञ्जते । तान्यनावृष्टिमृच्छन्ति सहस्र विन्दति वा भयम् ।।– वसिष्ठधर्मसूत्र (३।१२।) द्रष्टव्य ।

३. (क) आ त्वा गन् राष्ट्रं सह वर्चसोविहि प्राङ विशां पतिरेकराट् त्वं विराज । सर्वास्त्वा राजन् प्रदिशो ह्वयन्तूपसद्यो नमस्यो भवेह ।।– शौनकीय चतुर्वेदसंहिता ३।४।१।; (ख) यज्ञेन तपसा यज्ञैरब्रह्मोहेषु वर्षेण च । ब्राह्मणेभ्यो वशं कृत्वा [illegible] । तेषाम्यं ये वेदबलिनस्तेऽब्रुवन्प्रभव समन्ततः । राज्यो वः वर्धयेयुर् महेन्द्रस्येव देवताः ।। – महाभारतशान्तिपर्व ७८।९, १० (चित्रशाला.) ।

४. पुत्रस्य स्वाद्ध्याये प्रजनने यज्ञे च । वसिष्ठधर्मसूत्र ८।११ (आनन्दाश्रम) ।

तिन–रात–सम्म[1] पृथक् वस्न पर्च[2]। उसलाइ शूद्द्रस्त्रीले वा शूद्द्रपुरुषले पनि छुन हुँदैन। उसले तिनदिनसम्म स्वेच्छाले स्नान गर्न, तेल घस्न, कपाल कोर्न, गाजल लाउन, दाँत माँज्न, नङ काट्न, धागो कात्न डोरो बाट्न, पातले पिउन, माटाका भाँडाले पिउन हुँदैन; धातुका कटौराले वा अँजुलिले पिउन पर्च। रजस्स्वला स्त्रीसित बोल्न, बस्न; तिनले दिएको खान र तिसित सम्भोग गर्न पनि हुँदैन[3]।

गर्भाधान-संस्कार-- गर्भ राख्नि भाँडाको (पाठेघरको वा जायाको) शुद्धिको वा परिष्कारका लागि गरिनि संस्कार गर्भाधान संस्कार भनिञ्च। अरु शाखामा जायामा वीजाधान गर्नि कर्मलाइ गर्भाधान भन्नि कुरा पाँइञ्च तापनि माद्ध्यन्दिनीय-वाजसनेयिहरुको स्वशाखासूत्ररूप पारस्करगृह्यसूत्रमा विवाहका चौथा दिनमा गरिनि चतुर्थीकर्मरूप जायासंस्कार (गर्भाधानसंस्कार) गरेपछि जायामा प्रत्येक पटक बीजाधान गर्दा गर्न पर्नि विशेष कर्म नवताय्येकाले माद्ध्यन्दिनीय वाजसनेयिहरुका लागि उपर्युक्त पैलो अर्थ नै मान्न्य देखिञ्च। यद्द्यपि मा. वा. बृहदारण्यकमा (१४।९।४।१२--२०) पनि गर्भाधान-सम्बन्धि धेरै कुरा पाँइञ्चन्, तथापि ति अधिकारि-विशेषले मत्रै गर्नि पुत्रमन्थरूप काम्म्यकर्मका कुरा हुनाले पारस्करले तिनलाइ गर्भाधानरूप नित्त्य संस्कारका कुराका रूपमा नलिएको देखिञ्च। पारस्करगृह्यसूत्रानुसार ऋतुकालमा जायोपगमन गरेपछि पुरुषले 'यत्ते सुसीमे' (१।११।९–१०)इत्यादि मन्त्रले जायाहृदयालम्भन भने प्रत्येक पटक गर्नपर्च।

---

१. मा. वा. शतपथ. १४।९।४।१२(का. बृहदारण्यकोपनिषद् ६।४।१३)।

२. पैलो पाला पर सर्दा धेरैदिनसम्म पृथक् बस्नि नेपालिहरुको चलन छ। तेसको आधारभूत शास्त्रवचन देखिएको छैन। तसर्थ तेस चलनको (आचारको) अननुसरणीयस्वरूप [illegible] एस ग्रन्थका रचयिताले इष्ट मानेको छ। वाराणसीमा सोद्दाखोद्दा तेतातिर तेसरि धेरै दिन पृथक् बस्नि चलन नभाऽको कुरा पाय्येको छ।

३. आत्रेयतैत्तिरीयकृष्णयजुर्वेदसंहिता २।५।१।२।

पुंसवन-- स्त्रीमा गर्भ रएको निश्चित भएपछि प्रत्येक गर्भ । देखि बालक मचल्दै पुंसवन संस्कार गर्ने विधान गृह्यसूत्रहरूमा पाँइञ्च । एकको उद्देश्य सुसंस्कृत-पुरुषसन्तान प्राप्त गर्नु नै देखिञ्च[४] । छोरा जन्मोस भन्नि इच्छा नभए पुंसवन नगरे पनि हुनि देखिनाले यो काम्य कर्म जस्तो बुझिञ्च । सूत्रकारहरुले भने नित्य संस्कार जस्तै गरि बताएका छन् । नेपालि समाजमा यो संस्कार चलितमा देखिँदैन ।

सीमन्तोन्नयन-- यो संस्कार गर्भवतीको सौभाग्यका लागि र गर्भस्थ सन्तानको दीर्घ आयुका लागि प्रत्येक गर्भमा गरिने संस्कार देखिञ्च[५]। कसैले यो संस्कार प्रथम गर्भमा गरे पुनि संस्कार हो भनेको पाँइञ्च । गर्भवतीको सौभाग्यमा र सन्तानको दीर्घ आयुमा उदासीनता भए यो संस्कार पनि नगरेपनि हुनि देखिनाले यो पनि काम्य संस्कार जस्तो देखिञ्च । सूत्रकारादिले भने एसको नित्य संस्कार झैं नै गरि उल्लेख गरेका छन् । नेपालि समाजमा यो संस्कार पनि चलितमा देखिँदैन ।

जातकर्म— बालक जन्मेपछि गरिने कर्म जातकर्म भनिञ्च । पद्धतिहरुमा सोष्यन्तीकर्मलाइ अर्थात् सुत्केरि हुनि वेथा लागेपछि स्त्रीलाइ मन्त्रोच्चारणपूर्वक जलले अभ्युक्षण गर्ने कर्मलाइ र अवरावपातन कर्मलाइ अर्थात् सालनाल खसाल्न मन्त्रले सूतिकाको अभिमन्त्रण गर्ने कर्मलाइ पनि जातकर्ममा गाबेजस्तो देखिञ्च तापनि सोष्यन्तीकर्म र अवरावपातनकर्म जातकर्मका अङ्ग देखिँदैनन् । बालक जन्मेपछि नाल नकाट्दै मेधाजननकर्म गरिञ्च । तेसमा बालकलाइ मन्त्रोच्चारणपूर्वक मध्र

---

४. शौनकीयचर्चवेद—मन्त्रसंहितामा "पुमांसं पुत्रं जनय" इत्यादि मन्त्र पाँइञ्च ३।२३।३।

५. येनादितेः सीमानं नयति प्रजाबद्विर् बहते सौभगाय । तेनाहमस्यै सीमानं नयामि प्रजामस्यै जरदष्टिं कृणोमि ॥- कौथुमशाखान्दोग्य-(मन्त्र-) ब्राह्मण १।५।२।

र घिउ चटाइञ्च (द्रष्टव्य - शतपथ. १४।४।३।४) । अनि आयुष्यकर्म गरिञ्च । तेसमा नवजात बालखका नाभिमा वा कानमा वाउले 'अग्निरायुष्मान्' इत्यादि मन्त्रको जप गर्चन् । नवजात बालखको दीर्घ आयुको कामना भए वात्सप्राभिमर्शन पनि गरिञ्च । अनि ब्राह्मणद्वारा वा आँफै अनुप्राणन-कर्म गरिञ्च । अनि नालच्छेदन गरिञ्च । अनि बालख जन्मेका स्थानको अभिमन्त्रण गरिञ्च । अनि 'अश्मा भव' इत्यादि मन्त्रले नवजात छोराको अभिमर्शन र छोराकि आमाको (सूतिकाको) 'इडासि' इत्यादि मन्त्रले अभिमन्त्रण गरिञ्च । अनि सूतिकाको दाइने दुद धोएर मन्त्रोच्चारणपूर्वक बालखलाइ चुस्न दिइञ्च । अनि तेसै गरि देउरे दुद चुस्न दिइञ्च । अनि सुत्केरिको ओच्छ्यानका टाउकामा मन्त्रोच्चारणपूर्वक पात्रमा जल राखिञ्च । अनि सूतिकागृहका ढोकामा सूतिकाग्निको स्थापना गरि सूतिकोत्थान नभइञ्जेल व्यानबेलुका सन्ध्याकालमा कनिका मिसिएका सर्सिमका दुइ आहुति तेसै अग्निमा हालिञ्चन् । जातकर्ममा अरु होम हुँदैन । ऐले नेपालि समाजमा जातकर्म पुगिसरि नआएर र नजानेर होला नामकरणसितै गरिञ्च । पारस्करगृह्यसूत्रमा (१।१६।३) 'जातस्य कुमारस्य' भन्नि उल्लेख भाेकाले जातकर्म छोराको मत्रै गर्ने पनि छोरिको गर्ने नपनि भन्नि कुरा कर्कादिले लेख्याऽ छन् । जातकर्मका मन्त्रहरु पनि पुरुषपरकै देखिञ्चन् । सूत्रकारले पनि छोरिमा पनि त्यो कर्म हुनि कुराको छुट्टै विशेष सङ्केत नामकरणमा झैं केइ गर्न्याऽ देखिँदैन । मनुस्मृति-याज्ञवल्क्य-स्मृत्यादि-अनुसार् भने मन्त्ररहित जातकर्म छोरिको पनि गर्ने पर्नि नै देखिञ्च । एस ग्रन्थकारका विचारमा त पारस्करको "जातस्य कुमारस्य" भन्नि वाक्यांशमा 'जातस्य' यो पद 'सूत्राणिच्छन्दोवद् भवन्ति' भन्नि न्याय हुनाले सप्तम्यन्तार्थक षष्ठ्यन्त मान्न सकिनि हुँदा, श्रुतिमा 'जाते' भन्नि नै पद हुँदा (मा. वा. शत. १४।९।४।२३) र तेसो गर्दा तात्पर्यमा सूत्रान्तर-स्मृत्यन्तर-सर्वबाद पनि हुन सक्नि हुँदा तेसको

जन्मैपछि भन्नि अर्थ बुझिन आउनि हुनाले र 'कुमारस्य' भो पद कर्मसम्बन्ध देखाउनमा प्रवृत्त भाकाले छोरा--छोरि दुवैको जातकर्म पारस्करका मतमा पनि हुनि नै कुरा देखिन आउँछ । एस विषयमा वेदवेदाङ्गाभियुक्त विद्वान्हरुले विशेष विवेचन गर्नु उचित देखिञ्च ।

नामकरण-- सुत्केरि भाऊका दाम दिनमा सुत्केरिलाइ सुत्केरिको शय्याबड उठाएर स्नान गराइ तिन जाना बाउन ल्याएर बाउले जातकको नाम राख्न पर्च । नामकरण मा. वा. शतपथमा (६।१।३।९) पनि विहित देखिञ्च । गृह्यसूत्रहरुमा, मनुस्मृतिमा र अन्यत्र पनि दशम दिनमा नाम राख्नि कुरा पाँइञ्च । याज्ञवल्क्य--स्मृतिमा एकादश दिनमा नामकरण गर्नि कुरा भाको र 'सूतकान्ते नामकर्म विधेय स्वकुलोचितम्' इत्यादि अरु वचन पनि पाय्येको हुनाले दशम दिनमा सूतिकोत्थापन गर्नि र एघारौँ दिनमा नामकरण गर्नि व्यवस्था व्याख्याकारहरुले दिएका छन् । तथापि स्वसूत्रोक्त पक्ष नै प्रबलतम हुनाले माद्ध्यन्दिनीय वाजसनेयिहरुले दशम दिनमै सूतिकोत्थापन र नामकरण गर्न हुनि नै देखिञ्च ।

निष्क्रमणिका- जन्मेका चौथा मैनामा जातकलाइ पैलो पल्ट घर-आँगनबड बाहिर निकालेर मन्त्रोच्चारणपूर्वक सूर्यदर्शन गराउनि कर्म निष्क्रमणिका भनिञ्च । आजभोलि पुगिसरि नआएर होला नामकरणकै दिन यो कर्म पनि गर्नि चलन छ । बृहस्पतिस्मृतिमा र भविष्यपुराणमा जन्मेका बारौँ दिनमा निष्क्रमणिका गर्नि कुरा पाँइञ्च पनि । बारौँ दिनमा पनि नामकरण हुन सकिन हुनाले यो पक्ष नामकरणसँगै-निष्क्रमणिका-गर्नि-पक्ष जस्तो देखिञ्च । आश्वलायनले अन्नप्राशनका समयमा निष्क्रमणिका गर्नि पक्ष देखाएका छन् ।

अन्नप्राशन- जन्मेका छैटा मैनामा-अन्नप्राशन गर्नि कुरा पारस्करगृह्यसूत्रमा (१।१।९।१) छ । अन्त छोराको

छैटा मैनामा र छोरिको पाँचौं मैनामा अन्नप्राशन गर्नि कुरा पाइन्छ । पारस्करगृह्यसूत्रका व्याख्यामा कर्कोपाद्ध्याय-आदिले कुमारको अन्नप्राशन गर्नि कुरा लेखेका छन् । नामकरणमा (१।१७।३) र गृहोपस्थानमा (१।१८।६) कुमारीको पनि विधान-विशेष देखिनाले तदनन्तरोक्त एस कर्ममा पनि कुमारीको पनि प्राप्ति देखिन्छ । मनुस्मृत्यादि-अनुसार् पनि कुमारीको पनि मन्त्ररहित अन्नप्राशन गर्नपर्छ । अन्नप्राशनमा स्थालीपाक (चरु=देउतालाइ होम्नि भात) पकाएर लौकिकाग्नि-स्थापन गरि ब्रह्मोपवेशनादि आज्ज्यभागान्त कर्म गरेर घिउका दुइ आहुतिको होम, स्थालीपाकका चार आहुतिको होम, स्थालीपाकको स्विष्ट-कृद्होम, महाव्याहृत्यादि नौ आज्ज्याहुतिको होम, संस्रवप्राशन, ब्रह्मालाइ दक्षिणाको दान गरेर सबै रस सबै अन्न पस्केर बालखलाइ ख्वाइन्छ । कामना-अनुसार् विभिन्न पक्षिका वा माछाका मासुसित भात ख्वाउनि पनि विधान छ (पारस्कर. १।१९।७-१२) । कर्मका समाप्तिमा ब्राह्मणभोजन गराउनपर्छ ।

कर्णवेध- यो संस्कार पारस्करगृह्यसूत्रमा र अरु धेरै गृह्यसूत्रहरुमा प्रतिपादित छैन । तथापि समावर्तनमा कुण्डल लाउनि कुरा पारस्करले पनि गरेका छन् (२।६।२६) । तेसवड कान छेड्न पनि कुरा देखिन आउँछ । कात्यानगृह्यसूत्रमा चूडाकर्म-पछि कर्णवेधको उल्लेख छ । बौधायन-गृह्यशेषसूत्रमा र कौषीतकिगृह्यसूत्रमा "सप्तमे ऽ ष्टमे वा मासि कर्णवेधनम्" भनिएको देखिन्छ ।

चूडाकर्म- बालख वर्षिको भएपछि वा तेसपछि तिनवर्ष नपुग्दै वा कुलाचार-अनुसार् बालखको चूडाकर्म गर्नि विधान पारस्करगृह्यसूत्रमा छ । (२।१।१,३,४) । चूडाकर्ममा लौकिकाग्निको स्थापना गरेपछि तिन बाउन ख्वाएर बालखलाइ स्नान गराइ नएँ अधोवस्त्र र उपरिवस्त्र पैराएर काखमा लिइ आमा अग्निका पश्चिमपट्टि बस्नपर्छ । अनि बाउले आज्ज्याहुतिहरु

होमि संस्रवप्प्राशन गरेर (बालखलाइ अग्निका उत्तरपट्टि लगि पूर्वाभिमुख गराइ आमाका काखमा राखि आँफु उत्तराभिमुख भै) एउटा भाँडामा राखिएको घिसो पानिमा मन्त्रोच्चारणपूर्वक तातो पानि हालि तेसमा नौनिको वा घिउको वा दैको डल्लो हालेर तेसै पानिले बालखको दाइने कन्सिरि मन्त्रोच्चारणपूर्वक भिजाएर दुम्सिको तिन ठाममा सेतो (दुइ ठाममा कालो) भाको काँडाले केश तअलाएर तिनोडा कुशका तान्रा केशमाथि राखि केशलाइ मन्त्रोच्चारणपूर्वक छेकेर मन्त्रोच्चारणपूर्वक तामाको (वा तामाको काँजो भाको) छुरा लिइ मन्त्रोच्चारणपूर्वक कुशका तान्रामा छुराको धार राखेर मन्त्रोच्चारणपूर्वक कुशका तान्रा समेत केश काटेर उत्तरपट्टि (दिदिबैनिले काँसका थालमा) लिइ राखिएको (गोरुको वा बाच्छाको) गोबरका पिण्डमा कुशका तान्रा समेत काटेका केश फाल्नपर्च। दाइने–कन्सिरि–भिजाउनि–आदि काम मन्त्रोच्चारण विना पूर्ववत् नै फेरि दुइ पल्ट गर्नपर्च। अनि बालखको खौडिबुडिमा केश-भिजाउनि–आदि काम एक पल्ट मन्त्रोच्चारणपूर्वक र दुइपल्ट विना मन्त्र गर्नपर्च। अनि बालखको देउरे–कन्सिरि–भिजाउनि–आदि काम पूर्ववत् एकपल्ट मन्त्रोच्चारणपूर्वक र दुइपल्ट विना मन्त्र गर्नपर्च। अनि एकपल्ट मन्त्रोच्चारणपूर्वक शिरको ओरिपोरि छुरा प्रदक्षिण गरि घुमाएर फेरि दुइपल्ट विना मन्त्रोच्चारणै घुमाइ, माथि उल्लिखित पानिले नै बालखको शिर भिजाएर चूडाकर्मका कर्ताले(बाउले)'अक्षण्ण्व–न्परिबप' (घाउ नपारि कपाल खौर) भनि नाउलाइ छुरा दिन पर्च र नाउले बालखको कुलको–आचार–अन्सार टुप्पि राखि कपाल खौरनपर्च[1]। केश र गोबरको पिण्ड गोठमा वा पोखरिमा वा

---

१. अम्बिकाप्रसाद अधिकारि–(बडागुरज्यु)को, २०४४।१२।१३ मितिको गोर्खापत्रमा प्रकाशित 'केही वैदिक संस्कारहरु' भन्नि लेखमा परेको "बाबु आफैले बडो प्रेमले खुब राम्रोसँग केशसंस्कार गर्छ" भन्नि चूडाकर्म–सम्बन्धि भनाइ पारस्कर गृह्यसूत्रको प्रतिकूल हुनाले गलत देखिन्छ। एस्ता गलत कुराहरु तेस लेखमा थेरै परेका छन्; तेस्ता शासन नियन्त्रित पत्रिकामा प्रकाशित लेखबड धार्मिक पाठक बअकिन हुँदैन। शिखा–(टुप्पि–) को आवश्यकता अगि नै (११२ पृ. ४ टि.) देखाइ सकिया छ।

नदीका-खोलाका किनारमा गुप्त गरि सेलाउन लाएर कर्ताका आचार्यलाइ कर्ताले वर (अभीष्ट दक्षिणा) दिन पर्च । नेपालि समाजमा यो कर्म पुगिसरि नआउनाले होला प्राय वर्तुनका दिनमै गरिनि हुनाले यो एउटा वर्तुनभन्दा भिन्दै संस्कार हो भन्नि कुरामा पनि जनसाधारणको ध्यान नगाको बुजिञ्च । कसैले वर्तुनभन्दा अगि यो कर्म नेपालि बाउनहरुले गर्नै हुदैन कि भन्नि शङ्का लिएको पनि देखिञ्च । तथापि स्वगृह्यसूत्रोक्त प्रथम कल्प हुनाले अनुकूल परेमा बर्सिका बालखको पनि चूडाकर्म गर्न माद्ध्यन्दिनीय-वाजसनेयि नेपालि बाउनहरुले हिच्किचाउन नपर्नि नै देखिञ्च । मनुस्मृत्यादिबड अमन्त्रक चूडाकर्म छोरिको पनि गर्न पर्नि देखिञ्च तापनि यो कुरा ऐले व्यवहारमा आको देखिँदैन ।

गृहस्थको तेस्रो प्रमुख धर्म यजन

एसरि एक गृहस्थ द्विजातिले पालना गर्न पर्नि आचारहरुका साथ स्वाद्ध्यायाद्ध्ययन धर्मको र प्रजनन-धर्मको निर्वाह गर्दा अवश्यै गर्न पर्नि कुराहरुको सङ्क्षिप्त परिचय दिय्यो । हुनत ब्राह्मण बाउले आँपना सन्तानको उपनयन र वेदाद्ध्यापन[1] पनि आँफै गर्नु मुक्ख्य कल्प हो, अरु आचार्यद्वारा उपनयन-वेदाद्ध्यापन गराउनु गौण कल्प हो र उपनयनको पनि एसै प्रकरणमा परिचय दिन् जाति नै थियो, तथापि सबै ब्राह्मण बाउहरु तेसो गर्न समर्थ नहुनि र क्षत्रिय-वैश्य बाउहरुले साधारणतया तेसो गर्न नहुनि हुनाले तथा उपनयनपूर्वक आचार्यबड मन्त्रदान-पाए-पछि वा वेद-वेदाङ्गाद्ध्ययन सम्पन्न भएपछि द्विजातिको बाउ-आमाले दिएको जन्म-(आहार-निद्रा-भय-मैथुन दिरत पशुसाधारण प्राणिका रूपमा भएको जन्म-) भन्दा विलक्षण जन्म (धार्मिक दार्शनिक दृष्टि समेत भाऽको प्राणिका रूपमाहुनि जन्म) हुनि हुनाले (मनु. २।१६९) संस्कारहरुमा उपनयनको भिन्नै प्रकारको स्थान हुँदा

१. (क) तस्मात्पुत्रमनुशिष्टं लोक्यमाहुस्तस्मादेनमनुशासति।- का. वा. बृ. उ १।५।१७; (ख) कुमाराऽनुत्वाशिषत् पिता ?- छा. उ. ५।३।१।

तेसको अगि नै छुट्टै प्रसङ्गमा वर्णन गरिसकिएकाले पनि उपनयनको एस प्रकरणमा परिचय दीरन आवश्यक भएन । छोरिहरुलाइ धर्मविवाह गरेर पतिगृहमा पठाउनु र छोराहरुलाइ धर्मविवाह गरि गृहस्थ-धर्ममा निविष्ट गराउनु पनि साधारणतया द्विजाति गृहस्थ बाउको कर्तव्य मानिन्छ[२] तापनि विवाह सबैले गर्ने पनि कर्म नभै अधिकारि-विशेषले मत्रै गर्नि कर्म हुनाले[३] र तेसको छुट्टै प्रसङ्गमा अगि नै परिचय दीसकिएको हुँदा पनि एस प्रकरणमा पुनरुक्ति गर्न आवश्यक भएन । अब अल्लि समृद्ध गृहस्थहरुवड सम्पन्न हुन सक्ने यजन-अन्तर्गत लिन सकिने गृहस्थकर्महरुको परिचय तल दिइन्छ-

अग्निप्रसवादि कर्म

अग्निप्रसव- गृह्याग्निको आधान गरेर तेसमा गर्न पनि नित्यकर्महरु गर्न नसकिन भए पनि सायम्प्रातर्होम-पक्षादिकर्म-पिण्डपितृयज्ञहरु सम्म गर्न सकिन गृहस्थादिले प्रतिदिन अग्निप्रसवविधानले (पृष्टोदिविविधानले) अग्नि बाल्नि कामलाइ अग्निप्रसव वा प्रसव भन्छन् । एसरि अग्निप्रसव गर्नि विधान कात्यायनीय-अष्टादश-परिशिष्टमद्देको प्रसवोत्थानम्' भन्ने सत्रौं परिशिष्टमा छ । तेसैलाइ पृष्टोदिविविधान पनि भन्निन्छरिएको पाइन्छ । कात्यायनगृह्यसूत्रमा पनि पञ्चमहायज्ञको विधान-पछि यो विधान देखिन्छ । एस विधानले प्रसूत (स्थापित) अग्निमा सायम्प्रातर्होम, पञ्चमहायज्ञ, पक्षादिकर्म, पिण्डपितृयज्ञ र

---

२. अपत्यमुत्पाद्य ततः प्रतिष्ठाप्य कुलन् तथा । पुत्राः प्रदेया ज्ञानेषु कुलधर्मेषु भारत ॥ कन्या चोत्पाद्य दातव्या कुलपुत्राय धीमते । पुत्रा निवेश्याश्च कुलाद् भृत्या लब्ध्याश् च भारत ॥- अनुशासनपर्व १०४।१२४-१२६।

३. यदा तु ब्रह्मचर्यात् प्रव्रजति तदा न प्रजोत्पादनादिनियमः, अकृतदारपरिग्रहस्य तत्राऽनधिकारात् रागप्रयुक्तत्वाच्च विवाहस्य- या. स्मृ. व्या. मिताक्षरा ३।५६-५७।

आग्नेयण गर्न हुन्छ । इ कर्महरुमा पञ्चमहायज्ञको र आग्नेयणको परिचय माथि नै दीसकिएकाले अवशिष्ट कर्महरुको संक्षिप्त परिचय तल दिइन्छ ।

सायम्प्रातर्होम (वा औपासनपरिचरण)– सायङ्कालमा अग्निप्रसव–गरि सन्ध्योपासन गरेर सूर्य–अस्ताए–पछि अग्निका समीपमा गएर अग्निका पश्चिमपट्टि प्राङ्मुख भै बसेर उपयमन-कुशहरु, तिनोडा समिधा, जल र अक्षततण्डुल अग्निका उत्तरपट्टि प्राक्संस्थ गरि राखेर उपयमन-कुशहरु लिएर उठेरै अग्निमा तिन समिधा हालेर पर्युक्षण गरेर राम्ररि बलेका अग्निमा देवताको ध्यान गर्दै "अग्नये स्वाहा, (इदमग्नये)" भनि अक्षततण्डुलको पैलो आहुति होमि, मनले मत्रै "प्रजापतये स्वाहा (इदम् प्रजापतये)" भनि दोस्रो आहुति होम्नपर्च । प्रातःकालमा पनि स्नानसन्ध्योपासन गरि सूर्यनउदाउँदै अग्निप्रसव गरेर पूर्वोक्त प्रकारले "सूर्य्याय स्वाहा (इदं सूर्य्याय)" भनि अक्षततण्डुलको पैलो आहुति होमि मनले मत्रै "प्रजापतये स्वाहा (इदम् प्रजापतये)" भनि दोस्रो आहुति होम्न पर्च ।

पक्षादिकर्म (पूर्णमासस्थालीपाक र दर्शस्थालीपाक)– अग्निप्रसव गरि सायम्प्रातर्होम गर्न थाले–पछि पूर्णिमा र प्रतिपदाको सन्धिमा पूर्णमासस्थालीपाक र अमावास्या र प्रतिपदाको सन्धिमा दर्शस्थालीपाक पनि गर्नपर्च । पूर्णमासस्थालीपाक-कर्म गर्दा प्रातःस्नान-सन्ध्योपासन अग्निप्रसव र प्रातर्होम गरि ब्रह्मोपवेशनादि आज्यभागान्त कर्म गरेर अग्नि, अग्नीषोम, अग्नीषोम, ब्रह्मा, प्रजापति, विश्वेदेव, द्यावापृथिवीहरुलाइ स्थालीपाकहोम गरि विश्वेदेव-भूतगृह्य–आकाशहरुलाइ बलिहरण गरेर अग्नि-प्रजापति-विश्वेदेवहरुलाइ वैश्वदेवाख्य होमि स्थालीपाक र वैश्वदेवान्नले स्विष्टकृद्होम गरेर भूरादि नौ आज्याहुति होमि स्थालीपाकबाट स्रुवले अग्निगृहबाहिर स्त्री–पुमान्–आदिलाइ बलिहरण गरेर शेष-स्थालीपाक–प्रप्लावन गरि ब्राह्मणभोजन गराउन पर्च ।

दर्शस्थालीपाक-कर्म गर्दा अमावास्याका- दिन पिण्डपितृयज्ञ गरेर अमावास्या र प्रतिपदाका सन्धिमा दर्शस्थालीपाक-कर्म गर्नपर्छ । तेसमा अग्नि-अग्नीषोम – अग्नीषोमका स्थानमा अग्नि-विष्णु-इन्द्राग्निलाइ स्थालीपाक होम्नपर्छ, अरुकर्म पूर्ववत् हो । पक्षादिकर्म सकिएपछि वैश्वदेवकर्म (पञ्चमहायज्ञ) गर्नपर्छ ।

पिण्डपितृयज्ञ– दर्शस्थालीपाक गर्नि दिनभन्दा अगिल्ला दिन अग्निप्रसवविधानले सायम्प्रातर्होमादिकर्म गर्निले पनि पिण्ड-पितृयज्ञ गर्नपर्छ । पिण्डपितृयज्ञ गर्दा प्रातःस्नानसन्ध्यो-पासनादि अग्निप्रसव र प्रातर्होम गरि यथाकाल वैश्वदेवकर्म पनि सम्पन्न गरेर अपराह्णमा अपसव्यले वा सव्यले नै नीविकरण गरेर अपसव्यमरेर अग्निको दक्षिणसंस्थपरिस्तरण गरि अग्निका पश्चिम पट्टि वा उत्तरपट्टि दक्षिणसंस्थ गरि एउडाएउडा गरि पात्रासादन गरिकन हविर्ग्रहण गरेर अवहननादि गरि चरुपाक गरेर अभिघारण र उद्वासन गरि दक्षिणतिरै फर्केर अग्निमा अग्निलाइ र सोमलाइ दुइ आहुति होमि मेक्षण अग्निमा फालेर अपसव्यले नै अग्निका पश्चिमपट्टि वा दक्षिणपट्टि स्फ्यले दक्षिणसंस्थ रेखा कोरि रेखाका अगाडि उल्मुककरण गरेर, रेखाका मूल–मद्ध्य–अग्रमा पिता–पितामह–प्रपितामहलाइ अवनेजन दिइ सकृदाच्छिन्न कुश ओच्छ्याइ पिण्डदान गर्नपर्छ । अनि 'अत्र पितरः' इत्यादि जप गरि अप्रदक्षिण प्रकारले उत्तरतिर फर्केर सास रोकन सकिन्जेल रोकेर वासि प्रदक्षिण प्रकारले दक्षिण फर्केर पिण्डाभिमुख भै 'अमीमदन्त' इत्यादि जपेर पिण्डहरु माथि अवनेजन दिइ नीवि खोलेर 'नमोवः' इत्यादिले छ पुटाञ्जलि गरि 'गृहान्नः' इत्यादि जपि 'एतद्वः पितरो वासः' भनि तिनतिन सूत्र वा आँफ्ना जातिका रुम पिण्डमाथि राखेर 'ऊर्ज्जंवँ वहन्तीः' इत्यादि मन्त्रले उदस्थालीको सबै पानि पिण्डमाथि खन्याएर चरुस्थालीमा पिण्ड उठाइ अवघ्राण गरेर सकृदाच्छिन्न कुशहरु अग्निमा हालि उल्मुक पनि अग्निमा हाल्न पर्छ । अनि उदकोपस्पर्शन गर्न पर्छ । यजमानपत्नो छोरो पाउन चाहानि भए मध्यमपिण्ड अवघ्राण

नगरिकनै उसलाइ दिनपर्छ र उसले मन्त्रोच्चारणपूर्वक खान पर्छ । कर्म सिद्धिएपछि पत्नीले मद्ध्यम पिण्ड नखाएमा तिनै पिण्ड र खाएमा अवशिष्ट दुइ पिण्ड ब्राह्मणलाइ खुवाउनि वा पानिमा सेलाउनि गर्न पर्छ ।

गृह्याग्न्याधान र गृह्याग्निमान्का प्रमुख कृत्य

गृह्याग्न्याधान - गृह्याग्निलाइ आवसत्थ्याग्नि, शालाग्नि, औपसद्याग्नि, औपासनाग्नि, स्मार्ताग्नि, पाकाग्नि र वैवाहिकाग्नि पनि भन्छन् । विवाहकालमा वा अंशवण्डाका वेलामा घरै पशु भएका वैश्यका घरवड अग्नि ल्याएर वा अरणिमन्थन गरेर अग्नि निकालि विधिपूर्वक स्थापना गरिएको अग्नि गृह्याग्नि भनिन्छ । एस अग्निस्थापनालाइ नै गृह्याग्न्याधान भन्छन् । आश्वलायनीयहरुको भने जुन अग्निमा विवाह गरिन्छ तेइ अग्नि गृह्याग्नि मानिन्छ । एस अग्निलाइ आजीवन ननिवाइ राख्नि विधान छ । बौधायनधर्मसूत्रमा भने श्रौताग्नि नलिइन्जेल गृह्याग्निमा कर्म गर्नि कुरा पाँइन्छ । नम्बुदरिहरुमा एस्तै परम्परा पनि रछ । एसै अग्निमा गृहस्थवाट औपासनपरिचरण (सायम्प्रातर्होम), पञ्चमहायज्ञ (वैश्यवदेवकर्म), पक्षादिकर्म, नवान्नप्राशनकर्मादि गरिन्छन् । श्रौताग्नि लिन नसक्केको भए पिण्डपितृयज्ञ पनि एसै अग्निमा गरिन्छ[1] । साँजव्यान भात पकाउनि काम पनि एसै अग्निमा गर्नि पनि पर्छ छ । एस

---

१. यद्यपि कात्यायनश्रौतसूत्रको "अनाहिताग्नेरप्येषः" भन्नि सूत्र (४।१।२१) कर्कका भाष्यमा पाँइदैन तथापि देवयाज्ञिकका भाष्यमा पाँइन्छ र उनका पद्धतिमा पनि उल्लिखित देखिन्छ । गदाधर-भाष्यमा र विश्वनाथभाष्यमा पनि उक्त सूत्र उल्लिखित छ । प्रसवोत्थानपरिशिष्टमा पनि अनुकल्पकाग्निमा पनि पिण्डपितृयज्ञ गर्नु भनि विधान पाँइन्छ । आश्वलायनश्रौतसूत्रमा 'एवमनाहिताग्निर्निर्त्ये'(२।७।१८)भनि तथा गोभिलगृह्यसूत्रमा पनि "शालाग्नावनाहिताग्नेः" (४।४।७) भनि एस्तो कुरा प्रतिपादित गरिया छ । वीरमित्रोदयका संस्कारप्रकाशमा पनि (६०६-६०७ पृ.)एस विषयको प्रतिपादन छ ।

अग्निको आधान गृहस्थका लागि अत्यन्त आवश्यक मानियो छ[1]। तथापि गृहस्थ-धर्मको राम्ररि निर्वाह गर्नि शक्ति नभाऽका द्विजातिहरु पनि इन्द्रियदौर्बल्यादिले दारसङ्ग्रहमा प्रवृत्त हुनि र युगभ्रंशादिका प्रभावले तिनलाइ धनिवलिहरुबाट आवश्यक साहाय्य पनि नमिलिदा हुँदा तिनले गृह्याग्निको धारण गर्न नसकनि हुन आउनि भएकाले तिनका लागि अनुकल्पकाग्निको व्यवस्था शास्त्रमा गरिया छ। कातीय – अष्टादशपरिशिष्ट-मद्देको– प्रसवोत्थानपरिशिष्टान्तर्गत अग्निप्रसवविधान (पृष्ट्रेदिविधान) एस्तै व्यवस्था हो। शाखान्तरमा र स्मृतिहरुमा पनि एस्तै प्रकारका अनुकल्प देखाएया पाइन्छन्[2]। गृह्याग्नि नलिनिको निन्दा पनि अधिकार र धन हुँदाहुँदै अल्छिने वा लोभमोहले गृह्याग्नि नलिनिलाइ[3] नै लक्ष्य गरेर गरियो बुझिन्छ। असामर्थ्यले वा ज्ञानाद्ध्ययननिष्ठादिले गृह्याग्निको आधान नगरेकामा त निन्दित हुनि देखिँदैन[4]।

---

१. कृतदारो न तिष्ठेत वक्षणमप्यग्निना विना। यदि तिष्ठेद् द्विजो मोहात्पस् तथा च पतितो भवेत्॥– प्रथमयज्ञपार्श्व श्लो. ३७।

२. "औपासनं वा धारयमाणो ब्रह्मौदनं कृत्वोत्सृज्य कर्मणिकर्मण्येवैनं पुनः संस्कृत्याहरति।-बौधायनगृह्यपरिभाषासूत्र १।१०।७ (द्रष्टव्य– वैखानसस्मार्तसूत्र ४।१; १६; व्यासस्मृति ३।३१-३२ इत्यादि)।

३. (क) आलस्यादथवा लोभाद् योऽग्निन्नाधातुमिच्छति। नयजेत् पाकयज्ञैस्तु स याति नरकान् बहून्।– प्रथमयज्ञपार्श्व श्लो. ३९; (ख)स्वकञ्च कर्म परित्यज्य यदन्यत् कुरुते द्विजः। अज्ञानादथवा लोभात् स तेन पतितो भवेत्।'– दक्षस्मृति २।३; (ग) अनिर्वर्त्य महायज्ञान् यो भुञ्जीत प्रत्यहञ्च गृही। अनातुरस् सति धने कृच्छ्रार्धेन विशुद्ध्यति॥- पराशरमाधवीयका प्रायश्चित्तकाण्डमा (४४३ पृ.) उद्धृत बृहस्पतिवचन; (घ) पञ्चयज्ञांस्तु यो मोहान् न करोति गृहाश्रमे। तस्य नाऽयन् न च परो लोको भवति धर्मतः॥ –शान्तिपर्व १४६।७।

४. पितृपाकोपजीवी स्याद् भ्रातृपाकोपजीवकः। ज्ञानाद्ध्ययननिष्ठो वा न दुष्येतानिना विना॥– रेणुकदीक्षितकृतगृह्यकारिका। [आश्वलायनगृह्यसूत्रमा पनि "विद्ययैवाऽप्यस्ति प्रीतिः" भन्ने पक्ष पनि देखाएया छ (१।१।५); मनुस्मृतिमा पनि 'ज्ञानेनैवाऽपरे विप्राः' इत्यादि भनिया छ (४।२४); इतिहासोपनिषद्मा पनि "अनग्निकस्य वेदोऽग्निर् वेदहीनोऽप्यनग्निकः। साग्निकोऽप्यनधीतः स्यात् सएषोऽनग्निकः स्मृतः" भन्ने वचन (पृ. १३) पाइन्छ।

उपर्युक्त सबै कुराका विचारबड सामान्यतया अधिकार र धन भएका जीविका राम्ररि नै चलेका व्यक्तिहरुले गृह्याग्न्याधान गरि गृह्याग्निसाद्ध्य कर्महरु गर्नि व्यवस्था वैदिक परम्परामा मान्य भाऽको कुरा बुजिन आउँछ ।

गृह्याग्निमान्का थप प्रमुख कृत्य- गृह्याग्निमा-गरिनि-प्रमुखकर्ममद्दे वैश्वदेव कर्म (पञ्चमहायज्ञ) र आग्रयण-(नवान्नप्राशन) लौकिक अग्निमा पनि र औपासनपरिचण (सायम्प्रातर्होम),पक्षादिकर्म (पूर्णमासस्थालीपाक तथा दर्शस्थाली-पाक) र पिण्डपितृयज्ञ प्रसवोत्थानपरिशिष्टोक्त अनुकल्पकाग्निमा पनि हुन सक्नि भाकाले तिनको सामान्य सदाचारका प्रकरणमा र अग्निप्रसव-(अनुकल्पकाग्निस्थापन-) का प्रकरणमा सामान्य परिचय दीसकिया छ । अब गृह्याग्निमान्का पारस्करगृह्यसूत्रोक्त थप प्रमुखकर्महरुको सङ्क्षेपमा परिचय तल दिइञ्च—

शालाकर्म- विवाह र अग्न्याधान गरेका द्विजाति गृहस्थले (बाउ-बाजेका पालाको वा बनेको घर नभएमा) यथाविधि घर बनाउनि र तेसमा प्रवेश गर्नि तथा हवन-प्रोक्षण-अभिमर्शन-दिगुपस्थान-प्रपदन-आदि गर्नि समेत कृत्यलाइ शालाकर्म भञ्चन् ।

मणिकाबधान- साग्नि निरग्नि सबै गृहस्थले घरमा गर्न पर्नि (द्रष्टव्य-हरिहरभाष्य) वा गृह्याऽग्न्याधान गरेपछि तेसै दिनमा गर्न पर्नि (द्रष्टव्य-विश्वनाथभाष्य) मणिक-(पानिको ध्याम्पो-) को यथाविधि स्थापना गर्नि काम मणिकाबधान भनिञ्च । गृह्याग्निमान् गृहस्थले वा सबै गृहस्थले घरमा धार्मिक-कृत्य गर्दा मणिकका जलले गर्नपर्च ।

व्रीहिप्रवपणकर्म र यवप्रवपणकर्म- व्रीहि (भदय्याधान) रोप्नि वेलाँऽ गृह्याग्निमान् वार्तावृत्ति गृहस्थले गर्न पर्नि इन्द्र-पर्जन्यादि-स्थालीपाकहोमादिलाइ व्रीहिप्रवपणकर्म र जौ छर्नि वेलाँऽ गर्न पर्नि तेस्तै होमादिलाइ यवप्रवपणकर्म भञ्चन् ।

सीतायज्ञ- धान र जौ पाक्नि वेलाँऽ गृह्याग्निमान् वार्तावृत्ति गृहस्थले खेतमा पूर्वपट्टि वा गाममा यथाविधि गर्न

पनि आज्ज्याहुतिहोम – स्थालीपाकहोम – बलिहरणादिकर्मलाइ सीतायज्ञ भन्छन् ।

श्रवणाकर्म– माउनका पुर्न्याङ्का दिन स्थालीपाक, अक्षतधाना, एककपाल पुरोडाश बनाएर धेरै धानाको सातु पिनिकन गरिनि हवन र सर्वहरुलाइ बलिहरण गर्नि इत्यादि कर्म श्रवणाकर्म भनिन्छ । माउनका पुर्न्यदेखि मङ्सिरका पुर्न्यासम्म दिनदिनै पनि साँजमा उक्त सातुकाशे पले बलिहरण गरिन्छ । एसो गर्दा घरका ओरिपोरि सर्प आँउँदैनन् भन्नि सिद्धान्त छ ।

इन्द्रयज्ञ - भदौका पुर्न्यामा खिर र बाक्ला रोटि पकाएर रोटिले अग्निको परिस्तरण गरेर आज्ज्याहुतिहरु र इन्द्रलाइ पायसाहुति होमि स्विष्टकृद्होम र मरुत्हरुलाइ सातोडा पिपलका पातमा पायस–बलिहरण गरि जपविशेष गर्नि कर्म इन्द्रयज्ञ भनिन्छ ।

आश्वयुजीकर्म– असोजका पुर्न्यामा खिर पकाएर खिर-दै–मह–घिउ मिसाएर इन्द्रादिलाइ र दै र घिउ मिसाएर प्रजापतिलाइ होम गर्नि इत्यादि कर्म आश्वयुजीकर्म(वा 'पृषातकाः') भनिन्छ । एस दिन रातभर गाइका माउ-बाच्छा सँगै बस्न दिन-पर्छ (बाच्छा बाँध्न हुँदैन) ।

आग्रहायणीकर्म - मङ्सिरको पुर्न्याङ्का दिन स्थालीपाक पकाएर आज्ज्याहुति होमि स्थालीपाकहवन पनि गरेर श्रवणाकर्म-का दिन बनाइका सातुका अवशेषले सर्वहरुलाइ बलिहरण गरि साउने पुर्न्यामा थालेको सर्पबलिहरणकर्मको उत्सर्ग (समापन) गर्नि कर्म आग्रहायणीकर्म भनिन्छ । एस दिन पनि रातभर गाइका माउबाच्छा सँगै बस्न दिनपर्छ ।

स्तरारोहणकर्म- मङ्सिरका पुर्न्याका दिनमा नै गृह्याग्निका पश्चिमतिर कुशादिनिर्मित स्तस्तर ओच्छ्याएर तेस माथि अहत वस्त्र ओच्छ्याइ यथाविधि घरका सबै जना तेसमा चढ्नि मुत्नि र उठ्नि इत्यादिकर्म स्तस्तरारोहण कर्म भनिन्छ ।

अष्टका- मङ्सिरको - पुसको-माघको-र-भदौको-पुर्न्यपछि आँउनि अष्टमीमा क्रमैले आज्ज्य-स्थालीपाक-अपूपले, स्थलीपाक-आज्य-मांसले,आज्ज्य-स्थालीपाक-शाकले,आज्ज्य-स्थालीपाक-शाकले गरिनि इन्द्र, विश्वेदेव, प्रजापति र पितृ प्रधान देवता भाका हवनात्मक कृत्यहरु अष्टका भनिञ्चन् । पुसको-पुर्न्या-पछिको अष्टकामा पारस्करगृह्यसूत्रानुसार गोमांसको हवन गर्नि कुरा देखिञ्च (३।३।८) । तेसको पद्धति पनि त्यहाँ देखाय्या छ (३।११।१-१०) । तर कर्कोपाद्ध्यायले र जयरामले हैन, हरिहरादि अर्वाचीन व्याख्याकारले गवालम्भन कलिवर्ज्य हुनाले छागमांसादिले काम चलाउनि कुरा लेखेका छन् ।

अन्वष्टका- उक्त चारै अष्टकाका भोलिपल्ट पशुका देउरे पार्श्वको (करङको) र पछाडिको देउरे फिलाको माँसु मसिनो गरि टुक्क्याइ पकाएर तेसैका पिण्ड बनाइ पूर्वोक्त पिण्डपितृयज्ञकै पद्धतिले पिण्डदान गर्नि विधान छ (पा. गृ. सू. ३।३।१०) । किन्तु पिण्डपितृयज्ञको भन्दा वर्ता माता-पितामही-र-प्रपितामहीलाइ पनि मांसपिण्ड दिनि र ति स्त्रीहरुलाइ तिनका पिण्डका समीपमा भूमिमा खाल्टा पारि उपसेवन-(सिञ्चन)का रूपमा सुरा र सातु पनि दिनि विधान छ (तीँ ३।३।११) । साथै ति स्त्रीहरुलाइ अञ्जन, अनुलेपन र माला पनि दिनपर्नि कुरा पनि तीँ पाँइञ्च । परिस्तृत्- (सुरा -) को उल्लेख पिण्डपितृयज्ञका मन्त्रमा पनि देखिञ्च । (ऊर्ज्जवँ वहन्तीर् इत्यादि) । तथापि त्यहाँ सुराको प्रयोग भने हुनि देखिँदैन ।

शूलगव— गृह्याग्निलाइ वनमा लगेर श्रौतवितान जस्तै वितान बनाएर गार्हपत्याग्नि-स्थानमा गृह्याग्नि स्थापित गरि आहवनीय-र-दक्षिणाग्निको विहरण गरि पशुवेदिजस्तै वेदि बनाइ पशुकल्पले बहर-पशुले रुद्रको याग गर्नि, अग्नि-रुद्र-शर्व-पशुपति-उग्र-अशनि-भव-महादेव-ईशानलाइ स्थालीपाकमिश्रित पञ्चवङगाउ वदान होम्नि ; दिग्व्याघारण, पत्नीसयँजन र रुद्रसेनालाइ

बलिहरण गर्नि; आलब्ध पशुको रुद्रमन्त्रले उपस्थान गर्नि कृत्यलाइ शूलगव भञ्चन् । यो कृत्य स्वर्गप्रद, पशुप्रद, पुत्रप्रद, धनप्रद, यशस्कर र आयुर्वर्धक भनिएको छ । 'एस रौद्र पशुको हुतावशिष्ट मांस गामना लैजाँदैनन्' भन्नि भनाइले त्यो मांसु बनैमा पकाइर खाञ्चन् भन्नि कुरा सूचित गरे जस्तो लाग्च । हरिहरले भने बनैमा छोड्चन् भनेका छन् ।

गोयज्ञ-- एस कर्मको स्वरूप पनि शूलगवको जस्तै हुञ्च । तर एसमा स्थालीपाकका ठाममा खिर पकाइञ्च । गवालम्भ गर्न नसकिएमा खिर मत्रै भने पनि अग्नि-रुद्र-शर्व-आदिलाइ होमि यो कर्म सम्पन्न गरिञ्च ।

वृषोत्सर्ग - कात्तिके पुर्न्यामा वा असोजको रेवतीमा वा पुर्न्यामा पौष्ण पिष्टचरु पकाइ गाइका माजामा गृह्याग्नि-स्थापन गरि खिर पकाइ अग्नि बेस्सरि वालेर छ आज्ज्याहुति होमि आघाराज्ज्यभागयाग गरि अग्नि – रुद्र–शर्वा-ऽऽदिलाइ खिरका आहुति दिएर पौष्णचरुहोम गरि खिर-र-पौष्णचरुले स्विष्टकृद्होम गरेर महाव्याहृत्यादिहोमपूर्वक संस्रवप्राशन गरि ब्रह्मालाइ पूर्ण–पात्र वा वर दक्षिणा दिएर रुद्राद्ध्याय जपि चाओडि (तिनवर्षे) राम्रा कोरलि बाच्छिहरुका साथमा, बाच्छाबाच्छि हुर्काउनि हुनालु गाइको बाच्छो, सर्वाङ्गसुन्दर, रातो बञ्चर राखि तेसलाइ सिंगारि, बाच्छिहरुलाइ पनि सिँगारेर 'एतय् युवानम् पतिवँ् वो ददामि' इत्यादि मन्त्रको उच्चारण गरि ति सबैलाइ छेइ्दिन पर्च । अनि बाच्छिहरुका माजामा रएको बञ्चरको 'मयोभूः' इत्यादि अनुवाकलेबले अभिमन्त्रण गर्नपर्च । यो कृत्य पनि शूलगव झैं नै स्वर्ग-पशु-पुत्र-धन-यश-आयुष्कर मानिएको छ । पौराणिक विधिले गरिनि वृषोत्सर्ग पितृहरुलाइ प्रेतत्वमुक्ति र स्वर्गभोग दिनि मानिञ्च । यो कुरा हरिहरका र विश्वनाथका भाष्यमा पाँइञ्च । तर विशेषगरि विश्वनाथको व्याख्या उत्सूत्र हुनाले चिन्त्य देखिञ्च ।

पायसश्रपण-- कात्तिके पूर्न्यामा वा असोजका रेवती नक्षत्रमा वा पुर्न्यामा गृह्याग्निमा आँफ्ना सप्पै दुहुना गाइका दुदमा खिर पकाएर शूलगवमा झेइँ नै पशुयागसमेतका कर्म गरि ब्राह्मणहरुलाइ उक्त खिर ख्वाउनि विधान पनि पारस्करगृह्य-सूत्रमा छ (३।९।८-१०)

श्रौत अग्न्याधान र कतिपय प्रमुख श्रौतकर्म

श्रौत अग्न्याधान-- वेदवेदाङ्ग पडेका[1], विभवयुक्त[2],

---

१. (क) न ह्यविद्वान् विहितोऽस्ति ।– धर्ममीमांसासूत्र ३।८।१८; (ख) विद्यावतश्चाधानाऽधिकारस् सामर्थ्यात्।– शाबरभाष्य ६।८।१२; (ग) अङ्गहीनाऽश्श्रोत्रियषण्डशूद्रवर्ज्जम्।- कात्यायनश्रौतसूत्र १।१।५।

२. (क) न पापासो मनामहे नाऽरायासो न जल्हवः।– ऋ. ८।६।१।११ (निरुक्त ६।५।३); (ख) ते हैते महाशाला महाश्रोत्रियाः समेत्य मीमांसाञ्चक्रु।।– छान्दोग्योपनिषद् ५।११।१; (ग) तेषामेव ब्राह्मण-विहिता यज्ञा येषु यज्ञकार्त्स्न्यमविप्प्रतिषिद्धम् द्रव्यवत्ता शरीरकार्त्स्न्यञ्च।– सत्याषाढश्रौत. ३।१; (घ) यस्य पशवो भवन्ति तस्मिन्नग्निराधीयते।– मा. वा. शतपथ. ६।२।१।१२; (ङ) श्रद्धाशीलोऽस्पृहयालुरलमग्न्याधेयाय नाऽनाहिताग्निः स्यात्।– वसिष्ठधर्मसूत्र ८।९; (च) यःशक्नोति यष्टुं तस्य यजेतेति वाचको भवति ।– शाबरभाष्य ६।१।४०; (छ) देवानृषीन् नृभूतानि पितॄनात्मानमन्वहम् स्ववृत्त्या-गतवित्तेन यजेत पुरुषम् पृथक् । यर्ह्यात्मनोऽधिकाराद्द्यात् सर्वान् स्युर् यज्ञसम्पदः । वैतानिकेन विधिना अग्निहोत्रादिना यजेत् ।– भागवत ७।१४।१५-१६; (ज) यत् फलं सोमयागेन प्राप्नोति धनवान् द्विजः । सम्यक् पञ्चमहायज्ञैर् दरिद्रस् तदवाप्नुयात् ।।– पराशर-माधवीयमा उद्धृत पुराणवचन (आचारकाण्ड १।५०,३६३ पृ.); (झ) अग्निष्टोमादिभिर्यज्ञैर्ये यजन्त्यल्पदक्षिणैः । तेषामन्नन् न भोक्तव्यमपाङ्क्तेयाः प्रकीर्तिताः ।।– हेमाद्रिकृत श्राद्धखण्ड २९३ पृ. (चौखम्भा.); (ञ) कृतदारोऽग्निपत्नीभ्याङ् कृतवेश्मा गृहे वसेन् । स्वकृतवँ् वित्तमासाद्य वैतानाग्नीन् न हापयेत् ।।– व्यासस्मृति २।१६; (ट) दानयँ् यज्ञस् तपः कर्म लोके वृत्तिमतो यतः ।– भागवत ८।१९।३६।

समङ्ग[1]र अधिकार भएका द्विजाति गृहस्थहरुले गृह्याग्न्याधान गरि गृह्यसूत्रोक्त आवश्यक सबै कृत्यको निर्वहण गरेर अरु वडि शक्ति भएमा श्रौत अग्न्याधान गरि यथाशक्ति अन्य श्रौतकर्म गर्नि कुरा वेदवेदाङ्गादिका विचारबड देखिन आँउँच । गृह्यसूत्रोक्त-कर्महरुकै निर्वहण गर्न नसकिनले अग्निहोत्रि भन्नि नाम लिनि इत्यादि कुराका लोभले मत्रै श्रौत अग्न्याधान गर्नु ढोङि काम मत्रै बुजिञ्च । प्रतिवर्ष सोमयाग गर्न पर्याप्त धन भएका अधिकार-सम्पन्न द्विजातिले त श्रौत अग्न्याधान अवश्यै गर्न पर्नि देखिञ्च[2] ।

ब्राह्मणले त गृह्यकर्मका अतिरिक्त अग्निहोत्र सम्म मत्रै[3] वा दर्शपूर्णमास-यागसम्म[4] मत्रै गर्न सकिन धन भएमा पनि सोमयाग-पर्याप्त धन पनि कुनै न्याय्य मार्गले आउला कि भन्नि विचारले पनि श्रौत अग्न्याधान गर्न पर्नि देखिञ्च[5] । शूद्रले दिएका धनले

---

१. (क) अङ्गहीनाऽश्रोत्रियषण्डशूद्रवर्ज्यम् ।– का. श्रौ. सू. १।१।५; (ख) तेषामेव ब्राह्मणविहिता यज्ञा येषु यज्ञकार्त्स्न्यमविप्रतिषिद्धधन् द्रव्यवत्ता शरीरकार्त्स्न्यञ् च।- तर्क्याधाडश्रौत. ३।१; (ग) अङ्गहीनश्च तद्धर्मा, उत्पत्तौ नित्यसंयोगात्।- धर्ममीमांसासूत्र ६।१।४१,४२।

२. तस्माद्यदैवैनञ् कदाच यज्ञ उपनमेदथाग्नी आदधीत ।– मा. बा. शतपथ. २।१।३।९

३. (क) "सर्वयज्ञाधिकारी स्यादाहिताग्निर्धने सति । आदद्ध्यान् निर्धनोऽग्नीन् नित्यन् यापयेद् द्विजः" भन्नि बचन पराशर-माधवीयका आचारकाण्डमा (१५२ पृ.) उद्धृत देखिएकाले, (ख) दर्शपूर्णमासयाजिलाइ अग्निहोत्रि मत्रै भन्नु उचित नदेखिनिमा पनि हरिवंशादि पुराना पण्डितले आँकुलाइ अग्निहोत्रि भनि विनाएकाले, (ग) "तन्त्रवलिखतौ- संस्कारा ह्यग्निहोत्रान्ता अग्निहोत्रन् तु तु [illegible] अग्निहोत्रिणो दर्शपूर्णमासवँ विनाऽपि अग्निहोत्रसंस्कारवँ विहितत्वात्, [illegible] संस्काराः भनि उल्लेख गरेकोले यसको सङ्कल्पनामा लेखिएकाले; र (घ) पुराणादिमा अग्निहोत्रको विशेष महत्ता पाइएकाले पनि एसो भनिया हो ।

४. द्रष्टव्य– [illegible] तर्क्याधाडश्रौतसूत्र ३।१।

५. (क) [illegible] नियतौ सोमेज्यया ब्राह्मणस्य।- तर्क्याधाडश्रौत. ३।१; (ख) ब्राह्मण [illegible] सम्बद्धाऽऽमृणदाववयेन संयोगात् ।– धर्ममीमांसासूत्र ६।२।३१

अग्न्याधान गर्न र अग्निहोत्र गर्न हुँदैन[1] । अरु नै न्याय्य मार्गले आका धनले निर्वाह चल्ला भनि अग्निहोत्रादिकर्म प्रारम्भ गरिसकिएकामा आगन्तुक कारणले गर्दा निर्वाह हुन नसकेमा शूद्रवड प्राप्त धनले पनि थालेको कर्मको निर्वाह वा पूर्ति गर्न भने हुनि देखिञ्च[2] ।

अग्न्याधान गर्दा ऋत्विग्वरण, अरणिकरण, सम्भारसम्भरण, अग्न्यगारकरण इत्यादि गरि अरणिमन्थन गरेर अग्नि निकालि गार्हपत्यखरमा अग्निको आधान गरिकन देवपित्राह्वानादि गरेर चातुर्म्माश्य ओदन पकाइ ऋत्विक्हरुलाइ खवाएर तेस दिन रातभर यजमान र यजमानपत्नी जागा रहेर अग्नि जोगाइ राख्चन्; भोलिपल्ट अरुणोदयवेलामा अद्ध्वर्युनामक ऋत्विक्ले उक्त अग्नि निकाइ यथाविधि अग्निमन्थन गरेर गार्हपत्य आहवनीय र दक्षिणाग्निको आधान गर्चन्; अनि यथाविधि सभ्याग्निको आधान गर्चन्; अनि पूर्णाहुतिहोम र अग्निहोत्रहोम हुञ्च । एस्तो अग्न्याधान गरेका व्यक्तिलाइ आहिताग्नि वा अग्न्याहित भञ्चन् । सक्निले उक्त अग्निहरु निरन्तर ननिबाइ राख्चन् । नसक्निले गार्हपत्यमत्रै तेसरि राख्चन् र अरु अग्नि काँमका वेलामा गार्हपत्यवड विहरण गर्चन् ।

अग्निहोत्र-- श्रौत अग्न्याधान गरेका व्यक्तिले यथाविधि साँजब्यान गर्न पनि होमलाइ अग्निहोत्र भञ्चन् । अग्निहोत्रमा आहवनीय अग्निको उद्धरण, परिस्तरण, पर्युक्षण, गोदोहन, पयश्श्रपण, उद्वासन; स्रुक्स्रुवप्रतपनमार्जन, पयउन्नयन, आहवनीयमा

---

१. (क) मनुस्मृति ११।२४; ४२, ४३; (ख) याज्ञवल्क्यस्मृति १।१२७; (ग) विष्णुधर्मसूत्र ५९ अद्ध्याय; (घ) शङ्खस्मृति ५।१७; (ङ) ऋत्विगात्मा धनम् जाया शुद्धयँ यस्य चतुष्टयम् । तस्याग्निहोत्रं स्वर्गाय नरकायेतरत् स्मृतम् ।।– मातृदत्ताचार्योल्लिखित स्मृतिवचन, सत्याषाढश्रौत. १९।७।

२. ये शूद्रादिति शूद्रार्थेनाधानन्तु निषिद्ध्यते । प्रवृत्तकर्मणो ह्यस्य कर्मार्थिन् न निषिद्ध्यते ।।– रेणुकदीक्षितकृतगृह्यकारिका १।५६।

समिदाधान, पयोहोम, स्रुक्पयःप्राशन, निर्लेहन, उत्सेचन, निषेचन, स्रुक्स्रुवप्रतपन, समिदाधान, पर्युक्षण आदि कर्म हुञ्चन् । श्रौत अग्न्याधान गरि अग्निहोत्र सम्म मत्रै गर्नि व्यक्तिलाइ अग्निहोत्रि भञ्चन्[1] । अग्निहोत्र जीवनभर गर्नि विधान छ ।

अग्न्वारम्भणीयेष्टि-- पूर्णमासेष्टि-दर्शेष्टिका प्रथमप्रयोग-भन्दा अगि र अरु पनि तेस्तै इष्टिका र पशुबन्धका प्रथम प्रयोग-भन्दा अगि गरिनि इष्टिविशेष अग्न्वारम्भणीयेष्टि भनिञ्च ।

पूर्णमासेष्टि र दर्शेष्टि[2]- श्रौत अग्न्याधान गरि अग्निहोत्र गर्नि व्यक्तिले पूर्णिमाका अन्तमा गरिनि इष्टिविशेष पूर्णमासेष्टि भनिञ्च; अमिसका अन्तमा गरिनि इष्टिविशेष दर्शेष्टि भनिञ्च । इ दुवैको स्वरूप उस्तै-उस्तै हुञ्च । अलि-अलि मत्रै फरक पर्च । पूर्णमासेष्टि गर्दा अगिल्ला दिनदेखि नै व्रत-नियमको प्रारम्भ हुञ्च; ब्रह्मा, अद्ध्वर्यु, होता र अग्नीत् इ चार ऋत्विक् चाँइञ्चन्;

---

१. मुण्डकोपनिषद्मा "यस्याग्निहोत्रमदर्शमपौर्णमासमचातुर्मास्यमनाग्रयण-मतिथिवर्जितं च । अहुतमवैश्वदेवमविधिनाहुतमासप्तमांस्तस्य लोकान् हिनस्ति" (१।२।३) भनि केवल अग्निहोत्रको निन्दा गरिएको र "स चाप्यग्न्याहितो विप्रःक्रिया यस्य न हीयते । श्रेयो ह्यनाहिताग्नि-स्वमग्निहोत्रन् न निष्क्रियम्" भन्ने वचन पनि (शान्तिपर्व २९२।२१, चित्रशालासं.) पाच्ये पनि नसक्निले अग्निहोत्रसम्म मत्रै पनि गर्नि कुरा देखिञ्च ।

२. विद्वान्मै गनिएका नित्यानन्द पन्त पर्वतीयले बनाको भनि उनका जीवनकालमै मुद्रित प्रकाशित भाको र ऐले तृतीय संस्करण भाको कात्यायेष्टिदीपक (दर्शपूर्णमासपद्धति) अत्यन्तै अशुद्ध देखिञ्च । तथापि तेइ नेपालका र भारतका शुक्लयजुर्वेदविषयका उच्च कक्षामा पढाइञ्च, तेइ समाति नेपालि आहिताग्निहरु दर्शपूर्णमासेष्टि गर्चन् । एसका विषयमा न पाढ्ञ-ग्रन्थका निर्धारकलाइ, न शिक्षकलाइ चेतनाभाको देखिञ्च; नत ऋत्विक्हरुलाइ नत यजमानहरुलाइ नै चेतना भाको बुजिञ्च । वैदिक अद्ध्ययन अस्त्यन्तै पछि पनलि शोच्य स्थिति पर्न आउ छ । एत ग्रन्थकारले रचेको पूर्णमास-पद्धति प्रकाशित हुन सकेमा तेसका टिप्पणीहरुबाट उक्त अशुद्धताका विषयमा पाठकहरुलाइ यथार्थ ज्ञान हुन सक्नि छ ।

पछेइ ब्रह्मवरण-प्रणीताप्रणयन-पात्रासादनादि र हविर्निष्पादन गरिञ्च, अनि वेदिभानादि गरिञ्च, अनि स्रुवादि पात्रको संस्कार र आज्यको संस्कार हुञ्च, अनि जुहू-उपभृत्-र-ध्रुवाहरुमा आज्यग्रहण गरिञ्च; अनि इध्मप्रोक्षणादि र बर्हिस्तरणादि हुञ्च, अनि सामिधेनी भन्नि मन्त्रहरुको होताले अनुवचन गर्चन् र अद्ध्वर्युले यथादिधि आहवनीय अग्निमा समिदाधान गर्चन्; आर्षेयवरणादि हुञ्च; आघार, होतृवरण, प्रयाज, आज्यभागयाग गरिञ्चन्; अनि प्रधानयागरूप आग्नेय पुरोडाशयाग, अग्नीषोमीयोपांशुयाग, अग्नीषोमीय पुरोडाशयाग हुञ्चन्; अनि स्विष्टकृद्याग हुञ्च; अनि प्राशित्रावदानादि, इडावदानादि, इडाह्वानादि, पुरोडाशचतुर्धाकरणादि, चतुर्धाकरण-भाग-षडवत्त-भाग-इडाभाग-भक्षणादि, अन्वाहार्योद्वासनादि गरिञ्चन्; अनि अनुयाज, स्रुग्घ्यूहनादि, सूक्तवाकपाठादि, शयँ युवाकपाठादि हुञ्चन्; अनि पत्नीसयँयाज, संस्रवहोमादि, समिष्टयजुर्होमादि, विष्णुक्रमक्रमणादि, आशीःप्रार्थनादि, ब्राह्मणतर्पण र कर्मापवर्ग-समिदाधान हुञ्चन्। दर्शेष्टि गर्दा विशेष अगिल्ला दिन पूर्वोक्त प्रकारको दक्षिणाग्निसाद्ध्य पिण्डपितृयज्ञ हुञ्च; सान्नाय्ययुक्त दर्शेष्टिमा पलाशशाखाछेदन, वत्सापाकरणादि पनि हुञ्चन्; प्रधानयागमद्ध्ये सान्नाय्यरहित दर्शेष्टिमा आग्नेयपुरोडाशयाग, (अग्नीषोमीयोपांशुयागका स्थानमा) वैष्णवोपांशुयाग र (अग्नीषोमीय पुरोडाशयागका स्थानमा) ऐन्द्राग्न पुरोडाशयाग हुञ्चन्; सान्नाय्ययुक्त दर्शेष्टिमा आग्नेयपुरोडाशयाग, अग्नीषोमीयोपांशुयाग र ऐन्द्र वा माहेन्द्र दधिग्रहयोयाग हुञ्चन्। श्रौत अग्न्याधान गरि अग्निहोत्र र पूर्णमासेष्टि तथा दर्शेष्टि सम्म गर्ने व्यक्तिलाइ दर्शपूर्णमासयाजि भञ्चन्। पूर्णमासेष्टि र दर्शेष्टि एउटै फलदिनि एक-अर्काका पूरक दुइ याग मानिञ्चन्। इनको अनुष्ठान जीवनभर वा बुढो भएर अत्यन्त अशक्त नभइञ्जेल वा तत्तत्पर्यन्त्य मन्त्र गर्नि विधान छ।

आग्रयणेष्टि-- नएँ ब्रीहि वा यव आएपछि त्यो आँफुले खानुभन्दा अगि आहिताग्नि द्विजातिले गर्ने पनि श्रौत इष्टिविशेषलाइ आग्रयणेष्टि भन्छन् ।

चातुर्मास्य-- फाल्गुन-पूर्णिमामा सम्पन्न गरिने वैश्वदेव-पर्व, आषाढ-पूर्णिमामा सम्पन्न गरिने वरुणप्रघासपर्व, कार्तिक-पूर्णिमामा सम्पन्न गरिने साकमेध पर्व र एकपल्ट मत्रै चातुर्मास्य गरि तेसलाइ छोडि पशुबन्ध वा सोमयाग गर्नेले फाल्गुन-शुक्ल-प्रतिपद्मा र पशुबन्ध वा सोमयाग गर्न नसक्ने, प्रतिवर्ष चातुर्मास्य नै दोहोऱ्याइरहनेले फाल्गुन-पौर्णमासपर्वका अगिल्ला दिनमा सम्पन्न गरिने शुनासीरीय पर्व इ चार पर्वको सामुदायलाइ चातुर्मास्य भन्छन् । चार-चार मैनामा एउटा-एउटा पर्व प्रयुक्त हुने हुनाले उक्त पर्व-समुदायलाइ चातुर्मास्य भनिएको देखिन्छ । चातुर्मास्य याग ऐष्टिक पाशुक र सौमिक गरि तिन प्रकारको हुन्छ । जसको पोष्यवर्गको राम्ररि भरणपोषण गर्ने प्रतिवर्ष वर्षदिन-सम्मलाइ पर्याप्त अन्न उब्जाउन तेस्ता शक्त र अधिकारि व्यक्तिले अग्निहोत्र-दर्श-पूर्णमास-चातुर्मास्य-पशुबन्धहरु गरि हो भन्नि कुरा याज्ञवल्क्यस्मृतिमा पाँइन्छ (१।१२४), (द्रष्टव्य-मनु. ११।९,१०, ३९,४०)। प्रतिवर्ष चातुर्मास्ययाग गर्निलाइ चातुर्मास्ययाजि भन्छन् ।

निरूढपशुबन्ध वा पशुबन्ध-- निरूढपशुबन्ध प्रावृट्कालमा पूर्णिमामा वा दक्षिणायनका र उत्तरायणका प्रारम्भमा गरिन्छ । एसमा ब्रह्माको, होताको, अध्वर्युको, मैत्रावरुणको, प्रतिप्रस्थाताको र अग्नीत्को वरण गरिन्छ । अनि अरणिसमारोहण गरि फराकिलो पूर्वतिर पाँनिढलो ठाममा गएर विहार बनाइ अग्निमन्थन गरि गार्हपत्य खरमा आधान गरेर आहवनीय अग्निको र दक्षिणाग्निको उद्धरण गरिन्छ । अनि अग्न्यन्वाधान हुन्छ । अनि चार आसनको उपकल्पन, ब्रह्माको वरण र व्रतग्रहण गरिन्छ । अनि यथाविधि यूपच्छेदन र यूपतक्षणादि हुन्छन् ।

यूपलाइ यागस्थलमा ल्याइ आज्यहोम गरि पात्रासादन-पवित्रच्छेदन-प्रोक्षणसंस्करणादि गरिञ्चन् । अनि आहवनीय-भन्दा पूर्वतिर रथमात्रो वेदिको मानादि गरिञ्च र चात्वाल-मानादि र उत्तरवेदिनिर्माण तथा नामिकरण पनि गरिञ्चन् । अनि पाखरिका वा डुम्ब्रिका स्याउलाले उत्तर वेदिलाइ छोप्चन् र एकरात तेसै राख्चन् । अनि अर्को नै विहृत अग्निमा सायमग्निहोत्रहोम र भोलिपल्ट प्रातरग्निहोत्रहोम पनि गरिञ्च । अनि आहवनीयमा अट्ठाइस समिधाभाको इध्म सल्काइ यथाविधि उत्तरवेदिमा अग्निप्रणयन गरिञ्च । अनि आसन-करण-प्रणीता-प्रणयन-परिस्तरण-पात्रासादनादि गरिञ्चन् । अनि यूप गाड्न खाल्टो उत्तरवेदिका पूर्वभागमा आदा वेदिभित्र आदा वेदिबाहिर हुनि गरेर खनि यूपप्रोक्षणादि गरेर यथाविधि यूप ठड्याइ खाँदेर रसनापरिव्ययण-स्वरूपगूहनहरु गरिञ्चन् । अनि तृणले पशुस्पर्शन गरि अग्निमन्थनादि गरिञ्च । अनि यूपमा पशु-नियोजन र प्रोक्षणादि हुञ्चन् । अनि होतृषदनकरणादि उत्तराधारान्त कर्म गरिञ्चन् । अनि पशुसमञ्जनादि हुञ्चन् । अनि अद्ध्वर्युले मैत्रावरुणलाइ डुम्ब्रिको दण्ड दिञ्चन् । अनि यथाविधि दश प्रयाजहरु होमेर शासाऽऽहरणादि - शामित्राग्निस्थापनादि, पशुनयनादि, अद्धिगुप्प्रैषादि र यथाविधि पशुमारण, परिपश-व्याहुतिहवन, रज्जुप्रासन, पत्न्यानयन, पत्नीवाचन, पशुशुन्धनादि, वपोत्खेदनादि, वपाप्रतपनश्रपणादि, स्तोकानुवचनादि, वपानि-धानादि गरिञ्चन् । अनि उत्तम-(एकादश-) प्रयाजहवन, आज्य-भागयाग वषाहवन, वपाश्रपणीप्रासन, स्रुगासादन, मार्जन गरिञ्चन् । अनि पशुपुरोडाशनिर्वापादि, शमितृकर्तृकपशुविशसन; मुटु, जिउरो, ह्याकुलो, पछाडिका देउरे नलिखुट्टो, करङका भाग, कलेजो, मिर्गुला, गुदनलिका, पछाडिको दाइने फिलो, पछाडिको दाइने नलिखुट्टो, पछाडिका देउरे फिलो, ठुलो आन्रो, पुच्छदण्डिका, गलनाडिका, फियो, अद्ध्यूष्णी (सएपाखे?), पुरीतत् (मुटुको खोल जस्तो भाग) इ अङ्गको उद्धरण; पशुपुरीषरक्तप्रासन, मुटु

शूलमा उनेर सेकाएर पकाउनि काम, अरु अङ्ग उखा-(ताउला-) मा हालेर पकाउनि काम, हृदयाभिघारणादि, पश्वङ्गासादनादि, मनोतासूक्तानुवचन, जौहव औपभृत पश्वङ्गहविहरुको अवदानादि, प्राशित्रावदान, इडोपकल्पन, जाघनी-स्थूलगुदपृथक्करण, पश्वङ्गसम्मर्शन, यथाविधि वसाहोम, पृषदाज्य-होम, स्विष्टकृद्होम, दिग्व्याघारण, सञ्चराद्यभ्युक्षणादि, पश्वङ्गेडाभक्षणादि, एकादश अनुयाज, स्वरुहोम, स्रुग्व्यूहनादि, सूक्तवाकपाठ, प्रस्तरादानादि, पत्नीसयँयाज, वेदयोक्त्रविमोकादि, समिष्टयजुर्होम, बर्हिर्होम, तडागादिका शुष्कार्द्रसन्धिमा हृदय-शूलको उपगूहन र उदकोपस्पर्शन, यजमानकर्तृक आहवनीय-समिदाधान, पत्नीकर्तृक गार्हपत्यसमिदाधान, प्रणीताविमोक-राक्षसभागप्रक्षेप–पूर्णपात्रनिनयनादि, उत्तरवेदिका पश्चिम-पट्टि अवस्थित यजमानको व्रतविसर्ग, मद्ध्यमाहवनीयमा आज्यहोम, दक्षिणादान, ब्राह्मणतर्पणप्रेषादि, कर्मापवर्गसमिदाधान, (सए ब्राह्मणको भोजन), अग्निसमारोपणपूर्वक गृहगमन (अग्निमन्थनादिपौर्णमासेष्टिसम्पादनादि) हुञ्चन्[1]। श्रौताग्न्याधान गरि निरूढपशुबन्धसम्मका कर्तव्य कर्म यथा-काल प्रतिवर्ष गर्नि व्यक्तिलाइ पशुबन्धयाजि भञ्चन्।

सोमयाग– यथाविधि सोमलता कुटेर रस निकालि गरिनि यागविशेष सोमयाग भनिञ्च। यो मुक्ख्य रूपमा साद्यस्क, एकाह, अहीन र सत्र गरि चार प्रकारको हुञ्च।

---

१. पशुबन्धमा साक्षात् पशुको नै सञ्ज्ञपन–विशसना-ऽङ्गश्रपणावदान-हवनहरु गरिञ्चन् भन्नि कुरा मन्त्र–ब्राह्मण–श्रौतसूत्रहरुका पर्यालोचनबाट स्पष्ट बुझिञ्च। आत्माको अमरताको सिद्धान्तले, यज्ञमा मारिएको पशु देवताहरुमा पुग्च भन्नि धारणा हुनाले, यज्ञीय पशुमारण पनि संसारमा प्रतिक्षण हुनि जीवको तिरोभाव–आविर्भाव जस्तै हुनाले, र शास्त्रविद्ध्यनुसरणले रागद्वेषकृपासूयाभय-दुःखादिदोषोन्मूलन हुन सक्नि हुनाले वैदिकधर्ममा यज्ञमा पशुहिंसालाइ अहिंसा नै मानिएको देखिञ्च। (द्र. मनु. ५।३९,४४)।

यागसङ्कल्पदेखि अवभृथस्नानसम्मका सबै कृत्य एकै दिनमा सम्पन्न गरिनि सोमयागविशेष **सादयस्क सोमयाग** भनिञ्च । सोमाभिषवभन्दा चारदिन अगिदेखि पूर्वाङ्गकृत्यहरु थालि पाँचौ दिनमा प्रातस्सवन माद्ध्यन्दिनसवन र तृतीयसवन गरि उत्तराङ्ग कृत्यहरु गरिनि सोमयागविशेष **एकाह सोमयाग** भनिञ्च । सात सोमसंस्था भनि धर्मसूत्रादिमा प्रसिद्ध अग्निष्टोम, उक्थ्य, षोडशि, अतिरात्र, अत्यग्निष्टोम, संस्था-वाजपेय, अप्तोर्याम इ सात सोमयाग र विश्वजित्, श्येन, व्रात्यस्तोम, बृहस्पतिसव, सर्वस्स्वार, वाचस्तोम इत्यादि पनि एकाहसोमयागविशेष नै हुन् । प्रातस्सवनादि सवनहरु दोश्रो-न्याएर गरिनि सोमयाग **द्वयह सोमयाग**, तेएन्याएर गरिनि सोमयाग **त्र्यह सोमयाग** भनिञ्चन् । तेस्तै गरि चतुरह, पञ्चाह, षडह, सप्ताह, अष्टाह, नवाह, दशाह र एकादशाह सोमयाग पनि हुञ्चन् । द्वयहदेखि एकादशाहसम्मकालाइ **अहीन सोमयाग** भञ्चन् । द्वादशाह सोमयाग अहीनधर्मा सत्त्रधर्मा हुञ्च । त्रयोदशाहदेखि सहस्त्राहसम्मका सोमयाग **सत्त्र सोमयाग** भनि-ञ्चन् । त्रयोदशाहदेखि शताहसम्मका सत्त्रलाइ रात्रिसत्त्र भञ्चन् । सत्त्र सोमयागमा सत्त्रजानादेखि चौविस जाना-सम्मका सोमयाजि ब्राह्मणहरुको समुदायको मत्त्रै अधिकार मानिया छ ।

अग्निष्टोम सोमयाग– अग्निष्टोम सोमयागलाइ प्रथमयज्ञ पनि भञ्चन् । अग्निष्टोम सोमयाग गरेका व्यक्तिको मत्त्रै अरु सोमयागमा अधिकार मानिञ्च । सोमयाग अधिकार भएका सम्पन्न द्विजातिले गर्नि यज्ञ हो । कुटुम्वभरणका लागि तिन वर्षलाइ पर्याप्त हुनि अन्न प्रतिवर्ष जसको उब्-जञ्च ति अधिकार–सम्पन्न व्यक्तिले सोमयाग गर्न उचित हुञ्च भन्नि कुरा मनुस्मृतिमा (११।७–८) र याज्ञवल्क्य-स्मृतिमा (१।१२५–१२६) पाँइञ्च । मनुस्मृतिको र याज्ञ-वल्क्यस्मृतिको उक्त कुरा काम्य सोमयागलाइ लिएर गरिया

हो भनि विश्वरूप–मेधातिथि–विज्ञानेश्वर–कुल्लूकभट्ट–त्रिकाण्डमण्डनापराभिधभास्करमिश्र–हरुले लेखेका छन् । तर मनुस्मृतिमा उक्त सोमयाग नगरेमा प्रायश्चित्त (निष्कृति) बताएकाले (११।२७) र काम्य कर्म नगर्दा प्रायश्चित्त नलाग्नि हुनाले; निर्धनले दर्शपूर्णमासेष्टिसम्म मत्रै गर्नि कुरा पनि मनुस्मृतिमै गरिएकाले (४।१०); स्वल्पद्रव्यवान्‌ले सोमयाग गरेमा अगि प्रचुर द्रव्य भएका वेलामा गरेका सोमयागको पनि फल नपाइनि समेत कुरा तेइं गरिएकाले (११।८,९) र नित्य कर्मको पनि प्रत्यवायपरिहारादि फल हुनि नै हुनाले; अल्पधन द्विजले अरु पुण्यकर्म गर्नपनि यज्ञ (सोमयाग) गर्न नहुनि कुरा पनि मनुस्मृतिमै गरिएकाले (११।३९–४०); शङ्खस्मृतिमा "त्रैवार्षिकाधिकान्नस्तु पिबेत् सोममतन्द्रितः । इष्टिवँ वैश्वानरीङ्च कुर्यात् तथैवाल्पधनो द्विजः (५।१६–१७) भनि त्रैवार्षिकाधिकान्नकर्तृक–सोमयागस्थानीय अल्पधनकर्तृक वैश्वानरेष्टिको विधान गरिएकाले; अन्यत्र पनि "यत् फलं सोमयागेन प्राप्नोति धनवान् द्विजः । सम्यक् पञ्चमहायज्ञैर् दरिद्रस्तदवाप्नुयात्", "अग्निष्टोमादिभिर्यज्ञैर्ये यजन्त्यल्पदक्षिणैः । तेषामन्नन् न भोक्तव्यमपाङ्क्तेयाः प्रकीर्तिताः" इत्यादि भनि धनवान्‌ले नै सोमयाग गर्न पनि कुरा झल्काय्येकाले; हजार गाइ पाल्न सक्ति धन नभएमा सोमयाग नगरेमा पनि साधारणतया हीनकर्मा नमानिनि हुनाले (गौत मधर्मसूत्र २।०।२४–२०; शान्तिपर्व १६५।९ [चित्र.]; मनु ११।१४; कौटलीय अर्थशास्त्र ३।१४।१४३–१४४); र विष्णुधर्मसूत्रमा स्पष्ट रूपमा नित्ययज्ञप्रकरणमा नै "त्रैवार्षिकाद्भ्यधिकान्नः प्रत्यब्दं सोमेन, वित्ताभाव इष्ट्या वैश्वानर्या" (५९ अद्‌ध्याय) भनिएकाले विश्वरूपादिको उक्त व्याख्या अमान्य देखिन्छ । पुनश्च मुण्डकोपनिषद्‌को "यस्याग्निहोत्रमदर्शम्" (१।२।३) इत्यादि वाक्यमा सोमयागको अनुल्लेख र कात्यायनश्रौतसूत्रको "सोमे चैके" (१।२।१२)

भन्नि भनाइ पनि एस सम्बन्धमा विशेष विमृश्य देखिञ्चन् ।

अग्निष्टोम सोमयाग गर्दा पैलो दिनमा पैलेइ घरैमा ब्रह्मा[1], उद्गाता, होता, अद्ध्वर्यु, ब्राह्मणाच्छंसि, प्रस्तोता, मैत्रावरुण, प्रतिप्रस्थाता, पोता, प्रतिहर्ता, अच्छावाक, नेष्टा; अग्नीत्, सुब्रह्मण्य, ग्रावस्तुत्, उन्नेता इ सोर ऋत्विक्हरुको वरण गरिञ्च; (ब्रह्मा, ब्राह्मणाच्छंसि, पोता र अग्नीत् एति चार ऋत्विक्को गण ब्रह्मगण भनिञ्च । एसै गरि क्रमैले उद्गातृगण, होतृगण र अद्ध्वर्युगण पनि भनिञ्चन्) तिनको मधुपर्क गरिञ्च; अनि यजमान र ऋत्विक्हरु गएर यज्ञ गर्नि स्थानको परीक्षा गरि निर्णय गर्चन्; अनि त्याहाँ प्राग्वंश शाला र परिवृतहरु वनाउँचन्; अनि घरमा आएर यूपाहुतिसम्बन्धि काम गरिञ्च; अनि अग्निसमारोप गरि आवश्यक सामग्री गाडामा हालेर यज्ञस्थलमा जाञ्चन्; यजमानले शालाको पूर्वद्वारको खाँवो छोएर "एतद्वगन्म" इत्यादि मन्त्र पड्चन्; सोम शालामै कुनै उच्च स्थानमा राखिञ्च; अनि अद्ध्वर्युले शालामा गार्हपत्य खर वनाएर अग्नि मोथेर त्याहाँ अग्निस्थापन गर्चन्; अनि आहवनीय खर र दक्षिणाग्नि खर पनि वनाएर "अग्निष्टोमसंस्थज्ज्योतिष्टोमार्थम्" भन्नि प्रयोगविशेष गरेर आहवनीयाग्निको र दक्षिणाग्निको उद्धरण गर्चन्; सोमलाइ मांसरहित हविष्यान्न टक्क्याइञ्च; अपराह्णमा सपत्नीक यजमानले धेनुमांस–र–अनड्वन्मांस–बाएक अरु इष्ट भोजन गर्चन्; अनि अप्सुदीक्षा (परिवृतमा यजमानको नङ काट्नि, मुण्डन गर्नि स्थावर जलमा स्नान गर्नि काम; यजमानपत्नीको पनि

---

१. माद्ध्यन्दिनीयशाखाको ऋत्विग्वरणक्रम एइ हो (कात्यायनश्रौत. ७।१।७), तसर्थ आचार्यवंशावलिको क्रम (श्लो. २४७, २६८) चिन्त्य देखिञ्च । शिरोमणिका यागमा कतिपय कर्म अशुद्ध भाको कुरा 'सप्तर्षि' वैदिकहरुले गरेको कुरा 'भएका कुरा'मा पनि उल्लिखित देखिञ्च (१६६ पृ.)

मुण्डन-समेत वा मुण्डनवाएक उक्त काम) हुञ्च; अनि अद्ध्वर्युले यजमानलाइ र प्रतिप्रस्थाताले यजमानपत्नीलाइ पाखुरामा समातेर शालामा प्रवेश गराउँचन् र यजमान र यजमानपत्नी आँफनाआँफना ठाँममा वञ्चन् । अनि दीक्षणीयेष्टि हुञ्च, एस इष्टिका अन्त्यमा प्रतिप्रस्थाताले "दीक्षितोऽयम् ब्राह्मण:" भनि उच्च स्वरले तिनपल्ट भञ्चन्. (एसै कर्मका आधारमा सोमयाजिलाइ दीक्षित भनिया देखिञ्च) अनि महावीरसम्भरण गरिञ्च; यूपच्छेदन हुञ्च; दोस्रा दिनमा प्रायणीयेष्टि, सोमक्रय, आतित्थ्येष्टि, तानूनप्त्र–समवमर्शन, अवान्तरदीक्षा, सोमाप्यायन निहन्नव. आतित्थ्येष्टिशेषभूत भागपरिहणादि र सुब्रह्मण्याह्वान; पौर्वाह्णिक प्रवर्ग्य र उपसदिष्टि,सुब्रह्मण्याह्वान,आपराह्णिक प्रवर्ग्य उपसदिष्टि; र सुब्रह्मण्याह्वान तेस्रा दिनमा पौर्वाह्णिक प्रवर्ग्य र उपसदिष्टि, सुब्रह्मण्याह्वान वेदिमान, आपराह्णिक प्रवर्ग्य-उपसत्, सुब्रह्मण्याह्वान हुञ्चन्; चतुर्थ दिनमा पौर्वाह्णिक प्रवर्ग्य र उपसत्, सुब्रह्मण्याह्वान, आपराह्णिक प्रवर्ग्य र उपसत्, सुब्रह्मण्याह्वान, प्रवर्ग्योत्सादन, उत्तरवेदिमा अग्निप्रणयन, हविर्धानप्रवर्तन र हविर्धानमानादि, उपरवखनन औदुम्बरीमान, सदोमान, धिष्ण्यनिवपन, अग्नीषोमीयपशुतन्त्र, वसतीवरीग्रहण, पश्वङ्गयाग, सुत्यापूर्वदिनकृत्यविशेषहरु हुञ्चन्; पाँचौं दिन- (सुत्याह-) मा सवनीयपशुतन्त्र–प्रारम्भ, सोमको हविर्धानमा प्रवेश, प्रातरनुवाकानुवचन, सुब्रह्मण्याह्वान, सवनीयहविर्निर्वाप, पात्रयोजन, एकधनादिग्रहण, प्रातस्सवनकर्म-विशेषहरु; महाभिषव, क्षुल्लकाभिषव (उपांश्वभिषव), उपांशुग्रहप्रचार, अन्तर्यामग्रहप्प्रचार, ऐन्द्रवायवादिग्रहग्रहण, विष्प्रुड्होम, बहिष्पवमानस्तोत्रोपाकरण–धिष्ण्याग्निविहरण–सवनीयहविरुपकल्पनादि, आश्विनग्रहग्रहण, अवकाशवाचन, ध्रुवोपकरण, सवनीयपशुतन्त्रानुवर्तन, सर्पण, सवनीयपुरोडाशप्रचार, ऐन्द्रवायवग्रहप्प्रचार, चमसहोम, द्विदेवत्यग्रहभक्ष, सव-

नीयपुरोडाशप्रचारशेष, शुक्रामन्थिग्रहहोम- निमित्तक-चमस-भक्ष, पुनरब्भ्युन्नीतहोमनिमित्तकचमसभक्ष, अच्छावाकचमसोन्नयनादि, सवनीयपुरोडाशेडाभक्षणादि, ऋतुग्रहप्रचार, ऐन्द्राग्नग्रहग्रहण, ऋतुग्रहभक्ष, आज्ज्यशस्त्रशंसन, ऐन्द्राग्नग्रहप्रचार, ऐन्द्राग्न-ग्रहभक्ष, ऐन्द्राग्नग्रहहोमनिमित्तकनाराशंसचमसभक्षणादि, वैश्वदेवग्रहग्रहण, प्रथमाज्ज्यस्तोत्रोपाकरणप्रउगशस्त्रशंसनादि, वैश्वदेवग्रहप्रचार, वैश्वदेवभक्ष, प्रथमोक्थ्यविग्रहग्रहण, मैत्रावरुणादिचमसोन्नयन, द्वितीयाज्ज्यस्तोत्रोपाकरण-मैत्रावरुणशस्त्रशंसनादि, प्रथमोक्थ्यविग्रहप्रचार, प्रथमोक्थ्यविग्रहशेषभक्ष र चमसभक्ष, द्वितीयोक्थ्यविग्रहग्रहण, ब्राह्मणाच्छंस्यादिचमसोन्नयन, तृतीयाज्ज्यस्तोत्रोपाकरण-ब्राह्मणाच्छंसिशस्त्रशंसनादि, द्वितीयोक्थ्यविग्रहप्रचार, द्वितीयोक्थ्यशेषभक्ष र चमसभक्ष, माद्ध्यन्दिनसवनार्थसोमोपावहरण, तृतीयोक्थ्यविग्रहग्रहण, चतुर्थाज्ज्यस्तोत्रोपाकरणा - ऽच्छावाकशस्त्रशंसनादि, तृतीयोक्थ्यविग्रहप्रचार, तृतीयोक्थ्यग्रहशेषभक्ष र चमसभक्ष, प्रातःसवनान्तप्रसव; विष्ण्योपस्थानादि माद्ध्यन्दिनसवनारम्भ, सोमाभिषव, ग्रहग्रहण, माद्ध्यन्दिनपवमानस्तोत्रोपाकरणादि, अग्निविहरण-प्रैषादि, दधिघर्मयाग, पशुपुरोडाशप्रचार, सवनीयहविःप्रचार, चमसोन्नयन, शुक्रामन्थिग्रहप्रचार, पुनरब्भ्युन्नीतचमसहोम, सवनीयपुरोडाशप्रचारशेष, शुक्रामन्थिग्रहहोमनिमित्तक चमसभक्ष, पुनरब्भ्युन्नीतहोमनिमित्तक चमसभक्ष, सवनीयपुरोडाशेडाभक्षणादि; दक्षिणादान[1]; मरुत्वतीयग्रहप्रचार, महामरुत्वतीयग्रहप्रचार, महामरुत्वतीयग्रहशेषभक्ष, महामरु-

---

१. माद्ध्यन्दिनीयवाजसनेयिशाखामा अग्निष्टोम सोमयागको दक्षिणामा १०० गाइ हुन्चन् (शतपथ. ४।३।४।३, का श्रौ. सू. १०।२।२१-२४), तसर्थ आचार्यवंशावलीमा शिरोमणि आचार्य दीक्षितले ११२ गाइ दिएको उल्लेख (श्लो. २७०) चिन्त्य छ।

त्वर्तीयग्रहहोमनिमित्तकनाराशंस – चमसभक्षणादि, माहेन्द्र-ग्रहग्रहण, प्रथमपृष्ठस्तोत्रोपाकरण, तृतीयसवनार्थाभिषवादिप्रैषादि तृतीयसवनार्थ सवनीय – हविर्निर्वाप, निष्केवल्यशस्त्रशंसन, माहेन्द्रग्रहप्रचार, माहेन्द्रग्रहशेषभक्ष, माहेन्द्रग्रहहोमनिमित्तक नाराशंसचमसभक्षणादि, उक्थ्यविग्रहग्रहणादि, माद्ध्यन्दिनसवनान्तप्रसव; अद्ध्वर्य्वादिको हविर्धानप्रवेशादि, आदित्यग्रहग्रहणादि, आग्रयणग्रहग्रहणादि, विप्रुड्होमादि, आर्भवावमानस्तोत्रोपाकरणादि, अग्निविहरणप्रैषादि, द्वितीयशामित्रानुशासनादि–सवनीयपशुतन्त्र, सवनीयहविःप्रचार, चमसोन्नयन, सवनमुखचमसहोमादि, पुनरभ्युन्नीतहोत्रकचमसप्रचार, सवनीयपुरोडाशप्रचारशेष, सवनमुखचमसहोमनिमित्तक चमसभक्ष, पुनरभ्युन्नीतहोत्रकचमसयागनिमित्तक चमसभक्ष, पुरोडाशमात्रापिण्डदान, सवनीयपुरोडाशेडाभक्षणादि, सावित्रग्रहको ग्रहण र प्रचार, महावैश्वदेवग्रहग्रहण, वैश्वदेवशस्त्रशंसनादि, महावैश्वदेवग्रहप्रचार, महावैश्वदेवग्रहभक्ष र चमसभक्ष, सौम्यचरुप्रचार, धिष्ण्यव्याघारण, पात्नीवत-ग्रहको ग्रहण र प्रचार, होतृचमसाद्युन्नयन, यज्ज्ञायज्ञीयस्तोत्रोपाकरणादि, आग्निमारुतशस्त्रशंसनादि, होतृचमसादिप्रचार, होतृचमसादिभक्ष, अनुयाजहरु, स्रुग्व्यूहनादि, हारियोजन-ग्रहको ग्रहण र प्रचार, शाकलहोम, पूर्णपात्रावमर्शनादि,दधिभक्षण, पत्नीसयँयाजादि, समिष्टयजुर्होम, अवभृथ, उदयनीयेष्टि, अनूबन्ध्यायाग वा मैत्रावरुणपयस्स्यायाग, प्राजहित–समारोप–निर्मन्थन–गार्हपत्यस्थापनपूर्वक उदवसानीयेष्टि वा चतुर्गृहीताज्यहोम; सायमग्निहोत्रहोम र अग्निसमारोप तथा देवयजनादीपनपूर्वक ग्रामप्रवेश हुञ्चन् । श्रौताग्न्याधान गरि सोमयागसम्मका कर्तव्य कर्म यथाकाल प्रतिवर्ष गर्नुलाइ सोमयाजि भञ्चन् ।

साग्निचित्य अग्निष्टोम सोमयागका विशेषता– अग्निचित्यासहित अग्निष्टोम सोमयाग गर्दा पैलेइ पर्वमा इष्टका-

पशुयाग गरिञ्च । तेसमा पुरुष, अश्व, गौ, अवि, अज इ पाँच आग्नेय पशु हुञ्चन्; अथवा प्राजापत्य अज वा वायव्य अज एउटा मत्र्ै पशु हुञ्च । पशुका शिर घिउ घसेर सुरक्षित राखिञ्चन् । आवश्यक पश्वङ्गले याग गरि अवशिष्ट पशुशरीर आहालका पानिमा फ्याँकिञ्चन् । तेसपछि अष्टमीमा तेसै आहालबड यथाविधि माटो लिएर उखा, अषाढेष्टका तिष्टा विश्वज्ज्योतिरिष्टका बनाइञ्चन् । अनि यथासमय तेसै आहालका माटाले आवश्यक प्रकारका र सङ्ख्याका इष्टका बनाइञ्चन् । तेसपछिका पर्वमा दीक्षणीयेष्टि हुञ्च । तेसमा दण्डोच्छ्रयण भएपछि उक्त उखामा अग्नि उत्पादित गरेर उखाधारणादि गरिञ्च । दीक्षणीयेष्टिका अन्त्यमा वेदिमान र अग्निक्षेत्रमान गरिञ्च र अग्निक्षेत्रका ओरिपोरि शिलेष्टका गाडिञ्चन् । भोलिपल्ट गार्हपत्यचयन गरि त्याहाँ उक्ख्याग्नि राखेर उपस्थान गरिञ्च र शिक्क्यपाश–शिक्क्येण्ड्वासन्दी नैर्ऋत्यतिर फालिञ्चन् । अनि प्रायणीयेष्टि थालेर महावेदिका स्फ्यादि- सम्मर्शनान्त कर्म गरि प्रायणीयेष्टि सकेर अग्निक्षेत्रकर्षणादि गरेर सोमनिवपनादि गरि आतित्थ्येष्टि थालि हविष्कृदाह्वान-सम्म गरेर आहवनीयपरिश्रिश्रदभिमन्त्रण, लोगेष्टकोपधान, उत्तरवेदिनिवपनादि गरि आतित्थ्येष्टि र उपसत् सिद्ध्याएर अन्तःपात्यमा रातो गोरुका छालामा प्रथमचितिका इष्टका र स्वयमातृण्णेष्टका राखिञ्चन् र तिनको प्रोक्षण गरिञ्च । अनि इष्टका अग्नि-क्षेत्रमा लगेर उत्तरवेदिप्रोक्षणादि गरि जप–सत्त्यसामगानादिपूर्वक अग्नि-क्षेत्रका माजामा कुशस्तम्वमाथि पुष्करपर्ण, रुक्म र हिरण्यपुरुष राखिञ्चन् । तेसमाथि स्वयमातृण्णा, तेसका पूर्वपट्टि दूर्वेष्टकादि, यथास्थान शैवालपरिगृहीत कूर्म, उलूखल, मुसल, उखा, उखामा हिरण्यशकलयुक्त पशुशिर (अथवा सङ्ग्रामहत पुरुषादिशिर वा हिरण्यमय वा मृन्मय पुरुषादिशिर) राखेर यथाविधि होमोपस्थानादि गरि प्रथम र द्वितीय

चिति बनाएर पुरीषवती चितिको उपस्थान गरेर आपराह्णिक प्रवर्ग्य र उपसद् गरिञ्चन् । भोलिपल्ट पौर्वाह्णिक प्रवर्ग्य गरेर तिन चितिहरु बनाइञ्चन् । अनि चितिको हज्जारोडा सुनका टुक्काले प्रोक्षण र शतरुद्रियहोमादि गरि आपराह्णिक प्रवर्ग्य र उपसत् गरिञ्चन् । अनि भोलिपल्ट स्वयमातृण्णाव्याचारण गरि प्रवर्ग्य र उपसत्को समास गरेर प्रवर्ग्योत्सादन गरि आहवनीयवड उत्तरवेदिमा अग्निको प्रणयन, समिदाधान, वैश्वानरद्वादशकपालपुरोडाशप्रचार, मारुतसप्तकपालपुरोडाशप्रचार, वसोर्धाराहोम, पार्थहोम, वाजप्रसवीयहोम गरि यजमानको अभिषेक गरिञ्च । अनि पुनः पार्थहोम, राष्ट्रभृद्होमादि, हविर्धानप्रक्षालनादि गरि धिष्ण्यहरुको चयन गरिञ्च । अनि अनुदेशादि गरि अग्नीषोमीय पशुयाग गरिञ्च । भोलिपल्ट सुत्याहका सबै कर्म गरिञ्चन् । मैत्रावरुणवशायागका पशुपुरोडाशपछि देविकाहविर्निर्वाप हुञ्च । हृदयशूलक्रियापछि स्रुवाहुति हुञ्चन् । अनि चित्त्याग्न्युपस्थान हुञ्च । अनि उदवसानीयेष्टि, मैत्रावरुणपयस्स्यायाग, सायमग्निहोत्राहुति र देवयजनादीपनपूर्वक ग्रामप्रवेश हुञ्चन् । अनन्तर पर्वमा अग्निचयनाङ्ग सौत्रामणी गरिञ्च ।

वाजपेय– सात सोमसंस्थामद्देको वाजपेयभन्दा भिन्न आर्को ठुलो वाजपेय याग पनि हुञ्च । यो वाजपेय याग कात्यायनश्रौतसूत्रमा पूर्वाङ्ग-यागविशेषका भेदले गर्दा चार प्रकारको देखाय्येको छ– (१) अगि–पछि बृहस्पतिसव गरिनि वाजपेय याग, (२) अगिपछि अग्निष्टोमयाग गरिनि वाजपेय याग, (३) अगिपछि अग्निष्टोम र पृष्ठच षडह भाको वाजपेययाग, (४) अगिपछि नौ राजसूय–सोम-याग भाको वाजपेय याग । यो वाजपेय याग शरदृतुमा गर्नि विधान छ । एस यागमा ब्राह्मणको र क्षत्रियको मत्त्रै अधिकार मानिया छ । राजसूय याग गर्नि राजा भनिञ्च भने वाजपेय याग गर्नि सम्राट् भनिञ्च (का. श्रौ. सू. १४।५।२७) । बृहस्पति-

सवयुक्त वाजपेय- याग गर्निलाइ सम्म्राट्स्थपति पनि भञ्चन् । मूल वाजपेय- यागमा सत्त्रोडा दीक्क्षा हुञ्चन्, दीक्क्षाहरुका मद्ध्यमा सप्तदशारत्नि- यूपच्छेदन हुञ्च; सुरासोमक्रय, तिन उपसद्हरु, वाइस सवनीय- पशुहरुको नियोजनादि; १९८९गाइ, १७००वस्त्र, १७०० अज, १७०० भेडिहरु, सत्त्रओडि निष्ककण्ठी वृषलीहरु, १७ हात्ति, १७ मनुष्य्यवहनीय यान- (पाल्कि-) हरु, १७ ठुला गाडा एति दक्षिणाको दान; सत्त्रओडा दुन्दुभिको-वादन, आजिधावन (१७ ओडा रथहरु १७ इषुक्षेपसम्म दकुराउनि र देवयजनमा आउनि काम), १७ रथको दान, स्वोरोहण, मधुग्रह-सुराग्रहहोम, यजमानाभिषेक आदि विशेष कर्म हुञ्चन् । अरु कर्म अग्निष्टोमका जस्तै हुञ्चन् । वाज-पेययागका अगिपछि गरिनि परियज्ञ भनिनि बृहस्पतिसव वा अग्निष्टोम वा अग्निष्टोम–उक्थ्य–उक्थ्य–षोडशि–उक्थ्य–उक्थ्य इ पृष्ठ्य–षडह–सम्बन्धि यागहरु वा पवित्त्र, अभिषेचनीय, दशपेय, केशवपनीय, व्युष्टिद्द्विरात्त्र, क्षत्रधृति, त्रिष्टोम, ज्योतिष्टोम, अग्निष्टोम इ नौ राजसूयसोमयागहरु आँफ्ना-आँफ्ना–विधि–अन्सार् छुट्टै गरिञ्चन् । इ परियज्ञले युक्त वाजपेय–याग गर्नि व्यक्ति नै वाजपेयि भनिञ्च । परियज्ञ-रहित वाजपेय–यागको मत्त्रै प्रयोग हुँदैन ।

राजसूय– राजसूय याग पनि सोमयाग–विशेष नै हो । एसमा शासक शुद्धकुलीन क्षत्रियको मत्त्रै अधिकार मानिया छ । साङ्गोपाङ्ग राजसूय याग गर्न एक्काइस मैना वा तेत्तिस मैना लाग्च । एस यागको फाल्गुन–शुक्ल–प्रतिपदामा प्रारम्भ हुञ्च । पैलेइ पवित्त्रनामक सोमयाग हुञ्च । अनि अनुमतीष्टि, आग्नावैष्णवेष्टि, अग्नीषोमीयेष्टि, ऐन्द्राग्नेष्टि र आग्रयणेष्टि हुञ्चन् । फाल्गुनपूर्णिमामा राजसूयान्तर्गत चातुर्मास्यको वैश्व-देवपर्वको अनुष्ठान हुञ्च; अनि कृष्णप्रतिपदादेखि अमावा-स्यासम्म प्रतिदिन पूर्णमासेष्टि र शुक्लप्रतिपदादेखि पूर्णिमा-सम्म प्रतिदिन पिण्डपितृयज्ञरहित दर्शेष्टि हुञ्च; एवम्प्रकारले

बैसाक–जेठ–असारका कृष्णपक्षमा प्रतिदिन पूर्णमासेष्टि र शुक्लपक्षमा प्रतिदिन दर्शेष्टि हुञ्चन् । अनि असारका पूर्णिमामा चातुर्मास्यको वरुणप्रघासपर्व हुञ्च; अनि पूर्ववत् पूर्णमासेष्टिहरु र दर्शेष्टिहरु, अनि कात्तिकका पूर्णिमामा साकमेधपर्व, अनि फेरि पूर्ववत् पूर्णमासेष्टि र दर्शेष्टिहरु, अनि माघामावास्यामा शुनासीरीयपर्व हुञ्च; अनि तेसै दिनमा पञ्चवातीयहोम, इन्द्रतुरीयेष्टि, अपामार्गहोम हुञ्चन्; अनि तिन दिन त्रिपर्यं युक्तेष्टिहरु र फाल्गुनशुक्लचतुर्थीमा द्विहविष्केष्टिहरु हुञ्चन्; तेसै दिनदेखि रत्निहवि–नामका वार इष्टिहरुको प्रारम्भ हुञ्च । तिनमा (१) चतुर्थीमा सेनानीका घरमा अनीकवदिष्टि, (२) पञ्चमीमा पुरोहितका घरमा बार्हस्पत्येष्टि, (३) षष्ठीमा यजमानका घरमा ऐन्द्रेष्टि, (४) सप्तमीमा पटरानिका घरमा अदितीष्टि, (५) अष्टमीमा सूत– (सारथि–) का घरमा वारुणेष्टि, (६) नवमीमा ग्रामणीका घरमा मारुतेष्टि, (७) दशमीमा क्षत्ता– (महाप्रतीहारमुक्ख्य–) का घरमा सावित्रेष्टि, (८) एकादशीमा रथयोजयिताका घरमा आश्विनेष्टि, (९) द्वादशीमा भागदुघ– (कराधिकृत–) का घरमा पौष्णेष्टि, (१०) त्रयोदशीमा यजमानका घरमा रौद्रेष्टि, (११) चतुर्दशीमा दूतका घरमा अद्ध्वेष्टि (चतुर्गृहीताज्यहोम), (१२) पूर्णिमामा परिवृत्ती– (अपुत्रा यजमानपत्नी–) का घरमा नैर्ऋतेष्टि हुञ्चन् । अनि सौमारौद्रेष्टि र मैत्रावार्हस्पत्येष्टि हुञ्चन् । अनि चैत्रशुक्लप्रतिपदामा अभिषेचनीयसोमयागको र दशपेयसोमयागको प्रारम्भको सङ्कल्प हुञ्च । अभिषेचनीय सोमयागमा अग्नीषोमीय पशुयागका सन्निधिमा देवसूहविहरु हुञ्चन् । अनि यजमानको अभिषेक गर्न सत्र प्रकारका जल जोरेर सुत्यादिनमा मरुत्वतीयग्रहग्रहण गरेपछि पार्थहोमका आहुतिहरुका विचमा उक्त जलले यजमानको अभिषेक हुञ्च । अनि यजमानलाइ शौनःशेपाख्यान सुनाइञ्च; रथारोहण गराइञ्च; अनि द्यूत-

क्रीडा हुञ्च; अनि प्राकृत–कर्महरु हुञ्चन्; यो अभिषेचनीय सोमयाग उक्थ्यसंस्थ हुञ्च; एसमा १०,००० गाइ दक्षिणा दिनपर्च; एसमा त्रैधातवी उदवसानीयेष्टि हुञ्च; अनि दस संसृपाहविहरु हुञ्चन् । अनि दशपेय सोमयागका दीक्षादि कर्महरु हुञ्चन्; तेसमा प्राकृत दस चमसका अतिरिक्त अरु दस चमस हुञ्चन् र तिनमा एकएक चमस दसपुस्तासम्म अविच्छिन्न रूपले सोमपान गरेका दस ब्राह्मणहरुले पिउँचन्; तेसैले एस यागलाइ दशपेय भनिया हो । तेसपछि पञ्चविलेष्टि, मैनामैनामा गर्न पर्नि वा सबै एकै दिन गरेनि हुनि वार प्रयुग्हविहरु, पशुवन्ध, अतिरात्रसंस्थ केशवपनीय सोमयाग, व्युष्टिद्द्विरात्र सोमयाग, (त्रिष्टोम), क्षत्रधृति, (अग्निष्टोम), चरकसौत्रामणी, त्रैधातवीया उदवसानीयेष्टि– आदि विशेष यागहरु हुञ्चन् । यो राजसूय याग गरेपछि नै वैदिकसिद्धान्तअनुसार् यजमान वास्तविक रूपमा राजा हुञ्च ।

अश्वमेध– दिग्विजयि समर्थ सर्वकाम राजाले अश्वमेध यज्ञ (सोमयागविशेष) गर्नि हो । अश्वमेधयज्ञ गर्दा फाल्गुनशुक्लाष्टमीमा ब्रह्मौदनपाक गरि ब्रह्मा–उद्गाता–होता–अध्वर्युलाइ ख्वाइञ्च र प्रत्येकलाइ हजार–गाइ, हजार शतमान (सए रतिका चाँदिका परिमण्डल खण्डहरु) दक्षिणा दिइञ्च; यजमानले निष्कधारण र वाग्यमन गर्च, अनि यजमानका अनुचरीसहित चार पत्नीहरु यजमानका समीपमा आउँचन्, अग्निगृहमा प्रवेश गरिञ्च; अग्निगृहमा नै यजमान वावाता–(प्रियतमा पत्नी–) का तिग्राका माजामा शिर गरेर मैथुन नगरिकन सुच्च; उसका ओरिपोरि अरु पत्नीहरु सुच्चन्; भोलिपल्ट प्रातरग्निहोत्र, पूर्णाहुतिहोम, ब्रह्मालाइ वरको दान, वाग्विसर्ग, अद्ध्वर्युलाइ यजमान–परिहित–निष्कदान, पथिकृदिष्टि, पोष्णचरु, अश्व–रसना–ग्रहणादि, प्रसवितृपुरोडाशयाग, आसवितृपुरोडाशयाग, सत्यप्रसव–पुरोडाश–याग, अश्वकर्णमा जप, बुडा सए घोडाहरुमा मिलाएर यज्ञिय अश्वको उत्सर्ग

र रक्षक–नियोगादि गरि अद्ध्वर्यु र यजमान विहारका दक्षिणतिर सुनका मेचमा वश्चन्; ब्रह्मा, उद्गाता र होता पनि स्वर्णमय आसनमा वश्चन् र अद्ध्वर्युको अरोटले होता पारिप्लव-शस्त्र-शंसन गर्चन्, वीणा-गणगि-हरुले राजर्षिहरुसित मिलाएर यजमानको माहात्म्य गाउँचन्; अनि प्रक्रमहोम, सायमग्निहोत्रार्थ अग्न्युद्धरण राजन्य–कर्तृक–यजमानयुद्ध–जयगाथागानसहित धृतिहोम, सायमग्निहोत्रहोम गरिञ्चन्; अनि वर्षदिनसम्म नै प्रतिदिन यजमान उक्त प्रकारले सुच्च, उक्त प्रकारले प्रसवितृपुरोडाशयाग–आसवितृपुरोडाशयाग–सत्यप्रसवपुरोडाशयागहरु, पारिप्लवशंसन, वीणागणगिगान र धृतिहोम गरिञ्चन्; वर्षदिन पुगि छोडिएको घोडा फर्केर आएपछि इष्टकापशु, उखासम्भरणादि, ऋत्विग्वरणादि, सात दीक्षणीयेष्टिहरु, उक्ख्याग्निजननादि, बार दीक्षामा वीणा-गणगिहरुको यजमानलाइ देउतासित मिलाएर गाथा गाउनि काम; दीक्षान्तमा वेदिमान, अग्निक्षेत्रमान, बार उपसद्हरु, अग्निक्षेत्रचयनादि, अग्नीषोमीय एक्काइस पशुहरुको कर्म, अनि भोलिपल्ट पञ्चवेकादशिनीयुक्त अग्निष्टोम–संस्थाक सुत्या, तेसमा विशेष परिस्तरणभन्दा अगि नै वीणा–गणगि–हरुवड यजमानलाइ प्रजापतिसित मिलाएर गाथागान; दक्षिणा-कालमा यजमानले दिग्विजयमा पूर्ववड पाका भूमि–पुरुष-ब्राह्मण-स्व–भिन्न धनको तिनभागको एक भाग होतृगणलाइ, दक्षिणवड पाको तेस्ता धनको तिन भागको एक भाग ब्रह्मगणलाइ, पश्चिमवड पाको तेस्तो धनको तिन भागको एक भाग अद्ध्वर्युगणलाइ, उत्तरवड पाका तेस्ता धनको तिन भागको एक भाग उद्गातृगणलाइ दिनि काम; अग्निष्टोमावभृथका अन्तमा सर्वरात्रहोम गरिञ्चन्; तेसका भोलिपल्ट उक्थ्यसंस्थाक सुत्या हुञ्च, तेसमा विशेष बहिष्पवमानस्तोत्रपछि उक्त यज्ञिय अश्वको अभिष्टवन, अलङ्करण, अरु तिन अश्वको र रथको अलङ्करण, रथयोजन, रथले पानि भाका ठाममा

जानि र फर्केर आउनि काम, यजमानपत्नीहरुवड यज्ञिय अश्वको अञ्जन, सौवर्ण मणिहरुको आवन्धन, रात्रिहुतशेष लाज–सक्तु–धानाहरु अश्वलाइ दिनि काम; ब्रह्मोद्द्यवदन, अग्निमन्थनादि, पश्वेकादशिनीद्द्वय, अग्निष्ठ यूपमा उक्त अश्वको तूपरको र गोमृगको नियोजन, पर्यङ्ग्य पशुहरुको अश्वाङ्गमा नियोजन, अरु पशुको अरु यूपहरुमा नियोजन, आरण्यपश्वादिको यूपहरुका विचविचमा समुचित उपकरणले नियोजन, ऐकादशिनादि सबै पशुको प्रोक्षण, कपिञ्जलादि आरण्य जन्तुहरुको उत्सर्जन, ऐकादशिनपशुहरुको उक्त अश्वको र अरु पशुहरुको सञ्ज्ञपन (मारण), पत्नीहरुवड मृत अश्वको परिक्क्रमण र अरु मृत पशुहरुको शुन्धन; महिषी- (यजमानकि मुक्ख्य पत्नी-) को मृत अश्वसित शयन, अश्व-र-महिषीलाइ ओड्नि ओडाउनि काम; महिषीले अश्वको शिश्न तानेर आँफ्नु योनिमा जोड्नि काम, एसै अवस्थामा यजमानको अश्वाभिमेथन; अद्ध्वर्युको र राजकुमारीको, ब्रह्माको र महिषीको, उद्गाताको र वावाताको, होताको र परिवृक्ताको, महाप्प्रतीहारमुक्ख्यको र पालागलीको अभिमेथन-प्रत्यभिमेथन; महिषीको उत्थापन, पत्नीहरुवड अश्वशरीरमा असिपथकरण, अश्वको मेदको र अरु पशुहरुको वपाको ग्रहण र श्रपण, सदोमण्डपमा होता–अद्ध्वर्यु–ब्रह्मा–उद्गाताको ब्रह्मोद्द्यवदन, अनि उत्तरवेदिका पश्चिमतिर वसेका यजमान-सहित होत्रादिको ब्रह्मोद्द्यवदन, सौवर्णमहिमग्ग्रहको ग्रहण र होम, ऐकादशिन–वपा–प्प्रचार, अश्वमेदस्–तूपरवपा–गो-मृगवपाप्रचार, अन्त्यपशुवपाप्प्रचार, राजतमहिमग्ग्रहको ग्रहण र प्रचार, सर्पणादि पश्वङ्गासादनान्तकर्म, अश्वलोहितहवि-रवदान, ऐकादशिन–हविःप्रचार, प्राजापत्याऽश्वि–तूपर–गोमृग–हविःप्रचार, आग्नेयादि–सौर्यान्तपशुहविःप्रचार, वनस्पतियाग, देवताऽश्वाङ्गादिहोम, लोहितहोमादि पत्नीसंयाजान्तकर्म, दक्षिणाका वेलामा पूर्ववत् दक्षिणादान गरिञ्चन्; तेसका

ओलिपल्ट अतिरात्रसंस्थाक सुत्या हुञ्च, तेसमा विशेष चौविस गोपशु सवनीयपशु हुञ्चन्; दक्षिणाका वेलामा पूर्ववद् दक्षिणादान गरिञ्च; अवभृथेष्टिका अन्तमा जुम्वकहोम, उदयनीयेष्टि, एक्काइस अनूवन्ध्या. त्रैधातवी उदवसानीयेष्टि हुञ्चन्, अनि राजकुमारी–र–पालागलीका अनुचरीहरु अद्ध्वर्युलाइ, महिषीका अनुचरीहरु ब्रह्मालाइ, वावाताका अनुचरीहरु उद्गातालाइ, परिवृक्ताका अनुचरीहरु होतालाइ दिइञ्चन्; वीणागणगिहरुले यजमानलाइ प्रजापतिमा मिलाएर गाथा गाउँचन्; अनि मैत्रावरुण–पयस्या–याग, अनि सायमग्निहोत्रहोम अनि देवयजनादीपन र नगरप्रवेश हुञ्चन्। तेस–पछि वार दिनसम्म प्रतिदिन आग्नेयपुरोडाशयाग वा ब्रह्मौदनपाक गरिञ्च। अनि वसन्तदेखि प्रत्येक ऋतुमा छ–छ पशुका यागहरु हुञ्चन्।

पुरुषमेध– सबैभूतभन्दा पनि वर्ता र सर्वात्मा हुन चाआनि अतिधनसम्पन्न ब्राह्मणले वा राजाले पुरुषमेधयज्ञ गर्नि हो। पुरुषमेधयाग गर्दा तेइस दीक्षा र वार उपसत् गरिञ्चन्। पैलो सुत्याह साग्निचित्त्य अग्निष्टोम–संस्थ, दोस्रो उक्थ्यसंस्थ, तेस्रो अतिरात्रसंस्थ हुञ्च। तेस्रा सुत्याहमा ऐकादशिन–पशुनियोजनपछि माजाका यूपमा ब्राह्मणादि अड्चालिस-पुरुषहरुको, अरु दस यूपहरुमा एगार–एगार पुरुषहरुको, दोस्रा यूपमा अरु छब्बिस पुरुषहरुको नियोजन र पुरुषसूक्तले उपस्थान गरि प्रोक्षण र पर्यग्निकरण गरेर ब्रह्मादिलाइ उद्देश गरि उत्सर्जन गरिञ्च। ऐकादशिन–पशुले प्रधान–याग र वनस्पति–याग गरेर पुरुष–देवताहरुलाइ आज्ज्याहुति होमि स्विष्टकृद्होमादि गरिञ्च। चतुर्थ सुत्याह उक्थ्यसंस्थ, पञ्चम अग्निष्टोमसंस्थ हुञ्चन्। दक्षिणाकालमा राजा यजमान भए प्रत्येक सुत्याहमा अश्वमेधकै प्रकारले पुरुषहरुसमेत पञ्चमांश-पञ्चमांश धन दिन पर्च; ब्राह्मण कर्ता भए प्रत्येक सुत्याहमा सर्वस्वको पञ्चमांश–पञ्चमांशले सवै गणका ऋत्विक्लाइ

दक्षिणा दिनपर्च । उदयनीयेष्टिपछि एगार अनुवन्ध्या, अनि त्रैधातवी उदवसानीया हुञ्चन् । तेसपछि सायमग्निहोत्र नगरिकनै आँफुमै अग्निसमारोप गरि उत्तरनारायणानुवाकले सूर्यको उपस्थान गरेर पछि फर्केर नहेरिकन वनमा प्रवेश गर्नि र वाँचुञ्जेल गाममा नपस्नि गर्नपर्च; गाममा वस्नि इच्छा भए सायमग्निहोत्र होमि अरणिमा अग्निसमारोप गरि उत्तरनारायणानुवाकले सूर्योपस्थान गरि देवयजन पोलेर ग्राममा प्रवेश गर्नपर्च ।

<u>सर्वमेध–</u> सवै भूतमा श्रेष्ठता–आधिपत्य–र–स्वाराज्यको कामना गर्नि (अतिसम्पन्न ब्राह्मणको र) राजाको नै सर्वमेधयज्ञमा अधिकार हुनि कुरा बुजिञ्च । सर्वमेधमा वार दीक्षा, वार उपसद् हुञ्चन्; प्रथम सुत्याह एकशतविधाग्निचित्त्यायुक्त अग्निष्टुदग्निष्टोमसंस्थ हुञ्च; दोस्रो इन्द्रस्तुदुक्थ्यसंस्थ, तेस्रो सूर्यस्तुदुक्थ्यसंस्थ चौथो वैश्वदेवस्तुदुक्थ्यसंस्थ, पाँचौँ महाव्रत, छैटो वाजपेय, सप्तम आप्तोर्यामसंस्थ हुञ्च; सप्तम सुत्याहमा चार आतिरात्रिक स्तोमायन पशुहरु हुञ्चन्; तिनको वपाको होम गरेपछि सर्वहोम गरिञ्च; सर्वहोममा पुरुष, अश्व, गौ, अवि, अज र अरु अनिषिद्ध सबै प्राणिका वपाको र वपा नहुनिको छालाको तथा ओषधि–वनस्पतिहरुको पनि मसीऽऽनरि काटेर वनाय्येको धुलाको र व्रीहि–यव–गोधूम-मुद्गादि अनिषिद्ध सबै अन्नको एकै ठाममा अवदान गरि 'तदेवाग्निस्तदादित्य' इत्यादि अद्ध्यायका मन्त्रले प्रतिमन्त्र एकएक आहुति होमिञ्च; तृतीय सवनमा पनि आतिरात्रिकपशुहरुका अवदानहरुको होम गरेपसि वनस्पतियागभन्दा अगि नै सर्वहोम गरिञ्च । अष्टम सुत्याह त्रिणवस्तोम उक्थ्य, नवम त्रयस्त्रिंशस्तोम उक्थ्य र दशम विश्वजिदतिरात्ररूप हुञ्चन्, तिन अनुवन्ध्या हुञ्चन्, त्रैधातवी उदवसानीयेष्टि, आग्नेयपयस्स्यायाग, सायमग्निहोत्रहवन, अग्निसमारोप, देवयजनादीपन र ग्रामप्प्रवेश हुञ्चन् । [द्रष्टव्य–

देवयाज्ञिकपद्धति] वस्तुतः पयस्स्यायागपछि आँफुमा अग्नि-समारोप गरेर वन् पस्नि पक्ष याँहाँ पनि हुनपर्नि देखिञ्च (द्रष्टव्य– शाङ्खायनश्रौतसूत्र १६।१६) । दक्षिणाकालमा राजाले अश्वमेध–दक्षिणाका प्रकारले सपुरुष सभूमि धन प्रत्येक सुत्याहमा दशमांश–दशमांश गरेर दिनपर्च (ब्राह्मणले सर्वस्स्व दिनपर्नि देखिञ्च) ।

वैदिकधर्ममा पूर्तकर्म

वैदिक धर्ममा इष्ट–कर्मको झैं इ नै पूर्तकर्मको पनि महत्त्व स्वीकृत छ । वैदिक वाङ्मयमा इष्टापूर्तको उल्लेख धेरै ठाममा पाँइञ्च (ऋ. १०।१४।८; तै. सं. ५।७।७।१–३; मा. वा. शु. य. वे. १५।५४; मा. वा. शत. १३।१।५।६; तै. ब्रा. २।५।५७, ३।९।१४; कठोपनिषद् १।१।८; छान्दोग्योपनिषद् ५।१०।३; शौ. अ. वे. २।१२।४, मुण्डकोपनिषद् १।२।१०) । इष्ट भन्नाले गृह्याग्निसाद्ध्य र श्रौताग्नि-साद्ध्य कर्म, आतित्थ्य, वेदानुपालन, तपस्या, सत्त्यपरायणता आदि बुजिञ्चन् (अत्त्रिस्मृति श्लो. ४३) । तिनको सङ्क्षेपमा वर्णन माथि गरिसकियो । पूर्त भन्नाले लोकका लागि बाटो–कुआ–पोखरि–मन्दिर–हरु बनाउनु[1], चौतारा–बँगैचा-हरु लाउनु, रुख रोप्नु[2], विद्यालय बनाउनु[3], चिकित्सालय

---

१. वापी–कूप–तडागानि देवतायतनानि च । अन्नप्रदानमारामः पू-र्त मित्त्यभिधीयते ।। –अत्त्रिस्मृति (श्लो. ४४) ।

२. तस्मात् तडागे सद्वृक्षा रोप्याः श्रेयोऽर्थिना सदा । पुत्त्रवत् परिपाल्याश्च पुत्त्रास्ते धर्मतः स्मृताः ।। –अनुशासनपर्व ५८।३१ ।

३. कृत्त्वा मठम् प्रयत्नेन शयनासनसय्ँयुतम्। तृणैराच्छादितञ्चा चैव वेदि-काभिस् सुशोभितम् ।। पुण्यकाले द्विजेभ्यो वा यतिभ्यो वा निवेदयेत्। सर्वान् कामानवाप्नोति निष्कामो मोक्षमाप्नुयात् ।।–दान-चन्द्रिकामा उद्धृत स्कन्दपुराणवचन ।

चलाउनु[1], रोगिको परिचर्या[2] गर्नु इत्यादि कर्म बुजिञ्चन्। एस्ता पूर्तकर्ममा धनयुक्त विधवा स्त्रीहरुको र शूद्रहरुको समेत अधिकार मानिएको छ। छोरा नभएकाले वर–पिपल आदिका वृक्षलाइ छोरा बनाइ तिनको यथाविथि संस्कार गरेर छोडेमा तिनवड परत्त्रमा छोरावड पाँइनि फल समेत पाँइनि कुरा पुराणहरुमा पाँइञ्च।

वैदिकधर्ममा दत्तकर्म (दान)

वैदिकधर्ममा गृह्य–श्रौत–यज्ञका अङ्गका रूपमा गरिनि दक्षिणा–दानभन्दा भिन्न स्वतन्त्र दानको पनि महत्त्व स्वीकृत छ। छान्दोग्योपनिषद्मा इष्टापूर्तभन्दा पृथक् दत्त-कर्म–(दान–) को उल्लेख छ (२।२३।१; ५।१०।३)। बृहदारण्यकोपनिषद्मा पनि अति महत्त्वपूर्ण धर्मका रूपमा दानको उल्लेख पाँइञ्च (५।२।३)। मनुस्मृत्यादिमा (मनु. १।८६, शान्तिपर्व २३२।२८, पराशर १।२३, वायुपुराण ८।६५–६६) कलियुगमा दानको विशेष महत्त्व देखाय्या छ। दान स्वतन्त्र धन भएका स्त्री–शूद्रहरुले पनि गर्न हुञ्च। यक्ष्मादि पाप–रोग नभाको, मद्य-द्यूत-वेश्यासेवनादि व्यसनमा नलागेको,अनिन्द्य जीवनवृत्ति र काम भाको,शुद्ध धर्मबुद्धि भाको

---

१. आरोग्यशालां यः कुर्याद् महावैद्यपुरस्कृताम्। सर्वोपकरणोपेतां तस्य पुण्यफलं शृणु॥ धर्मार्थकाममोक्षाणामारोग्यं साधनं यतः। तस्मादारोग्यदानेन तद् दत्तं स्याच् चतुष्टयम्॥ – हेमाद्रिकृत दानखण्डमा उद्धृत स्कन्दपुराणवचन (८९४ पृ.)

२. (क) रोगिणां परिचर्या च पूर्त्तमित्यभिनिर्दिशेत्। –हेमाद्रिका दानखण्डमा उद्धृत शङ्खस्मृतिवचन (पृ. २०); (ख) श्रान्त-सर्व्वाहनं रोगिपरिचर्या सुरार्चनम्। पादशौचन् द्विजोच्छिष्टमार्जनञ्च गोप्रदानवत्।–याज्ञवल्क्य. १।२०९; (ग) औषधम् पत्थ्यमाहारन् तैलाभ्यङ्गम् प्रतिश्श्रयम्। यः प्रयच्छति रोगिभ्यः स भवेद् व्याधिवर्जितः। – हेमाद्रिका दानखण्डमा उद्धृत विश्वामित्रवचन (पृ. ८९२)।

र दानेच्छु दाता उत्तम दाता मानिञ्च । दान शक्तिअनुसार्को हुञ्च । दस गाइ भाकाले एउटा गाइ दिँदा, सए गाइ भाकाले दस गाइ दिँदा, र हजार गाइ भाकाले सए गाइ दिँदा बराबरै फल पाउँचन् भन्नि उल्लेख अग्निपुराणमा पाँइञ्च (२११।१) । एस्तै कुरा आश्वमेधिक–पर्वमा (९०।९६–९७) पनि देखिञ्च । दान दिँदा आँफुले भरण–पोषण गर्नपर्नि व्यक्तिहरुको सुविधा–असुविधालाइ पनि विचार गरेर यथोचित रूपमा दान दिनि विधान छ (आपस्तम्ब २।४।९।१०–१२, बौधायन २।३।११, मनु. ११।९–१०, याज्ञवल्क्य २।१७५, व्यास. ४।१६. १८. २४ इत्यादि) । अन्यायले आर्जेको धेरै नै धन पनि श्रद्धा–विना अपात्रलाइ दिएर पुण्य हुँदैन; न्यायले आर्जेको आँफ्नु गच्छे–अन्सार् सागैको मुठो मत्रै भने पनि श्रद्धाभक्तिले सत्पात्रलाइ दिएमा ठुलो पुण्य हुञ्च भन्नि कुरा देवलस्मृत्यादिमा पाँइञ्च । कोमल हृदय भएका, सदाचारि, जितेन्द्रिय, सत्यवादि, सोजो वृत्ति लिएका, शुद्धकुलीन, स्ववृत्तिमा अडेका, वेदज्ञ ब्राह्मण सत्पात्र मानिञ्चन् (अनृशंसश् शुचिर् दान्तस् सत्यवागार्जवे स्थितः । योनि–कर्म–विशुद्धश् च पात्रं स्याद् वेदविद् द्विजः ।। –शान्तिपर्व ३०९।१४) अपात्रलाइ दान दिँदा दान दिनि र लिनि दुअैको अधोगति (नरकप्राप्ति) हुञ्च (मनु. ४।१८८–१९४; शान्तिपर्व २६।२९ इत्यादि) । दानधर्मका विषयमा हेमाद्रिकृत चतुर्वर्गचिन्तामणिका दान–खण्डमा, वल्लालसेनका दानसागरमा, नीलकण्ठकृत दानमयूखमा र दिवाकरकृत दानचन्द्रिका इत्यादिमा विशेष कुरा पाँइञ्चन् । सोर महादानहरुको पनि त्याँ प्रतिपादन पाँइञ्च । दान लिनिले पनि शास्त्रीय व्यवस्था राम्ररि बुजेर आँफ्नु योग्यताअन्सार् मत्रै दान लिनपर्च भन्नि कुरा मनुस्मृतिमा पाँइञ्च (४।१८६–१९१) । सत्पात्रमा दिय्येका दानले परलोकमा प्राप्त हुनि पुण्य–फल त शास्त्रप्रतिपादित छँदैछ; एसै लोकमा पनि

ब्राह्मणको र वेदको रक्षा, धर्मको रक्षा र तिनको रक्षाद्वारा विविध प्रकारले लोकको रक्षा र कल्याण हुनि कुरा पनि विशेष रूपमा मननीय देखिञ्च ।

पञ्चमहापातक

वैदिक धर्ममा निषिद्ध आचरणलाइ पाप वा पातक भनिञ्च । तेस्ता निषिद्ध आचरण विभिन्न तहका छन् । तिनको वर्गीकरण धर्मसूत्रहरुमा र स्मृतिहरुमा पाँइञ्च । तिनमा पञ्चमहापातकको उल्लेख छान्दोग्योपनिषद्मा (५।१०।९) पनि पाँइञ्च । (१) ब्रह्महत्त्या, (२) ब्राह्मणको एक तोला वा त्योभन्दा वडि सुनको चोरि, (३) गुरु-पत्नी-गमन, (४) सुरापान (अन्नको मदिरा जाँड–रक्सिको पान) र (५) उक्त-पातकहरुमद्दे–एक-वा-अनेक-पातक–गर्नि–सित यौन-मौख-स्रौव-आर्थादि सम्वन्ध गर्नु एति पञ्चमहापातक मानिञ्चन् । कलिमा पञ्चम महापातकलाइ सामान्य पातक मत्त्रै मान्नि महापातक नमान्नि पक्ष स्मृतिपुराणादिमा पाँइञ्च । ऋग्वेदमा भने सात महापातकको उल्लेख भएको देखिञ्च [द्रष्टव्य–निरुक्त ६।५।५ (६।२७)] ।

अरु पातकहरु र पातकवर्गीकरण

गौतमधर्मसूत्रमा नास्तिक्क्य, निन्दितकर्माभ्यास, पतिताऽत्त्याग, अपतितत्त्याग, पातकसय्ँयोजन पनि पातित्त्य-जनक मानिएका छन्; बौधायन–धर्मसूत्रमा समुद्द्रसय्ँयान, ब्राह्मणस्स्वन्यासापहरण, भूम्म्यनृत, सर्वपण्य्व्यवहार, शूद्द्रसेवन, शूद्रापत्त्योत्पादन पनि पातित्त्यजनक मानिया छन्; आपस्तम्ब-धर्मसूत्रमा अधीतवेदत्त्याग पनि पातित्त्यजनक मानिया छ; विष्णुधर्मसूत्रमा मातृगमन, दुहितृगमन र स्नुषागमन महा-पातकभन्दा पनि ठुला पातक (अतिपातक) मानिया छन्; पारस्कर-गृह्यसूत्रानुसार् व्रात्यता पनि पातित्त्यप्प्रयोजक मानिया जस्तो देखिञ्च । स्त्रीका निमित्त आँफुभन्दा नीच जातिका

पुंहर्षसित पोइला जानु, गर्भ तुग्राउनु, पतिलाइ मार्नु पनि विशेष पातित्यजनक मानिएका छन् (याज्ञवल्क्य. ३।२९७)। मनुस्मृति-याज्ञवल्क्यस्मृतिहरुमा मुक्ख्यतया छान्दोग्योपनिषद्को अनुकूल कुरा पाँइञ्च। विष्णुधर्मसूत्रादि-अन्सार् (१) अतिपातकमा मातृगमन, पुत्रीगमन, स्नुषागमन; (२) महापातकमा ब्रह्महत्या, सुरापान, ब्राह्मणसुवर्णहरण, गुरुदारगमन, उक्त-चार-पातक-मद्दे-एक-वा-अनेक-पातक-गर्नि-सित सम्पर्क; (३) अनुपातकमा यागस्थक्षत्रिय-वैश्यवध, रजस्स्वलावध, गर्भिणीवध, अत्रि-गोत्रस्त्रीवध, अविज्ञातगर्भवध, शरणागतवध, कौटसाक्ष्य, सुहृद्वध; ब्राह्मणभूम्यपहरण, निक्षेपापहरण; पितृव्य-मातामह-मातुल-श्वशुर-नृप-पत्नीगमन, पितृष्वसृ-मातृष्वसृ-स्वसृ-गमन, श्रोत्रिय-ऋत्विग्-उपाद्ध्याय-मित्र-पत्नीगमन, स्वसृसखी-स्वसखी-सगोत्रा-उत्तमवर्णा-कुमारी-अन्त्यजा-रजस्स्वला-शरणागता-प्रव्रजिता-निक्षिप्ता-गमन; स्वोत्कर्षनिमित्तक मित्थ्यावचन, राजगामिपैशुन, गुरुजनमा मित्थ्यादोषको वार-वँवार आरोप, वेदनिन्दा, अधीतवेदत्याग, अत्याज्ज्या-ऽग्नि-पितृ-मातृ-सुत-दारत्याग, अभोज्ज्यान्नको अन्नको भक्षण, लशुन-पलाण्डु-गृञ्जन-ग्रामकुक्कुट-सूकराद्यभक्ष्य-भक्षण; (४) उपपातकमा- परस्स्वापहरण, परदाराभिगमन, अयाज्ययाजन, ग्रामयाजन, विकर्मजीवन, असत्प्रतिग्रह, क्षत्र-विट्-शूद्र-गो-वध, अविक्क्रेयविक्क्रय, परिवित्तिता, परिवेदन, परिवेत्तृ-कन्यादान, परिवेत्तृविवाहाचार्यत्त्व, व्रात्यता, भृतकाद्ध्यापन; भृतकाद्ध्ययन, सर्वाकराधिकार, हिंस्रमहायन्त्रप्प्रवर्तन, द्रुम-गुल्म-वल्ली-लतौषधि-हिंसा, स्त्र्याजीवन, अभिचारकरण, बलात्कारकरण, आत्मार्थपाचन, अनाहिताग्नित, देवर्षिपितृ-मनुष्यऋणाऽनपाक्रिया, असच्छास्त्राधिगमन, कुशीलवता, मद्द्यप-स्त्रीनिषेवण, नाट्टचाचार्यता, वृत्त्यर्थगोमहिषीरक्षण, कन्या-दूषण, वृत्त्यर्थभेषजकरण, व्रतलोप, व्यसन, शूद्रप्रेष्यता, अना-श्रमित्त्व, परान्नपरिपुष्टता, दास्य, हीनमैत्री, केवलाऽसवर्ण-

दारत्त्व, राजभृत्यता, वृक्षारोपणवृत्तिता, गरदता, अग्निदता रथगजारोहणवृत्तिता, श्वगणिता, शूद्द्रोपाद्ध्यायता, शूद्द्रा-पतित्त्व, भण्डिकत्त्व, नक्षत्त्रजीविता, ब्रह्मजीविता, देवलकता, पुरोहितता,गुरुप्रतिघातिता, कृतघ्नता, कूटव्यवहारिता, मित्थ्या-भिशंसिता, पतितसव्ँव्यवहारिता, मित्त्रद्द्रोह, शरणागतघात, प्रतिरूपकवृत्तिता; (५) **जातिब्भ्रंशकर पातकमा** ब्राह्मणाङ्गपीडन, अग्घ्येयमद्द्यग्घ्याण, वञ्चकत्त्व, पशुमैथुन, पुरुषमैथुन; (६) **सङ्करीकरण पातकमा** ग्राम्म्यपशुहिंसा, (७) **अपात्त्रीकरण पातकमा** निन्दितजनधनादान, वाणिज्ज्य, कुसीदजीवन, असत्त्यभाषण, शूद्द्रसेवन, (८) **मलिनीकरण पातकमा** पक्षि–जलचर–जलज–मारण, क्रिमि–कीट–मारण, मंद्द्यानुगतभोजन; (९) **प्रकीर्ण पातकमा** उपर्यनुक्त शास्त्रनिषिद्ध आचरणहरु गनिएका छन्। उपर्यनुक्त भए पनि कुनै शास्त्रनिषिद्धाचरण निन्दातिशय वा प्रायश्चित्तातिगौरव देखिएमा महापातकादितुल्ल्य पनि मानि-ञ्चन्। सामान्यतया गुरुता–लघुता–क्रमले गरिएको उपर्युक्त वर्गीकरण–अन्सार्का अतिपातक–महापातक-र-अनुपातक गर्नाले द्विजाति पतितै हुनि र उपपातकादि गर्नाले साधारणतया पतितै त नहुनि, पातकको गुरुता–लघुता–अन्सार्का मात्त्रामा निन्द्य भनें हुनि कुरा देखिञ्च।

अनाचारहरु

शास्त्रले जे–जस्ता जजसले जे–जे गर्नु भनि विधान गरेको छ तेस्ता तिनले त्यो–त्यो कुरा नगर्नु अनाचार हो। सामान्यतया पातक करणात्मक र अनाचार अकरणात्मक देखिञ्चन्। तथापि धर्मसूत्त्रादिमा इ दुइको राम्म्रो वर्गीकरण नगरिया देखिञ्च। विद्वान्हरुले एस्को विवेचना र समुचित वर्गीकरण गर्नु उचित र आवश्यक देखिञ्च। अनाचारमा स्नान–सन्ध्योपासनादिलोप, संस्कारलोप, अन्त्य नित्त्य–नैमि-त्तिककर्मलोपहरु लिन सकिञ्चन्। ति अनाचारहरुको पनि गुरुता–लघुता–अन्सार्को श्रेणि–विभाग पनि गर्न सकिञ्च। तदनुसार् धर्मशास्त्रग्रन्थबड प्रायश्चित्तको सङ्ग्रह पनि गर्न आवश्यक देखिञ्च।

पतन र पतितत्त्याग

धर्म–अर्थ–काम–मोक्ष इ चार पुरुषार्थ प्रतिको सन्तुलित दृष्टिकोण राख्नि स्थितिवड अर्थ–काम–मात्रपरक दृष्टिकोण राख्नि स्थितिमा गिर्नु नै वास्तविक रूपमा पतन हो भन्नि कुरा शास्त्रचिन्तनवड देक्खिन आउँच । द्विजातिकर्म– (वेदाद्ध्ययनादि षट्कर्म) मा अनधिकारि हुन पुग्नु र आँफुले गरेका धर्मको परत्रफल पाउनवड च्युत (वञ्चित) हुनु पतन हो भनि गौतम–धर्मसूत्रमा पतनको व्याक्ख्या गरिया छ (३।३। ४–५) । एसवड पतित व्यक्ति एस लोकमा अपतितहरुका लागि वेदाद्ध्ययनाऽद्ध्यापनादि कर्ममा अव्व्यवहार्य हुनि र परलोकमा नरकमा पर्नि कुरा स्पष्ट हुञ्च । एस्ता पतितलाइ वन्धुवर्गले वारव्ँवार सम्जाइ बुजाइ समुचित प्रायश्चित्त गराइ व्यवहार्य गराउन पर्च र नरक–पर्नवड वचाउन पर्च; वारव्ँवार सम्जाउँदा बुजाउँदा पनि नमानें त्याग्न पर्च भन्नि व्यवस्था शास्त्रमा पाँइञ्च (तस्य गुरोर् वान्धवानां राज्ञश्च समक्षन् दोषानभिक्ख्याप्प्याऽ नुभाष्य पुनःपुनराचारल्ँ लभस्स्वेति, स यद्येवमप्प्यनवस्थितमतिस् स्यात् ततोऽस्य पात्रव्ँ विपर्यस्स्येत्, अत ऊर्ध्वन् तेन सम्भाष्य तिष्ठेदेकरात्रञ् जपन् सावित्रीञ् ज्ञानपूर्वञ् चेत् तिररात्रम् । –मिताक्षरामा [३।२९४] उद्धृत शङ्खवचन; निवर्तेरंश् च तस्मात् तु सम्भाषणसहासने । दायाद्यस्य प्रदाञ् च यात्रा चैव हि लौकिकी । –मनु. ११।१८४)।

धर्मपरिषत् र तेसमा सन्न्यासिको स्थान

लोकले था पाउनि गरेर जानिजानि मिचेर पातक वा अनाचार गरेका अविनीत, अपठित युवकहरुले धर्म–निर्णय–परिषद्ले–दिएको–व्यवस्थानुसार् प्रकाश–प्रायश्चित्त गर्नपर्च भन्नि कुरा स्मृतिहरुवड बुजिञ्च (वसिष्ठधर्मसूत्र २५।२; याज्ञ. ३। ३००) । लोकले था नपाउनि गरेर क्षणिकमोहप्रमादादिवश

पातक वा अनाचार गरेका आहिताग्निले, विनीत बुडाहरुले, र विद्द्वान्हरुले रहस्यप्रायश्चित्त गरे हुञ्च भन्नि कुरा पनि त्याँहाँ पाँइञ्च । धर्मको व्यवस्था दिन ऋग्वेदाद्ध्यायि, यजुर्वेदपाठि, सामवेदवेदि, मीमांसान्यायनिपुण, वेदानुकूलतर्कशास्त्रज्ञ, निरुक्तवित्, धर्मसूत्रस्मृत्यादिपठनशील, (नैष्ठिक) ब्रह्मचारि, (आहिताग्नि वा वेदवेदाङ्गवित्) गृहस्थ, र (विद्द्वान्) वानप्रस्थ एति दस जाना भाको परिषद् चाँइञ्च भन्नि कुरा मनुस्मृतिमा छ (१२।११०–१११) । तेस्तो परिषद् नभए ऋग्वेदाद्ध्यायि, यजुर्वेदपाठि र सामवेदवेदि सद्वृत्त तिन जाना ब्राह्मण भएको परिषद् भए पनि हुञ्च भन्नि कुरा पनि मनुस्मृतिमा छ (१२।११०, ११२) । तेस्ता कुनै पनि परिषद् नपाय्येमा स्ववृत्तिपरितुष्ट तिन जाना ब्राह्मणमत्रै भाको परिषद्ले पनि धर्ममा व्यवस्था दिन हुञ्च भन्नि कुरा पराशरस्मृतिवड बुजिञ्च (८।११–१४) । मरण हुँदा पनि उच्छिन्न नहुनि आत्माको अस्तित्त्वमा दृढतम आस्था भाको वेद–धर्मशास्त्रज्ञ नैष्ठिक ब्रह्मचारि वा गृहस्थ वा वानप्रस्थ ब्राह्मणको त एउटैको मत्रै पनि परिषद् हुन सक्नि कुरा र उसले धर्मको व्यवस्था दिन हुनि कुरा पनि शास्त्रवड देखिञ्च (मनु. १२।११३; याज्ञ. १।९, पराशर. ८।१३) । 'त्रयश्चाश्श्रमिणः पूर्वे' भन्नि मनुस्मृतिका उक्तिवड (१२।१११), वसिष्ठधर्मसूत्रवड (३।३०) र अन्य वचनहरुवड पनि सन्न्यासिको त 'शङ्कराचार्य'–कै पनि सन्न्यासधर्मवाएक अरु धर्मका निर्णयमा र उपदेशमा अधिकार नहुनि कुरा देक्खिन आउँच। यद्यपि पराशरस्मृतिमा (८।१३) आको मुनिशब्दका, पराशरमाधवीयमा (२।१) उद्धृत अङ्गिराका वचनमा परेको यतिशब्दका र याज्ञवल्क्यको (१।९) अद्ध्यात्मवित्तम–शब्दका आधारमा सन्न्यासिको पनि धर्मनिर्णयमा शास्त्रीय अधिकार भाको ठानिएको पाँइञ्च; तथापि मुनि–यति–अद्ध्यात्मवित्तम-शब्दहरु सन्न्यासिमा मत्रै रूढ नभएकाले र धर्मनिर्णायकत्व

वा धर्मोपदेशकत्त्व सन्न्यासिधर्मको अनुकूल नभएकाले उक्त ठनाइको वलियो आधार नभएको देखिञ्च । गौतमको (३।१०।४७) वचनको र वौधायनको (१।१।८) वचनको पनि समुचित व्याक्ख्या आवश्यक देखिञ्च । तसर्थ 'शङ्कराचार्य'-हरुलाइ र 'महामण्डलेश्श्वर'—हरुलाइ सन्न्यासेच्छुले वा सन्न्यासिले आचार्य वा गुरु मान्नु शास्त्रसम्मत भए पनि वैदिक—वर्णाश्रमधर्मानुयायि अरु आश्श्रमिहरु सवैले धर्माचार्य वा धर्मगुरु मान्नु भ्रमात्मक कुरो देखिञ्च । "वेदवेदाङ्गविदुषान् धर्मशास्त्रव्ँ विजानताम् । स्वकर्मरतविप्प्राणां स्वकम् पापन् निवेदयेत्" (पराशर. ८।२) भन्नि वचन—अन्सार् पनि वेद-वेदाङ्गधर्मशास्त्रज्ञ स्वकर्मरत ब्राह्मणहरुको (मुवख्यतया गृहस्थ-हरुको) नै धर्मपरिषद् हुन सक्नि देखिञ्च । "अथ यदि ते कर्मविचिकित्सा वा वृत्तविचिकित्सा वा स्यात् । ये तत्र ब्राह्मणाः सम्मर्शिनो युक्ता आयुक्ता अलूक्षा धर्मकामाः स्युर् यथा ते तत्र वर्तेरन् तथा तत्र वर्तेथाः" (तै. उ. १।११।३—४) भन्नि श्रुतिवाक्क्यले पनि धर्मका मानकका रूपमा गृहस्थ ब्राह्मणहरुलाइ नै निर्देश गरेको बुजिञ्च ।

प्रायश्चित्त

प्रमादले वा अज्ञानले वा सङ्कटले वा जीवनका लागि अत्त्यावश्यक हुनाले जसले पातक वा अनाचार वा विगुण कर्म गर्च उसले यथोचित रूपमा धर्मपरिषद्ले दिएका व्यवस्थानुसार् वा शास्त्रनिर्देशाऽनुसार् प्रकाश रूपमा वा अप्प्रकाश रूप्मा वा नित्त्यकर्मका रूपमा प्रायश्चित्त गर्नपर्च । "पतितस्य च विप्प्रस्य अनुतापरतस्य च । पापाच्चैव निवृत्तस्य प्रायश्चित्तिर्भवेत् तदा" भन्नि बृहद्यमस्मृतिका (४।४०) वचनवड पातक वा अनाचार वा विगुण कर्म गरेकामा पश्चात्ताप भएका व्यक्तिले पातकवड वा अनाचारवड वा विगुण-कर्मवड निवृत्त भै प्रायश्चित्त गर्नपर्नि देखिञ्च । जीवनका लागि अत्त्यावश्यक भएर गरिएका तरु—लता—गुल्मादिहिंसा,

क्षेत्रकृष्टि, वीजहिंसा, प्राणिहिंसा इत्यादि पातकमा भने तिनवड निवृत्त नभए पनि नित्यकर्म-रूप प्रायश्चित्त हुनि देखिञ्च। परमात्माको अस्तित्त्वको बुद्धि भाका र वेदमा श्रद्धा भाका व्यक्तिहरु प्रायश्चित्तवड चोखिनि व्यवस्था वैदिक परम्परामा भाको कुरा "शक्क्यते विधिना पापय् यथोक्तेन व्व्यपोहितुम्। आस्तिके श्रद्दधाने च विधिरेष विधीयते॥ नास्तिकाऽश्रद्दधानेषु पुरुषेषु कदाचन। दम्भदोषप्रधानेषु विधिरेष न दृश्यते" (शान्तिपर्व ३५।४६–४७) भन्ने वचनवड बुजिञ्च। धर्मपरिषद्ले व्यवस्था दिँदा देश, काल, वय (उमेर), शक्ति, ज्ञान, बुद्धिपूर्वक–दुष्कर्मसेवन, अबुद्धिपूर्वक–प्रमाद, दुष्कर्मको अब्भ्यास–अनब्भ्यास इत्यादि कुराको राम्ग्रो विचार राखि धर्मशास्त्रको पर्यालोचन गरि विद्वान् ब्राह्मणहरुले राम्ग्ररि छलफल गरि व्यवस्था दिन पर्नि कुरा शास्त्रवड देखिञ्च। "स्खलितः स्खलितो वद्ध्य इति चेन् निष्ठितम् भवेत्। द्वित्राः खल्ववशिष्ट्येरन् वहुदोषा हि मानवाः॥" भन्ने सुभाषितमा प्रतिविम्वित लोकगतिको विचारको अनुकूलै रूपमा शास्त्रले प्रायश्चित्तद्वारा आँफुलाइ समालि सन्मार्गमा लाग्नि यथोचित अवसर सबैलाइ दिएको देखिञ्च।

प्रायश्चित्तका प्रकार

विनीत वृद्ध विद्वान्हरुले क्षणिक मोह–प्रमादादिवश गरेका दुष्कर्मका लागि गरिनि रहस्यप्रायश्चित्तहरुमा जपहोमादि नै प्रधान हुञ्चन्। प्रकाशप्रायश्चित्तकै रूपमा पनि जपहोमादि गर्न सकिनि देखिञ्चन्। अविनीत अपठित युवकहरुले जानिजानि आग्ग्रहपूर्वक मिचेर गरेका दुष्कर्मका लागि गरिनि प्रायश्चित्तमा प्राजापत्य, सान्तपन, पराक, चान्द्रायण इत्यादि प्रमुख देखिञ्चन्। तेसमा प्राजापत्य कृच्छ्र गर्दा तिन दिन व्यान मत्रै खानि, तिन दिन वेलुका मत्रै खानि, तिन दिन नमागिकन एक छाक मत्रै खानि, तिन दिन उपवास गर्नि

गरि बार दिनसम्म व्रत गर्नपर्च; तेसो गर्न नसक्नि बाल–वृद्ध रोगि–ब्राह्मणहरुले एक दिन ब्यान मत्त्रै, एक दिन बेलुका मत्त्रै, एक दिन नमागेको कुरा एक छाक मत्त्रै खानि र एक दिन उपवास गर्नि र फेरि एकुन दिन ब्यान मत्त्रै, बेलुका मत्त्रै, नमागेको कुरा एक छाक मत्त्रै खानि र एक दिन उपवास गर्नि; अनि फेरि एकुन दिन व्यानमत्त्रै बेलुका मत्त्रै, नमागेको कुरा एक छाक मत्त्रै खानि र एक दिन उपवास गर्नि गरेर बार दिनसम्म व्रत गरेपनि हुञ्च। कृच्छ्रहरु गर्दा दिनको तिनपल्ट न्वाउनि, पवित्र मन्त्रको जप गर्नि र गायत्रीले मन्त्रेर गास खानि गर्नपर्च (याज्ञवल्क्य ३।३२५)। सान्तपन कृच्छ्र गर्दा क्रमैले एकुन दिन गउँत मत्त्रै, गोवर मत्त्रै, गाइको दुद मत्त्रै, गाइको दै मत्त्रै, गाइको घिउ मत्त्रै, कुशपाँनि मत्त्रै खाएर बसि एक दिन उपवास गर्नपर्च भन्नि कुरा मिताक्षरामा (३।३१४) उद्धृत जावालिवचनवड देखिञ्च; तेसो गर्न नसक्निले एकदिन गउँत, गोवर, गोदुग्ध, गोदधि, गोघृत, कुशोदक यथाविधि शास्त्रोक्त मात्रामा मिलाएर खाइ भोलिपल्ट उपवास गर्नपर्च (याज्ञ. ३।१४)। पराक कृच्छ्र गर्दा बार दिन उपवास गर्नपर्च। तप्तकृच्छ्र गर्दा तिन दिन तातो पानि मत्त्रै, तिन दिन तातो दुद मत्त्रै, तिन दिन तातो घिउ मत्त्रै खाइ तिन दिन तातो पानिको वाफ मत्त्रै खानपर्च (द्रष्टव्य– मनु. ११।२१४, पराशरमाधवीयमा [४।६] उद्धृत अत्रिवचन); तेसो गर्न नसक्निले एक दिन तातो दुद मत्त्रै, एक दिन तातो घिउ मत्त्रै, एकदिन तातो पानि मत्त्रै खाएर एक दिन उपवास गरेपनि हुनि देखिञ्च (याज्ञ. ३।३१७)। चान्द्रायण कृच्छ्र गर्दा शुक्लपक्षका प्रतिपदामा एक गास मत्त्रै, द्वितीयामा दुइ गास मत्त्रै गर्दै खाँदै गै पुर्न्यामा पन्द्र गास खानि र कृष्णपक्षका प्रतिपदामा चौद गास मत्त्रै, द्वितीयामा तेर गास मत्त्रै गर्दै खाँदै गै चतुर्दशीमा एक गास मत्त्रै खाइ अम्सिमा उपवास गर्नि गर्नपर्च; एस्तो चान्द्रायणलाइ

यवमद्ध्यचान्द्रायण भञ्चन्; अथवा कृष्णपक्षका प्रतिपदामा चौद गास मत्त्रै खानि द्वितीयामा तेर गास मत्त्रै खानि गर्दै गै चतुर्दशीमा एक गास मत्त्रै खानी, र अम्सिमा उपवास गरेर शुक्लपक्षका प्रतिपदामा एक गास मत्त्रै खानि द्वितीयामा दुइ गास मत्त्रै खानि गर्दै गै पुर्न्यामा पन्द्र गास मत्त्रै खानि गर्न पर्च; एस्ता चान्द्रायणलाइ पिपीलिकमद्ध्यचान्द्रायण भञ्चन्; एस्तो गर्न नसके शुक्लपक्षका प्रतिपदादेखि अम्सिसम्ममा वा कृष्णपक्षका प्रतिपदादेखि पुर्न्यासम्ममा इच्छानुसार प्रत्येक दिन बराबर गरि (आठआठ गास गरि) वा कुनै दिन कति कुनै दिन कति गरेर दुइ–सए–चालिस गास मत्त्रै खाए पनि हुञ्च (याज्ञ. ३।३२४)।

कृच्छ्रहरुका अनुकल्प

उक्त कृच्छ्रहरु गर्न पर्निमा ति गर्न नसकेमा शास्त्रानुसार गोदान गरे पनि हुञ्च। प्राजापत्य कृच्छ्र गर्न पर्निमा एउडा गाइ, सान्तपन कृच्छ्र गर्न पर्निमा दुइडा गाइ, पराक कृच्छ्र वा तप्तकृच्छ्र गर्न पर्निमा तिनोडा गाइ, चान्द्रायण कृच्छ्र गर्न पर्निमा आठोडा गाइ ब्राह्मणलाइ दानगरि दिए पनि हुञ्च भन्नि कुरा स्मृतिवचनवड देखिञ्च। गाइ नभएमा गाइको मूल्य वा तेसको आदासम्म दिए पनि हुञ्च। एउडा गाइ दिन पर्निमा वार जाना वाउन ख्वाए पनि हुञ्च (मिताक्षरा)। गोदान नगरि नहुनि भएमा र गाइको मूल्य वा तेसको आदासम्म पनि दानमा दिनि शक्ति नभएमा बत्तिस पण (तामाका तोलातोलाका बत्तिस टुक्रा वा बत्तिसोडा गोरखपुरे पैसा) वा तेसको आदासम्म दिए पनि हुनि कुरा कात्यायनकृत मूल्याद्ध्यायादिका परिशीलनवड बुजिञ्च। प्राजापत्यकृच्छ्र गर्न पर्निमा सो गर्न नसकेमा आँफ्ना निवासवड एक योजन (चार कोस) परको नदीमा हिँणेर गै यथाविधि स्नान गरे पनि हुनि देखिञ्च (हेमाद्रिको प्रायश्चित्त–खण्ड ९०९ पृ.); अथवा अरुका गाइलाइ हजार पाँजा घाँस दिए पनि हुञ्च

(पराशरमाधवीय, प्रायश्चित्तकाण्ड ४७७ पृ.) [द्रष्टव्य– पराशरस्मृति १२।६३–६४]।

प्रायश्चित्त गरेपछि शुद्धि र सङ्ग्रह

प्रायश्चित्त गरि भावना शुद्ध भएमा शुद्ध हुञ्चन्, भावना शुद्ध नभएमा त शुद्ध हुँदैनन् भन्नि कुरा शास्त्रमा पाँइञ्च (विशुद्धभावे शुद्धाः स्युरशुद्धे तु सरागिणः। –वसिष्ठधर्मसूत्र २७।१५; यथायथा मनस् तस्य दुष्कृतङ् कर्म गर्हति। तथातथा शरीरन् तत् तेनाऽधर्मेण मुच्च्यते।। –मनु. ११।२२९)। एस विषयमा "मृत्तिकानां सहस्रेण उदकुम्भशतेन च। न शुद्ध्यन्ति दुरात्मानो येषाम् भावो न निर्मलः" भन्नि वीरमित्रोदयका आह्निकप्रकाशमा (४३ पृ.) उद्धृतवचन पनि मननीय देखिञ्च; "शौचन् तु द्विविधम् प्रोक्तम् बाह्यमाभ्यन्तरन् तथा। मृज्जलाभ्यां स्मृतं बाह्यम् भावशुद्धिस्तथान्तरम्।। अशौचात् तु वरम् बाह्यन् तस्मादाभ्यन्तरव् वरम्। उभाभ्यान् तु शुचिर् यस्तु स शुचिर् नेतरश् शुचिः।।" भन्नि दक्षस्मृतिको वचन (५।३–४) पनि विशेष परिशीलनीय छ।

लोक–विदित रूपमा दुष्कर्म गरेकामा लोकवेद्य रूपमा प्रायश्चित्त गर्नि र ब्राह्मणभोजनादि गराइ शुद्धिको लोकमा प्रकाशन पनि गर्नि गर्नपर्च भन्नि व्यवस्था शास्त्रले गरेको छ।

प्रायश्चित्त गरेर शरीर र मन शुद्ध भएका व्यक्तिको यथाविधि सङ्ग्रह गर्नि र उससित वरव्यवहार गर्नि गर्नपर्च (एनस्विभिरनिर्णिक्तैर्नार्थङ् किञ्चित् सहाऽऽचरेत्। कृतनिर्णेजनांश् चैव न जुगुप्सेत कर्हिचित्। –मनु. ११।१८९)। प्रायश्चित्त गरेर शुद्ध भएमा पनि बालहत्या–गर्निसित, शरणागतहत्या–गर्निसित, स्त्रीहत्यागर्निसित र कृतघ्नसित भने सहवास नगर्नु भन्नि व्यवस्था पनि पाँइञ्च (मनु. ११।१९०)।

नैष्ठिक–ब्रह्मचर्यस्वीकार गरेर तेसलाइ छोड्नि, सन्न्यास लिएर तेसलाइ छोड्नि दुष्कर्मिहरुसित पनि प्रायश्चित्त गरेपछि पनि व्यवहार गर्न नहुनि कुरा ब्रह्ममीमांसासूत्रमा र शङ्करकृत शारीरकमीमांसाभाष्यमा पनि पाँइञ्च (३।४।४०–४३)।

दायभाग (अड्सबण्डा)

वैदिक द्विजातिका परम्परामा दायमा प्राप्त धनको यज्ञमा उपयोग हुन सक्नि-नसक्नि, धर्ममा उपयोग हुनि–नहुनि, त्यो धर्मवृद्धिमा लाग्नि–नलाग्नि कुरालाइ ध्यानमा राखि दायभाग पाँउनि–नपाँउनि, वा घटिवडि पाँउनि व्यवस्था गरिएको देखिञ्च। यो कुरा पतितादिले दायभागै नपाँउनि, विभिन्न प्रकारका छोराले विभिन्न प्रकारले दायभाग पाँउनि र कुनै छोराले दायभाग पाँउदैनपाँउनि इत्यादि व्यवस्था स्मृतिहरुमा गरिएकाले स्पष्ट बुजिञ्च। एस विषयमा तल उद्धृत वचनहरु विशेष परिशीलनीय देखिञ्चन्– (क) यथायथा विभागोत्थन् धनय्ँ यागार्थतामियात्। तथातथा विधातव्यव्ँ विद्द्वद्भिर् भागगौरवम्॥ –पराशरमाधवीयका व्यवहारकाण्डमा (३३५ पृ.) उद्धृत कात्यायनवचन; (ख) यज्ञार्थन् द्रव्यमुत्पन्नन् तत्राऽनधिकृतास् तु ये। न ऋक्थभाजस् ते सर्वे ग्रासाच्छादनभाजनाः॥ यज्ञार्थव्ँ विहितव्ँ वित्तन् तस्मात् तद् विनियोजयेत्। स्थानेषु धर्मजुष्टेषु न स्त्री-मूर्ख-विधर्मिषु॥-पराशरमाधवीयका व्यवहारकाण्डमा (३५८–३५९ पृ.), मिताक्षरामा (२।१३५), र वीरमित्तरोदयका व्यवहारप्रकाशमा (पृ. ४९६) उद्धृत वचन; (ग) यज्ञाय सृष्टानि धनानि धात्रा यज्ञाय सृष्टः पुरुषो रक्षिता च। तस्मात् सर्वय्ँ यज्ञ एवोपयोज्यन् धनन् न कामाय हितम् प्रशस्तम्॥ –शान्तिपर्व २६।२५; (घ) अङ्गहीना-ऽश्रोत्रिय–शूद्र-षण्ढवर्जम् [ब्राह्मण-राजन्य–वैश्यानाम् (यज्ञेऽधिकारः)]– कात्यायनश्रौतसूत्र (१।१।१–६); (ङ) अनंशौ क्लीवपतितौ जात्यन्धबधिरौ

तथा । उन्मत्तजडमूकाश्च ये च केचिन् निरिन्द्रियाः ।। सर्वेषामपि तु न्याय्यन् दातुं शक्त्या मनीषिणा । ग्रासाच्छादनमत्यन्तम् पतितो ह्यददद् भवेत् ।। –मनुस्मृति ९।२०१–२०२; (च) कुब्जवामनजात्यन्धक्लीवपङ्गवार्तरोगिणाम् । व्रतचर्या भवेत् तेषाय्ँ यावज्जीवमनंशतः ।। –संस्कारमयूखमा उद्धृत विष्णुवचन; (छ) सर्वे हि धर्मयुक्ता भागिनः, यस्त्वधर्मेण द्रव्याणि प्रतिपादयति ज्येष्ठोऽपि तमभागङ कुर्वीत । –आपस्तम्व २।६।२।१४–१५; (ज) अनंशास्त्वाश्रमान्तरगताः, क्लीवोन्मत्तपतिताश्च, भरणङ क्लीवोन्मत्तानाम् । –वसिष्ठधर्मसूत्र १७।५२-५४; (झ) अतीतव्यवहारान् ग्रासाच्छादनैर् बिभृयुः, अन्धजडक्लीवव्यसनिव्याधितादींश् च, अकर्मिणः, पतित–तज्जातवर्जम्, न पतितैस् सव्ँव्यवहारो विद्यते । –बौधायनधर्मसूत्र २।३।३८–४१; (ञ) सर्वव्ँ वा पूर्वजस् स्वीकृत्येतरान् विभृयात् पितृवत्, विभागे तु धर्मवृद्धिः । –गौतमधर्मसूत्र ३।१०।३–४; (ट) सवर्णापुत्त्रोऽप्यन्याय्यवृत्तो न लभेतैकेषाम् ।–गौतमधर्म. ३।१०।३८; (ठ) सवर्णजोऽप्यगुणवान् नाऽर्हस् स्यात् पैतृके धने । तत्पिण्डदाश् श्रोत्रिया ये तेषान् तदभिधीयते ।। उत्तमर्णाधमर्णेभ्यः पितरन् त्रायते सुतः । अतस् तद्विपरीतेन नास्ति तेन प्रयोजनम् ।। –वीरमित्रोदयका व्यवहारप्रकाशमा (५६०–५६१ पृ.) उद्धृत बृहस्पतिवचन; (ड) नैव भागव्ँ वनस्थानायँ यतीनाम् ब्रह्मचारिणाम् । पाषण्ड–पतितानाञ् च न चाऽवैदिककर्मणाम् । –वृद्धहारीतस्मृति ७।२५९; (ढ) ये स्वधर्मादपेतेभ्यः प्रयच्छन्त्यल्पबुद्धयः । शतव्ँ वर्षाणि ते प्रेत्य पुरीषम् भुञ्जते जनाः ।। –शान्तिपर्व २६।२९ ।।

वानप्रस्थाश्रममा वा सन्न्यासाश्रममा जानि वेलामा पत्नी–पुत्त्रादिको दायभागको व्यवस्था पनि गरेर जान पनि कुरा याज्ञवल्क्य-मैत्रेयी-सव्ँवादवड (बृ. उ. २।४।१; ४।५।२)

देखिएकाले र मोर्नि वेलामा वा सन्न्यासाश्रममा जानि वेलामा आँपना अद्ध्ययन–यजन–धनाद्द्यधिकार छोरालाइ बुजाउन पर्नि कुरा पनि श्रुति–स्मृति–वड देखिएकाले (मा. बृहदारण्यक १।३।२५–२६, का. बृहदारण्यक १।५।१७, कौषीतकिब्राह्मणोपनिषद् २।१०, मनुस्मृति ४।२५७) दाय-भागको यो सङ्क्षिप्त उल्लेख गरिएको हो । वैदिक धर्मको रक्षा होस् भन्नि चाआनि वाउआँमाहरुले आँफुखुसि गर्न पाँउनि धनको दायभाग उक्त दृष्टिले नै गर्नपर्नि देखिञ्च । कुनै पनि छोरावड वैदिक धर्मको रक्षा नहुनि देखिए तेस्ता धनले आँफैले यथासम्भव यज्ञ–दान–विद्द्याप्रचार–धर्मप्रचारादि गर्न पर्नि बुजिञ्च ।

वानप्प्रस्थाश्रम

गृहस्थाश्रममा वसेर इन्द्रियहरुले विषयहरुको अनुभव गरेर कौतूहल शान्त गरि, छोराहरुलाइ शिक्षा दिइ गृहस्था-श्रममा दीक्षित गरि, दायभाग समेत दिएर तिनिहरुलाइ–जीवन–समर्थ–गराएपछि र यथाविभव यज्ञ–यागादि पनि गरेपछि, आँफ्नु श्रेयस्साधनका लागि सन्न्यासमा अधिकार नभाका र वैदिक गृहस्थ–धर्म राम्ररि पालन गर्न नसक्नि द्विजातिहरुले वानप्प्रस्थधर्मले परत्त्र सुधार्न; तथा सन्न्यासमा साधारणतया अधिकार भाका व्यक्तिले पनि नित्त्यानित्त्य-वस्तुविवेक–वैराग्य–शमदमादिसाधन–र–मुमुक्षुत्त्वको परिपाक गरि आँफुलाइ सन्न्यासाश्रमको योग्य वनाउन साधारणतया पचास वर्ष पुगेपछि वा सेतै फुलेपछि वा शरीर चाउरि पर्न थालेपछि वा नातिनातिना जन्मेपछि वानप्प्रस्थाश्रममा प्रवेश गर्न पर्नि कुरा श्रुति–स्मृति–पुराणादिवड बुजिञ्च[1] । ब्रह्म-

१. (क) इन्द्रियैरिन्द्रियार्थां स्त्वमनुभूय यथाविधि । कृतकौतूहलस्तेषु मुक्तश्चर यथासुखम् । –शान्तिपर्व २८८।१०–११; (ख) सम्भाव्य पुत्त्रान् कालेन यौवनस्थान् निवेशय्य च । समर्थान् जीवने ज्ञात्वा मुक्तश्चर यथासुखम् । –तौ २८८।८; (ग) अधीत्य विधिवद्

(क्रमशः)

चर्याश्रमवड अधिकारिविशेष सोजै वानप्प्रस्थाश्रममा जान पनि सक्नि देखिञ्च[1]। वानप्प्रस्थाश्रमको र तेसका नियमको प्रतिपादन गर्नि विशिष्ट शास्त्र श्राम(व)णकसूत्र– (वैखानस-शास्त्र–) को सङ्केत धर्मसूत्रहरुमा (वसिष्ठ ९।१०, वौधायन २।११।१७, गोतम १।३।३६) पाँइञ्च, तर मूल ग्रन्थ उपलब्ध्यमान देखिँदैन। इन्द्रिय-दमन-प्प्रधान व्रतलाइ वैखानस-व्रत भनि अभिज्ञानशाकुन्तलमा भनिया देखिञ्च (१।२४)। वानप्प्रस्थाश्रम श्रुतिस्मृतिपुराणसम्मतै भए पनि एस आश्रमको वैदिक धर्ममा उति प्रमुखता देखिदैन। तेसैले होला वेदमन्त्र-संहिता–ब्राह्मणा-ऽऽरण्यकोपनिषद्हरुमा र माद्ध्यन्दिनीयवाज-सनेयिशाखाका उपलब्ध्यमान ग्रन्थहरुमा वानप्प्रस्थाश्रमको विवरण विरलै पाँइञ्च।

वानप्प्रस्थाश्रममा प्रवेश गर्दा पत्नो साथमा लिएर वा पत्नीलाइ छोराहरुसितै छोडि वन् पस्नि विधान छ। पत्नीका साथमा वन् गएमा अग्नि समेत लगि कुटी वनाइ वसि अग्नि-परिचरण गरि पञ्चमहायज्ञ गर्नि व्यवस्था भाको बुजिञ्च। पत्नी छोडि वन् पसेमा वानप्प्रस्थले अग्नि पनि आँफुमै समारोपित गरि तीर्थब्भ्रमण, देशब्भ्रमण (शान्तिपर्व १९१-१९२ अ.),

---

वेदान् पुत्त्रांश् चोत्पाद्य धर्मतः। इष्ट्वा च शक्तितो यज्ञैर् मनो मोक्षे निवेशयेत्। –मनु ६।३६; (घ) गृहस्थस्तु यदा पश्येद् वलीपलितमात्मनः। अपत्यस्यैव चाऽपत्यन् तदाऽरण्यं समाश्रयेत्॥ –मनु. ६।२।

१. (क) चत्त्वार आश्रमाः...तेषां ... यमिच्छेत् तमावसेत्। –वसिष्ठ-धर्मसूत्र ७।१–३; (ख) बुद्ध्वा कर्माणि यत् कामयेत तदारभेत। –आपस्तम्ब २।९।१।५; (ग) आचार्येणाऽब्भ्यनुज्ञातश् चतुर्णामेकमाश्रमम्। आ विमोक्षात् शरीरस्य सोऽवतिष्ठेद् यथाविधि। –शान्तिपर्व २३४।४; (घ) दत्त्वा वरमनुज्ञातो गुरोः कामय् यदीश्वरः। गृहव् वनव् वा प्रविशेत् प्रव्रजेत् तत्र वा वसेत्॥ –भागवत ७।१२।१३; ११।१७।३८।

व्रत, उपवास, कृच्छ्रादि गरेर शरीर सुकाइ वैराग्य जागरित गर्नि व्यवस्था शास्त्रले गरेको प्रतीत हुञ्च । वानप्रस्थाश्रममा पनि द्विजातिले वेदाद्ध्ययनमा र उपनिषद्हरुका परिशीलनमा विशेष दत्तचित्त हुन पर्नि कुरा मनुस्मृतिमा (६।८,२९) प्रतिपादित देखिञ्च । वानप्रस्थधर्मको प्रतिपादन धर्मसूत्रहरुमा (वसिष्ठ ९।१–१२, आपस्तम्व २।९।२१।१८ –२।९।२३।८; वौधायन ३।३।१–२३, विष्णु. ९४–९५ अद्दे, गौतम १।३। २५–३४); स्मृतिहरुमा (मनु. ६।१–३२, याज्ञ. ३।४५-५५), शान्तिपर्वमा (१९१–१९२ अद्दे), पुराणहरुमा र आश्रमोपनिषद्मा पनि पाँइञ्च । वानप्रस्थले चित्त एकाग्र गर्नका लागि गर्न समुचित देखिएका उपनिषत्प्रतिपादित उपासनाहरुका प्रयोगका लागि तत्तद्वेद–शाखाका „उपासनाप्रयोगकल्पसूत्रहरुको पनि आवश्यकता देखिञ्च, तथापि वासिष्ठकल्पादि उपासनाग्रन्थको उल्लेखसम्म पाय्ये पनि (वेदान्त–कल्पतरु-परिमल ३।३।५) ति ग्रन्थ देख्न पाय्या छैनन् ।

वानप्रस्थाश्रमवड नै श्रेयस्साधन गर्न चाआनिहरुले शरीर रोगाक्क्रान्त र अत्यन्त दुर्बल भै मृत्यु समीपमा आएको बुजेपछि आँफु वसेका ठामवड उत्तर–तिर अशक्तिले शरीर नलडुञ्जेल हिँणेकोहिँणेइ गर्नि र लडेपनि उठ्न सकुञ्जेल उठ्तैहिँण्दै गरि उत्तरतिर हिँण्दै गै उठ्न नसक्नि गरि जाँउ लडिञ्च तेइँ शरीर त्याग्नि व्यवस्था पनि शास्त्रमा पाँइञ्च । तेस्ताले आगामा पसेर वा रअमा डुबेर वा भिरवड हाम्फालेर शरीर त्याग्नि कुरा पनि शास्त्रमा विहित देखिञ्च ।

पुराणमा वानप्रस्थाश्रम कलिवर्ज्यमा गनिएको पाँइञ्च ।

मुमूर्षुकृत्य (मोर्न लागेकाको कृत्य)

परिव्राजक– (सन्न्यासि–) को ब्रह्मात्मविचार–र–तेसका–साक्षात्–उपकारक-शमदमाद्यभ्यास–कर्म–वाएक श्रु

कर्म नहुनि र शवसंस्कारादि पनि भिन्न प्रकारको हुनि हुँदा र ब्रह्मचारि–गृहस्थ–वानप्रस्थ–स्नातक–विधुरादिको मुमूर्षुकृत्य र शवनिर्हरणादि प्राय उस्तै हुनि हुँदा अब याँहाँ मुक्ख्य रूपमा गृहस्थका मुमूर्षुकृत्यादिको सङ्क्षेपमा प्रतिपादन गरिञ्च ।

१. **सम्प्रत्ति–** अब मोर्नि वेला आयो भन्नि लागेका द्विजाति व्यक्तिले वेदाद्ध्ययनको, यजनको र अरु लोकैषणाकर्मको भार छोरालाइ दिनि कर्मलाइ सम्प्रत्ति भञ्चन् । एस विषयको प्रतिपादान मा. वा. शतपथब्राह्मणमा (१४।४।३।२५–२९), का. बृहदारण्यकोपनिषद्मा (१।५।१७–२०), र कौषीतकिब्राह्मणोपनिषद्मा (२।१०) पनि पाँइञ्च । मरण आसन्न भाका द्विजातिले सम्प्रत्ति गरि आँफु आत्मचिन्तनतिर लाग्न पर्नि कुरा श्रुतिवाक्क्यको (ऐतरेयब्राह्मण ३३।४) मननवड बुजिन आउँच (उक्त श्रुतिवाक्क्यको सायणको व्याख्या द्रष्टव्य छ) । छोरा नहुनिले वा सुशील छोरा नहुनिले यथाधिकार वानप्रस्थाश्रम वा सन्न्यास वा आतुरसन्न्यास लिनि वा काशि-आदि पुण्य–क्षेत्त्रको आश्श्रय गर्नि गर्न पर्नि पनि देखिञ्च ।

२. **मुमूर्षुको प्रातरग्निहोत्त्रहोम तथा दर्शेष्टि–** अग्निहोत्त्र र दर्शपूर्णमासेष्टि गर्नि व्यक्ति मोर्न लागेमा सायमग्निहोत्त्र गरिसकेपछि मोर्नै लागेको हो भने तत्काल प्रातरग्निहोत्त्र गर्न पर्च; पूर्णमासेष्टि गरेपछि दर्शेष्टि नगर्दै मोर्नै लागेको हो भने तत्कालै (पिण्डपितृयज्ञ र) दर्शेष्टि पनि गरिहाल्न पर्च ।

३. **वेदाऽऽरण्यकजप–** मरण आसन्न भएका द्विजातिले वेदको, विशेष रूपमा आत्मचिन्तनपरक वेदभागहरुको र आरण्यकहरुको आवृत्ति गर्न पर्नि र आँफुले तेसो गर्न नसके अरुका मुखवड तिनको श्रवण गर्न पर्नि कुरा गौतमपितृमेधसूत्त्र–(१।१) स्मृति–पुराणादिवड देखिञ्च[1] । अरु वेदभागको उच्चारण वा

---

१. (क) वेदोपनिषदाम् पाठाच् शिवविष्णुस्तवादपि। ब्राह्मणक्षत्त्रियविशाम् मरणम् मुक्तिदायकम् । –सोर अद्देको गरुडपुराण ९।३३, (ख)

(क्रमशः)

श्रवण गर्न नसकेमा वा नपाएमा ओङ्कारको उच्चारण र परमात्मस्मरण गरेपनि हुनि कुरा स्मृतिपुराणादिवचनवड[1] बुजिञ्च । उक्त कर्ममा अधिकार नभाकाहरुले भनें परमात्मस्मरण वा विष्णुरूपस्मरण–शिवरूपस्मरणादि गर्न पनि देखिञ्च । आत्मविद्याब्भ्यासि मुमूर्षुका कानमा उपनिषद्वाक्य सुनाइदिन पनि कुरा सत्त्याषाढपितृमेधसूत्रमा उल्लिखित छ ।

४. अवरोहण– देहत्याग सन्निहित भै वडेको श्वासको गति वर्ता एकोहोरो भै प्रतिपलको उच्छ्वास–निश्श्वासको पटक र नारिको धड्कन पनि घट्न थालेपछि मोर्न लागेका व्यक्तिलाइ खाटहरुवड दक्षिणाग्र कुशहरु ओच्छ्याएका चोखा गुन्द्रिमा भैँमा ओराल्न पनि कुरा कौशिकगृह्यसूत्रादिवड देखिञ्च । नेपालि परम्परामा एस्ता अवस्थामा तुलसिमोठका समीपमा गोवरले भूमि लिपि तीँ सार्नि चलन छ ।

लघुस्मृतिपुराणोक्त थप मुमूर्षुकृत्यहरु

१. व्रतोद्यापन– मोर्न लागेका व्यक्तिले रामनवमीव्रत, कृष्णाष्टमीव्रत, हरितालिकाव्रत, ऋषिपञ्चमीव्रत इत्यादि कुनै व्रत गर्नि गरेको र तेसको उद्द्यापन गरिनसकेको भए तेसको उद्द्यापन गर्नपर्च ।

२. सर्वप्रायश्चित्त-गोदान– मोर्न लागेका व्यक्तिले जान–अनजानमा गरिएका पापहरुले गर्दा नरकमा पर्न नपरोस् भनि सर्वप्रायश्चित्त गोदान गर्नपर्च ।

३. दशदान– मोर्न लागेका व्यक्तिले सद्गति प्राप्त होस् भनि गाइ, भूमि, तिल, सुन, घिउ, वस्त्र, धान, गुड,

---

हंसः शुचिषदित्यृचा शुचिरीक्षेद् दिवाकरम् । अन्तकाले जपन्नेति ब्रह्मणः सद्म शाश्वतम् ।। –ऋग्विधान २।१३ (ऋग्वेदसायणभाष्य ४।४०।४–५)

१. ओमित्येकाक्षरम् ब्रह्म व्याहरन् मामनुस्मरन् । यः प्रयाति त्यजन् देहं स याति परमाङ्ः गतिम् ।। –गीता ८।१३ ।

चाँदि, नुन इ दसथोकको दान गर्नपर्छ । भूमि–दान राजाले गर्नि हो, अरुले भूमिदानको साटो पनि गोदान गरे हुञ्च भन्नि कुरा सोर–अद्देको गरुडपुराणमा पाँइञ्च । गरुडपुराणमा नरकपतनवड वच्न अष्टमहादान (तिल, फलम, सुन, कवास, नुन, सप्तधान्य, भूमि र गाइ एति आठथोकको दान) गर्न पर्नि कुरा पनि उल्लिखित छ ।

४. धेनुपञ्चकदान– ऋणधेनुदान, पापापनोदधेनुदान, मोक्षधेनुदान, वैतरणीधेनुदान र प्राण जानि वेला अत्यन्त निकट भएपछि उत्क्रान्तिधेनुदान गर्न पर्नि कुरा पनि लघुस्मृति–पुराणादिमा पाँइञ्चन् ।

मरण आसन्न भएका वैदिक–सनातन–वर्णाश्रमधर्मानुयायि द्विजातिले त सम्प्रत्ति, आवश्यकतानुसार प्रातरग्नि-होत्रहोम र दर्शेष्टि तथा वेदारण्यकादिश्रवण मत्त्रै गरे पनि पुग्नि नै देखिञ्च । इ लघुस्मृति-पुराणोक्त थप मुमूर्षुकृत्य नगरेपनि हुनि नै देखिञ्चन् । इच्छा लागेमा र सकेमा गरे पनि राम्ह्रै हुञ्च । पुराणोक्त व्रत गर्नि गरेको भए र तेसको उद्द्यापन नगरेको भए पुराणोक्त उद्द्यापन त गर्नपर्नि नै देखिञ्च ।

मृतकृत्य

शवनिर्हरण– दुइवर्षमाथिको द्विजाति–मनुष्य-मोरेमा शवलाइ डुम्ह्रिको काठको [वा अरु यज्ञिय काठको वा वाँसको] खटमा राखेर नएँ सेतो वस्त्रले ढाकि वन्धुहरुले वोकेर वा गाडामा हालेर मृतक श्रौताग्निमान् भए श्रौताग्निज सन्तापाग्निहरु अगिलाएर, गृह्याग्निमान् भए गृह्याग्नि अगिलाएर, कुनै पनि अग्नि नभए लौकिकाग्नि [-ज सन्तापाग्नि] अगिलाएर दक्षिणतिर गामवाइर नजिकमा–पानि–भएका वनमा लैजानि र कर्म चलेका सबै सपिण्ड स्त्रीपुरुषहरु जेठाजेठालाइ अगिलाएर यमगाथा गाउँदै यमसूक्तपाठ गर्दै श्मशानसम्म पछि लागेर जानि विधान छ । मृत्युस्थलमा, द्वारदेशमा, चत्वरमा, विश्श्राम-

स्थलमा र चितास्थलमा पिण्ड दिनि कुरा श्रौतसूत्र-गृह्यसूत्र-धर्मसूत्र – प्रधानस्मृति–हरुमा पाँइदैनन् । ति लघुस्मृति–पुराणका कुरा हुन् । तसर्थ ति कृताकृत (गरे अभ्युदय हुनि नगरे पनि क्षति नहुनि) कुरा देखिञ्चन् ।

शवदाह– दाह गर्नि ठाममा दुधालु तृण–वृक्षहरु भए तिनलाइ उखेलेर दुबो–मुँज–अश्वगन्धा–पृश्निपर्णी–अद्ध्याण्डा-हरु पनि उखेलेर ठाम बनाइ [मृतक श्रौताग्निमान् भए तीँ वितान बनाएर गार्हपत्यका र आहवनीयका विचमा र गृह्याग्निमान् मत्रै भए गृह्याग्निका समीपमा उत्तरपट्टि] काठको पूर्वपश्चिम लमाइ भएको चिता बनाएर शवको केश–स्मश्रु–नख–लोम–निकृन्तन गरेर [केशादिनिकृन्तन–निमित्तक स्नान पनि गराइ] केशादिलाइ भैँमा गाडि पूर्वतिर शिर पारेर शवलाइ उत्तानो पारि चितामा चडाइ शवका शिरका सातोडा प्राणायतनमा एकुण्टा सुनका टुक्रा राखि सुनका टुक्रा नभए घिउका थोपा हालि [मृतक श्रौताग्निमान् भए शवका अङ्ग-हरुमा जुहूप्रभृति यज्ञ–पात्रहरु यथाविधि राखेर गार्हपत्यादि तिनै अग्निमा चितामा आगो सल्कनि गरेर इन्धन थपि अग्नि-हरु समिद्ध गरेर शवदाह गर्नि र मृतक गृह्याग्निमान् मत्रै भए गृह्याग्निलाइ नै समिद्ध गरेर शवदाह गर्नि र श्रौताग्निज अग्निहरुले वा गृह्याग्निले शवस्पर्शगरेपछि "अस्मात् त्वमधि-जातोऽसि त्वदयञ् जायताम् पुनः । (कौण्डिन्न्यगोत्रो देव-दत्तशर्मा) स्वर्गाय लोकाय स्स्वाहा" भनि घृताहुति–हवन गर्नि, मृतक श्रौत–गृह्य कुनै पनि अग्नि नभएको भएमा] लौकि-काग्नि[-ज सन्तापाग्नि] चितामा दक्षिणतिरबड शवका मुखनेर सल्काएर अग्निले शवस्पर्श गरेपछि "अस्मात् त्वम्" इत्यादि मन्त्रको उच्चारण नगरिकन घृताहुति मत्रै दिनि गरेर शवदाह गर्नपर्छ । एसरि दाह गरेर केइ–हाडहरु–बाएक शव पूर्ण रूपमा भस्म भएपछि चितातिर नहेरिकन उदक-कर्मका लागि जानि विधान छ । शवदाहका विषयमा नेपालि ब्राह्मणहरुमा प्रचलित

सत्यधरसूनु रामोपाद्ध्यायले बनाएको भनिएको पद्धति र तेस्तै अरु पद्धतिहरु पनि अल्पज्ञहरुले थपघट सम्पादन गरेका र अर्थलोलुप पुँजिपति बेपारिले छापि बेचेका हुनाले तिनमा धेरै अपरिष्कृतता देखिञ्च; नित्यानन्दपर्वतीयको अन्त्यकर्मदीपक पनि कात्यायन–श्रौतसूत्र–पारस्करगृह्यसूत्रको पूर्ण रूपमा अनुकूल नहुनाले माद्ध्यन्दिनीय – वाजसनेयिहरुका लागि अनुसरणीय देखिँदैन । एसमा विद्द्वान्हरुले विवेक गर्नु अत्यावश्यक देखिञ्च ।

उदककर्म (अपस्नान)– उदककर्म गर्दा प्रेतपत्नीपुत्रादि सपिण्डले आँफ्ना सम्वन्धिसित वा साला–जेठानसित 'उदकङ करिष्ज्यामहे' भनि उदककर्म गर्न अनुमति माग्नपर्च । प्रेत सए वर्ष नपुग्दै मोरेको भए सम्वन्धिले वा साला–जेठानले 'कुरु-द्ध्वम् मा चैवम् पुनः' भनि अनुमति दिनपर्च; सए वर्ष पुगेर मोरेको भए 'कुरुद्ध्वम्' एत्ति मत्त्रै भनेर अनुमति दिनपर्च । अनि प्रेतपत्नीपुत्रादि सपिण्डहरु एउडा मत्त्रै वस्त्र (अधोवस्त्र) लाइ प्राचीनावीति भै पानिमा पसेर दक्षिणतिर फर्केर 'अप नः शोशुचदघम्' भनि देउरे हातका साइँलि उम्लाले पानि वामावर्त गरि पञ्छाएर पानिमा डुम्लुङ्ङङ्ङङ्ङङ्ङ बुड्नपर्च । अनि उठि पानिमै उब्बिएर प्रेतपत्नीपुत्रादि-समेत सबै अपस्नान (खल्को) गर्निहरुले '(अमुकगोत्र) अमुकप्रेत एतत् त उदकम् (मया दीयते तवोपतिष्ठुताम्)' भनि अञ्जलिले एकपल्ट उदक–(शुद्ध तटभूमिमा) प्रसेचन गर्नपर्च ।

शोकापवदन– अनि पानिवड निस्केर अपस्नान गर्निहरु वस्त्र फेरि शुद्ध चउरमा बस्नपर्च । एसरि वसेका शोकग्रस्त प्रेत-पत्नीपुत्रादिहरुलाइ बुडापाका सम्वन्धि–साला–जेठान–गुरु-पुरो-हितादि लोकज्ज्ञहरुले शोकापवदनवार्ता सुनाउनपर्च । एसमा लोकको गति सम्जाइबुजाइ शोक त्याग्न र यथाशक्ति और्ध्व-देहिक कर्म गर्न भनिञ्च । शोकग्रस्तहरुलाइ एस अर्थका स्मृतिपुराणादिका हरिहरादिसङ्गृहीत संस्कृत श्लोकहरु सुनाइ

तिनको अर्थ बुजाइदिन उचित देखिञ्च ।

ग्रामप्रवेश र गृहप्रवेश– अनि चउरवड उठेर श्मशानतिर नहेरिकन सबैले आँफुभन्दा काञ्छालाइ अगिलाएर पङ्क्तिवद्ध भै ग्राममा प्रवेश गर्नपर्च। तेसमा स्त्रीसमुदाय अगि र पुरुषसमुदाय पछिलाग्नपर्च भन्नि कुरा गरुडपुराणमा पाँइञ्च। शवस्पर्श गर्निहरु भने दिनमा दाह गरेको भए तारा नदेखिउञ्जेल र रातमा दाह गरेको भए सूर्योदय नभइञ्जेल गाममा पस्न हुँदैन भन्नि कुरा पारस्करगृह्यसूत्रमा उल्लिखित छ । एसो गर्न सक्तैनसकिनि अवस्था परे अरु स्मृतिकारका वचनका आधारमा ब्राह्मणको अनुमति लिइ तारा नदेखिँदै वा सूर्य नउदाउँदै पनि ग्रामप्रवेश गर्न हुञ्च । शुद्धितत्त्वमा उल्लिखित हारीतवचनको उद्धरण समेत गरि नित्यानन्दले पनि एसरि ग्रामप्रवेश गर्न हुनि कुरा जनाएका छन् (अ. क. दी., पृ. ३१, टि. १) । सपिण्डहरुले र शवस्पर्शिहरुले पनि गाममा आइ घरमा पस्ता निमका पात टोकि आचमन गरेर एकेक गरि क्रमैले पानि, आगो, गोवर,सर्सिम्,तेल छोइ ढुङ्डामा टेकेर घर भित्र पस्नपर्च ।

आशौच बार्निको नियम– आशौच बार्निले तिनदिनसम्म स्त्रीभोग नगर्नि,खाटमा नसुत्नि,भैँमा ओच्छ्याएका ओच्छ्यानमा छुट्टाछुट्टै सुत्नि, अत्यावश्यकबाएक अरु काम नगर्नि–नगराउनि, स्वाद्ध्यायाद्ध्ययन नगर्नि, श्रौत–अग्निहोत्रादिबाएक अरु नित्य कर्म पनि नगर्नि, किनेको वा आर्कोले दिएको दिउसो मत्र्रै एक छाक मांसरहित अन्न खानि गर्नपर्च । एति पारस्करोक्त नियम हो । ब्रह्मचर्य, अधश्शयन, हविष्यभोजन, अक्षारलवणाशन अञ्जलिदान आदि नियमको दस-दिनसम्म पालना गर्नि कुरा अरुका मतका तथा अन्त्यस्मृतिपुराणादि-प्रोक्त हुन्। सके मनलागे तिनको पनि पालना गरे जाति हुञ्च; नसके मननलागे माद्ध्यन्दिनीयवाजसनेयिहरुले पारस्करोक्त नियमको पालन गरे शास्त्रार्थानुष्ठानफल प्राप्त हुञ्च, कुनै प्रत्यवाय लाग्दैन । मृताशौच (जुठो) भने पारस्करका मतमा र याज्ञवल्क्य-

स्मृतिकारका मतमा तिन दिन मत्रै लाग्नि भए पनि दस दिन सम्म जुठो लाग्च भन्नि मत पारस्करले र याज्ञवल्क्यस्मृतिकारले पनि देखाएकाले र कलियुगमा सबै जातले र गुणवान्–अगुणवान् सबैले यथाविधान एक दिन वा तिन दिन वा दस दिन जसको जति लाग्नि हो तेति आशौच वार्नपर्च भन्नि व्यवस्था पनि लघुस्मृति–पुराणादिमा देखिएकाले स्वाद्ध्याया-द्ध्ययनवर्जन–नित्यकर्मनिवर्तनादि आशौचिधर्मको त दसाहा भाइले दस-दिनसम्म पालना गर्नु उचित देखिञ्च । प्रेतका पत्नी-पुत्र–भाइ-भतिजा-आदि–तिनपुस्ता–भित्रका–वाएक अरु सपिण्डहरु एगारौँ–दिनदेखि स्वाद्ध्यायाद्ध्ययनादि–नित्यनैमित्तिक कर्मका लागि सर्वथा योग्य हुनि कुरा शास्त्र केलाउँदा शास्त्र-सम्मतै देखिन आउँच ।

प्रेतपिण्डदान– प्रेतका छोरा वा पत्नी वा भाइ वा भाइका छोरा वा अरु कोइ सपिण्ड जसले प्रेत–पिण्ड दिनि हो उसले प्रेतपिण्डदान–गर्नुभन्दा अगि एक अहोरात्र उपवास (क्षेत्रोपवास) गर्नि प्रथा छ । यो प्रथा धर्मसूत्र-स्मृति-पुराण-मूलक देखिञ्च (वसिष्ठधर्मसूत्र ४।१४, आपस्तम्बधर्मसूत्र २।६।३।५) । पारस्करगृह्यसूत्रमा एसको उल्लेख पाँइदैन । दाह गरेका दिन सपिण्डहरुका घरमा अन्न नपकाउनु भन्नि कुरा आश्श्वलायन–गृह्यसूत्रमा देखिञ्च (४।४।१३) । नित्य स्नान गरेपछि प्रेतलाइ स्नान प्राप्त होस् भनि प्रेतपुत्रादिले सङ्कल्पपूर्वक तिलकुश टाउकामा हालेर दिनसङ्ख्यानुसार्का सङ्ख्यामा दस–दिन–सम्म पिण्ड–दिनुभन्दा अगि स्नान गर्नि प्रथा छ, तेसरि–स्नान–गरेपछि प्रेतपुत्रादिले प्रेतप्रतिमाका रूपमा कल्पित पाषाणमा दिनसङ्ख्याअन्सार् वर्धमानाञ्जलि दिनि पनि चलन छ । किन्तु इ कुरा पारस्करगृह्यसूत्रमा पनि छैनन्, याज्ञवल्क्यस्मृतिमा पनि छैनन् । इ कुरा लघुस्मृति–पुराणादिमूलक बुजिञ्चन् । तसर्थ माद्ध्यन्दिनीयवाजसनेयिहरुका लागि कृताकृत बुजिञ्चन् । नेपालि ब्राह्मणहरुको कुआमा वा

तडागमा वा उद्यानमा वा तीर्थमा वा देवालयमा गएर स्नानादिपूर्वक दस दिनसम्म प्रेतलाइ पिण्ड दिनि चलन छ। पारस्करले भने (३।१०।२७–२८) दशाहाशौचभित्र तिन दिन मत्रै प्रेतलाइ (गोत्र-) नामोच्चारणपूर्वक अवनेजनदान-पिण्डदान–प्रत्यवनेजनदान गर्नि; पैलो रातमा 'अमुकप्रेताऽत्रस्नाहि' भनि माटाका भाँडामा दुदपानि हालेर (त्रिकाष्ठिकादिमा राख्नि वा वृक्षादिमा झुन्याउनि गरेर) अन्तरीक्षमा राख्नि; र वर्षदिनसम्म प्रतिदिन प्रेतका निम्ति अन्न र उदकुम्भ (जलको घडा) ब्राह्मणलाइ दिनि कुरा (३।१०। २७, २८, ५४,५५) मात्र बताएका छन्। याज्ञवल्क्यस्मृतिमा पनि एइ कुरा देखिञ्च (३।१६–१७, १।२५५) कात्यायन–श्रौतसूत्रमा विहित अस्थिसञ्चयन पनि श्रौताग्नि लिएर मोरेकाको मत्रै हो भनि कर्कोपाद्ध्यायले (पारस्कर. ३।१०) प्रष्ट लेखेका छन्। तसर्थ मा. वाजसनेयिहरुले दसदिन भित्र उक्त कर्महरु मत्रै गरेर नवौँ वा दसौँ दिनमा गृहशुद्धि–वस्त्रशुद्धिहरु गरि एकादशाहको कर्म गरे पनि शास्त्रार्थानुष्ठान सिद्ध हुनि नै देखिञ्च। लघुस्मृतिपुराणोक्त अरु चल्तिका कर्म कृताकृत देखिन आउँचन्। तथापि पारस्करले वर्षदिनसम्म प्रतिदिन अन्न तथा उदकुम्भ दिनि र कसैले वर्षदिनसम्म प्रतिदिन पिण्ड पनि दिनि कुरा बताएका (३।१०।५४-५५) र, बारौँ दिनमा सपिण्डीकरण गरेपछि प्रेतलाइ मत्रै पिण्ड दिन नमिले पनि सपिण्डीकरण नहुँदै त प्रेतलाइ पिण्ड दिनमा कसैलाइ पनि बाधा नपर्नि हुँदा वर्षदिनसम्म प्रतिदिन पिण्ड दिन नसके पनि आशौचका दसदिन सम्म भने पनि प्रतिदिन पिण्ड दिनु शास्त्रसम्मतै र उचितै पनि देखिन आउँच। किन्तु पारस्करले तिनदिन सम्म पिण्ड दिनु भनि विचका दिनका कर्म केइ नबताइ एकादशाहको कर्म बताएकाले र कात्यायनले पनि तेस विचमा चतुर्थदिनको–अस्थिसञ्चयन–बाएक अरु कर्म नबताएकाले दसदिनभित्र तिन दिन मत्रै पिण्ड दिनि (र बैता-

निकप्रेतको चतुर्थ दिनमा अस्थिसञ्चयन गर्नि) गरेमा माद्ध्यन्दिनीयवाजसनेयिहरुको शास्त्रार्थानुष्ठान सम्म त सिद्ध हुनि नै देखिञ्च ।

ऐकादशाहिकश्राद्ध वा नवश्राद्ध वा आद्यश्रश्राद्ध वा महैकोद्दिष्टश्राद्ध– एकादशाहमा गरिनि एकोद्दिष्ट श्राद्धलाइ विश्वनाथभाष्यमा आद्यमासिक भनिया देखिञ्च । एकादशाहमा आद्याब्दिक श्राद्ध पनि गर्नि कुरा नेपालि पद्धतिहरुमा र सत्कर्मरत्नावलीमा पनि पाँइञ्च । एस्तो कुरा निर्णयसिन्धुमा र धर्मसिन्धुमा पनि उल्लिखित छ । नित्यानन्द पन्त पर्वतीयले एकादशाहमा आद्यश्राद्ध, नवश्राद्ध र आद्यमासिक तन्त्रले गर्नि कुरा लेख्या छन् । तथापि पारस्करले "एकादश्यामयुग्मान्ब्राह्मणान्भोजयित्वा मांसवत् प्रेतायोद्दिश्य गामप्येके घ्नन्ति" (३।१०।४८, ४९) भनि एकादशाहमा विशेष श्राद्धको विधान गरेकाले, मासिक श्राद्धको पारस्करले विधानै नगरेकाले र श्राद्धसूत्रका पञ्चम कण्डिकावड सपिण्डीकरणपछि मत्रै वर्षवर्षमा श्राद्ध हुनि कुरा देखिएकाले एकादशाहमा गरिनि ऐकादशाहिक श्राद्ध वा नवश्राद्ध (पा. गृ. सू. ३।११।११) आद्यमासिकभन्दा र आद्याब्दिकभन्दा भिन्नै श्राद्ध देखिञ्च । मा. वाजसनेयिहरुका लागि एकादशाहमा गरिनि श्राद्ध वा नवश्राद्ध (पा. गृ. सू. ३।११।११) वा आद्यश्राद्ध वा महैकोद्दिष्टश्राद्ध भनेको एउडै कुरा भाकाले आद्यश्राद्ध र नवश्राद्धको तन्त्रले अनुष्ठान गर्नि भन्नि नित्यानन्दको पक्ष पनि चिन्त्य नै देखिञ्च । ऐकादशाहिकश्राद्ध मांसयुक्त वा गोमांसयुक्त हुन पनि कुरा पारस्करका वचनवड देखिञ्च (३।१०।४८, ४९) । किन्तु गाइ काट्नि कुरा र श्राद्धमा माँसुको प्रयोग गर्नि कुरा पनि कलिवर्ज्यमा गनिएको हुँदा आजभोलि ऐकादशाहिकश्राद्ध पनि मांसयुक्त गर्नि प्रथा नेपालि वाउनहरुमा छैन ।

नौदिनभित्र गरिनि गरुडपुराणप्रेतकल्पवाचन, एका-

दशाहमा गरिनि शय्यादान, काञ्चनपुरुषदान, द्विजदम्पतिपूजन, वृषोत्सर्ग, कपिलादान र दशमाहमा वा द्वादशाहमा वा त्रयोदशाहमा गरिनि पददान (छाता, जुत्ता, वस्त्र, अम्ठि, कमण्डलु, आसन, पञ्चपात्त्रहरु, लौरो, तामाको भाँडो, आमान्न, भोज्यपदार्थ, पैसा, जनै इ तेरथोकको दान) इत्यादि अरु कर्म स्व–शाखामा नवताय्येका, केवल लघुस्मृतिपुराणोक्त कर्म हुनाले कृताकृत बुजिञ्चन् । पददान त नेपालि पद्धतिहरुमा र अन्त्यकर्मदीपकमा पनि देखिँदैन । तसर्थ इ सबै अधिक फलका कामनाले गरिनि ऐच्छिकै कर्म देखिञ्चन् । गरुडपुराणवाचन गराएमा सोरअद्देको गरुडपुराण ऋषिमुनिप्रणीत नभएकाले त्यो वाचनगर्न उचित नहुनि देखिञ्च ।

मासिकश्राद्ध– मासिक श्राद्ध पारस्करले वताएका छैनन् । स्मृतिपुराणादिमा तिनको विधान पाँइञ्च । पारस्करले पनि वर्षदिनसम्म प्रतिदिन पिण्डदान गर्नि कुरा वताएकाले र तेसो गर्न नसक्निका निमित्त "मुक्ख्यं श्राद्धम् मासिमासि अपर्याप्तावृतुम् प्रति । द्वादशाहेन वा भोज्या एकाहे द्वादशाऽपि वा" इत्यादिवचनको विचार गर्दा इ मासिक श्राद्धहरु अनुकल्पका रूपमा लिन उचित हुनि देखिएकाले प्रतिदिन सान्नोदकुम्भदान गर्न नसक्नि मा. वाजसनेयिहरुले आद्द्यमासिकादि मासिक श्राद्ध गर्नु उचितै देखिञ्च । मासिकश्राद्ध गर्नु भन्नि कुरा याज्ञवल्क्यस्मृतिमा पनि छ (१।२५६) । यद्द्यपि 'मासादौ मासिकञ्च कार्यम्' इत्यादि वचनवड आद्द्य (पैलो) मासिक मोरेकै दिन गर्न पर्नि जस्तो देखिञ्च, तथापि याज्ञवल्क्यस्मृतिमा (१।२५६) आद्द्य (पैलो) मासिक एकादशाहमा गर्नि विधान भाको बुजिञ्च । आजभोलि लघुस्मृति-पुराणादिका वचनका आधारमा सबैले वारौँ दिनमा सपिण्डीकरण गर्नि चलन चलेकाले वर्षदिनसम्मका आद्द्यमासिक–ऊनमासिकादि सबै श्राद्ध एकादशाहमा नै गर्नि चलन छ । एसरि खिचिएका ऊनमासिकादि श्राद्ध पिण्डदान विना

स्नान्तोदकुम्भोत्सर्गादि–रूपमा यथाकाल फेरि गरिञ्चन् । एकादशाहमा आर्को आशौच आइपरेमा भने एकादशाहमा नियत ऐकादशाहिकश्राद्धादि गर्न हुनि भए पनि अरु मासिकादि त गर्न नहुनि देखिञ्च ।

सपिण्डीकरण– अमावास्यामा पिण्डपितृयज्ञ गर्नि अधिकार नभाका छोराले बाउको सपिण्डीकरण सामान्यतया वर्षदिन पुगेपछि गर्न पर्नि कुरा पारस्करगृह्यसूत्रका (३।१०। ५०,५३) र श्राद्धसूत्रका पञ्चम कण्डिकाका परिशीलनसमेत-वड बुजिञ्च । तथापि लघुस्मृति–पुराणहरुका वचनका आधारमा सबैले बारौँ दिनमा सपिण्डीकरण गर्नि चलन चलेको छ । द्वादशाहमा सपिण्डीकरण भए पनि प्रेतत्त्वमुक्ति वर्षदिनमै हुञ्च भनिएकाले सिद्धान्तमा र कर्ममा एस चलनले असामञ्जस्य ल्याएको देखिञ्च । सपिण्डीकरण भनेको प्रेत-लाइ र पितामहादिलाइ यथाविधि पिण्ड दिइ पितामहादिका पिण्डमा प्रेतको पिण्ड मिलाइ प्रेतलाइ पितृका पङ्क्तिमा मिलाउनि श्राद्धविशेष हो ।

शुद्धशान्ति– शुद्धशान्तिकर्मको माद्ध्यन्दिनीय–वाजसनेयिशाखामा कुनै विधान पाँइदैन । शाङ्खायन–श्रौत-सूत्रमा (४।१५) आश्वलायनगृह्यसूत्रमा (४।५) र अरु ग्रन्थमा भने शुद्धशान्तिको विषय पाँइञ्च । माद्ध्यन्दिनीय–वाजसनेयिहरु विनायकपूजा, स्वस्तिवाचन, गोदान इत्यादि गर्चन् । यो कुरा पारस्करगृह्यसूत्रका विश्वनाथ–भाष्यमा सङ्केतित छ । सत्कर्मरत्नावलिमा पनि विनायकपूजा प्रति-पादित देखिञ्च । माधवप्रसादशर्माले छपाएका अन्त्यपद्धतिमा (१४६ पृ.) पनि अलिकति सङ्केत छ । नेपालि बाउनहरु अग्निस्थापना भनि प्रचलित पद्धतिले अग्निस्थापना र तदुक्त होम पनि गर्चन्; एसको मूल एस ग्रन्थकारले केइ देख्या छैन ।

अन्नदान र उदकुम्भदान– मोरेका व्यक्तिका लागि मोरे-देखि वर्षदिनसम्म प्रतिदिन ब्राह्मणलाइ अन्नदान र उदकुम्भदान

गर्नि विधान पारस्करगृह्यसूत्रमा (३।१०।५५) र याज्ञवल्क्यस्मृतिमा (१।२५५) पनि छ। आजभोलि एकादशाहमा ३६० खोचाले यो काम सिद्याउनि चलन छ। एस चलनको औचित्य चिन्त्य छ।

वार्षिकाशौच (बराखि)– बाउ–आमा मोर्दा छोराको देह वर्षदिनसम्म अशुचि रम्नि कुरा "प्रमीतौ पितरौ यस्य देहस्तस्याऽशुचिर् भवेत्। न दैवन् नाऽपि वा पित्र्यम् यावत् पूर्णो न वत्सरः" भन्नि वचनबड वुजिञ्च। यो कुरा पारस्करको प्रेतका लागि वर्षदिनसम्म अन्नदान र उदकुम्भदान गर्नि विधानको र श्राद्धसूत्रका पञ्चम कण्डिकामा प्रथम कल्पका रूपमा गरिएको वर्षदिन पूर्ण भएपछि सपिण्डीकरण गर्नि विधानको पनि अनुकूल देखिञ्च। बराखि बार्दा सेता एकसरा लुगा लाउनि, सेता छाताजुत्ताको प्रयोग गर्नि, अरुले पकाको नखानि, प्राय हविष्यवस्तुहरु मत्र्वै खानि नेपालि द्विजातिहरुको चलन छ। यो चलन शास्त्रानुकूलै देखिञ्च।

निषेकादि–संस्कारहरुको प्रयोजन

निषेकादि संस्कारहरुका सङख्या कसैले कति कसैले कति बताएका छन्। आश्वलायनगृह्यसूत्रमा ११, पारस्करगृह्यसूत्रमा, बौधायनगृह्यसूत्रमा, वाराहगृह्यसूत्रमा र मनुस्मृतिमा १३, व्यासस्मृतिमा र जातूकर्ण्यका मतमा १६[1], वैखानस-

---

१. व्यासस्मृतिमा गनिएका १६ संस्कार गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, निष्क्रमणिका, अन्नप्राशन, चूडाकर्म (वपन), कर्णवेध, व्रतबन्ध, वेदारम्भ, केशान्त, समावर्तन (स्नान), विवाह, गृह्याग्न्याधान, श्रौताग्न्याधान हुन्; जातूकर्ण्यले गनेका १६ संस्कारहरु भने गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, अन्नप्राशन, चौलकर्म, मौञ्जीबन्ध (उपनयन), चारवेद पढ्न गरिनि चार वेदव्रतादेश (ऋग्वेदव्रतादेश, यजुर्वेदव्रतादेश, सामवेदव्रतादेश, अथर्ववेदव्रतादेश), गोदान (केशान्त), समावर्तन, विवाह र अन्त्यकर्म (अन्त्येष्टि) हुन्।

गृह्यसूत्रमा १८, अङ्गिराका मतमा २५ संस्कार बताएका छन् । गौतमधर्मसूत्रमा कतिपय वैदिक यज्ञहरुलाइ पनि संस्कारमा गनि चालिस संस्कारहरुको उल्लेख गरेर (१।८।१४-२२) ति संस्कारबाट पुरुषमा सम्पाद्य रूपमा दया, क्षमा, अनसूया, शौच, अनायास, सदाचार, अकृपणता, अस्पृहा इ आठ गुणको उल्लेख गरिएको देखिन्च । अनि त्याँहाँ 'जसका उक्त चालिसै संस्कार भएका छन्, किन्तु जसमा उक्त आठ आत्मगुण उत्पन्न भा छैनन् त्यो व्यक्ति ब्रह्मलोक जान वा ब्रह्मज्ञान गर्न सक्तैन; जसमा त उक्त चालिस संस्कारहरुमद्दे [अत्त्यावश्यक] केइ संस्कार मत्त्रै भाऽ छन् र उक्त आठ आत्मगुणहरु उत्पन्न भाका छन् त्यो व्यक्ति ब्रह्मलोक जान वा ब्रह्मज्ञान गर्न सक्च' (१।८।२५, २६) भनिएको छ । एसबाट संस्कारहरुको स्थूल प्रयोजन मनुष्यमा दया–क्षमादि आत्मज्ञानोपयोगि गुणको आधान गर्नु र सूक्ष्म प्रयोजन पुरुषलाइ आत्मज्ञानसम्म पुऱ्याउनु रच भन्नि कुरा झल्कन्च । मनुस्मृतिको "स्वाद्ध्यायेन व्रतैर् होमैस् त्रैविद्येनेज्यया सुतैः । महायज्ञैश् च यज्ञैश् च ब्राह्मीयङ क्रियते तनुः" भन्नि वचन (२।२८) पनि एस कुराको अनुकूल छ ।

वैदिक यज्ञको आत्मज्ञानोपकारकता

वैदिक द्रव्ययज्ञको स्थूल प्रक्रिया निश्चित रूपमा देखाउनमा मत्त्रै श्रौतसूत्रहरु प्रवृत्त भाकाले र ब्राह्मणग्रन्थको अद्ध्ययन र अर्थचिन्तन अति विरल हुँदै आकाले वैदिक यज्ञको रहस्य बुज्नि अवसर अत्यन्त दुर्लभ हुन गएको छ । एस विषयमा चाएजति विस्तृत अद्ध्ययन गर्न पनि सकिएको छैन । तथापि मा. वा. शतपथमा "त्रिवृद्धि यज्ञः" भन्नि वाक्क्य अनेक स्थलमा (१।१।४।२३, १।३।२।८, ४।२।१।१४, ४।२।२।११, १४।३।१।२५) आएकाले र तेसको अर्थ सामान्यतया यज्ञ आधिभौतिक–आधिदैविक–आद्ध्यात्मिक–पक्षहरुले युक्त छ भन्नि देखिएकाले वैदिक यज्ञहरु अद्ध्यात्म-

ज्ञानपरक पनि छन् भन्नि कुरा देखिन आँउँच । यज्ञको आधिभौतिक पक्ष "यज्ञाद् भवति पर्जन्यः पर्जन्यादन्न-सम्भवः" इत्यादि वचनवड समेत देखिञ्च । यज्ञको आधि-दैविकपक्षको उल्लेख पनि मा. वा. शतपथमा ठामठाममा (११।१।६।२८–२९, ६।५।३।३–४ इत्यदि) पाँइञ्च ।

यज्ञको त्यो अद्ध्यात्मज्ञानपरता चित्तशुद्धिद्वारा आत्मज्ञान गर्नमा उपकारक हुनु हो भन्नि कुरा पनि "तमे-तवँ वेदानुवचनेन ब्राह्म्मणा विविदिषन्ति यज्ञेन दानेन तपसाऽनाशकेन" इत्यादिवचनको आड लिएर प्राचीन-अर्वा-चीन धेरै विचारकहरुले गरेको पाँइञ्च । किन्तु त्यो कुरा एकपक्षि देखिञ्च । यज्ञको अद्ध्यात्मज्ञानमा तेस्ता प्रका-रको उपयोग मत्त्रै हैन साक्षात् आत्मविचारका रूपमा पनि यज्ञको उपयोग हुनि देखिञ्च । यज्ञलाइ प्रजापतिको प्रतिमा पनि भनिएको छ; जस्तै– "स देवेब्भ्य आत्मानम्प्रदायाऽ थैत-मात्मनः प्रतिमामसृजत यद्द्यज्ञन् तस्म्मादाहुः प्रजापतिर्य्यज्ञ इति" (मा. वा. शतपथ. ११।१।८।३) इत्यादि । "प्रजापति-र्य्यज्ञः" भन्नि उल्लेख मा. वा. शतपथमा धेरै ठाममा पाँइञ्च (१।५।१।१६, १।५।२।१७, १।६।३।५) । "आत्मा वै प्रजा-पतिः" (मा. वा. शत. ४।५।९।२) भनि प्रजापतिको तत्त्व खोलिएको छ । "पुरुषो वै यज्ञः" (मा. वा. शत. १।३।२।१; ३।१।४।२३, १०।२।२।६), "आत्मा वै यज्ञः" (मा. वा. शत. ६।२।१।७), "सर्व्वमु ब्ब्रह्म्म प्रजापतिः" (मा. वा. शत. ७।३।१।४२), "कथं स्विद्द्यज्ञः पुरुषः प्रजापतिरन्योन्य-न्नातिरिच्च्यन्त एते" (मा. वा. शत. १२।३।१।१) इत्यादि वचनवड पनि प्रजापतिको र यज्ञको तत्त्व केइ उद्घाटित हुञ्च । उक्त वचनहरुका मननवड वैदिक यज्ञ साक्षात् आत्मविचारपरक भाको बुजिञ्च । यो यज्ञको आत्मविचार-परता वैदिक यज्ञका अग्निहोत्र, दर्शपूर्णमासेष्टि, चातुर्मास्य, निरूढपशुबन्ध, अग्गिनष्टोम सोमयाग इत्यादि प्रत्येक यज्ञमा

स्पष्ट रूपमा वा अस्पष्ट रूपमा देखिञ्च । सूक्ष्म दृष्टिले केला-उन आवश्यक छ । तेसको विशेष विवरण ऐले प्रस्तुत गर्न सकिएन । पछि अवसर मिलेमा एतापट्टि प्रयास गरिनि छ । एस सम्बन्धमा "यज्ञेन यज्ञमयजन्त देवास्तानि धर्म्माणि प्रथमान्यासन्" (मा. वा. शु. य. वे. ३१।१६), "ब्रह्माग्नावपरे यज्ञयँ यज्ञेनैवोपजुह्वति" (गीता. ४।२५) "इति सम्भृतसम्भारः पुरुषावयवैरहम् । तमेव पुरुषयँ यज्ञन् तेनैवाऽयजमीश्वरम्" (भागवत २।६।२७) इत्यादि वचनहरुको पनि मनन गर्नु राम्रो देखिञ्च ।

स्वर्ग- (आत्मप्प्रकाश-) सम्म पुग्नि विभिन्न मार्ग

वैदिक परम्परामा स्वर्ग- (आत्मप्प्रकाश-) सम्म पुग्नि धेरै मार्गहरु देखाय्या बुजिञ्चन् । तेसको सूचना निरुक्तमा उद्धृत (१।३।६) "हविर्भिरेके स्वरितः सचन्ते सुन्वन्त एके सवनेषु सोमान् । शचीर् मदन्त उत दक्षिणाभिर् नेज् जिह्मायन्त्यो नरकम् पताम" भन्नि ऋग्वेदखिलमन्त्रवड पनि पाँइञ्च । एस विषयमा महाभारतका शान्तिपर्वमा (चित्रशाला. ३५४।९–१६, सातवलेकर. ३४२।९–१६) ज्ञानमार्ग, यज्ञमार्ग, वानप्प्रस्थमार्ग, गृहस्थमार्ग, राजधर्ममार्ग, आत्मफलमार्ग, गुरुसेवामार्ग, मौनव्व्रतमार्ग, मातापितृशुश्रूषामार्ग, अहिंसामार्ग, सत्यनिष्ठामार्ग, युद्धदेहत्त्यागमार्ग, उञ्छव्व्रतमार्ग, वेदाद्ध्ययनमार्ग, आर्जवमार्ग इत्यादि अनेक प्रकारका स्वर्गसम्म पुग्नि मार्गहरुको चर्चा भाको कुरा स्मरणीय छ ।

आपत्कालमा मानसरूपमा स्वधर्मसेवनबड धर्मको रक्षा र कल्ल्याणको साधन

वृत्तिकार्श्य, शरीरदौर्बल्य, विषमपरिस्थितिप्राप्ति, विधर्मिपीडा, राष्ट्रविप्प्लव इत्यादि आपत्तिले गर्दा प्रत्यक्ष रूपमा स्वधर्मको पालना गर्न सक्तैनसकिनि स्थिति परेमा सत्यधर्मा, वेदाभ्यासपरायण, इन्द्रियनिग्ग्रहशील, मृदुस्स्वभाव

र स्वधर्ममा दृढश्रद्धाले युक्त भएर आँफ्ना धर्मको ज्ञान र मानस रूपमा तेसको सेवन गरे पनि ब्रह्मलोकवड च्युत हुन नपर्नि कुरा "मनसा वा तत् समग्रमाचारमनुपालयेदापत्कल्पः" इत्यादि (१।९।६७–७४) गौतम-धर्मसूत्रका मननवड बुजिञ्च। "सर्वथा वृत्तिरशक्तावशौद्रेण। तदप्येके प्राणसंशये। तद्-वर्णसङ्करोऽभक्ष्यनियमस्तु" भनि गौतमधर्मसूत्रमा (१।८। २२–२४) अत्यन्त आपत् पर्दा वर्णसाङ्कर्यवड र अभक्ष्य-भक्षणवड सम्म बचेर अरु जे कर्म गरेर पनि वाँच्न हुनि कुरा देखाय्येकाले र मनुस्मृतिमा पनि "विद्या शिल्पम् भृतिस् सेवा गोरक्ष्यवँ् विपणिः कृषिः। धृतिर् भैक्षञ्ज कुसीदञ् च दश जीवनहेतवः" (१०।११६) भनि आपत्कालमा ब्राह्मणैले पनि सिपले, ज्यालाले, सेवाले, पशुपालनले, बेपारले, स्वकृतकृषिले र व्याजले समेत जीविका चलाउन हुनि कुरा देखाय्येकाले पनि उक्त मानसधर्मपालनको पुष्टि हुञ्च। एसरि ऋषिमुनिले जस्तै आपत् परेपनि स्वधर्मपालन गर्न सकिनि मार्ग देखाएका छन्। स्वधर्ममा श्रद्धा भए कुनै–न–कुनै मार्ग लिन अवश्य सकिञ्च। श्रद्धै नभएमा मत्रै स्वधर्मपालन हुन सक्तैन। तेसैले अश्रद्धालाइ अत्यन्तै हेय मानिएको देखिञ्च। (अश्रद्धा परमः पाप्मा श्रद्धा हि परमन् तपः। –वौ. ध. सू. १।५।७५)।

धर्म-सेवन-परिपाक र साधन-चतुष्टय-सम्पत्ति

(विवेक-वैराग्या-ऽऽद्युदय)

"तमेतवँ् वेदानुवचनेन ब्राह्मणा विविदिषन्ति यज्ञेन दानेन तपसाऽनाशकेन" (का. बृ. उ. ४।४।२४) इत्यादि वचनवड वेदाद्ध्ययन–यजन–दानादि–धर्मसेवनका परिपाकले नित्यानित्यवस्तुविवेक-विषयवैराग्य-शमदमादिप्रियता-मुमुक्षा-आत्मज्ञानेच्छाहरु उत्पन्न हुञ्चन् भन्नि वैदिक सिद्धान्त भाको कुरा स्पष्ट हुञ्च। धर्मकर्मवड चित्तशुद्धि हुञ्च भनि सामान्यतया पण्डितहरु सबै नै भञ्चन्। चित्तशुद्धि भन्या क्या

हो त भन्दा भन्न धेरैलाइ गारै पर्छ । चित्तशुद्धिलाइ एस पद्यले स्पष्ट गऱ्या छ– "विषयेष्वनिशं रागो मानसो मल उच्च्यते । तेष्वेव हि विरागोऽस्य नैर्मल्यं समुदाहृतम् ।।" अर्थात् शरीर-शब्द-स्पर्श-रूप-रस-गन्धादि विषयमा राग[आसक्ति] चित्तको मएल हो र तिनमा वैराग्य नै चित्तको शुद्धि हो । (अपि च–मनो हि द्विविधं प्रोक्तं शुद्धं चाऽशुद्धमेव च। अशुद्धं कामसम्पर्काच्छुद्धं कामविवर्जितम्।। –मैत्रायणीयोप. ६।३४) । वैराग्य उत्पन्न गर्नमा विवेकको नै हात छ । लोकको सूक्ष्म निरीक्षण गरि यो वस्तु नित्य यो अनित्य, यो सुखदायक यो दुःखदायक भनि गरिनि पैचान नै विवेक हो । विवेक उदाए-पछि वैराग्य उदाउनि बाटो खुल्च । विवेक–वैराग्य भएपछि शमदमादि र मुमुक्षा–विविदिषाहरु नान्तरीयक–जस्तै गरि जुट्न थाल्चन् । एसरि विवेक–वैराग्यादि–साधन जुटेका व्यक्तिको सन्न्यासाश्रममा प्रवेशको कुरो आउँच । (स्ववर्णा-श्रमधर्मेण तपसा गुरुतोषणात् । साधनम् प्रभवेत् पुंसाम् वैराग्यादिचतुष्टयम् ।। –वराहोपनिषद् २।२) ।

सन्न्यासाश्रम

सन्न्यासाश्रमको वेदवेदाङ्गादिवाङ्मयमा काँकाँ प्रतिपादन पाँइञ्च भन्नि कुरा अगि आश्रम–समुच्चय–विकल्प-बाध–व्यवस्थाको चर्चा गर्दा लेखिसकिएको छ । सन्न्यासाश्रम भनेको अरु सप्पै कुरा छोडेर मोक्ष मत्रै चाआनि व्यक्तिले लिनि आश्रम हो । सन्न्यासलाइ कलिवर्ज्य भनिया भए पनि ब्राह्मणादि–वर्णविभाग भइञ्जेल र वेदको अद्ध्ययनादि चलि-ञ्जेल कलिमा पनि सन्न्यास लिन हुञ्च भन्नि वचन पनि भाकाले कलिमा पनि सन्न्यास लिनि चलन रैआको देखिञ्च । अथवा कलिवर्ज्य भनेको अनुष्ठातृवैगुण्यले त्यो धर्म कलिमा

---

१. यदा सर्व्वे प्रमुच्यन्ते कामा येऽस्य हृदि श्रिताः । अथ मर्त्योऽमृतो भवत्यत्तर ब्रह्मम समश्नुते ।। –मा. वा. शत. १४।७।२।१० ।

यथार्थ रूपमा चल्न सक्तैन भनेको मत्त्रै हो, यथार्थ रूपमा अनुष्ठान गर्न सकिएमा त त्यो धर्म कलिमा गरे पनि धर्मै हुञ्च अधर्म हुँदैन भन्नि कुरा पराशरमाधवीयादिमा देखाय्येको हुँदा पनि वास्तविक वैराग्य भएमा कलिमा पनि जैलेसुकै पनि सन्न्यास लिन हुनि नै देखिएकाले पनि आजभोलि पनि सन्न्यास लिनि गरिएको देखिञ्च ।

सन्न्यासाश्रमका भेद

सन्न्यासाश्रम पैलेइ दुइ प्रकारको देखिञ्च– (१) विविदिषासन्न्यास र (२) विद्वत्सन्न्यास । आत्मज्ञान गर्न चाआनिले लौकिक विषयवड अलग्ग वसेर श्रवण–मनन–निदिद्ध्यासन गरि निर्विघ्न रूपमा आत्मज्ञान गर्न सकियोस् भनि लिइनि सन्न्यासलाइ विविदिषासन्न्यास भञ्चन् । "सन्न्यासयोगाद् यतयः शुद्धसत्त्वाः" (मुण्डको. ३।२।६), "एतमेव प्रव्राजिनो लोकमिच्छन्तः प्रव्रजन्ति" (का. बृहदा.४।४।२२), "शान्तो दान्त उपरतस्तितिक्षुः समाहितो भूत्वाऽऽत्मन्येवात्मानम् पश्यति" (का. बृहदा. ४।४।२३) भन्नि वचनहरुवड र सन्न्यास–प्रक्रियावड पनि विविदिषासन्न्यास वैदिक परम्परामा मान्य भाको कुरा बुजिञ्च । "एतवँ् वै तमात्मानवँ् विदित्वा ब्राह्म्मणाः पुत्त्रैषणायाश्च्च वित्तैषणायाश्च्च लोकैषणायाश्च्च व्युत्थाय भिक्षाचर्य्यञ् चरन्ति" (का. बृहदा. ३।५।१), "एतद् ध स्म वै तत्पूर्व्वे विद्वांसः प्रजान् न कामयन्ते किम् प्रजया करिष्ष्यामो येषान् नाऽयमात्माऽयलँ् लोक इति ते ह स्म पुत्त्रैषणायाश्च्च वित्तैषणायाश्च्च लोकैषणायाश्च्च व्युत्थाय भिक्षाचर्य्यञ् चरन्ति" (का. बृहदा. ४।४।२२) इत्यादिवचनवड विद्वत्सन्न्यास (ब्रह्मज्ञानिको सन्न्यास) पनि वैदिक धर्ममा विहित भाको कुरा स्पष्ट हुञ्च ।

सन्न्यासाश्रमलाइ प्रकारान्तरले चारथरि मानिया छ । तदनुसार् सन्न्यासि चारथरि हुञ्चन्- (१) कुटीचर(कुटीचक), (२) वहूदक, (३) हंस, (४) परमहंस । इनको परिभाषा

आश्रमोपनिषद्मा, नारदपरिव्राजकोपनिषद्मा, भिक्षुकोपनिषद्मा, सन्न्यासोपनिषद्मा, पाराशरमाधवीयमा उद्धृत कात्या- (ण्वा ?-) यनस्मृतिमा, भागवतमा, शारीरकमीमांसाभाष्यरत्नप्रभामा, न्यायनिर्णयमा र अन्यत्र पनि पाँइञ्च । नारदपरिव्राजकोपनिषद्मा (५) तुरीयातीत र (६) अवधूत इ सन्न्यासिका अरु दुइ भेद पनि उल्लिखित छन् । (१) आँफ्ना छोराका घरमा भिक्षा गरि आत्मज्ञानमा लाग्नि सन्न्यासिलाइ कुटीचर सन्न्यासि भञ्चन् (आश्रमोपनिषद्); मनुस्मृतिमा (६।८६) र बौधायनधर्मसूत्रमा (२।१८।२९) भनिएको वेदसन्न्यासि गृहस्थ र यो कुटीचर सन्न्यासि उस्तै देखिञ्चन्; (२) त्रिदण्ड, कमण्डलु, शिक्क्यधार्य भिक्षापात्र, जलपवित्र लिनि; खराउ, गेरुआ लमौटि, कन्था लाउनि; शिखा, यज्ञोपवीत (जनै) भाका; साधुवृत्त ब्राह्मणहरुका घरमा भिक्षा गरि आत्मज्ञानमा लाग्नि सन्न्यासिलाइ वहूदक सन्न्यासि भञ्चन् (आश्रमोपनिषद्); (३) एउटा दण्ड, कमण्डलु, शिक्क्यधार्य भिक्षापात्र, जलपवित्र लिनि; गेरुआ लमौटि र कन्था लाउनि, शिखा नराख्नि, जनै भाका, गाममा एकरातसम्म मत्रै र नगरमा र तीर्थमा पाँच–रातसम्म मत्रै वस्नि, त्याँभन्दा वर्ता नवस्नि, चान्द्रायणकृच्छ्रादि व्रत गर्दै आत्मज्ञानमा लाग्नि सन्न्यासिलाइ हंस सन्न्यासि भञ्चन्; (४) दण्ड–कमण्डलु–शिक्क्य–भिक्षापात्र–जलपवित्रादि केइ नलिनि, खराउ पनि नलाउनि, त्रिविष्टब्धकादि[त्रिविष्टब्धकन् दृष्ट्वा परिव्राजक इति (गम्यते) –पा. व्या. भाष्य २।१।१; ३।२।११४ (१।१।१)] आसन पनि नराख्नि, गेरुआ लमौटि र कन्था लाउनि, शिखा–यज्ञोपवीत त्यागेका, माञ्छेले छोडेका भत्केका पुराना घरमा वा देउताका मन्दिरमा वास वस्नि, माटाs डल्लालाइ र सुनका डल्लालाइ बराबर गर्नि, ब्राह्मण–क्षत्रिय–वैश्य–शूद्रादि जसका घर भेटिञ्चन् तिनैमा भिक्षा गरि शरीर–यात्रा चलाएर मोक्ष सिद्ध गर्नि सन्न्यासिलाइ परमहंस सन्न्यासि

भञ्चन् (तीँ)। इनमा कुटीचर वहूदक र हंस विविदिषासन्न्यासि र परमहंस विद्वत्सन्न्यासि बुजिञ्चन् । कातीय–प्रसवोत्थान-परिशिष्टवड त विविदिषासन्न्यासिले पनि परमहंसचर्या लिन सक्नि देखिञ्च । (५) गाइले झेइँ मुखैले खानि हातले नखानि, फलफुल मत्त्रै वा प्रतिदिन तिन घरमा पाय्येको भिक्षान्न मत्त्रै खानि, नाङ्ङै बुङ्ङै रअनि, धेरैजसो निर्विकल्प समाधिमा नै वस्नि सन्न्यासि तुरीयातीत सन्न्यासि भनिञ्चन् (नारदपरिव्राजकोपनिषद्); (६) कुनै नियम नपच्छ्याउनि, अभिशस्त–पतितवाएक सबैका घरमा अजिङ्गरले झेइँ आहार गर्नि, स्वरूपानुसन्धानपरायण सन्न्यासि अवधूत सन्न्यासि भनिञ्चन् (तीँ) ।

दण्डि सन्न्यासि र दशनामि सन्न्यासि

आजभोलि लोकमा प्रचलित वैदिक सन्न्यासिहरुमा दण्डिसन्न्यासि र दशनामि सन्न्यासि प्रमुख छन् । दण्डिसन्न्यासिहरु आँफुलाइ शङ्कराचार्यका परम्पराका उत्तम कोटिका सन्न्यासि भञ्चन् । इनिहरु विशेष प्रकारको दण्ड लिञ्चन् । दशनामिहरु दण्ड लिँदैनन् । दशनामिका भारतवर्षमा (१) महा-निर्वाणि अखडा, (२) निरञ्जनि अखडा, (३) भैरव (जुना) अखडा, (४) अग्नि अखडा आदि केइ मुक्ख्य अखडाहरु छन् । ति अखडाका शाखा–अखडा–(मठ-)हरु धेरै नै छन् । इ-अखडा-मद्दे कतिपय प्रमुख अखडाका महन्तहरुले आजभोलि 'महा-मण्डलेश्वर' भन्नि उपाधि लिन थालेका छन् । इनका दश नाम (पद–) हरु इ हुन्– तीर्थ, आश्रम; सरस्स्वती, भारती, पुरी; अरण्य, वन; गिरि, पर्वत, सागर । नेपालमा दशनामि-हरुको विशेष महत्त्व रैआएको कुरा २०२० सालदेखि चलेको नएँ मुलुकि ऐनको तेस्त्रोभागको पाँचौँ महलको आठौँ नम्वरवड पनि बुजिञ्च; १९९२ सालको ऐनको तेस्त्रो भागको गरिप–कङ्गालको महलको छेटो नम्वरवड पनि सो कुरा देखिञ्च । सबै 'सन्त'–'महात्मा'–हरु र 'जोगि'–भिखारिहरु

वैदिक सन्न्यासि हैनन् । नेपालमा प्रसिद्ध गोरखनाथि कान-फट्टा जोगिहरु पनि वैदिक सन्न्यासि देखिँदैनन् । गोरक्ष-नाथीय–योग–सम्प्रदायका अनुयायि हुनाले ति नाथहरु योगि (जोगि) भनिएका देखिञ्चन् ।

सन्न्यासमा अधिकार

तीव्र वैराग्य भाका आत्मज्ञानि सबैको नै सन्न्या-समा अधिकार हुनि कुरा जावालोपनिषद्वड झल्कञ्च । वौधायनका मतमा स्त्रीको पनि सन्न्यासमा अधिकार हुनि कुरा मिताक्षरामा (३।५८) उल्लिखित छ । स्त्री–शूद्द्रको सन्न्यासमा अधिकार नहुनि कुरा अत्त्रिसंहितामा (श्लो. १३६–१३७) उल्लिखित देखिञ्च । कौटलीय अर्थशास्त्रमा स्त्रीलाइ सन्न्यास–गराउनिलाइ दण्ड दिनि व्यवस्था गरेको पाँइञ्च (२।१) । पतितादिको पनि कथञ्चित् तीव्र वैराग्य र आत्मज्ञान भए, सन्न्यासि भएपछि महावाक्यको उपदेश गर्नि अधिकार नहुनि भए पनि, सन्न्यास लिनि अधिकार सम्म त हुनि कुरा नारद–परिव्राजकोपनिषद्वड (३।१–४) र सन्न्या-सोपनिषद्वड (२।४–७) बुजिन आउँच । आत्मज्ञान नभाका विविदिषुहरुको पनि तीव्र वैराग्य भएमा सन्न्यासमा अधिकार हुञ्च । तीव्र वैराग्य भएको धनाभावादिले गार्हस्थ्यधर्मको निर्वाह गर्न नसक्नि ब्राह्मण ब्रह्मचर्याश्रमवड सोजै सन्न्यासमा जानसक्च भन्नि कुरा जावालोपनिषद्को र मनुस्मृति-याज्ञवल्क्य-स्मृतिको मननवड बुजिञ्च । पुरुषमेधान्त–नियोग–निर्वहण–समर्थ ब्राह्मण गृहस्थाश्रमवड सोजै सन्न्यासाश्रममा जान सक्च भन्नि कुरा मा. वा. शतपथ-ब्राह्मणवड (१३।६।२।२०), कात्यायनश्रौतसूत्रवड (२१।१।१७) र कातीयप्रसवोत्थान-परिशिष्टवड पनि देखिञ्च । वौधायनधर्मसूत्रानुसार् (२।१७। ३–७) र वैखानस–स्मार्तसूत्र–अन्सार् (२।५।६) अनपत्य वा विधुर वा स्वधर्मप्प्रतिष्ठापितप्रज सप्ततिवर्षवयस्क शालीन र यायावर गृहस्थ सोजै सन्न्यासाश्रममा जान सक्चन् । मैथुन-

शक्ति हराएको पुरुष पत्नीपुत्रादिलाइ जीविकाको वाटो लगाइ शासकीय–धर्मस्थ– (न्यायाधीश–) को अनुमति लिइ सन्न्यासाश्रममा जान हुञ्च भनि कौटलीय अर्थशास्त्रमा भनिया छ (२।१) । वानप्रस्थाश्रममा गर्न पर्नि कर्म गर्न अशक्त भएपछि वानप्रस्थले सन्न्यास लिन हुञ्च भन्नि कुरा वौधायनधर्मसूत्रमा देखिञ्च (२।१७।८) । वैखानसस्मार्त-सूत्रमा पत्नीलाइ पुत्रका संरक्षणमा छोडि परमात्मामा चित्त दिएर वानप्रस्थाश्रमवड सन्न्यासाश्रममा जानु भन्नि कुरा उल्लिखित छ (२।५।६) । ब्रह्मचर्य समाप्त गरेर गृहस्थ भै वानप्रस्थाश्रममा गाको व्यक्ति वैराग्य नभए पनि सन्न्या-साश्रममा जान हुञ्च भन्नि कुरा नारदपरिव्राजकोपनिषद्मा (५।६) र सन्न्यासोपनिषद्मा (२।२२) पाँइञ्च । यो कुरा "वनी भूत्वा प्रव्रजेत्" भन्नि जावालोपनिषद्को वाक्यको पनि अनुकूलै देखिञ्च । व्रति होस् वा अव्रति, स्नातक होस् वा अस्नातक, उत्सन्नाग्नि होस् वा अनग्नि जो सुकै व्यक्तिले पनि तीव्र वैराग्य भएमा सन्न्यास लिन हुञ्च भन्नि कुरा जावालोपनिषद्मा चतुर्थ खण्डमा पाँइञ्च । एस सम्व-न्धमा "चतुर्थस्त्वौपनिषदो धर्मस् साधारणस् स्मृतः" भन्नि शान्तिपर्वको वचन (२४४।१५, २७०।२९–३० चित्रशाला.) पनि मननीय देखिञ्च ।

सन्न्यासपद्धति

विद्वत्सन्न्यासका लागि कुनै पद्धतिको आवश्यकता बुजिदैन । विविदिषासन्न्यासको माद्ध्यन्दिनीय–वाजसनेयि-हरुका निमित्त अनुसरणीय कुनै पद्धति (प्रयोगग्रन्थ) प्रचारमा आएको एस ग्रन्थकारका दृष्टिमा परेको छैन । ठुलै विद्वान्मा गनिएका माञ्छेको पनि सन्न्यासमा शाखाव्यवस्था हुँदैन भन्नि भ्रम पाय्येको छ । तेसो हैन । स्वशाखामा विशेष–विधान भए तदनुसार् नै सन्न्यास लिनपर्छ । त्यो नभए सम्वद्ध-अरु-शाखाका-विधान-अनुसार् सन्न्यास लिनपर्छ । माद्ध्यन्दिनीय–

वाजसनेयिहरुको सन्न्यासपद्धति कातीयप्रसवोत्थानपरिशिष्टमा पाँइन्च ।

आत्मविचारमा सबै आश्रमिको अधिकार

यद्यपि निर्विघ्नतया परमात्माका विषयमा सुन्न, मनन गर्न र परमात्माको निदिद्ध्यासन (ध्यान) गर्न सन्न्यासिलाइ जत्तिको अवसर अरु आश्रमिलाइ मिल्न गारो पर्च; तथापि धर्म–सेवनका परिपाकले विवेक–वैराग्य–शमदमादि र मुक्तिको इच्छा उत्पन्न भएमा अरु आश्रमि पनि यथावसर् परमात्माका विषयमा सुन्न मनन गर्न र परमात्माको निदिद्ध्यासन गर्न सक्चन् र परमात्मज्ज्ञान पनि सबै आश्रमिलाइ हुन सक्च भन्नि नै शास्त्रको आशय देखिन्च (तदिदमप्येतर्हि य एववँ् वेदाऽहम् ब्रह्म्मास्म्मीति स इदं सर्व्वम् भवति । –का. बृहदारण्यकोपनिषद् १।४।१०; चतुर्थस्त्वौपनिषदो धर्मःसाधारणः स्मृतः । –शान्तिपर्व २४४।१५, २७०।२९–३० चित्त्रशाला-संस्करण) ।

गुरुको आवश्यकता र गुरुको योग्यता

स्वशाखावेदको राम्म्रि अद्ध्ययन गर्न पाऽका शुद्ध-कुलीन ब्राह्मण–क्षत्त्रिय–वैश्यहरुले स्वशाखाको आरण्यक (उपनिषद्)पनि गुरुमुखवड सुनेर अद्ध्ययन र अर्थज्ज्ञान समेत गरेकै हुन्च र तेसैमा आत्माका विषयमा पनि सुनेकै हुन्च । तेसैका आधारमा नै अरु गुरुकाँहाँ नगैकनै तिनिहरुले गृहस्थाश्रमादिका धर्मका सेवनले समेत विवेक-वैराग्यादिको उदय भएपछि आत्माको विशेष मनन र निदिद्ध्यासन गर्न र आत्मदर्शन गर्न पनि सक्ति कुरा देखिन्च । 'स्वाद्ध्यायाद्ध्ययन गर्दा उपनिषद् पडिँदैन, उपनिषद् पड्नेको कर्ममा अधिकार हुँदैन' भन्नि आशयको षड्दर्शन-व्याक्ख्यान-परायण वाचस्पति मिश्रको भनाइ (भामती ३।४।१२) सम्म्यक्स्वाद्ध्यायाद्ध्ययनवैधुर्यमूलक हुनाले र शाङ्करभगवत्पादका व्याक्ख्याको

(मुण्डको.१।१।४–५) प्रतिकूल हुनाले समेत अग्राह्य देखिञ्च। गृहस्थ आरुणिले नै स्वपुत्र श्वेतकेतुलाइ आत्मज्ञान गराको (छान्दोग्ग्योपनिषद्, षष्ठाद्ध्याय); काश्यश राजा अजातशत्त्रुले वालाकि गार्ग्यलाइ .(का. बृहदारण्ण्यक, द्वितीय अद्ध्याय) र पशुहिरण्ण्यार्थि गृहस्थ याज्ञवल्क्यले राजा जनकलाइ आत्मज्ञान दिएको (का. बृहदारण्ण्यक, चतुर्थअद्ध्याय) देखिञ्च। तसर्थ सन्न्यासि गुरुकाँऽ नगैकन स्वाद्ध्यायाद्ध्ययनका अवसरमा गरेकै अद्ध्ययनका आधारमा विशेष-मनन-निदिद्ध्यासनबड आत्मज्ञान प्राप्त गर्न सकिनि नै देखिञ्च। तथापि राम्म्रि स्वशाखावेद पड्न नसकेका वा नपाएका, वेदव्व्रत गरेर मत्त्रै वा गायत्त्रव्व्रत गरेर मत्त्रै वा त्यो पनि नगरि गायत्त्रीको अद्ध्ययन र गृहस्थधर्मको न्यूनतम अत्त्यावश्श्यक ज्ञान मत्त्रै गरेर समावृत्त भै गृहस्थाश्श्रममा पसेका द्विजातिहरुका लागि उपनिषद्को अद्ध्ययन गर्न वा आत्माको श्रवण–मनन–निदिद्ध्यासन गर्न गुरुको उपसदन गर्नि आवश्श्यकता पर्नि देखिञ्च। यो कुरा विभिन्न विद्द्याहरुका प्राप्तिका लागि, गृहस्थ भै सकेका भए पनि विद्द्याका अर्थिहरुले गुरूपसदन गर्नि र गुरुले यथोचित रूपमा उपनयन गरेर वा नगरिकनै पनि विद्द्याको उपदेश गर्नि कुरा शतपथ–ब्राह्मण-छान्दोग्ग्योपनिषदादि ग्रन्थहरुमा पाँइनाले पनि प्रष्ट हुञ्च। तसर्थ आवश्श्यकतानुसार् गृहस्थले पनि आत्मज्ञानका लागि उपनिषद् पड्न गुरुकाँ जान हुञ्च वा जानपर्च। विविदिषु–सन्न्यास लिएपछि आत्मज्ञानका लागि गुरुकाँ जान पर्नि कुरा कातीय प्रसवोत्थानपरिशिष्टवड पनि देखिञ्च। "तद् विज्ञानार्थं स गुरुमेवाभिगच्छेत्" (मुण्डको. १।२।१२-१३), "ते हैते ब्रह्मपरा ब्रह्मनिष्ठाः परम् ब्रह्मान्वेषमाणा एष वैतत् सर्वं वक्ष्यतीति ते ह समित्पाणयो भगवन्तम् पिप्पलादमुपसन्नाः" (प्रश्नो. १।१), "आचार्याद् धैव विद्द्या विदिता साधिष्ठं प्रापति" (छान्दोग्ग्यो. ४।९।३) इत्यादि

श्रुतिवाक्य पनि उक्त कुराका अनुकूल छन् । नारदपरिव्राजको-पनिषद्मा पनि यो विधान देखिञ्च (५।२०–२९) । आत्म-ज्ञानका लागि सन्न्यासि-गुरुकाँहाँ जानपनि कुरा सर्वज्ञात्म-मुनिले सूचित गरेका छन् (सङ्क्षेपशारीरक ३।२९५) । किन्तु सर्वज्ञात्ममुनिका उक्तिको मधुसूदनसरस्स्वतीले व्याक्ख्या गर्दा 'प्रायेण ब्रह्मनिष्ठत्त्व सन्न्यासिमा नै हुनि हुनाले सन्न्यासिले महावाक्क्योपदेश गर्नि कुरा गरिएको हो' भनि स्पष्टीकरण गरेकाले; गृहस्थ पनि ब्रह्मनिष्ठ हुन सक्नि हुनाले; अद्ध्यापन गृहस्थकै धर्म हुनाले; मनुस्मृतिमा (३।७८) पनि गृहस्थले नै सबै आश्श्रमिलाइ ज्ञान दिनि कुरा गरिएकाले; श्रुतिमा पनि गृहस्थ आरुणि–अजातशत्त्रु–याज्ञवल्क्यहरुले आत्मज्ञान दिएको कुरा देखिएकाले; "उपनिषद्हरुमा वाउले जेठा छोरा-लाइ ब्रह्मज्ञान दिन पनि भन्नि कुरा पाय्येकाले (मुण्डक. १। १।१, छा. ३।११।४, ५) "निषेकादिश्शमशानान्ता विधयो ब्राह्मणाश्रिताः । तस्माद् यतेस् तु संस्कारम् मन्त्रवित् कुरुते गृही" (यतिधर्मसङ्ग्रह, १३३ पृ.) इत्यादि वचनका विचारले र 'ब्रह्मचर्यमहिंसा च सत्त्यमस्तेयमार्जवम् । वेदान्तश्श्रवणन् ध्यानम् भिक्क्षोः कर्माणि नित्त्यशः" इत्यादि वचनमा प्रति-पादित प्रमुख भिक्क्षुगुणले गृहस्थ पनि युक्त हुन सक्नि हुँदा 'भिक्क्षुगुणसम्पन्न आचार्यकाँऽ गै भिक्क्षुधर्मदीक्क्षा लिनु' भन्नि गालववचन (यतिधर्मसङ्ग्रह २२ पृ.) पनि चरितार्थ हुन सक्नि देखिएकाले उपनिषद् पढ्न र आत्मज्ञान लिन पनि गृहस्थ आचार्यकाँऽ नै जान पनि जस्तो बुजिञ्च । एस विषयमा वेदवेदाङ्गाभियुक्त विद्द्वान्हरुले राम्ररि विचार गर्न उचित र आवश्श्यक देखिञ्च ।

गुरुबड बन्ध–बन्धहेतु–मोक्क्ष–मोक्क्षोपाय–प्रदर्शन

तेसरि गुरुका समीपमा गएका शिष्य्यलाइ गुरुले बन्ध, बन्धहेतु, मोक्क्ष र मोक्क्षोपाय देखाइ ब्रह्मात्मज्ञान दिनि कुरा उपनिषद्हरुमा देखाय्या छ । संसारको बन्धरूपता

"शात्तो वै सशरीरः प्रियाऽप्रियाभ्याम्" (छान्दोग्यो. ८।१२।१) इत्यादि उपनिषद्–वाक्यले देखाऽ छन्; वन्ध अज्ञानले गर्दा भाको हो भन्नि कुरा "आत्मानञ् चेद्विजानीयादयमस्म्मीति पूरुषः। किमिच्छन्न्कस्य कामाय शरीरमनुसञ्ज्वरेत्" (का. बृहदारण्यको. ४।४।१२) इत्यादि उपनिषद्वाक्यले देखाएका छन्; उक्त अज्ञानरूप वन्धनको निवृत्ति हुँदा हुनि ब्रह्मात्मस्स्वरूपाविभवि नै मोक्ष हो भन्नि कुरा "अशरीरं वाव सन्तं न प्रियाऽप्रिये स्पृशतः" (छान्दोग्यो. ८।१२।१) इत्यादि उपनिषद्वाक्यले देखाउँचन्; र ब्रह्मात्मज्ञान नै मोक्षको उपाय हो भन्नि कुरा "वेदाऽहमेतम् पुरुषम् महान्तमादित्यवर्ण्णन् तमसः परस्तात्। तमेव विदित्वाऽति मृत्युमेति नान्यः पन्था विद्द्यतेऽयनाय" (मा. वा. शु. य. वे. ३१।१८), "यस्मिन्त्सर्व्वाणि भूतान्यात्मैवाभूद्विजानतः। तत्र को मोहः कः शोक एकत्वमनुपश्श्यतः" (तीँ ४०।७), "एतद् यो वेद निहितं गुहायां सोऽविद्याग्रन्थिं विकिरतीह सोम्य" (मुण्डको. २।१।१०), "ब्रह्मविद् ब्रह्मैव भवति" (तीँ ३।२।९), "तरति शोकमात्मवित्" (छान्दोग्यो. ७।१।३), "ज्ञात्वा देवं मुच्यते सर्वपाशैः" (श्वेताश्श्वतरो. २।१५, ४।१६) इत्यादि औपनिषद वाक्यले देखाएका छन्।

आत्मज्ञानोपदेश-प्रक्रिया र श्रवण

(१) एस जगत्को जसवड सृष्टि हुञ्च, जसमा स्थिति हुञ्च र जसमा नै लय हुञ्च त्यो ब्रह्म हो, तद्व्यतिरिक्त केइ पनि छैन भनि सृष्टिप्रक्रियावर्णनपूर्वक ब्रह्मको अद्द्वितीयत्त्व सच्चिदानन्दरूपत्त्व बुजाइ तेइ ब्रह्म तिमि होउ् भन्न वा तिमि (आत्मा) नै ब्रह्म होउ् भनि कुनै प्रकारले भन्न गुरुले आरण्यक (उपनिषद्) पडाउनि र महावाक्यको उपदेश गर्नि व्यवस्था देखिञ्च। यजुर्वेदको महावाक्य भनि प्रसिद्ध "अहम् ब्रह्म्मास्मि" (मा. वा. शतपथ. १४।४।२।२१, २२; का. बृ. उ. १।४।१०) यो महावाक्य स्वानुभववाक्य भएकाले

गुरूपदेश्य महावाक्यका रूपमा एसलाइ लिन भन्दा "अयमात्मा ब्रह्म्म सर्व्वानुभूः" (मा. वा. शत. १४।५।५।१९; का. बृहदारण्यक. २।५।१९) एस वाक्यलाइ वा "विज्ञानमानन्दम् ब्रह्म्म" (मा. वा. शत. १४।६।९।३४; का. बृहदारण्यक. ३।९।२८) एस वाक्यलाइ वा "स वा एष महानज आत्माऽजरोऽमरोऽमृतोऽभयो ब्रह्म्म" (मा. वा. शत. १४।७।२।३१; का. बृहदारण्यक. ४।४।२५) एस वाक्यलाइ लिन समुचित देखिञ्च । एसरि सृष्टिप्रक्रिया देखाइकन आत्मज्ञान दिनि प्रक्रिया उपनिषद्हरुमा धेरै ठाँममा पाँइञ्च (कठो. २।३।१; मुण्डको. १।७–९, ३।१–१०; तैत्तिरीयो. २।१; ऐतरेयो. १।१–३।१४; छान्दोग्ग्यो. ६।२।१; का. बृहदारण्यको. १।४।१ इत्यादि) । वैदिक सृष्टिवर्णनको सृष्टिप्रकारमा तात्पर्य छैन, अद्द्वैत सच्चिदानन्दपरमात्माको प्रतिपादनमा मत्त्रै तात्पर्य छ भन्नि कुरा मा. वा. शतपथको (६।१।२।१) "यतमथाऽसृजत तथाऽसृजत प्रजापतिस्त्वेवेदं सर्व्वमसृजत यदिदङ किञ्च" भन्नि वाक्यले स्पष्ट गरेको छ ।

(२) जागरित–स्वप्न–सुषुप्ता-ऽवस्थामा अरु विषयको आगमन र अपगमन देखाइ तथा आत्माको आगमनको र अपगमनको अभाव बुजाइ नित्य–शुद्ध–बुद्ध–मुक्त–स्वभावको आत्माको उपदेश गर्नि प्रक्रिया पनि उपनिषद्हरुमा पाँइञ्च । यो प्रक्रिया पनि उपनिषद्हरुमा धैरै ठाँममा छ (कठो. २।१।४, २।२।८, प्रश्नो. ४।१–११, माण्डूक्क्यो. ३–१२, का. बृहदारण्यको. २।१।१५–२०, ४।३९ इत्यादि) ।

(३) जागरिताव्रस्थामा नै द्रष्टाको वस्तुतः सच्चिदानन्दरूपत्त्व देखाइ आत्मज्ञान गराउनि प्रक्रिया पनि उपनिषद्हरुमा पाँइञ्च (ईशावास्स्यो. ६, ७, ८; केनो. १।१, कठो. १।३।१, २।१।३; मुण्डको. २।२।१–२; प्रश्नो. ६।२, ऐतरेयो. ५।१–४, छान्दोग्ग्यो. ८।७।४; का. बृहदारण्यको. २।४।१-१४,३।५।१,४।२।२-४,४।३।२,४।५।१-१५ इत्यादि) ।

(४) जन्म–मरण–पुनर्जन्मादिको व्याक्ख्या गरेर पनि आत्माको वस्तुतः नित्य–शुद्ध–बुद्ध–मुक्त–स्वभावता देखाइ आत्मज्ञान गराउनि प्रक्रिया पनि उपनिषद्हरुमा पाँइञ्च (कठो. १।२०, ऐतरेयो.४।१–६, छान्दोग्यो. ६।८।६, का. बृह-दारण्यको. ४।३।८, ४।४।१–२५ इत्यादि) ।

(५) ईशावास्योपनिषद्मा (४, ५ कण्डिका) 'अने-जदेकम्' इत्यादि वाक्यले आत्माको वास्तविक स्वरूपको प्रतिपादन गरेर आत्मज्ञानोपदेशको एक आर्को प्रक्रिया पनि देखाय्या छ ।

(६) केनोपनिषद्मा (३।१, ४।७) 'ब्रह्म ह देवेभ्यो विजिग्ये' इत्यादि वाक्यले सम्पूर्ण शक्तिको स्रोतका रूपमा ब्रह्मको प्रतिपादन गरेर पनि आत्मज्ञानको उपदेश गर्नि प्रक्रिया अँगालिएको छ ।

(७) उपनिषद्हरुमा "अशब्दमस्पर्शम्" (कठो. १।३।१५), "नेह नानाऽस्ति किञ्चन" (कठो. २।१।११), "यत् तदद्रेश्यमग्राह्यम्" (मुण्डको. १।६), "यत्र नान्यत् पश्यति नान्यच्छृणोति" (छान्दोग्यो. ७।२४।१), "अथात आदेशो नेतिनेति नह्यस्मादिति नेत्यन्यत्परमस्ति" (का. बृहदा-रण्यको. २।३।६), "अस्थूलमनणु" (तीँ ३।८।८), "स एष नेति नेत्यात्माऽगृह्यो न हि गृह्यते" (तीँ ४।२।४) इत्यादि वाक्यहरुले प्रपञ्चनिषेधद्द्वारा आत्मस्स्वरूप बुजाइ आत्मज्ञानोपदेश गर्नि प्रक्रिया देखाय्येको बुजिञ्च ।

उपर्युक्त आत्मज्ञानोपदेशप्रक्रियाहरुको विवरण दिक्प्र-दर्शन मत्रै हो । एस्ता अरु प्रक्रिया पनि उपनिषद्हरुमा पाँइ-ञ्चन् । ब्रह्ममीमांसासूत्रमा ति सबै प्रक्रिया राम्ररि देखाय्या छैनन् । तथापि गुरुले शिष्यलाइ उपनिषद् पढाइ आफ्ना शाखाका उपनिषद्मा पाँइनि प्रक्रियाहरुद्वारा आत्मज्ञान दिन पर्नि देखिञ्च । सन्न्यासमा वा आत्मज्ञानमा स्वशाखाको

विचार हुँदैन भन्नि धारणा सङ्क्षेपशारीरककारादिका भनाइको (सङ्क्षेप. ३।२९५) प्रतिकूल हुनाले ग्राह्य देखिँदैन । परमहंसपरिव्राजकोपनिषद्मा पनि "ग्रामाच्छ्रोत्रियागारादग्निमाहृत्य स्वविध्युक्तक्रमेण पूर्ववदग्निमाजिघ्रेत्" (खण्डिका २) भनि सन्न्यासमा पनि स्वविधिको अर्थात् स्वशाखाविधिको आवश्यकता देखाय्येको पाँइञ्च ।

स्वशाखाका आरण्यक– (उपनिषद्–) को गुरुवड अद्ध्ययन र तात्पर्यज्ञान नै वास्तवमा श्रवण हो भन्नि देखिञ्च । पैलेइ मन्त्र–ब्राह्मणात्मक वेदको गुरुवड अद्ध्ययन गर्दा आरण्यक– (उपनिषद्–) का शब्दको मत्त्रै ग्रहण भएको, तात्पर्यको ग्रहण हुन नपाएको वा नसकेको भए आरण्यक– (उपनिषद्–) को गुरुवड पुनः अद्ध्ययन गरि तात्पर्य–ग्रहण समेत गरेपछि मत्त्रै वास्तविक श्रवण सम्पन्न हुनि देखिञ्च ।

औपनिषदात्मज्ञान–साधनापद्धति

उक्त प्रकारले उपनिषद्को शब्द र तात्पर्यको ग्रहण गरेपछि आत्मसाक्षात्कार गर्नका लागि गरिनि साधनालाइ कातीय प्रसवोत्थानपरिशिष्टमा "औपनिषदकर्म" भनिएको पाँइञ्च । एसवड तत्तच्छाखान्तर्गत औपनिषदकर्मकल्पसूत्रको आवश्यकता स्पष्ट हुञ्च । किन्तु तेस्ता ग्रन्थ ऐले देखिएका र सुनिएका छैनन् । चारै प्रमुख शाङ्करमठका वर्तमान मठाधीश 'शङ्कराचार्य'हरुलाइ उत्तर दिन रजिष्टरि खर्च समेत सलँ लग्न गरि पत्र लेखि जिज्ञासा गर्दा पनि तेस्ता ग्रन्थको सूचना पाँउन सकिया छैन । एस पक्षको ज्ञान ऐले वैदिक विद्द्वान्हरुमा र सन्न्यासिहरुमा पनि परिष्कृत र पर्याप्त रूपमा नभाको बुजिञ्च । एस विषयमा अवसर मिले राम्ग्रो अद्ध्ययन–मनन गरि निदर्शनका रूपमा एक उपयुक्त ग्रन्थको रचना गर्नि एस ग्रन्थकारको इच्छा छ ।

सन्न्यासिधर्म र मनन-निदिद्ध्यासन

समृद्ध, पुत्रवान्, शुद्धचित्त कतिपय गृहस्थहरु गृहस्थाश्रममै

रएर पनि आत्माको मनन र निदिद्ध्यासन गरि आत्मज्ञान गरेर मुक्त हुन सक्चन् तापनि असमृद्ध अपुत्र विधुरादि अशुद्धचित्त वहुसङ्ख्यक गृहस्थहरु तेसो गर्न असमर्थ हुनि हुँदा आत्माको श्रवण मनन र निदिद्ध्यासन गर्न वा श्रवण ब्रह्मचर्याश्रममै वा गृहस्थाश्रममै गरिसकेको भए पनि अनन्यमनस्क भै मनन गर्न र निदिद्ध्यासन गर्न तेस्ता गृहस्थले सन्न्यास लिन आवश्यक हुञ्च ।

तेसरि सन्न्यासाश्रममा पसेका सन्न्यासिले अरुले वाटामा फालेका सेता लुगा कपडा लिएर धोइ गेरुधातुले रँगाएर तुनि कन्था वनाएर विवर्ण गेरुआ कन्था र कौपीन लाउनपर्च; कमण्डलु–शिक्क्यधार्य–भिक्क्षापात्त्र–दण्डहरु मत्त्रै लिनपर्च; जटाधारण गर्नपर्च अथवा ऋतुमा वा अयनमा एकपल्ट मत्त्रै मुण्डन गर्नपर्च; दिनको भोजनवेलामा अनिन्द्य–अपतित ब्राह्मणादिका घरमा माटाका वा तुम्वाका वा काठका भाँडामा ओं हि, ओं हि भनि पक्क्वान्न (भात–सागहरु) भिक्क्षा मागेर औषध झैं परिमित र आँफ्नो पत्थ्य एक छाक मत्त्रै भोजन गर्नपर्च; अत्त्यावश्यक भए वेलुकाका छाकमा फलफुलसम्म खान हुञ्च; छोडेका घरमा वा देवालयमा वा रुखमुनि जाँ घाम अस्ताउँचन् तीँ वास वस्न पर्च; भैँमै सुत्नपर्च; गाममा एकरात र नगरमा पाँच रातसम्म वस्न हुञ्च; वर्षाकालमा चारमैनासम्म गाममा वा नगरमा एकै ठाँममा वस्न हुञ्च; अतिवृद्ध र रोगाएका सन्न्यासिहरु मठमा वस्न हुञ्च । सन्न्यासिले अद्ध्यात्मपुस्तकको त प्रतिग्रह गर्न हुञ्च भन्नि पुराणवचन पाँइञ्च । परमहंसले,तुरीयातीतले र अवधूतले शिष्ष्यलाइ महावाक्क्योपदेश गर्न हुञ्च भन्नि कुरा नारदपरिव्व्राजकोपनिषद्मा (७।८) देखिञ्च ।

सन्न्यासिले भोटो दौरा कमेज कुर्था इष्टकोट कोट इत्त्यादि लाउन हुँदैन; उनका वस्त्र, रेसमि वस्त्र, सेता वस्त्र, दोलैँ–सिरकहरु लाउन लिन ओड्न हुँदैन; धातुका भाँडाको

सङ्ग्रह गर्न हुँदैन । सन्न्यासिले एकजानाको मत्र्है अन्न खान; श्राद्ध, यज्ञ, आतिथ्य इत्यादिमा खानतिर लाग्न, दुइ छाक भोजन गर्न, घिउ, दुद, मश्र, तेल, माषका वारा, मासु, क्षार, पान खान हुँदैन; शरीरमा वोसो लाग्न दिन हुँदैन[1]; अतिवृद्ध–र–रोगाएका–वाएक अरु सन्न्यासिले मठमा वस्न हुँदैन; मेचमा वस्न र खाटमा सुत्न पनि हुँदैन; तेल घस्न, सुगन्धि अनुलेपन लाउन, कस्तूरी–रोचनाहरु लाउन, घर वनाउन, पर्खाल लाउन, आगो वाल्न, खानिकुरा आँफै पकाउन वा अरुलाइ पकाउन लाउन हुँदैन; वाह्यदेवपूजन गर्न, देवोत्सवदर्शन गर्न, स्वधा–स्वाहा–वषट्कार गर्न, सँदै तीर्थ घुम्न, उपवासपरायण हुन, नाना-शास्त्राद्ध्ययन-शील हुन, व्याक्ख्यानशील हुन, परधर्मको खण्डन गर्न, शिल्पकर्म गर्न, चिकित्सा गर्न, प्रायश्चित्त दिन पनि हुँदैन । सन्न्यासिले आँफ्ना नाम, गोत्र, चरण (शाखा), जन्मभूमि, काल, अद्ध्ययन, कुल, वय (उमेर), चरित्र, व्रत, शील इत्यादिको प्रचार गर्न गराउन हुँदैन । सन्न्यासिले स्त्री-सित वार्तालाप गर्न, अगि देखेकि स्त्रीलाइ सम्जन, स्त्रीको कुरा गर्न र चित्त्रमा लेखेकि स्त्रीलाइ हेर्न पनि हुँदैन; स्मरणादि आठ प्रकारका मैथुनमद्दे कुनै पनि मैथुन गर्न हुँदैन; प्रतिग्रह लिन, अरुलाइ दिलाउन र दान गर्न प्रेरणा गर्न पनि हुँदैन; सुन, चाँदि, तामो, अरु कुनै पनि धातु र शासक–मुद्द्राङ्कित

---

१. (क) मधुकरवृत्त्याऽऽहारमाहरन् कृशो भूत्वा मेदोवृद्धिमकुर्वन् आज्ज्यं रुधिरवत् त्यजेत् । –नारदपरिव्राजको. ७।१; (ख) यथा-लाभमश्नीयात् प्राणसन्धारणार्थयँ यथा मेदोवृद्धिर् न जायते।-सन्न्या-सो. १।१; (ग) मधुकरवृत्त्याऽऽहारमाहरन् कृशीभूत्वा मेदोवृद्धि-मकुर्वन् विहरेत् । –तीँ २।५६; (घ) माधुकरेणाऽन्नमश्नन् मेदो-वृद्धिमकुर्वन् कृशीभूत्वा...चरेत्।–परमहंसपरिव्राजको.; (ङ) न वै देवान् पीवरोऽसयँ यतात्मा रोरूयमाणः ककुदी समश्नुते । चलत्तुन्दी रभसः कामवादी कृशास इत्यणवस् तत्र यान्ति ॥ –बौधायन–धर्मसूत्र १।१०।३२; (च) "अनृतं हि कृत्वा मेद्दचति" –मा. वा. शत-पथब्राह्मण २।४।२।६ ।

द्रव्य सन्न्यासिले छुनै हुँदैन; सन्न्यासिले भूमि गाइ सुन लिएको त देख्निले पनि सचैल–स्नान गर्नपर्छ भन्नि वचन पाँइञ्च; सन्न्यासिले काम्म्यकर्म, हिंसायुक्तकर्म र लोकसङ्ग्रहार्थ कर्म पनि गर्न हुँदैन; लाभ लिन पूजा पाँउन र यश फैलाउन शिष्य्यहरुको सङ्ग्रह गर्न, कुनै पनि काम उठाउन, सभास्थलमा र माञ्छेका समूहमा जान, शासनकेन्द्रमा वस्न, र स्वाभिजन-स्वकुलनिवास-देशमा घुम्न पनि हुँदैन । सन्न्यासिका इ नियमहरु जावालोपनिषद्, नारदपरिव्राजकोपनिषद्, सन्न्यासोपनिषद् इत्यादिमा, स्मृतिहरुमा, पुराणहरुमा र यतिधर्म-सङ्ग्रहादिमा पाँइञ्चन् । उपाकुर्वाण ब्रह्मचारिले र गृहस्थले झेइँ वानप्रस्थले र सन्न्यासिले जीवनरक्क्षादिका लागि आपद्-धर्म वा युगधर्म भनेर व्यवहार गर्नु वानप्रस्थाश्रमको र सन्न्यासाश्रमको लक्क्ष्यको अनुकूल देखिँदैन; तसर्थ सन्न्यासिले इ नियमको पालना गर्नै पर्नि देखिञ्च ।

योगपट्ट पाएका सन्न्यासिले शिष्य्यलाइ दीक्क्षा दिन व्याक्ख्यान गर्न र योगपट्ट दिन हुञ्च भन्नि कुरा यतिधर्म-सङ्ग्रहमा सम्प्रदायविद्हरुको भनाइ भनि उल्लिखित देखिञ्च (१०२–१०३ पृ.); किन्तु एस विषयमा श्रुतिको वा धर्मसूत्रको वा स्मृतिको वा पुराणको वचन नदिय्येकाले यो विषय चिन्त्य देखिञ्च ।

सन्न्यासिले सन्न्यासिको मुक्ख्य धर्मका रूपमा इन्द्रिय-निग्ग्रह, मनोनिग्ग्रह गरि, निरारम्भ, क्षमाशील, एकाग्ग्रचित्त भएर आँफुमै आत्मदर्शन गर्नपर्छ; (का. बृहदारण्य्यक. ४।४।२३, ब्रह्ममीमांसासूत्र ३।४।२७); तेसका लागि आरण्य्यक–(उपनिषद्–) को वारवँ्वार अर्थानुसन्धानपूर्वक पाठ पनि गर्नपर्छ (आरुण्य्यु[ण्य्यु]पनिषत्); ब्रह्मचर्य,अहिंसा,सत्त्य, अस्तेय, आर्जव (सोजोपना), वेदान्तको (उपनिषद्को) श्रवण र ध्यान (आत्मनिदिद्ध्यासन) सन्न्यासिले नित्त्य गर्नपर्छ[1]; ननिदा-

१. ब्रह्मचर्यमहिंसा च सत्त्यमस्तेयमार्जवम् । वेदान्तश्रवणन् ध्यानम् भिक्क्षोः कर्माणि नित्त्यशः ।। –यतिधर्मसङ्ग्रह १४६ पृ. ।

इञ्जेल, नमोरिञ्जेल वेदान्तार्थ-चिन्तनले नै काल विताउनपर्छ, कामादिलाइ कत्तिपनि अवसर दिन हुँदैन[1]; जबसम्म म ब्रह्म हुम् भन्नि अनुभव दृढ हुँदैन तबसम्म आवश्यकतानुसार् श्रवण-मनन–निदिद्ध्यासनको अभ्यास गर्नपर्छ[2]; वाँच्न पाए हुन्थ्यो भन्न पनि हुँदैन, मोर्न पाए हुन्थ्यो भन्न पनि हुँदैन, जीवन-मरणमा उदासीन भै कालयापन गर्नपर्छ[3]; सन्न्यासि वहिर्दृष्टि हुन हुँदैन, उसले आँफुमै परमात्मदर्शन गर्नपर्छ[4]; सन्न्यासिले शौच, भिक्षा, ध्यान र एकान्तसेवन एति चार काम गर्नपर्छ अर्थात् गर्न हुँदैन[5]; सन्न्यासिले मनलाइ वृत्तिहीन बनाएर जीवात्माको र परमात्माको योग (अभेदकरण) गर्नपर्छ, एइ मुक्ख्य योग हो, एसैको अभ्यास गर्नपर्छ[6]; भिक्षापात्रका

---

१. दद्याद् नाऽवसरङ्ग किञ्चित् कामादीनाम् मनागपि । आमृत्तेरामृतेः कालन् नयेद् वेदान्तचिन्तया ।। –यतिधर्मसङ्ग्रह १५९ पृ. ।

२. अहम् ब्रह्मेति वाक्यार्थबोधो यावद् दृढो भवेत् । शमादिसहितस् तावदभ्यसेच् श्रवणादिकम् ।। –तौ, १५९ पृ ।

३. नाभिनन्देत मरणन् नाभिनन्देत जीवितम्।कालमेव प्रतीक्षेत निदेशम्-भृतको यथा । –मनुस्मृति ६।४५; शान्तिपर्व २४५।१५ ।

४. (क) बहिर् भ्रमति यः कश्चित् त्यक्त्वा देहस्थमीश्वरम् । स्वगृहे पायसन् त्यक्त्वा भिक्षामटति दुर्मतिः ।। –यतिधर्मसङ्ग्रह, ३१ पृ.; (ख) पाषाणलोहमणिमृन्मयविग्रहेषु पूजा पुनर्जननभोगकरी मुमुक्षोः। तस्माद् यतिः स्वहृदयार्चनमेव कुर्याद् बाह्यार्चनं परिहरेदपुनर्भवाय ।। –मैत्रेय्युपनिषद् २।२६; (ग) न बाह्यदेवार्चनं कुर्यात् । –नारद-परिव्राजकोपनिद् ७।१; सन्न्यासोपनिषद् १।५९; (घ) शिव-मात्मनि पश्यन्ति प्रतिमासु न योगिनः । अज्ञानाम् भावनार्थाय प्रतिमाः परिकल्पिताः ।। –जाबालदर्शनोपनिषद् ४।५९ ।

५. ध्यानं शौचन् तथा भिक्षा नित्यमेकान्तशीलता । भिक्षोश् चत्वारि कर्माणि पञ्चमन् नोपपद्यते ।। –दक्षस्मृति ७।३८ (लाभपूजा-निमित्तन् तु व्याक्ख्यानं शिष्यसङ्ग्रहः । एते चान्ये च बहवः प्रपञ्चाः कुतपस्विनाम् ।। –दक्षस्मृति ७।३७) ।

६. (क) वृत्तिहीनं मनः कृत्वा क्षेत्रज्ञन् परमात्मनि । एकीकृत्य

(क्रमशः)

रूपमा एउटा खवटो लिनु, रुखमुनि बस्नु, थोत्रा लुगाको चिथरो कन्था लाउनु, एकान्तशील हुनु, सबै प्राणिको उपेक्षा गर्नु सन्न्यासिको वा जीवन्मुक्तको लक्षण हो[1] ।।

मनन भनेको उपनिषद्को अद्ध्ययन र तात्पर्यज्ञान गरेर श्रवण सम्पन्न गरेपछि उपनिषत्तात्पर्यविषयको असम्भावना र विपरीतभावना हटाउन गरिनि चिन्तन हो । एस्तो मननबड सुनिश्चित ब्रह्मात्मज्ज्ञान भएपछि निरन्तर ब्रह्मात्मैक्यज्ज्ञान गर्नु नै निदिद्ध्यासन हो ।

श्रवण–मनन–निदिद्ध्यासन–बड विद्द्याधिगम, अघनिरास र मोक्ष

नैष्ठिक ब्रह्मचारिले वा गृहस्थले वा वानप्रस्थले वा सन्न्यासिले वा विधुरादिले आवश्यकतानुसार् वारवँ वार गरेका श्रवण–मनन-निदिद्ध्यासन-वड आत्मज्ज्ञानोदयका प्रतिवन्ध पनि नष्ट भएपछि विद्द्याधिगम (आत्मज्ज्ञान) हुञ्च, म ब्रह्म हुम् भन्नि अनुभव हुञ्च र आत्मज्ज्ञानि जीवन्मुक्त हुञ्च; अनि सञ्चित कर्मको विनाश, आगामि कर्मको असम्वन्ध, प्रारब्ध-कर्मको भोगले क्षय र देहपात भएपछि सञ्चित पुण्यको पनि असम्वन्ध हुञ्च र विदेहमुक्ति हुञ्च (छान्दोग्यो. ४।१४।३, ५।२४।३, ६।१४।२, मुण्डको. २।२।८; ब्र. मी. सू. ४।१।१३, १५, १९) । आत्मज्ज्ञानले नै मोक्ष हुञ्च अरु उपाय छैन भनि "तमेव विदित्वाऽति मृत्युमेति, नाऽन्यः पन्था विद्द्यतेऽयनाय" इत्यादि ब्रह्म– (वेद–) वाक्यले भनेका छन् । मोक्ष भनेको

विमुच्च्येत योगोऽयम् मुक्त्य उच्च्यते ।। ... सर्वभावविनिर्मुक्तङ क्षेत्रज्ज्ञम् ब्रह्मणि न्यसेत् । एतद् ज्ञानञ्च ध्यानञ्च शेषोऽन्यो ग्रन्थ-विस्तरः ।। –दक्षस्मृति ७।१५, २१; (ख) अभेदर्शनं ज्ञानं ध्यानं निर्विषयं मनः । स्नानं मनोमलत्यागः शौचमिन्द्रियनिग्रहः ।। –मैत्रेय्युपनिषद् २।२ ।

१. कपालवँ वृक्षमूलानि कुचैलमसहायता । उपेक्षा सर्वभूतानामेतावद् भिक्षुलक्षणम् ।। –शान्तिपर्व २४५।७ (मनु. ६।४४ द्र.) ।

आफ्नै वास्तविक स्वरूपको आविर्भाव मत्रै हो, अरु केइ हैन । यो स्वस्स्वरूप ब्रह्माऽभिन्न हो भन्नि कुरा "प्रज्ञानं ब्रह्म" (ऐतरेयो. ३।३) "स वा एष महानज आत्माऽजरोऽमरोऽमृतोऽभयो ब्रह्म्म" (का. बृहदारण्यक ४।४।२५), "तत् त्वमसि" (छान्दोग्यो. ६।८७) "अयमात्मा ब्रह्म" (माण्डूक्क्यो. २) "अहम् ब्रह्म्माऽस्मि" (का. बृहदारण्यक. १।४।१०) इत्यादि महावाक्क्यहरुले बताएका छन् । ब्रह्मात्मा अजर अमर अभय शुद्ध बुद्ध मुक्त निष्कल निष्क्रिय शान्त अनन्त र सच्चिदानन्द-रूप छ भन्नि कुरा पनि उपनिषद्का वाक्क्यहरुले बताएका छन्[1] र यो कुरा आत्मसाक्षिक हो परप्रत्ययज्ञेय हैन भन्नि कुरा महाभारतादिमा पनि भनिएको छ[2] । यो विषय एत्तिले मत्रै राम्ररि बुजिँदैन । यो सामान्य दिग्दर्शन मत्रै हो । यो कुरा राम्ररि बुज्न अरु व्याक्ख्या र सत्सङ्ग चाँइञ्चन् ।

---

१. (क) स वा एष महानज आत्माऽजरोऽमरोऽमृतोऽभयो ब्रह्म्म ।–का. बृ. उ. ४।४।२५; (ख) य आत्माऽपहतपाप्मा विजरो विमृत्युर्विशोको विजिघत्सोऽपिपासः सत्यकामः सत्यसङ्कल्पः । –छा० उ० ८।७।१; (ग) निष्कलं निष्क्रियं शान्तम् । –श्वेताश्वतरो ६।१९; सत्यं ज्ञानमनन्तं ब्रह्म । –तैत्तिरीयो. २।१; विज्ञानमानन्दं ब्रह्म्म । –का० बृ० उ० ३।९।२८ इत्यादि ।

२. (क) यदा संहरते कामान् कूर्मोऽङ्गानीव सर्वशः । तदात्मज्यॊतिरचिरात् स्वात्मन्येव प्रसीदति ।। –शान्तिपर्व २१।३; (ख) ज्योतिरात्मनि नान्यत्र सर्वजन्तुषु तत् समम् । स्वयञ्च शक्क्यते द्रष्टुं सुसमाहितचेतसा ।। –शान्तिपर्व ३२६।३२; (ग) रहस्यं सर्ववेदानामनैतिह्यमनागमम् । आत्मप्रत्ययिकं शास्त्रमिदम् पुत्रानुशासनम् ।। –शान्तिपर्व २४६।१३; (घ) अकृत्रिममसंहार्यम् प्राकृतन् निरुपस्कृतम् । अद्ध्यात्मं सुकृतम् प्राप्तस् सुखमव्ययमश्नुते ।–शान्ति. २५१।१६; (ङ) तद्द्योयो देवानाम् प्रत्यबुद्ध्यत स एव तदभवत् तथर्षीणान् तथा मनुष्याणान् तद्धैतत्पश्यन्नृषिर्व्वामदेवः प्रतिपेदेऽहम् मनुरभवं सूर्य्यश्चेति । तदिदमप्येतर्हि य एवंवेद अहम् ब्रह्म्मास्मीति स इदं सर्व्वम् भवति तस्य ह न देवाश्चनाऽभूत्या ईशते । –का० बृ० उ० १।४।१० ।

उपासना र क्रममुक्ति

आत्मज्ञानका लागि गुरुकाँहाँ गएका व्यक्तिलाइ गुरुले एस जन्ममा आत्मज्ञान गर्न नसक्नि देखि उपसनामार्गमा लाएमा वा श्रवणादिको अब्भ्यास राम्ब्ररि हुन नसकि आत्मज्ञानोदयका प्रतिवन्धहरु नहटेमा ब्रह्मात्मविद्द्यासाधक उपासना–मार्गमा लाग्च । यद्द्यपि निर्गुण ब्रह्मको पनि उपासना हुनसक्च भनि विद्द्यारण्यमुनिले लेखेका छन्, तथापि उपनिषद्हरुमा सगुण ब्रह्मकै उपासना वताय्येका छन् । उपनिषद्मा वताय्येका उपासना तिन प्रकारका छन्: (१) उद्गीथोपासनादि कर्मसमृद्धयर्थक उपासना; (२) नामब्रह्मोपासनादि अब्भ्युदयार्थक उपासना; (३) दहरोपासनादि क्रममुक्त्यर्थक उपासना । एस्ता उपासनाका प्रयोग वताउनि तत्–तच्शाखीय कल्पग्रन्थको आवश्श्यकताको अनुभव हुञ्च र ब्राह्मवासिष्ठादि विद्द्याकल्पग्रन्थको अप्पय्य दीक्षितले उल्लेख गरेका पनि छन्; तथापि तेस्ता ग्रन्थ ऐले खोद्दा बुद्दा पनि देख्न सुन्न पाय्या छैनन् । उपासनाका कतिपय सामान्य न्याय र सिद्धान्तहरु ब्रह्ममीमांसासूत्रका तेस्त्रा अद्द्यायका तेस्त्रा पाउमा र चतुर्थ अद्द्यायका पैला पाउमा प्रतिपादित छन् । क्रममुक्तिफलक दहरोपासनादिवड कार्यब्रह्मलोकमा पुगेकाहरुको तिहिँ ब्रह्मात्मज्ञान हुनि र हिरण्यगर्भका साथैमा ति पनि परब्रह्ममा मिल्नि कुरा ब्रह्ममीमांसासूत्रकारले र शङ्करभगवत्पादले वताएका छन् (४।३।१०–११) । यो कुरा श्रुतिवाक्यहरुको पनि अनुकूलै देखिञ्च (कठो.२।३।५; मुण्डको. ३।२।६; श्वेताश्श्वतरो. ३।८, ६।१५, मा. वा. शु. य. वे. ३१।१८, प्रश्नो. १।१०, ५।५, छान्दोग्यो. ४।१५।५, ८।६।६; ८।१५।१, का. बृहदारण्यको. ६।२।१५) ।

आद्द्य 'शङ्कराचार्य' र आधुनिक 'शङ्कराचार्य'हरु तथा 'महामण्डलेश्श्वर'हरु र 'स्वामि'हरु

शङ्कर–भगवत्पादले उपनिषद्–ब्रह्ममीमांसासूत्र–गीता-

हरुको व्याक्ख्या गरि जैन–बौद्धादि वेदविरोधि वा वर्णाश्रम-धर्मविरोधि दर्शनको खण्डन गरेर वैदिक दर्शनको र वर्णाश्रम-धर्मको रक्षामा ठुलो काम गरेको कुरा वैदिक–सनातन–वर्णाश्रम–धर्मानुयायिहरुमा प्रसिद्ध छ र उनिहरु शङ्करभगवत्-पादलाइ अत्त्यन्तै आदरको दृष्टिले हेर्चन् । उपनिषद्–ब्रह्ममीमांसासूत्र-गीताहरुका व्याक्ख्याताका रूपमा आद्य'शङ्करावार्य' परम वैदिक देखिञ्चन् । शङ्करलाइ श्रीविद्द्याका उपासक र तान्त्रिक–परम्पराविशेषका प्रवर्तक भनेर पनि कोइ भञ्चन् । कोइ शङ्कर परमवैदिक नै हुन्, लौकिक लाभ प्राप्त गर्नका लागि आँफ्ना समीपमा आँउनिहरुलाइ सरल सुकर उपायको उपदेश गर्न उनले तन्त्रको पनि आवश्श्यक अद्ध्ययन गरेका र तन्त्रोक्त उपाय वताइदिनि गरेका मत्त्रै हुन्; तन्त्र-मार्गमा उनको विशेष निष्ठा भएको हैन भनेर भञ्चन् । एस ग्रन्थकारका हृदयमा पनि शङ्करभगवत्पादको परमवैदिक विद्-द्वान्का रूपमा नै छाप परेको छ । शङ्करले भारतवर्षका चार कोणमा चार मठहरुको स्थापना गरेको भन्नि कुरा पनि प्रसिद्ध छ । ऐले पनि ति मठको अविच्छिन्न परम्परा छ भनिञ्च; तर कुनै मठको परम्परा विच्छिन्न भएको कुरा इतिहासवड बुजिञ्च र कुनै मठको परम्परा विचविचमा टुट्तै जोरिँदै गरेको कुरा ति मठहरुका विवरणहरुमा पाँइनि विसङ्गतिहरु-वड अनुमित हुञ्च । जे होस्, ऐले पनि द्वारका–शृङ्गेरि–पुरी–वदरिकाश्श्रममा प्रधान मानिएका चार 'शङ्कराचार्यमठ' र अरु पनि कतिपय विशिष्ट वा साधारण 'शङ्कराचार्यमठ'हरु छन् । ति मठहरुका मठाधीशहरु 'शङ्कराचार्य' भनिञ्चन् । तिनिहरु आँफुलाइ वर्णाश्थमधर्मका रक्षक प्रचारक र धर्माचार्य माञ्चन् र प्राय तदनुसार वोल्चन्; थोर–वउत काम गर्चन् पनि । इ मठका व्यवस्थाका विषयमा तिनिहरु शङ्करभगवत्-पादका कृतिहरुका रूपमा मठाम्म्नायस्तोत्र, मठाम्म्नायसेतु र महानुशासन भन्नि ग्रन्थहरु प्रस्तुत पनि गर्चन् । इ लघु-

ग्रन्थहरुमा भनिएका कुरा साधारणतया राम्ररी देखिञ्चन् । किन्तु तिनको शास्त्रसम्मतत्त्व भने चिन्त्य देखिञ्च । इ मठका मठाधीशहरु आँफुलाइ 'परमहंसपरिव्राजकाचार्य' भञ्चन् । अर्थात् इ आँफुलाइ वैदिक मार्गका उत्तम सन्न्यासि माञ्चन् । किन्तु मठाम्म्नायस्तोत्रादिमा वताय्येका शाङ्करमठाधीशका कामहरु सन्न्यासिका लागि उपयुक्त र शास्त्रसम्मत देखिँदैनन् । उक्त कामहरु बृहदारण्य्कोपनिषद्ले सूचित गरेका परिव्राजक-लक्षणका वा जावालोपनिषद्ले भनेका परमहंसलक्षणका अनुकूल छैनन् । एस सम्वन्धमा 'आद्यशङ्करकराचार्य'ले वाँदेको व्यवस्था पनि मन्त्र–ब्राह्मण–श्रौतसूत्र–गृह्यसूत्र–धर्म-सूत्र–प्रधानस्मृति–हरुसित वाजेमा वैदिक–सनातन–वर्णाश्रम–धर्मानुयायिहरुका लागि मान्य र अनुसरणीय हुन सक्तैन भन्नि कुरा स्मरणीय छ[1] । मन्त्र–ब्राह्मणादिको व्यवस्थासित नवाज्नि गरेर गरिएको एउडा सामान्य लौकिक व्यवस्थाका रूपमा लिन सकिनि गरि व्याक्ख्या गरिएमा र चलाय्येमा 'शङ्करको व्यवस्था' आदरणीय हुन पनि सक्च । तेसैले होला मठाम्म्नाय-सेतुका व्यवस्थामा शास्त्रसम्मति देखाउनि प्रसङ्गमा गोतम-धर्मसूत्रको "तानाचार्योपदेशो दण्डश्च पालयते, तस्माद् राजा-ऽऽचार्याविनिन्द्यौ" (२।२।३१–३२) भन्नि भनाइको उल्लेख पनि ४८ श्लोके मठाम्म्नायसेतुका चवालिसौँ श्लोकमा र महानुशा-सनका चौविसौँ श्लोकमा गरिया छ र त्याँहाँ मनुको र गौत-मको साहारा लिन खोजिया पनि पाँइञ्च; तथापि मनुस्मृतिको र गौतमधर्मसूत्रको आचार्य सन्न्यासि हैन भन्नि कुरा स्पष्ट

---

१. अयं वाव खल्वस्य प्रतिविधिर् भूतात्मनो यद् वेदविद्याधिगमः स्वधर्म-स्याऽनुचरणं स्वाश्रमेष्वेवानुक्रमणम् । स्वधर्मस्य वा एतद् वृतं स्तम्ब-शाखेवाऽपराणि । अनेनोर्ध्वभाग् भवत्यन्यथाऽवाङ् । इत्येष स्वधर्मो-ऽभिहितो यो वेदेषु । न स्वधर्मातिक्रमेणाऽऽश्रमी भवति । आश्रमेष्वेवा-ऽनवस्थस्तपस्वी वेत्युच्यत इत्येतदयुक्तम् । नाऽतपस्कस्याऽऽत्मज्ञाने-ऽधिगमः कर्मसिद्धिर्वा । –मैत्रायणीयोपनिषद् ४।३ ।

हुनाले उक्त कुरा उपपन्न देखिँदैन । तसर्थ मठाम्म्नायको व्यवस्थाको र 'शङ्कराचार्यमठ'परम्पराको वेदादिशास्त्रसम्मतत्त्वका विषयमा वैदिक विद्द्वान्हरुले र वर्तमान मठाधीश 'शङ्कराचार्य'हरुले विचार गर्नु र त्यो शास्त्रसम्मत नभए तेस्ता अशास्त्रीय व्यवस्थावड वास्तवमा वैदिक–सनातन–वर्णाश्रम–धर्मको रक्षा हुन नसक्नि हुनाले तेसमा संशोधन र पुनर्व्यवस्थापन गर्नतिर उचित प्रयास गर्नु नितान्त आवश्यक देखिञ्च। प्रमुख शाङ्कर-मठका वर्तमान मठाधीश 'शङ्कराचार्य'हरु पनि महानुशासनको "केवलन् धर्ममुद्दिश्य विभवो वाह्यचेतसाम् । विहितश् चोपकाराय पद्मपत्त्रनयवँ व्रजेत्" इत्यादि भनाइलाइ विर्सेर ढोङि विरुदावलिमा र व्यवहारमा आसक्त हुन तिर, पण्डित–विद्द्वान्हरुको र शास्त्र–धर्म–दर्शन–चर्चाको भन्दा धनिमानि भक्तहरुको र व्यवहारचर्चाको वर्ता चासो लिन तिर, धर्मवृद्धिका निमित्त शास्त्रीय चेष्टा गर्नतिर भन्दा आँफ्नु मठको लौकिक सम्मानको र प्रचारको वृद्धिका लागि प्रपञ्च चेष्टा गर्न पट्टि वर्ता सलँ लग्न हुन तिर, वेदाद्ध्ययनाद्ध्यापनादि–परम्पराको रक्षा गर्नतिर भन्दा मन्दिरनिर्माण-मूर्तिपूजन-परम्पराको रक्षा गर्न वर्ता ध्यान दिन तिर र भारतवर्षको अन्धकार–युगका सामन्त राजारजौटाका व्यवहारलाइ सम्जाउनि खालका अदूरदर्शितापूर्ण व्यवहार र आचार्यपीठाभिषेकादि ढोङि कर्म गर्न तिर लागेका देखिञ्चन् । एस्ता वोक्के प्रवृत्तिवड वैदिक परम्पराको संरक्षण र वैदिक धर्मको अभिवृद्धि हुन नसक्नि हुनाले एस्ता प्रवृत्तिमा संशोधन ल्याउन पनि महानुशासनकै "शुचिर् जितेन्द्रियो वेद-वेदाङ्गादि-विशारदः । योऽभिज्ञस् सर्वशास्त्राणां स मदास्थानमाप्नुयात् ।। उक्तलक्षणसम्पन्नः स्याच् चेद् मत्पीठभाग् भवेत् । अन्यथा रूढपीठोऽपि निग्रहार्हो मनीषिणाम्" भन्नि भनाइअन्सार् नै पनि मनीषिहरुले प्रयास गर्न आवश्यक र उचित देखिञ्च । आधुनिक 'शङ्कराचार्य'हरुका जस्तै प्रवृत्तिहरु 'महामण्डलेश्वर'हरुमा र अरविन्दाश्रम–

विवेकानन्दाश्रम–रामकृष्णाश्रमाऽऽदिका 'स्वामि'हरुमा पनि देखिञ्च । कुनै 'महामण्डलेश्वर'हरु र 'स्वामि'हरु स्वदेशि–विदेशि धनि–बलिहरुका उपकरण, तिनैका मनोविनोदका साधन र तिनैका स्तुतिपाठक समेत भाका पनि देखिञ्चन्–सुनिञ्चन् । एस्ता कुरामा पनि विवेकशील वैदिक–सनातन–वर्णाश्रमधर्मानुयायिहरुको ध्यान जानु र समाजका एस्ता विकृतिको निराकरणका लागि उचित प्रयास हुनु राम्रो देखिञ्च । एस सम्बन्धमा कुमारस्स्वामि– (कुमारिलभट्ट–) को "स्वधर्मातिक्रमेण च येन क्षत्त्रियेण सता प्रवक्तृत्त्व–प्रतिग्रहौ प्रतिपन्नौ स धर्ममविप्लुतमुपदेक्ष्यतीति कः समाश्वासः । उक्तञ् च– 'परलोकविरुद्धानि कुर्वाणन् दूरतस् त्यजेत् । आत्मानयँ् योऽतिसन्धत्ते सोऽन्यस्मै स्यात् कथं हितः' इति" भन्नि भनाइको स्मरण हुञ्च । एस उक्तिमा 'क्षत्त्रियेण'–का ठाँममा 'सन्न्यासिना' पद राखेर वाक्य बनाइ तेसका अर्थको मनन गर्नु उचित देखिञ्च ।।

वर्णधर्मको सार

वैदिक धर्ममा अनादि–परम्परा–सिद्ध र आनुवंशिक रूपमा जन्मले नै ब्राह्मण–क्षत्त्रिय–वैश्य–शूद्र–वर्णको विभाग मानिएको छ । यो कुरा वेदमा स्पष्ट छ (ऋग्वेद १०।९०।१२; मा. वा. शु. यजुर्वेद ३१।१२; आत्त्रेयतैत्तिरीयसंहिता ७।१।४–६) । वंशपरम्परा नै वर्ण–विभागको मूल आधार मानिए पनि ब्राह्मणत्त्वादिका अनुकूल संस्कार–गुण–कर्महरु पनि ब्राह्मणत्त्वादिका घटक मानिएका छन् । यो कुरा मनुस्मृतिका भनाइले (१०।५), आङ्गिरसस्मृतिको "जन्म–शारीर–विद्याभिराचारेण श्रुतेन च । धर्मेण च यथोक्तेन ब्राह्मणत्त्वमँ् विधीयते" (२।४।९) भन्नि वचनले, पराशरस्मृतिको "चित्त्रकर्म यथाऽनेकै रङ्गैरुन्मील्यते शनैः । ब्राह्मण्यमपि तद्वद् धि संस्कारैर् मन्त्रपूर्वकैः" (८।१९) भन्नि वचनले, गीतोक्त गुण–कर्मविभागले (१८।४–४४) र पाणिनीय-व्याकरण-भाष्यकारका

'ब्राह्मणादिशब्द गुणसमुदायवाचक हुन्' भन्नि भनाइले (५।४।१५) स्पष्ट गरेको छ । जाति–संस्कार–गुण–अन्सार् कर्मको विभाग पनि त्याहाँ पाँइञ्च; तर त्यो एग–दुइ मूल कुरालाइ छोडेर अरु प्रायिक मत्त्रै हो भन्नि कुरा मा. वा. शु. यजुर्वेदका (३०।२२) अयोगू, सूत, शैलूष, कर्मार, मणिकार, इषुकार, मृगयु, भिषक्, वासःपल्पूल, रजक, चर्मम्न, हिरण्यकार, वाणिज, गोव्यच्छ, गोघात, वीणावाद, तूणवध्म इत्यादि शिल्पसम्वन्धि व्यक्तिहरु ब्राह्म्मण–क्षत्रिय–वैश्य–शूद्र जुन-सुकै वर्णका पनि हुन सक्नि भन्नि उल्लेखवडै स्पष्ट रूपमा बुजिञ्च । परिस्थितिवश ब्राह्म्मण पनि शस्त्रधारण वा कृषि–वाणिज्य–पशुपालनादि गर्न सक्च, शुद्ध शास्त्रीय क्षत्रिय वैश्यहरु पनि वेदाद्ध्यापन गर्न पनि सक्चन्, वेदवेदाङ्गादि-वाएक अरु शिल्पशास्त्रादि शूद्र पनि पड्न पडाउन सक्चन् (शूद्राश्च शास्त्रविद्वांसः । –मैत्रायणीयोपनिषद् ७।८) र कृषि–पाशुपाल्य–वाणिज्य–शिल्पकर्महरु गर्न सक्चन् भन्नि कुरा शास्त्रमा मान्य नै छन् । वैदिकधर्मको फल ऐहिक प्रतिष्ठा, स्वर्ग र आत्मदर्शन पनि पाकयज्ञ, पूर्तकर्म, दत्तकर्म र पुराणश्रवणादिले शूद्रलाइ पनि प्राप्त हुन सक्नि नै मानिएको छ र बुडापाका सुशील धर्मज्ञ शूद्रहरु पनि आदरणीयै हुञ्चन्[1] । वर्णवर्णका गुण–र–प्रवृत्तिहरुको राम्ररि विकास

---

१. (क) धर्मेप्सवस्तु धर्मज्ञास् सतावँ् वृत्तमनुष्ठिताः । मन्त्रवर्जन् न दुष्यन्ति प्रशंसाम् प्राप्नुवन्ति च ।। यथायथा हि सद्वृत्तमातिष्ठत्यनसूयकः । तथातथेमञ् चाऽमुञ्च लोकम् प्राप्नोत्यनिन्दितः ।। –मनु. १०।१२७, १२८; (ख) कषायवर्जितञ् ज्ञानयँ् येषामुत्पद्यतेऽचलम् । यान्ति तेऽपि परालँ् लोकान् विमुच्चयन्ते यथाबलम् । –शान्तिपर्व २१७।३१–३२; (ग) कर्मभिश् शुचिभिर् देवि शुद्धात्मा विजितेन्द्रियः । शूद्रोऽपि द्विजवत् सेव्य इति ब्रह्माऽब्रवीत् स्वयम् । –अनुशासनपर्व १४३।४८; (घ) यथायथा हि सद्वृत्तमालम्बन्तोतरे जनाः । तथातथा सुखम् प्राप्य प्रेत्य चेह च मोदते ।। –शान्ति. २९६।३०; (ङ) जात्या च कर्मणा चैव दुष्टङः कर्म न सेवते ।

(क्रमशः)

गरेर तिनको सुव्यवस्थित प्रयोग गरि वैदिक राष्ट्रको अभ्युदय गर्नि र राष्ट्रका समृद्धिवड प्रत्येक व्यक्तिलाइ आत्मदर्शनको मार्ग र अवसर सुलभ गराउनि व्यवस्था वर्णधर्मका रूपमा वैदिकधर्ममा भएको देखिञ्च । ब्राह्मणले वेदविद्द्यारक्षा, विद्द्यावृद्धि र धर्मनिर्णय गर्नि र अरुले श्रद्धाले जे जति दिञ्चन् र धर्म्यवृत्तिले जे जति मिल्च तेसैले जीविका चलाएर यथासम्भव स्वधर्मसेवन गर्नि; क्षत्रियले राष्ट्ररक्षा तथा धर्मरक्षा गर्नि र अरुवड समुचित जीविका प्राप्त गर्नि; वैश्श्य–शूद्रहरुले उपभोग्य वस्तुहरुको उत्पादन गरि सबैको भरण–पोषण गर्नि र मश्र काड्निले हात चाटे झेइँ केइ वर्ता उपभोग गर्नि न्याय्य रूपको व्यवस्था वैदिक धर्ममा भएको देखिञ्च । एसरि वर्ण-धर्ममा वर्णजाति–स्वभावानुकूल रूपमा सामाजिक न्याय पनि स्थापित भएकै देखिञ्च । जसरि ऐले दक्षिण अफ्रिकामा भैराको गोराले कालालाइ दवाउनि र शोषण गर्नि काम वैदिक धर्मले गराको हैन; तेसरि नै भारतवर्षका अन्धकार-युगमा चलेभएका सामाजिक-न्यायरहित विभिन्न व्यवस्था र कामहरु वैदिक धर्मले गराका हैनन्, विभिन्न परिस्थितिले र मानव-हृदयस्थ आसुर भावले गराका हुन् भन्नि कुरामा पनि ध्यान दिनु आवश्श्यक देखिञ्च । वर्तमान समयमा भूमण्डलका विभिन्न देशहरुमा, हाम्रै देशमा र समाजमा सामाजिक-न्यायविरुद्ध र मानवताविरुद्ध जे जति शोषण र थिचोमिचो भैराको देखिञ्च सुनिञ्च त्यो सबै वैदिकधर्मले नै 'गराको हो त? अवश्श्य हैन। तसर्थ एस विषयमा विवेकपूर्ण दृष्टि आवश्श्यक देखिञ्च । एस विषयमा 'वैदिकधर्ममा वर्णधर्म' भन्नि एसै

जात्या दुष्टश् च यः पापन् न करोति स पूरुषः ।। –तौँ २९६।३३; (च) अपारे यो भवेत् पारमप्लवे यः प्लवो भवेत् । शूद्द्रो वा यदि वाऽप्यन्यस् सर्वथा मानमर्हति । –तौँ ७८।३८; (छ) मानार्हश् शूद्द्रोऽपि दशमीङ् गतः । –मनु. २।१३७; (ज) ज्यायांसमपि शीलेन विहीनन् नैव पूजयेत् । अपि शूद्द्रञ्च धर्मज्ञं सद्वृत्तमभिपूजयेत् ।। –सुभाषितरत्नभाण्डागार ।

ग्रन्थकारका लेखमा अरु केइ थप कुराहरु पाँइञ्चन् (विश्वात्म-दर्शन १।११; २०२९, काठमाण्डु) ।

आश्रमधर्मको सार

वैदिकधर्ममा आत्मदर्शनलाइ नै परमधर्म मानिएको छ (ऋग्वेद १०।९०।१६, मा. वा. शु. यजुर्वेद ३१।१६, गीता ४।२५, भागवत २।६।२२–२७; याज्ञवल्क्यस्मृति १।८)तापनि वर्णाश्रमधर्मादिरूप साधन–धर्मको र आत्मदर्शनरूप साद्ध्य-धर्मको सन्तुलनमा सतत दृष्टि दिनु वैदिक धर्मको विशेषता हो । तेसैले यो एकान्तिधर्मभन्दा, जैनधर्मभन्दा र बौद्धधर्म-भन्दा विलक्षण छ । यो कुरा वैदिकधर्ममा अविभाज्य रूपमा रएको वर्णधर्मव्यवस्थावड र आश्रमधर्मव्यवस्थावड स्पष्ट हुञ्च । हुन त मनुष्यका–शक्ति–र–प्रवृत्ति–अन्सार् आश्रम-हरुको विकल्पको र वाधको पनि व्यवस्था वैदिक धर्ममा छ, तथापि आश्रमसमुच्चयव्यवस्था साधारणतया प्रमुख देखाऽपर्च । ब्रह्मचर्याश्रममा वसि जीवनलाइ ऐहलौकिक पारलौकिक र पारमार्थिक दृष्टिले सफल वनाउन आवश्यक प्रवृत्ति (वानि) वसाल्नि, ज्ञान र सिप प्राप्त गर्नि र ज्ञानविज्ञान वडाउनि पद्धति जान्नि काम गरि; गृहस्थाश्रममा वसेर यथाधिकार वेदाद्ध्ययनाद्ध्यापनादि गरि विद्याको परम्परा धानि ऋषि-ऋण तिर्नि, विवाहपूर्वक सन्तानोत्पादन–भरणपोषण–शिक्षणादि गरि कुलपरम्परादि धानि पितृऋण तिर्नि, यथाशक्ति यज्ञ-यागादि गरि परमधर्मपरम्परा धानेर देवऋण तिर्नि, राष्ट्ररक्षा गर्नि र उपभोग्यवस्तुहरुको उत्पादन गरेर राष्ट्रको भरणपोषण गर्नि, परापरविद्याको साधना गर्नि ब्रह्मचारिलाइ तथा पर-विद्याको साधना गर्नि परिव्राजकलाइ ज्ञानले र अन्नले धान्नि, प्राज्ञ–द्विजसत्कार अतिथिसत्कार अभ्यागतसत्कार गर्नि र यथाशक्ति पूर्तकर्महरु पनि गर्नि गरि मनुष्यहरुवड आँफुले पाऽको रक्षा–र–सुविधा–रूपि मनुष्यऋण पनि तिर्नि गरिकन जायैषणा पुत्रैषणा वित्तैषणादि व्यक्तिगत एषणा

(इच्छा–) हरुको उपशमन पनि गरि; वानप्रस्थाश्रममा वसि शरीरादि–संसारको राग हटाइ आँफुलाइ आत्मदर्शनका लागि सर्वथा योग्य वनाइकन सन्न्यासाश्रममा वसि आत्मविद्याद्वारा साधना गरेर मोक्ष प्राप्त गर्नु आश्रम–व्यवस्थाको मूल लक्ष्य हो। गृहस्थाश्रममै वसेर पनि आत्मज्ञान गर्न सक्ने उच्चकोटिका गृहस्थले वानप्रस्थाश्रम र सन्न्यासाश्रम नलिए पनि हुञ्च। गृहस्थाश्रमधर्मको पालन गर्न नसक्निले गृहस्थाश्रममा न पसि-कन यथाधिकार ब्रह्मचर्याश्रम वा वानप्रस्थाश्रम वा सन्न्या-साश्रम लिए पनि हुञ्च। इ कुरा महाभारतका तल उद्धृत उक्तिहरुवड पनि स्पष्ट हुञ्चन्– "ब्रह्मचारी गृहस्थश्च वान-प्रस्थोऽथ भिक्षुकः। यथोक्तचारिणस् सर्वे गच्छन्ति परमाङ्ग गतिम्॥ एको वाऽप्याश्रमानेतान् योऽनुतिष्ठेद् यथाविधि। अकामद्वेषसंयुक्तस् स परत्त्र विधीयते॥ चतुष्पदी हि निश्श्रेणी ब्रह्मण्येषा प्रतिष्ठिता। एतामारुह्य निश्श्रेणीम् ब्रह्मलोके महीयते" (शान्तिपर्व २४२।१३–१५); "व्यस्तमेकञ्-चतुर्धा हि ब्राह्मणा आश्रमवँ् विदुः। तं सन्तो विधिवत् प्राप्य गच्छन्ति परमाङ्ग गतिम्" (तीँ. २७०।२२, २३); "पृथगाश्रमिणाङ्ग कर्म्माण्येकार्थानीति नः श्रुतम्। गच्छत्येव परित्यागी वानप्रस्थश्च गच्छति। गृहस्थो ब्रह्मचारी च उभौ तावपि गच्छतः। देवयाना हि पन्थानश् चत्त्वारश् शाश्वता मताः" (तीँ. २६८।१२–१४)। एस विषयमा अरु केइ कुरा एसै ग्रन्थकारका 'वैदिक धर्ममा आश्रमधर्म' भन्नि लेखमा (गोर्खापत्र २०३०।६।२७।७) पाँइञ्चन्।

वैदिक धर्मको सार

वैदिक धर्ममा आत्मदर्शन मुक्ख्य धर्म हो (याज्ञ-वल्क्य. १।८)। आत्मदर्शनका शौच-स्नान–यज्ञ-दानादि वहि-रङ्ग–साधनरूप धर्महरु; अकाम अक्क्रोध अलोभ अमत्सर अप्रमाद अनसूया अस्पृहा इत्यादि–रूप मनोनिग्रह, अस्तेय अहिंसा ब्रह्मचर्य इत्यादिरूप इन्द्रियनिग्रह, श्रद्धा अद्ध्ययन

विचार विवेक निदिद्ध्यासन इत्यादि आत्मदर्शनका अन्तरङ्ग-साधन–रूप धर्महरु; उपर्युक्त साद्ध्य–धर्म–र–साधनधर्मको आचरणमा सहायक वर्णधर्म भनि प्रसिद्ध वेदाद्ध्ययनादि वर्णवर्णका कर्महरु; आश्रमधर्म भनि प्रसिद्ध अद्ध्ययना–ऽग्निपरिचरण–गुरुशुश्रूषण–विवाह–प्रजनन–यजनादि आश्रम-आश्रमका कर्महरु; राजधर्म वा राष्ट्रधर्म भनिनि वर्णा-ऽऽश्रमि-विधुरा-ऽन्तरालज-वाह्य-गण-श्रेणि-पूगादि-व्यवहार-व्यवस्थापनरूप कर्महरु पनि वैदिक परम्परामा धर्म भनिञ्चन् । इ र एस्तै प्रकारका अरु पनि सबै वेदप्रतिपादित धर्मको समष्टि नै पूर्ण-रूप वैदिक धर्म हो; कुनै एक पक्ष मत्रै पूर्णरूप वैदिक धर्म हैन; एकाङ्ग वैदिक धर्म हो । यो वैदिक धर्मको परम लक्ष्य लोककल्याणसाधन नै हो । भनिएको पनि छ– "धर्मशास्त्राणि वेदाश्च षडङ्गानि नराधिप । श्रेयसोऽर्थे विधीयन्ते नरस्या-ऽक्लिष्टकारिणः (शान्तिपर्व २९७।४०); "एतत् सर्वं समा-लोच्च्य बुधानामेष निश्चयः । अद्द्रोहेणैव भूतानायँ यो धर्मस् स सताम् मतः" (तीँ २१।१०–११) ।

धर्मका उपर्युक्त विभिन्न श्रेणिलाइ लिएर तलका उक्तिहरु चरितार्थ हुञ्चन्–

(क) यज्ञेन यज्ञमयजन्त देवास्तानि धर्म्माणि प्रथ-मान्यासन् (मा. वा. शु. यजुर्वेद ३१।१६); ज्ञानेनैवापरे विप्रा यजन्त्येतैर्मखैःसदा । ज्ञानमूलाङ क्रियामेषाम्पश्यन्तो ज्ञानचक्षुषा (मनु. ४।२४); ब्रह्म्माग्नावपरे यज्ञयँ यज्ञेनैवोपजुह्वति (गीता ४।२५); इति सम्भृतसम्भारः पुरुषाऽवयवैरहम् । तमेव पुरुषयँ यज्ञन् तेनैवाऽयजमीश्वरम् (भागवत २।६।२७); इज्याचारदमाहिंसादानस्स्वाद्ध्यायकर्मणाम्। अयन्तु परमो धर्मो यद् योगेना-ऽऽत्मदर्शनम् (याज्ञवल्क्यस्मृति १।८) ।

(ख) धर्मो विश्वस्य जगतः प्रतिष्ठा,लोके धर्मिष्ठं प्रजा उपसर्पन्ति, धर्मे सर्वं प्रतिष्ठितम् (महानारायणोपनिषद् २२।१); त्रयो धर्मस्कन्धा यज्ञोऽध्ययनं दानमिति प्रथमस् तप एव द्वितीयो

ब्रह्मचार्याचार्यकुलवासी तृतीयोऽत्यन्तमात्मानमाचार्यकुलेऽवसादयन्, सर्व एते पुण्यलोका भवन्ति, ब्रह्मसंस्थोऽमृतत्वमेति (छान्दोग्योपनिषद् २।२३।१)।

(ग) मनसश् चेन्द्रियाणाञ्चाऽप्यैकाग्र्यम् परमन् तपः। तज् ज्यायः सर्वधर्मेभ्यस् स धर्मः पर उच्च्यते (शान्तिपर्व २५०।४); दानं स्वधर्मो नियमो यमश् च श्रुतञ् च कर्माणि च सद्व्रतानि। सर्वे मनोनिग्रहलक्षणान्ताः परो हि योगो मनसस् समाधिः (भागवत ११।२३।४६)।

(घ) लोकयात्त्रार्थमेवेह धर्मप्प्रवचनङ् कृतम्। अहिंसाऽसाधुहिंसेति श्रेयान् धर्मपरिग्रहः (शान्तिपर्व १५।४९); प्रभवार्थाय भूतानान् धर्मप्प्रवचनङ् कृतम्। यस् स्यात् प्रभवसयँ युक्तस् स धर्म इति निश्चयः।। धारणाद् धर्ममित्याहुर् धर्मेण विधृताः प्रजाः। यस् स्याद् धारणसयँ युक्तस् स धर्म इति निश्चयः (शान्ति.१०९।१०–११); अपि ह्युक्तानि धर्म्याणि व्यवस्स्यन्त्युत्तरावरे। लोकयात्त्रार्थमेवेह धर्मस्स्य नियमः कृतः (शान्ति. २५९।४); अति धर्माद् वलम् मन्ये वलाद् धर्मः प्रवर्तते। वले प्रतिष्ठितो धर्मो धरण्यामिव जङ्गमम्।। धूमा वायोरिव वशे वलन् धर्मोऽनुवर्तते। अनीश्वरो वले धर्मो द्रुमे वल्लीव संश्रिता।। वशे वलवतान् धर्मस् सुखम् भोगवतामिव। नास्त्यसाद्ध्यम् वलवतां सर्वम् वलवतां शुचि।। (शान्ति. १३४।८); "वलं सत्त्यादोजीयः" (मा. वा. शत. १४।८।१५।६); वलवांश् च यथा धर्मलँ लोके पश्श्यति पूरुषःस धर्मो धर्मवेलायाम् भवत्त्यभिहतः परः (सभापर्व ६९।१५०); न हर्तव्यम् परधनमिति धर्मस् सनातनः। मन्यन्ते वलवन्तस् तन् दुर्वलैस् सम्प्रवर्तितम्।। यदा नियतिदौर्वल्यमथैषामेव रोचते। नह्यत्त्यन्तम् वलवन्तो भवन्ति सुखिनोऽपि वा (शान्ति. २५९।१२–१४)।।

परिशिष्ट

स्त्रीधर्म

ब्रह्मवादिनी भै विवाहतिर नलागि मोक्षधर्ममा लाग्नि स्त्रीहरु आत्मज्ञान गरेर मुक्त हुन सक्ने कुरा महाभारतको सुलभाको आक्ख्यानबड (शान्तिपर्व ३२० अद्ध्याय) र का. बृहदारण्यकोपनिषद्मा उल्लिखित (३।६।१, ३।८।१) गार्गीको उदाहरणबडसमेत देखिन्छ। **'असंस्कृताया: कन्न्याया: कुतो लोकास् तवाऽनघे'** इत्यादि वचन–(पराशरमाधवीय आचारकाण्ड, पृ. ४८४) बड अरु सामान्य स्वर्गलोकादिको प्राप्तिको लागि कर्म गर्ने अधिकार अविवाहिता स्त्रीको नहुने मानेमा पनि मोक्षका लागि साधना गर्न बुडिकन्न्याहरुले पनि सक्ने कुरा शास्त्रसम्मतै बुजिन्छ।

विवाहिता सधवा स्त्रीको मुक्ख्य धर्म गृहस्थ–धर्मका पालनमा पतिसित सहभागिनी हुनु हो। एस कुरालाइ आपस्तम्ब-धर्मसूत्रमा **"जायापत्न्योर् न विभागो विद्यते, पाणिग्रहणाद् धि सहत्त्वङ: कर्मसु, तथा पुण्यफलेषु द्रव्ययपरिग्रहेषु च"** (२।६।१३।१६–१८) भनि प्रष्ट पारिया छ। एइ कुरा विष्णुधर्मसूत्रको **"भर्तु: समानव्रतचारित्त्वम्"** (२५।८) भन्नि वचनले पनि जनाएको छ। गृहस्थधर्मको भार पतिपत्नीका काँधमा सयँ युक्त रूपमा पर्ने कुरा **"या दम्पती समनसा सुनुत आ च धावत: । देवासो नित्ययाशिरा"** (ऋ. ८।३१।५), **"सं जास्पत्यं सुयममस्तु देवा:"** (ऋ. १०।८५।२३)**"मह्यं त्वाऽदुर् गार्हपत्याय देवा:"**(ऋ.१०।८५।३६), **"इहैव स्तं मा वियौष्टं विश्वमायुर् व्यश्नुतम् । क्रीडन्तौ पुत्रैर् नप्तृभिर् मोदमानौ स्वे गृहे"**(ऋ. १०।८५।४२)इत्यादि वचनबड बुजिन्छ। **"अर्धो वा एष आत्मनो यत् पत्नी"** (तै. ब्रा. ६।१।८।५; मा. वा. शत. ५।२।१।१०, ८।७।२।३) **"पत्नी हि सर्वस्य मित्रम्"** (तै. सं. ६।२।६।२), **"सखा ह जाया"** (ऐ. ब्रा. ३३।१), **"अयज्ञो वा एष योऽपत्नीक:"** (तै. ब्रा. २।२।२।६, ३।३।३।१) इत्यादि वचनबड गृहस्थधर्ममा स्त्रीको र पुरुषको सयँ युक्त उत्तरदायित्व अजै स्पष्ट हुन्छ। आपस्तम्बको वचन

भनि मेधातिथिले (मनु. ९।१०१) उद्धृत गरेको "**धर्मे चार्थे च कामे च नाऽतिचरितव्या**" भन्नि वचनबड पनि पतिपत्नीको धर्ममा मत्वै हैन अर्थमा र काममा पनि पूर्ण सहभागिता हुन पर्ने कुरा देखिच्च । "**अनवद्या पतिजुष्टेव नारी**" (ऋ. १।७३।३), "**नेज् जिह्मायन्त्यो नरकं पताम**" (निरुक्तमा [१।३।६] उद्धृत ऋग्वेदखिलमन्त्र) इत्यादि वाक्यले स्त्रीको पतिव्रतात्व नै प्रमुख धर्म भाको कुरा ऋग्वेदले सूचित गरेको देखिच्च । एस सम्बन्धमा पैठीनसिको "**स्त्रियो गृहदेवताः । तासान् न शौचन् न व्रतन् नोपवासः । पतिशुश्रूषयैव स्त्रियो गच्छन्ति परमाङ्ग गतिम्**" भन्नि वचन पनि मननीय देखिच्च । 'सधवा स्त्रीले व्रत उपवास गर्न हुँदैन, तेसो गर्नाले पतिको आयु नै घट्च र त्यो स्त्री नरक जाञ्चे' भन्नि पनि स्मृतिवचन पाँइच्च (**पत्यौ जीवति या नारी उपोष्य व्रतमाचरेत् । आयुष्यं हरते भर्तुः सा नारी नरकवँ व्रजेत् ।।** –पराशरस्मृति ४।१५, अत्रिसंहिता, श्लो. १३७–१३८) । पतिको आज्ञा लिएर त व्रत-उपवास गर्न हुच्च भन्नि पक्ष पनि छ । एस्ता पतिव्रता स्त्रीहरुले पतिलाइ समेत सद्गतिमा पुऱ्याउँचन् । "**मम व्व्रते ते हृदयन् दधामि मम चित्तमनु चित्तन् ते अस्तु । मम वाचमेकमना जुषस्व प्रजापतिष्ट्वा नियुनक्क्तु मह्य्यम्**" (पारस्कर. १।८।८) भन्नि वैवाहिक–मन्त्र–अन्सार् पतिको हृदय जस्तै हृदय भएमा पतिले आत्मज्ञान गरि मुक्ति प्राप्त गर्नि भए पत्नी पनि पतिबडै आत्मज्ञान प्राप्त गरि याज्ञवल्क्य मुक्त हुनि हुँदा मैत्रेयी पनि मुक्त हुनि भए झेइँ नै मुक्त हुनि हुच्चन् भन्नि कुरा शास्त्रविचारबड देखिच्च । पत्नी तेस्ति नभै व्यभिचारिणी भए पति स्वर्ग गए पनि मुक्त भए पनि पत्नी स्वर्ग जान पनि पाँउन्न, मुक्त पनि हुन्न। व्यभिचारिणी भनि स्थूल रूपमा अन्य पुरुषसित शारीर–मैथुन–सेवनादि गर्निलाइ मत्वै भनेको हैन; सूक्ष्म रूपको व्यभिचार गर्निलाइ पनि भनेको हो । अर्थात् पतिको हृदय अद्ध्ययन–धर्मसेवन–विवेक–विचारादिले विषयसुखविरक्त हुँदै जाँदा पनि पत्नीको हृदय विषयसुखलिप्साऽऽदिले सरागै रैरएर अशुद्धै रएमा त्यो पनि पतिव्रताधर्मको अनुरूप कुरा नहुनाले सूक्ष्म व्यभिचारै देखिच्च । एस्ता व्यभिचारले युक्त पत्नीहरु पतिले स्वधर्माचरणले प्राप्त गर्नि सुखभोगात्मक पितृलोकादि स्वर्गमा जान पाए पनि पतिले तपोविशेषले प्राप्त गर्नि कार्यब्रह्मलोक प्राप्त गर्न वा पतिले आत्मज्ञानले प्राप्त गर्नि मोक्ष प्राप्त गर्न भने सक्तैनन् भन्नि कुरा देखिच्च । तेस्ता स्थूल–सूक्ष्म–व्यभिचारले युक्त स्त्रीहरु आँपनाकर्म–अन्सार् शृगालयोनिहरुमा जन्म लिन पुग्चन् (**पतिव्व्रतानाङ्ग गृहमेधि-**

नीनां सत्यव्व्रतानाञ् च शुचिव्व्रतानाम् । तासान् तु लोकाः पतिभिस् समाना गोमायुलोका व्यभिचारिणीनाम् ।। –वसिष्ठधर्मसूत्र २१।१४, द्रष्टव्य–मनु. ५।१६४; याज्ञ. ३।२५६; या ब्राह्मणी सुरापी भवति नंनान् देवाः पतिलोकन् नयन्ति –पा. व्याकरणभाष्य ३।२।८) ।

विधवा स्त्रीले जितेन्द्रिय भै सदाचारमा रएर गुरुजनका अधीनमा पति-कुलमा वसेर सदाकाल पतिको स्मरण गर्दै व्रत उपवासहरु गर्नपर्छ भन्नि स्मृति-हरुको भनाइ छ। प्राजापत्य–चान्द्रायणादि व्रत–उपवासहरु गर्नि,ब्रह्मचर्यमा व्यवस्थित रहनि, इन्द्रियनिग्रह गर्नि र यथाशक्ति दान गर्नि विधवा स्त्री छोरा नभए पनि स्वर्ग जाञ्चे भन्नि पनि स्मृतिहरुको भनाइ पाँइञ्च । व्यवहार–कल्पतरुमा र स्मृतिचन्द्रिकामा उद्धृत हारीतधर्मसूत्रवचन–अन्सार् श्रौताग्न्याधान समेत गरेका पुरुषकि विधवाले गृह्याग्निकर्म गर्न पनि र गृह्याग्न्याधान मत्रै गरेका पुरुषकि विधवाले गृह्याग्निको पुन-स्सन्धान गरेर तेसै अग्निमा वा लौकिकाग्निमा सायम्प्रातःपरिचरणादि अग्निकर्म पनि गर्न पनि देखिञ्च । छोरा नभएका विधवाले प्रतिदिन न्वाएर पतिलाइ, पतिका पितालाई र पतिका पितामहलाइ तिलोदका-ञ्जलि दिनपर्छ भन्नि पनि स्मृतिवचन पाँइञ्चन् । धन भाका विधवा स्त्रीहरु धर्मार्थ आँपका बँगैचा लाउन, चौतारो लाउन; धारो, बाटो, ठाँटि, पाटि, पउ्आ बनाउन; कुआ पोखरि खनाउन; वेद पड्न लागेका, यज्ञ गर्न लागेका वा सीदत्कुटुम्बादि सत्पात्र ब्राह्मणलाइ विविध दान दिन, दीन–अनाथ–रोगिहरुलाइ अन्नवस्त्रादि दिन र पुराणहरु लाउन पनि सक्चन् । एस्ता कर्मबड विधवाहरु पतिलाइ समेत सद्गतिमा पुऱ्याउन र आँफु पनि सद्गतिमा पुग्न सक्चन् । बाउ आमा छोरा नाति दाजु भाइ परलोकमा साथ् लाग्दैनन्, पतिव्रता पत्नी चाइँ परलोकमा पनि साथ् लाग्चे भन्नि कुरा महाभारतमा उल्लिखित छ (संसरन्तमपि प्रेतवँ् विषमेष्ववेकपातिनम् । भार्यैवाऽन्वेति भर्तारं सततयँ् या पतिव्रता ।। प्रथमं संस्थिता भार्या पतिम् प्रेत्य प्रतीक्षते । पूर्वम् मृतञ् च भर्तारम् पश्चात् साद्धव्यनुगच्छति ।। एतस्मात् कारणाद् राजन् पाणिग्रहण-मिष्यते । यदाप्नोति पतिर् भार्यामिहलोके परत्र च ।। –आदिपर्व ७४। ४५–४७) । मनुस्मृतिमा पनि "अनेकानि सहस्राणि कुमारब्रह्मचारि-णाम् । दिवङ् गतानि विप्राणामकृत्वा कुलसन्ततिम् ।। मृते भर्तरि साद्ध्वी स्त्री ब्रह्मचर्ये व्यवस्थिता । दिवङ् गच्छत्यपुत्राऽपि यथा ते ब्रह्मचारिणः ।।" (५।१५९–१६०) भन्नि वचन छ । मनुस्मृतिका एस

वचनमा उल्लिखित स्वर्ग ऊर्ध्वरेता ब्रह्मचारिहरुले प्राप्त गर्नि ब्रह्मलोक हो । तसर्थ ऊर्ध्वरेता ब्रह्मचारिको जस्तो आहार–व्यवहार–नियमादि व्रत गरि ब्रह्मलोकमा पुग्नि, छोरा नभएका, पतिव्रता विधवा स्त्रीले आफ्नु तपस्याद्वारा पतिलाइ पनि ब्रह्मलोकमै पुऱ्याउँचन् र तीँ ब्रह्मात्मज्ञान प्राप्त गरेर सँगै मुक्त हुञ्चन् भन्नि कुरा उपर्युक्त मनुवचनका र अरु शास्त्रका विचारबड बुजिञ्च ।

वंशको उच्छेद हुन लाग्दा पुत्ररहित वयस्थ विधवाले विधिपूर्वक–नियोगद्वारा देवरादिबड छोरा पाँउन प्रयास गर्न हुनि कुरा श्रुति–स्मृति–इतिहासबड देखिञ्च । विश्वरूपले यो कुरा शूद्रका लागि मत्वै हो भनेका छन् । पुराणहरुमा भने नियोग कलिवर्ज्य मानिया देखिञ्च ।

सतीजानि विषयमा प्रेतपत्नीलाइ शवदाह गर्नि ठाँममा मृत पतिका साथ सुताउनि कुरा आश्वलायन–गृह्यसूत्रमा (४।२।१७–१९), कौषीतकिगृह्यसूत्रमा (५।३।६), बौधायनपितृमेधसूत्रमा (१।४–५), सत्याषाढश्रौतसूत्र– (पितृमेधसूत्र–) मा (२८।२।१४–१५), भारद्वाज–पितृमेधसूत्रमा र कौशिकगृह्यसूत्रमा (८०।४४–४५)पनि देखिञ्च । एसरि सुताउँदा कुनै शाखामा मन्त्र पनि पडिञ्च । तेसरि पडिनि अथर्ववेदीय मन्त्रमा 'पतिलोक रोज्नि इ नारी प्राचीन धर्मको अनुपालन गर्दै तिम्रा समीपमा सुच्चिन्, तिनलाइ याँहाँ प्रजा र धन देउ' भनिएको छ (**इयं नारी पतिलोकं वृणाना नि पद्यत उप त्वा मर्त्य प्रेतम् । धर्मं पुराणमनुपालयन्ती तस्यै प्रजां द्रविणं चेह धेहि ।।** –शौनक्क्यथर्ववेदसंहिता १८।३।१) । यो मन्त्र तैत्तिरीयारण्यकमा पनि पाँइञ्च । त्याँऽ 'धर्मम्'–का ठाँममा "विश्वम्" पाठ छ (६।१।३) । किन्तु एस प्रसङ्गमा तेसरि चितामा वा चिताका समीपमा सुतेकि पत्नीलाइ पतिसितै पोल्नि कुरा भने उपर्युक्त ग्रन्थहरुमा कैँ पनि देखिँदैन। मृत पतिसित सुतेकि ब्राह्मण–क्षत्रिय–वैश्य–मृतकपत्नीलाइ "**उदीर्ष्व नार्यभिजीवलोकं गतासुमेतमुपशेष एहि । हस्तग्राभस्य दिधिषोस् तवेदं पत्युर् जनित्वमभि संबभूथ**" भन्नि मन्त्रले (ऋ. १०।१८।८, अथर्व. १८।३।२, तैत्तिरीयारण्यक ६।१।३) देवरादिले उठाउनि कुरा त्याँहाँ पाँइञ्च । प्रेतपत्नीले वर्षदिन सम्म र जीवनभर पालना गर्न पर्नि नियमहरुको पनि उपर्युक्त सूत्रग्रन्थहरुमा उल्लेख पाँइञ्च । मा. शतपथब्राह्मणमा (१२।५।२।१–१५) र कात्यायनश्रौतसूत्रमा (२५।७।१–३९) भने एस प्रसङ्गमा तेसरि मृतकका पत्नीलाइ मृतपतिसित सुताउनि र देवरादिले उठानि कुरा छँदैछैन । विष्णुधर्मसूत्रमा त "**मृते भर्तरि ब्रह्मचर्यन् तदन्वारोहणवँ वा**"

(२५।१४) भनि सतीजानि कुरा गरिया देखिञ्च। पराशरस्मृतिमा (४।३२–३३) सतीजानि कुराको अत्यन्त प्रशंसा गरिया छ। याज्ञवल्क्यस्मृतिको अपरार्कव्याख्यामा र पराशरमाधवीयमा उद्धृत "**सर्वासामेव नारीणामग्निप्रपतनादृते। नाऽन्यो धर्मो हि विज्ञेयो मृते भर्तरि कर्हिचित्**" भन्ने अङ्गिराका वचनमा सबै धर्मशील स्त्रीले सतीजानै पर्छ भनिया देखिञ्च। स्वशाखासूत्रको व्यवस्था प्रबलतम हुनाले यथाशक्ति तदनुसारै आचरण गर्नु समुचित देखिञ्च।

पौराणधर्म

श्रुतिमा विहित कर्महरु श्रौतसूत्रहरुमा, श्रुतिमा उक्त वा सूचित कर्महरु गृह्यसूत्रहरुमा र श्रुति–श्रौतसूत्र–गृह्यसूत्रहरुमा उक्त सूचित वा आकाङ्क्षित वा श्रुत्यादिका अनुकूल कुराहरु धर्मसूत्रहरुमा, परिशिष्टहरुमा र स्मृतिहरुमा प्रतिपादित छन्। यो वैदिक धर्मको मुक्ख्य मार्ग हो। वैदिक धर्मका प्रमुख कुराहरुको व्याक्ख्या र जनसाधारणमा प्रचार गर्न प्रवृत्त पुराणहरुमा वैदिक कर्महरुमा अधिकार नभाका स्त्री–शूद्र–व्रात्य–पतिता–ऽशक्तहरुका लागि उपयोगि धर्मको व्यवस्था र कतिपय काम्यकर्मविशेषको विधान पनि पाँइञ्च। तेस्ता कर्महरुको अतिसङ्क्षिप्त प्रतिपादन तल गरिँदै छ—

तीर्थयात्रा– तीर्थयात्राको उल्लेख वेदमा वा श्रौतगृह्यसूत्रहरुमा पाँइदैन। धर्मसूत्रहरुमा पनि दुर्लभ छ। विष्णुधर्मसूत्रमा (२।१६–१७) तीर्थयात्रा सर्वसाधारण धर्मका रूपमा उल्लिखित छ। महाभारतमा लघुस्मृतिहरुमा र पुराणहरुमा तीर्थयात्राको विषय पाँइञ्च। तीर्थ दुइ प्रकारका मानिया छन् : मानस र भौम। सत्य, क्षमा, इन्द्रियनिग्रह, सर्वभूतदया, आर्जव, ज्ञान, धृति, तप र चित्तशुद्धि मानस तीर्थ मानिएका छन्। अद्भुत प्रभाव भाको भूमि, अद्भुत शक्ति भाको जल र मुनिहरुको निवास भाको स्थान–विशेष नै भौम तीर्थ मानिएको देखिञ्च। मानस र भौम दुवैथरि तीर्थमा न्वाउनु अभ्युदयकारि मानिञ्च। उपाकुर्वाण ब्रह्मचारिका लागि आचार्य (गुरु) नै तीर्थ हो। अग्निवेदसमन्वित गृहस्थका लागि गृह नै तीर्थ हो। आश्रमान्तरालस्थहरु, विधुरहरु र वानप्रस्थहरु तीर्थयात्राका मुक्ख्य अधिकारि देखिञ्चन्। साधारणतया तीर्थयात्रामा सबैको अधिकार देखिञ्च। प्रायश्चित्तार्थक तीर्थयात्रामा पनि सबै नै व्यक्ति अधिकारि हुञ्चन्।सान्निक गृहस्थले तीर्थयात्रा गरेमा पत्नी र अग्नि साथमा लिएर तीर्थयात्रा गर्नपर्छ। प्रायश्चित्तार्थ तीर्थयात्रा भने पत्नी विना पनि गर्न हुञ्च। ठुला तीर्थका यात्रामा

अँगाल्न पर्नि विधि त्रिस्थलीसेतु, वीरमित्रोदय-तीर्थप्रकाश, निर्णयसिन्धुको श्राद्धप्रकरणको अन्तिम भाग इत्यादि ग्रन्थहरुमा लम्बेचौडे रूपमा प्रतिपादित छ। सामान्यतया तीर्थयात्रा काम्य कर्म भएकाले त्यो सम्पूर्ण-अङ्गसहित नै यथाविधि सम्पन्न गर्न पर्नि देखिन्छ। तथापि लोकमा प्राय अङ्गिको मात्र अनुष्ठान गर्नि चलन चलेको छ। एस विषयमा धार्मिक विद्वान्हरुले चर्चा चलाउनु उचित र आवश्यक देखिन्छ। अरु कामले यात्रा गर्दा बिचमा तीर्थ परेर तीर्थमा स्नानादि गर्दा तीर्थ-यात्राको आदा फल पाइनी; हिण्न सक्तिले यानमा चडेर तीर्थयात्रा गर्दा आदा फल नष्ट हुनी; छाता ओड्नि जुत्ता लाउनि गरेर तीर्थयात्रा गरे चौथाइ फल नष्ट हुनी; तीर्थयात्राका बेला बेपार गरे तिन चौथाइ फल नष्ट हुनि र प्रतिग्रह गरे (दान लिए) सबै फल नष्ट हुनि भन्नि कुरा उक्त धर्मशास्त्र–निबन्धहरुमा प्रतिपादित छ। आर्काको हुँदो तीर्थ-यात्रा गरिदिनिले तीर्थयात्राको सोर भागको एक भाग फल पाउनि र आँफ्ना द्रव्यले र यानले अरुलाइ तीर्थयात्रा गराउनिले तीर्थयात्राको चौबर फल पाउनि कुरा पर्नि उक्त ग्रन्थहरुमा उल्लिखित छ। तीर्थहरुमा पुष्कर, कुरुक्षेत्र, प्रयाग प्रधान तीर्थहरु हुन्। प्रयागलाइ तीर्थराज पनि भन्छन्, त्रिवेणी पनि भन्छन्। काशि(वाराणसी) र गया पनि प्रमुखतीर्थमै आँउछन्। द्वारका, जगन्नाथ (पुरी), रामेश्वर केदारनाथसहित बदरी-नाथ इ चार तीर्थ चार धाम भनेर प्रसिद्ध छन्। नेपालका तीर्थमा मुक्तिनाथ, गोसैँकुण्ड, पशुपतिनाथ, तिर्विनि, देउघाट, जनकपुर, वराह-क्षेत्र इत्यादि प्रसिद्ध छन्।

मन्दिर (देवालय)– ब्रह्मा, विष्णु, शिव, सूर्य, काली, गणेश इत्यादि देउताका मन्दिरको चर्चा वेदमा (मन्त्रसंहिताहरुमा र ब्राह्मण-हरुमा) पाँइदैन। श्रौतयज्ञका मुख्य कर्ममा देवमूर्तिको पाद्य, अर्घ, आचमनीय, चन्दन, अछेता, फुल–पाति, धूप, दीप, नैवेद्य इत्यादिले पूजा गर्नि कुरा आउँदैन। गृह्यकर्ममा पनि तेस्तो कुरा देखिँदैन। शाङ्खायनगृह्यसूत्रमा (४।१२।१५), लौगाक्षि– (काठक–) गृह्य-सूत्रमा (१८।३), वसिष्ठधर्मसूत्रमा (११।३१), आपस्तम्बधर्मसूत्रमा (१।११।१।२३), विष्णुधर्मसूत्रमा (३०।१५, ६९।७, ७०।१३, ९१।१०), र गौतमधर्मसूत्रमा (१।९।१३, १४, ६६) ~~[illegible]~~ देवताप्रतिमाको वा देवतायतन– (मन्दिर–) को उल्लेख पाँइन्छ। एसबड वैदिककर्मका अधिकारि द्विजातिहरुका लागि देवतामन्दिर आवश्यक नभाको; तथापि उनिहरुले देवतामन्दिरको अनादर भने नगरेको देखिन्छ। गृह्यसूत्रादिमा

उल्लिखित देवतायतनहरु कुन-कुन देउताका होलान् भन्नि निश्चित गर्न गारो छ; तथापि ति ऐले प्रचलित पाञ्चरात्रतन्त्रानुसारि विष्णुमन्दिर वा कृष्णमन्दिर वा राममन्दिर वा शैव-पाशुपतादितन्त्रानुसारि शिवालय वा महादेवमन्दिर वा पशुपतिमन्दिर वा शाक्ततन्त्रानुसारि कालीमन्दिर वा गुह्यकालीमन्दिर वा दक्षिणकालीमन्दिर वा गाणपत्यतन्त्रानुसारि गणेशमन्दिरहरु नभै मुक्ख्य रूपमा इन्द्र, सूर्य, वरुण इत्यादि वैदिक-देवताका मन्दिर हुन् भने जस्तो लाग्च। वैदिक मन्त्रमा र यज्ञमा अधिकार नभाकाहरुका लागि ऋग्वेदका मन्त्रहरुमा वर्णित इन्द्र, मित्र, वरुण इत्यादिका आकार-अन्सार्का मूर्ति र तिनका आयतन- (मन्दिर-) हरु बनाय्येका होलान् भन्नि कुरा देखिच्च। गौतमले अब्राह्मणहरुलाइ शपथ देवतासंसद्मा गराउनु भनेकाबड (२।४।१३) पनि यो कुरा झल्कच्च। कौटलीय अर्थशास्त्रको देवताकोष्ठकहरुको चर्चा पनि विचारणीय छ (२।४)। मनुस्मृतिमा राजालाइ देवांशले बनेको भन्दा (७।४) विष्णुको वा पशुपतिनाथको वा विश्वनाथको वा गणेशको अंशले बनेको नभनि इन्द्रादि वैदिक देवताका अंशले बनेको भनिएको छ। एसबड पनि स्त्रीशूद्रादिहरुमा पनि इन्द्रादि वैदिक देवताहरु नै प्रसिद्ध भाको बुजिच्च। कौटलीय अर्थशास्त्रमा पनि साक्षि बकाउँदा ब्राह्मण-जलकुम्भ-अग्निका समीपमा बकाउन भनिएको छ (३।११)। व्यवहारनिर्णयका लागि दिव्यप्रयोग देवतायतनमा गर्नु भन्न पर्दा 'इन्द्रस्थान'- मा गर्नु भनिएकाबड पनि यो कुरा झल्केजस्तो लाग्च (पराशरमाधवीय व्यवहारकाण्ड १२१, १२५ पृ.)। सुश्रुतसंहितामा (१।५।२०-३३) पनि शस्त्रकर्मपछि रक्षार्थ वैदिक देवताको प्रार्थना गर्नि विधि छ। "**अप्सु देवा मनुष्याणाम् दिवि देवा मनीषिणाम्। काष्ठ-लोष्टेषु मूर्खाणाम् युक्तस्याऽऽत्मनि देवता**" भन्नि वीरमित्रोदयका आह्निकप्रकाशमा उद्धृत शातातपका वचनबड र "**शिवमात्मनि पश्यन्ति प्रतिमासु न योगिनः। अज्ञानाम् भावनार्थाय प्रतिमाः परिकल्पिताः**" भन्नि जाबालदर्शनोपनिषद्का (४।५९) वचनबड पनि साधारण लौकिक व्यक्तिहरुका लागि वैदिक देवताहरुका काठ ढुङ्गा धातु आदिका मूर्ति बनाउनि गरिएको र तिनका लागि मन्दिर-निर्माण गरिनि गरेको बुजिच्च। पछि वैष्णवतन्त्रको र शैवतन्त्र-शाक्ततन्त्रको प्रचार-प्रसार बडेपछि तत्तत्सम्प्रदायानुसारि विष्णुमन्दिर, शिवमन्दिर र कालीमन्दिर आदिको प्रचार बडेको बुजिच्च। नृसिंहपुराण-मत्स्यपुराणादिमा पनि वेदानुकूल पद्धतिले देवताहरुका मूर्तिहरुको प्रतिष्ठा गर्नि र मन्दिर बनाउनि कुराहरु प्रतिपादित

हुनाले पौराणिक देवमन्दिरहरुको पनि केइ प्रचार–प्रसार भाको देखिञ्च । स्त्रीशूद्द्रादिका लागि इ मन्दिरहरु अवस्थानुसार् र भक्तिभावानुसार् विशेष सेवनीय देखिञ्चन् । वेदाद्ध्ययनादिका अधिकारि द्विजातिका लागि इ मन्दिरहरु सर्वथा अनादरणीय नभए पनि मुक्ख्यतया सेवनीय कुरा देखिँदैनन् ।

पौराण नित्य आचार र गृह्य कृत्य– स्नान गरेपछि ऊर्ध्वपुण्ड्र-त्रिपुण्ड्र–वर्तुलादि तिलक लाउनि कुरा; गणेश–सूर्य–देवी-विष्णु–शिव इ पाँच देउताको प्रतिदिन पूजा गर्नि कुरा, गोग्रास दिनि; काग–कुकुर–कीट-पतङ्गलाइ बलि(अन्न)दिनि कुराहरु पुराणवचनका आधारमा गरिनि देखिञ्चन् । इ कुरा मुक्ख्य वैदिक मार्गका अधिकारि द्विजातिका लागि भने नित्य हैन ऐच्छिकै देखिञ्चन् ।

पौराण वार्षिक व्रतपूजादि– रामनवमीव्रत, दशहराव्रत, चातुर्मास्य– (चौमास–) व्रत, तुलसीपूजन, नागपञ्चमीव्रत, (श्रीकृष्ण–) जन्माष्टमीव्रत (जर्माष्टि), हरितालिकाव्रत (तिज), गणेशचतुर्थीव्रत, ऋषिपञ्चमीव्रत, नवरात्रव्रत (नौरथा), विजया दशमीको कृत्य (दशैँको टिको आदि), कोजागरव्रत, माघस्नानव्रत, श्रीपञ्चमीव्रत, शिवरात्रि-व्रत, होलिकापूजा (फाउ पुर्न्या) इत्यादि आजभोलि प्रचलनमा रएका वर्षि नै हुनि व्रतपूजादि पुराणहरुले प्रतिपादित गरेका कुरा हुन् । इनको वेदमन्त्रसंहिता–ब्राह्मण–श्रौतसूत्र–गृह्यसूत्र–धर्मसूत्र–प्रधानस्मृतिहरुमा उल्लेख देखिँदैन । तसर्थ इ व्रतपूजादि मुक्ख्य वैदिक मार्गका अधिकारि द्विजातिका लागि नित्य हैनन्, कुनै काम्य र कुनै नैमित्तिक पनि देखिञ्चन् । वैदिकधर्मानुष्ठानको–प्रचार–घट्दै–गए–पछिका, कलियुगि[1], आँफ्नु कृत्य बिसि जजमानहरुको कृत्यतिरमत्रै ध्यान दिनि, शूद्द्र-पुरोहितादि धर्मशास्त्रनिबन्धिहरुले उक्त व्रतपूजादिहरुमा कुनैलाइ नित्य भनेको भए पनि वास्तवमा ति पनि मुक्ख्य वैदिक मार्गका अधिकारि स्वशाखासूत्रानुसारि द्विजातिका लागि ऐच्छिकै बुजिञ्चन्, नगरि नहुनि देखिँदैनन् । एस विषयको लामु विवेचना स्थानाभावले याँहाँ दिन सकिएन । औसर पर्दा त्यो विवेचना प्रस्तुत गरिनि छ ।

---

१. **यदायदा सतां हानिर् वेदमार्गानुसारिणाम् । तदातदा कलेर् वृद्धि-रनुमेया विचक्षणैः ।। न प्रीतिर् वेदवादेषु पाषण्डेषु दयारसः । तदातदा कलेर् वृद्धिरनुमेया द्विजोत्तमैः ।। –पराशरमाधवीयका आचारकाण्डमा (११५–११६ पृ.) उद्धृत विष्णुपुराणवचन ।**

एकादशीव्रत– एकादशीव्रतको उल्लेख वेदमन्त्रसंहिता–ब्राह्मण–श्रौतसूत्र–गृह्यसूत्र–धर्मसूत्र–प्रधानस्मृतिहरुमा पाँइदैन । पुराणहरुमा पनि विशेषतया वैष्णव पुराण भनिनि नारदीयपुराण–पद्मपुराणहरुमा एकादशीको चर्चा वर्ता पाइन्छ । "**परमापदमापन्नो हर्षे वा समुपस्थिते । नैकादशीन् त्यजेद् यस् तु यस्य दीक्षाऽस्ति वैष्णवी । विष्णर्वापताखिलाचारस् स हि वैष्णव उच्यते**" भन्नि निर्णयसिन्धुका एकादशी–निर्णयमा उद्धृत स्कन्दपुराणको वचनबड वैखानस वा पाञ्चरात्रिक वैष्णवहरुको एकादशीमा बर्ता आग्रह भाको देखिन्छ । वैष्णवहरुले शुक्ल कृष्ण दुवै पक्षका एकादशीमा व्रत गर्ने पनि कुरा देखिएकाले पनि एकादशीको वैष्णवहरुसित विशेष सम्बन्ध बुजिन्छ । "**वैष्णवो वाऽथ शैवो वा कुर्यादेकादशीव्रतम्।**" "**वैष्णवो वाऽथ शैवो वा सौरोऽप्येतत् समाचरेत्**" इत्यादि वचन पनि देखिन्छन् ता पनि मुख्य–वैदिकमार्गानुयायि स्वश्रुतिसूत्रानुसारि द्विजहरुलाइ वैष्णवदीक्षा वा शैवदीक्षा वा सौरदीक्षा कुनै पनि आवश्यक नभाकाले र तेस्ता वैदिक द्विजहरुका लागि पौराण–विधान नित्य नभै ऐच्छिकै हुनि हुनाले एकादशीव्रत पनि ऐच्छिकै हुनि देखिन्छ । पुराणका एकादशीव्रतविधायक वाक्यहरुमा जैमिनीयधर्ममीमांसाका न्याय लगाइ धर्मशास्त्रनिबन्धिहरुले एकादशीव्रतको नित्यता देखाएका छन् त पनि पुराणका एकादशीविषयक वाक्यहरु वैखानस–पाञ्चरात्रादि–वैष्णवागम–मूलक बुजिएकाले वैखानस-पाञ्चरात्रिकादि वैष्णवहरुका लागि नै एकादशीव्रतको नित्यता हो भन्नि कुरामा विवेक–दृष्टि पुग्याउनु आवश्यक देखिन्छ । एस विषयमा विद्वान्हरुले पुराणहरुको तलस्पर्शि अद्ध्ययन गर्नु र आफ्नु विवेकशक्ति तिखार्नु पनि परमावश्यक हुन आएको छ ।

वेदविरोधि वा वेदाविरोधि अरु भारतवर्षीय मतहरु

(१). **चार्वाकमत वा लौकायतिकमत**– यो मत दैत्यहरुलाइ नास्तिक बनाइ निर्बल पारेर देउताहरुको विजय गराउन देउताका गुरु बृहस्पतिले चार्वाक दैत्यलाइ पठाएका हुन् र तेतैबड एसको प्रचार भाको हो भन्नि कथा गर्चन् । बृहस्पतिले बनाएका लौकायतिक–सूत्रग्रन्थको उल्लेख श्रीहर्षको खण्डन–खण्ड–खाद्यमा पनि छ । एस सूत्रग्रन्थका केइ सूत्रको उद्धरण पनि कताकति गरिएको देखिन्छ । एस मतलाइ चार्वाकदैत्यले फैलाएकाले वा एसमा अर्थकाम–प्रधान लोकलाइ मन पर्नि चारु (राम्रो) वाक् (वाणी=भनाइ) पाँइनि हुनाले एस मतलाइ चार्वाकमत भनिएको हो भन्छन् । एस मतलाइ लोकायत–मत पनि भन्छन् । सामान्य लोक देखे–सुनेका कुरामा चल्नि र खान–लाउन-सुख–सएल-गर्न-

तिर मत्लै ध्यान दिनि हुनाले र तेस्ता व्यवहारको यो मत अनुकूल हुनाले लोकमा एसको व्यापक प्रचार देखिएको हुँदा एस मतलाइ लोकायत–मत पनि भन्नि गरिएको बुजिच्च । एस मतका अनुयायिहरु प्रत्यक्षलाइ मत्लै प्रमाण मान्छन्; पृथिवी, जल, तेज र वायु इ चार तत्त्व मत्लै मान्छन्; तिनै चार तत्त्वका सयँयोगले शरीर इन्द्रिय र भोग्य विषय बन्छन्, तिनै तत्त्वका सयँयोगबड भात–र–मर्चाका सयँयोगबड जाँडमा मादकशक्ति जन्मे झैइँ शरीरमा चैतन्य जन्मच्च, चेतनाविशिष्ट शरीर नै पुरुष हो, शरीरभन्दा भिन्न आत्मा छैन, काम मत्लै पुरुषार्थ हो, मरण नै मोक्ष हो, यो लोकभन्दा आर्को स्वर्ग वा नर्क छैन, वर्णाश्रमधर्मका कर्मको फल छैन, मोरेकालाइ श्राद्धले तृप्ति दिँदैन, वेद भण्ड–धूर्त–निशाचरहरुले बनाएका हुन् इत्यादि भन्छन् ।

(२) **जैनमत**– जैनहरु जैनमतलाइ शाश्वत दर्शन भन्छन् । एसमतका उपदेशकहरुलाइ तीर्थङ्कर वा अर्हन् भन्छन् । जैनका चौबिस तीर्थङ्कर–मद्दे ऋषभदेव पैला र वर्धमान महावीर चौबिसौँ तीर्थङ्कर मानिच्छन् । वर्धमान महावीर आजभन्दा २५९० वर्ष अगि पट्नादेखि उत्तरतिर पनि वैशालीका क्षत्त्रियकुलमा जन्मेका मानिच्छन् । इनले वैदिक धर्मदर्शनको गाम्भीर्य बुज्न नसकि कतिपय दाम्भिक व्यक्तिहरुको क्रिया-कलापबड उत्तेजित भै वैदिकयज्ञप्रक्रियाको र वर्णाश्रम–व्यवस्थाको विरोध गरेछन्; वेदलाइ नै भण्ड–धूर्त–निशाचरहरुले बनाको ग्रन्थ भन्न थालेछन् । इनले अहिंसा–त्याग–तपस्या–दया-क्षमा-जस्ता उपनिषत्-प्रतिपादित कतिपय उदात्त कुराहरुको नै साहारा लिइ जनसाधारणका भाषाका माद्ध्यमले जनमानसमा आँफ्नु मत फैलाउन प्रयास गरेछन् । वैदिक धर्मको गाम्भीर्य राम्ररि बुजेका ब्राह्मणहरुले इनका कुरा नसुने पनि जनसाधारणले धेरैले नै सुनेछन् र इनको मत फैलिएछ । जैन–धर्मका अनुयायिहरुको सङख्या ऐले पन्द्र लाख जति भाको बुजिच्च । जैनहरुका पुराना दार्शनिक संस्कृत–ग्रन्थहरुमा उमास्वातिको तत्त्वार्थाधिगमसूत्र प्रसिद्ध छ । जैन श्वेताम्बर (सेता लुगा लाउनि) र दिगम्बर (लुगै नलाउनि) दुइथरि हुच्छन् । इ जैनहरु प्रत्यक्ष र अनुमान दुइ प्रमाण मान्छन् । इनका मतमा जीव र अजीव इ दुइ मुख्य पदार्थ–भेद मानिच्छन् । जीवहरु शाश्वत द्रव्य र अनन्त मानिच्छन्; शरीररूपि-बन्धन-छुटेपछि निरन्तर उँबो जानु नै जीवको मोक्ष मानिच्च । जीवमा अनेक संस्कार थुपानि र संसारमा बाँदनि भावनाका प्रणालीलाइ आस्रव भन्छन् । तेस्ता संस्कारहरुलाइ छेकिन शमदमादि कर्मलाइ सवँवर र

आत्मामा सञ्चित अनेकन संस्कारहरुलाइ नष्ट गराउनि तप्तशिला-ऽऽरोहणादि कर्मलाइ निर्जर भन्छन् । जैनसम्प्रदायमा केवलि–(साधु–)ले पालन गर्न पर्नि नियमलाइ महाव्रत र गृहस्थादि साधारणजनले पालन गर्नपर्नि नियमलाइ अनुव्रत भन्छन् । दुऐथरि व्रत गर्निले ज्ञान, श्रद्धा, अहिंसा, चारित्र, सूनृत, अस्तेय, ब्रह्मचर्य, अपरिग्रह इ आठ अङ्ग भाका योगको सेवा गनि नियम छ । तर केवलिहरुले ति योगाङ्गहरुको कठोर रुपमा पालन गर्नपर्छ, अरुले साधारणरुपमा पालन गरे हुन्छ; जस्तै केवलि–(महाव्रति–)ले सबै प्रकारका हिंसाको वर्जन गर्नपर्छ भने अरु –(अनुव्रति–)ले प्राणिको प्राण छुटाउनि काम मात्रै नगरे हुन्छ; ब्रह्म-चर्यमा केवलि–(महाव्रति–)ले सर्वविध–मैथुन–त्याग गर्न पर्छ भने अरु –(अनुव्रति–)ले स्वपत्नी–बाएक अरुमा मैथुन नगनि गरे हुन्छ । उक्त योगाङ्गहरुमा पनि ज्ञान–श्रद्धा–चारित्रलाइ जैनहरु अति महत्त्व दिन्छन् र तिनलाइ त्रिरत्न भन्छन् ।

(३) **बौद्धमत**– बौद्धहरु पनि बौद्धमतलाइ शाश्वत दर्शन भन्छन् । इनका मतमा ध्यानि बुद्धहरु, बोधिसत्त्वहरु र धर्मोपदेशक मानुष-बुद्धहरु समेत तिनथरि बुद्धहरु मानिएका देखिन्छन् । मानुष बुद्धहरुमा अन्तिम बुद्ध शुद्धोधनका छोरा शाक्यसिंह मानिन्छन् । बुद्ध भनेको ज्ञानि भनेको हो । तेसैले होला अमरकोशमा "**सर्वज्ञस् सुगतो बुद्धः**" इत्यादि बुद्धका साधारण नाम दिइ "**शाक्यमुनिस् तु यः । स शाक्यसिंहस् सर्वार्थसिद्धश् शौद्धोदनिश् च सः ।**" इत्यादि बुद्धविशेषका नाम दिएका छन् । शाक्यसिंहको जन्म आजभन्दा पच्चिस–सए–जति–वर्ष–अगि लुम्बिनीमा शाक्यवंशि क्षत्रियकुलमा भाको मानिन्छ । अग्निपुराण–पद्म-पुराण-भागवत–पुराणादिमा बुद्धलाइ विष्णुका–दस–अवतार–मद्देको एक अवतार मानेको देखिए पनि र बारौं शताब्दीतिरका बङ्गालि कवि जयदेवले काव्यगुणरिपूर्ण दशावतारस्तुतिमा बुद्धको स्तुति गाएकाले वैदिक–सनातन–वर्णाश्रमधर्मानुयायि जनसाधारणमा शाक्यसिंह बुद्ध विष्णुका अवतार हुन् भन्नि धारणा फैलिएको भए पनि कुमारस्स्वामि (कुमारिल भट्ट) जस्ता परमवैदिक विद्वान्हरु शाक्यसिंह बुद्धलाइ विष्णुको अवतार मान्दैनन् । वाल्मीकि–रामायणमा पनि अयोद्ध्या-काण्डका एक–से–नवौं सर्गमा "**यथा हि चोरस् स तथा हि बुद्धस् तथा-गतन् नास्तिकमत्र विद्धि । तस्माद् हि यः शक्यतमः प्रजानां स नास्तिके नाऽभिमुखो बुधस् स्यात्**" (श्लो. ३४) भनिएको पाइन्छ । शाक्यसिंह बुद्धले पनि वर्धमान महावीरले झैं नै वैदिक धर्मदर्शनको गाम्भीर्य बुझ्न

नसकि ब्राह्मणकुलज कतिपय दाम्भिक व्यक्तिहरुका क्रियाकलाप देखेर वैदिक धर्मको नै दम्भपूर्णता ठानि वैदिक यज्ञप्रक्रियाको र वर्णजाति-व्यवस्थाको विरोध गरेर अहिंसा त्याग तपस्या दया क्षमा इत्यादि उपनिषत्प्रतिपादित उदात्त कुराहरुको नै साहारा लिइ पालि–भाषामा उपदेश गर्दै जनतामा आँफ्नु मत फैलाउन प्रयास गरेचन् । वैदिक धर्मको गाम्भीर्य राम्ररि बुजेका ब्राह्मणहरुले इनका कुरा नसुने पनि जन-साधारणले धेरैले सुनेचन् र इनको मत लोकमा केइ फैलिएच । भारत-वर्षभित्र तेति सारै नफैलिए पनि लङ्का, बर्मा, तिब्बत, चिन, जापान इत्यादि वर्णाश्रमधर्म–निरपेक्ष देशहरुमा धेरै नै फैलिएच । बौद्धधर्मानु-यायिहरुको सङ्ख्या ऐले पचास करोड जति छ भन्चन् । बौद्ध धर्मका प्रमुख दुइ सम्प्रदाय छन् : महायान र हीनयान । हीनयानलाइ आजभोलि थेरवाद (स्थविरवाद) भन्नि चलन चलाएया देखिन्च । वज्रयान भन्नि एक तन्त्रप्रधान बौद्धसम्प्रदाय पनि तिब्बतमा र नेपालमा व्यावहारिक रूपमा प्रचलित भाको चर्चा सुनिन्च । महायानका प्रमुख मूल ग्रन्थहरु संस्कृतभाषामा छन् र ति सद्धर्मपुण्डरीक, रत्नकूट, गण्डव्यूहसूत्र, सुखा-वतीव्यूहसूत्र, दशभूमिकसूत्र, समाधि–राजसूत्र, सुवर्णप्रभाससूत्र, प्रज्ञापारमितासूत्र, र लङ्कावतारसूत्र मानिन्चन् । हीनयानको वा थेरवादको प्रमुख ग्रन्थ शाक्यसिंह बुद्धका चेलाहरुले अशोकका राज्य-कालमा भाको प्रथम सङ्गीतिसम्ममा सङ्गृहीत गरिसकिएको त्रिपिटक ग्रन्थ मानिन्च । यो पालिभाषामा छ । ति–तिन–पिटकमद्दे (१) आचा-रको उपदेशको सङ्ग्रह भाको भनिएको सुत्त–पिटकमा (क) दीघनिकाय (ख) मज्झिम-निकाय (ग) संजुत्तनिकाय (घ) अंगुत्तरनिकाय (ङ) खुद्दकनिकाय इ पाँच भाग छन्; जातक र धम्मपद खुद्दकनिकायका–पन्द्र–भाग–मद्देकै भाग हुन्; (२) भिक्षु–भिक्षुणिहरुका लागिको व्यवहारोपदेशको सङ्ग्रह भाको भनिएको विनयपिटकमा (क) महावग्ग (ख) चुल्लवग्ग इत्यादि भागहरु छन्; (३) निर्वाणको अभिमुख तत्त्व-ज्ञानको उपदेशको सङ्ग्रह भाको भनिएको अभिधम्मपिटकमा (क) धम्म-संगणि, (ख) विभंग, (ग) धातुकथा, (घ) पुग्गलपंञ्ञत्ति, (घ) कथावत्थु, (च) यमक, (छ) पट्ठान इ भागहरु छन् । पछि हीनयानि–(स्थविर-वादि–) हरुले पनि आँफ्ना ग्रन्थ संस्कृतमा रच्न थालेचन् । तथापि हीनयानिका मूल ग्रन्थ त्रिपिटक नै मानिन्चन् । प्रकारान्तरले बौद्धका चार सम्प्रदाय छन् । ति माद्ध्यमिक, योगाचार, सौत्रान्तिक र वैभाषिक हुन् ।तिनमा पैला दुइ महायानि र पछिल्ला दुइ हीनयानि देखिन्चन् ।

(१) सब शून्य मत्लै हो भन्नि शून्यवादि माद्ध्यमिकका अर्वाचीन संस्कृत-ग्रन्थमा नागार्जुनको माद्ध्यमिककारिका, आर्यदेवको चतुश्शतक; (२) क्षणिक ज्ञान मत्लै छ, अरु केइ छैन भन्नि क्षणिकविज्ञानवादि योगाचारमतका अर्वाचीन संस्कृतग्रन्थमा असङ्गको महायानसूत्रालङ्कार र वसुबन्धुको विज्ञप्तिमात्रतासिद्धि (विंशिका) आदि; (३) बुद्धिले अनुमान गरिनि क्षणिक वस्तुमत्लै छन्, अरु केइ छैन भन्नि, अनुमित-क्षणिक-वस्तु-वादि, सुत्तपिटकलाइ वर्ता मान्यता दिनि सौत्रान्तिकका अर्वाचीन संस्कृत-ग्रन्थमा कुमारलातको कल्पनामण्डितिका, सङ्घभद्द्रको अभिधर्मकोशकरका आदि र (४) प्रत्यक्षरूपमा अनुभवमा आउनि क्षणिक वस्तु मत्लै छन्, अरु केइ छैन भन्नि प्रत्यक्षक्षणभङ्गुरवस्तुवादि सर्वास्तिवादि वैभाषिकका अर्वाचीन संस्कृत-ग्रन्थमा कात्यायनीपुत्रको ज्ञानप्रस्थानशास्त्र (महाविभाषा), शारिपुत्रको धर्मस्कन्ध, वसुबन्धुको अभिधर्मकोश, दिङ्नागको प्रमाणसमुच्चय इत्यादि मानिञ्चन्। उक्त चार सम्प्रदायको परिचयबडै बौद्धहरुका सिद्धान्तको पनि सङ्क्षिप्त परिचय प्राप्त हुञ्च। हीनयानि बौद्धका आचार-पक्षमा दुःख, दुःखहेतु, दुःख-निरोध (निर्वाण), दुःखनिरोधमार्ग इ चार आर्यसत्य; सम्यक् दृष्टि, सम्यक् सङ्कल्प, सम्यक् वचन, सम्यक् कर्मान्त, सम्यग् आजीव, सम्यग् व्यायाम, सम्यक् स्मृति, सम्यक् समाधि इ आठोडा अङ्ग भाको अष्टाङ्गिक मार्ग; शील, समाधि र प्रज्ञा इ तिन अवयव भाको रत्नत्रय प्रमुख कुरा देखिञ्चन्। बौद्ध धर्ममा वैदिक-धर्मको नै धमिलो छाया देखिञ्च; वैदिक-धर्मको जस्तो सम्पूर्णता भने एसमा देखिँदैन।

(४) सिक्खमत- सिक्खमत विक्रमाब्दका सोरौं शताब्दीका पूर्वार्धमा पञ्जाबको तलवन्दि भन्नि गाममा जन्मेका नानकले चलाको मत मानिञ्च। सिक्खहरुका-दस-गुरुमद्दे नानक पैला मानिञ्चन्। एस मतमा पनि परमात्मज्ञान-सम्बन्धि कुरा वैदिक-धर्मबडै लिय्येका देखिञ्चन्। तथापि यो मत भक्तिमार्गको विशेष पक्षपाति बुझिञ्च। एसमा पनि वर्ण-जाति-व्यवस्थालाइ मान्यता छैन। सिक्खका दोस्रा गुरु अङ्गदले सबैजातका लागि सहभोजन गर्न खुला भन्सा नै चलाएका थिए भञ्चन्। सिक्खका तेस्रा गुरु अमरदासले दिवालि, वैशाखी, माघी उत्सवहरुको प्रथा चलाएका रचन्। चौथा गुरु रामदासले सिक्खको आचार सहिता र स्तोत्रहरु रचेका रचन्। विक्रमाब्दका सत्रौं शताब्दीका पूर्वार्धमा जन्मेका पाँचौं गुरु अर्जुनले अमृतसरलाइ सिक्खहरुको उद्द्योगको र संस्कृतिको केन्द्रका रूपमा विकसित गरेका रचन् र आफुभन्दा अगिका

चौंर गुरुका भजनहरुको, रविदास–(रैदास–) कबिर–नामदेव–रामदास-हरुका भजनहरुको र आँफ्ना भजनको पनि सङ्ग्रह गरि सिक्खहरुको धर्मग्रन्थ "आदिग्रन्थ" बनाएका रचन्। छैटा गुरु हरगोविन्दले आध्यात्मिकशक्तिको र सैनिकशक्तिको प्रतीक दुइ कृपाण भिनि प्रथा चलाएका रचन्। सातौँ गुरु हरराय र आठौँ गुरु हरकिसन मानिँदा रचन्। नवौँ गुरु तेगबाहादुरले सिक्खमतको मत्र्ै हैन पुरै हिन्दुधर्मको रक्षाका लागि काम गरेका थिए भञ्चन्। विक्रमाब्दको अट्ठारौँ शताब्दीका दोस्रा दशकमा जन्मेका दसौँ गुरु गोविन्दसिंहले खालसा–(सिक्खसम्प्रदाय-विशेष–)को स्थापना, सिक्खहरुको स्थायि गुरुका रूपमा 'आदिग्रथ–' को स्थापना, अरु रचनात्मक वाङ्मयको सृष्टि, कृपाण–दीक्षा-प्रवर्तन तथा केश–काँघ्यो–कृपाण–कच्छा–कडा–(बालो–) का प्रथाको प्रवर्तन गरि सिक्खसम्प्रदायको विशेष व्यवस्था बाँदेको बताइञ्च। सिक्खमतको उपासनाकेन्द्रलाइ 'गुरुद्वारा' भञ्चन्, त्याँहाँ राखिनि 'आदिग्रन्थ' इत्यादि-ग्रन्थलाइ 'गुरु ग्रन्थ–साहिब' भञ्चन्, गुरुद्वाराहरुमा ज्ञानिहरु वा ग्रन्थिहरु (गुरु–पुरोहित) हुञ्चन्। सिक्खहरुको पुरुषका नामका पछाडि 'सिंह' जोड्नि र स्त्रीका नामका पछाडि 'कौर' जोड्नि चलन बुजिञ्च।

(५) **आर्यसमाजिमत**– यो मत दयानन्दले १०० वर्षजति अगि चलाएको मत हो। एसमतमा वेदका मन्त्रसंहिता मत्र्ै वेद मानिञ्चन्; ब्राह्मणग्रन्थ वेद मानिदैनन्; तिनमा पनि ऋग्–यजु–साम-अथर्व–का एक एक संहिता ईश्वरकृत मानिञ्चन्; अरु संहिता तिनैका मनुष्यकृत संस्करण मत्र्ै मानिञ्चन्; वेदको अर्थ दयानन्दले गरेको ठिक; अरु प्राचीन विद्वान्ले गरेको बेठिक भञ्चन्; वैदिक–यज्ञमा पशुहिंसाको विधान छ भन्नि कुरा मान्दैनन्; वर्णविभाग जन्मले नभएर कर्मले हुनपर्च भञ्चन्; मूर्तिपूजाको सर्वथा खण्डन गर्चन्; भागवतादि पुराणलाइ प्रमाण मान्दैनन्; मांरेकाको दाह– पछि अरु काजकिरिया केइ पनि गर्न पर्दैन भञ्चन्; नियोग–धर्मलाइ ऐले पनि कर्तव्यै माञ्चन्। राणाकालमा आर्यसमाजिमत नेपालमा चलाउनमा प्रतिबन्ध भएको देखिञ्च।

(६) **वैशेषिक-दर्शन**– कणादले बनाएको वैशेषिकसूत्र एस दर्शनको मूल ग्रन्थ हो। द्रव्यादिमा परस्पर–भेद गराउनि विशेष भन्नि छुट्टै पदार्थ मान्नि हुनाले एस दर्शनलाइ वैशेषिक–दर्शन भनिया हो। वैशेषिक-दर्शनमा प्रत्यक्ष र अनुमान दुइ प्रमाणमत्र्ै मानिञ्चन्। वैशेषिकसूत्रमा द्रव्य गुण कर्म जाति विशेष र समवाय इ पदार्थको तत्त्वज्ञान भै (१।१।४) संसारलाइ दोषपूर्ण देखेर विरक्त भएपछि मनुष्य आत्मज्ञान

गरेर (६।२।१६) सुखदुःखेच्छाद्वेषादि सबै आत्मविशेषगुणहरुको उच्छेद हुँदा (५।२।१८) मुक्त हुञ्च भन्नि सिद्धान्त देखिञ्च । एस दर्शनले वेदलाइ स्वतन्त्र प्रमाण नमाने पनि यो दर्शन पूर्णतया वेदविरोधि भने देखिँदैन ।

(७) **तार्किक-(नैयायिक-)दर्शन**– गौतमले बनाएको न्यायसूत्र एस दर्शनको मूलग्रन्थ हो । एस दर्शनमा प्रत्यक्ष अनुमान उपमान र शब्द इ चार प्रमाण मानिञ्चन् (१।१।३) । प्रमाण–प्रमेयादि सोर पदार्थका तत्त्वज्ञानले (१।१।१,२) यम-(साधारणधर्म-)को र नियम–(वर्णाश्रमधर्म–)को पालनाले र अद्ध्यात्मविद्याभ्यासादिले (४।२।४६–४७) मोक्ष हुञ्च भन्नि एसको सिद्धान्त छ (१।१।१,२) । एस दर्शनमा दुःखको अत्यन्ताभाव नै मोक्ष मानिया छ (१।१।२२) । पदार्थका दृष्टिले यो वैशेषिक दर्शन जस्तै छ । एसले प्रत्यक्षादि प्रमाणको निरूपणमा वर्ता जोड दिया देखिञ्च । एस दर्शनको केवल प्रमाणको, तेसमा पनि अनुमानको र तेसका अङ्गको निरूपणमा केन्द्रित पक्षलाइ नव्यन्याय भञ्चन्; एस पक्षका गङ्गेशोपाद्ध्यायको तत्त्वचिन्तामणि, तेसको रघुनाथकृत दीधितिटीका र तेसका गादाधरी र माथुरी टीका प्रमुख ग्रन्थ हुन् । यो दर्शन पनि वेदको सर्वथा विरोधि देखिँदैन ।

(८) **साङ्ख्यदर्शन**– कपिलले उपदेश गरेको मानिनि साङ्ख्यदर्शनको ऐले प्राप्य प्रामाणिक प्राचीनतम ग्रन्थ ईश्वर-कृष्णविरचित साङ्ख्यकारिका मानिञ्च । वेदान्तका र साङ्ख्यका प्रकृति, महत्-तत्त्व, अहङ्कार आकाशादि पदार्थ उस्तै भाकाले र ज्ञानमार्ग (वेदान्त) पनि साङ्ख्य पनि भनिञ्च भन्नि नजान्नाले पुराणहरुमा कपिलाभिमत–साङ्ख्य–सिद्धान्त मानिय। छ भन्नि भ्रम धेरैलाइ भाको बुजिञ्च । कपिलाभिमत साङ्ख्य अनेकात्मवादि र प्रकृतिस्वातन्त्र्यवादि छ र प्रकृतिपुरुषको भेद राम्ररि बुज्नाले मोक्ष हुञ्च भञ्च; वेदान्त भने एकात्मवादि र प्रकृत्यस्स्वातन्त्र्यवादि छ र ब्रह्मात्मज्ञानले मोक्ष हुञ्च भञ्च । पुराणहरुको साङ्ख्य प्राय वेदान्तरूपकै देखिञ्च । यो दर्शन पनि वेदको सर्वथा विरोधि भने देखिँदैन ।

(९) **योग–दर्शन**– योगदर्शनको ऐले प्राप्य प्राचीनतम ग्रन्थ पतञ्जलिकृत योगसूत्र मानिञ्च । पदार्थहरुका र मोक्षका विषयमा एसको मत साधारणतया कापिल–साङ्ख्यको जस्तै हो । मोक्षको उपायका रूपमा भने एसले यम, नियम; आसन, प्राणायाम, प्रत्याहार, ध्यान; धारणा, समाधि इ आठ अङ्ग भाको योग–प्रक्रियालाइ अँगालेको देखिञ्च । यो दर्शन पनि सर्वथा वेदविरोधि देखिँदैन ।

(१०) **वैष्णव-सम्प्रदाय**– वैदिक यज्ञ, सूर्य र आत्मा पनि विष्णु

भनिनि हुँदा वैदिक–सनातन–वर्णाश्रम–धर्मानुयायिहरुलाइ पनि यौगिक अर्थ लिएर वैष्णव भन्न सकिन्छ । तथापि आजभोलि लोकमा वैष्णव भनि प्रसिद्ध वर्गचाँइ 'परमापदमापन्नो हर्षे वा समुपस्थिते । नैकादशीन् त्यजेद् यस् तु यस्य दीक्षाऽस्ति वैष्णवी । विष्ण्वर्पिताऽखिलाऽऽचारः स हि वैष्णव उच्यते ।' भनि निर्णयसिन्धुका एकादशी–निर्णयप्रकरणमा उद्धृत स्कन्द-पुराणका वचनको अनुकूल वर्ग हो । वैदिकाऽ भिन्न वैष्णवहरुको मूल शास्त्र वेद भए पनि वैष्णव भनि ऐले लोकमा प्रसिद्ध वैष्णवहरुको प्रधान विशेष-शास्त्र वैखानसाऽऽगम वा पञ्चरात्राऽऽगम देखिन्छ । तेसैले यामुनले आगमप्रामाण्य भन्नि ग्रन्थमा पञ्चरात्राऽऽगमको प्रमाण्य स्थापित गर्न अति नै प्रयास गरेको देखिन्छ । वैष्णवहरुको पाञ्चरात्ररक्षा भन्नि एक आर्को ग्रन्थ पनि छ । रामानुजिहरु आलवारहरुले बनाका भक्तिमार्गका द्रविड–(तमिल–) भाषाका ग्रन्थलाइ पनि वेदजस्तै पवित्र र प्रामाणिक ग्रन्थ मान्छन् । आलवारहरुले बनाएका ति 'तमिलवेद'हरुलाइ 'वैष्णववेद' पनि भन्छन् । वैखानसाऽऽगम भनि बलदेव उपाद्ध्यायले कृष्णयजुर्वेदीय वैखानसशाखालाइ लिएको देखिन्छ । एस शाखाका आठ–अद्दे भाको वैखानस–मन्त्रपाठ, श्रौतसूत्र, गृह्यसूत्र र धर्मसूत्र ऐले पनि पाँइन्छन् । तिनमा कतैकतै नारायणपरता झल्कन्छ पनि । वस्तुतः यो वैखानसाऽऽगम हो कि वैखानसाऽऽमगवड प्रभावित वेदशाखाविशेष मत्रै हो भन्नि कुरा विशेष विवेचनीय देखिन्छ । प्राचीन वैष्णवहरु नारायणका उपासक भाको कुरा रामकृष्ण गोपाल भण्डारकरले पनि 'वैष्णव शैव और अन्य धार्मिक मत' भन्नि पुस्तकमा लेखेका छन् । पारमात्मिकोपनिषद्का टीकामा वैखानसाऽऽगमलाइ सात्त्विक र वैदिक तथा पाञ्चरात्रलाइ अवैदिक मानिया देखिन्छ (पृ.१४१–१४२)। पञ्चरात्राऽऽगम ब्राह्म पञ्चरात्र, शैव पञ्च-रात्र, कौमार पञ्चरात्र, वासिष्ठ पञ्चरात्र, कापिल पञ्चरात्र, गौत-मीय पञ्चरात्र र नारदीय पञ्चरात्र गरि सात प्रकारको भाको कुरा वाचस्पत्य शब्दकोशमा उल्लिखित देखिन्छ । त्याँहाँ आर्का वचनमा पञ्चरात्र पाँच प्रकारको छ भनि पूर्वोक्त पञ्चरात्रमा नपरेको एक आर्को सनत्कुमारीय पञ्चरात्रको पनि उल्लेख गरिया देखिन्छ । पाञ्च-रात्रसंहिता–नामक ग्रन्थहरुको सङ्ख्या कपिञ्जल–संहितादि–पुरानै–ग्रन्थ–अनुसार् पनि दुइ–शत–पन्द्र छ भन्नि कुरा बलदेव उपाद्ध्यायले आर्यसंस्कृति (के मूलाधार) भन्नि ग्रन्थमा (३२३ पृ.) लेख्या देखिन्छ । तर तिनमा कुनकुन संहिता ब्राह्मपञ्चरात्रादि कुनकुन पञ्चरात्रका हुन् भन्नि कुरा त्याँ खुलाएया देखिँदैन । आजभोलिका रामानुजीयादि

वैष्णवहरु ब्राह्मपञ्चरात्रादि--सात-आठ-पञ्चरात्रहरु-मद्दे कुन पञ्च-रात्रका अनुयायि हुन् र तिनका संहिता कुनकुन हुन् त्यो कुरा राम्ररि बुझ्न पाइया छैन। तिनिहरुले यो कुरा, अज्ज्ञानले हो कि विप्प्रलिप्साले हो, निश्चित र प्रष्ट गरि खोलेर लेख्न सक्या देखिँदैन। विविध-पञ्च-रात्रसंहिता-ग्रन्थहरु-मद्दे बृहद्-ब्रह्म-संहिता, नारदीय-संहिता, सात्त्वत-संहिता, जयाक्ख्यसंहिता, विश्वामित्रसंहिता, विष्वक्सेनसंहिता, श्रीप्रश्न-संहिता, ईश्वरसंहिता, सनत्कुमारसंहिता, अहिर्बुध्न्यसंहिता, कपिञ्जल-संहिता, भारद्वाजसंहिता र विष्णुसंहिता इत्यादि केइ ग्रन्थ मुद्रित भाका बुजिञ्चन्। यैले लोकमा प्रचलित वैष्णवहरु श्रीवैष्णव (रामानुजि), माद्ध्ववैष्णव, निम्बार्कीयवैष्णव, वल्लभीयवैष्णव, गौडीयवैष्णव (चैतन्य-सम्प्रदायानुसारि), रामानन्दीयवैष्णव इत्यादि छन्। इनिहरुले पाञ्च-रात्रागमसंहिताहरुको र पुराणेतिहासका कतिपय वचनको आड लिएर आँफ्नाआँफ्ना ढङ्गले ब्रह्मसूत्रको व्याक्ख्या गरेका छन्। जुद्धसम्सेरका पालामा अगिका अइनमा थाम्न पनि थामि थप्न सच्याउन पनि थपि सच्याइ बनाएकेको भनिएको १९९२ सवँ्वत्मा छापिएको (मुलुकि)अइनको पाँचौं भागमा अदलको महलका २९ नम्बरमा आर्यसमाजि, ब्रह्ममाजि, राधा-कृष्ण, वल्लभि, झन्नापन्ना··· इत्यादि विधर्मि विदेशि मतहरुको नेपालमा प्रचार गर्न निषेध गरिएको देखिञ्च र ति मतहरुमा ब्राह्मणदेखि पाँनि नचल्नि सम्मका नेपालि कसैलाइ लगेमा जानि र लैजानि दुअैलाइ बात लाग्नि, एस्तो मुद्दामा सर्कार नै वादि हुनि र तेसरि जानि नेपालिले अड्डस नपाँउनि समेत व्यवस्था बाँदिएको देखिञ्च। एसबड कतिपय वैष्णव-मतहरु वैदिक-सनातन-वर्णाश्रमधर्मका अत्यन्त प्रतिकूल भाको सङ्केत पाँइञ्च। एस प्रसङ्गमा द्वारकाका द्वारकानाथ (कृष्ण), तिरु-पतिका बालाजि, पुरीका जगन्नाथ, प्रयागका वेणीमाधव, मथुरावृन्दावनका द्वारकाधीश-कृष्णगोपाल, बदरिकाश्रमका बदरीनाथ, नेपालोपत्यकाका चार नारायण इत्यादि देउता नारदपाञ्चरात्रादि-कुनै-आगम-अन्सार्का विष्णु हुन् कि वेदानुकूल-पुराण-अन्सार्का विष्णु हुन् भन्नि कुरा र तिनको कसकसले केकस्ता प्रकारले पूजा गर्नि हो भन्नि कुरा पनि विशेष विवेच्च्य देखिञ्च। एस विषयमा त्रिस्थलीसेतु पनि द्रष्टव्य छ (२०७ पृ.)।

११. **शैवसम्प्रदाय**- शैवसम्प्रदाय वैदिक रुद्रका उपासनाबडै विकसित भाको हो भन्नि विवेचकहरुको भनाइ छ। शैवसम्प्रदायका पनि सिद्धान्त-शैव, पाशुपत, लाकुल (लागुड), कापालिक, अघोर, काला-मुख, वीरशैव (लिङ्गायतमत वा जङ्गममत) इत्यादि विविध रूप

देखिच्चन् । शैवसम्प्रदायका प्रामाणिक ग्रन्थहरुमा कामिकागम, योगजाऽऽगम, चिन्त्यागम इत्यादि दस आगमको गोपीनाथ कविराजले 'तन्त्र और आगमशास्त्रों का दिग्दर्शन' भन्नि ग्रन्थमा उल्लेख गरेका छन् । उनले विजयागम निश्श्वासागम इत्यादि अट्ठार रौद्रागमको पनि उल्लेख गरेका छन् र तिनको पाशुपत–मतसित सम्बन्ध देखाऽ छन् । चौसट्ठि भैरवागमहरुका पनि त्याँहाँ नाम पाँइच्चन् । नेपालका पशुपतिनाथ, काशिका विश्श्वनाथ, सेतुबन्धद्वीपका रामनाथ (रामेश्श्वर), सौराष्ट्रका सोमनाथ, केदारक्षेत्रका केदारनाथ, कश्मीरका अमरनाथ तथा अरु वैद्यनाथादि देवताहरु कुनै–आगम–अन्सार्का शिव हुन् कि वेदानुकूल–पुराण-अन्सार्का शिव हुन् भन्नि कुरा र तिनको कसकसले केकस्ता प्रकारले दर्शन-स्पर्शन–पूजा–उपासनाहरु गर्नि हो भन्नि कुरा पनि विवेच्च्य देखिच्च । एस विषयमा पनि त्रिस्स्थलीसेतु (२०७ पृ.) द्रष्टव्य छ ।

१२. **शाक्तसम्प्रदाय–** शाक्तसम्प्रदाय भनि प्रसिद्ध भए पनि एस सम्प्रदायमा शिवमा समवेत शक्तिको नै उपासना हुनि जस्तो देखिच्च । अतः एस सम्प्रदायमा शिवको स्थान पनि महत्त्वपूर्ण देखिच्च । सदाशिवकै ऊर्ध्वमुखबड मुक्तिदिनि सिद्धान्तागमको, पूर्वमुखबड विषहर गारुड-तन्त्रको, उत्तरमुखबड वशीकरणोपयोगि तन्त्रको, पश्चिममुखबड भूत-निवारक भूततन्त्रको र दक्षिणमुखबड शत्त्रुनिवारक भैरवतन्त्रको उत्पत्ति मानिनि कुरा कामिकागममा छ भच्चन् । शाक्तसम्प्रदायमा दस महा-विद्या भन्नि कुरा प्रसिद्ध छ । ति–ति महाविद्याका आँफ्ना–आँफ्ना भैरव पति मानिँदा रचन् । भैरवहरु शिवकै रूप मानिच्चन् । सातौँ महाविद्या धूमावतीका भैरव नहुनाले ति विधवा मानिनि कुरा र शाक्तविशेष कौलहरुको र शैवविशेष पाशुपतहरुको घनिष्ठ सम्बन्ध भाको कुरा गोपीनाथ कविराजले लेख्याऽ छन् । शाक्तोपासनाका कुलार्णवतन्त्र–निश्श्वासतन्त्रादि–अन्सार् वेदाचार, वैष्णवाचार, शैवाचार, दक्षिणाचार, वामाचार, सिद्धान्ताचार र कौलाचार गरि सात आचार भए पनि र सनत्कुमारसंहितानुसार् कौलाचार, क्षपणकाचार, कापालिकाचार, दिग-म्बराचार, इतिहासकाचार, वामकाचार र समयाचार इ सात आचार भए पनि कुलाचार समयाचार र मिश्श्राचार इ तिन आचार प्रमुख रचन् । तिनमा सौन्दर्यलहरीका व्याख्याता लक्ष्मीधरले समयाचारलाइ वैदिक र मोक्ष फल दिनि तथा अरु आचारलाइ अवैदिक र ऐहिक फल दिनि मानेका रचन् । समयाचारमा शुभागमपञ्चक भनिएका वसिष्ठसंहिता शुकसंहिता, सनकसंहिता, सनन्दनसंहिता र सनत्कुमारसंहिता इ पाँच

संहिताको र कुलाचारका चौंसट्ठि तन्त्रको पनि गोपीनाथले उक्त ग्रन्थमा उल्लेख गरेका छन् । शाक्तहरुले दशमहाविद्याहरुको उपासना गर्नि कुरा प्रसिद्ध छ । दस महाविद्याहरुमा पनि काली–तारा–र–श्रीविद्याको उपासना बर्ता प्रचलित रच । तिनमा पनि श्रीविद्याको उपासना अति प्रचलित भनिन्च । श्रीविद्यालाइ नै षोडशी, श्रीसुन्दरी, त्रिपुरसुन्दरी, परा, ललिता, भट्टारिका इत्यादि नामले व्यवहारगर्दा रचन् । श्रीविद्याको सङ्क्षिप्त उल्लेख शाङ्खायनारण्यकमा पनि छ र 'शङ्कराचार्य'–का मठहरुमा पनि श्रीविद्याको उपासना ऐले पनि प्रचलित छ भन्चन् । श्रीविद्याका पनि कादिविद्या हादिविद्या र कहादिविद्या गरि तिन भेद मानिँदा रचन् । श्रीविद्याका दीक्षामा पर्लेइ शिवाङ्कस्था आनन्दमयी सर्वकारणात्मिका सर्वात्मिका देवीको ध्यान; अनि चक्कपूजा; अनि तत्त्वज्ञान इ तिन सिँडि मानिँदा रचन् । शाक्त सम्प्रदायमा चक्कपूजाको अति महत्त्व मानिँदो रच (वैष्णव, शैव और अन्य धार्मिक मत, १६७ पृ.) । चक्कपूजामा पूर्वकौलहरुले भुजापात–आदिमा नौ योनिहरुका मण्डलका बिचमा एक योनि लेखि तेसैमा पूजा गर्नि; उत्तरकौलहरुले साक्षात् स्त्रीकै योनिमा पूजा गर्नि र समयाचारिहरुले भने काल्पनिक रूपमा (श्रीयन्त्रमा) पूजा गर्नि कुरा भण्डारकरले लेखेका छन् । ति श्रीविद्याका उपासकहरुको 'म त्रिपुरसुन्दरीसित एक हुन सकम्' भन्नि ध्याउन्न हुनि र तिनले 'म स्त्री हुम्' भन्नि भावना गर्न पनि कुरा पनि उनले लेख्याऽ छन् । नेपालका दक्षिणकाली, गुह्येश्वरी; काञ्चीकि कामाक्षी, कश्मीरकि क्षीरभवानी, असमकि कामाख्या देवीहरु र तिनका मद्ध्यस्थ मानिनि काशिविश्वनाथ; पश्चिमसागरतीरस्थ पूर्णगिरिकि देवी, पूर्वसागरतीरस्थ कामगिरिकि देवी, मेरु–शिखरस्थ देवी र मद्ध्यस्थ उड्डीश भनेका देवदेवीहरु कुनकुन सम्प्रदायका र कस्ता-कस्ताले के–कस्ताप्रकारले उपास्य हुन् बुज्न पनि कुरा देखिन्च । साधारण गतानुगतिक लोक तेसै हाहामा दकुर्च । वैदिक–सनातन–वर्णाश्रमधर्मानुयायिहरुले भने इ देवदेवीहरुका नजिक पर्दा नमस्कार गर्नि र दाइने पारेर हिण्नि सम्म गरे हुनि देखिन्च । तेसमा पनि शूद्रले स्थापना गरेका र पुजेका देव-मूर्तिहरुको त द्विजातिले पूजा गर्न वा नमस्कार–प्रदक्षिणादि गर्न पनि नहुनि कुरा पुराणका वचनहरुबाट बुजिन्च (निर्णयसिन्धुको तृतीयपरिच्छेदपूर्वार्धको देवप्रतिष्ठाधिकारिनिरूपणप्रकरण द्रष्टव्य छ ।)

१३. **सौरसम्प्रदाय– 'सूर्य आत्मा जगतस् तस्थुषश् च'** (ऋ. १।११५।१) इत्यादि भनि वेदमा सूर्यको महिमा गाय्येकाले सौरसम्प्रदाय

पनि वेदैवड निस्केको देखिञ्च भञ्चन् । कौषीतकिब्राह्मणोपनिषद्मा (२।५) सूर्योपासनाको विधि पाँइञ्च । आनन्दगिरिका शङ्करदिग्विजयमा छ प्रकारका सूर्योपासक भक्तहरुको उल्लेख छ भञ्चन् । किन्तु भारतवर्षमा ऐले प्राप्य सूर्यका–मूर्ति–र–मन्दिरको-परम्परा भने शाकद्वीपका(पारस-देशका) मग ब्राह्मणहरुले ल्याको देखिञ्च भन्नि विवेचकहरुको भनाइ छ । वराहमिहिरले बृहत्संहिताका अण्ठाउन्नौं र उनन्साठियौं अद्देमा देखाका मूर्तिका लक्षणबड र पूजकका व्यवस्थाबड तथा अभिलेखहरुबड र भविष्यपुराणबड उक्त कुरा देखिन आँउच भन्नि निजहरुको तर्क छ । औरङ्गजेबले सर्वथा उच्छिन्न गरेको मुल्तानस्थित सूर्यमन्दिरको कुरा र मुल्तान-देखि गुजरातसम्म धेरै सूर्यमन्दिर पाय्येको कुरा पनि रामकृष्ण गोपाल भण्डारकरले लेख्या छन् । पञ्चायतनपूजामा सूर्यको पूजा पनि गरिञ्च । आदित्यपूजाको उल्लेख याज्ञवल्क्यस्मृतिमा पनि छ (१।२९४) ।

१४. **गाणपत्य–सम्प्रदाय**– गणपतिशब्दको उल्लेख वेदमा पाँइञ्च । त्यहाँ यो यौगिक शब्द देखिञ्च । मरुद्गणको पति हुनाले रुद्रलाइ गणपति भनिएको बुजिञ्च । ऋग्वेदमा ब्रह्मणस्पति- (बृहस्पति-) लाइ पनि गणपति भनिया देखिञ्च (२।२३।१) । मानवगृह्यसूत्रमा चार विनायकहरुको उल्लेख पाँइञ्च (२।१४) । तिनका नाम शाल-कटङ्कट कूष्माण्डराजपुत्र उस्मित र देवयजन देखिञ्चन् । याज्ञवल्क्य-स्मृतिमा गणपति–विनायकका (१।२७१) मित, सम्मित, शालकटङ्कट, कूष्माण्डराजपुत्र इ नामको उल्लेख (१।२८५) छ र अम्बिकालाइ विना-यककि जननी भनिएको छ (१।२९०) । विनायकलाइ त्यहाँ महागण-पति पनि भनिएको बुजिञ्च (१।२९४) । याज्ञवल्क्योक्त विनायकका चारोडा मत्वै नाम भाको कुरा विश्वरूपले लेख्या छन् । तसर्थ विज्ञाने-श्वरको पाठ र व्याख्या भ्रष्ट देखिञ्च । देवीभागवतमा पनि गाण-पत्यसम्प्रदायको उल्लेख पाँइञ्च (७।३९।३१) । आनन्दगिरिका शङ्कर-दिग्विजयमा महागणपतिका, हरिद्रागणपतिका, उच्छिष्टगणपतिका, नवनीतगणपतिका, स्वर्णगणपतिका र सन्तानगणपतिका उपासकहरुका छओडा गाणपत्यसम्प्रदायको उल्लेख भाको कुरा भण्डारकरले लेखेका छन् । पञ्चायतन–पूजामा गणेशको पूजा गरिञ्च । तर इ गणेश सम्प्रदायविशेष–अन्सार्का गणपति नभै पौराणिक–गणेश बुजिञ्चन् ।

१५. **कौमार–सम्प्रदाय**– कुमार, स्कन्द, कार्त्तिकेय, षडानन, महासेन, षाण्मातुर इत्यादि भनिनि देवताको उपासना गर्नि सम्प्रदाय भारतवर्षमा भाको कुरा रामायण– (१।३७) महाभारत– (वनपर्व

२१६ अ०) पाणिनीयव्याकरणभाष्य (५।३।६६) इत्यादिका उल्लेखबड बुजिञ्च । कुषाण राजा कनिष्कका नाणकहरुमा स्खन्दो (स्कन्द) महासेनो कुमारो र विजागो (विशाख) भन्नि उल्लेख पाँइनि कुरा भण्डारकरले लेखेका छन् । याज्ञवल्क्यस्मृतिमा तिलकस्स्वामिको उल्लेख छ (१।२६४) । त्याँहाँ विश्श्वरूपको पाठ ठिक देखिञ्च । विज्ञानेश्श्वरको पाठ र व्याक्ख्या अशुद्ध देखिञ्च । तिलकस्स्वामि भनेको कार्त्तिकेयकै नाम हो भन्नि बुजिञ्च । कार्त्तिकेयलाइ स्वामिकार्त्तिक भन्नि पनि चलन छ । वाचस्पतिमिश्श्रले पनि भामतीका प्रारम्भमा याज्ञवल्क्यस्मृतिको (१।२६४) प्रभाव झल्काँउदै "**मार्तण्ड–तिलकस्स्वामि–महागणपतीन् वयम् । विश्श्ववन्द्यान् नमस्स्यामस् सर्वसिद्धिविधायिनः**" भनि तिलकस्स्वामिको उल्लेख गरेका छन् । वेदान्तकलातरुमा "**तिलकप्रियः स्वामी तिलकस्स्वामी**" भनि व्याक्ख्या गरिएको छ । त्याँहाँ अनन्तकृष्णशास्त्रिले टिप्पणीमा "**तिलकस्स्वामी स्कन्दः**" भन्नि उल्लेख गरेका छन् । आजभोलि कार्त्तिकेयको पूजा केरलदेशमा विशेष प्रचलित देखिञ्च । पञ्चायतनपूजामा भने कार्त्तिकेयको पूजा गरिँदैन । तथापि भक्तिमार्गमा कौमारसम्प्रदाय पनि प्रमुख भाको कुरा पराशरमाधवीयमा (प्रथमभाग ३२७ पृ.) उद्धृत '**शैवञ्च वैष्णवं शाक्तं सौरवँ वैनायकन् तथा । स्कान्दञ्च भक्तिमार्गस्य दर्शनानि षडेव तु**" भन्नि पुराणसारको वचनबड बुजिञ्च ।

अरु पनि ब्राह्म–हैरण्यगर्भादि नामका सम्प्रदाय भारतवर्षमा कताकति देखिए–सुनिए पनि तिनको प्रमुखता नभएको कुरा उक्त पुराणसारवचनबड पनि देखिएको हुँदा याँहाँ तिनको विशेष विवरण दिनतिर लागिएन ।

भारतवर्षबाइरबड आका प्रमुख मत

१. **ख्रैस्त-(क्रिश्चियन-)मत**– अङ्रेजहरुले जीजस् (Jesus) भन्नि गरेको, ५३ वैक्रमाब्दमा जुडियाको बेथलेहेम भन्नि ठाममा यहुदिकुलमा जन्मेको एक व्यक्ति आँफ्ना तपस्स्याले गर्दा आकाशवाणीबडै ईश्श्वरपुत्र भनिएको कुरा क्रिस्तान्हरु गर्दारचन् । जीजस्लाइ अङ्रेजहरु स्तुतिमा सम्बोधन गर्दा 'येजु' (Jesu) पनि भञ्चन् अरे । हिब्रु भाषामा चाँइ निजलाइ 'येशुआ' भनिदो रच । उक्त व्यक्तिलाइ निजको उपदेशका अनुयायिहरुले येसु क्रैस्त (Jesus Christ) वा येसु मसाय्या (Jesus Messiah) भन्दा रचन् । क्रैस्त(क्राइष्ट)र मसाय्या भनेको मुक्तिदाता वा त्राता भनेको रच । उक्त व्यक्तिले प्रचार गरेका मतलाइ ख्रैस्त-

(क्रिश्चियन-)मत भञ्चन्। येसु ख्रिष्टले तिब्बतमा र भारतमा आएर बौद्ध मतको अद्ध्ययन गरेको भन्नि कुरा पनि कुनै भारतीय पत्रिकामा चर्चित भएको देखिएको थियो। ख्रैस्तमतको धर्मपुस्तकलाइ बाइबल भञ्चन्। एसमा प्राचीनकाण्ड र नव्व्यकाण्ड छन् अरे। प्राचीनकाण्डमा दिव्व्य मानवदूत मानिनि मोजेजका पाँच रचनाहरु र अरु सानासाना ग्रन्थ गरि चौबिस वा उनञ्चालिस ग्रन्थहरुको सङ्ग्रह छ अरे। वास्तवमा यो प्राचीन-काण्डलाइ क्रिस्तान्हरु मान्दैनन् अरे। एसलाइ यहुदिजातिका माञ्छे (इज्ज्रेयलिहरु) माञ्चन् अरे। प्राचीनकाण्डमा ईश्वरलाइ यहोवा (यह्व ?) भनिञ्च अरे। यहोवाले मोजेजलाइ "तिमिले मेरा निम्ति माटाको स्थण्डिल बनाउनु, स्थण्डिलमा जलाइएको बलि, शान्ति-बलि र तिम्रा भेडाको र गोरुको बलि दिनु" भनेका थिए भन्नि कुरा पनि त्याँहाँ उल्लिखित छ अरे। ईश्वरका (यहोवाका) दस उपदेशको पनि त्याहाँ उल्लेख छ अरे। नवीनकाण्डमा येसु ख्रैस्तले गरेका उप-देशहरुका मेत्थ्यु-मार्क-ल्युक-र-योहनले लेखेका पृथक्पृथक् विवरण-हरुको, योहनले लेखेका प्रेरित कर्महरुका आक्ख्यानहरुको र अरु विभिन्न सन्तहरुले लेखेका पत्रहरुको सङ्ग्रह छ अरे। बाइबलको एइ नव्व्यकाण्ड क्रिस्तान्हरुको धर्मको मूल पुस्तक रच। येसुले यहोवाको उपासना गरेर पाएको धर्मोपदेशको सार 'पूर्ण हृदयले र पूर्ण शक्तिले आँफ्ना ईश्वरको भक्ति गर, आँफ्नु छिमेकिलाइ आत्मवत् मानि प्रेम गर, सारा पशुबलि तथा अरु विधि-विधान सम्पन्न गर्नु भन्दा उक्त दुइ आदेशको पालना गर्नु श्रेयस्कर छ' भनि व्यक्त गरेका थिए अरे। बाइबलका दुइ काण्डका सिद्धान्तहरुको आलोचना आर्यसमाजका प्रवर्तक दयानन्दका सत्यार्थ-प्रकाशमा पाँइञ्च। बाइबलका सिद्धान्त र दर्शन वेदका सिद्धान्त र दर्शन जस्ता परिष्कृत देखिँदैनन्। तसर्थ ख्रैस्तमतको आकर्षण तेसको वैचा-रिक बलका वा धर्मको वास्तविक गुणका आधारमाभन्दा तेसका पक्षको आर्थिक र राजनीतिक बलका आधारमा भाको बुजिञ्च। तसर्थ ख्रैस्त-मततिर अभिमुख हुनिहरुले एस विषयमा विचार पुऱ्याउन उचित देखिञ्च।

२. **इस्लाम-(मोहमदीय-) मत-** ६२७ सवँवत्मा अरबदेशको मक्का भन्नि ठाममा मुहम्मद भन्नि एक व्यक्तिको जन्म भाथ्यो अरे। निजले मक्काको उत्तरतिर पर्नि हिरानामक पर्वतका गुफामा बसेर उपवास प्रार्थना र ध्यान गर्दा रमजानका मैनामा (इस्लामि नवम मैनामा) एकदिन गेब्रिएल भन्नि देवदूतको दर्शन र उसबड ईश्वरको

आदेश पाएको हो अरे । तेसमा मुहम्मदलाइ पुरा आत्मविश्वास नभै राखे कामा दुइ–तिन–वर्षपछि फेरि निजले गेब्रिएलको दर्शन पाएको हो अरे र निजलाइ आत्मविश्वास भएको हो अरे, अनि निजले तेस धर्मको प्रचार गर्न थालेको हो अरे। मुहम्मदले प्रचार गरेको,हनिफ-(इब्राहिमको धर्म मान्नि-) हरुको विश्वास–अन्सार्को धर्मका मुख्य कुरा एकेश्वरवाद-प्रपत्ति-मूर्ति-पूजाविरोध–न्यायदिवस–भक्तस्वर्गगमन–पापिनरकगमन–हरु नै थिए अरे। इस्लाम भनेको प्रपत्ति वा शरणागति हो अरे । मुसल्मान भनेको ईश्वर-को भक्त हो अरे, अल्ला भनेको ईश्वर हो अरे । इस्लामको धर्मग्रन्थ कुर्आन मुहम्मदका प्रथम उत्तराधिकारि आबुबेक्क भन्नि पैला खलिफाले बिस वर्ष लाएर सङ्कलन गरेको यहुदि तोरा–र–साम्स्को तथा येसुका प्रमुख उपदेशहरुको र मुहम्मदका उपदेशहरुको लिपिबद्ध सङ्ग्रह हो अरे। कुर्आन–(कुरान-) मा ११४ सुर (अद्दे) छन् अरे। कुर्आनका पूरक अरु केइ ग्रन्थ पनि छन् अरे। तर ति अतिरिक्त ग्रन्थलाइ सबै मुसल्मान मान्यता दिँदैनन् अरे। मान्यता नदिनिहरुलाइ शिया र मान्यता दिनिहरुलाइ सुन्नि भन्चन् अरे। मुसलमानका पछि विकसित भाका सम्प्रदायहरुमद्दे एउटा सुफि–सम्प्रदाय पनि हो अरे। एस सम्प्र-दायको मूल ग्रन्थ 'मस्नवि' भनिन्च अरे। तेसमा वेदान्तको अद्द्वैत-वादको प्रचुर प्रभाव देखिन्च भन्चन्। कुर्आनका सिद्धान्तहरुको आलो-चना दयानन्दको सत्यार्थप्रकाशमा पाँइन्च। कुर्आनका सिद्धान्त वेदका सिद्धान्तजस्ता परिष्कृत देखिँदैनन्। तथापि वेदको वा वैदिक धर्मको राम्रो परिचय नपाका हिन्दुहरु राजनीतिक दवाबले वा आर्थिक प्रलो-भनले वा राग-द्वेषादिले ठुलो सङ्ख्यामा मुसल्मान हुनि गरेको कुरा इतिहासमा सुनिन्च। ऐले पनि हिन्दुहरुका लागि यो विचारणीय विषय देखिन्च ।।

२०४५/३/२९

प्रमुख आधार–ग्रन्थ

१) मा. वा. शुक्लयजुर्वेदसंहिता, उव्वट–महीधर–व्याख्यासहिता, मोतिलाल–बनारसिदास, वाराणसी, १९७१ ।

२) मा. वा. शतपथब्राह्मणम्, सायणव्याख्यासहितम् (५ भाग), खेम-राज श्रीकृष्णदास, कल्याण, बम्बै, १९४० ।

३) कात्यायनश्रौतसूत्रम्, विद्याधर, वाराणसी, सर्वेवत् १९८७ ।

४) कात्यायनश्रौतसूत्र-देवयाज्ञिकपद्धतिः, चौखम्भा, वाराणसी,१९३७।

५) पारस्करगृह्यसूत्रम्, भाष्यपञ्चकसहितम्, बम्बै, १९१७ ।

६) (शाकल–) ऋग्वेदसंहिता, सायणव्याख्यासहिता (५ भाग) वैदिक–संशोधन–मण्डल, पुणे, १९७२ ।

७) ऐतरेयब्राह्मणम्,सायणव्याख्यासहितम्, आनन्दाश्रम,पुणे,१९७९ ।
८) (कौथुम–) सामवेदसंहिता, स्वाद्ध्यायमण्डल, पारडि, २०१५ ।
९) ताण्ड्यमहाब्राह्मणम्, चौखम्भा, वाराणसी, १९३५ ।
१०) (शौनकिनाम्) अथर्ववेदसंहिता,सायणव्याख्यासहिता, विश्वेश्वरानन्द–वैदिक–शोध–संस्थान, होशियारपुर, पञ्जाब, २०१७ ।
११) गोपथब्राह्मणम्, इण्डोलोजिकल बुक हाउस, दिल्लि, १९७२ ।
१२) (आत्रेय–) तैत्तिरीय–कृष्णयजुर्वेद–संहिता सायणव्याख्यासहिता (८ भाग), आनन्दाश्रम, पुणे, १९५९ ।
१३) (आत्रेय-)तैत्तिरीय–कृष्णयजुर्वेद–ब्राह्मणम्-सायणव्याख्यासहितम् (३ भाग), आनन्दाश्रम, पुणे, १९३४ ।
१४) ईशावास्यादिदशोपनिषदः शङ्करभगवत्पादकृतवृत्तिसहिताः, मोतिलाल–बनारसिदास, दिल्लि, १९६४ ।
१५) निरुक्तम्, यास्ककृतम् दुर्गवृत्तिसहितम्, आनन्दाश्रम, पुणे,१९२१ ।
१६) पाणिनीयव्याकरणभाष्यम्, प्रदीपोद्द्योतसहितम् (३ भाग),मोतिलाल–बनारसिदास, दिल्लि, १९६७ ।
१७) वसिष्ठधर्मसूत्रम्(वसिष्ठस्मृतिः, स्मृतीनां समुच्चयः),पुणे,१९२९।
१८) बौधायनधर्मसूत्रम्, गोविन्दस्स्वामिव्याख्यासहितम्.वारा. १९७२ ।
१९) आपस्तम्बधर्मसूत्रम्, हरदत्तव्याख्यासहितम्, वाराणसी, १९६९ ।
२०) गौतमधर्मसूत्रम्, हरदत्तव्याख्यासहितम्, आनन्दाश्रम, १९३१ ।
२१) धर्ममीमांसासूत्रम्, जैमिनिकृतम्, शाबरभाष्यसहितम्,पुणे.१९५३ ।
२२) ब्रह्ममीमांसासूत्रम्, शारीरकमीमांसाभाष्यसहितम्, भामती–वेदान्तकल्पतरु–वेदान्तकल्पतरुपरिमलोपबृंहितम्,बम्बै, १९३८ ।
२३) ब्रह्ममीमांसासूत्रम्, शारीरकमीमांसाभाष्यसहितम्,भाष्यरत्नप्रभा-भामती–न्यायनिर्णयोपबृंहितम्, दिल्लि. १९८० ।
२४) मनुस्मृतिः, कुल्लूकभट्टकृतव्याख्यासहिता, निर्णयसागर, १९४६ ।
२५) याज्ञवल्क्यस्मृतिः, मिताक्षरासहिता, वाराणसी, १९६७ ।
२६) महाभारतम्,नीलकण्ठव्याख्यासहितम्(६भाग),पुणे,१९२९-१९३३।
२७) महाभारतम्, श्रीपाद–दामोदर–सातवलेकरकृत–हिन्द्यनुवादसहितम् (सबै भाग) स्वाद्ध्यायमण्डल, पारडि, २०२५ ।
२८) धर्मशास्त्रका इतिहास, पाण्डुरङ्ग वामन काणे, लखनौ, १९६५ ।
२९) हिन्दुसंस्कार, राजबलि पाण्डेय, वाराणसी २०१४ ।
३०) वैदिककोश, काशि–हिन्दु–विश्वविद्द्यालय, १९६३ ।
(अरु पनि धेरै ग्रन्थको आधार लिय्येको छ; तिनको उल्लेख तत्तत्-स्थलमा मूलैमा वा टिप्पणीमा गरिया छ)

A453

एस ग्रन्थकारका अरु कृतिहरु

१. वृत्तनक्षत्रमाला [छन्दोग्रन्थ], २०२८, (विक्रेता साजाप्रकाशन)।
२. जिम्दो नेपालि भाषा [पैलोखण्ड] २०३०, " " "।
३. जिम्दो नेपालि भाषा [दोस्रो खण्ड], २०३७।
४. नेपालि वर्णोच्चारणशिक्षा, साजाप्रकाशन, २०३१।
५. काव्यप्रकाशविवृतिः, मोतिलालबनारसिदास, वाराणसी, १९८०।
६. वेदभाषानिघण्टुः, एतस्य निघण्टोर् भूलोककाण्डस्य प्रायः २५०० श्लोका अमरकोशशैलन्यायैर् विरचिताः, अवशिष्टो भागो विरच्यमानोऽस्ति।

भाषा-व्याकरण-विषयका निबन्धहरु

१. शिक्षाशास्त्र (Phonetics) र व्याकरणशास्त्र, विहान ८।४।
२. नेपालि निर्वचनका सन्दर्भमा यास्कको निरुक्त, रूपरेखा १९३।
३. हलन्तबहिष्कारदेखि जिम्दो नेपालिसम्म उठेका विभिन्न प्रश्नको मूल्याङ्कन र तिनको समाधान, 'पच्चिस वर्षका भाषिक चर्चा' ने. रा. प्रज्ञाप्रतिष्ठान, २०३९।
४. ने. रा. प्रज्ञाप्रतिष्ठानको नेपालि बृहत् शब्दकोषको सङ्क्षिप्त समीक्षा, आस्था पूर्णाङ्क ५, ६, ७: यद्यपि पूर्णाङ्क १, २, ...

साहित्य विषयका र अन्य कतिपय निबन्धहरु

१. छविलाल पाल्पालि एक परिचय, सरस्वतीकलेजपत्रिका २०२३।
२. पण्डित विश्वनाथ आचार्य र उनको तीर्थयात्रावर्णन, नेपालि पूर्णाङ्क ४४।
३. भानुभक्तकृत भाषारामायणको सम्भावित शुद्धपाठ (१-५ काण्ड) भानुदर्शन, काठमाण्डु, सङ्ख्या १, २ ३, ४, ६।
४. आयुर्वेदलाइ लोकप्रिय कसरि बनाउनि ? गोर्खापत्र २०२६।६।२१।३।
५. नेपालमा संस्कृतशिक्षा किन ? गोर्खापत्र २०२५।१२।३०।७।
६. संस्कृतशिक्षा प्रति अभिरुचिको कारण, गोर्खापत्र २०३९।२।२२।७
७. संस्कृत-विश्वविद्यालय : छात्रस्रोतको व्यवस्था, गो. प. ४३।११।४।२
८. संस्कृत-शिक्षामा समुचित स्पष्ट नीति र कार्यान्वयनको खाँचो, दैनिक समाज ४२।१२।२२
९. संस्कृत-शिक्षाको विकास र प्रसारमा संस्कृतज्ञको भूमिका, साप्ताहिक-मञ्च ४४।१।१।३।
१०. संस्कृतशिक्षाको वैशिष्ट्य र पृथक् अस्तित्व समाप्त गर्नि याजना अज्झै सक्रिय ? साप्ताहिक मञ्च ४४।४।२८, ४४।५।४।
११. नेपालमा संस्कृतशिक्षाका विकास र सुदृढीकरण हुनि आशा अत्यन्तै झीना, साप्ताहिकमञ्च २०४४।६।२८
१२. अनेकदलयुक्त शासनव्यवस्था: एक शास्त्रीय विश्लेषण, कल्पना १३।५-६।

मुद्रक:- निसाप्रेस, केलटोल, काठमाण्डु, फो नं. २२३९९०